नेपाल
मानव अधिकार वर्ष पुस्तक २०२४

सङ्घीयता र मानव अधिकार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४

(नेपाली संस्करण)

(२०७९ पुस १७ देखि २०८० पुस १५ गतेसम्म अर्थात् सन् २०२३ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सङ्कलन)

प्रधान सम्पादक

मदन पौडेल

सम्पादक

गोविन्दप्रसाद त्रिपाठी
रमेशप्रसाद तिमल्सिना
गणेश भण्डारी

आवरण

गीता माली

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४

प्रकाशन मिति
२०८० फागुन ७ गते

सङ्ख्या
२ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

फोटो
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

आईएसबीएन : ९७८-९९३७-९५७८-१-६

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १ **समग्र मूल्याङ्कन**

सङ्घीयता र मानव अधिकार १

परिच्छेद २ **अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण** **१५**

परिच्छेद ३ **राज्य र मानव अधिकार**

३.१ न्यायपालिका २१

३.२ कार्यपालिका ३५

३.३ व्यवस्थापिका ४९

परिच्छेद ४ **आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार**

४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग ६२

४.२ मधेश प्रदेशका हरुवा चरुवा : आधुनिक बाँधाश्रम ६७

४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार ७२

४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय ७६

४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जाति : पहिचानको समस्या ८१

४.६ कर्णाली राजमार्ग, सडक दुर्घटना र मानवीय क्षति ८५

४.७ बालबालिकामा कुपोषणको प्रभाव ८९

परिच्छेद ५ **सन् २०२३ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू**

५.१ कोशी प्रदेश ९३

५.२ मधेस प्रदेश १३९

५.३ बागमती प्रदेश १७१

५.४ गण्डकी प्रदेश २१७

५.५ लुम्बिनी प्रदेश २४३

५.६ कर्णाली प्रदेश २७९

५.७ सुदूरपश्चिम प्रदेश ३०९

परिच्छेद ६ **सन् २०२३ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल** **३४१**

परिच्छेद ७ **सन् २०२३ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा** **३४६**

परिच्छेद ८ **सन् २०२३ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा** **३५१**

परिच्छेद ९ **सन् २०२३ को मानव अधिकार अवस्थाबारे विभिन्न आयोगहरूका धारणा** **३५९**

परिच्छेद १० **सन् २०२३ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा** **३७३**

परिच्छेद ११ **क्रिया/प्रतिक्रिया** **३८३**

अनुसूची १ **मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२३** **४०२**

अनुसूची २ **निःशुल्क पाइने ५८ प्रकारका औषधीको सूची** **४१२**

अनुसूची ३ **नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ तयारीका क्रममा संलग्न व्यक्तिहरू** **४१५**

जिल्लागत विषय सूची

कोशी प्रदेश

५.१.१ ताप्लेजुङ ५४
५.१.२ सङ्खुवासभा ५६
५.१.३ सोलुखुम्बु १००
५.१.४ ओखलढुङ्गा १०३
५.१.५ खोटाङ १०६
५.१.६ भोजपुर १०८
५.१.७ धनकुटा ११२
५.१.८ तेह्रथुम ११५
५.१.९ पाँचथर ११८
५.१.१० इलाम १२१
५.१.११ झापा १२४
५.१.१२ मोरङ १२८
५.१.१३ सुनसरी १३४
५.१.१४ उदयपुर १३७

मधेश प्रदेश

५.२.१ सप्तरी १४०
५.२.२ सिरहा १४४
५.२.३ धनुषा १४८
५.२.४ महोत्तरी १५२
५.२.५ सर्लाही १५६
५.२.६ रौतहट १६०
५.२.७ बारा १६३
५.२.८ पर्सा १६७

बागमती प्रदेश

५.३.१ दोलखा १७२
५.३.२ सिन्धुपाल्चोक १७५
५.३.३ रसुवा १७८
५.३.४ धादिङ १८१
५.३.५ नुवाकोट १८४
५.३.६ काठमाडौँ १८७
५.३.७ भक्तपुर १९३
५.३.८ ललितपुर १९७
५.३.९ काभ्रेपलाञ्चोक २०२
५.३.१० रामेछाप २०५
५.३.११ सिन्धुली २०८
५.३.१२ मकवानपुर २११
५.३.१३ चितवन २१४

गण्डकी प्रदेश

५.४.१ गोरखा २१८
५.४.२ मनाङ २२०
५.४.३ मुस्ताङ २२१
५.४.४ म्याग्दी २२३
५.४.५ कास्की २२५
५.४.६ लमजुङ २२९
५.४.७ तनहुँ २३१
५.४.८ नवलपरासी पूर्व २३४
५.४.९ स्याङ्जा २३६
५.४.१० पर्वत २३८
५.४.११ बागलुङ २४१

लुम्बिनी प्रदेश

५.५.१ रूकुम पूर्व २४४
५.५.२ रोल्पा २४६
५.५.३ प्यूठान २४८
५.५.४ गुल्मी २५१
५.५.५ अर्घाखाँची २५३
५.५.६ पाल्पा २५५
५.५.७ नवलपरासी पश्चिम २५७
५.५.८ रूपन्देही २६०
५.५.९ कपिलवस्तु २६४
५.५.१० दाङ २६८
५.५.११ बाँके २७२
५.५.१२ बर्दिया २७६

कर्णाली प्रदेश

५.६.१ डोल्पा २८०
५.६.२ मुगु २८२
५.६.३ हुम्ला २८५
५.६.४ जुम्ला २८८
५.६.५ कालीकोट २९०
५.६.६ दैलेख २९३
५.६.७ जाजरकोट २९६
५.६.८ रूकुम पश्चिम २९९
५.६.९ सल्यान ३०२
५.६.१० सुर्खेत ३०५

सुदूरपश्चिम प्रदेश

५.७.१ बाजुरा ३१०
५.७.२ बझाङ ३१३
५.७.३ दार्चुला ३१६
५.७.४ बैतडी ३१९
५.७.५ डडेल्धुरा ३२२
५.७.६ डोटी ३२५
५.७.७ अछाम ३२८
५.७.८ कैलाली ३३१
५.७.९ कञ्चनपुर ३३६

तालिका, मञ्जुषा, चित्र र परिशिष्टको सूची

तालिका

तालिका १.१	सन् २०२३ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या	२
तालिका १.२	सन् २०२३ मा जिल्लागत आधारमा पारिवारिक हत्याका सङ्ख्या	३
तालिका १.३	दाइजोका कारण महिलामाथि भएको हिंसा	४
तालिका १.४	सन् २०२३ मा मानव अधिकार रक्षकको अवस्था	५
तालिका १.५	सन् २०२३ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या	६
तालिका १.६	सामाजिक सञ्जालको दुरुपयोग गरी महिला र बालबालिकामाथि भएका हिंसाका घटनाका पीडितहरू	७
तालिका १.७	सन् २०२३ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या	७
तालिका १.८	उमेर समूह अनुसार पीडित बालबालिकाको सङ्ख्या	८
तालिका १.९	उमेर समूह अनुसार पीडित महिलाहरूको सङ्ख्या	९
तालिका १.१०	सन् २०२३ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरूको सङ्ख्या	१०
तालिका १.११	सन् २०२३ मा पेसागत आधारमा पीडित सङ्ख्या	११
तालिका ३.१.१	बन्दी प्रत्यक्षीकरणका रिटहरूको अवस्था	२८
तालिका ३.१.२	सर्वोच्च अदालतको दायित्वमा रहेका मुद्दाहरूको अवस्था	३१
तालिका ३.१.३	उच्च अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था	३१
तालिका ३.१.४	जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था	३१
तालिका ३.१.५	सर्वोच्च, उच्च र जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था	३१
तालिका ३.१.६	सर्वोच्च, उच्च र जिल्ला अदालतमा फैसला लेखनको अवस्था	३२
तालिका ३.१.७	फैसला कार्यान्वयनको अवस्था	३२
तालिका ३.२.१	पाँच वर्षमा कारागारमा रहेकाहरूको तथ्याङ्क	३९
तालिका ३.२.२	सशस्त्र द्वन्द्वका क्रममा मारिएका व्यक्तिको तुलनात्मक तथ्याङ्क	४०
तालिका ३.२.३	सन् २०२३ मा माफी मिनाह र कैद कट्टा गर्दा देखाइएका कानुनी आधार	४१
तालिका ३.२.४	विपत्का घटनामा गत वर्षको चार महिनाको तथ्याङ्क	४३
तालिका ३.२.५	राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक कार्यक्रमिक बजेट (चार वर्षको बजेट)	४४
तालिका ४.१.१	६ आर्थिक वर्षको (२०७४ देखि ८०) मानव बेचबिखन जिल्लागत तथ्याङ्क	६५
तालिका ४.२.१	जातिगत आधारमा हरुवा चरुवा	६९
तालिका ४.२.२	स्थानीय तहअनुसार हरुवा चरुवाको अनुमानित सङ्ख्या	७०
तालिका ४.६.१	सडक दुर्घटनाबाट क्षति	८६
तालिका ५.१.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	९४

तालिका ५.१.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	९५
तालिका ५.१.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	९७
तालिका ५.१.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	९९
तालिका ५.१.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१०१
तालिका ५.१.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१०२
तालिका ५.१.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१०४
तालिका ५.१.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१०५
तालिका ५.१.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१०७
तालिका ५.१.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१०८
तालिका ५.१.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	११०
तालिका ५.१.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१११
तालिका ५.१.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	११३
तालिका ५.१.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	११४
तालिका ५.१.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	११६
तालिका ५.१.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	११७
तालिका ५.१.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	११९
तालिका ५.१.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१२०
तालिका ५.१.१०.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१२२
तालिका ५.१.१०.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१२३
तालिका ५.१.११.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१२५
तालिका ५.१.११.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१२७
तालिका ५.१.१२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१२९
तालिका ५.१.१२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१३३
तालिका ५.१.१३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१३५

तालिका ५.१.१३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१३६
तालिका ५.१.१४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१३७
तालिका ५.१.१४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१३८
तालिका ५.२.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१४१
तालिका ५.२.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१४३
तालिका ५.२.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१४५
तालिका ५.२.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१४७
तालिका ५.२.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१४९
तालिका ५.२.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१५१
तालिका ५.२.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१५३
तालिका ५.२.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१५५
तालिका ५.२.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१५७
तालिका ५.२.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१५९
तालिका ५.२.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१६१
तालिका ५.२.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१६२
तालिका ५.२.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१६४
तालिका ५.२.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१६६
तालिका ५.२.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१६८
तालिका ५.२.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१७०
तालिका ५.३.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१७३
तालिका ५.३.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१७४
तालिका ५.३.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१७६
तालिका ५.३.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१७७
तालिका ५.३.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१७९

तालिका ५.३.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१८०
तालिका ५.३.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१८२
तालिका ५.३.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१८३
तालिका ५.३.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१८५
तालिका ५.३.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१८६
तालिका ५.३.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१८८
तालिका ५.३.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१९२
तालिका ५.३.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१९४
तालिका ५.३.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	१९६
तालिका ५.३.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	१९८
तालिका ५.३.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२०१
तालिका ५.३.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२०३
तालिका ५.३.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२०४
तालिका ५.३.१०.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२०६
तालिका ५.३.१०.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२०७
तालिका ५.३.११.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२०९
तालिका ५.३.११.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१०
तालिका ५.३.१२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२१२
तालिका ५.३.१२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१३
तालिका ५.३.१३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२१५
तालिका ५.३.१३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१६
तालिका ५.४.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२१९
तालिका ५.४.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२१९
तालिका ५.४.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२२१

तालिका ५.४.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२२२
तालिका ५.४.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२२३
तालिका ५.४.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२२४
तालिका ५.४.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२२६
तालिका ५.४.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२२८
तालिका ५.४.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२३०
तालिका ५.४.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३०
तालिका ५.४.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२३२
तालिका ५.४.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३३
तालिका ५.४.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२३४
तालिका ५.४.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३५
तालिका ५.४.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२३६
तालिका ५.४.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२३७
तालिका ५.४.१०.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२३९
तालिका ५.४.१०.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२४०
तालिका ५.४.११.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२४२
तालिका ५.४.११.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२४२
तालिका ५.५.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२४५
तालिका ५.५.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२४५
तालिका ५.५.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२४६
तालिका ५.५.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२४७
तालिका ५.५.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२४९
तालिका ५.५.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२५०
तालिका ५.५.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२५१

तालिका ५.५.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२५२
तालिका ५.५.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२५३
तालिका ५.५.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२५४
तालिका ५.५.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२५५
तालिका ५.५.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२५६
तालिका ५.५.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२५८
तालिका ५.५.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२५९
तालिका ५.५.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२६१
तालिका ५.५.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२६३
तालिका ५.५.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२६५
तालिका ५.५.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२६७
तालिका ५.५.१०.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२६९
तालिका ५.५.१०.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२७१
तालिका ५.५.११.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२७३
तालिका ५.५.११.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२७५
तालिका ५.५.१२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२७७
तालिका ५.५.१२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२७८
तालिका ५.६.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२८०
तालिका ५.६.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८१
तालिका ५.६.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२८२
तालिका ५.६.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८४
तालिका ५.६.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२८६
तालिका ५.६.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८७
तालिका ५.६.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२८९

तालिका ६.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२८९
तालिका ५.६.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२९०
तालिका ५.६.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९२
तालिका ५. ६.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२९४
तालिका ५.६.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९५
तालिका ५.६.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	२९७
तालिका ५.६.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	२९८
तालिका ५.६.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३००
तालिका ५.६.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०१
तालिका ५.६.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३०३
तालिका ५.६.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०४
तालिका ५.६.१०.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३०६
तालिका ५.६.१०.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३०८
तालिका ५.७.१.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३११
तालिका ५.७.१.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१२
तालिका ५.७.२.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३१४
तालिका ५.७.२.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१५
तालिका ५.७.३.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३१७
तालिका ५.७.३.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३१८
तालिका ५.७.४.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३२०
तालिका ५.७.४.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२१
तालिका ५.७.५.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३२३
तालिका ५.७.५.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२४
तालिका ५.७.६.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३२६

तालिका ५.७.६.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३२७
तालिका ५.७.७.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३२९
तालिका ५.७.७.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३०
तालिका ५.७.८.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३३२
तालिका ५.७.८.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३५
तालिका ५.७.९.१	घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	३३७
तालिका ५.७.९.२	सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या	३३९
तालिका ६.१	क्षेत्रगत अङ्कभार	३४३
तालिका ६.२	शारीरिक हिंसाका विभिन्न क्षेत्र अनुसार नेपालका सात प्रदेशहरूको औसत श्रेणी (सबैभन्दा न्यूनदेखि उच्चतम श्रेणीले शारीरिक हिंसाको खराबदेखि राम्रो अवस्थालाई दर्शाउँछ)	३४४

मञ्जुषा

मञ्जुषा ३.२.१	सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको विज्ञप्ति	३६
मञ्जुषा ३.२.२	सङ्खुवासभा कारागार : कैदीबन्दीको सुरक्षाको सवाल	३७
मञ्जुषा ३.२.३	सङ्कुचन गरिएको अभिव्यक्ति तथा सङ्गठित हुने स्वतन्त्रता	३८
मञ्जुषा ३.२.४	बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१	४२
मञ्जुषा ३.२.५	कोशी प्रदेश - नौ महिनामा नै सरकार गठनका सबै विकल्पको प्रयोग	४५
मञ्जुषा ३.२.६	वित्तीय सङ्घीयता	४६
मञ्जुषा ३.२.७	हेटौंडा बैठकमा गरिएका प्रमुख सहमति र निर्णय	४७
मञ्जुषा ३.२.८	राष्ट्रपति कार्यालयको विज्ञप्ति	
मञ्जुषा ३.३.१	संसदको संयुक्त बैठकमा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्क्रमणकालीन न्याय सम्बन्धमा राखेको मुख्य तीन बुँदा	५४
मञ्जुषा ४.२.१	मधेश प्रदेशमा हरुवा चरुवाको समस्या र सरकारको नीति तथा कार्यक्रम	७०

चित्र

चित्र ६.१	प्रदेशको मानव अधिकार उल्लङ्घन सूचकाङ्क	३४३
चित्र ६.२	शारीरिक हिंसाको क्षेत्रका आधारमा सात प्रदेशको सूचकाङ्क	३४५

परिशिष्ट

परिशिष्ट १	नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०२
परिशिष्ट २	पेसागत आधारमा पीडित सङ्ख्या	४०४

परिशिष्ट ३	कोशी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०५
परिशिष्ट ४	मधेस प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०५
परिशिष्ट ५	बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०६
परिशिष्ट ६	गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०६
परिशिष्ट ७	लुम्बिनी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०७
परिशिष्ट ८	कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०७
परिशिष्ट ९	सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या	४०८
परिशिष्ट १०	भौतिक संरचनामा क्षति	४०८
परिशिष्ट ११	पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना	४०८
परिशिष्ट १२	जातजातिका आधारमा पीडित सङ्ख्या	४०९
परिशिष्ट १३	सन् २०२३ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या	४१०

हार्दिक आभार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४
तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने
नर्वेजियन दूतावास
ब्रेड फर द वर्ल्ड (BFTW)
डीसीए (DCA)
इन्सेकका जिल्ला प्रतिनिधिहरू
मुख्यमन्त्रीहरू
राजनीतिक दलहरू
मानव अधिकार तथा अन्य आयोगहरू
नेपाल सरकारका मन्त्रालयहरू
सुरक्षा निकाय
पेसागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौं।**

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका ७७ ओटै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

सल्लाहकार समिति

संस्थापक अध्यक्ष
सुशील प्याकुरेल
पूर्व अध्यक्ष
डा. शिव शर्मा
सुबोधराज प्याकुरेल
निवर्तमान अध्यक्ष
डा. इन्दिरा श्रेष्ठ
आजीवन सदस्य
नजीर मियाँ

२०७९ पुस २० गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष
डा. कुन्दन अर्याल
महासचिव
डा. रघुनाथ अधिकारी
कोषाध्यक्ष
गीता बराल
सदस्यहरू
ज्योति बानिया
डा. रुद्रबहादुर चर्मकार
लता प्याकुरेल
नरनाथ लुइँटेल

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।

मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

इन्सेक प्रदेश कार्यालयहरू

- **कोशी प्रदेश कार्यालय**, विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मधेश प्रदेश कार्यालय**, जनकपुरधाम उपमहानगरपालिका-४, पिडरिया माइस्थान, धनुषा, फोन नं. ०४१-५९११८४
- **बागमती प्रदेश कार्यालय**, हेटौँडा उपहानगरपालिका-२ संगमचोक, मकवानपुर, फोन नं. ०५७-५९०५५२
- **गण्डकी प्रदेश कार्यालय**, पोखरा महानगरपालिका-८, ज्ञानकुञ्ज मार्ग, कास्की, फोन नं. ०६१-५३३३६६
- **लुम्बिनी प्रदेश कार्यालय**, नेपालगञ्ज उपमहानगरपालिका- १२, एसओएस मार्ग, बाँके, फोन नं. ०८१-४१५३४३
- **कर्णाली प्रदेश कार्यालय**, वीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय**, धनगढी उपमहानगरपालिका-४, उत्तरबेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

सैद्धान्तिक प्रतिबद्धता र कार्यान्वयनबीचको खाडल

राणा शासन अन्त्यपछिको सात दशकभन्दा लामो अवधिमा संविधान, कानुन र शासन प्रणालीका दृष्टिले नेपाल सबैभन्दा प्रगतिशील चरणमा छ। विश्वव्यापी मानव अधिकारहरूको श्रेणीमा पर्ने नागरिक तथा राजनीतिक अधिकारहरू मात्र होइन सामाजिक न्यायको मेरुदण्डका रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समेतलाई नेपालको संविधानले मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। सरकारलाई मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न निरन्तर सजग गराइरहने दायित्व सहितको राष्ट्रिय मानव अधिकार आयोगका अतिरिक्त अन्य विषयगत आयोगहरू पनि कार्यरत छन्। मानव अधिकारहरूको संरक्षण र संवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका कार्यभार योजनाबद्ध रूपमा तय गरिएका छन्। तर आममानिसको जीवनमा ती अधिकारहरू, संविधानका मौलिक हक र ती हकहरूको कार्यान्वयन गर्न बनेका कानुनको व्यवस्था अनुरूप अनुभूत हुन सकेका छैनन्।

नेपालमा नागरिक तथा राजनीतिक अधिकारको अवस्था हिजोको तुलनामा सुधिएको देखिनु स्वभाविकै हो। शासन प्रणालीमा भएको फेरबदल र द्वन्द्वको अन्त्यपछि जीवनको अधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कले पनि यही देखाउँछ। तर, बदलिएको राजनीतिक, सामाजिक परिवेशमा जसरी आर्थिक, सामाजिक तथा सांस्कृतिक र वातावरणसम्बन्धी अधिकारहरू संविधानका मौलिक हकहरूका रूपमा स्थापित छन् त्यसैगरी ती हकहरूको कार्यान्वयनका लागि इमान्दार, अवधारणा सङ्गत र न्यायोचित प्रयत्न भएको छैन। त्यसैले सरकारहरूको दायित्व अनुसार के कस्ता काम भएका छन् भन्ने विषयमा मिहिन र विज्ञता सहितको अनुगमन, प्राथमिकता र योजना विश्लेषण सरकार सम्बद्ध निकायहरूको जवाफदेहिताको खोजी आजको मानव अधिकार अभियानको प्रमुख कार्यभार हो।

देश एकात्मकबाट सङ्घीय शासन प्रणालीमा प्रवेश गरेसँगै प्रभावकारी विकेन्द्रिकरण र प्रदेशहरूबीच असल अभ्यासहरूको प्रतिस्पर्धा हुनेछ भन्ने विश्वासलाई धुमिल बनाइँदैछ। सङ्घीय शासन प्रणालीलाई अघि बढाउँदै पहिलो र दोस्रो कार्यकालमा गरी अहिलेसम्म कोशीमा ५९, मधेशमा ५८, बागमतीमा ५६, लुम्बिनीमा ७८, गण्डकीमा ६४, कर्णालीमा ५३, र सुदूरपश्चिममा ६६ कानुन बने। तीमध्ये महिला हिंसा र जातीय भेदभाव विरुद्धका कानुन र देशको दीर्घकालीन भविष्यसँग जोडिएको बालबालिकाको हितसम्बन्धी कानुन उल्लेखनीय छन्। प्रदेशगत रूपमा हेर्दा ती कानुनहरूमध्ये तीनदेखि नौओटा जति मानव अधिकारसँग प्रत्यक्षत: जोडिएका छन्। तर, सबैजसो प्रदेश सरकारहरूले कानुनलाई कार्यान्वयन गर्ने तदारूकता देखाउन सकेका छैनन्। उदाहरणका लागि, मधेश प्रदेश सभाले निर्माण गरेको 'दलित सशक्तिकरण ऐन, २०७६' को कार्यान्वयनको अवस्था तीन वर्ष बितिसक्दा पनि अत्यन्त कमजोर छ। सुदूरपश्चिम प्रदेश सभाले निर्माण गरेको दलित सशक्तिकरण ऐन २०७८ को अवस्था पनि उस्तै छ। सरोकारवालासँगको पर्याप्त छलफल तथा गृहकार्य बिना निर्माण गरिएका ऐनहरूको कार्यान्वयन सरकारी बेवास्ताका कारण झन् कमजोर हुन गएको प्रष्ट छ।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरू वा संयुक्त राष्ट्रसङ्घीय प्रणालीले सृजना गरेका मानव अधिकारहरूको संरक्षण, संवर्द्धन र परिपूर्तिसम्बन्धी दायित्व निर्वाह गर्ने सन्दर्भमा नेपालले आवधिक कार्ययोजना तय गर्दै आएको छ। यसैक्रममा दुई वर्षभन्दा अघि बनेको पाँचौ राष्ट्रिय कार्ययोजनाको अवधि

करिब डेढ वर्षपछि समाप्त हुँदैछ। तर, अहिलेसम्म न यसको कार्यान्वयनका लागि तय गरिएका गतिविधि भएका छन्, न यसको मध्यकालीन समीक्षा भएको छ।

मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सङ्घीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्था गरिएको छ। कार्ययोजनामा यस्तो समितिलाई कार्यान्वयनको सुनिश्चितताका लागि आवश्यक विशिष्टिकृत संयन्त्रका रूपमा उल्लेख गरिएको छ। कागजमा हेर्ने हो भने ती समितिलाई प्रदेशमा कार्ययोजनाको कार्यान्वयनको समन्वयका अतिरिक्त प्रदेश सरकारले अबलम्वन गर्ने नीतिगत विषयमा सुझाव दिने र मानव अधिकार स्थितिको समीक्षा गर्ने जिम्मेवारी तोकिएको छ। तर, सबैजसो प्रदेशहरूमा समिति निस्कृय छन्। उदाहरणका लागि, सुदूरपश्चिममा प्रदेशस्तरीय समन्वय समिति बनेको छ। तर, त्यसअन्तर्गतका जिल्ला तथा स्थानीय तहहरूमा समन्वय समितिहरू निर्माण गरिएका छैनन्।

गण्डकी बाहेक अरू प्रदेशहरूको अवस्था उस्तै छ। सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेश र कोशी प्रदेशहरूमध्ये लुम्बिनी र मधेश प्रदेशमा मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेशस्तरीय समन्वय समिति पनि बनेको छैन। संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षामा नेपाललाई प्राप्त सिफारिसको सम्बोधन गर्न र ३२ ओटा मौलिक हकहरूलाई स्थानीय तहदेखि नै कार्यान्वयन गराउन निर्माण गरिएको कार्ययोजनाको चरम बेवास्ताले सरकारको प्राथमिकताको सङ्केत गर्दछ। राज्यका तीन ओटै अङ्ग र राजनीतिक दलहरू मानव अधिकारका सवालमा संवेदनशील हुन नसक्दा उत्पन्न निराशाका कारण नागरिक तथा राजनीतिक उपलब्धिहरूको अवमूल्यन गर्ने दुस्प्रयास समेत सतहमा देखिन थालेका छन्।

राज्यका निर्देशक सिद्धान्तका आलोकमा मानव अधिकार सुनिश्चित भएको एक दशक हुन लाग्यो। तर, न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाका काम कारबाही यस दिशामा गतिशील देखिएका छैनन्। त्यसैले, खासगरी कार्यपालिका र यसअन्तर्गतका कानुन कार्यान्वयन गर्ने जिम्मेवारी पाएका निकायहरूको निरन्तर निगरानीका लागि मिडिया, स्वतन्त्र चिन्तन गर्न सक्ने बौद्धिक वृत्त र मानव अधिकार समुदाय सहितको नागरिक समाजको जागरुकता अझै आवश्यक छ। नेपालमा नागरिक र राजनीतिक चेतना तथा समानता, समन्याय र सामाजिक न्यायप्रतिको संवेदनशीलताको विकास र प्रसार गर्न यी संस्थाहरूले विगतमा उल्लेखनीय योगदान गरेका छन्। लोकतान्त्रिक अधिकार स्थापित नभएको समयमा राजनीतिक अधिकारको माग बोकेर आन्दोलन गर्ने राजनीतिक दलहरूसँग यी संस्थाहरूको ध्येय धेरै हदसम्म एकाकार हुनु अस्वभाविक होइन। तर, राजनीतिक परिवर्तनपछि हुने दलहरूको भूमिका परिर्वतनको सन्दर्भमा नागरिक समाजले नयाँ दायित्व बोध गर्न सक्नु पर्दछ। जसअन्तर्गत राज्यका तीन ओटै अङ्गहरू, अझ बढी कार्यपालिकाको निर्भीक निगरानी र खबरदारी पर्दछन्। ०६२-६३ पछि बदलिएको राजनीतिक-सामाजिक परिवेशमा नेपालको नागरिक समाज, अझ खासगरी मानव अधिकार समुदायले आफ्नो भूमिकालाई अनुकूलन गर्न सकेका छैनन्।

महिलामाथि हुने सबै प्रकारका हिंसा नेपालका लागि गम्भीर चुनौतीको विषय हो। यही वर्ष पुस्तकमा सङ्ग्रहित तथ्याङ्कले बोल्दैछ, सन् २०२३ मा मात्रै आफ्नै पतिको हातबाट १ सय ९ जना महिलाको हत्या भयो। मधेश प्रदेशमा एकातिर प्रदेशस्तरीय लैङ्गिक समानता नीति बनेको छ, अर्कातिर उही प्रदेशमा यो वर्षमात्रै ४५ जना महिला दाइजोसम्बन्धी हिंसाका घटनामा पीडित भए, सात जनाको ज्यानै गयो। नीति, कानुनका व्यवस्था र कार्यान्वयनमा लापरबाही र बेइमानीका दृष्टान्त सात ओटै प्रदेशसहित समग्र नेपालमा जहाँतहीं छन्।

यस वर्ष मानव अधिकारहरूको विश्वव्यापी घोषणापत्रको पचहत्तरौँ वार्षिकोत्सव मनाइँदैछ। नेपालमा राणाकालको अन्त्य हुनुभन्दा करिब दुई वर्षअघि जारी भएको यो घोषणापत्रको कालजयी भावना आज पनि उत्तिकै सान्दर्भिक छ। यसको प्रस्तावनाको सुरुआतमै उल्लेख गरिएको 'मानिसले अत्याचार र दमनको विरुद्ध अरु उपाय नपाएर विद्रोह गर्नु नै अन्तिम उपाय हो' भन्ने नठानुन् भन्ने पङ्क्ति नेपालको आजको सन्दर्भमा अझ बढी विचारणीय छ। त्यसैले 'मानिसलाई त्यस्तो अनुभूति नहोस् भन्ने हो भने मानव अधिकारहरू कानुनी शासनद्वारा संरक्षित हुन आवश्यक छ' भन्ने ठहर अनुकूल व्यवहार हुनै पर्दछ। जनकपुरकी आरती साहको मृत्यु परिवारबाटै दाइजोसँग सम्बन्धित कारणले भएको हो भन्दै आफन्तजनले न्यायको गुहार गर्न सङ्घीय राजधानीको सडकमै उत्रिनु पऱ्यो। प्रारम्भिक अनुसन्धान र न्याय प्रकृयामै भेदभाव भएको उनीहरूको अनुभूतिले घोषणापत्रको उही कठोर पङ्क्तिको स्मरण गराउँछ। आफ्ना पूर्व पतिको हत्या गर्ने व्यक्तिलाई दिइएको माफी बदर गरियोस् भनेर एउटी महिलाले पनि राजधानीमै आएर धर्ना आन्दोलन गर्नुपर्ने अवस्था वस्तुत: अपराध अनुसन्धान र न्यायिक प्रकृयाको अस्वभाविक स्थिति र न्यायको दुर्गम अवस्थितिको सङ्केत हो। अर्को दृष्टान्तका रूपमा नेपालका जेल र हिरासतहरूको अवस्था हेरौँ। हिजो सबै राजनीतिक-सामाजिक सम्भ्रान्तहरूले आफैँ अनुभूत गरेको जेल र हिरासतको अवस्थाका सम्बन्धमा आज कसैको चासो छैन। यो वर्ष प्रहरी हिरासतमा रहस्यमय ढङ्गले थुनुवाको मृत्यु भएका घटना वा जेलमै प्रहरीको कुटपिटबाट भएको हत्याका घटना प्रदेश र सङ्घीय संसदमा समेत छलफलका विषय समेत बनेनन्।

राजनीतिक र नागरिक अधिकारका लागि आन्दोलन गर्नु नपर्ने अवस्था वा सशस्त्र द्वन्द्व नभएको आजको अवस्थामा मानव अधिकारका सवालहरूको वृत्त निकै फराकिलो हुनै पर्दछ। आज आमरूपमा मानिसलाई केवल बाँच्न पाउने अधिकारको चिन्ता छैन, सम्मान र समृद्धि सहितको सहज जीवन आजको प्रमुख आवश्यकता हो। आज राज्यका निकायहरूलाई जवाफदेही बनाउन विश्वका सबै राष्ट्रले दिगो विकास स्तम्भहरूका रूपमा मानेका पृथ्वी र मानवको हित, समृद्धि, शान्ति तथा साझेदारीका लक्ष्य हासिल गर्न कति इमान्दार प्रयास भइरहेको छ भन्ने निगरानीमा केन्द्रित हुनै पर्दछ। पर्यावरण जोगाउने विषयसँग मानव अधिकार र न्यायको सवाल अन्योन्याश्रित रूपमा जोडिएको छ। किनकी, आजको सन्दर्भमा पर्यावरणको क्षति पुऱ्याउनेहरूलाई निरूत्साहित गर्न र क्षतिको आर्थिक सामाजिक असरबाट आक्रान्त जनतालाई न्याय दिलाउन मानव अधिकार रक्षक अग्रसर हुनै पर्छ।

दशकौँदेखिका विभिन्न राजनीतिक-सामाजिक उथलपुथलले दिएको शिक्षाका आधारमा नागरिकको अधिकार सुनिश्चित गर्न स्थापित संस्थाहरूको प्रभावकारितामा पनि ह्रास आइरहेको छ। देशको आवश्यकता र अन्तर्राष्ट्रिय व्यवस्थाको कदर गर्दै छयालीस सालको परिवर्तनपछि स्थापित राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग र दलित आयोग सँगसँगै ०६२-६३ पछि दलित, जनजाति, मधेसी, मुस्लिमलगायतका आयोगहरू अस्तित्वमा छन्। तर, सबैजसो आयोगहरू क्षेत्राधिकार र पूरा गर्नुपर्ने कार्यभारकै सम्बन्धमा प्रष्ट देखिँदैनन् र विशिष्ट आयोगका रूपमा राष्ट्रिय मानव अधिकार आयोगको अन्य आयोगहरूसँगको समन्वयात्मक भूमिका पनि दस्तावेजमा मात्र सीमित देखिन्छ। विश्व मानव अधिकार समुदायले चासोका साथ नियालिरहेको नेपालको सङ्क्रमणकालीन न्यायका विषयमा राष्ट्रिय मानव अधिकार आयोगको निस्पृह प्राय: व्यवहार पनि अपेक्षित होइन। यो संस्थाले कठोर द्वन्द्वकालमा समेत मानिसको जीवनको अधिकार सहित आधारभूत मानव अधिकार रक्षाका लागि अप्ठ्यारा ठाउँहरूमा पनि आफ्नो उपस्थिति देखाएको थियो। कुनै बेला द्वन्द्वरत दुवै पक्षका ज्यादतीको निरन्तर अनुगमन गर्ने संस्थाले द्वन्द्वपश्चातको कालखण्डमा पनि द्वन्द्वपीडितको आवाज र सरोकारलाई वेवास्ता गरेर कानुन नबनाइयोस् भन्ने विषयमा सरकार, संसद र राजनीतिक दलहरूलाई झक्झक्याउन सक्नु पर्दथ्यो।

मानव अधिकार वर्ष पुस्तकमा समेटिएको समग्र मानव अधिकार अवस्थाको यति वस्तुगत चित्रणले तीन ओटै तहका सरकार र यसका निकायहरूका लागि सुधार र खुलापनका साथ अघि बढ्न मद्धत गर्दछ भन्नेमा विमति हुन सक्दैन। जननिर्वाचित सरकारहरू मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिमा इमान्दारीपूर्वक लाग्दै गर्दा मानवअधिकार संस्थाहरू साझेदारका रूपमा भेटिन्छन्। तर सरकारहरू आफ्नो दायित्वबाट विमुख भएको अवस्थामा मानव अधिकार अभियान खबरदारी गर्ने परम कर्तव्यबाट चुक्नु हुँदैन।

यो वर्ष पुस्तक मानव अधिकारको अवस्था दर्शाउने ऐनाका अतिरिक्त साझेदारी, खबरदारी र समझदारीको संयुक्त दस्तावेज हो। नेपाली र अङ्ग्रेजी दुवै भाषामा एक साथ निरन्तर प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तकको यो ३२ औँ श्रृङ्खलाले आफ्नो परम्परा मात्र धानेको छैन, समयानुकूल परिमार्जन र गतिशीलताका उदाहरण पनि प्रस्तुत गरेको छ। यो वर्ष सात ओटा प्रदेशहरूको तुलनात्मक अवस्था बुझ्न सकिने मानव अधिकार उल्लङ्घन सूचकाङ्क प्रस्तुत गरिएको छ। आउँदा दिनहरूमा वर्ष पुस्तक अझै वस्तुनिष्ठ, खँदिलो र उपयोगी बनाउँदै लैजाने र यसको दिगोपनाका उपायहरू पनि खोज्दै जाने हाम्रो प्रयत्न रही रहनेछ। निरन्तरता र विषयगत विशिष्टताका कारण मानव अधिकार वर्ष पुस्तक नेपालले देशका तर्फबाट विश्वको ध्यानाकर्षण गर्दै आएको छ भन्ने तथ्यमा हामी सचेत छौँ। त्यसैले यसको तयारी क्रममा हामीले तथ्य सङ्कलन, सम्पादन-परिमार्जन, प्रकाशन-वितरणका प्रकृयामा उच्चस्तर कायम गर्ने प्रयास गर्दै आएका छौँ। आगामी दिनमा नेपाल मानव अधिकार वर्ष पुस्तकलाई अझ प्रभावकारी बनाउन र यसको स्थायित्व सुनिश्चित गर्न आवश्यक सरसहयोगको हामी सबैबाट अपेक्षा गर्दछौँ।

अन्त्यमा, इन्सेकका जिल्ला प्रतिनिधिहरू, तथ्याङ्कशास्त्री र विभिन्न विषयका विज्ञहरू, इन्सेकका सम्पूर्ण कर्मचारी साथीहरू, साधारण सदस्यहरू, कार्यसमितिका पदाधिकारीहरू, अनुसन्धान, प्रतिवेदन लेखन, सम्पादन र प्रकाशनका लागि आर्थिक सहयोग गर्ने रोयल नर्वेजीयन राजदूतावास, ब्रेड फर द वर्ल्ड र ड्यान चर्च एडप्रति आभार प्रकट गर्दछु। सूचना र धारणा उपलब्ध गराउने नेपाल सरकारका विभिन्न निकायहरू, राजनीतिक दल, प्रदेश सरकार, स्थानीय तहका सङ्घ, महासङ्घहरू तथा मानव अधिकारका क्षेत्रमा कृयाशील संवैधानिक निकाय र सामाजिक संस्थाहरूप्रति कृतज्ञता व्यक्त गर्दछु।

मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि सबैले सहकार्य गर्दै सक्दो योगदान गरौँ।

डा. कुन्दन अर्याल
अध्यक्ष

२०८० फागुन ७

परिच्छेद

१

समग्र मूल्याङ्कन

सङ्घीयता र मानव अधिकार

सङ्क्रमणकालीन न्याय

मौलिक हक कार्यान्वयनको अवस्था

राष्ट्रिय मानव अधिकार आयोग

राज्य र मानव अधिकार

सन् २०२३ः मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्क

सन् २०२३ लाई सङ्घीयताको कार्यान्वयनको अभ्यास जारी राखेको वर्षका रूपमा लिन सकिन्छ। संविधानसभाद्वारा पारित नेपालको संविधान, २०७२ ले व्यवस्था गरेअनुरूप गत वर्ष दोस्रोपटक तीनै तहको निर्वाचन सम्पन्न भयो। यसबीचमा सङ्घीय अभ्यासका केही तीता मीठा अनुभव र अधिकारको बाँडफाँडजस्ता विषय व्यापक चर्चामा आए। प्रदेश सरकारहरूले सङ्घीय सरकारसँग अधिकार तथा अन्य मामलामा आवाज उठाउन थालेको, स्थानीय तहले आफू अनुकूलका कानुन निर्माण नभएको र अधिकार नदिइएको जस्ता विषयमा गुनासो गरे। कतिपयले यस्ता विवाद तथा तर्कले सङ्घीयतामाथि प्रश्न उठाइरहेको धारणा अघि सारे। तर, यस्तो धारणाको धरातल एकदमै कमजोर रह्यो।

मितव्ययिताका नीतिहरू, भ्रष्टाचारप्रति शून्य सहनशीलता, ढिलासुस्तीप्रति कठोर नीति, सुशासन तथा पारदर्शिताजस्ता विषयलाई प्राथमिकतामा राख्ने उद्घोष गरेको लक्ष्य र नीतिप्रति सरकारी उदासीन रहेको आमगुनासो रह्यो। सरकारी विकास बजेट खर्च नहुने विकास निर्माणका कामको ठेक्का लिने तर ठेक्काको प्रारम्भिक रकम लिएपछि बेपत्ता हुने, निर्माणको काम वर्षौं अलपत्र पार्ने कार्य नेपालमा निरन्तर देखिए पनि यसको निराकरणका लागि सरकारी प्रयत्न भएको पाइएन।

सरकार गठन भएको एक वर्ष पूरा हुँदा जनअपेक्षाअनुसार काम हुन नसकेको भनी सर्वत्र आलोचना भएपछि प्रधानमन्त्री रक्षात्मक हुनुपर्ने र धेरैजसो विषयमा आफैंले स्पष्टिकरण दिनुपर्ने अवस्था सिर्जना भयो। सरकारका मन्त्रीहरूले प्रधानमन्त्रीको भावनाअनुरूप काम गर्न नसकेको, कर्मचारीतन्त्रले सरकारलाई चाहेअनुसार सहयोग नगरेको, प्रदेश र स्थानीय तहमा आवश्यकताअनुसार कर्मचारी व्यवस्था गर्न नसकेकोजस्ता विषयहरूले प्राथमिकता पाइरहे। भ्रष्टाचार नियन्त्रण, सुशासनजस्ता विषय कम प्राथमिकतामा परेको आमधारणा व्याप्त रह्यो। निर्वाचन घोषणापत्र, सरकारका नीति तथा कार्यक्रममा उल्लेखित वाचा पूरा हुन नसक्दा जनताको असन्तुष्टि बढ्नु स्वाभाविक भए पनि सरकारको विरोध गर्नु वा असन्तुष्टि देखाउनुलाई षडयन्त्र ठान्ने सरकारी प्रवृत्ति देखियो।

तालिका १.१ **सन् २०२३ मा प्रदेशगत आधारमा हत्या भएका व्यक्तिहरूको सङ्ख्या**



(स्रोत : इन्सेक, २०२३)

सन् २०२३ र मानव अधिकारका मुख्य सवाल

सङ्क्रमणकालीन न्याय

सङ्क्रमणकालीन न्यायका सरोकारहरू यस वर्ष पनि कायम रहे। नेपाल सरकारले २०७९ फागुन २६ गते संसद सचिवालयमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गऱ्यो। तर, वर्षभरि नै उक्त विधेयक संसदबाट पारित हुन सकेन। यसबीच संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टिनियो गुटेरेसले ०८० कात्तिक १४ गते संयुक्त संसदलाई सम्बोधन गर्दै सङ्क्रमणकालीन न्याय जटिल प्रक्रिया भए पनि यसलाई द्वन्द्वपीडित पक्षको अधिकार रक्षा गर्दै शान्ति प्रक्रियाको बाँकी रहेको यो कार्यभार पनि पूरा गर्न नेपाल सरकारलाई आग्रह गरेका थिए। सम्बोधनमा पीडित केन्द्रित ऐन बन्नुपर्ने सर्वोच्च अदालत विगतमा दिएको आदेशअनुसार अन्तर्राष्ट्रिय मापदण्ड र पीडितहरूका आवश्यकता पूरा गर्ने प्रक्रियाको विकास गर्न र शान्ति प्रक्रियालाई निष्कर्षमा

तालिका १.२ **सन् २०२३ मा जिल्लागत आधारमा पारिवारिक हत्याका सङ्ख्या**

जिल्ला	हत्या		
	महिला	पुरुष	जम्मा
अछाम	१		१
अर्घाखाँची		१	१
बाग्लुङ	४	२	६
बैतडी		२	२
बाँके	२		२
बारा	२	१	३
बर्दिया	१		१
भक्तपुर	१		१
भोजपुर	३		३
चितवन	१	२	३
दैलेख	२		२
दाङ	४	३	७
दार्चुला	१		१
धादिङ	१		१
धनकुटा	२	२	४
दोलखा	१		१
गुल्मी	१		१
हुम्ला	१		१
इलाम	३		३
जाजरकोट	१	१	२
झापा	५	१	६
जुम्ला	२		२
काभ्रेपलाञ्चोक	३		३
कैलाली	२	२	४
कञ्चनपुर	१		१
कपिलवस्तु	३	३	६
कास्की	१	१	२
काठमाडौँ	२	१	३

जिल्ला	हत्या		
	महिला	पुरुष	जम्मा
खोटाङ	१		१
लमजुङ	१	२	३
महोत्तरी	१		१
मकवानपुर	२	१	३
मोरङ	३	१	४
नवलपरासी पूर्व		१	१
नवलपरासी पश्चिम	२	१	३
नुवाकोट	१	१	२
पाँचथर	२		२
पर्सा	३	१	४
प्युठान	२	२	४
रसुवा	१		१
रौतहट	२	१	३
रोल्पा		१	१
रुपन्देही	३		३
सल्यान	७		७
सङ्खुवासभा	१	१	२
सप्तरी	३	२	५
सर्लाही	३	१	४
सिन्धुली		१	१
सिरहा	५	१	६
सुनसरी	३		३
स्याङ्जा	२		२
तनहुँ	३		३
ताप्लेजुङ	२		२
तेह्रथुम	१		१
उदयपुर	४		४
जम्मा	**१०९**	**४०**	**१४९**

(स्रोत : इन्सेक, २०२३)

पुऱ्याउन सरकारको ध्यानाकर्षण गरिएको थियो (इन्सेक, २०८०)। यसरी महासचिव गुट्रेसले नेपाली र अन्तर्राष्ट्रिय मानव अधिकार समुदायले उठाउँदै आएका धारणालाई नै प्रतिविम्बित गरे।

मानव अधिकार उल्लङ्घनका पीडितलाई सत्य, न्याय र परिपूरण उपलब्ध गराउने काम प्राथमिकताका साथ शान्ति सम्झौता भएपछि तत्कालै टुङ्ग्याउनु पर्थ्यो। तर, राजनीतिक नेतृत्व यसप्रति गम्भीर र संवेदनशील बन्न चाहेन। नेतृत्वले पीडितलाई शान्ति प्रक्रियाको केन्द्रमा राख्नुपर्नेमा आफूलाई केन्द्रविन्दुमा राख्यो। परिणाम, बृहत् शान्ति सम्झौता भएको १८ वर्ष बित्दा पनि द्वन्द्वकालीन घटनाका पीडितले शान्ति र न्याय दुवै पाउन सकेनन्। मारिएका, बेपत्ता पारिएका, विस्थापित भएका, यौन हिंसा तथा उत्पीडनमा परेकाहरूको मानसिक तथा सामाजिक पुर्नस्थापना जुन न्यायसँग प्रत्यक्ष सम्बन्धित थियो, त्यस सम्बन्धमा प्रभावकारी काम हुन सकेन। जुन शान्ति सम्झौताको विपरीत थियो।

यस वर्ष सर्वोच्च अदालतले गरेको परमादेशमा 'सङ्क्रमणकालीन न्यायको विषय लामो समयसम्म अल्झाइनु उपयुक्त नहुने' उल्लेख हुनुले यो विषयले थप बहस निम्त्यायो। शान्ति प्रकृयापछि छिन्नभिन्न भएका माओवादी पार्टीहरू रिट दायर भएसँगै एक ठाउँमा उभिए। नियमित अदालती प्रकृयाबाट शान्ति प्रकृयाका कामहरू गरिए देशको गणतन्त्र खतरामा पर्ने, शान्ति तथा संविधानको उल्लङ्घन हुने र देश पुनः द्वन्द्वमा धकेलिने उनीहरूले धम्की दिए।

सङ्क्रमणकालीन न्यायका विषयलाई राजनीतिक दाउपेचको विषयमात्रै बनाइयो। यो नेपालका राजनीतिक दलहरूको अकर्मण्यताको एक उदाहरण हो। विगतमा आयोग ऐनलाई पीडितमुखी बनाउन सर्वोच्च अदालतले सरकारको नाममा परमादेश नै जारी गरेको थियो भने संयुक्त राष्ट्रसङ्घ, पीडित तथा मानव अधिकार संस्थाहरूले सरकारलाई पटकपटक अपिलसमेत गरेका थिए।

तालिका १.३ दाइजोका कारण महिलामाथि भएको हिंसा

जिल्ला	हत्या		घरेलु हिंसा		कुल
	महिला	जम्मा	महिला	जम्मा	जम्मा
बाँके			१	१	१
बारा	१	१	३	३	३
चितवन			१	१	१
धनुषा	१	१	६	६	७
कपिलवस्तु			६	६	६
कास्की			१	१	१
काठमाडौँ			१	१	१
महोत्तरी			१	१	१
रौतहट	१	१			१
रुपन्देही			१	१	१
सप्तरी	१	१	९	९	१०
सर्लाही	३	३	१३	१३	१५
सुनसरी	१	१			१
सुर्खेत			३	३	३
स्याङ्जा			१	१	१
जम्मा	७	७	४५	४५	५३

(स्रोत : इन्सेक, २०२३)

मौलिक हक कार्यान्वयनको अवस्था

संविधानले सुनिश्चित गरेका मौलिक हक कार्यान्वयनको अवस्था यो वर्ष पनि फितलो रह्यो। मानव अधिकार संरक्षणसम्बन्धी संवैधानिक तथा नीतिगत, कानुनी र संस्थागत व्यवस्थाअनुसारको कार्य हुन सकेन।

स्वास्थ्य अधिकारका सन्दर्भमा चर्चा गर्दा यो वर्ष पनि देशभरका स्वास्थ्य संस्थामा निःशुल्क वितरण गरिनुपर्ने औषधि अभाव उल्लेख गर्नै पर्ने हुन्छ। विधानको धारा ३५ ले प्रत्याभूत गरेको स्वास्थ्यसम्बन्धी हकको कार्यान्वयनको अवस्था कमजोर रहेको प्रशस्त दृष्टान्त छन्। सरकारले निःशुल्क प्रदान गर्ने भनेका ९८ प्रकारका औषधिमध्ये आधाजति औषधि पनि स्वास्थ्य संस्थामा उपलब्ध नभएको पाइयो।

उपचारका क्रममा लापरबाही गरेको आरोपमा स्वास्थ्यकर्मीमा कुटपिट तथा दुर्व्यवहारका घटना यस वर्ष पनि दोहोरिए। घटनामा संलग्नलाई कारबाहीको माग गर्दै स्वास्थ्य संस्थामा हड्ताल गरिँदा बिरामी मर्कामा परे। स्वास्थ्य संस्थामा दरबन्दीअनुसार चिकित्सक व्यवस्था नहुनु, औषधि उपलब्ध नहुनु तथा चेतना अभावका कारण सामान्य रोगबाटै पनि ग्रामीण भेगमा धेरै मानिसको मृत्यु भएका घटना सार्वजनिक भए। सरकारी तयारी अभाव, महामारीको रूप लिन सक्ने रोगबारे चेतना नहुनु तथा नदिइनु जस्ता कारण यसका लागि जिम्मेवार रहे। स्थानीय तहलाई दिइएको अधिकारको

उपयोग गर्न स्थानीय तह चुक्दा डेंगी रोगका कारण ७० जना भन्दा बढीको ज्यान गयो। यस रोगको रोकथामका लागि स्थानीय तहले जुन किसिमको तयारी गर्नुपर्थ्यो, त्यो हुन सकेको पाइएन। स्वास्थ्य बीमावापतको रकम नदिइएको भनी देशका धेरै अस्पताल बीमा कार्यक्रमबाट अलग भए। झण्झटिलो उपचार प्रकृया, बीमा अन्तर्गत पाइने औषधि नपाइनुजस्ता कारणले बीमितहरूको यसप्रतिको आकर्षण घटेको पाइयो (हेर्नुहोस्-जिल्ला विवरणहरू)।

खाद्यसम्बन्धी हकलाई संविधानको धारा ३६ मा प्रत्याभूत गरिएको छ। यसरी सुनिश्चितता र संरक्षणका लागि कानुनी व्यवस्था यस वर्ष पनि हुन सकेन। खेतीयोग्य जमिन बाँझै रहनु, चाहिएको बेलामा मलखाद तथा बीउबीजन उपलब्ध नहुनु, खेतीयोग्य जमिन घडेरीका लागि खण्डीकरण गरिनुजस्ता कारणले खाद्य परनिर्भरताको अवस्था विकराल बन्दै गयो। कर्णालीलगायत क्षेत्रमा बर्सेनि हुने खाद्यान्न अभाव, खाद्यान्नसम्म पहुँचको समस्या र खाद्यान्न व्यवस्थापनको पाटोमा कदम चाल्न राज्य चुकेको देखियो। आधुनिक कृषि प्रणाली विकास गर्ने नीति सरकारले लिएको भनिए पनि प्रभावकारी हुन सकेन। पहाडी तथा अति दुर्गम ३० जिल्लाका नागरिकलाई गुणस्तर तथा सुपथ मूल्यमा खाद्यान्न उपलब्ध गराइने मानव अधिकार राष्ट्रिय कार्ययोजनामा उल्लेख छ। तर, पनि अति विपन्न चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटेजस्ता समुदायलाई भोकमरीबाट जोगाउनेतर्फ खासै प्रगति भएको पाइएन।

कारागार र बन्दीका सन्दर्भमा संविधानको धारा २० ले प्रत्याभूत गरेको न्यायसम्बन्धी हकका आधारमा यस्तो अधिकारको विश्लेषण गर्नुपर्ने हुन्छ। कारागार ऐनले कारागारलाई सुधार गृहका रूपमा रूपान्तरण गर्ने उद्देश्य राखेको छ। जसअनुसार सामुदायिक कारागार, खुला कारागारको अवधारणा कानुनी दायरामा ल्याइए पनि यसको कार्यान्वयनका लागि संरचना, निर्देशिकालगायत कुनै कुरा तयार भएको छैन। देशभरका कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी राखिनाले उनीहरूको दैनिकी कष्टपूर्ण रहेको राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगागतका प्रतिनिधिले कारागार अनुगमनका क्रममा फेला पारे। केही कारागारमा क्षमताभन्दा बढी बन्दी हुँदा पालो गरेर सुत्नुपरेको, झडपका घटना हुने गरेको समाचार पनि प्रकाशन भए।

कारागारको भौतिक अवस्था जीर्ण, क्षमताभन्दा बढी कैदी/बन्दी, पर्याप्त मात्रामा शौचालय तथा पिउने पानीको समस्या, वर्षातको समयमा पानी चुहिने गरेको, खेलकुद तथा मनोरञ्जनका सामग्रीको पर्याप्त व्यवस्था नभएको, सीपमूलक तालिम, औपचारिक शिक्षा तथा पर्याप्त पाठ्यपुस्तक व्यवस्था नहुने, स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका उपलब्ध नहुनेजस्ता समस्या धेरैजसो कारागारमा कायमै छन्। यस वर्ष कारागाका ५१ जना कैदीबन्दीको मृत्यु भयो। सङ्खुवासभा कारागारमा प्रहरी र कैदीबन्दीको यातना तथा कुटपिटबाट दुई जना कैदी बन्दीको मृत्यु भएको घटनाले सुरक्षा र संरक्षणमा प्रश्न चिन्ह खडा भयो। बालसुधार गृहको दूरावस्था तथा

तालिका १.४ सन् २०२३ मा मानव अधिकार रक्षकको अवस्था

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
गिरफ्तार	४	३३	३६				३६
कुटपिट	१	३	४	८	४३	५१	५५
अमानवीय व्यवहार	१	१	२	१	७	८	१०
घाइते					३	३	३
हत्या					२	२	२
जातीय विभेद				२	१	३	३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३०	३७	५७	२	१४	१६	७३
धम्की		४	४	२	१०	१२	१६
महिला अधिकार				४		४	४
जम्मा	३६	६७	९३	१९	८०	९९	१९२

(स्रोत : इन्सेक, २०२३)

लापरबाहीका कारण बालकहरू मृत्यु भएका घटना सार्वजनिक भए। सुधार गृह भनिएका स्थान यातना गृहजस्ता रहेको अनुगमनका क्रममा पाइयो।

महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारलाई संविधानको धारा ३८ मा व्यवस्था गरिएको महिलाको हकको दृष्टिले अनुगमन गर्दा सन् २०२३ मा महिलामाथि भएका हिंसाका घटनामा ५ हजार ९ सय ३ जना पीडित भएको अभिलेख भयो। यस वर्ष घरेलु हिंसाका घटनामा ४ हजार ९ सय ६३ जना, 'बोक्सी'को आरोपमा २५ जना, बलात्कारका घटनामा ६ सय ५१ जना, बलात्कार प्रयासका घटनामा १ सय ५२ जना, यौन दुर्व्यवहारको घटनामा ५४ जना, बेचविखन प्रयासका घटनामा २५ जना, बेचबिखनका घटनामा ३० जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो।

यस वर्ष पारिवारिक हत्याका घटनामा १ सय ९ जना महिलाहरू मारिए। भनेजति दाइजो नल्याएको आरोपमा सात जना महिलाको हत्या भयो भने सोही कारणले ४५ जना महिलामाथि हिंसा भएको अभिलेख भयो। विगत वर्षहरू जस्तै यस वर्ष पनि पारिवारिक हत्याका विभत्स घटनाहरूको सङ्ख्या उल्लेख्य नै रह्यो।

कुप्रथा र अन्धविश्वासका कारण वर्षौंदेखि बोक्सीको आरोपमा हिंसा तथा बहिस्करणको दुस्चक्रमा महिलाहरू पीडित हुने क्रम यस वर्ष पनि रोकिएन।

सल्यान जिल्ला कुमाख गाउँपालिका- २ स्थित ४० वर्षीया महिलालाई ०७९ फागुन २१ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय कालु बुढाले कुटपिट गरे। प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश गिरीराज गौतमको ०८० असार २७ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद, ७० हजार जरिबाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

नेपालको संविधान २०७२ को धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्। इन्सेक प्रतिनिधिले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र अनुगमनका क्रममा त्यहाँ दर्ता भएका अधिकांश उजुरीमा मेलमिलाप गरिएको पाए।

बारा जिल्ला बिश्रामपुर गाउँपालिका-१ चतवा टोलकी २५ वर्षीया जया कुशवाहालाई दाइजो नल्याएको आरोपमा ०८० साउन १२ गते हत्या गरेको आरोपमा पीडित पक्षले ३२ वर्षीय पति सन्दीप कुशवाहा, ५० वर्षीया सासू विद्यादेवी कुशवाहा र २७ वर्षीय देवर प्रवीण कुशवाहाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा ०८० साउन १७ गते उजुरी दियो। मोटरसाइकल किनेर दिए पनि कुटपिट गरेको र घरनिकाला समेत गरेपछि जयाले ०७९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा

तालिका १.५ सन् २०२३ मा बाल अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट		अन्यपक्षबाट			कुल
	महिला	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा
बाल विवाह			३८		३८	३८
बेचबिखन तथा ओसारपसार			४३	९	५३	५३
विद्यालयमा दिइने शारीरिक सजाय			३४	५९	८३	८३
नवजात शिशुको हत्या			१	७	८	८
बलात्कार			१,००३		१,००३	१,००३
यौन दुर्व्यवहार	१	१	३७३	१९	३९१	३९३
जम्मा	१	१	१४७०	९४	१५६४	१५६५

(स्रोत : इन्सेक, २०२३)

उजुरी दिएकोमा ०७९ चैत १७ गतेको छलफलमा कुटपिट नगर्ने र कुनै प्रकारको यातना नदिने भन्दै 'मेलमिलाप' भएको थियो।

सामाजिक सञ्जाल प्रयोग गरेर महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनाको दर बढिरहेको छ। पीडित प्रविधिको प्रयोगमा कम जानकार हुनु, आरोपितहरूलाई कानुनी दायरामा ल्याउन नसकिनु जस्ता कारणले साइबर अपराधका घटना बढिरहेका छन्। यस वर्ष सामाजिक सञ्जाल प्रयोग गरी महिला तथा बालबालिकामाथि भएको हिंसाका घटनामा ८८ जना बालिका, चार जना बालक तथा १ सय ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बाल अधिकारको अवस्थालाई संविधानको धारा ३९ मा व्यवस्था गरिएको बाल बालिकाको हकको कसीमा हेर्दा देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट बञ्चितीजस्ता बाल अधिकार हनन्बाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। इन्सेक प्रतिनिधिहरूले जिल्लाका विद्यालयहरूको अनुगमन गरेका थिए। धेरैजसो विद्यालयका भवन बालमैत्री थिएनन्। छात्राहरूका लागि उचित शौचालय थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। नि:शुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अवस्था)*। यसबाहेक समाजमा अन्यपक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे *(हेर्नुहोस् अनुसूची १, परिशिष्ट, पृ. ४०२)*।

तालिका १.६ सामाजिक सञ्जालको दुरुपयोग गरी महिला र बालबालिकामाथि भएका हिंसाका घटनाका पीडितहरू

घटनाको प्रकार	अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा
बाल अधिकार	८८	४	९२
महिला अधिकार	१३१		१३१
जम्मा	२१९	४	२२३

(स्रोत : इन्सेक, २०२३)

यस वर्ष बाल अधिकार उल्लङ्घनका १ हजार ५ सय ६५ जना पीडित भए। जसमध्ये बलात्कारका घटनामा १ हजार २ जना, यौन दुर्व्यवहारका घटनामा ३ सय ९२ जना, विद्यालयमा शारीरिक सजाय दिइएका घटनामा ८३ र बेचबिखनका घटनामा ५२ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। विद्यालयमा हुने शारीरिक दण्डका घटनाका आरोपित कमै मात्र कानुनी दायरामा आए।

काठमाडौँको बुढानीलकण्ठ नगरपालिका-१०, कपनस्थित बाल उद्धार माविको कक्षा १० मा अध्ययनरत १५ वर्षीय छात्रलाई ०८० जेठ २२ गते सोही विद्यालयका शिक्षक २९ वर्षीय उदयराज कार्की, ३२ वर्षीय रोशन श्रेष्ठ र २७ वर्षीय सौरभ गौतमले कुटपिट गरे। तिघ्रा र घाँटीमा गम्भीर चोट लागेका पीडितको चाबहिलस्थित हेल्पिङ हेन्ड्स अस्पतालमा उपचार भयो। विद्यालय व्यवस्थापन समितिको जेठ २५ गतेको बैठकले

तालिका १.७ सन् २०२३ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकाहरूको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट		अन्यपक्षबाट		कुल
	महिला	जम्मा	महिला	जम्मा	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			३५	३५	३५
घरेलु हिंसा			४,९६३	४,९६३	४,९६३
'बोक्सी'को आरोप			३५	३५	३५
प्रसूति सेवा	३	३	१	१	३
बलात्कार			६५१	६५१	६५१
बलात्कार प्रयास			१५२	१५२	१५२
यौन दुर्व्यवहार	१	१	५३	५३	५४
बेचबिखन तथा ओसारपसार			३०	३०	३०
जम्मा	३	३	५,९००	५,९००	५,९०३

(स्रोत : इन्सेक, २०२३)

कुटपिटमा संलग्न तीनै जना शिक्षकलाई निलम्बन गऱ्यो। जिल्ला अदालतले आरोपितहरूलाई ५० हजार धरौटीमा छाड्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बनगाड कुपिण्डे नपा-१० माझकाँडाका ८ वर्षीय भिजन घर्तीको ०७९ माघ १ गते 'आफूलाई देउता चढेको' भन्दै घरनजिकै रहेको मन्दिरमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै सोही ठाउँका २८ वर्षीय डम्बर पुरीविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। शव मन्दिरभित्र गाडेको अवस्थामा फेला पऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत २१ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

चन्द्रकोट गाउँपालिका-४ शान्तिपुरकी १५ वर्षीया बालिकाको शव ०८० कार्तिक १७ गते घर नजिकैको हुँग्दीखोलामा नग्न र डुबेको अवस्थामा फेला पऱ्यो। मृतक बालिका शान्तिपुरको श्रीलङ्काटोलमा आमासँग भाडाको घरमा बस्दै आएकी थिइन्। आमासँग घरनजिकैको खेतमा काम गर्न गएकी बालिका कात्तिक १६ गतेदेखि बेपत्ता भएकी थिइन्। साँझ अबेरसम्म छोरी सम्पर्कमा नआएपछि परिवारले सबैतिर खोजे पनि भेटाएनन्। कात्तिक १७ गते बालिकको शव फेला पऱ्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बाँके खजुरा गाउँपालिका-४ का २३ वर्षीय रहिस खाँलाई कात्तिक १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको ११ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

जातीय विभेदविरुद्धको व्यवस्थालाई संविधानको धारा ४० मा उल्लेख गरिएको छ। नेपालमा कानुनत: छुवाछुतको अन्त्यको घोषणा भएको ६ दशकभन्दा बढी समय भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा छ। नेपालको संविधान, २०७२ ले अझै परिस्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीं छौं। जातीय भेदभाव र छुवाछुतलाई पीडितहरूको दृष्टिकोणबाट हेर्दा नेपालको संविधानले प्रदान गरेका समानताको अधिकार तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले गरेका प्रतिबद्धता केवल कागजी प्रतिबद्धतामा मात्र सीमित हुन पुगेका छन्। यस वर्ष जातीय विभेदका घटनामा ६२ जना पीडित भएको अभिलेख भयो। धेरैजसो घटनामा मिलापत्र भए। जातीय विभेद गरेको आरोपमा पोखरा नगरपालिका एक जना वडाध्यक्षलाई अदालतले कैद र जरिबाना तोक्यो।

पोखरा मनपा-२४ की ३६ वर्षीया वडा सदस्य मैया नेपालीलाई ०७९ पुस १८ गते अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा ४५ वर्षीय वडाध्यक्ष भरतबहादुर अधिकारीविद्ध पीडितले पुस २४ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। अधिकारी माघ ९ गते जिल्ला अदालतमा १ लाख ५० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। न्यायाधीश अवनी मैनाली भट्टराईको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई साढे चार महिना कैद, ७५ हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला गऱ्यो। तीन महिना कैद ५० हजार जरिबाना भनिए पनि जनप्रतिनिधि भएकाले ५० प्रतिशत थप सजाय तोकियो।

तालिका १.८ उमेर समूह अनुसार पीडित बालबालिकाको सङ्ख्या

घटनाको प्रकार	१-५	६-११	१२-१७	जम्मा
बाल विवाह		१	२७	२८
बेचबिखन तथा ओसारपसार	२	२	४८	५२
विद्यालयमा दिइने शारीरिक सजाय		१६	६७	८३
नवजात शिशुको हत्या	७		१	८
बलात्कार	४४	१५५	८०३	१००२
यौन दुर्व्यवहार	२२	९७	२७३	३९२
जम्मा	७५	२७१	११९९	१५६५

(स्रोत : इन्सेक, २०२३)

नेपाल सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता

नेपाल सरकारले विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) को तेश्रो चक्र अन्तर्गतको प्रक्रियामा कार्यदलले गरेको सिफारिस बमोजिम प्राप्त २ सय ३३ सुझावमध्ये १ सय ९६ सिफारिस स्वीकार गऱ्यो। सोही बमोजिम २०७८ कात्तिकमा मन्त्रिपरिषद्ले विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०७९) स्वीकृत गऱ्यो। मानव अधिकारको पाचौं राष्ट्रिय कार्ययोजना र युपीआरको सिफारिस

कार्यान्वयनका लागि एकीकृत प्रयत्न सुरु गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि महाशाखाले सार्वजनिक गरेको प्रतिबद्धताले सिफारिस कार्यान्वयनमा प्रगति हुने आशा जगाएको छ। यद्यपि प्रगति प्रतिवेदनमा मापनयोग्य सङ्ख्या र गुणस्तरको तथ्याङ्क प्रस्तुत गर्न र सिफारिस कार्यान्वयनमा सरकारका तहगत निकाय र प्रदेश तथा स्थानीय सरकारको उत्तरदायित्व सुनिश्चित गर्नु चुनौतीपूर्ण देखिन्छ। सामाजिक संस्था र शैक्षिक सङ्घसंस्थासँगको सहकार्य प्रवर्धन गरी सिफारिसको स्थानीयकरण तथा तथ्याङ्कको सुनिश्चिततामा थप कार्य गर्नु आवश्यक देखिन्छ।

संयुक्त राष्ट्रसङ्घको नेतृत्वमा विश्व सरकारद्वारा १७ वटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरिएका छन्। यो विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यभन्दा आफैंमा कुनै पनि प्रकारको कानुनी दायित्व सिर्जना गर्दैनन्। नेपाल सरकारले यस लक्ष्यमा तय गरिएका विकास लक्ष्यहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्राप्तिका लागि प्रतिबद्धता जनाएको छ जुन यी अधिकार उपभोगका लागि महत्वपूर्ण प्रस्थान विन्दु हुन्। दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्रहरू सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता अँगालेको छ।

नेपाल सरकारको पाचौँ पञ्चवर्षीय मानव अधिकार कार्ययोजना (२०७८-२०८२) को अवधि केही समय बाँकी हुँदा मानव अधिकारका प्राथमिकता क्षेत्र निर्धारण गरी कार्ययोजनाको आवधिक मूल्याङ्कन र प्रभावकारी अनुगमन भने हुन सकेन (हेर्नुहोस कार्यपालिका, पृ.४४)।

राष्ट्रिय मानव अधिकार आयोग

सरकारले २०७७ मङ्सिर २० गते अध्यादेश मार्फत संवैधानिक परिषद् ऐन संशोधन गरी संवैधानिक आयोगका पदाधिकारीको नियुक्ति गऱ्यो। पुस ५ गते संसद विघटन भएपछि संसदीय सुनुवाइ नभई राष्ट्रिय मानव अधिकार आयोग लगायतका संवैधानिक आयोगका पदाधिकारीको माघ २१ गते सपथ ग्रहण भयो (नागरिक, २०७७)। त्यसको लगत्तै नियुक्तिलाई असंवैधानिक भन्दै अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्चमा अदालतमा रिट दायर गरेका थिए (नयाँ पत्रिका, २०८०)। तर, सन् २०२३ को अन्त्यसम्मै यसै विषयका १० ओटा रिटको टुङ्गो लाग्न सकेन।

पहिलो पटक सार्वजनिक सुनुवाइ बिना राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरूको नियुक्ति भएपछि राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जाल (गान्हरी) ले राष्ट्रिय मानव अधिकार आयोग, नेपालको श्रेणी घटुवा गर्न सक्छ भन्ने आशङ्का व्याप्त भयो। २०८० कात्तिकमा गान्हरीले उक्त आशंका अन्त्य गर्दै मानव अधिकार आयोगलाई 'क' श्रेणीमै कायम गर्ने निर्णय गऱ्यो। राष्ट्रिय मानव अधिकार आयोग, नेपाल 'क' श्रेणीमा कायमै रहेको यस सन्दर्भमा

तालिका १.५ उमेर समूह अनुसार पीडित महिलाहरूको सङ्ख्या

घटनाको प्रकार	१८-२३	२४-२९	३०-३५	३६-४१	४२-४७	४८-५३	५४-५९	६०-६५	६६-७१	७२+	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास	१७	२	४	२							२५
घरेलु हिंसा	८१८	१५२०	१४१८	५८७	३८५	१४७	७८	६६	३३	३१	४९६३
'बोक्सी'को आरोप		२	४	२	५	५	३		४		२५
प्रसूति सेवा		२	१								३
बलात्कार	३३४	१७३	११२	४७	३०	९	१६	१३	७	१०	६५१
बलात्कार प्रयास	४८	३१	४१	१६	६	५	७	५	१	२	१५२
यौन दुर्व्यवहार	१७	१२	१२	४	४	५					५४
बेचबिखन तथा ओसारपसार	१८	४	४	३				१			३०
जम्मा	११५२	१७३६	१५९६	६६१	३३०	१७१	१०४	८५	३५	३३	५९०३

(स्रोत : इन्सेक, २०२३)

नेपालको वर्तमान संविधान जारी हुनुभन्दा अघिको राष्ट्रिय मानव अधिकार ऐन २०६८ लाई विस्थापित गर्दै आयोगलाई पेरिस सिद्धान्त (१९९३) अनुसार अझ बढी स्वायत्त र प्रभावकारी बनाउने गरी नयाँ कानुनको निर्माण गर्ने प्रकृयाको गति बढाउनु सरकारको दायित्व हुन आएको छ। संसदले यस विषयमा सम्पूर्ण राजनीतिक दलहरूको सहमतिका आधारमा टुङ्गोमा पुऱ्याउनु विलम्ब गर्नु हुँदैन।

कुनै पनि देशको 'ख' श्रेणीको आयोगको सिफारिस कार्यान्यवन गर्न राज्य बाध्यकारी नहुने हुँदा नेपालको आयोगको श्रेणी घटुवा भएको भए देशभित्रको मानव अधिकार अवस्था अझ जटिल हुन सक्ने थियो। संसारका धेरै मानव अधिकार आयोगभन्दा सुस्पष्ट रूपमा संविधान र कानुनबाट स्वायत्तता र स्वतन्त्रता प्राप्त गरेको नेपालको आयोगको श्रेणी घटुवा भएको भए राज्यका निकायले प्राप्त गर्ने अन्तर्राष्ट्रिय अनुदानमा पनि प्रतिकूल असर पर्न सक्ने थियो। अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत नेपाललाई दूरगामी असर पर्न सक्ने थियो। मानव अधिकारका कतिपय अन्तर्राष्ट्रिय मञ्चहरूबाट नेपाल वञ्चित हुन सक्ने थियो भने पुःन स्तरोन्नतिका लागि गरिने प्रयास सहज हुने थिएन। उल्लेखित तथ्यहरूलाई नेपाल सरकार, संसद, राजनीतिक दलहरू र राष्ट्रिय मानव अधिकार आयोगले समेत गम्भीरतापूर्वक मनन गर्दै अब आयोगसम्बन्धी नयाँ कानुन निर्माणमा इमान्दार पहल गर्नै पर्दछ।

मानव अधिकार आयोगले नागरिक समाज र मानव अधिकार संस्थाहरूसँगको सार्थक र प्रभावकारी सहकार्य बढाउँदै मानव अधिकार संरक्षण र संवर्द्धन तथा मानव अधिकार रक्षकको सुरक्षाका सन्दर्भमा आफ्नो सकृयता बढाउनु जरुरी छ। गान्हारीको पछिल्लो निर्णय अघि आयोग कदाचित तदर्थ मानसिकतामा खुम्चिएको थियो भने अब यसले त्यस अवस्थाभन्दा माथि उठ्दै मानव अधिकार तथा नागरिक समाज संस्थाहरूसँग गतिविधिको तहमा मात्र होइन, नीतिगत तहमा पनि सशक्त सहकार्यको वातावरण बनाउनु पर्दछ। नेपालका मानव अधिकार तथा नागरिक संस्थाहरूको सङ्घर्षको प्रतिफलका रूपमा स्थापित र उनीहरूकै सचेत निगरानीका कारण 'क' श्रेणीमा कायम रही आएको राष्ट्रिय मानव अधिकार आयोग मजबुत, स्वायत्त, सक्षम, संवेदनशील, प्रभावकारी, सकृय र हरेक क्षण मानव अधिकारको संरक्षण र संवर्द्धनमा तत्पर र समर्पित हुनु पर्दछ। जुनसुकै परिस्थितिमा पनि

तालिका १.१० सन् २०२३ मा दाइजोका कारण महिलामाथि भएको हिंसाबाट पीडित भएकाहरूको सङ्ख्या



(स्रोत : इन्सेक, २०२३)

आयोगका पदाधिकारीहरूमा जिम्मेवार, सक्षम, नैतिक र कम्तीमा पनि परिपक्व सुनिश्चित हुनुपर्ने विषय यस वर्ष झन् टड्कारो देखिन्छ।

मानव अधिकार संरक्षण र संवर्द्धन कार्यलाई प्रभावकारिताका साथ मानव अधिकार आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरुबीच यस वर्ष पनि अपेक्षाकृत समन्वय र सहकार्य भएको देखिएन। यस सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकारसम्बन्धी संवैधानिक आयोगहरूबीच समन्वय र सहकार्य सम्बन्धी रणनीतिक ढाँचा तयार गरिएको छ। तर, राष्ट्रिय मानव अधिकार आयोगबाहेक अन्य आयोगका कर्मचारी प्रशासनमा भइरहने फेरबदली र सबै आयोगहरूमा भएको नियुक्ति विरुद्धमा परेको मुद्दा समेतका कारण उत्पन्न परिस्थितिले गर्दा आयोगहरुबीच मानव अधिकारका सवालहरूमा उत्साहप्रद समन्वय र सहकार्यको अभाव रह्यो। मानव अधिकार शिक्षा लगायत शिक्षामूलक तथा सचेतनामूलक प्रवर्धनात्मक कृयाकलापहरू समन्वयनात्मक रूपमा सञ्चालन गर्नको लागि समन्वय र सहकार्य आवश्यक पर्दछ (राष्ट्रिय मानव अधिकार आयोग, २०७९) भनिए पनि तद्अनुकूल कार्य भएको पाइएन।

राज्य र मानव अधिकार

न्यायपालिका

न्यायपालिकाले व्यक्तिको स्वतन्त्रता र अधिकारको रक्षा गर्ने कानुनको व्याख्या र कार्यान्वयन गरेर मानव अधिकारको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने दायित्व निर्वाह गर्नुपर्दछ। मानव अधिकारका अन्तर्राष्ट्रिय प्रावधानहरूसँग नेपालको कानुन मिल्दोजुल्दो छ कि छैन भन्ने सुनिश्चित गर्ने दायित्व पनि यसैको हो। नागरिकले आफ्ना अधिकारहरूको उल्लङ्घन भएका मुद्दाहरूको अदालतमा सुनुवाइ

तालिका १.११ **सन् २०२३ मा पेसागत आधारमा पीडित सङ्ख्या**

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
राजनीतिक कार्यकर्ता	३४	२६३	२९७	६	३३		३९
सामाजिक कार्यकर्ता	१	१	२	१	२		३
स्वास्थ्यकर्मी		१	१	२५	१५		४०
सुरक्षाकर्मी	३	३२	३५	९	८९		९८
कानुन व्यवसायी				२			२
मानव अधिकारकर्मी	१७	४	६४	३	१६		१९
मजदुर		१८	१८	१५५	२५	१	१८१
नाबालक				५१	१५		६६
अन्य	५	७६	८१		३		३
जागिरे/कर्मचारी	१	६२	६३	७३	४४		११७
पत्रकार	१	७	८	२	३२		३४
विद्यार्थी	१०	११६	१२६	१६१०	१५०		१७६०
शिक्षक	७	११	१८	२५	१५		४०
उद्योग व्यवसायी	१	८	९	७०	२०		९०
कृषक	३६	२००	२३६	२६८०	२१७	१	२८९८
गृहिणी	३०		३०	२९९८			२९९८
नखुलेको				४	५		९
जम्मा	१४६	८४२	९८८	७७१६	६८२	२	८४००

(स्रोत : इन्सेक, २०२३)

भएपछि उपयुक्त निर्णय हुन्छ र न्याय पाइन्छ भन्ने विश्वास गर्ने आधार भएन भने न्याय प्रणालीप्रतिको आस्था खस्किने खतरा हुन्छ। सरकारले गरेका कार्य वा निर्णय मात्र होइन, संसदबाट निर्माण गरिएको कुनै कानुनसमेत संविधान वा मानव अधिकार विपरीत भएको पाइएमा न्यायालयले खारेज गर्न सक्दछ।

मानव अधिकार, न्याय र विधिको शासन जोडिएका विषयको न्याय निरूपणमा एकरूपता देखिएन। रिगल प्रकरणमा तत्काल विवाद टुंग्याउनसक्ने सर्वोच्च अदालतले रेशम प्रकरण लामो समय अल्मल्याएर राख्यो। विचार तथा अभिव्यक्ति स्वतन्त्रताजस्तो महत्वपूर्ण विषयमा अदालतले न्याय निरूपण गर्न सकेन। टिकटकमाथिको प्रतिबन्ध विरुद्ध सर्वोच्चमा परेको रिट यस वर्षको अन्त्यसम्म फैसला हुन सकेन। अदालतमा मुद्दाको सङ्ख्या बढ्ने र सेवाग्राहीले न्याय पाउन ढिलाइ हुने समस्यामाथि सम्बोधन गर्न न्यायिक नेतृत्व अग्रसर भएको देखिएन।

कार्यपालिका

मानव अधिकारको पालनासँगै सरकारले सबै नागरिकको जीउज्यानको सुरक्षासमेत गर्नुपर्ने दायित्व हुन्छ। अपराध नियन्त्रण र कानुन कार्यान्वयनको मूल नेतृत्वकर्ता सरकार नै हो। मानव अधिकारको क्षेत्रका अतिरिक्त अन्य क्षेत्रमा राज्यले गर्ने खर्च र सरकारको नीतिबाट पनि सरकारको मानव अधिकारप्रतिको प्रतिबद्धता मापन हुन्छ। लोकतान्त्रिक सरकारको मुख्य काम भनेकै नागरिकको सम्मानित भएर बाँच्न पाउने अधिकार सुनिश्चित गर्नु हो। यस वर्ष राज्यपक्षबाट ६ जना नागरिकको हत्या भयो। प्रहरीले संयमता नदेखाउँदा अत्यधिक बल प्रयोगका घटना सार्वजनिक भए।

यो वर्ष न्यून बेतनधारीको जनजीविकाका सवाल ज्यादा नै मुखरित भएर आए। सहकारी मार्फत नागरिकले गरेका लगानीको प्रतिफल भएन। राज्यको प्रभावकारी नियमन हुन नसक्दा सहकारीमा पैसा फसेका कतिपयले आधारभूत जीवनयापन गर्न कठिनाइ भयो। नेपालमा श्रमबजारको सम्भावना नभएकाले गैरकानुनी बाटो हुँदै अमेरिका जाने, रुसी सेनामा भर्ती हुने र विभिन्न मुलुकहरूमा अवैध रूपमा जाने परिपाटी मौलायो। न त सरकारले श्रम बजारको सिर्जना गऱ्यो, न सुरक्षित श्रम बजारको व्यवस्थापन गर्न सक्यो। खतरायुक्त क्षेत्रमा जान नागरिकलाई निषेधित गर्ने नीति सरकारले बनाउन सकेन। 'रुसले भनेको बेला कहाँ नागरिक फिर्ता दिन्छ र ?' भनी प्रधानमन्त्री प्रचण्डले एक कार्यक्रममा बताए। अहिले शुल्कयुक्त श्रम व्यवस्थापनको कुरा आएको छ। आकर्षक श्रम गन्तव्यमै जाने प्रतिस्पर्धामा अवसर नपाउँदा र राज्यले नागरिकलाई व्यवस्थापन गर्न नसक्दा बालकुमारी घटना भयो। न्यून बेतनका कारण नेपालमा भएकाहरूले कष्टकर रूपमा जीवनयापन गरिरहेका छन्। सामाजिक सञ्जालको बढ्दो प्रयोग र अनलाइन अपराधलाई सम्बोधन गर्दै एकीकृत र प्रभावकारी कानुनी र व्यवस्था अपर्याप्तता हुनुपर्ने जति विस्तार नभएको डिजिटल मिडिया साक्षरताका कारण कतिपय गलत कामकारबाहीले प्रश्रय पाए। स्वतन्त्र रूपमा निर्वाचित कतिपय जनप्रतिनिधिको रवैयाका कारण सडक, फुटपाथबाट जीविकोपार्जन गरिरहेकाहरूले प्रताडना भोग्नुपऱ्यो, उनीहरूको स्वरोजगार हरण भयो।

नक्कली शरणार्थी प्रकरणमा प्रभावकारी र निष्पक्ष अभियोजन भएन, ठूलाले उन्मुक्ति पाए, अरुमाथि चलेको मुद्दा विचाराधीन छ। थुनछेकको आदेशमाथि समेत सार्वजनिक आलोचना र टिकाटिप्पणी भइरहेको छ। असल आचरणका कैदीले पाउने माफीमिनाहाको अवधारणाको चरम दुरुपयोग भयो, तर अब पीडितको सहमतिमा मात्रै कैद छुट र माफी मिनाहा हुने भन्ने अदालतको नयाँ न्यायिक दृष्टिकोण भने नेपालको फौजदारी न्यायको इतिहासमा कोशेढुङ्गा हुने निश्चित छ। एक वर्षमात्रै थुना हुने र सामान्य प्रकृतिको ललिता निवास प्रकरणमा समेत सङ्गठित अपराधको आरोपमा नागरिकलाई लामो समय थुनामा राख्ने र पछि सामान्य प्रकृतिको मुद्दा चलाउने काम भयो। अभियोजनमा एकरूपता देखिएन।

व्यवस्थापिका

मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका कामकारबाहीहरूको अनुगमन गर्ने जिम्मेवारी संसदले पूरा गर्न सकेन। आमजनताको सरोकारहरूको प्रतिनिधित्व गर्दै आवश्यक कानुनहरू निर्माण गर्ने र आफ्ना कार्यहरूका लागि सरकारलाई जवाफदेही बनाउनेभन्दा पनि सत्ताको खिचातानी र वेवास्ताको शिकार व्यवस्थापिका भयो। संसद गठनको लामो समयपछि गठन भएका संसदीय समितिहरूले प्रभावकारी उपस्थिति देखाउन सकेनन्।

एक वर्षको अवधिमा जम्मा एउटा कानुन बनाएर संसदले आफ्नो अकर्मण्यता पुष्टि गऱ्यो।

सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक राजनीतिक दाउपेचको विषय बनाइयो। बजेटसँग सम्बन्धित तीनओटा बाहेक सङ्घीय संसदले थप एउटामात्र विधेयक पारित गऱ्यो। संसदमा विचाराधीन दुई दर्जन विधेयक टुङ्गोमा पुग्न सकेनन्। यस तथ्यका आधारले मुलुकको प्रमुख व्यवस्थापिका आ-आफ्नो प्रमुख कार्यभारबाट विमुख भएको देखिन्छ।

प्रतिनिधि सभाको पहिलो कार्यकालको अन्त्यतिरबाट टाढिएको राजनीतिक दलहरूबीचको दूरी प्रतिनिधि सभाको दोस्रो कार्यकालमा पनि सुधार हुन सकेन। संसदको प्रमुख ध्यान सरकार निर्माण, सरकार निर्माणका लागि गठबन्धन निर्माण, विश्वासको मत र संसद अवरोधमा केन्द्रित हुँदा आफ्नो प्रमुख कार्यबाट विमुख हुन पुगेको तथ्यको पुष्टि गर्न यस वर्षका संसदीय गतिविधि पर्याप्त रहे। यो वर्ष सरकारलाई पटक-पटक विश्वासको मत दिने र बजेट पारित गर्ने बाहेक मानव अधिकार, मौलिक हकको कार्यान्वयन तथा जनजीविकासँग जोडिएका कानुन निर्माण गर्ने कार्यमा सङ्घीय संसदले अग्रसरता देखाएको पाइएन। विगतका वर्षहरूझैँ यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति, शीर्ष नेताहरूको नगन्य उपस्थिति हुने क्रमले निरन्तरता पायो। व्यवस्थापकीय कार्य शीर्ष नेताहरूको प्रामिकतामा परेन।

सन् २०२३: मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्क

यस वर्ष मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ४६ जना महिला र ८ सय ४२ पुरुष गरी ९ सय ८८ जना तथा ज्यादतीका घटनामा ७ हजार ७ सय १६ महिला, दुईजना क्यू र ६ सय ८२ जना पुरुष गरी ९ हजार ३ सय ८८ जना पीडित भएको अभिलेख भयो। सन् २०२२ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ हजार ३ सय ७६ जना पीडित भएका थिए। यो सङ्ख्या सन् २०२२ भन्दा २ हजार १२ जना बढी हो। यस वर्ष राज्य पक्षबाट ६ जनाको हत्या भयो। यातनाका घटनामा दुई जना, गिरफ्तारीका घटनामा २ सय ४० जना, जातीय विभेदका घटनामा ६२ जना, कुटपिटका घटनामा ४ सय १४ जना, अमानवीय व्यवहारका घटनामा ३१ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ५ सय ५ जना पीडित भएको अभिलेख भयो। प्रहरी हिरासतमा दुई जना र कारागारमा ५१ जनाको मृत्यु भयो। संखुवासभा कारागारमा यस वर्ष प्रहरीको यातना तथा कुटपिटबाट दुई जना बन्दीको मृत्युको घटना अभिलेख भयो। राज्यको नियन्त्रणमा रहेका व्यक्तिको हत्या वा मृत्यु हुनु सामान्य विषय होइन। राज्यपक्षबाट एक जना बेपत्ता पारिए भने अन्यपक्षले बेपत्ता पारेको मानिसको सङ्ख्या दुई जना रहेको इन्सेकमा अभिलेख भयो।

निष्कर्ष

यस वर्ष पनि जनताका आधारभूत आवश्यकता सम्बोधन गर्न राज्य चुक्यो। स्वास्थ्य, शिक्षा, रोजगारी जस्ता अधिकारका सवाल छायाँमा परे। अपाङ्गमैत्री सार्वजनिक भवन र सडक निर्माणमा सोच परिवर्तन गर्ने कार्यमा उल्लेखनीय प्रगति हुन सकेको छैन। जनताको नागरिक तथा राजनीतिक अधिकारमा सुधार भएको भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र शान्ति सुरक्षाको सवालमा राज्यले दायित्व निर्वाह गर्न सकेन। नेपाल पक्ष भएका मानव अधिकार महासन्धि कार्यान्वयन, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन, विश्वव्यापी आवधिक समीक्षाका क्रममा विभिन्न राष्ट्रले दिएका सुझाव तथा सिफारिसमा नेपाल सरकारले दिएको प्रतिक्रिया एवम् गरेको प्रतिबद्धता तथा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने विषयमा प्रायः सरकारी निकायका अधिकारी उदासीन रहे।

सशस्त्र द्वन्द्वमा पीडित भएका व्यक्तिहरूलाई सङ्क्रमणकालीन न्यायका संयन्त्र मार्फत न्याय र परिपूरण प्रदान गर्ने कुरा नेपालको विस्तृत शान्ति सम्झौताको अभिन्न अङ्ग हो। द्वन्द्वपीडितहरूलाई न्याय प्रदान नगरी नेपालको शान्ति प्रक्रियाले सफलता प्राप्त गर्न सक्दैन। न्यायबिनाको शान्ति कल्पना गर्न सकिने विषय पनि होइन। सङ्क्रमणकालीन न्यायको कार्यभार राजनीतिक इच्छाशक्तिको अभावमा कदापि पूरा हुन सक्दैन।

महिला तथा बालबालिकामाथि भएका र हुने गरेका अपराधको सङ्ख्या प्रतिदिन बढेको इन्सेकको तथ्याङ्कमा देखिन्छ। महिलामाथि भएका हिंसाका घटनामा मेलमिलाप गरिने, परिवारको घेराभन्दा बाहिर लैजान नदिने चलन व्याप्त रह्यो। कानुनको प्रभावकारी कार्यान्वयन यस सन्दर्भमा नभई नहुने कुरा हो।

मानव अधिकार कार्ययोजनाको प्रभावकारी कार्यान्वयन, दिगो विकास लक्ष्यले तोकेका विषयहरूको स्थानीयकरण, दण्डहीनताको अन्त्य, राजनीतिको अपराधिकरणको अन्त्यजस्ता विषयमा काम हुन सके सरकारले भनेजस्तो समृद्धिका विषयले प्राथमिकता

पाउलान् भन्ने अपेक्षा गर्न सकिन्छ। सरकारले अघि सारेका नीति तथा कार्यक्रमहरूले आम जनताको जीवनमा केही परिवर्तन ल्याउन सक्यो भने मात्रै सरकार भएको अनुभूति जनताले गर्नेछन्। मानव अधिकारको परिपालनामा देखिएका कमजोरी सुधार गुर्न, दण्डहीनताको अपसंस्कार अन्त्य गर्नु पनि आजको कार्यभार हो।

सुझाव

- कारागारको भौतिक तथा प्रशासनिक अवस्था सुधारका लागि कारागार सुधारसम्बन्धी सरकारी प्रतिवेदनहरूमा उल्लेख भएका विषयहरूको पालना गर्नुपर्छ।
- महिला तथा बालबालिकामाथि हुने हिंसाविरुद्ध द्रुत र निरन्तर सुनुवाइ गर्न सर्वोच्च अदालतले गरेको आदेश लागु गर्नुपर्छ।
- दण्डहीनताको अन्त्यका लागि अत्यधिक बल प्रयोग भएका घटनाको न्यायिक छानविन तथा मानव अधिकार उल्लङ्घनका घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याउनुपर्छ।
- सर्वोच्च अदालतको परमादेश, संयुक्त राष्ट्रसङ्घ, मानव अधिकार संस्था तथा पीडितको मागबमोजिम सङ्क्रमणकालीन न्यायिक प्रक्रिया टुङ्ग्याउनु पर्छ।
- मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन सुनिश्चितता, आवधिक समीक्षाका सिफारिसको कार्यान्वयन तथा दिगो विकास लक्ष्यमा परिलक्षित उद्देश्य प्राप्तिका लागि अवधारणागत र इमान्दार प्रयत्न हुनुपर्छ। मौलिक हक र मानव अधिकार परिपूर्तिका लागि राज्यले गरेका प्रतिबद्धता, विद्यमान कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयनका लागि मानव अधिकारका बारेमा संचेतना शिक्षा, संरक्षण र सुरक्षा, संचेतना र सेवाको मापदण्ड, र विकास प्रशासकको क्षमता अभिवृद्धि स्थानीय तहसम्म गर्नु गराउनु पर्दछ। साथै मानव अधिकार संरक्षण संयन्त्र निर्माण, हक प्रचलन गराउने अधिकारीको प्रबन्ध, संरक्षण सेवाको पहिचान र सेवामा लगानी गर्नु पर्दछ। मानव अधिकारको न्यायोचित उपभोगमा बाधा, कुनै पनि विभेद, हिंसा, शोषण, दुर्व्यवहार विरुद्ध उजुरी गर्ने सहज संयन्त्रको प्रबन्ध हुनु पर्दछ। त्यसैले कानुनी तथा आर्थिक सामाजिक पुनर्स्थापना, विश्वव्यापी घटना व्यवस्थापन र पुनर्स्थापकीय अवधारणाका आधारमा गर्नु गराउनु राज्यका तीनै अङ्ग, तीनै तह र मानव अधिकार सम्बद्ध पक्षको दायित्व हो।

विजयराज गौतम
कार्यकारी निर्देशक

सन्दर्भ सामग्री

इन्सेक (२०८० कात्तिक १४) *पीडित पक्षको अधिकार रक्षा गर्दै शान्ति प्रकृयाका बाँकी काम टुङ्ग्याउन राष्ट्रसङ्घका महासचिव गुटरेसको आग्रह,* इन्सेक।

https://inseconline.org/np/news/%e0%a4%aa%e0%a5%80%e0%a4%a1%e0%a4%bf%e0%a4%a4-%e0%a4%aa%e0%a4%95%e0%a5%8d%e0%a4%b7%e0%a4%95%e0%a5%8b-

%e0%a4%85%e0%a4%a7%e0%a4%bf%e0%a4%95%e0%a4%be%e0%a4%b0-%e0%a4%b0%e

0%a4%95%e0%a5%8d%e0%a4%b7/

राष्ट्रिय मानव अधिकार आयोग (२०७९), *राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार सम्बन्धी संवैधानिक आयोगहरुबीच समन्वय र सहकार्यको रणनीतिक ढाँचा,* पृ.१६, राष्ट्रिय मानव अधिकार आयोग।

नागरिक (२०७७ माघ २२), जबरजस्ती नियुक्ति, विरोधमा बन्द, नागरिक।

https://nagariknews.nagariknetwork.com/politics/450201-1612400340.html

नयाँ पत्रिका (२०७८ साउन २१), *संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र नियुक्तिविरुद्धको रिट : सर्वोच्चमा अस्वभाविक आलटाल, आयोगहरूमा अलमल,* नयाँ पत्रिका।

https://www.nayapatrikadaily.com/news-details/68182/2021-08-05

परिच्छेद २

अनुसन्धान विधि, तथ्याङ्क सङ्कलन तथा विश्लेषण

नेपाल मानव अधिकार वर्ष पुस्तक इन्सेकका ७७ जिल्ला प्रतिनिधिले वर्षभर गर्ने स्थलगत अनुगमनको विधिका माध्यमले प्राथमिक स्रोतबाट सङ्कलित र राज्यका आधिकारिक निकाय वा प्रतिष्ठित सार्वजनिक निकायबाट प्रशोधित सङ्कलित तथ्याङ्कमा आधारित छ। 'यस वर्ष' भन्नाले सन् २०२३ (२०७९ पुस १७ गतेदेखि २०८० पुस १५ गतेसम्म) बुझ्नुपर्छ। केही घटनाको पुष्टि गर्न आवश्यक परेको बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन। यस पुस्तकमा उल्लेखित स्थलगत अनुगमनको माध्यमबाट सङ्कलित तथ्याङ्कहरूलाई प्रहरी, पीडित, आरोपित, न्यायिक लगायतका क्षेत्रद्वारा पुष्टि गरिएको छ।

सङ्कलित तथ्याङ्कहरूलाई नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा महासन्धि नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र १९६६, सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५,महिलाविरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि १९७९, बाल अधिकारसम्बन्धी महासन्धि १९८९ र यातना तथा अन्य क्रुर अपमानजनक व्यवहारविरूद्धको महासन्धि १९८४ का आधारमा १६ शीर्षक/क्षेत्रहरू (domains) विभाजन गरी जिल्लागत तथा प्रदेशगत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ। विभिन्न शीर्षक अन्तर्गत न्यूनतम एकदेखि अधिकतम नौओटा सूचकाङ्ककको प्रयोग गरी जम्मा ४७ ओटा सूचकाङ्कहरूको बारेमा तथ्याङ्क सङ्कलन गरिएका थिए। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्याङ्कलाई राज्यपक्ष र अन्यपक्षबाट भएको भनी छुट्टयाएर प्रस्तुत गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन लगायतलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची १ को परिशिष्ट ३-९ मा रहेको तथ्याङ्कमा दिइएको छ।

शीर्षक र सूचकाङ्कहरूको परिभाषा र क्षेत्र

१/२ बेपत्ता/अपहरण

इच्छाविपरीत कुनै व्यक्ति वा समूहले कसैलाई अज्ञात स्थलतर्फ वा अन्यत्र लग्यो भने बेपत्ता/अपहरण मानिन्छ। राज्यपक्षबाट बलपूर्वक बेपत्ता पारिएकालाई बेपत्ता शीर्षकमा र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध, फिरौती वा अन्य कारणबाट अपहरण गरिएको घटनालाई अपहरण शीर्षकमा राखिएको छ। वर्ष पुस्तकमा राज्यपक्षबाट बेपत्ता पारिएका र सङ्गठित समूहबाट राजनीतिक प्रतिशोध वा अन्य कारणबाट अपहरण गरिएकाहरूको विवरण समावेश छ।

३. गिरफ्तारी

गिरफ्तारी शीर्षकअन्तर्गत भेला तथा सङ्गठित हुने अधिकार हनन् भएका घटना अभिलेख छन्। गिरफ्तारी, पुनः गिरफ्तारी तथा गिरफ्तार गरिएका व्यक्तिलाई पुर्जी नदिइने तथा आफन्तलाई भेट्न नदिने जस्ता घटनाका पीडितको सङ्ख्या यस शीर्षकअन्तर्गत अभिलेख गरिएका छन्। गिरफ्तारीको कारण स्पष्ट गर्नुपर्ने कानुनका बाबजुद यसप्रकार घटनाका पीडितलाई सो अनुसारको व्यवहार नगरिएको घटना अभिलेख गरिएका छन्।

४ / ५. धम्की/कुटपिट

कुनै व्यक्तिलाई हात, लाठी, लात, बन्दुकको कुन्दा, खुकुरी, हँसिया, चक्कु, तरवार, भाला लगायतले प्रहार गरी कुटपिट गरेको घटना छ भने कुटपिट शीर्षकअन्तर्गत राखिएको छ। कुनै व्यक्तिलाई आफूले भनेको नमाने, कुनै काम नगरे बापत थुनिदिन्छु, मार्छु, कुट्छु, बेपत्ता पारिदिन्छु भन्दै भयग्रस्त तुल्याउन खोजिएका घटनालाई धम्की शीर्षकमा राखिएको छ। सरकारी निकाय, मानव अधिकार सङ्घसंस्थाहरूमा घटनाबारे लिखित वा मौखिक जानकारी दिइएका घटना यस शीर्षकमा समावेश गरिएका छन्। व्यक्तिगत कुटपिटका घटना भने समावेश गरिएको छैन।

६. घाइते

शारीरिक रूपमा घाइते हुनका लागि कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिट लगायतका कारण मानिस घाइते हुन्छन्। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्षसँग सम्पर्क गरी सूचना सङ्कलन गर्ने गरिएको छ। यस्ता घटनाका विवरण प्राथमिक स्रोतमा आधारित हुने गर्छन्।

७. बाल अधिकार

बालअधिकार महासन्धि २० नोभेम्बर १९८९ ले १८ वर्षभन्दा कम उमेरका प्रत्येक मानव जातिलाई बालबालिका भनेको छ। सो महासन्धिले बालबालिको संरक्षण, सहभागिता र विकासका लागि विभिन्न व्यवस्थाहरू गरेको छ। महासन्धिले राज्यपक्ष भएका राष्ट्रहरूले बालिबालिका उपर यातना नदिइने, गिरफ्तारी, थुनुवा वा कैद कानुनअनुरूप मात्र हुने व्यवस्था गर्नु पर्नेछ। नेपालको संविधानले पनि १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ। नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ। बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ। शारीरिक रूपमा पनि बालबालिका वयस्क भन्दा कमजोर हुन्छन्। सोच्ने शक्ति पनि क्रमश: विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गाह्रो हुन्छ। बलात्कार तथा यौन दुर्व्यवहार, भ्रुणहत्या, बेचबिखन तथा ओसारपसार, बालश्रम, विद्यालयमा शारीरिक दण्डजस्ता घटनालाई यस शीर्षकमा राखिएको छ।

८. अमानवीय व्यवहार

कुनै पनि व्यक्तिलाई यातना वा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड दिन नहुने तथा यस्तो क्रियाकलापबाट उनीहरूको अधिकारको संरक्षण र संवर्द्धन गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। अन्य पक्षबाट व्यक्तिउपर हुने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई यस शीर्षकमा राखिएको छ।

९. अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार

बिना हातहतियार शान्तिपूर्वक भेला, विरोध प्रदर्शन, सभा, सङ्गठन गर्न राज्यपक्षबाट रोक लगाइएको अवस्थामा यस्ता घटनाको विवरण उल्लेख गर्ने गरिएको छ। त्यसैगरी, सशस्त्र वा निशस्त्र सङ्गठित गैरराज्यपक्षबाट शान्तिपूर्ण रूपमा आयोजित धर्ना वा हडताल, कार्यक्रममा अवरोध पुऱ्याइएको घटना पनि समावेश गरिएको छ। सभा/भेलाहरूमा, अश्रुग्याँस हान्नु/हवाइफायर गर्नु/लाठीचार्जलगायतका अत्याधिक बल प्रयोग भएका घटना समावेश छन्। कुनै पनि समूह, व्यक्ति आदिबाट चुनाव प्रचार प्रसार र मतदान प्रक्रियामा अवरोध खडा गरिएको घटना भए तिनलाई उल्लेख गरिएको छ। सभा, सम्मेलन तथा शान्तिपूर्ण विरोध प्रदर्शनका कार्यक्रममा सहभागी भएकै कारण कसैलाई केही बेरका लागिमात्र पनि गिरफ्तार गरिएका घटना पनि समावेश छन्। यस्ता घटनामा गिरफ्तार गरिएका व्यक्तिहरूलाई गिरफ्तार पूर्जी दिइएको छ कि छैन, बाटोको म्याद बाहेक २४ घण्टाभित्र अदालत वा सम्बन्धित निकाय समक्ष उपस्थित गराएको छ छैन खुलाउने गरिएको छ।

१०. यातना

यातनासम्बन्धी क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान वा तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेको कुनै व्यक्तिलाई यातना दिन नहुने र कसैलाई यातना दिइएको छ भने रिहा भएको ३५ दिनभित्र पीडितपक्षले थुनामा रहेको जिल्ला अदालतमा क्षतिपूर्तिको लागि उजुरी दिन सक्ने व्यवस्था गरेको छ। करेन्ट लगाउने, पिनले घोच्ने, पानीमा डुबाउने, कुटपिट गर्नु, यौन दुर्व्यवहार, सुत्न नदिनु, ४८ घण्टासम्म खाना खान, पानी खान नदिनु आदि नेपालमा प्रचलित यातनाका प्रकार हुन्। यस अन्तर्गतका विवरण समावेश गर्दा यातना दिने अधिकारीको नाम, पद, कार्यालयको नाम नखुलेको अवस्थामा सम्बन्धित कार्यालय प्रमुखको नाम, पीडितलाई कस्तो प्रकारको यातना दिइएको हो त्यो खुलाउने गरिएको छ।

११. कारागारमा मृत्यु

सामान्यतया: कारागार भन्नासाथ असामाजिक व्यक्तिहरूलाई केही समयको लागि बाहिरी संसारबाट अलग गराउने स्थान भन्ने बुझिन्छ। कारागारमा अदालत वा अर्धन्यायिका निकायबाट पठाइएका व्यक्तिहरूलाई राख्ने गरिन्छ। यसरी पठाइने व्यक्तिहरू दुई प्रकारका हुन्छन्। कैदी र थुनुवा। अदालतबाट मुद्दाको अन्तिम टुङ्गो लागेकालाई कैदी भनिन्छ भने

अदालतले पुर्पक्षको लागि पठाएकाहरूलाई थुनुवा भनिन्छ। अदालतबाट तत्काल अभियुक्तलाई धरौटीमा छोड्न नमिल्ने देखिएमा अनुसन्धान एवम् तहकिकातको सन्दर्भमा पुर्पक्षको लागि थुनामा राख्न सकिने व्यवस्था रहेको छ। नेपालका कारागारमा क्षमता भन्दा बढी कैदी बन्दी राखिनुले व्यवस्थापनाम ठूलो समस्या हुने गरेको छ। दीर्घरोग तथा अन्य सामान्य रोगका कारण कारागरामा मृत्यु हुने गरेको घटना अभिलेख गर्ने गरिएको छ। यस्ता घटनाको सूचना कारागार कार्यालयबाट प्राप्त गर्ने गरिन्छ। घटनाको थप पुष्टिका लागि अस्पतालको सहयोग लिने गरिन्छ। कारागार र हिरासतभित्र भएका घटनाका तथ्य/तथ्याङ्कलाई राज्यपक्षका घटनामा समावेश गरिएको छ

१२. हिरासतमा वा थुनामा मृत्यु

नेपालको संविधानले नागरिक स्वतन्त्रता, मौलिक अधिकार र कानुनी राज्यको अवधारणाप्रति प्रतिबद्धता व्यक्त गर्दै नागरिकहरूलाई स्वतन्त्रताको अधिकार, न्यायसम्बन्धी हक र यातना विरुद्धको हकको प्रत्याभूति गरेको छ। संविधानले कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट बञ्चित नगरिने व्यवस्था गरेको छ। कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारणसहितको सूचना नदिई थुनामा नराखिने, पक्राउमा परेका व्यक्तिले पक्राउ परेको समयदेखि नै आफूले रोजेको कानुन व्यवसायीसँग सल्लाह लिन पाउने र कानुन व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुने र त्यस्तो व्यक्तिले आफ्नो कानुन व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहने, पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना नदिइने र निजसँग निर्मम, अपमानजनक र अमानवीय व्यवहार नगरिने व्यवस्था मौलिक हकमा उल्लेख छ। तर, कानुनी व्यवस्थाका बाबजुद् नेपालका हिरासतमा मृत्युको घटना हुने गरेको पाइन्छ। यस्ता घटनाको अभिलेख गर्दा पीडित पक्ष, पोष्टमार्टम रिपोर्ट, प्रहरी अधिकारीको भनाइलाई आधार मान्ने गएिको छ।

१३. महिला अधिकार

सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन। चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना। यसैगरी बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन। नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सयौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन्। महिलामाथि घरेलु हिंसा, दाइजोका कारण हत्या, कथित बोक्सीको आरोप, बलात्कार, बलात्कार प्रयास, बेचबिखन तथा ओसार पसारजस्ता घटना हुने गरेका छन्। यस्ता घटनाको अभिलेख गर्दा कतिपय सन्दर्भमा पीडित वा पीडितको परिवारसँग सम्पर्क गर्ने गरिएको छ भने कतिपय घटनामा स्थलगत अनुगमन पनि गर्ने गरिन्छ। घटनाका कानुनी प्रकृयाबारे प्रहरी कार्यालय र अदालतबाट थप सूचना लिने गरिएको छ।

१४. जातीय विभेद

नेपालमा कानुनत: छुवाछुतको अन्त्यको घोषणा भएको ६ दशकभन्दा बढी समय भइसकेको छ। छुवाछुतलाई दण्डनीय फौजदारी अपराधका रूपमा परिभाषित गरी जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन-२०६८ प्रचलनमा छ। नेपालको संविधान, २०७२ ले अझै परिष्कृत रूपमा प्रत्याभूतिसमेत गरेको छ। तथापि कानुन कार्यान्वयन पक्षमा हामी जहाँको तहीं छौं। नेपाल मानव अधिकार वर्ष पुस्तकमा राखिएका जातीय छुवाछुतसम्बन्धी तथ्याङ्करू इन्सेक प्रतिनिधिले सङ्कलन गरेका हुन्। यसको पुष्टि र पुर्नपुष्टिका सम्बन्धित प्रहरी कार्यालय तथा न्यायिक निकायको सहयोग लिइएको छ।

१५. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक तथा सामाजिक अधिकारले मानव जीवनका महत्वपूर्ण तत्व जस्तै मर्यादा, स्वतन्त्रता लगायत स्वास्थ्य, शिक्षा, खाना, पानी, सरसफाइ, आवास, सामाजिक सुरक्षा, स्वच्छ वातावरण तथा सांस्कृतिक तत्वहरूलाई समाविष्ट गर्दछ। यी अधिकारहरूलाई आर्थिक तथा सामाजिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धपत्रले मानव अधिकारकै मान्यता प्रदान गरेको छ। आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका तथ्याङ्क तथा विवरणहरू प्राथमिक स्रोतहरूमा आधारित छन्। कतिपय सन्दर्भमा जिल्ल प्रहरी कार्यालयबाट विवरण रुजु गर्ने गरिएको छ। विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१६. हत्या

जीवनको अधिकार सामान्यतया बाँच्न पाउने अधिकार हो भन्ने बुझिन्छ। राज्य, राज्यका निकाय वा प्रतिनिधि वा राज्यसरह नै सशक्त रहेको विपक्षी वा हेग कन्भेन्सनमा उल्लेख भएबमोजिमका उच्च करार पक्ष रहेका सशस्त्र समूह, कुनै सङ्गठित समूह आदिबाट भएका हत्याका घटनाहरू यस शीर्षकअन्तर्गत समेट्ने गरिएको छ। परिवार, आफन्त र नातासम्बन्धका व्यक्तिले गरेका हत्यालाई यस पुस्तकमा पारिवारिक (परिवारजनबाट) हत्या शीर्षकमा समेटिएको छ। नागरिकको जीवनको रक्षा गर्ने दायित्व राज्यको हुने भएकोले राज्यबाट सुरक्षा हुन नसकेको अवस्थामा व्यक्तिबाट भएका हत्याको तथ्याङ्क वर्षपुस्तकमा समेट्ने गरिएको छ। सार्वजनिक व्यक्तित्व, मानव अधिकार रक्षक, मानव अधिकारका दृष्टिले सार्वजनिक सरोकार राख्ने कुनै घटना वा घटनासँग सम्बन्धित व्यक्तिमाथि कुनै समूह वा व्यक्तिबाट भएको आक्रमण, कुटपिट वा हत्यालाई भने समावेश गर्ने गरिएको छ।

मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार बाँच्न पाउने अधिकार हो।

खासगरी हत्याका अपराधका सबै घटनालाई मानव अधिकार उल्लङ्घनका रूपमा समेटिएको छैन्। त्यस्ता घटनाहरूका सन्दर्भमा राज्यका निकायहरूले विधिसम्मत रूपमा कुनै भेदभाव विना कारबाही अघि बढाएको अवस्थामा पीडितको हक संरक्षण भएको हुन्छ। त्यस प्रकृतिको घटनालाई मानव अधिकार उल्लङ्घनको तथ्याङ्कमा समावेश गरिएको छैन। तर नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अनुबन्धको धारा २ (३) ले सुनिश्चित गरेझैं कुनै पनि अपराधबाट पीडित व्यक्तिको बाँच्न पाउने अधिकार र अन्य स्वतन्त्रता उल्लङ्घन विरुद्धको प्रभावकारी उपचारको हक उल्लङ्घनको अवस्थालाई भने मानव अधिकार उल्लङ्घनका रूपमा गणना गरिएको छ। यसरी कुनै पनि व्यक्तिको सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारी वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरिपाउने न्यायको हक सुनिश्चित नभएको अवस्थालाई मानव अधिकार उल्लङ्घनका रूपमा समावेश गरिएको छ। यस सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको सोही धारामा सुनिश्चित गरिएको व्यक्तिको जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा आर्थिक लगायत अन्य हैसियतका आधारमा कुनै पनि प्रकारको भेदभावविरुद्धको हक प्रभावित भएको वा हुनसक्ने अवस्थाको परीक्षण गरिएको छ। नेपालको संविधानको धारा २१ ले प्रत्याभूत गरेको अपराध पीडितको हक प्रभावित हुन सक्ने आर्थिक, सामाजिक अवस्था वा पीडितको भूगोल र राजनीतिक पहुँचको अवस्थालाई पनि मानव अधिकार उल्लङ्घनको परिभाषाको आधार बनाइएको छ। नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी महासन्धिको भावना अनुरूप, खासगरी व्यक्तिको सुगम तथा निष्पक्ष सुनुवाइको अधिकार सुनिश्चित गर्ने फौजदारी न्यायिक प्रकृया विधिसम्मत ढङ्गले अघि बढेको स्पष्ट र सुनिश्चित नभएसम्म मानव अधिकारको संरक्षण हुन सक्दैन भन्ने मान्यताका आधारमा घटनाहरूको अनुगमन गरिएको छ। देशव्यापी अनुगमनबाट सङ्कलित घटनाहरूको छनौट गर्दा नेपालको संविधानको धारा २१ (१) ले सुनिश्चित गरेको अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हकलाई आधार मानिएको छ। साथै, धारा २१ (२) ले प्रत्याभूत गरेको अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र परिपूरण सहितको न्याय पाउने हकलाई अर्को महत्त्वपूर्ण आधार मानिएको छ। जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

तथ्याङ्कका स्रोतहरू

सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ। तर, परिवारजनबाट महिला, बालबालिका, ज्येष्ठ नागरिक मारिएका भए सो घटना र घटनाको अवस्थालाई समावेश गरिएको छ।

पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारिखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो। जिल्ला अदालतबाट फैसला भएका मुद्दाको अवस्था चित्रणले प्रतिवादीको पुनरावेदन न्यायिक अधिकार बाँकी नरहेको भन्ने अर्थ लाग्दैन।

अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ। इन्सेकको जानकारीमा आएका तर, पुष्टि नभएका जानकारी तथा विवरणहरू समावेश गरिएको छैन।

कारागारका बन्दी र कैदीको सङ्ख्या यो वर्षको अन्तिम (२०८० पुस दोस्रो साता) सम्मको हो।

शिक्षा, स्वास्थ्य, न्यायालय, बन्दी र कैदीसम्बन्धी तथ्याङ्कहरू जिल्लास्थित सम्बन्धित कार्यालयबाट लिइएका हुन्। जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रबाट घरेलु हिंसाको तथ्याङ्क लिइएको छ। पुस्तकमा समावेश गरिएका आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार र न्यायपालिका, कार्यपालिका र व्यवस्थापिका आलेखहरू तयार पार्दा समूह छलफल, व्यक्ति केन्द्रित अन्तरवार्ता तथा विभिन्न माध्यममा प्रकाशित सामग्री उपयोग गरिएको छ।

यस पुस्तकमा राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरूसँग गरिएको कुराकानी र प्रतिवेदन तथा विज्ञप्तिहरू, सन् १९९२ देखि सन् २०२३ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू, शिक्षासम्बन्धी तथ्याङ्कहरू जिल्ला समन्यव एकाइ तथा जिल्ला स्वास्थ्य कार्यालयबाट तथ्याङ्कहरू लिइएको छ। कारागारका तथ्याङ्क सम्बन्धित कारागार प्रशासनबाट लिइएको हो। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट जिल्लाको नक्सा लिइएको हो।

मात्रात्मक तथ्याङ्कहरूबाट मात्र घटनाको प्रकृति थाहा नहुने हुँदा कतिपय प्रतिनिधिमूलक घटनाहरूको घटना विवरण पनि प्रस्तुत गरिएको छ। जसलाई गुणात्मक तथ्याङ्क भनिएको छ। मात्रात्मक र गुणात्मक तथ्याङ्कहरूलाई भरपर्दो बनाउन विभिन्न विज्ञ तथा सम्बन्धित पक्षहरूसँग अन्तरवार्ता तथा केन्द्रीकृत छलफलजस्ता विधिहरू अपनाइएका छन्।

तथ्याङ्कहरूको विश्लेषण

प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति नेपालको संविधान, कानुन, मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरू, नागरिक समाजको अभियान र सरकारी नीति तथा निर्णयको जबाफदेहिताको आधारमा गरिएको छ। सङ्कलित मात्रात्मक तथा गुणात्मक तथ्याङ्कहरूलाई वर्णनात्मक शैलीमा प्रस्तुत गरी नेपालको सातै प्रदेश र ७७ जिल्लाहरूको वर्षभरिको मानवअधिकार अवस्थाको चित्रण गरिएको छ। मात्रात्मक तथ्याङ्कहरूलाई तालिका तथा चित्रहरूको माध्यमबाट देखाइएका छन्। साथै, नागरिक तथा राजनीतिक अधिकारहरू र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अवस्थाको सरकारको सम्मान, संरक्षण र प्रवर्द्धन तथा परिपूर्तिको दायित्वको अवस्थासँग दाँजेर लेखाजोखा गरिएको छ।

देशका सात ओटा प्रदेशहरूको मानव अधिकार उल्लङ्घनको तुलनात्मक अवस्थालाई इङ्गित गर्नको लागि यस वर्ष सङ्कलित तथ्याङ्कको आधारमा मानव अधिकार उल्लङ्घन सूचकाङ्क पनि प्रस्तुत गरिएको छ। यसबारेको विधि र प्रकृया सम्बन्धित खण्डमा नै दिइएको छ।

अनुसन्धान आचारको परिपालना

तथ्याङ्क सङ्कलन, प्रशोधन तथा प्रकाशन गर्दा अनुसन्धान आचारका सिद्धान्तहरू, जस्तै: सुसूचित सहमति, स्वेच्छिक सहभागिता, आदर/सम्मान, गोपनीयता, प्रतिलिपी अधिकारको पूर्णरूपले पालना गरिएका छन्। सुसूचित सहमति अन्तर्गत जानकारीहरू सङ्कलन गर्दा जानकारीहरू सङ्कलन गर्नको उद्देश्यका बारेमा सम्बन्धित व्यक्ति तथा निकायका प्रतिनिधिहरूलाई यथेष्ट जानकारी दिई उहाँहरूको सहमति लिइएको छ। जानकारी सङ्कलन गर्दा कसैको आत्मसम्मानमा चोट नपुगोस् भनी विनम्रतापूर्वक अनुरोध गर्ने, भेटघाटको लागि पूर्व स्वीकृति लिने, पत्राचार गरी भेटघाट गर्न जाने आदि कुराहरूको पूर्णरूपमा पालना गरिएको छ। बलात्कार, यौन दुर्व्यवहार, बलात्कार प्रयास, घरेलु हिंसाजस्ता घटनाबाट पीडित बालबालिका र महिलाहरूका नाम र ठेगाना गोप्य राख्नुपर्ने भएकाले प्रतिवेदनमा उल्लेख गरिएको छैन। उनीहरूको विवरणहरू वितरण गर्दा पनि पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ। प्रतिवेदन तयार गर्दा उद्धरण गरिएका सामग्रीहरूमा American Psychological Association-Publication Manual of the American Psychological Association (2020) अनुसार सन्दर्भ सामग्रीहरूको उल्लेख गरी तिनीहरूको सूची पनि प्रस्तुत गरिएको छ।

सीमितता

यस पुस्तकमा नेपालको सबै भूभागमा यो वर्ष भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई समेटिएको छ। तथापि तुलनात्मक अध्ययनको लागि विगत वर्षहरूका तथ्याङ्कहरू पनि प्रस्तुत गरिएका छन्। इन्सेक प्रतिनिधिको जानकारीमा आएका र पुष्टि भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू मात्र यस प्रतिवेदनमा समावेश गरिएको छ। कतिपय घरभित्र नै भएका र सामाजिक इज्जतमा खलल पुऱ्याउने डरले मानव अधिकार उल्लङ्घनका घटनाहरू पीडित पक्षले सार्वजनिक गर्न वा सम्बन्धित निकायमा मुद्दा दर्ता पनि गर्न नचाहने प्रवृत्तिले गर्दा इन्सेकका प्रतिनिधिहरूले यस्ता घटनाहरूको पूर्ण रूपले जानकारी लिन नसक्ने हुन्छन्। तापनि पीडित पक्षले गम्भीर प्रकृतिका घटनाहरूका विरुद्ध विभिन्न व्यवधानका बाबजुद पनि मुद्दा दर्ता गर्ने या सार्वजनिक गर्ने प्रवृत्ति देखिएको छ। त्यसैले गर्दा यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरूले गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई धेरै हदसम्म प्रतिनिधित्व गर्दछ। यस पुस्तकमा प्रस्तुत तथ्याङ्कहरू सङ्कलन तथा प्रशोधन गर्दा नागरिकहरूमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सार्वजनिकीकरण गर्ने प्रवृत्ति र इन्सेकको ती घटनाहरूमा पहुँच देशभरि नै समान रहेको छ भन्ने मान्यता राखिएको छ। यस पुस्तकमा प्रस्तुत मानव अधिकार उल्लङ्घनसम्बन्धी तथ्याङ्कहरू धेरै मात्रामा शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू भएकोले मानव अधिकार उल्लङ्घन सूचकाङ्क निर्माण गर्दा पनि शारीरिक उत्पीडनसम्बन्धी तथ्याङ्कहरू मात्र समावेश गरिएको छ। साथै सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरिएको छैन। सङ्कलित क्षेत्रगत तथ्याङ्कहरूलाई क्षेत्रगत कूल जनसङ्ख्याको आकारले समायोजन गरी तुलनात्मक अध्ययन गर्ने हो भने क्षेत्रगत स्थिति फरक पर्ने हुनसक्छ।

स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ। सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

राष्ट्रसङ्घको विश्वव्यापी अभ्यासलाई अनुसरण गर्दै न्यूनतम १५ देखि ६० वर्ष उमेर समूहका ९५ प्रतिशत नागरिक साक्षर भएको क्षेत्र, जिल्ला वा राष्ट्रलाई साक्षर घोषणा गर्न सकिने नीति छ। यसै नीति अनुसार कतिपय जिल्ला पूर्ण साक्षर घोषणा भएका छन्। जिल्ला विवरणमा उल्लेख साक्षर घोषणा भएका जिल्लाको तथ्याङ्क राष्ट्रिय जनगणना २०७८ सँग नमिल्न पनि सक्छ।

स्थानीय बोली, भाषा र लय आदिजस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु भए हामी मूल अभिलेखमा सच्याउनेछौं।

पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटि हुन सक्छन्। त्रुटि भएका नामहरूबारे प्रबुद्ध पाठकबाट सुझाव आउने नै छ।

परिच्छेद

३

३.१ राज्य र मानव अधिकार

न्यायपालिका

मौलिक हक: प्रचलन र आदेशहरू

न्यायपालिका र कार्यपालिकाबिचको असमाञ्जस्य

न्यायपालिका र विधायिकाबिच तनाव

प्रधानन्यायाधीश, न्यायाधीश नियुक्ति प्रकृया र न्यायालयको जनआस्था

पारिवारिक अदालतको स्थापना

न्यायालयको कार्य सम्पादन

सवैधानिक मुद्दा तथा रिट

फैसलाको पूर्णपाठसम्बन्धी व्यवस्था: लेखन तथा तयारीको अवस्था

१. परिचय

सन् २०२३ मा सर्वोच्च, उच्च र जिल्ला अदालतहरूबाट भएका केही फैसला र अन्तरिम आदेशले थोरै भए पनि न्यायप्रति जनताको आशा जगाउने कार्य गरे। न्यायालयको नेतृत्व लामो समय कायम-मुकायम प्रधानन्यायाधीशका भरमा रहन गएका अवस्थाले सुदृढ न्यायपालिकीय नेतृत्वको अक्षुण्णता कायम नगर्ने कार्यपालिकाको मनसायलाई इङ्गित गऱ्यो। न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिका बीचको शक्ति सन्तुलन धरमराउँदा तीनै क्षेत्रले अपेक्षा अनुसार कार्य गर्न सक्दैनन्। तर, कार्यपालिकाले न्यायालयलाई नजरअन्दाज गरेका केही उदाहरणहरू यस वर्ष पनि उल्लेख्य रहे। सर्वोच्च अदालतका केही आदेश/फैसलाहरूले सरकारको स्वेच्छाचारितामा अङ्कुश लगाउने कार्य गरे भने मानव अधिकारका संरक्षण तथा परिपूर्तिका विषय सामेल रहेका तथा नागरिकका मौलिक हकको प्रचलनको माग गर्दै परेका रिट निवेदनले सुनुवाइको पालै पाएनन्। देशभरका अदालतहरूमा मुद्दाको चापअनुसार न्यायाधीशको व्यवस्था समयमै नहुँदा मुद्दाको चाप अदालतहरूमा बढेको बढ्यै भए।

आममाफी तथा मुद्दा फिर्ता र कोशी प्रदेश सरकार गठनसम्बन्धी मुद्दामा भएका आदेशहरू दूरगामी प्रभाव पार्ने किसिमका भए। केही मुद्दामा न्यायिक पद्धति विपरीत र छनोटपूर्वक आफ्नै नजीर विपरीत गरिएका आदेशहरूले न्यायपालिकाको निष्पक्षता, स्वच्छता र सक्षमतामै प्रश्न खडा भए। नागरिकको अभिव्यक्तिको माध्यमका रूपमा लोकप्रिय सामाजिक सञ्जाल टिकटकलाई सरकारले लगाएको बन्देजका बारेमा अदालतमा रिट परे। आमाको नाममा नागरिकता र जन्मदर्ता गर्ने आदेशले संविधानको मर्मअनुसार महिला र पुरुषमा भेदभाव कम गर्ने प्रयासहरू पनि भयो।

स्वचालित पेशी प्रणाली, असक्षम न्यायाधीशमाथि थालिएको कारवाही प्रक्रिया तथा दूरगामी महत्त्वका केही फैसलाका कारण यस वर्ष न्यायालयले केही आश जगाउने कार्य गरेको मान्न सकिन्छ।

संविधानले न्यायसम्बन्धी अधिकार संविधान, कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग हुने र न्याय प्रशासनको सम्पूर्ण जिम्मेवारी न्यायपालिकालाई सुम्पेको छ। संवैधानिक व्यवस्था अनुरूप नेपालको न्यायपालिकाले कानुन र न्यायका मान्य सिद्धान्तप्रति प्रतिबद्ध रही प्रभावकारी तथा सहज, पहुँचयुक्त र जनआस्थामा आधारित न्याय प्रणाली स्थापना गर्ने दिशातर्फ आफ्ना काम कारबाहीहरू केन्द्रित गर्दै आइरहेको सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७८/०७९ मा उल्लेख गरिएको छ (सर्वोच्च अदालत, २०७९)।

लोकतान्त्रिक शासन प्रणालीमा स्वतन्त्र न्यायपालिकासम्बन्धी व्यवस्थालाई न्यूनतम सर्तका रूपमा लिने गरिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा संविधान एवम् कानुनद्वारा प्रदत्त नागरिक अधिकारको उल्लङ्घन भएमा प्रत्येक व्यक्तिलाई सक्षम अदालतबाट प्रभावकारी उपचारको अधिकारको अवधारणा छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ ले उचित समयभित्र मुद्दाको सुनुवाइको व्यवस्था सुनिश्चित गरेको छ। संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको अवधारणालाई संविधानको आधारभूत संरचनाको रूपमा आत्मसात गर्दै संविधानको धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, अन्य कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत र न्यायिक निकायमा रहने व्यवस्था छ।

यसवर्ष, कायममुकायम प्रधानन्यायाधीशको कार्यसम्पादन, प्रधानन्यायाधीशको नियुक्तिमा गरिएको ढिलाइ, नाबालिका बलात्कार घटना आरोपसम्बन्धमा भएका फैसला र आदेश, व्यक्ति हत्याको आरोपमा सजाय पाएका व्यक्तिहरूलाई सरकारको सिफारिसमा राष्ट्रप्रमुखले गरेको कैदमिनाहाजस्ता आदेश तथा फैसलाहरूका सन्दर्भमा न्यायालयप्रति सम्पूर्ण देशको ध्यानाकर्षण भयो।

विगत वर्षहरू झैं यस वर्ष पनि मुलुकभरका अदालतहरूको दायित्वमा रहेका धेरै मुद्दाहरू निरूपण हुन सकेनन्। सर्वोच्च अदालतको तथ्याङ्कमा २०७८/०७९ मा देशभरिका सबै अदालतको दायित्वमा रहेका मुद्दा, रिट, निवेदन, प्रतिवेदन, फुटकर निवेदन, विशेष प्रकृतिका निवेदनको सङ्ख्या ४ लाख २ सय ८६ थियो। सोमध्ये ३३.५५ प्रतिशत अर्थात १ लाख ६४ हजार ७ सय ६२ थान मुद्दाको अन्तिम सुनुवाइ हुन बाँकी रहेको अवस्था छ। फैसला कार्यान्वयनको अवस्था पनि विगतका वर्षझैं यस वर्ष पनि निराशाजनक रह्यो।

यो आलेखमा २०७९ पुस १६ देखि २०८० पुस १५ को अवधिमा न्यायालयबाट भएका केही उल्लेख्य कार्यहरू समेट्ने प्रयास गरिएको छ।

२. मौलिक हकको प्रचलनका सम्बन्धमा फैसला र आदेश

मौलिक हकलाई हकहरूमा सबैभन्दा उच्चकोटीको हकको रूपमा लिइन्छ। मौलिक हक हनन् भएको अवस्थामा सिधै अदालतमा रिटमार्फत कानुनी उपचार प्राप्त हुने व्यवस्था संविधानमा नै गरिएको हुनाले मौलिक हकलाई यसरी सबैभन्दा उच्चकोटीमा राख्ने गरिएको हो। यदि हक अधिकार उल्लङ्घन भएको अवस्थामा सुरु अदालतदेखि नै कानुनी उपचार खोज्दै आउने हो भने यसले तत्कालै उपचार नपाए हुन जाने अपूरणीय क्षतिले नागरिकको जिन्दगी नै बर्बाद हुन सक्ने हुनाले रिटमार्फत मौलिक हकको संरक्षण गर्न यस प्रकारको विशिष्ट व्यवस्था अपनाइएको हुन्छ। यो अवधिमा सर्वोच्च, उच्च तथा जिल्ला अदालतले मौलिक हक कार्यान्वयन र संरक्षणका लागि गरेका निर्णय, फैसला र आदेशहरूमध्ये प्रतिनिधिमूलक विषयहरूको विश्लेषण यस आलेखमा गरिएको छ।

२.१ सम्मानपूर्वक बाँच्न पाउने हक

नेपालको संविधानको धारा १६ (१) मा प्रत्येक नागरिकका लागि सम्मानपूर्वक बाँच्न पाउने हक सुनिश्चित गरिएको छ। तर, २०८० साउन १२ गते देशका विभिन्न २९ ओटा विमानस्थलमा हवाइ दुर्घटना रोक्ने नाममा नागरिक उड्डयन प्राधिकरणले गरेको दिउँसो साढे १२ बजेपछि हवाइ उडानमा रोक लगाउने निर्णयका कारण एक नाबालकको उपचार अभावमा मृत्यु भयो। प्राधिकरणको सोही निर्णयका कारण हुम्लामा ६ महिने नाबालकको मृत्यु भएको भन्दै परेको मुद्दामा पाटन उच्च अदालतले २०८० भदौ १९ गते प्राधिकरणका नाममा कारण देखाउ आदेश जारी गऱ्यो। रिटमा प्राधिकरणको निर्णयको कारणले हुम्लामा उडान हुन नसक्दा ६ महिने बालकको ज्यान गएको उल्लेख थियो (सर्वोच्च अदालत, २०८०)। हवाइयात्रामात्र विकल्प रहेका जिल्लाहरूका लागि प्राधिकरणले गरेको निर्णय अव्यवहारिक थियो। अदालतको आदेशपछि प्राधिकरणले सो प्रतिबन्ध हटायो।

क्षमताभन्दा बढी कैदीबन्दी राखिनु र आधारभूत मानव अधिकारको उपभोग गर्नबाट कारागारका कैदीबन्दी विमुख हुनुपर्ने अवस्था देशभरका कारागारमा रहेको छ। यसै सन्दर्भमा मोरङ जिल्ला कारागारका कैदीबन्दीको आधारभूत मानव अधिकार सम्बन्धमा इन्सेकले उच्च अदालत, विराटनगरमा दायर गरेको सार्वजनिक सरोकारको मुद्दाको सुनवाइ गर्दै अदालतले २०८० असार २१ गते जारी गरेको परमादेशमा 'कारागारका कैदीबन्दीहरूको मानव अधिकार संरक्षण गर्ने, गराउने उद्देश्यले निवेदन दायर भएको र विषयवस्तुको प्रकृतिबाटै मानवीय संवेदनशीलता जोडिएको हुँदा प्रस्तुत मुद्दालाई अग्राधिकार दिई १५ दिनभित्र नियमानुसार पेश गर्नु' भनी आदेश दियो (पूर्ववत्)। यो आदेशले नीति तथा कार्यक्रममा प्राथमिकतामा परेको तर, सुधारका लागि केही पनि पहल नगरिएको तथा उपेक्षित क्षेत्रका रूपमा रहेको कारागार सुधारको विषयमा सरकारलाई झक्झक्याउने अपेक्षा गरिएको छ।

२.२ स्वतन्त्रताको हक

संविधानको धारा १७ (२) मा प्रत्येक नागरिकलाई आवश्यक विचार र अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता, राजनीतिक दल खोल्ने स्वतन्त्रता, सङ्घ र संस्था खोल्ने स्वतन्त्रता, मुलुकभित्र आवतजावत र बसोबास गर्ने स्वतन्त्रता र रोजगार जस्ता स्वतन्त्रताहरू यस धारामा व्यवस्था गरिएको छ। यो हकको विरुद्ध नेपाल सरकार मन्त्रिपरिषद्को कात्तिक २७ गतेको बैठकले सामाजिक सञ्जाल टिकटक बन्द गर्ने निर्णय गऱ्यो। सामाजिक सद्भाव बिगार्न टिकटकको उपयोग गरिएको भन्दै बन्द गर्ने निर्णय गरेको थियो। यस निर्णय विरुद्ध परेको रिटमा सर्वोच्च अदालतका न्यायाधीश विनोद शर्माको २०८० मङ्सिर ५ गतेको इजलासले टिकटक बन्द गर्नुको कारण देखाऊ आदेश गरेको (पूर्ववत्)। रिटको फैसला भइनसके पनि नागरिकको सूचनाको हक र बिना आधार लोकप्रिय सञ्चार माध्यमलाई प्रतिबन्ध लगाउनु अघि सरोकारवालाहरूसँग छलफल गर्न सरकारलाई सचेत हुन मद्दत पुगेको छ।

२.३ समानताको हक

संविधानको धारा १८ (१) मा 'सबै नागरिक कानुनको दृष्टिमा समान हुने कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन' त्यसैगरी १८ (२) मा 'सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन' उल्लेख छ। मुलुकभर वैवाहिक समानताका पक्षमा तर्क गरिरहेको एक मुद्दामाथि विचार गर्दै नेपालको सर्वोच्च अदालतले

०८० असार १३ गते समलिङ्गी विवाह दर्ता गर्न अन्तरिम आदेश दियो (अनलाइन खबर, २०८०)।

नेपालको मुलुकी देवानी संहिताले पुरुष र महिलाबिचको विवाहलाई मात्र मान्यता दिएको छ। संसदले कानुन संशोधन नगरेसम्म गैर-परम्परागत विवाहहरूको अस्थायी अभिलेख रहने गरी विवाह दर्ता गर्न पाउने व्यवस्था गर्न सर्वोच्च अदालतले अन्तरिम आदेश दिँदै यस अवस्थामा सुधार ल्याउने प्रयास गरेको छ। यो आदेशपछि कैलाली जिल्लाको कैलारी गाउँपालिका-८ का प्रकाश चौधरी र दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका-१ का मलिना न्यौपानेको विवाह भएको चार वर्षपछि गाउँपालिकामा उनीहरूको विवाह दर्ता भयो। यसैगरी, लमजुङ जिल्ला दोर्दी गाउँपालिका-२ का रामबहादुर गुरूङले नवलपरासी कावासोती नगरपालिका- ८ का सुरेन्द्र पाण्डेसँग गरेको समलिङ्गी विवाह २०८० मङ्सिर १३ गते कानुनी रूपमा दर्ता भयो (नाइट, २०८०)। गुरुङ पारलैङ्गिक महिला हुन्, जसलाई कानुनले पुरुषका रूपमा चिन्दछ। पाण्डे पनि पुरुष नै हुन्। उनीहरूले सन् २०१७ मा हिन्दू परम्पराअनुसार विवाह गरेका थिए। उनीहरूले पहिलोपटक यसै वर्षको जुन महिनामा काठमाडौँ जिल्ला अदालतमा कानुनी रूपमा विवाह दर्ता गर्ने प्रयास गरेका थिए (पूर्ववत्)। निवेदन दिने व्यक्तिहरूमा एक जना पुरुष र अर्को महिला नदेखिएकोले विवाह दर्ता गर्न मिलेन भन्दै उक्त अदालतले उनीहरूको विवाह दर्ता नगरेपछि उनीहरूले गत भदौ महिनामा उच्च अदालत पाटनमा पुनरावेदन दिएका थिए। नेपालमा लामो समयदेखि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरू समलिङ्गी विवाह दर्ता नहुँदा उनीहरू परिवार र सम्पत्तिको हक उपभोग गर्नबाट बञ्चित हुनुपरेको थियो। इन्सेकले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका समस्याको बारेमा अध्ययन गरी नेपाल मानव अधिकार वर्षपुस्तक २०२३ मा एक आलेख प्रकाशन गरेको थियो (यौनिक तथा अल्पसङ्ख्यक, २०२३)।

२.४ अपराध पीडितको हक

संविधानको धारा २१ मा अपराध पीडितको हकको व्यवस्था गरिएको छ। धारा २१ को उपधारा (१) मा 'अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुने' र उपधारा (२) मा 'अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुन:स्थापना र क्षतिपूर्ति सहितको न्यायको हक हुने उल्लेख छ। यस व्यवस्थामा रुकुमपश्चिम जिल्ला अदालतले गरेको फैसला उल्लेख्य रह्यो। जाजरकोट जिल्ला भेरी नगरपालिका-४ का नवराज विकसहित १८ जना युवा रुकुम (पश्चिम) को चौरजहारी नगरपालिकाकी युवती लिन भनी २०७७ जेठ १० गते सोती पुग्दा सोतीका स्थानीय ५०/६० जना समूहले पीडितहरूलाई लखेट्दै भेरी नदीको किनारमा पुऱ्याई कुटपिट तथा आक्रमण गर्दा नवराज विकसहित ६ जनाको मृत्यु भएको थियो। सो घटनाको स्थलगत अध्ययन गरी इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा 'रुकुम (पश्चिम)मा भएको दलितसहित युवाहरूको सामूहिक हत्या निकृष्ट अपराध हो। कथित माथिल्लो जातकी किशोरी र कथित दलित किशोरबीचको प्रेमसम्बन्ध अन्ततः हत्याजस्तो गम्भीर अपराधका रूपमा परिणत भएको छ। यो घटनाले हाम्रो समाजमा व्याप्त विभेदको डरलाग्दो पाटोका साथै समाजमा व्याप्त जातिगत भेदभाव र विभेदको स्वरूप उजागर गरेको' उल्लेख छ (इन्सेक, २०७७)।

रूकुम पश्चिम जिल्ला अदालतले २०८० मङ्सिर १९ गते सो घटनामा संलग्न भएको आरोपमा कसुरदार ठहर गर्दै पुर्पक्षका लागि थुनामा रहेका २३ जना र तारिखमा रिहा भएका एकजनासमेत गरी २४ जनालाई जन्मकैदको फैसला सुनायो। अदालतले तारिखमा रिहा भएकी एक युवती र उनकी आमालाई जातीय छुवाछुततर्फ दुई वर्ष कैद र ५० हजार रूपियाँ जरिबानाको फैसला समेत गऱ्यो। जातीय छुवाछुतका घटनाहरू प्रायः मेलमिलापमा टुङ्गिने, पीडितले न्याय नपाउनेजस्ता धारणा परिवर्तन गर्न यो आदेशको महत्त्व नेपालको इतिहासमा लामो समयसम्म रहनेछ। भलै, कसुरदारहरूले माथिल्लो अदालतमा पुनरावेदन गर्ने ठाउँ बाँकी नै छ।

यसैवर्ष, सर्वोच्च अदालतले सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका घटनालाई अन्तर्राष्ट्रिय कानुन र सिद्धान्त बमोजिम पीडितहरूले सत्य-तथ्यको जानकारी, न्याय र परिपूरण पाउने विषयलाई विभिन्न कारण देखाइ 'अनन्तकालसम्म अल्झाइराख्न' नमिल्ने ठहर गऱ्यो। सङ्क्रमणकालीन न्यायसम्बन्धी संयन्त्र निष्कृय भएकै आधारमा मुलुकको फौजदारी न्याय प्रक्रिया निष्प्रभावी हुन नसक्ने ठहर सर्वोच्चको आदेशमा उल्लेख छ। सर्वोच्चले सामान्य अवस्थामा न्याय खोज्न अदालत आउनेहरूलाई निषेध गर्न नहुने टिप्पणी गरेको छ। पुष्पकमल दाहालले २०७६ माघ १ गते माघीका अवसरमा टुँडिखेलमा आयोजित कार्यक्रममा 'माओवादी

द्वन्द्वकालमा १७ हजार मारिएको, तीमध्ये ५ हजार जनाको आफूले जिम्मेवारी लिने र बाँकीको हकमा राज्यले जिम्मेवारी लिनुपर्छ' भन्ने अभिव्यक्ति दिएका थिए। अभिव्यक्तिपछि उनीमाथि कारबाहीको माग गर्दै अधिवक्ता ज्ञानेन्द्र आरण, कल्याण बुढाथोकीलगायतका द्वन्द्वपीडितले प्रहरी प्रधान कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतका निकायमा उजुरी दिएका थिए। उजुरीमाथि कारवाहीको अपेक्षा राखिएपछि प्रक्रिया अघि नबढाइएको भन्दै द्वन्द्व पीडितहरूले सर्वोच्च अदालतमा निवेदन दर्ता गर्न खोजेका थिए।

सर्वोच्च प्रशासनले २०७९ कात्तिकमा दरपीठ (निवेदन दर्ता गर्न अस्वीकार) गरेको थियो। अभिव्यक्ति र सङ्क्रमणकालीन न्यायको माग गर्दै पेश भएका दुई निवेदन सर्वोच्च अदालत प्रशासनले दर्ता गर्न अस्वीकार (दरपीठ) गरेको थियो। दरपीठ विरुद्धको निवेदनको सुनुवाइपछि सर्वोच्च अदालतले दुवै निवेदन दर्ता गर्न आदेश दिँदै 'पीडित पक्षले हक प्रचलनका लागि यस अदालतमा प्रवेश नै नपाउने भन्ने आदेश (दरपीठ)'लाई उल्ट्याइदिएको हो (गोरखापत्र, २०७९)।

सर्वोच्चले आदेशमा भनेको छ, 'फौजदारी न्याय प्रकृया निष्कृय, शून्य वा निष्प्रभावी अवस्थामा रहनु हुँदैन।' सङ्क्रमणकालीन न्यायमा भएको विलम्बका कारण पीडितले पाउनुपर्ने परिपूरण, क्षतिपूर्ति लगायत न्यायसम्बन्धी हक खोजेको उल्लेख गर्दै सर्वोच्च अदालतले यसअघिका नजीर, अन्तर्राष्ट्रिय कानुन र सिद्धान्त अनुसार पनि पीडितको हक कुण्ठित हुन सक्दैन। विस्तृत शान्ति सम्झौताको १६ वर्षसम्म पनि पीडितले सङ्क्रमणकालीन न्याय नपाएको भन्दै सर्वोच्च अदालतले आदेशमा भनेको छ, 'राज्यले दण्डहीनतालाई प्रोत्साहन गर्ने नभएर द्वन्द्वको कारणबाट सृजित परिणामलाई न्यायिक तवरबाट मनासिब समयभित्र व्यवस्थापन गर्नु आवश्यक हुन्छ (राजधानी, २०७९।'

गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सशस्त्र द्वन्द्वका घटनाहरू सत्य निरूपण आयोगले मात्र हेर्ने भनी बेवास्ता गर्न नमिल्ने र यस्ता घटनाहरू यथाशक्य छिटो निरूपण गर्न सत्य निरूपण आयोग संवेदनशील हुनुपर्ने दबाब सिर्जना भएको छ।

जनकपुरधाम उमनपा- ९ थापाचोकमा रहेको घरमा २०८० जेठ ७ गते मृत अवस्थामा भेटिएकी आरती साहको हत्या भएको भन्दै माइतीपक्षले जाहेरी दिएपछि प्रहरीले आरतीका पति मोतीबाबु र ससुरा मदनमोहन व्याहुत सुडीलाई गिरफ्तार गरेको थियो। जिल्ला अदालतले दुवै जनालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। तर, उच्च अदालत जनकपुरको आदेशमा उनीहरू साधारण तारिखमा रिहा भएका थिए। प्रहरीले नै फितलो अनुसन्धान गरी मुद्दालाई कमजोर बनाएपछि उच्च अदालतले उनका पति र ससुरालाई छोडेको माइती पक्षको आरोप छ। उनीहरू सर्वोच्च अदालत पुगेपछि आरतीका पतिलाई पुनः गिरफ्तार गरी थुनामा पठाउन आदेश जारी गऱ्यो। आदेशमा मृतकका पति मोतीबाबु साहको कर्तव्यबाट भएको रहेछ भनी विश्वास गर्नुपर्ने अवस्था देखिँदा' निजलाई पुर्पक्षको लागि साधारण तारेखमा राख्ने गरी उच्च अदालत जनकपुरबाट २०८० असोज १८ मा भएको आदेश बेरीतको देखिँदा बदर गरी मुद्दा किनारा नलागेसम्म मोतीबाबु साहलाई पुर्पक्षको लागि थुनामा राख्न २०८० मङ्सिर २० गते आदेश दियो (सर्वोच्च अदालत, २०८०)।

२.५ स्वच्छ तथा शीघ्र न्याय

संविधानको धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा निवारक नजरबन्दमा रहेको व्यक्तिका अवस्थाका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने प्रावधान छ। बालसुधार गृह, सानोठिमी भक्तपुरमा रहेका कालीञ्चोक १२० विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, दोलखा लगायतको मुद्दामा सर्वोच्च अदालतले २०७९ माघ ९ गते बन्दी प्रत्यक्षिकरणसम्बन्धी आदेश जारी गऱ्यो। दोलखा जिल्ला अदालतलाई मुद्दा दायर भएको मितिले १ सय २० दिनको समयावधि नाघिसकेको भए पनि मुद्दा किनारा भइनसकेको कारण र अवस्थामा उक्त मुद्दा निरन्तर सुनुवाइ हुने व्यवस्था गर्न र यथाशीघ्र किनारा गरी बालबालिका अनुकूलको न्यायको सुनिश्चितता गर्न निर्देशनात्मक आदेश गरेको थियो (पूर्ववत्)। नेपालका बाल सुधार गृहमा रहेका बालबालिकाको मुद्दाको सुनुवाइ लामो समयसम्म नहुँदा उनीहरू वयस्क हुञ्जेलसम्म सुधार गृहमै बस्नुपर्ने र यसका कारण सुधार गृहहरूको क्षमतालेे धान्न नसक्ने अवस्था सृजना भएको छ। क्षमता भन्दा बढी बालबालिका राखिएका कारण सुधार गृहहरू यातना केन्द्रमा परिणत हुँदै गएको घटनाक्रमले देखाएका छन्। सर्वोच्च अदालतको यो आदेशले बालबिज्याईंका मुद्दाहरूप्रति संवेदनशील हुन सरोकारवालाहरूको ध्यानाकर्षण गराएको छ।

दुई ओटा नागरिकता तथा राहदानी बनाएको

भन्ने आरोपमा अवोधलाल साह र निजको छोरा आकाशलाल साह २०७६ पुस १५ गते काठमाडौँबाट गिरफ्तार गरिएको र २०८० साल जेठ १४ गतेसम्म मुद्दा किनारा लाग्न नसकेको भनी सर्वोच्चमा परेको रिटको आदेश गर्दै अदालतले 'पक्राउ परेको मितिबाट हालसम्म रिट निवेदक थुनामा रहेको देखिएको र कानुनले पनि छिटो सुनुवाइ हुनुलाई आरोपितको हक'का रूपमा व्याख्या गऱ्यो। 'अनिश्चितकालसम्म रिट निवेदकको मुद्दाको सुनुवाइ प्रक्रिया लम्ब्याइ थुनामा राख्न नमिल्ने, ढिलो न्याय हुनुको अर्थ प्रभावकारी उपचार नहुनु अर्थात न्याय नहुनु र स्वच्छ न्यायको सिद्धान्त विपरीत पनि भएकाले तीन महिनाभित्र निर्णय गर्नू' भनी काठमाडौँ जिल्ला अदालतलाई परमादेश दियो (पूर्ववत्)।

२.६ स्वास्थ्यसम्बन्धी हक

संविधानको धारा ३५ (२) मा प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरिएको छ। यो हकको प्रचलनका सम्बन्धमा कान्ति बाल अस्पतालको चिकित्सकीय असावधानीका कारण आठ महिनाको बालकको स्वास्थ्यमा गम्भीर असर परेको भनी सर्वोच्च अदालतमा परेको पुनरावेदन निवेदन उपर सुनुवाइ गर्दै सर्वोच्च अदालतले २०७९ माघ २५ गते बालकको बुबा ध्रुवकुमार विश्वकर्मालाई क्षतिपूर्तिस्वरूप कान्तिबाल अस्पतालबाट एकमुष्ट ३० लाख रुपियाँ भराउने फैसला गरेको थियो (सर्वोच्च अदालत, २०७९)। सोही मुद्दामा पाटन पुनरावेदन अदालतले २०७६ जेठ १० गते कान्ति बाल अस्पतालले क्षतिपूर्ति बापत १५ लाख रुपियाँ पीडित परिवारलाई दिनुपर्ने फैसला गरेको थियो। नेपालको संविधान प्रदत्त अधिकारको पालनामा राज्यका सबै पक्ष जिम्मेवार हुनुपर्ने र अधिकार उल्लङ्घनका घटनामा जिम्मेवार बनाउन यस आदेशको महत्त्व रहनेछ।

सुर्खेत जिल्ला चौकुने गाउँपालिका-५ रेक्चाका स्थानीय बासिन्दाले स्वच्छ खानेपानीका लागि प्रताडित हुनु परेको र पानीकै अभावका कारण विस्थापित भई बसाई सर्न बाध्य हुनु परेको भन्दै विपक्षीको नाममा परमादेश लगायत उपयुक्त आदेश जारी गरी पाँउ भनी परेको रिटमा उच्च अदालत सुर्खेतले २०८० साउन ३१ गते 'स्थानीय बासिन्दालाई आधारभूत मानव अधिकारको विषय रहेको खानेपानी उपलब्ध गराउन दीर्घकालीन प्रबन्ध गर्नू' चौकुने गाउँपालिकाको कार्यालय र विपक्षीहरूका नाउँमा जारी परमादेश उल्लेख छ (सर्वोच्च अदालत, २०८०)।

२.७ खाद्यसम्बन्धी हक

संविधानको धारा ३६ मा खाद्यसम्बन्धी हकले नागरिको हानिकारक विषादीरहित गुणस्तरीय खाद्यपदार्थको उपलब्धताको हक र धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा पाउने हकको सुनिश्चित गरेको छ। नेपालमा आयात हुने तरकारी र फलफूलमा विषादीको अवशेष परीक्षण गरेर मात्र नेपाल भित्र्याइने भनी नेपाल सरकारले २०७६ असार २ गते गरेको निर्णय कार्यान्वयन सम्बन्धमा परेको रिटमा सुनुवाइ गर्दै निर्णयमा के कति अवधिमा पूर्णरूपमा कार्यान्वयन हुने हो ? र कार्यान्वयनका लागि योजना बनेको छ छैन ? कार्यान्वयन गर्न योजना नबनाएको भए कार्यान्वयन योजना बनाई आदेशको मितिले दुई महिनाभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवबाट प्रतिवेदन लिनु भनी २०८० वैशाख ३ गते निरन्तर परमादेश जारी गऱ्यो (पूर्ववत्)। नेपालमा तरकारी तथा फलफूल भारतबाट आयात हुने गर्छ। यसरी, आयात हुने तरकारी र फलफूलको विषादी परीक्षण नहुने र यसले जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरेको स्वास्थ्यकर्मी तथा उपभोक्ता हित अधिकारकर्मीले बताउँदै आएका छन्। सर्वोच्च अदालतको यो परमादेशपछि सीमानाकामा विषादी परीक्षण गर्न आवश्यक व्यवस्था गर्ने निर्णय सरकारले गरेको थियो।

२.८ महिलाको हक

संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था छ। मानिसहरूकाबीचमा लिङ्ग, जातीय उद्गम, रङ, राजनीतिक आस्था वा धार्मिक झुकाव वा यौनिक झुकावजस्ता कुनै पनि आधारमा विभेद गर्न नपाइने कुरालाई आधारभूत मानव अधिकारको रूपमा स्वीकार गरिसकिएको छ। त्यसैगरी, उपधारा (२) मा सामान्य कानुनको प्रयोगमा लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्थालगायत अन्य कुनै पनि आधारमा भेदभाव नगरिने व्यवस्थाले महिलालाई पुरुष सरह हरेक हक प्राप्तिमा समान बनाएको छ। आमाको नाममा नागरिकताको माग गर्दै परेको एक मुद्दामा सर्वोच्च अदालतले २०८० साउन २३ गते ललितपुर महालक्ष्मी नगरपालिका- ६ की एकल आमाले पालेको सन्तानको

जन्म दर्ता गर्न नमिल्ने दरपीठ आदेश बदर गर्दै 'मावलीमा बस्दै आएकी बालिकाको आमाको नाममात्र उल्लेख गरी जन्मदर्ता प्रमाणपत्र जारी गर्नू गराउनू' भनी महालक्ष्मी नगरपालिका-६ को कार्यालयको नाममा र रीतपूर्वक कागजात प्राप्त भएपछि निजलाई वंशजको आधारमा नेपालको नागरिकताको प्रमाणपत्र जारी गर्नू गराउनू भन्ने परमादेश आदेश नेपाल सरकार, गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, ललितपुरको नाममा जारी गऱ्यो (पूर्ववत्)। यो फैसलाले नेपालको संविधानले लिङ्गको आधारमा नागरिकमा कुनै भेदभाव नहुने व्यवस्थाको कार्यान्वयन गर्न नेपाल सरकार र त्यस मातहतका निकायलाई बाटो खोलिदियो। नेपालमा बाबुको पहिचान हुन नसकेका आधारमा कैयौँ व्यक्तिहरू नागरिकता विहीन छन्। सर्वोच्चको यो आदेशले बालिकालाई राज्यविहिन हुनबाट संरक्षण गर्ने तर्फ अग्रसर देखियो।

आमा सूचक भई जन्मदर्ता गर्न पाउँ भन्ने मुद्दामा सर्वोच्च अदालतले २०८० पुस ६ गते धादिङ जिल्लाको स्थानीय पञ्जीकरणको कार्यालय धुनिवेशी नपा-८ का नाममा अन्तरिम आदेश जारी गऱ्यो। सर्वोच्च अदालतले आफ्नो आदेशमा 'आमा सूचक भई जन्मदर्ता गर्न आएमा कानुन बमोजिम जन्म दर्ता गर्न इन्कार नगर्नू' भनी स्थानीय पञ्जीकरणको कार्यालय धुनीवेशी नपा- ८ का नाउँमा अन्तरिम आदेश जारी गऱ्यो (पूर्ववत्)। यो आदेशले बाबुको अनुपस्थिति वा नीजको अस्वीकार्यताको अवस्थामा पनि कुनै पनि बालबालिकाको जन्मदर्ता रोक्न नपाइने नजीर स्थापना भएको छ।

काठमाडौँ जिल्ला अदालतले पुस १३ गते गरेको फैसलामा बलात्कार मुद्दामा क्रिकेटर सन्दीप लामिछानेलाई दोषी ठहर गऱ्यो। सोही अदालतको पुस २५ गतेको आदेशमा उनलाई आठवर्ष कैदको सजाय सुनायो (काफ्ले, २०८०)। यसअघि नाबालिग बलात्कार आरोप लागेका क्रिकेटर सन्दीप लामिछानेलाई धरौटीमा छाड्ने पाटन उच्च अदालतको फैसलाको कैफियत प्रतिवेदन झिकाउन सर्वोच्च अदालतले २०७९ माघ १९ मा आदेश दिएको थियो। लामिछानेमाथि २०७९ भदौ ५ गते नाबालिग बलात्कारको अभियोग लागेको थियो। काठमाडौँ जिल्ला अदालतले कात्तिक १८ मा थुनामा पठाउने आदेश गरेकोमा पाटन उच्च अदालतले पुस २८ मा २० लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गरेको थियो।

इस्लाम सम्प्रदायको तलाक प्रथा अपनाएर सम्बन्धविच्छेद भएको भनी दोस्रो विवाह गर्नेविरुद्ध परेको मुद्दामा सर्वोच्च अदालतले तलाक प्रथालाई 'औपचारिक रूपमा सम्बन्धविच्छेद' मान्न नमिल्ने फैसला गरेको छ। सर्वोच्च अदालतले २०७९ चैत २६ गते गरेको एक फैसलामा 'इस्लाम सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्धविच्छेदसम्बन्धी प्रचलन प्रचलित नेपाल कानुनले मान्यता प्रदान नगरी सबै समुदाय र सम्प्रदायलाई लागु हुने एकीकृत कानुन प्रचलनमा रहेकाले स्वेच्छाचारी प्रकृतिका सम्बन्धविच्छेद जस्तै तलाकलाई कानुनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट भएको नमिल्ने' उल्लेख गऱ्यो (सर्वोच्च अदालत २०७९)। यो फैसलाले कतिपय धार्मिक समुदायका कुसंस्कारको अवशेषका रूपमा रहेका प्रथाहरू मुलुकको मूलकानुन विपरीत हुन नसक्ने कुरा स्थापित गरेको छ।

२.९ बालबालिकाको हक

संविधानको धारा ३९ मा बालबालिकाको हकको व्यवस्था छ। सोही धाराको उपधारा ५ मा कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भन्ने उल्लेख छ। नाबालिका बलात्कार आरोपमा थुनामा रहेका पूर्णविक्रम शाह (पल शाह) लाई थुनामुक्त गर्ने उच्च अदालतको आदेश विपरीत २०८० मङ्सिर २२ गते सर्वोच्च अदालतले सो मुद्दा 'दोहोऱ्याएर हेर्नू' भनी आदेश गऱ्यो। उच्च अदालत, पोखराको फैसलामा प्रमाणको मूल्याङ्कन राम्रोसँग नगरेको, कानुनहरूको व्याख्या त्रुटिपूर्ण तरिकाले गरेको र नाबालिग बलात्कारका मुद्दामा सर्वोच्च अदालतले प्रतिपादन गरेका सिद्धान्तको प्रतिकूल हुने गरी सफाइ दिएको भन्दै दोहोऱ्याएर हेर्न लागेको फैसलामा उल्लेख छ (सर्वोच्च अदालत, २०८०)। पीडित बालिका नाबालिक रहेको पुष्टि भएको अवस्था र संविधानको अन्तिम व्याख्याताका रूपमा रहेको सर्वोच्च अदालतले प्रतिपादन गरेको सिद्धान्त विपरीत पोखरा उच्च अदालतले आरोपितको पक्षमा गरेको फैसलाप्रति प्रश्न उठेको छ।

२.१० निवारक नजरबन्द विरुद्धको हक सम्बन्धमा

संविधानको धारा २३ मा निवारक नजरबन्द विरुद्धको हकको व्यवस्था गरिएको छ। सोही धाराको उपधारा २ मा निवारक नजरबन्दमा रहेको व्यक्तिका

अवस्थाका बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानुन बमोजिम तत्काल जानकारी दिनुपर्ने प्रावधान गरिएको छ। बन्दीप्रत्यक्षीकरण जस्तो संवेदनशील मुद्दामा परेको रिटहरू पनि सबै सुनुवाइ हुन सकेन। तीन तहका अदालतहरूमा परेको ५ सय ५७ रिटमध्ये ४ सय ८५ रिटमामात्र सुनुवाइ भयो।

तालिका ३.१.१: बन्दी प्रत्यक्षीकरणका रिटहरूको अवस्था

अदालत	दायर मुद्दा/रिट	फैसला	फैसला प्रतिशत
सर्वोच्च	३२५	२८६	८८
उच्च	१९२	१८२	९४.७९
जिल्ला	४०	३५	८७.५०

(स्रोत : सर्वोच्च अदालत, २०७९)

३. न्यायपालिका र कार्यपालिकाबीचको असमाञ्जस्य

शक्ति सन्तुलन र शक्ति पृथकीकरणको सिद्धान्तअनुसार नेपालको संविधानले स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरेको छ। यो वर्ष न्यायपालिका र कार्यपालिकाबीचमा केही असमञ्जस्य रह्यो। परिणामस्वरूप कानुन कार्यान्वयनमा समानता वा विधिको शासनको सिद्धान्तमा अवरोधसमेत पर्न गयो। तर, सर्वोच्च अदालतले २०८० जेठ २२ गते टिकापुर घटनामा दोषी ठहर भएका रेशम चौधरीलाई कैद छुट गरी माफीमिनाह दिएको प्रकरणमा सरकारका नाममा कारण देखाऊ आदेश गऱ्यो। कैलालीको टीकापुरमा भएको हत्याकाण्डमा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतबाट दोषी ठहर भएका चौधरीलाई सरकारको सिफारिसमा राष्ट्रपतिले गणतन्त्र दिवसको अवसरमा कैद छुट गर्दै माफी दिएका थिए।

नेपालगञ्जका चेतन मानन्धरको हत्या अभियोगमा जन्मकैदको सजाय पाएका योगराज ढकाल (रिगल) लाई संविधान दिवसको अवसरमा कैद छुट गरी बाँकी सजाय माफी दिने राष्ट्रपति रामचन्द्र पौडेलको निर्णय बदर गर्दै तत्काल गिरफ्तार गरेर थुनामा राख्न सर्वोच्चले २०८० जेठ १६ गते आदेश दिएको थियो। परमादेशमा, जन्मकैदको सजाय पाएका योगराज ढकाल (रिगल) को बाँकी कैद मिनाहा संविधान र कानुन विपरीत भएको उल्लेख गरिएको थियो। त्यस्तै सर्वोच्चले फैसलामा अबदेखि सरकारले कैदीलाई कैद छुट दिने वा मिनाहा गर्ने निर्णय गर्दा कानुनले तोकेको प्रतिशतका अतिरिक्त पीडितको सहमति अनिवार्य लिनुपर्ने उल्लेख गरेको छ। व्यक्ति हत्यामा संलग्न भएको पर्याप्त प्रमाण र जेल सजाय पाएका व्यक्तिलाई राजनीतिक स्वार्थका लागि जेलमुक्त गरिएको अवस्थामा अदालतको यो फैसलाले जथाभावी आममाफी दिने सरकारको रबैयालाई प्रश्न उठाउँदै आगामी दिनमा यस्ता कार्यप्रति उद्यत नहुन सरकारलाई सचेत गराएको छ। गम्भीर मानव अधिकार उल्लङ्घनका घटनामा संलग्न व्यक्तिलाई राजनीतिक स्वार्थको लागि आममाफी दिनु नहुने कुराप्रति अदालतले सरकार र राजनीतिक दलका नेतृत्वको ध्यानाकर्षण गराएको छ।

नेपाल सरकार मन्त्रिपरिषद्बाट २०८० जेठ ३० मा भएको निर्णय कार्यान्वयनका क्रममा मुद्दा फिर्ता लिने आदेशका लागि काठमाडौँ जिल्ला अदालतमा पेश भएकोमा मुद्दा फिर्ता लिनु पर्नाको उचित र मुनासिब आधार कारण उल्लेख गरेको नदेखिएको साथै मुद्दा फिर्ता सम्बन्धमा सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा प्रतिपादित न्यायिक मान्यताहरू स्मरण गर्दै जिल्ला अदालतमा विचाराधीन मुद्दा फिर्तासम्बन्धी कारबाही अन्तिम टुङ्गो नलागेसम्म अगाडि नबढाउनु, यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालतले २०८० साल असार ७ गते अन्तरिम आदेश जारी गऱ्यो (सर्वोच्च अदालत, २०८०)।

सरकारको स्वेच्छाचारिता र पक्षधरताका आधारमा गरिने निर्णयलाई रोक्न सर्वोच्च अदालतले २०८० पुस १३ गते उत्प्रेषणको आदेश दिँदै जनयुद्ध दिवसमा सार्वजनिक बिदा दिने नेपाल सरकारको २०७९ माघ २९ गतेको निर्णय र यस वर्षसमेत फागुन १ गते सोही बिदा दिने भन्ने निर्णय तथा नेपाल राजपत्र भाग ५ खण्ड ७२ सङ्ख्या ६५, २०७९ चैत २ मा प्रकाशित सूचना एवम् सो सन्दर्भमा विभिन्न प्रदेश सरकारबाट भएमा निर्णय र सूचनाहरूसमेत बदर गऱ्यो। आदेशमा शान्ति प्रक्रिया तथा सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय टुङ्गो लागिनसकेको, संविधानको प्रस्तावना, मर्म र भावना विपरीत सार्वभौम जनताको प्रतिनिधिमूलक संस्था, संसदद्वारा सुविचारित तवरबाट छलफल र निर्णय नगरी सङ्क्रमणकालीन न्यायको कार्यमा संलग्न संस्थाका कार्यहरूमा समेत प्रभाव गर्ने गरी कार्य गर्नु वाञ्छनीय नहुने कुरा उल्लेख छ (पूर्ववत्)।

नागरिकताको आधिकारिकताको मुद्दा टुङ्गो लागिनसकेका व्यक्ति रवि लामिछानेलाई गृहमन्त्री पदमा नियुक्त गरियो। प्रतिनिधि सभा निर्वाचन २०७९ मा चितवन जिल्ला निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित रवि लामिछानेको नागरिकताको आधिकारिकताका बारेमा परेको रिटमा २०७९ माघ १३ सुनुवाइ गर्दै सर्वोच्च अदालतले उनले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत नेपाली नागरिकता पुन: कायम गर्ने प्रक्रिया पूरा गरेको नदेखिएको भन्दै उनको प्रतिनिधि सभा सदस्य पद नेपालको संविधान अनुसार उत्प्रेषणको आदेशले बदर गऱ्यो (सर्वोच्च अदालत २०७९)। यो फैसलाले 'कानुनको अनभिज्ञता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई पुन:पुष्टि गऱ्यो। रवि लामिछानेको नागरिकता विवाद निर्वाचन अगाडि नै निरूपण भएको भए चितवन जिल्ला क्षेत्र नम्बर २ मा पुन: निर्वाचन गर्नुपर्दैनथ्यो।

४. न्यायपालिका र विधायिकाबीचको तनाव

यो वर्ष न्यायपालिका र विधयिकाबीच केही तनाव देखियो। सांसद विकास कोषका नामले परिचित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगायो। सर्वोच्च अदालतको संवैधानिक इजलासले चालू आर्थिक वर्षमा सङ्घीय र प्रदेश सरकारले छुट्याएको सङ्घीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम लागू नगर्न अन्तरिम आदेश दिएको हो। सर्वोच्चका प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, न्यायाधीशहरू ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हा र प्रकाशमानसिंह राउतको संवैधानिक इजलासले मुद्दाको अन्तिम किनारा नलागेसम्म कार्यक्रम लागु नगर्न आदेश दियो।

सर्वोच्चको आदेशमा भनिएको छ, 'संविधानको शब्द, भाव र मर्म समेतलाई दृष्टिगत गर्दा विनियोजन ऐन, २०८० का रूपमा पारित आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यको बुँदा नम्बर ४४५ सँग सम्बन्धित व्यवस्था र सातवटै प्रदेशका व्यवस्थापिकाहरूको आर्थिक वर्ष २०८०/८१ को विनियोजन ऐनमा व्यवस्था गरिएका समान प्रकृतिका संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रमसम्बन्धी व्यवस्थाहरू तथा ती व्यवस्थाहरूका लागि छुट्याइएको विनियोजित रकम खर्च गर्ने कार्य प्रस्तुत रिट निवेदनको अन्तिम किनारा नभएसम्म कार्यान्वयन नगर्नू/नगराउनू।' आर्थिक वर्ष २०८०/८१ को बजेटमा सङ्घीय सरकारतर्फ प्रत्येक सांसदका लागि पाँच करोड रुपियाँ विनियोजन गरिएको छ। त्यस्तै, सातै प्रदेश सरकारले पनि तीनदेखि पाँच करोडसम्म विनियोजन गरेका छन् (सर्वोच्च अदालत, २०८०)

कोशी प्रदेश सभाका सभामुख बाबुराम गौतमले सरकार गठन गर्न हस्ताक्षर गर्नु संविधान विपरित भएको भन्दै सर्वोच्च अदालतले २०८० साउन ११ गते उत्प्रेषणको आदेशले बदर गरी सात दिनभित्र मुख्यमन्त्री नियुक्त गर्न आदेश दियो (पूर्ववत्)। सर्वोच्च अदालतको यो आदेश नेपालको संविधानले प्रदेश सभाका सभामुखलाई दिएको अधिकारभन्दा बाहिर गएर मत जाहेर गर्ने कुरालाई नियन्त्रण गऱ्यो। यो आदेशको दीर्घकालीन प्रभाव नेपालको संविधानको कार्यान्वयनमा पर्नेछ।

५. प्रधानन्यायाधीश, नियुक्ति प्रकृया र न्यायालयप्रतिको जनआस्थाको अवस्था

कायममुकायम प्रधानन्यायाधीशबाट सञ्चालित भइरहेको सर्वोच्च अदालतले यो वर्ष दुईजना प्रधानन्यायाधीश पायो। कायममुकायम प्रधानन्यायाधीशको भूमिकामा रहेका हरिकृष्ण कार्कीलाई संवैधानिक परिषद्ले २०८० असार १ गते मुलुकको ३० औँ प्रधानन्यायाधीशमा नियुक्त गऱ्यो। करिब दुई महिना प्रधानन्यायाधीश भएको कार्कीको अवकाशपछि सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठलाई २०८० भदौ ५ गते नेपालको ३१ औँ प्रधानन्याधीश नियुक्त गरियो। कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जवाफदेही तुल्याउने लोकतान्त्रिक प्रकृयालाई संसदीय सुनुवाइ भन्ने गरिन्छ (राष्ट्रिय सभा, २०८०)।

यस वर्ष रिक्त रहेका ३८ जिल्ला न्यायाधीश नियुक्तिका लागि लोक सेवा आयोगले साउन १६ देखि २० गतेसम्म परीक्षा लिएकोमा एकजनामात्र उत्तीर्ण भए। परीक्षामा २ सय ११ जनाले भाग लिएका थिए। न्याय परिषद्को ०८० असोज २ गतेको बैठकले न्याय सेवाका कर्मचारीमध्येबाट २८ जना न्यायाधीशलाई नियुक्तिका लागि सिफारिस गऱ्यो। यसरी सिफारिस भएकामध्ये १५ जना लोक सेवाले दिएको परीक्षामा अनुत्तीर्ण थिए। संविधानमा जिल्ला न्यायाधीशको रिक्तमध्ये ८० प्रतिशत पदपूर्ति खुला प्रतिस्पर्धाबाट गर्नुपर्ने उल्लेख छ। (कानुन आयोग, २०७२) यसपटक

न्याय सेवा आयोगको अनुरोधमा लोक सेवा आयोगले आन्तरिक खुलामा १५, खुलामा सात, महिलामा दुई, आदिवासी जनजातिमा दुई, मधेशीमा दुई र दलितमा एक गरी कुल २९ जना जिल्ला न्यायाधीशका लागि परीक्षा लिएको थियो। तर, नियुक्ति गर्दा संविधानले नै सुनिश्चित गरेको समावेशिताको सिद्धान्त अपनाइएको पाइएन। नियुक्ति भएकामध्ये दुई जना मात्रै महिला थिए। ७५ प्रतिशत ब्राम्हण क्षेत्री पुरुष थिए।

नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि सङ्घीय कानून बमोजिम संसदीय सुनुवाइ हुने छ भन्ने व्यवस्था गरिएको छ। संविधानको यही व्यवस्था अनुसार प्रस्तावित प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठद्वारा भदौ ४ गतेको संसदीय सुनुवाइ समितिको बैठकमा आफ्नो योजना लिखित रूपमा पेश गरियो। पेश गरिएको कार्ययोजनामा भनिएको छ, 'नेपालको संविधानले न्यायपालिका सम्बन्धमा गरेको व्यवस्था, यसलाई प्रदान गरेको जिम्मेवारी र अपेक्षित भूमिकाको आलोकमा न्यायपालिकाको सुधारसम्बन्धी मेरो भावी कार्यदिशा र कार्ययोजना तय हुनुपर्दछ भन्ने मेरो मान्यता रहेको छ (नेपाल प्रेस, २०८०)।'

मुद्दाका असमर्थ पक्षहरूले अनुरोध गरेमा वा इजलासलाई लागेमा निःशुल्क कानुनी सहायता उपलब्ध गराउन सर्वोच्च अदालतमा दुई जना, सबै उच्च र जिल्ला अदालतहरूमा एकएकजना वैतनिक कानुन व्यवसायी नियुक्ति गरिएको छ (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०७८/०८९ अनुसार सर्वोच्च अदालतमा ८ सय ५८ जना, उच्च अदालतहरूबाट ६ हजार २ सय ७८ जना र जिल्ला अदालतहरूबाट २३ हजार ९ सय १९ जना गरी जम्मा ४० हजार ५५ जनाले वैतनिक वकिल मार्फत सेवा प्राप्त गरे।

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गतिको नियन्त्रणका सम्बन्धमा भएका पूर्व अध्ययन प्रतिवेदनहरूसमेत अध्ययन गरी विकृति, विसङ्गति, अनियमितता तथा बिचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामका लागि कानुनी, संरचनागतलगायत उपयुक्त र प्रभावकारी उपायहरू सिफारिस गर्न गठित अध्ययन समितिले सिफारिस गरेको सुझाबसमेतका आधारमा २०८० भदौ ११ गतेदेखि स्वचालित पेशीको व्यवस्था गरिएको छ। यस स्वचालित पेशी व्यवस्थापन पद्धतिले न्यायाधीश र झगडियाहरूको स्वार्थमा पेशी तोक्ने प्रचलनको अन्त्य भएको छ।

६. बालन्याय प्रणाली

बाल अनुकूलको न्याय प्रत्याभूतिका लागि बाल अदालत गठन नहुञ्जेलसम्म जिल्ला न्यायाधीश, बाल मनोविमर्शकर्ता, समाजसेवी संलग्न रहेको बाल इजलास गठन हुने व्यवस्थाअनुसार ७७ ओटै जिल्लाका अदालतहरूमा बाल इजलासको स्थापना भएको र बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर बाल न्याय प्रणाली सञ्चालन गरिएको छ (पूर्ववत्)। तथापि, बालबालिकाले गरेको कसुरजन्य कार्यको सुरू कारबाही, सुनुवाइ र किनारा गर्न हालसम्म छुट्टै बाल अदालतको स्थापना भएको छैन। बालबालिकाको उमेर १८ वर्ष कायम भएपछि बालबालिकाका पक्ष भएका मुद्दाहरूको सङ्ख्या उल्लेख्य मात्रामा बढेको छ। नेपालभर जम्मा आठ ओटा बालसुधार गृहहरू सञ्चालनमा रहेको र तिनीहरूको भौगोलिक अवस्थितिलाई हेर्दा न्यायिक प्रकृयामा सहज पहुँच र सहभागी हुनसक्ने अवस्था छैन। बाल सुधार गृहहरूमा क्षमताभन्दा बढी बालबालिकाहरू राख्नुपर्ने अवस्था रहेको छ (पूर्ववत्) भन्ने सर्वोच्च अदालतको स्वकिारोक्तिले मुलुकमा बाल न्याय प्रभावकारी नरहेको देखिन्छ (हेर्नुहोस् मानव अधिकार वर्षपुस्तक २०२४ को कार्यपालिका आलेख)।

७. पारिवारिक इजलासको स्थापना

काठमाडौँ जिल्ला अदालतमा २०८० असोज २२ गतेदेखि पारिवारिक इजलास स्थापना भयो। महिलासँग सम्बन्धित मुद्दा मात्रै द्रुत सुनुवाइका लागि पारिवारिक इजलास गठन भएको थियो (शिल्पा, २०८०)। महिलावादी भएका मुद्दालाई प्राथमिकता दिँदै छिटोछरितो न्याय सम्पादनका लागि अलग्गै इजलास स्थापना गर्ने र यसबाट पीडित महिलाले न्यायका लागि वर्षौं कुर्नुपर्ने अवस्था अन्त्य गर्ने उद्देश्य रहेको छ।

८. न्यायालयको कार्यसम्पादन

कार्यसम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दाहरूको समयमै फैसला भएको सङ्ख्या हो। गत आर्थिक वर्ष (०७८/०७९) को वार्षिक प्रतिवेदनहरूको आधारमा सर्वोच्च अदालत, सात उच्च अदालतहरू र

जिल्ला अदालतहरूको कार्य सम्पादनको मूल्याङ्कन गर्दा (सर्वोच्च अदालत, २०७९) देखिएको छ।

सर्वोच्च अदालतले सबैभन्दा कम मुद्दाहरूको किनारा लगाएको देखिन्छ। उक्त प्रतिवेदन अनुसार सर्वोच्च अदालतले आफ्नो दायित्वमा रहेको ३८ हजार ७ सय ३० मुद्दाहरूमध्ये ८ हजार ९७ अर्थात २०.९० प्रतिशतमात्र फैसला गरेको देखिन्छ (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतमा दुईदेखि पाँच वर्षसम्मका १२ हजार ५ सय ६९ मुद्दाहरू र पाँच वर्ष नाघेका ४ हजार ८ सय ५८ मुद्दाहरू रहेको देखिन्छ (सर्वोच्च अदालत, २०७९)।

तालिका ३.१.२ सर्वोच्च अदालतको दायित्वमा रहेका मुद्दाहरूको अवस्था

	फैसला भएका	फैसला भएको प्रतिशत	फैसला हुन बाँकी		
			२ वर्षसम्म	२ देखि ५ वर्षसम्म	५ वर्षभन्दा माथि
३८,७३०	८०९६	२०.९०	४,८९७	१२,५६९	४८५८

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

सात उच्च अदालतमा ६८ हजार ४ सय ४९ जिम्मेवारी रहेकोमा ४१ हजार ४ सय ५१ अर्थात ६०.५६ प्रतिशत मुद्दा फैसला भए (सर्वोच्च अदालत, २०७९)। सर्वोच्च अदालतको तुलनामा उच्च अदालतले बढी मुद्दा फैसला गरेको देखिन्छ। प्रतिवेदन अनुसार उच्च अदालतहरूमा दुई वर्षभित्रका ४ हजार २ सय ९२ मुद्दाहरू र दुई वर्ष नाघेका १ हजार ८ सय ९ मुद्दाहरू रहेका छन् (पूर्ववत्)।

तालिका ३.१.३ उच्च अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था

	फैसला भएका	फैसला भएको प्रतिशत	फैसला हुन बाँकी	
			दुई वर्ष भित्रका	दुई वर्षभन्दा माथिका
६८,४४९	४१,४५१	६०.५६	४,२९२	१,८०९

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

जिल्ला अदालतले आफ्नो जिम्मेवारीमा रहेको २ लाख ९३ हजार १ सय ७ मुद्दामध्ये १ लाख, ८५ हजार ९ सय ७७ अर्थात ६३.४५ प्रतिशत फैसला गरेको थियो (सर्वोच्च अदालत, २०७९)। जिल्ला अदालतहरूमा दुई वर्षभित्र २० हजार ५ सय ७९ र दुई वर्ष नाघेका ११ हजार ७ सय ४२ मुद्दाहरू छन् (पूर्ववत्)।

तालिका ३.१.४ जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहरूको अवस्था

दायित्वमा रहेका मुद्दाहरू	फैसला भएका	फैसला भएको प्रतिशत	फैसला हुन बाँकी	
			दुई वर्ष भित्रका	दुई वर्षभन्दा माथिका
२,९३,१०७	१,८५,९७७	६३.४५	२०,५९७	११,७४२

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

सर्वोच्च अदालत, पुनरावेदन अदालत र जिल्ला अदालतहरूका दायित्वमा रहेका मुद्दाहरू ४ लाख २ सय ८६ मुद्दामध्ये २ लाख ३५ हजार ५ सय २४ अर्थात ५८.८४ प्रतिशत फैसला गरेको छ। सबै अदालतमा दुई वर्षसम्मका फैसला हुन बाँकी २९ हजार ७ सय ६८ र दुई वर्ष नाघेका ३० हजार, ९ सय ७८ मुद्दाहरू रहेका छन् (पूर्ववत्)।

तालिका ३.१.५ सर्वोच्च, उच्च र जिल्ला अदालतहरूको दायित्वमा रहेका मुद्दाहको अवस्था

दायित्वमा रहेका मुद्दाहरू	फैसला भएका	फैसला भएको प्रतिशत	फैसला हुन बाँकी	
			दुई वर्ष भित्रका	दुई वर्षभन्दा माथिका
४,००,२८६	२,३५,५२५	५८.८४	२९,७६८	३०,९७८

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

५. संवैधानिक मुद्दा तथा रिट

नेपालको संविधानले संविधानसम्बन्धी मुद्दा तथा रिटको सुनुवाइ सर्वोच्च अदालतको संवैधानिक इजलासबाट सम्पन्न गराउनुपर्ने व्यवस्था गरेको छ। संविधानसम्बन्धी मुद्दा तथा रिटहरू उच्च प्राथमिकतामा नपर्ने गरेकोले सर्वोच्च अदालतको संवैधानिक इजलास (सर्वोच्च अदालतको नियमावली, २०७४) नियमितरूपमा बस्न नसकेको अवस्था रहयो। आर्थिक वर्ष २०७८/०७९ मा ४३६ संवैधानिक मुद्दा तथा रिट सर्वोच्च अदालमा दायर भएको मा जम्मा १ सय २१ (२७.७५ प्रतिशत) मात्र सुनुवाइ भयो (सर्वोच्च अदालत, २०७९)।

१०. फैसलाको पूर्णपाठसम्बन्धी व्यवस्था र फैसला लेखन तथा तयारीको अवस्था

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ९१ अनुसार न्यायाधीशहरूको राय कायम भई निर्णय सुनाइसकेपछि सम्बन्धित न्यायाधीशले सो निर्णय सुनाएको मितिले सामान्यतया २१ दिनभित्र सो अनुरूपको पूर्णपाठ तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी, मुलुकी देवानी कार्यविधि संहिताको दफा १९८ र मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १३१ को उपदफा ६ अनुसार फैसला भएको २१ दिनभित्र फैसलाको पूर्णपाठ तयार गर्नुपर्ने व्यवस्था गरेको छ। यसरी हरेक फैसलाहरू २१ दिनभित्र पूर्णपाठ तयार पारिसक्नुपर्ने व्यवस्था भएपनि प्राय: फैसलाका पूर्ण पाठ ढिला तयार हुने गरेको पाइन्छ भने नेपाल कानुन पत्रिका पनि समयमा नै तयार भएको पाइँदैन।

सर्वोच्च अदालतले आर्थिक वर्ष ०७८/०७९ मा ४ हजार २ सय ९१ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा २ हजार ७ सय ९५ अर्थात् ६५ प्रतिशत तयार भएको छ। त्यसैगरी, सात उच्च अदालतहरूले ४१ हजार ७ सय २ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा ३८ हजार ५ सय ९३ अर्थात ९२.५४ प्रतिशत फैसलाको पूर्णपाठ तयार पारेका छन्। यो अवधिमा जिल्ला अदालतहरूले १ लाख ४ हजार ४ सय ७२ फैसलाको पूर्ण पाठ तयार गर्नुपर्नेमा १ लाख ७ सय ३५ अर्थात् ९६.४२ प्रतिशतको मात्रै पूर्ण पाठ तयार भएको छ। यो तथ्यबाट के देखिन्छ भने फैसला लेखन कार्यमा जिल्ला अदालतहरू सबैभन्दा अगाडि र उच्च अदालतहरू दोस्रो र सर्वोच्च अदालत पछाडि देखिन्छ (पूर्ववत्)।

तालिका ३.१.६ सर्वोच्च, उच्च र जिल्ला अदालतमा फैसला लेखनको अवस्था

अदालत	फैसला लेखन गनुपर्ने	लेखिएको	लेखिएको प्रतिशत	बाँकी
सर्वोच्च	४,२९१	२,७९५	६५	१,४९६
उच्च	४१,७०२	३८,५९३	९२.५४	३,१०९
जिल्ला	१,०४,४७२	१,००,७३५	९६.४२	३,७३७

(स्रोत : सर्वोच्च अदालत, २०७९/८०)

नेपालको संविधान धारा १२६ ले मुद्दा मामिलामा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नुपर्ने व्यवस्था गरेको छ। अदालतका आदेश वा निर्णयको पालना हुनु कानुनको शासनसम्बन्धी अवधारणाको आधारभूत मान्यता हो। फैसला कार्यान्वयनको अभावमा दण्डहीनता मौलाउँछ र न्यायपालिकाप्रतिको आस्था एवम् विश्वासमा आँच पुग्न सक्दछ। तथापि, अदालतबाट जारी भएका कतिपय आदेश वा फैसलाहरू वर्षौंसम्म कार्यान्वयन हुन सकेका छैनन् (पूर्ववत्)। आर्थिक वर्ष ०७८/०८९ मा कैद असुलीतर्फ १ लाख ५६ हजार ७ सय ७७ वर्ष १ महिना १५ दिन कायम भएको लगतमध्ये ४९ हजार ६ सय ८ वर्ष ६ महिला १८ दिन असुल भई १ लाख ७ हजार १ सय ६८ वर्ष ६ महिना २७ दिन बाँकी रहेको छ। सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका २ सय १४ थान मुद्दा फैसला भएकोमा ५९ थानमात्र कार्यान्वयन भई १ सय ५५ थान कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ (पूर्ववत्)।

तालिका ३.१.७ फैसला कार्यान्वयनको अवस्था

आर्थिक वर्ष ०७८/०७९			
जरिबाना र क्षतिपूर्ति	**असुल उपर हुनुपर्ने रुपियाँ**	**असुल भएको रुपियाँ**	**असुल हुन बाँकी रुपियाँ**
कायम भएको जरिबाना	२० अर्ब ३ करोड १८ लाख ७३ हजार ५ सय २३ रुपियाँ	२ अर्ब २८ करोड ३७ लाख ४३ हजार ९ सय ८८	१७ अब ७४ करोड ८१ लाख २९ हजार ५ सय ३५
अदालतबाट भरी पाउने क्षतिपूर्ति	५६ करोड ४५ लाख ५९ हजार ५ सय ८४	५ करोड ३५ लाख, ९ हजार २ सय २६	५१ करोड १० लाख ५० हजार ३ सय ५८
पीडित पक्षलाई अन्तरिम क्षतिपूर्ति भराइ ठहरेको	१ करोड १४ लाख ७६ हजार ९ सय ३४	६ लाख ४ हजार ५ सय ८०	१ करोड ८ लाख ७२ हजार ३ सय ५४

(स्रोत : सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन, २०७८/०७९)

११. निष्कर्ष

यसवर्ष गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न व्यक्तिलाई राजनीतिक स्वार्थका लागि कैद छुट, कैद मिनाहा दिनु नहुने कुराप्रति अदालतले सरकार र राजनीतिक दलहरूका नेतृत्वको गम्भीर ध्यानाकर्षण गरायो। स्वचालित पेशी प्रणाली, आमाको नाममा नागरिकता, लैङ्गिक तथा अल्पसङ्ख्यकहरूको अस्थायी विवाह दर्ताको आदेश, सांसद विकास कोषको खारेजीजस्ता फैसला, आदेश तथा परमादेशहरूले न्यायालयको साख उच्च राख्न मद्दत पुऱ्याए। यस वर्ष पनि अदालतका दायित्वमा रहेका धेरै मुद्दाहरूको छिनोफानो लाग्न सकेन। दर्ता भएकामध्ये ३३.५५ प्रतिशत मुद्दा अझै किनारा लाग्न बाँकी रहे। फैसला कार्यान्वयनको अवस्था निराशाजनक रह्यो। अदालतहरूमा मुद्दाको चाप अनुसार न्यायाधीश नियुक्ति हुनुपर्ने माग लामो समयदेखि उठे पनि यसतर्फ खासै पहल भएको देखिएन। वर्षको अन्त्यतिरमात्रै रिक्त रहेका न्यायाधीशहरू नियुक्ति भयो। अदालतका फैसलाको कार्यान्वयनमा उदासिनता यो वर्ष पनि कायम रह्यो।

१२. सुझाव

- न्यायपालिका मौलिक हक तथा मानव अधिकारको रक्षा गर्ने अन्तिम धरोहर भएकाले यस संस्थाले नागरिकको विश्वास र आस्था कायम राख्नुपर्छ।
- न्यायिक सक्रियता बढाउन र संवैधानिक व्यवस्थाको उदार व्याख्या गर्नुपर्छ।
- स्वतन्त्रता सङ्कुचित भई बन्दी जीवन बिताइरहेका बन्दीहरूको मुद्दामा तत्कालै सम्बोधन गर्न अदालती कारबाही चुस्त बनाउनुपर्छ।
- रिटमार्फत खोजिएका उपचारले एउटा व्यक्तिको मात्र नभएर सिङ्गो समूहको सरोकार सम्बोधन गर्न सक्ने हुँदा त्यस्ता रिट उपचारमा जारी गरिएका रिट आदेश तथा निर्देशनात्मक आदेश पालना भए/नभएको सम्बन्धमा अदालतले सरकारसँग नियमितरूपमा संवाद चलाउनुपर्छ। अदालतका विकृति अन्त्यका लागि गठित समितिले औंल्याएका विकृति अन्त्यका लागि पहल गर्ने।
- मुद्दाको चाप अनुसार न्यायाधीशको नियुक्ति गर्नुपर्छ।

सन्दर्भ सामग्री

अनलाइन खबर (२०८० असार १३) *समलिङ्गी विवाह दर्ता गर्न सरकारलाई सर्वोच्चको अन्तरिम आदेश,* अनलाइन खबर । https://www.onlinekhabar.com/2023/06/1329017

नाइट, कायल (२०८० मङ्सिर २१), *नेपालमा पहिलो पटक समलिङ्गी विवाह दर्ता,* Human Rights Watch. https://www.hrw.org/ne/news/2023/12/07/nepal-registers-same-sex-marriage-first

इन्सेक (२०७७), *रुकुम (पश्चिम) जिल्ला चौरजहारी नपा-८ सोती घटनाका सम्बन्धमा तयार पारिएको प्रारम्भिक स्थलगत अनुगमन प्रतिवेदन,* इन्सेक। https://inseconline.org/np/wp-content/uploads/2020/11/Rukum-Pashchim-Fact-finding-Report.pdf

कर्ण शिल्पा (२०८० असोज २३) *नेपालमा पहिलोपटक पारिवारिक इजलास,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/126148/2023-10-10

काफ्ले, नारायण (२०८० पुस २६) *सन्दीपलाई आठ वर्ष कैद,* गोरखापत्र।

गोरखापत्र (२०७९ फागुन २१) *द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत,* गोरखापत्र। https://www.gorkhapatraonline.com/news/56458

राजधानी (२०७९ फागुन २१) *द्वन्द्वकालका मुद्दा अनन्तकालसम्म अल्झाइराख्न मिल्दैन : सर्वोच्च अदालत,* राजधानी। *RajdhaniDaily.com*. https://rajdhanidaily.com/id/77698/

राष्ट्रिय सभा, (२०८०) *संसदीय सुनुवाइ समिति, २०८०,* राष्ट्रिय सभा, नेपाल। https://na.parliament.gov.np/np/committees/Parliamentary-Hearing-Committee-2080

नेपाल प्रेस (२०८० भदौ ४), *प्रस्तावित प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठको संसदीय सुनुवाइ, यस्तो छ न्यायपालिका सुधार योजना (पूर्णपाठ),* नेपाल प्रेस। https://www.nepalpress.com/2023/08/21/364884/

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ४९, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ५०, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८६, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*

सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. घ, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. घ, *सर्वोच्च अदालत।*
यौनिक तथा अल्पसङ्ख्यकहरूको अधिकार विश्लेषण (२०२३), *नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३*, इन्सेक।
सर्वोच्च अदालतको नियमावली, २०७४ (२०७४) दफा २१ को उपदफा १ (क), *नेपाल कानुन आयोग।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ग, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ६४, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत* ऐ ऐ।
सर्वोच्च अदालत (२०७९), सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०७८/०७९, पृ. ८२, *सर्वोच्च अदालत।*
सर्वोच्च अदालत (२०८०), गणेशबहादुर ओलीसमेत विरुद्ध संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मुद्दा:उत्प्रेषण/परमादेश ०८०–WO–०४००२।
सर्वोच्च अदालत (२०८०), इन्सेक संयोजक अधिवत्ता सोमराज थापा समेत वि.। गृह मन्त्रालय सिंहदरबार काठमाडौँ समेत, मुद्दा: परमादेश, ०७९-WO-०५३६।
सर्वोच्च अदालत (२०८०), त्रिलोकबहादुर चन्दविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, मुद्दा: उत्प्रेषण, ०८०-WO-०४४१।
सर्वोच्च अदालत (२०८०), विनोदप्रसाद शाह विरुद्ध मदन मोहन शाह भन्ने मदन मोशन व्याहुत समेत, मुद्दा: बेरितको आदेश बदर, ०८०-RE-०१३१।
सर्वोच्च अदालत (२०७९), परिवर्तिक नाम (कालिन्चोक १२०) विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, दोलखासमेत मुद्दा: बन्दिप्रत्यक्षिकरण/ ०७९–WF–०००५।
सर्वोच्च अदालत (२०८०), अवधलाल शाहविरुद्ध प्रहरी प्रधान कार्यालयसमेत, मुद्दा: बन्दीप्रत्यक्षीकरण, ०७९-WH-०२१८।
सर्वोच्च अदालत (२०७९), ध्रुवकुमार विश्वकर्माविरुद्ध कान्ति बाल अस्पताल, महाराजगञ्ज, मुद्दा: क्षतिपूर्ति, ०७८–CI–०७०३।
सर्वोच्च अदालत (२०८०), प्रकाश बाबु ऐडी समेतविरुद्ध मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सुर्खेत समेत मुद्दा: उत्प्रेषणयुक्त परमादेश, ०७९-WO-००५१।
सर्वोच्च अदालत (२०८०), उपभोक्ता हित संरक्षण मञ्चका अधिवक्ता विष्णुप्रसाद तिमिल्सिनामेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मुद्दा: उत्प्रेषण, ०७५-WO-१३७२।
सर्वोच्च अदालत (२०८०), कृष्टिना महर्जनसमेत विरुद्ध गृह मन्त्रालय, सिंहदरबार काठमाडौँसमेत मुद्दा: उत्प्रेषणयुक्त परमादेश ०७८–WO–०८५३।
सर्वोच्च अदालत (२०८०), करन के.सीविरुद्ध गृह मन्त्रालय, सिंहदरबारसमेत, मुद्दा: परमादेश, ०८०-WO-०५५३।
सर्वोच्च अदालत (२०७९), मनौवर हसनसमेत विरुद्ध. नेपाल सरकार, मुद्दा: बहुविवाह, ०७१–CR–०७६३, ०७१–CR–०९४८।
सर्वोच्च अदालत (२०८०), परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) विरुद्ध पल शाह भन्ने पूर्ण विक्रम शाह, मुद्दा: दोहोऱ्याई पाउँ , ०८०–RI–०१००।
सर्वोच्च अदालत (२०८०), प्रेमबहादुर चलाउनेविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, मुद्दा: उत्प्रेषणसमेत, ०७९-WO-१४२५।
सर्वोच्च अदालत (२०८०), ज्ञानेन्द्रराज आरण समेतविरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, मुद्दा: उत्प्रेषण, ०७९-WO-१०८२।
सर्वोच्च अदालत (२०७९), अधिवक्ता रविराज बसौलासमेत विरुद्ध राष्ट्रिय स्वतन्त्र पार्टीसमेत, मुद्दा : उत्प्रेषण परमादेश, ०७९-WC- ००३६।
सर्वोच्च अदालत (२०८०), त्रिलोकबहादुर चन्दसमेत विरुद्ध सङ्घीय संसद सचिवालय, मुद्दा: उत्प्रेषण, ०८०-WC-०००२।
सर्वोच्च अदालत (२०८०), हिक्मतकुमार कार्कीविरुद्ध उद्धव थापासमेत, मुद्दा: उत्प्रेषण परमादेश, ०८०-WF-०००१।

परिच्छेद

३

३.२ राज्य र मानव अधिकार

कार्यपालिका

बाँच्न पाउने अधिकार संरक्षणमा विमुख सरकार

नागरिक, नागरिकता र पहिचानको सवाल

सरकारी उपेक्षामा कारागार तथा बन्दीहरू

बाल सुधार गृहः बाल संरक्षणको दूरावस्था

सहिद घोषणाः न्याय प्रकृयाको बेवास्ता

कैद मिनाहः मानव अधिकारको बेवास्ता

संविधानको अनुसूची प्रतिको असन्तुष्टि

गिजोलिएको सङ्क्रमणकालीन न्यायिक प्रकृया

मानव अधिकारः नेपालको अन्तर्राष्ट्रिय दायित्व

मानव अधिकार आयोग सिफारिस कार्यान्वयनको अवस्था

मानव अधिकारको दृष्टिमा प्रदेश सरकारहरू

सङ्घीयता कार्यान्वयनका अवरोध

सुशासन र मानव अधिकार

परिचय

सामाजिक सञ्जाल टिकटक प्रतिबन्ध, सार्वजनिक स्थलमा नाराजुलुस, प्रदर्शन तथा पाँच जनाभन्दा बढी भेला हुन निषेधित क्षेत्रको घोषणा, अन्योलमा रहेको सङ्क्रमणकालीन न्यायिक प्रक्रिया, विपत् पीडितको पुनर्स्थापनाका सवालमा सुस्तता तथा सामाजिक न्याय र मानव अधिकारको कार्यान्वयनमा कमजोर प्राथमिकताजस्ता कारणले यो वर्ष कार्यपालिकाको काम निराशाजनक भयो। सत्तामा टिक्न गरिएको प्रयत्नमा नै सरकारको यो वर्ष बित्यो। कार्यपालिकाले एकवर्षको अवधिमा गरेका निर्णय, सिफारिस तथा गतिविधि लोकतान्त्रिक र मानव अधिकारमैत्री भएनन्। कतिपय कार्य र निर्णयहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत थिए। वाक तथा अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला हुन पाउने अधिकारमा सङ्कुचन, जघन्य अपराधमा संलग्न भई जेल सजाय भोगिरहेकालाई माफी मिनाहाजस्ता निर्णय आलोच्य रहे। कार्यपालिकाले एकवर्षको अवधिमा गरेका निर्णय र प्रतिनिधिमूलक घटनालाई विश्लेषण गर्दा मानव अधिकारको दृष्टिले कमजोर देखियो। यिनै सेरोफेरोमा कार्यपालिकाले सन् २०२३ मा मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा भए गरेका क्रियाकलापको विश्लेषण यस आलेखमा गरिएको छ।

सन् २०२३ को सुरुआत हुँदा नयाँ सरकार गठन भएको एक हप्तामात्रै भएको थियो। प्रतिनिधिसभामा एक सिट भएको नेपाल मजदुर किसान पार्टी (नेमकिपा) बाहेक संसदका सबै दल पालैपालो गरी सरकार निर्माणमा सहभागी भए। सात महिनाको अवधिमा १२ पटक मन्त्रिपरिषद् पुनर्गठन भयो। नेकपा (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा २०७९ पुस १० गते पुष्पकमल दाहाल (प्रचण्ड) लाई राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रधानमन्त्री पदमा नियुक्त गरियो। २०७० पुस २६ गते विश्वासको मत लिँदा प्रधानमन्त्रीलाई प्रतिनिधिसभा बैठकमा उपस्थित २ सय ७० सांसदमध्ये २ सय ६८ जनाले समर्थन गरेका थिए।

नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेललाई फागुन २५ गते राष्ट्रपति पदमा निर्वाचित गरियो। राष्ट्रपति निर्वाचन लगत्तै एमाले, राप्रपा, रास्वपा र जनमत पार्टीले सरकारबाट बाहिरिने निर्णय लिए। नेपाली कांग्रेस लगायतका दलहरू सत्तामा आए।

मञ्जुषा ३.२.१ सूचना तथा सञ्चार प्रविधि मन्त्रालयको विज्ञप्ति

प्रेस विज्ञप्ति

सामाजिक सञ्जालको रुपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेकाले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने र यससम्बन्धी व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने मन्त्रिपरिषद्को निर्णयअनुसार सोही दिन नेपाल दूरसञ्चार प्राधिकरणमार्फत निर्णय कार्यान्वयन हुँदै आएको छ ।

टिकटकको प्रयोगमा तत्काल रोक लगाउने निर्णयको जनस्तरबाट व्यापक समर्थन भइरहेको छ । नेपाली समाज पारिवारिक एकता र सामाजिक सद्भावमा आधारित समाज हो । हाम्रा सबै नियम, कानुन र निर्णयहरु पारिवारिक एकता र सामाजिक सद्भाव कायम गर्ने मूल मान्यतामा आधारित हुने भएकाले यसको संरक्षण र कार्यान्वयन गर्नु सरकारको दायित्व हो । नागरिकको सुरक्षा सरकारको अर्को महत्वपूर्ण दायित्व हो । एकातिर नागरिकको गोपनीयताको संरक्षण गर्दै राष्ट्रिय सार्वभौमिकताको रक्षा गर्नुपर्ने दायित्व छ भने अर्कोतिर साइबर अपराधका घटना न्यून गर्दै नागरिकको जीउधनको सुरक्षा कायम गर्नुपर्ने अभिभारा छ ।

समाज र खासगरी नयाँ पुस्तालाई कस्तो चाटोमा अधि बढाउने भन्ने पनि अहम् सवाल हो । समाजमा देखिन थालेको विषाक्त मनोविज्ञान र मानव स्वास्थ्यमा देखिन थालेका नकारात्मक असरप्रति सबै गम्भीर र संवेदनशील हुन आवश्यक भइसकेको छ । संविधान प्रदत्त मौलिक हकको संरक्षण गर्नु सरकारको आधारभूत दायित्व हो, यसअन्तर्गत सूचनाको हक, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको हक र सञ्चारको हक प्रत्याभूत गर्न सरकार दृढ संकल्पित छ । सत्य सूचनाको सही सम्प्रेषणले मात्रै संविधानका मौलिक हकको संरक्षण र कार्यान्वयन गर्न सहज हुने यथार्थप्रति गम्भीर बन्दै गलत र भ्रामक सूचनालाई निरुत्साहित गर्नु पनि सरकारको दायित्व हो ।

सामाजिक सद्भाव र नागरिक सुरक्षालाई ध्यानमा राखेर इन्टरनेट सेवा प्रदायकले डीएनएस र आईपी एड्रेसमार्फत टिकटकको वेबसाइट बन्द गरे पनि कतिपय प्रयोगकर्ताले फ्रि भिपिएन र ओपन डीएनएस मार्फत टिकटक चलाउने गरेको पाइएको छ । फ्रि भिपिएन र ओपन डीएनएसको प्रयोग गर्दा व्यक्तिगत डेटा चोरी हुने, मालवेयर क्रियाकलाप बढ्ने, गोपनीयता सुरक्षित नहुने, ईमेल अकाउन्ट हाक हुने, इन्टरनेट स्पिड घट्न जाने, बैंक खाताबाट पैसा चोरी हुने, कसैको ब्यान्किमेलमा परिनेजस्ता जोखिम बढ्ने भएकाले यस्ता नेटवर्क प्रयोग नगर्न सबैमा हार्दिक अनुरोध गरिन्छ ।

५ मंसिर, २०८०
नेपाल संवत् ११४४

नेत्रप्रसाद सुवेदी,
प्रवक्ता

नेत्रप्रसाद सुवेदी
सह सचिव

गर्न प्रहरीले गोली प्रहार गर्दा लक्ष्मी विन मुखियाको मृत्यु भयो (हेर्नुहोस, जिल्ला विवरण-बारा)।

नेपालको संविधानले मृत्युदण्डलाई पूर्णत: निषेध गरेको छ। नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा ६ मा जीवनको अधिकारसम्बन्धी व्यवस्था रहेको छ। यही महासन्धिको दोस्रो ऐच्छिक आलेख, १९८९ ले मृत्युदण्डलाई निषेध गरेको छ। यो आलेखको पनि नेपाल पक्षराष्ट्र हो। सरकारकै अधिकारीबाट र आपराधिक (व्यक्तिगत रिसइवी, परिवारजनबाट, बलात्कारपछि, बोक्सीको आरोपमा, दाइजो नल्याएको वा कम ल्याएको आरोपमा हत्या) हत्याका घटनामा गत वर्षको भन्दाबढी मानिस मारिए। गत वर्ष राज्यपक्षबाट पाँच जना र अन्य पक्षबाट ३ सय २७ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गरेको थियो। यो वर्ष राज्यपक्षबाट ६ जना र अन्यपक्षबाट ३ सय १७ जनाको हत्या भयो। (हेर्नुहोस् अनुसूची-१, पृष्ठ ४०२)

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ क मा भएको व्यवस्था अनुसार काठमाडौँ र ललितपुर जिल्ला प्रशासन कार्यालयले केही सार्वजनिक क्षेत्र तथा स्थानमा नारा, जुलुस, प्रदर्शन तथा पाँच जना भन्दा बढी भेला हुन निषेध गर्ने आदेश जारी गरे। एकपटकमा दुई महिनासम्म जारी गर्न सकिने व्यवस्था स्थानीय प्रशासन ऐनमा छ (नेपाल कानुन आयोग, २०७५)। त्यसो भए पनि ललितपुर जिल्ला प्रशासन कार्यालयले ०८० मङ्सिर ५ गते ६ महिनासम्मका लागि उक्त आदेश जारी गरेको छ। स्थानीय प्रशासन ऐनमा आधारित रहेर गरिएको उक्त बन्देजले नेपालको संविधानको धारा १७ मा व्यवस्था गरिएको स्वतन्त्रतापूर्वक भेला तथा सङ्गठित हुन पाउने अधिकार कुण्ठित गर्ने दुष्प्रयास गऱ्यो।

मञ्जुषा ३.२.२ सङ्खुवासभा कारागार : कैदीबन्दीको सुरक्षाको सवाल

मानव अधिकारको कुनै सीमा र दायरा हुँदैन। यो सबैको सरोकारको सवाल हो। मानव अधिकारको सम्मान, संरक्षण एवम् परिपालना नभएको अवस्थामा लोकतन्त्र र सभ्य समाजको परिकल्पना गर्न कठिन हुन्छ। मानव अधिकारको संस्कृतिको विकास नभएसम्म मानव अधिकारको प्रत्याभूति सम्भव छैन। मानव अधिकार संस्कृतिको विकासका लागि राज्यका निकायहरू जिम्मेवार हुनुपर्छ साथै स्वयम् नागरिकहरू पनि जिम्मेवार हुनुपर्दछ। राज्यका निकायदेखि व्यक्ति, वर्ग, समुदाय, तह, तप्कामा मानव अधिकार संस्कृतिको विकास गर्न सकिएको खण्डमा सभ्य समाज निर्माण गर्न सकिनेछ। (राष्ट्रिय मानव अधिकार आयोग, २०७८)

जिल्ला कारागार खाँदबारीमा कैद भुक्तान गरिरहेका विनोद तोलाङ्गी र आकाश बलामीको ०८० साउन २४ गते जिल्ला कारागारका सुरक्षाकर्मीको यातनाका कारण मृत्यु भएको घटनालाई सरकारको दायित्वको कसीमा राखेर विश्लेषण गरिएको छ। मानव अधिकारका विषयमा राज्यले संविधानमा व्यक्त गरेको र अन्तर्राष्ट्रियस्तरमा गरेको प्रतिबद्धता-सम्मान, संरक्षण र परिपूर्ति हो। यो घटनामा राज्यबाट सम्मानित रूपमा बाँच्न पाउने नागरिकको अधिकार कुण्ठित गरेको छ। राज्य यो दायित्व निर्वाह गर्न चुकेको छ। त्यसैगरी सबै नागरिकको जीउज्यान सुरक्षा गर्नु राज्यको अर्को दायित्व हो। त्यसमाथि राज्य संयन्त्रको सुरक्षा घेराभित्र रहेका व्यक्तिको शान्ति सुरक्षा कायम गर्नुपर्नेले नै यातना दिएर हत्या गरेको घटनाले राज्य संरक्षणको दायित्वबाट विमुख भएको पाइयो। राज्यले गर्नुपर्ने अर्को महत्त्वपूर्ण काम मानव अधिकारका प्रावधानको परिपूर्ति गर्नु हो। मानव अधिकारको प्रगतिशील प्राप्तिका लागि नागरिकको आवश्यकतालाई संवैधानिक व्यवस्थाका आधारमा पूरा गर्नुपर्ने दायित्वबाट सरकार विमुख भएको यो घटना सन् २०२३ मा भएको दु:खदायी घटना हो।

नागरिक, नागरिकता र पहिचानको सवाल

मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिसमक्ष पेश गरिएको नागरिकता विधेयक राष्ट्रपति रामचन्द्र पौडेलद्वारा ०८० जेठ १७ गते प्रमाणीकरण गरियो। पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको नाम भएको ठाउँमा राष्ट्रपति रामचन्द्र पौडेलको हस्ताक्षर भएको सार्वजनिक सञ्चार माध्यममा देखिएपछि यस विषयमा संवैधानिक प्रश्नसमेत उठ्यो। यस विषयले अदालतमा प्रवेश पाएको छ। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीद्वारा संसदमै फिर्ता पठाइएको विधेयक जस्ताको तस्तै प्रमाणीकरणका लागि सरकारले राष्ट्रपति कार्यालय पठाएको थियो।

अघिल्लो वर्ष संसद्का दुवै सदनले पारित गरेर राष्ट्रपतिसमक्ष पेश गरेको विधेयक २०७९ साल साउन २९ गते पुनर्विचार गर्न भन्दै तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा संसदमा फिर्ता गरिएको थियो। राष्ट्रपतिको सुझावलाई बेवास्ता गर्दै प्रतिनिधि सभाले २०७९ भदौ २ गते र राष्ट्रिय सभाले भदौ १७ गते नागरिकता विधेयक बिना कुनै परिमार्जन पुन: पारित गरे ।

संविधानले जन्मका आधारमा नागरिकता दिने व्यवस्था खारेज गरेको थियो। तर, संविधान जारी

मञ्जुषा ३.२.३ सङ्कुचन गरिएको अभिव्यक्ति तथा सङ्गठित हुने स्वतन्त्रता

नेपालको संविधानले वाक स्वतन्त्रतालाई अत्यन्तै महत्त्व दिएको छ। प्रत्येक नागरिकले विचार र अभिव्यक्ति प्रकट गर्ने स्वतन्त्रता संविधानको धारा १७ (२) (क) द्वारा संरक्षित छ। डिजिटल सञ्चार माध्यमको हकमा संविधानको धारा १९ (२) ले स्वतन्त्रताको परिधिलाई प्रष्ट पारेको छ। कसैले कुनै श्रव्य-दृश्य सामग्री प्रकाशन-प्रसारण गरेमा त्यस्तो सामग्री प्रकाशन र प्रसारण गर्ने टिकटकजस्ता डिजिटल माध्यमलाई बन्द र जफत गर्न मिल्दैन भनेर सञ्चारमाध्यमहरूको संरक्षण गरेको बुझ्न सकिन्छ। संयुक्त राष्ट्रसङ्घद्वारा १९४८ मा जारी विश्वव्यापी घोषणापत्रको धारा १९ मा प्रत्येक व्यक्तिले आफ्नो विचार बोलेर, लेखेर वा छपाएर खुलस्त पार्न पाउनुपर्छ भनिएको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा १९ मा विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गरिएको छ। उक्त धाराको उपधारा १ मा प्रत्येक व्यक्तिलाई बिना हस्तक्षेप विचारहरू राख्न पाउने अधिकार हुनेछ भनिएको छ ।

संवत् २०८० साल कार्तिक २७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

क्र.स.	मन्त्रालय	निर्णयको संक्षिप्त व्यहोरा
१.	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	नेपाली संवत् ११४४ देखि विक्रम संवत् उल्लेख गरिने सरकारी कागजातमा नेपाल संवत्समेत उल्लेख गर्ने।
२.	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	सामाजिक सञ्जालको रूपमा प्रयोग भइरहेको टिकटकका माध्यमबाट सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा नकारात्मक असर परिरहेकोले नेपालमा टिकटकको प्रयोगमा तत्काल रोक लगाउने र यससम्बन्धी व्यवस्था सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मिलाउने।

सरकारले सामाजिक सद्भाव र वातावरणमा खलल पुऱ्याउन भूमिका खेलेको जिकिरसहित टिकटक बन्द गऱ्यो। टिकटक बन्द भएपछि सामाजिक सद्भाव कायम भएको र सामाजिक वातावरणमा सकारात्मक तरङ्ग पैदा भएका सूचकाङ्क यो वर्षको अन्त्यसम्म सार्वजनिक गरेको छैन। फरक विचारलाई रोक लगाउन वा नागरिकको वैधानिक आवाजमा निषेध गर्नु नेपालको संविधान र ऐन कानुन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता विपरीत हुन्छ। संविधान र स्थापित कानुनी मान्यताका आधारमा सरकार सञ्चालन हुनुपर्छ भने संविधान अनुकूल कानुन बनाउने र तिनको परिपालनाको उपयुक्त वातावरण बनाउने दायित्व सरकारको हो।

हुनुअगाडि जन्मका आधारमा नागरिकता लिएकाहरूको सन्तानलाई सङ्घीय ऐनबमोजिम वंशजको आधारमा नागरिकता दिने व्यवस्था संविधानमै राखियो। यो विधेयक आएपछि जन्मका आधारमा नागरिकता लिएका नेपालीका सन्तानले नागरिकता पाए। अब संविधान जारी हुनुअघि जन्मका आधारमा नागरिकता लिएकाहरूको १६ वर्ष उमेर पुगेका सन्तानले वंशजको आधारमा नागरिकता लिन सक्नेछन्। विधेयकको दफा २ मा भनिएको छ- 'संवत २०७२ साल असोज ३ गते भन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ।'

संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को फागुन १५ गतेदेखि चैत १३ गतेसम्म स्वीजरल्याण्डको जेनेभामा भएको ५२ औँ सत्रमा सहभागी हुन नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै त्यसतर्फ जान लागेकी परराष्ट्रमन्त्री बिमला राई पौडेललाई प्रधानमन्त्री पुष्पकमल दाहालले रोक लगाए। मन्त्रिपरिषद् बैठकले परराष्ट्रमन्त्रीको भ्रमण स्वीकृत गरेको थियो। मन्त्रिपरिषद् निर्णय विपरीत अन्तिम क्षणमा भ्रमण रोक्न प्रधानमन्त्रीले गरेको हस्तक्षेप उचित थिएन। नेपाल मानव अधिकार परिषद्को निर्वाचित सदस्यसमेत रहेकाले बैठकमा नेपाल सरकारको आधिकारिक उच्चस्तरीय सहभागिता आवश्यक थियो। तर, बैठकमा परराष्ट्रमन्त्रीको उपस्थिति र नेपालका तर्फबाट गरिने मानव अधिकारसम्बन्धी प्रतिबद्धताको विशेष महत्त्वको हुने तथ्यलाई सरकारले ग्रहण गर्न सकेन।

सरकारी उपेक्षामा कारागार तथा बन्दीहरू

कारागार व्यवस्थापनको जिम्मेवारी गृह मन्त्रालय मातहतको कारागार व्यवस्थापन विभागको रहेको छ। तर, नेपालका कारागार र बन्दीहरूको सरोकार सधैँ उपेक्षामा छ। कारागारमा अपराधिहरू मात्र हुन्छन् भन्ने एउटा धारणा जबरजस्त छ। कारागारलाई सुधार गृहका रूपमा विकास गर्ने सरकारी प्रतिबद्धता कार्यान्वयन भएको छैन। कारागार

व्यवस्थापन विभागद्वारा ०७९ वैशाखमा जारी 'कारागार सुधार अवधारणापत्र'मा कारागारका कैदीबन्दीलाई मानवोचित व्यवहार र न्यूनतम मानव अधिकारको सुनिश्चितता गर्ने विषय उल्लेख छ। अवधारणापत्र कारागारहरूमा क्षमताअनुसार मात्र कैदीबन्दीहरू राख्ने व्यवस्था मिलाउने भनिएको छ। तर, सो अनुसार कार्य आरम्भ भएको छैन। क्षमताभन्दा बढी कैदीबन्दी राख्दा उनीहरू आधारभूत मानव अधिकार उपभोगबाट बञ्चित भएका छन्।

कारागारमा आन्तरिक प्रशासनको जिम्मेवारी कैदीबन्दीबाटै छान्ने परिपाटी कानुनले नै दिएको अधिकारको प्रयोग हो। कारागार ऐन २०१९ ले यसलाई निर्दिष्ट गरेको छ। त्यसैअनुसार चौकीदार, नाइके, भाइनाइके छानिन्छन्। यसको विकल्पको खोजी आवश्यक छ। भित्री प्रशासन भनिने यो परिपाटीले कारागार भित्रको अपराधलाई सङ्गठित गर्ने गरेको पाइन्छ। कारागारभित्रका ज्यादतीका थोरै मात्र घटना सार्वजनिक जानकारीमा छन्। कारागारको सुधारका लागि गृहमन्त्री नारायणकाजी श्रेष्ठको निर्देशनमा एउटा सुधार कमिटी बनाएर त्यसले जिल्ला तहमा नै १२-१३ ओटा सूचकका आधारमा सिफारिस गर्ने र नियुक्ति गर्ने भनिएको छ। क्षमताभन्दा बढी कैदीबन्दी नभएका कारागार एकाध मात्रै छन् (हेर्नुहोस्-यसै पुस्तकको परिशिष्ट १३)। कारागार व्यवस्थापनको प्रमुख समस्या नै पूर्वाधारको कमी हो। यसको पूर्ति गर्न सरकार चुकेको छ।

बाल सुधार गृहः बाल संरक्षणको दुरावस्था

यो वर्ष बाल सुधार गृहहरूमा झडप भएका र मृत्यु भएका घटना अभिलेखित छन्। (हेर्नुहोस्- भक्तपुर, बाँके, रुपन्देही, पर्सा जिल्ला विवरण) बाल सुधार गृह सञ्चालन, व्यवस्थापन र दैनिक प्रशासनको उदासिनता, बेवास्ता र गैरजिम्मेवारीका कारण यो वर्ष बाल सुधार गृहहरूमा झडपका घटना भए। व्यवस्थापकीय समस्याका बारेमा बालबालिकाले बेला-बेलामा ध्यानाकर्षण गराउने गरेको भए पनि सुधार गृह प्रशासनबाट यथोचित सम्बोधन नगरेको इन्सेकले भक्तपुर, रुपन्देही र बाँकेमा गरेको स्थलगत अध्ययनका क्रममा पाइयो। बाल सुधार गृह व्यवस्थापनमा संलग्नहरूलाई अनुसन्धानको प्रक्रियामा ल्याउन, सुधार गृहभित्रको आन्तरिक व्यवस्थापनमा सुधार गर्न, सुधार गृहमा क्षमताभन्दा बढी बालबालिका नराख्ने व्यवस्था गर्न र १८ वर्षभन्दा बढी उमेर पुगेकाहरूलाई सुधार गृहमा बालबालिकासँग नराख्ने व्यवस्था गर्न इन्सेकले अध्ययन प्रतिवेदनमा सुझाएको छ। (इन्सेक, २०८०) बालबालिकालाई कानुनी द्वन्द्वमा पर्न नदिन कार्यक्रम र योजना बनाउन सरकार चुकेको छ। अदालतले गर्ने फैसला, पुर्पक्षका लागि सुधार गृह पठाउने तरिका पनि वयस्ककै जस्तै छ। अर्थात् बाल संवेदनशील भएर तत्कालै फैसला गरिदिने अवस्था अहिलेसम्म छैन। जसका कारण दश वर्ष भन्दा बढी समय बाल सुधार गृहले एकै व्यक्तिलाई राखिरहनुपर्ने अवस्था छ। यसको समाधान गर्न छिटो फैसला हुनु पर्छ। (शर्मा, २०८०)

तालिका ३.२.१ पाँच वर्षमा जेलमा रहेकाहरूको तथ्याङ्क

वर्ष	क्षमता	जम्मा	पुरुष	महिला
सन् २०२२	१३५६८	२६४६५	२५९४१	१५५८
सन् २०२१	१३६८८	२६२६९	२४८६५	१४१२
सन् २०२०	१२४३६	२५१२०	२३५६८	१४४०
सन् २०१९	११८२९	२३६१८	२२२०१	१४१६
सन् २०१८	१३४६५	२१५५६	२०१५१	१४०६

(स्रोतः नेपाल मानव अधिकार वर्ष पुस्तकहरू)

सहिद घोषणाः न्याय प्रक्रियाको बेवास्ता

सङ्क्रमणकालीन न्यायको प्रक्रिया अघि बढाएर पीडितहरूलाई न्याय र परिपूरण दिलाउन उदासिन भए पनि नेपाल सरकार मन्त्रिपरिषद्को २०७९ फागुन १५ गतेको बैठकले 'नेपालको राष्ट्रिय हित, लोकतन्त्र पुनर्स्थापना र अग्रगामी परिवर्तनका लागि भएको सशस्त्र सङ्घर्ष र क्रान्तिका क्रममा शहादत प्राप्त गर्ने व्यक्तिहरूलाई' सहिद घोषणा गऱ्यो। सरकारले २०७९ फागुन २९ गते राजपत्रमा प्रकाशन गरेको सहिदको सूचीसँग इन्सेकको तथ्याङ्क रुजु गर्दा नाम दोहोरिएको, कतिपय नामहरू छुटेको, कुनै नामका सन्दर्भमा विवरण नै नभएका छन्। सशस्त्र द्वन्द्वको अवधिमा मारिएका, बेपत्ता पारिएका, घाइते र अङ्गभङ्ग भएका व्यक्तिको विवरण समेटेर इन्सेकले द्वन्द्वपीडित पार्श्वचित्र प्रकाशन गरेको छ। मन्त्रिपरिषद्को निर्णय बमोजिम ०७९ फागुन २९ गतेको नेपाल राजपत्रमा ८ हजार ४ सय ७० जनालाई सहिदको सूचीमा समावेश गरिएको छ। सरकारले जारी गरेको सूचीमा विस्तृत शान्ति सम्झौतापछि विभिन्न घटनामा मारिएका कति व्यक्तिलाई सहिद घोषणा गरियो भन्ने यकीन गरिएको भेटिँदैन। पछिल्लो पटक झैझगडा र दुर्घटनामा ज्यान गुमाएका व्यक्तिलाई समेत

तालिका ३.२.२ सशस्त्र द्वन्द्वका क्रममा मारिएका व्यक्तिको तुलनात्मक तथ्याङ्क

	राजपत्रमा प्रकाशित	इन्सेकमा अभिलेखित	इन्सेकको अभिलेखमा रहेका			इन्सेकको अभिलेखमा नभएका
			राज्यपक्ष	अन्यपक्ष	जम्मा	
कोशी	१९६७	१८५३	७०३	१४०	८४३	३३४
मधेश	७०९	१०६३	३५२	१३८	४९०	२१९
बागमती	१९१३	२१३२	७०६	२५९	९६५	१४८
गण्डकी	६८६	११७०	४५८	११९	५७७	१०९
लुम्बिनी	१५६७	२५६२	४७५	१३३	६०८	९५९
कर्णाली	१५८१	२१४०	१११०	१५२	१२६२	३१९
सुदूरपश्चिम	१००५	१५५३	७३६	५३	७८९	२१६
नवलपरासी	५८	२१४	३८	१२	५०	८
रुकुम	५८४	५६१	३७२	५८	४३०	१५४
जम्मा	८४७०	१३२४८	४९५०	१०६४	६०१४	२४५६

(स्रोत : इन्सेक, २०२३)

सहिद घोषणा गर्नुपर्ने र १० लाख रुपियाँ आर्थिक सहयोगका लागि दबाब दिने प्रचलन बढेको देखियो।

२०६२/०६३ सालको जनआन्दोलन लगत्तै यस विषयलाई व्यवस्थित गर्न दुईओटा आयोगसमेत बनायो। सहिदबारे विवाद आउन थालेपछि सरकारले २०६६ सालमा मोदनाथ प्रश्रित तथा २०६८ सालमा नवराज सुवेदीको नेतृत्वमा आयोग बनायो। ती आयोगले दिएको प्रतिवेदनअनुसार सहिद घोषणा गरिनु पर्ने हो। दलीय स्वार्थका आन्दोलन, पहिचान नखुलेका व्यक्ति (हरू), अज्ञात पक्षका आक्रमण, सवारी दुर्घटनालगायतबाट ज्यान गुमाएकालाई पनि सहिद घोषणा गरिनु हुँदैन भन्ने ती आयोगका प्रतिवेदनले सुझाएका थिए। 'आफू मर्छु भन्ने जान्दाजान्दै आस्थाका लागि जीवन अर्पण गर्ने, मर्छु भन्ने नलागी होमिएका र आर्थिक लाभ केन्द्रित' भएकालाई तीनप्रकारको सूचीमा राख्नुपर्ने सुझावसहित प्रतिवेदन कार्यदलले बुझाएको थियो। दलीय स्वार्थका आन्दोलन, अज्ञात समूहका आक्रमण तथा हत्या, सवारी दुर्घटनालगायतबाट ज्यान गुमाएकालाई पनि सहिद घोषणा गरिनु हुँदैन भन्ने ती आयोगका प्रतिवेदनहरूको जोड थियो।

कैद मिनाहः मानव अधिकारको बेवास्ता

सरकारले माफी मिनाह र मुद्दा फिर्तासम्बन्धी निर्णय गर्दा विधि, व्यवहार र शासन पद्धतिसँगै मानव अधिकारका आधारभूत सिद्धान्तलाई ख्याल गरेको पाइएन। टीकापुर घटनाका 'मुख्य अभियुक्त' भनी अदालतबाट दोषी ठहर भएका रेशमलाल चौधरीलाई २०८० जेठ १५ गते गणतन्त्र दिवसको अवसरमा मन्त्रिपरिषद्ले आममाफीका लागि राष्ट्रपतिसमक्ष सिफारिस गऱ्यो। सोही सिफारिसका आधारमा चौधरीको कैद मिनाह भयो। सर्वोच्च अदालतले ०८० जेठ १ गते जिल्ला अदालत कैलाली र उच्च अदालत दीपायलको फैसलालाई सदर गरेको थियो (हेर्नुहोस्, न्यायपालिका)।

सरकारले त्रिभुवन विश्वविद्यालयका उप-प्राध्यापक प्रेम चलाउनेमाथि २०७७ असोज २० गते आक्रमण गरेको आरोप खेपिरहेका नेपाली कांग्रेसको भ्रातृ सङ्गठन नेपाल विद्यार्थी सङ्घका त्रिभुवन विश्वविद्यालय इकाइ कमिटी अध्यक्ष हरि आचार्यको समूह विरुद्धको मुद्दा फिर्ता लिने निर्णय गऱ्यो। तर, सर्वोच्च अदालतका न्यायाधीश मनोजकुमार शर्माको इजलासबाट मुद्दा फिर्ता नलिन अन्तरिम आदेश जारी भयो (हेर्नुहोस्, न्यायपालिका)।

नेपालगञ्जका चेतन मानन्धरको २०७२ असार २८ गते खुँडा प्रहार गरी हत्या आरोपमा तीनै तहको अदालतबाट सर्वस्वसहित जन्मकैदको सजाय पाएका रिगल भनिने योगप्रसाद ढकाललाई सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलद्वारा गरिएको कैद मिनाहलाई सर्वोच्च अदालतले बदर गरिदियो। रिगललाई सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र

तालिका ३.२.३ सन् २०२३ मा माफी मिनाह र कैद कट्टा गर्दा देखाइएका कानुनी आधार

क्र.सं.	सरकारले राष्ट्रपतिमसमक्ष सिफारिस गरेको मिति	सिफारिस गर्दा देखाइएका कानुनी आधार	माफी मिनाह र कैद कट्टा गरिएको अवसर	सङ्ख्या
१.	२०७९ फागुन ४ गते	फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२	प्रजातन्त्र दिवस	३८१ जना
२.	२०७९ फागुन ५ गते	मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९	प्रजातन्त्र दिवस	१४ जना
३.	२०८० जेठ १२ गते	फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२	गणतन्त्र दिवस	४८२ जना
४.	२०८० जेठ १२ र १४ गते	मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९	गणतन्त्र दिवस	१९ जना
५.	२०८० भदौ २९ गते	फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ कारागार नियमावली, २०२० को साविकको नियम १ र १ क. लाई कायमै गर्ने सर्वोच्च अदालतको रिट नं ०७६-WO-०९३९ र रिट नं ०७९-WH-०१४७ को फैसला ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२	संविधान दिवस	६७० जना
६.	जम्मा			१,५६६ जना

(स्रोत: राष्ट्रपतिको कार्यालयबाट जारी विज्ञप्तिहरू, २०२३)

पौडेलले संविधान दिवसको अवसरमा २०८० असोज ३ गते कैद मिनाहा गरेका थिए। सरकारको सिफारिस र राष्ट्रपतिको स्वीकृति विरुद्ध चेतनकी पत्नी भारती मानन्धरले सर्वोच्चमा रिट दिएकी थिइन्। सर्वोच्चका वरिष्ठतम् न्यायाधीश ईश्वरप्रसाद खतिवडा, सपना मल्ल प्रधान र कुमार चुडालको पूर्ण इजलासले राष्ट्रपति पौडेलले मन्त्रिपरिषद्को सिफारिसमा गरेको कैद मिनाहलाई कानुन विपरीत भएको ठहर गर्दै बदर गऱ्यो। (हेर्नुहोस् न्यायपालिका) मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ११६ मा अमानवीय तवरले वा नियन्त्रणमा लिई ज्यान मारेको मुद्दा फिर्ता वा कैद कट्टा गर्न नमिल्ने व्यवस्था गरेको छ।

संविधानको अनुसूचीप्रतिको असन्तुष्टि र सरकारको अस्पष्ट अडान

शिक्षासँगै शिक्षकलाई स्थानीय तहको अधिकारक्षेत्रमा समेट्ने उद्देश्यका साथ सरकारले संसदमा विधेयक पेश गऱ्यो। मुख्यत: शिक्षकहरूले यही विषयमा आपत्ति जनाए। उनीहरूका १८ बुँदे मागमा यो पनि एक हो। तर, आन्दोलनमा उनीहरूले यो मागलाई अरुभन्दा जोडले उठाए। सङ्घीयतासहितको गणतान्त्रिक संविधान कार्यान्वयनका जटिलताका रूपमा यसलाई बुझ्न सकिन्छ। सङ्घले परीक्षा लिएर नियुक्ति गर्ने तर ग्रेड वृद्धि रोक्ने, बढुवा रोक्ने, पेसाबाट बर्खास्त गर्ने जस्ता अधिकार स्थानीय सरकारलाई दिँदा आफूहरूको अधिकार कुण्ठित हुने शिक्षक सङ्घसङ्गठनको आशङ्का रहयो।

संसदमा दर्ता भएको विद्यालय शिक्षा विधेयकका केही व्यवस्थामा विमति राख्दै काठमाडौँ केन्द्रित आन्दोलनरत शिक्षकसँग सरकारले ०८० असोजमा सम्झौता गऱ्यो। सम्झौतामा सार्वजनिक विद्यालयमा अध्यापनरत शिक्षकहरूको मर्यादाक्रम कायम गर्ने, विद्यालय शिक्षासम्बन्धी कानुनको संशोधन र एकीकरण गर्न बनेको विधेयकमा गरिएका व्यवस्थामा संसदको सार्वभौमिकतालाई सम्मान गर्दै संसदीय प्रणाली, अभ्यास र सङ्घीय संसद सञ्चालनसम्बन्धी मौजुदा विधि बमोजिम प्रक्रिया अगाडि बढाउन सहजीकरण गर्नेलगायतका सात बुँदा छन्। (सहमति, २०८०)

संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार सूचीमा आधारभूत र माध्यमिक शिक्षा समेटिएको छ। आन्दोलनलाई स्थगित गराउने रणनीति स्वरूप गरिएको उक्त सम्झौता कार्यान्वयनमा चुनौति छ। संसदबाट त्यसको सम्बोधनको बाटो खोज्नु पर्छ। शिक्षकले स्थानीय तहको अधीनमा बस्दैनौं भन्नु संविधानको प्रावधानलाई नमान्नु हो। आधारभूत शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने व्यवस्था भए पनि सरकारी विद्यालयहरूमा अङ्ग्रेजी भाषामा पढाइ, विद्यालय भवन, निजी स्रोतका शिक्षक लगायतका नाममा शुल्क लिने गरेको पाइयो। यसरी रकम असुलेबाट सरकारी नीति र कार्यान्वयनमा तादम्यता भएको पाइएन।

गिजोलिएको सङ्क्रमणकालीन न्यायिक प्रक्रिया

विस्तृत शान्ति सम्झौताले राज्य सञ्चालनका लागि परिवर्तित रूपरेखा कोरेको भए पनि यो दस्तावेजको एक महत्त्वपूर्ण प्रावधानमध्येको बुँदा नम्बर ५.२.५ मा द्वन्द्वरत दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवताविरुद्धको अपराधमा संलग्नहरूबारे सत्य अन्वेषण, समाजमा मेलमिलापको वातावरण निर्माण गर्न गठन गरिएका आयोगहरूको अवधि सकिएपछिका गतिविधि र उजुरीका चाङमा आयोगहरू हराए।

अधिवक्ता ज्ञानेन्द्र आरण र कल्याण बुढाथोकी लगायतले दिएको रिटमा ०७९ फागुन १९ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीशद्वय ईश्वर खतिवडा र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले त्यसअघिको दरपीठको आदेश खारेज गर्दै प्रचण्ड विरुद्धको रिट दर्ता गर्न सर्वोच्च अदालत प्रशासनलाई परमादेश दिएको थियो। नेकपा माओवादीका अध्यक्ष प्रचण्डले ०७६ माघ १ गते आफ्नो दलले सशस्त्र द्वन्द्वका क्रममा मारिएका १७ हजारमध्ये ५ हजारको जिम्मा एक्लै लिने भनी सार्वजनिक कार्यक्रममा व्यक्त गरेको भनाइका आधारमा उनलाई गिरफ्तार गर्न आदेशको माग गर्दै पीडितहरूले अदालतको ढोका ढक्ढक्याएका थिए।

सर्वोच्च अदालतले जारी गरेको परमादेशमा सङ्क्रमणकालीन न्यायको विषय लामो समयसम्म अल्झाइनु उपयुक्त नहुने उल्लेख छ। सर्वोच्चको परमादेश लगत्तै नेपाल सरकारले २०७९ फागुन २६ गते संसद सचिवालयमा बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक दर्ता गरेको छ। तर, विधेयकप्रति द्वन्द्व पीडितहरूले २०७९ चैत १ गते एक विज्ञप्ति प्रकाशन गरी गम्भीर आपत्ति जनाए। २०८० जेठ ५ गते प्रस्तुत गरेको नीति तथा कार्यक्रममार्फत सरकारले शान्ति प्रक्रियाका बाँकी काम सम्पन्न गरी पीडितहरूलाई न्याय र परिपूरणको व्यवस्था गर्ने र समाजमा मेलमिलापको वातावरण सुदृढ गर्ने प्रतिबद्धता जनाएको थियो। विद्यमान ऐनमा संशोधन गर्ने सम्बन्धमा विगतमा भएको सहमति समेतलाई आधार बनाउने भनिएको भए पनि यो वर्ष पनि शान्ति प्रक्रियाका काम परिणाममुखी भएनन्।

कमजोर विपत् व्यवस्थापन

विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले विपत् व्यवस्थापन प्रशिक्षण, भवन संहिता पालना, पूर्वतयारी, जोखिम विश्लेषण लगायतको व्यवस्था गरेको छ। त्यसअनुसार कार्यविधि र नियमावली पनि बनाइएका छन्। स्थानीय तहअनुसार भवन निर्माण मापदण्ड छन्। तर, तिनको कार्यान्वयन कमजोर छ र यस वर्ष पनि विपत् व्यवस्थापनमा सरकार दायित्व निर्वाहमा कमजोर देखियो। भूकम्प लगत्तै खोज तथा उद्धारको काममा तदारुकता देखाएको सरकारले राहत र पुनर्स्थापनामा प्रभावकारी काम गरेको पाइएन।

जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ को रामिडाँडा नजिक केन्द्रविन्दु भई ०८० कात्तिक १७ गते राति ११.४७ बजे ६.४ रेक्टरको भूकम्प गयो। भूकम्पमा परी जाजरकोटका १ सय १ जनाको मृत्यु भयो भने १ सय ५८ जना घाइते भए। रुकुम पश्चिममा ५३ जनाको मृत्यु, ४ सय ७ जना घाइते भए।

मञ्जुषा ३.२.४ बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

प्रमाणीकरण तथा प्रकाशन मिति: २०७१ वैशाख २८ गते

- विधेयकको संशोधन बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (पहिलो संशोधन) ऐन, २०७५ (२०७५ असार २० गते)
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग (दोस्रो संशोधन) ऐन, २०७५ (२०७५ माघ २५ गते)

जाजरकोटमा ३५ हजार १ सय ४० घर क्षति भयो। घर पूर्ण तथा आशिंक क्षति भएका परिवार घर बाहिर बस्नु पर्दा चिसोका कारण यस वर्षको अन्त्यसम्म ३० जना व्यक्तिले ज्यान गुमाएको समाचार प्रकाशमा आयो। चिसोका कारण ज्यान गुमाउनेमा सुत्केरी, ज्येष्ठ नागरिक र बालबालिका रहेका छन्। भूकम्पमा परेर ५० जना बालबालिकाले ज्यान गुमाए, जसमध्ये २८ जना बालक र २२ जना बालिका रहे। (हेर्नुहोस् रुकुम पश्चिम र जाजरकोट जिल्ला विवरण)

सरकारले विपत् व्यवस्थापनको पूर्वतयारी चुस्त पार्न सकेन। उद्धार, राहत र पुनर्स्थापनामा महिला, बालबालिका र ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा पारेको पाइएन। विपत् व्यवस्थापनमा सरकारको प्रयास फितलो देखियो। पुनर्स्थापना हुनुअघि चिसोकै कारण भूकम्प प्रभावित ३८ जनाको ज्यान गएका समाचार सार्वजनिक हुनुले सरकारी तयारी फितलो भएको पुष्टी हुन्छ।

नेपालले वार्षिक रूपमा विपत्का घटना व्यहोर्दै आएको छ। प्राकृतिक विपत्सँगै मानवीय लापारबाहीका कारणले हुने घटनाका कारण मानिसको मृत्यु हुने गरेको छ। भूकम्प, बाढीपहिरो, चट्याङ, आगलागीलगायतका घटनाबाट नागरिकलाई जोगाउने रणनीति सरकारले अबलम्बन गर्नु पर्दछ। त्यस्ता घटना भइहालेमा उद्धार, राहत र पुनर्स्थापनाका काममा विगतका अभ्यासबाट सिक्नुपर्नेमा सो हुन सकेको पाइएन। सङ्खुवासभामा ०८० असार २ गतेको वर्षापछिको बाढीपहिरोका कारण एक जनाको मृत्यु र २० जना बेपत्ता भए। मृतक र बेपत्ता परिवारलाई राहत दिने निर्णय सरकारले गऱ्यो।

पाँचथरमा ०८० असार २ गतेको अविरल वर्षापछिको बाढीपहिरोका कारण तीन जनाको मृत्यु, ९५ घर क्षतिग्रस्त, ४ सय ४७ विस्थापित भए। बाढीमा बेपत्ता भएका तीन जना वर्षको अन्त्यसम्मै फेला परेनन्। बाढीपहिरोमा ज्यान गुमाएका परिवारलाई प्रदेश सरकारले १ लाख रुपियाँ र घाइतेहरूलाई उपचारको लागि ५० हजार रुपियाँ उपलब्ध गरायो। जिल्ला विपत् व्यवस्थापन कोषबाट मृतकका परिवारलाई २ लाख रुपियाँ थप गरी राहत दिइयो। (हेर्नुहोस्, जिल्ला विवरण-पाँचथर)

तालिका ३.२.४ विपत्का घटनामा गत वर्षको चार महिनाको तथ्याङ्क

क्र.सं.	घटना	मृत्यु	बेपत्ता	प्रभावित परिवार
१	पहिरो	९२	१७	१९६८
२	बाढी	१९	१५	१३६
३	भारी वर्षा	८		२०१
४	अन्य	११४	३५२	१२२९

(स्रोत: गृह मन्त्रालय, मनसुनजन्य विपत्का घटना सहितको प्रतिवेदन, २०७९)

मानव बेचबिखनको प्रताडना

नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने 'गिरोह'लाई गिरफ्तार गरेर सरकारले कारबाही प्रक्रिया अगाडि बढायो। अमेरिका लैजाने प्रलोभनमा नक्कली भुटानी शरणार्थी खडा गरी करोडौँ रकम सङ्गठित रूपमा असुलेको अभियोगमा सरकारले पूर्वगृहमन्त्री बालकृष्ण खाण र पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझीसहित ३० जनाविरुद्ध जिल्ला अदालत काठमाडौँमा गत जेठ १० गते सङ्गठित अपराधसहित किर्ते र ठगीमा मुद्दा दायर गऱ्यो।

विधायक र उच्च पदस्थ राजनीतिक व्यक्तित्वहरूसहित राज्य संयन्त्रको संलग्नतामा भएको नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने अपराधको जरासम्मै छानविन हुन सकेन। मानव बेचबिखन जस्तो जघन्य अपराधमा उच्च तहको राजनीतिक नेतृत्वको संलग्नता सार्वजनिक हुनु पक्कै पनि सुखद् होइन।

मानव अधिकार: नेपालको अन्तर्राष्ट्रिय दायित्व

विश्वव्यापी आवधिक समीक्षा (यूपीआर) संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद् अन्तर्गतको संयन्त्र हो। सन् २००६ मा स्थापना भएको मानव अधिकार परिषद्मा प्रत्येक साढे चार वर्षमा सदस्य राष्ट्रहरूको मानव अधिकारको अवस्थाका बारेमा समीक्षा हुन्छ। राज्य, राष्ट्रिय मानव अधिकार संस्थाहरू र गैरसरकारी संस्थाहरूलाई मानव अधिकारको समीक्षा गर्दै प्रतिवेदन पठाउनु पर्ने दायित्व हुन्छ। समीक्षाबाट राज्यलाई प्राप्त सुझावहरू कार्यान्वयन गर्ने दायित्व सरकारको हुन्छ।

यो वर्ष मध्यावधि समीक्षाका लागि गैरसरकारी संस्थाहरूको तर्फबाट यूपीआरका लागि गैरसरकारी संस्थाहरूको सञ्जालको सचिवालय इन्सेकले ०८० साउन १५ गते प्रतिवेदन पठायो। प्रतिवेदनमा, राष्ट्रिय मानव अधिकार संस्थाहरू, विभेदकारी कानुन, महिलाविरुद्ध हुने हिंसा, अपाङ्गता भएका नागरिकहरूका अधिकारको अवस्था, बाल अधिकार, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका

तालिका ३.२.५ राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक कार्यक्रमिक बजेट (चार वर्षको बजेट)

आर्थिक वर्ष	सरकारबाट विनियोजित बजेट	आयोगद्वारा खर्च रकम	खर्च हुन नकेको रकम	खर्च हुन नसकेको बजेट (प्रतिशतमा)
२०७६/०७७	२८९०००००	१८३०८६१९.०४	१०५९१३८०.९६	३६.६४
२०७७/०७८	३२२०००००	१३३९३८६९.८७	१८८०६१३०.१३	५८.४०
२०७८/०७९	२९४०००००	२३४८३६५२.६४	५९१६३४७.३६	२०.१२
२०७९/०८०	१७८०३०००	१३१४६१०१.२९	४६५६८९८.७१	२६.१५
जम्मा	१०८३०३०००	६८३३२२४२.८४	३९९७०७५७.१६	३६.९०

(स्रोत: राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, वर्ष २०७६-०८०)

अधिकार, दलित अधिकारलगायतका विषय समेटियो। प्रतिवेदनको निष्कर्षमा नेपालमा कानुनहरू पर्याप्त भएपनि कार्यान्वयनमा समस्या भएको उल्लेख छ।

तेस्रो चक्रको पुनरावलोकनमा नेपाल सरकारलाई प्राप्त भएका जम्मा २ सय ३३ ओटा सिफारिसमध्ये नेपाल सरकारले १ सय ९६ ओटा सिफारिस स्वीकार गरेको थियो। ३७ ओटा सिफारिस जानकारीमा लिएको थियो। २०७८ साउनमा नेपालको मानव अधिकारको विषयमा संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्मा समीक्षा गरिएको थियो।

मानव अधिकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्न सरकारले आर्थिक वर्ष २०७७/०७८ देखि २०८१/०८२ सम्मका लागि मानव अधिकारको पाँचौँ राष्ट्रिय कार्ययोजना ल्याएको छ। मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनको माध्यमबाट समावेशी, मर्यादित र समतामूलक समाजको विकास गर्ने कार्ययोजनाको लक्ष्य रहेको छ। सरकारले आगामी वर्ष मानव अधिकारको अर्को राष्ट्रिय कार्ययोजना ल्याउनु पर्नेछ। स्थानीय तहसम्म संयन्त्र बनाएर मानव अधिकार कार्ययोजनामा उल्लेख गरिएका उद्देश्य पूर्ति गर्नुपर्ने भए पनि स्थानीय तहसम्म संयन्त्र बन्न नसकेका कारण कार्ययोजनाको कार्यान्वयनमा तीनै तहका सरकारले गम्भिरतापूर्वक काम गर्न बाँकी रहेको पाइयो। कार्ययोजनामा मानव अधिकारसम्बन्धी १७ ओटा विषय समेटिएको छ। शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, बाल अधिकार र बाल न्याय, सामाजिक न्याय, खानेपानी तथा सरसफाई, लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास, वातावरण र दीगो विकास, सांस्कृतिक अधिकार, कानुनी सुधार र न्याय प्रशासन, हिरासत तथा कारागार सुधार, सङ्क्रमणकालीन न्याय, राष्ट्रिय तथा संयुक्तराष्ट्रसङ्घीय निकायका सिफारिस/सुझाव कार्यान्वयन गर्ने, मानव अधिकार शिक्षा, संस्थागत सुदृढीकरण छन्। (प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, २०७९) सरकारले पाँचौ राष्ट्रिय मानव अधिकार कार्ययोजनाबारे स्थानीय सरकारसम्म सञ्चार प्रवाह गरेको छैन। तीन तहका सरकारको सहअस्तित्व, सहकार्य र समन्वय गर्नुपर्ने विषय संविधानमा नै स्पष्ट छ। तर, मानव अधिकारको कार्ययोजना सबै ठाउँसम्म पुऱ्याउन सङ्घीय सरकारले समन्वय गरेको पाइएन। सबै ठाउँमा नपुगेको कार्ययोजना कार्यान्वयनमा आउने कुरै भएन।

राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसमा सरकारको सम्बोधनको अवस्था

संविधानको धारा २४९ को उपधारा (१) राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि नेपाल सरकारलाई सिफारिस गर्नुपर्छ। यस वर्ष आयोगमा परेको उजुरीको अनुसन्धान गरी २८ करोड १३ लाख १ हजार १ सय ९७ रुपियाँ क्षतिपूर्ति रकम प्रदान गर्न सरकारलाई सिफारिस गरेकोमा पीडितले करिब ७ करोड रुपियाँमात्र क्षतिपूर्तिबापत पाए। १ हजार ४ सय ७ ओटा सिफारिस गरी कार्यान्वयनका लागि नेपाल सरकार/सम्बन्धित निकायलाई पठाएकोमा १५.३ प्रतिशत पूर्ण, ३९.२ प्रतिशत आंशिक कार्यान्वयन भएको र ४५.५ प्रतिशत सिफारिस कार्यान्वयन नभएको आयोगले राष्ट्रपति समक्ष पेश गरेको प्रतिवेदनमा उल्लेख छ। आर्थिक वर्ष २०७९/०८० मा मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा आयोगले ६६ जनालाई दोषी किटान गऱ्यो। ३ सय ५८ जनालाई

कारबाहीको लागि सिफारिस गरेकोमा ३७ मात्र कारबाहीको दायरामा आए। (राष्ट्रिय मानव अधिकार आयोग, २०८०)

आयोगले सार्वजनिक गरेको यो तथ्याङ्कबाट आयोगको सिफारिसको कार्यान्वयनको अवस्था निकै कमजोर छ। आयोगको सिफारिसलाई कार्यान्वयन गर्न सरकार उदासिन छ। नेपालका मानव अधिकार तथा नागरिक संस्थाहरूको सङ्घर्षको प्रतिफलका रूपमा स्थापित र सचेत निगरानीका कारण 'क' श्रेणीमा कायम रही आएको राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको संरक्षण र संवर्द्धनमा तत्पर र समर्पित हुनु आवश्यक छ।

राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जालले राष्ट्रिय मानव अधिकार आयोग, नेपालको श्रेणी 'क' मा नै कायम गऱ्यो। वर्तमान संविधान जारी हुनुभन्दा अघिको राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ लाई विस्थापित गर्दै आयोगलाई पेरिस सिद्धान्त (१९९३) अनुसार अझ बढी स्वायत्त र प्रभावकारी बनाउने गरी नयाँ कानुनको निर्माण गर्ने प्रकृयाको गति बढाउने सरकारको प्रतिबद्धतालाई सार्थक कार्यान्वयन गर्नु आवश्यक छ।

राष्ट्रिय मानव अधिकार आयोगलाई नेपाल सरकारले विनियोजन गरेको रकम दुई वर्षदेखि घटेको छ। चार वर्षको बजेटलाई विश्लेषण गर्दा २०७६/०७७ मा भन्दा २०७७/०७८ मा सरकारले आयोगलाई बजेट बढाएर विनियोजन गरेको छ। तर, सोही वर्ष आयोगले ५८ प्रतिशत रकम खर्च गर्न सकेन।

मानव अधिकारसम्बन्धी दायित्वको कसीमा प्रदेश सरकारहरू

सङ्घीय सरकार तथा प्रदेश सरकारका एक वर्षमा भएका कार्यहरू सम्झन लायक पाइएन। आफ्ना नियमित प्रशासनिक काम, तालिका अनुसार नीति तथा कार्यक्रम, बजेट प्रस्तुत बाहेक मानव अधिकारमैत्री क्रियाकलाप र निर्णय प्रदेश सरकारहरूले गरेको पाइएन। सरकार बनाउने, विश्वासको मत लिने, गठबन्धन र यसैको फेरबदलजस्ता काममा मात्रै राजनीतिक दल र सरकारको समय व्यतित भएको पाइयो। नीति तथा कार्यक्रममा मानव अधिकारमैत्री केही विषयको सम्बोधन गरे पनि सो अनुसारका काम अघि बढाउन प्रदेश सरकारहरू सफल हुन सकेनन्।

मञ्जुषा ३.२.५ कोशी प्रदेश – नौ महिनामा नै सरकार गठनका सबै विकल्पको प्रयोग

कोशी प्रदेशको मुख्यमन्त्रीमा केदार कार्की नियुक्त भए। कार्कीको पक्षमा ४७ प्रदेशसभा सदस्यले सनाखत गरेपछि प्रदेश प्रमुख परशुराम खापुङले संविधानको धारा १६८(५) अनुसार मुख्यमन्त्री नियुक्त गरे। कोशी प्रदेशको मुख्यमन्त्रीका लागि कार्कीसँगै माओवादी केन्द्रका संसदीय दलका नेता इन्द्र आङ्बोले पनि दावी पेस गरेका थिए। कांग्रेस प्रदेशसभा सदस्य कार्कीले कांग्रेसका आठ प्रदेशसभा सदस्य र एमालेका ३९ प्रदेशसभा सदस्यको हस्ताक्षर बुझाएका थिए भने आङ्बोले कांग्रेससहित चार दलका संसदीय दल नेताको समर्थन लिएका थिए।

कोशी प्रदेशमा राजनीतिक अस्थिरता

प्रदेश सभाको पहिलो कार्यकालको पाँच वर्ष र दोस्रो कार्यकालको औपचारिक सुरुआत भएको ६२ औँ दिनमा २०७९ साल फागुन १७ गते बसेको प्रदेश सभाले कोशी प्रदेश नाम पारित गऱ्यो। ९३ सदस्यीय प्रदेश सभामा कोशी नामको पक्षमा ८२ मत पऱ्यो। उक्त दिन ८७ सांसद उपस्थित थिए। प्रदेश सरकारले राजनीतिक स्तरमा सहमति जुटाएपछि प्रदेश सभाले प्रदेशको नामाकरण गरेको हो। नामाकरणमा पहिचान पक्षधर असन्तुष्ट पक्षद्वारा गरिएको आन्दोलनका क्रममा एकको मृत्यु भयो। कोशी प्रदेश नामाकरणको विरोधका क्रममा चैत ५ गते प्रहरीको कुटपिटबाट घाइते भएका लाजेहाङ लिम्बूको उपचारका क्रममा चैत १० गते मृत्यु भयो। सरकारले चैत २४ गते सहिद घोषणा गर्ने निर्णय गऱ्यो। त्यसयता पहिचान पक्षधरले विभिन्न स्वरूपमा विरोधका कार्यक्रमहरू गरिरहेका छन्।

प्रदेश सभाको अघिल्लो कार्यकालमा तीन जना मुख्यमन्त्री भएका कोशी प्रदेशमा २०७९ पुस २५ गतेयता पाँच पटक मुख्यमन्त्रीको नियुक्ति भइसकेको छ। प्रदेशसभाको अङ्कगणित र राजनीतिक दाउपेचका कारण सरकार बनाउने र हटाउनेमै नौ महिना व्यतित भयो।

प्रदेशसभाको बहुमतबाट २०७९ पुस २५ गते मुख्यमन्त्री बनेका हिक्मतकुमार कार्कीले २०८० असार १५ गते विश्वासको मत गुमाए। त्यसपछि दुईपटक नेपाली कांग्रेसका उद्धव थापाले मुख्यमन्त्रीको सपथ लिए पनि संविधान प्रतिकूल भएको भन्दै सर्वोच्च अदालतले बर्खास्त गऱ्यो। एकपटक बहालवाला सभामुखको हस्ताक्षरसहित सरकार गठनका लागि गरिएको पहलमा अदालतले रोक लगायो भने अर्कोपटक सभामुखको आसनमा रहेका इस्राइल मन्सुरीलेसमेत मतदान गरेपछि अदालतले गैरकानुनी ठहऱ्यायो। सोसँगै

पुन: एमालेका हिक्मतकुमार कार्की मुख्यमन्त्री बने। उनले विश्वासको मत पाउने वातावरण नबनेपछि २०८० असोज २० गते राजीनामा दिए। त्यसपछि नेपाली कांग्रेसका आठ जना र एमालेका सांसदको हस्ताक्षरसहित प्रदेश प्रमुखकोमा सनाखत गरेपछि नेपाली कांग्रेसका केदार कार्की २०८० असोज २७ गते मुख्यमन्त्री बने।

कर्णाली सरकारले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा 'कर्णाली समृद्धि' अभियान मार्फत वार्षिक १० हजार जनालाई रोजगारी दिने घोषणा गऱ्यो । तर आर्थिक वर्षको आधा समय सकिँदा पनि रोजगारी सिर्जनाका कुनै कार्यक्रम सरकारले सुरु गरेन।

अन्य प्रदेश सरकारहरूले पनि नीति तथा कार्यक्रममा मानव अधिकारका विषयलाई समावेश गरेका छन्। तर, कार्यान्वयनको प्रगति विवरण यो वर्षको अन्त्यसम्म सार्वजनिक भएन। (प्रदेशगत मानव अधिकारको प्रदेश सरकारकै दावी हेर्नुहोस् परिच्छेद-६)

सङ्घीयता कार्यान्वयनका अवरोध

सङ्घीयता कार्यान्वयनमा आएको आठ वर्ष पूरा भयो। तर, निजामती कर्मचारी, शिक्षा, स्वास्थ्य, प्रहरीजस्ता विधेयक निर्माण गरिएको छैन। अन्तिम चरणमा पुगेको निजामती सेवासम्बन्धी विधेयक सरकारले संसद्बाट फिर्ता लियो। प्रदेश प्रहरी समायोजन भएको छैन। यो वर्षको अन्त्यतिर बागमती प्रदेशको राजधानी हेटौँडामा सातै प्रदेशका मुख्यमन्त्रीले बैठकको आयोजना गरी सङ्घीय सरकारको ध्यानाकर्षण गराउनु पऱ्यो। हेटौँडा भेलाले प्रहरी समायोजन, सङ्घीय निजामती सेवा ऐन जारी, साझा अधिकारका विषयका कानुन निर्माणमा सहकार्य, राष्ट्रिय वनलगायतका प्राकृतिक स्रोतको उपयोग एवम् राजस्व बाँडफाँट, वित्तीय हस्तान्तरण, सवारीचालक अनुमतिपत्र र सवारीसाधन कर/शुल्कसम्बन्धी सफ्टवेयर प्रणाली प्रदेशबाट नै सञ्चालन गर्ने व्यवस्थाका लागि पुन: सङ्घ सरकारको ध्यानाकर्षण गरायो। सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन बनेको तीन वर्षपछि पहिलोपटक २०८० असार १७ गते तीन तहका सरकारबीच औपचारिक संवाद भयो। प्रधानमन्त्री पुष्पकमल दाहालको नेतृत्वको बैठकले परिषद्को कार्यविधि पारित गर्ने, सङ्घीय निजामती सेवा ऐन, सङ्घीय शिक्षा ऐनसहितका ऐनका लागि विधेयक अगाडि बढाउने, विकास आयोजनामा दोहोरोपन हटाउने निर्णय लियो। बैठकमा जनशक्ति व्यवस्थापन, संविधानको अनुसूची ९ मा रहेका तीन तहका साझा सूचीका अधिकार कार्यान्वयनका लागि कानुन बनाउने र जग्गा प्राप्तिलगायत विषयमा निर्णय भएपनि मध्य पुससम्म कार्यान्वयनको स्थिति सार्वजनिक भएन।

सुशासन र मानव अधिकार

सबै दल र नागरिकको अत्यधिक सरोकारको विषयको रूपमा सुशासन रहृयो। नेपालको १५ औँ आवधिक योजना (०७६/७७-०८०/८१)को मध्यावधि समीक्षा प्रतिवेदनले तीन वर्षयता शासकीय सुधारमा कुनै प्रगति हुन सकेको देखाएन। सुशासनका आठ सूचकमध्ये दुई ओटाले लक्ष्य प्राप्त गरेको, एउटा लक्ष्यउन्मुख रहेको, तीन ओटाले लक्ष्य प्राप्त गर्न कठिन रहेको र दुई ओटाको जानकारी प्राप्त नभएको प्रतिवेदनमा उल्लेख छ। आवधिक योजनाका मुख्य १० राष्ट्रिय लक्ष्य छन्। तिमध्ये चार ओटाले हरियो, पाँच ओटाले पहेँलो र एउटाले रातो सङ्केत प्राप्त गरेका हुन्। अपेक्षित उपलब्धि कमजोर रहेकामा विधिको

मञ्जुषा ३.२.६ वित्तीय सङ्घीयता

राज्यको स्रोतसाधन, कार्य जिम्मेवारी र शासन संरचनालाई शासकीय एकाइमा वैज्ञानिक र वैधानिक रूपले बाँडफाँड गर्न नसक्दा राजश्वको परिचालन, वित्तीय हस्तान्तरण र खर्च जिम्मेवारीका विषयमा विवादहरू थपिँदो छ। विवाद घटाउनुको साटो छलफल नबढाउँदा विवाद झाँगिँदो छ। समृद्ध दीर्घकालीन लक्ष्य प्राप्ति गर्न सम्बन्धित सरोकारवालाको प्रभावकारी सहकार्य, समन्वय र योगदानको सहकार्यता महत्त्वपूर्ण विषय हो। यस्तो सहकार्यता तीनै तहका सरकारमा हुनु आवश्यक छ। तहगत सरकारहरूको लय र ताल नमिल्दा सङ्घीयताप्रतिको वितृष्ण बढिरहेको छ। सङ्घीयतालाई स्थापित गराउनका लागि वित्तीय सङ्घीयताको अभ्यास अनिवार्य सर्त हो। वित्तीय सङ्घीयतालाई व्यवस्थित गर्ने सन्दर्भमा संविधानले नै पर्याप्त मार्गनिर्देश गरेको छ। यसका साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक तथा वित्त आयोग ऐन २०७४ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ नियमावली २०७७ समपूरक अनुदानसम्बन्धी कार्यविधि र विशेष अनुदानसम्बन्धी कार्यविधि जस्ता कानुनी व्यवस्था गरिएको छ। भएका कानुनी र नीतिगत व्यवस्थालाई व्यवहारमा नउतार्दा सरकारको कामप्रति प्रश्न उठेका छन्।

शासन सूचकाङ्क, विश्वव्यापी प्रतिस्पर्धी सूचकाङ्क र व्यवसाय सहजीकरण सूचकाङ्क छन् (रिजाल, २०७९)।

प्रधानमन्त्रीको रूपमा शपथ लिँदा पुष्पकमल दहालले प्राथमिकतामा राखेको विषय भए तापनि संवैधानिक मार्गदर्शन र व्यवस्था परिवर्तन पछिको परिदृष्यमा यो विषयको समाधान गर्न राज्य र सबै राजनीतिक क्षेत्र क्रियाशील हुनसकेको पाइएन। निजामती ऐन संशोधनले प्राविधिक समस्याको समाधान गर्ला तर त्यसले कर्मचारीतन्त्रमा व्याप्त 'राणाकालीन मानसिकता' र त्रासदीपूर्ण अवस्थाको निरूपण गर्न सक्दैन। दुई ओटा मुख्य विषयमा अझै पनि राजनीतिक क्षेत्रको बेवास्ता कायमै छ। नागरिक सर्वोच्चता र कानुनी शासनको लोकतान्त्रिक परिभाषाबिच बेमेल देखियो। नागरिकले गर्न चाहेको काममा राज्यले सहजीकरण गर्ने, सो को अनुगमन नियन्त्रण र कारबाही गर्ने काम राज्यको हो। कानुनले तोकेको छैन भनेर नागरिकको सिर्जनशीलतालाई राज्यले रोक्ने छेक्ने कार्य गर्न मिल्दैन। कानुनले नगर्नु भनेर स्पष्टरूपमा भने बाहेकको कुनैपनि कार्य गर्न नागरिक स्वतन्त्र हुन्छन्। तर नेपालको सार्वजनिक प्रशासन अहिले पनि सरकारले भनेको, बनाएको कानुन नियम कार्यविधि भन्दा बाहिरको सोच राख्नै नदिने रोगले ग्रस्त छ। राज्यको नीतिलाई कार्यान्वयनमा लैजाने कर्मचारीतन्त्रको दुर्दशालाई आमूल परिवर्तन गर्न नसकुन्जेल कुनै पनि योजना र उद्धेश्य पूरा हुन सक्दैन। कार्यविधि अनुसारको प्रकृया पूरा गर्न लागेको लामो समयका कारण भूकम्प पीडितले राहत पाउन नसकेर तीन दर्जन मानिसले ज्यान गुमाइसकेको वर्तमानबाट शिक्षा लिनुपर्छ र जनप्रशासनमा आमूल परिवर्तन अहिलेको मुख्य एजेण्डा बन्नु पर्छ।

मञ्जुषा ३.२.७ हेटौंडा बैठकमा गरिएका प्रमुख सहमति र निर्णय

- अनुदानमा दोहोरोपन बन्द गर्न अर्थसचिव नेतृत्वमा कार्यदल
- विकास योजनामा भएको दोहोरोपन हटाइने
- साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन बनाउन सहकार्य गरिने
- प्रमुख प्रशासकीय अधिकृतलाई 'अस्थिर नबनाउने' सहमति
- तथ्याङ्कको अभिलेखीकरण प्रणाली विकास गर्न कार्यदल
- जग्गा प्राप्ति सहज बनाउने
- तीन तहका सरकारबीच समन्वय र सहकार्य गर्ने

निष्कर्ष

सन् २०२३ मा मानव अधिकारसम्बन्धी विषयले प्राथमिकता पाएनन्। सरकार मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका सवालमा सरकार सरदरभन्दा माथि उठ्न सकेन। राजनीतिक दलहरूको केन्द्रमा जनताका अधिकारका सवाल विगतमा झैं यस वर्ष पनि पर्न सकेनन्। दलहरूको ध्यान मूलतः सत्ता राजनीतिमा केन्द्रित हुँदा कार्यपालिकाले कसरी सत्ता टिकाउने र लम्ब्याउने भन्नेतिर आफ्नो ध्यान केन्द्रित गर्ने प्रवृत्ति यो वर्ष पनि निरन्तर रह्यो। जीवनको अधिकार संरक्षणमा सरकारले ध्यान दिन सकेन। संयमता अपनाउनु पर्ने ठाउँमा पनि प्रहरीले बल प्रयोग गर्दा मानिसको ज्यान गएका घटना दोहोरिए। कारागार र बालसुधार गृहलाई सुधार गृहको रूपमा विकास गर्ने लक्ष्य लिइएको भए पनि प्रगति देखिएन। सरकार बाल संरक्षणसम्बन्धी दायित्वमा विमुख हुन गएकोले दुई जना बालकको मृत्यु भयो। विभिन्न घटनामा सरकार जनसरोकार विषयबाट

मञ्जुषा ३.२.८ राष्ट्रपति कार्यालयको विज्ञप्ति

राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन,
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको छ । उक्त विधेयक प्रमाणीकरण गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यूले "मिति २०७९।०४।१५ मा प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ संघीय संसदको दुवै सदनबाट पारित भई प्रतिनिधि सभाका तत्कालीन सभामुखज्यूबाट मिति २०७९।०४।१५ मा प्रमाणित गरी तत्कालीन राष्ट्रपतिज्यूसमक्ष प्रमाणीकरणका लागि पेश भएकोमा केही विषयहरूमा ध्यानाकर्षण सहित पुर्नविचारका लागि संघीय संसदमा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयहरूमा संघीय संसदका दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः २०७९/०५/२० गते राष्ट्रपतिज्यूसमक्ष पठाइएकोमा हालसम्म उक्त विधेयक ऐन बन्नको लागि प्रमाणीकरण नभएकोले विभिन्न अवस्था र स्थिति समेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको मिति २०८०।०२।१२ को निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मिति २०८०।०२।१२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको म.बै. ३२१/६९७४ को पत्रबाट लेखी आएकोमा नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत बमोजिम विधेयक प्रमाणीकरण गरेको छु ।" भन्ने व्यहोरा उल्लेख गर्नु भएको छ ।

२०८० साल जेठ १७ गते बुधबार ।

(शैलजा रेग्मी भट्टराई)
प्रवक्ता

विमुख रहयो। शिक्षा, स्वास्थ्य, उपभोक्ता अधिकार, वातावरण, आवासको अधिकार, आश्रित तथा पछाडि पारिएका व्यक्ति र समुदायको संरक्षणका सवालमा सरकारले गर्नुपर्ने काम र भएका नीति कार्यान्वयन यो वर्ष पनि सन्तोषजनक भएन। सङ्क्रमणकालीन न्यायका बाँकी काम सम्पन्न गर्नुपर्नेमा यस सम्बन्धमा सरकारको परिणाममुखी तदारूकता देखिएन।

सुझावहरू

१. नेपालको संविधान (२०७२) मा उल्लेखित मौलिक हकमा व्यवस्था गरिएका शिक्षा, स्वास्थ्य, आवास लगायतका आधारभूत अधिकार परिपूर्तिका लागि तीनै तहका सरकार गम्भीर हुनु आवश्यक छ।
२. सरकारको अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको निर्वाध उपभोग गर्ने वातावरण तयार गर्ने दायित्व पूरा गर्नुपर्छ।
३. मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन संयन्त्र र कार्ययोजना लागु गर्न तीनै तहका सरकारले ध्यान पुऱ्याउनुपर्छ।
४. नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा जनाएका प्रतिबद्धताअनुरूप विश्वव्यापी आवधिक समीक्षा, सन्धिजनित समितिका सुझाव, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगलगायत विषयगत आयोगबाट प्राप्त सिफारिस कार्यान्वयनका लागि कार्ययोजना तर्जुमा गरी बजेट र कार्यक्रमको व्यवस्था मिलाउनु पर्दछ।
५. दिगो विकास लक्ष्य प्राप्तिका लागि विकास र वातावरणमा मानव अधिकारलाई जोड्दै सीमान्तकृत वर्ग, असहाय, गरिबीको रेखामुनिका नागरिकको मानव अधिकारलाई सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयात्मकरूपले प्रभावकारी ढङ्गमा अगाडि बढाउनु पर्दछ।

सन्दर्भ सामग्री

इन्सेक (२०८० भदौ १५ गते), *बाल सुधार गृह, सानोठिमी, भक्तपुरमा एक जनाको मृत्यु भएको र बाल सुधार गृहमा क्षति पुऱ्याइ बालबालिका बाहिरिएको घटनाको स्थलगत अध्ययन प्रतिवेदन*, इन्सेक।

https://inseconline.org/np/wp-content/uploads/2023/09/Bhaktapur-Juvenile_Incident-2.pdf

नेपाल कानुन आयोग (२०७५), *स्थानीय प्रशासन ऐन २०२८*, नेपाल कानुन आयोग।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (२०७९ मङ्सिर), *मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिश कार्यान्वयन कार्ययोजना*, पृ. १२, १३, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा।

राष्ट्रिय मानव अधिकार आयोग, (२०८०, मङ्सिर) *२३ औं वार्षिक प्रतिवेदन, २०८०*, पृ.३८, ३९, राष्ट्रिय मानव अधिकार आयोग।

राष्ट्रिय मानव अधिकार आयोग, (२०७८ वैशाख), *मानव अधिकारः जान्नु पर्ने कुरा*, राष्ट्रिय मानव अधिकार आयोग।

रिजाल, कृष्ण (२०७९ माघ २९) *रेड जोनमा 'सुशासन'*, नयाँपत्रिका।

https://nayapatrikadaily.com/news-details/107196/2023-02-12

शर्मा, राजेश (२०८०, मङ्सिर) सरकारी बेवास्ताको चपेटामा बाल सुधार गृह, *प्राची*, पृ.९७, इन्सेक।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासङ्घबिच सहमति, (२०८०, असोज, ५ गते)।

परिच्छेद

३

३.३ राज्य र मानव अधिकार

व्यवस्थापिका

कानुन निर्माणमा अलमल

शीर्ष नेताहरूको निरासाजनक उपस्थिति र संसद बाहिरै सकृयता

संसद अवरोध की कानुन निर्माणमा अवरोध ?

संसदप्रति सरकारको जबाफदेहिताको अवस्था

सङ्घीय संसदका समितिहरूको गठन

संसदीय सनुवाइ समितिः प्रकृया र औपचारिकता

सङ्क्रमणकालीन न्यायका सवालमा अकर्मण्यता

प्रदेश सभाहरू : विधेयक निर्माणमा अलमल

परिचय

पहिलो पाँच वर्षको सिकाइका आधारमा कार्यसम्पादनमा प्रभावकारिता ल्याउनुपर्ने अपेक्षा गरिएको भए पनि सन् २०२३ मा सङ्घीय संसद र प्रदेश सभा अपेक्षाअनुसार प्रभावकारी हुन सकेनन्। मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागू गर्ने दायित्वबाट विमुखप्राय: रहेको संसद सत्ता परिवर्तनमा व्यस्त भयो। अधिकांश प्रदेश सभाहरूमा पनि यस्तै कृयाकलाप भए। मधेश प्रदेशमा त एउटा पनि कानुन बन्न सकेन। प्रदेश सभाहरूमा पनि सङ्घको जस्तै सत्तापलटको छाँया परिरहृयो। सन् २०२३ व्यवस्थापिकाका लागि महत्त्वपूर्ण थियो। सङ्घीय संसदको पहिलो कार्यकाल पूरा भई २०७९ मङ्सिरमा सम्पन्न भएको दोस्रो आमनिर्वाचनबाट निर्वाचित प्रतिनिधि सभा र सात ओटै प्रदेश सभाले एक वर्षको अवधि पूरा गरे।

राज्यशक्तिलाई तीन तहमा विभाजन गरेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा व्यवस्थापिकीय अङ्ग रहने र तत्तत् निकायबाट कानुन निर्माण हुने परिकल्पना गरेको छ (धारा ५६, २०७२)। सङ्घमा प्रतिनिधि सभा र राष्ट्रिय सभासहितका दुई सदनात्मक सङ्घीय संसद, प्रदेशमा एक सदनात्मक प्रदेश सभा र स्थानीय तहमा गाउँसभा र नगरसभाको प्रबन्ध गरिएको छ (धारा ८३, धारा १७५, धारा २२१, २०७२)। यस आलेखमा सङ्घीय व्यस्थापिका र प्रदेश व्यवस्थापिकाले वर्षभर गरेका कामको सङ्क्षेपमा विश्लेषण गरिएको छ।

कानुन निर्माणमा अलमल

यो वर्ष सङ्घीय संसदले एउटा मात्र कानुन निर्माण गर्नसक्यो। बजेटसँग सम्बन्धित तीनओटा बाहेक सङ्घीय संसदले थप एउटामात्र विधेयक पारित गऱ्यो। संसदमा विचाराधीन सङ्क्रमणकालीन न्यायसमेतका दुई दर्जन विधेयक टुङ्गोमा पुग्न सकेनन्। यस तथ्यका आधारमा भन्नैपर्छ मुलुकको प्रमुख व्यवस्थापिका आ-आफ्नो प्रमुख कार्यभारबाट विमुख भयो।

प्रतिनिधि सभाको पहिलो कार्यकालको अन्त्यतिरबाट टाढिएको राजनीतिक दलहरूबीचको दूरी प्रतिनिधि सभाको दोस्रो कार्यकालमा पनि सुधार हुन सकेन। संसदको प्रमुख ध्यान सरकार निर्माण, सरकार निर्माणका लागि गठबन्धन निर्माण, विश्वासको मत र संसद अवरोधमा केन्द्रित हुँदा आफ्नो प्रमुख कार्यबाट विमुख हुन पुगेको तथ्यको पुष्टि गर्न यस वर्षका संसदीय गतिविधि पर्याप्त रहे। यो वर्ष सरकारलाई पटक-पटक विश्वासको मत दिने (एमालेसहित) र बजेट पारित गर्ने बाहेक मानव अधिकार, मौलिक हकको कार्यान्वयन तथा जनजीविकासँग जोडिएका कानुन निर्माण गर्ने कार्यमा सङ्घीय संसदले अग्रसरता देखाएको पाइएन। विगतका वर्षहरूझैँ यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति, शीर्ष नेताहरूको नगन्य उपस्थिति हुने क्रमले निरन्तरता पायो। व्यवस्थापकीय कार्य शीर्ष नेताहरूको प्राथमिकतामा परेन।

यस वर्षका दुवै अधिवेशनमा प्रधानमन्त्री तथा मन्त्रीहरूसँगको प्रश्नोत्तर नियमित भएन भने सदनको शून्य र विशेष समय समेत प्रभावकारी देखिएन। सदनमा राष्ट्रिय सरोकार र जनजीविकाका विभिन्न विषयमा सांसदहरूले सरकारको ध्यानाकर्षण गर्न व्यक्तिगत रूपमा शून्य समय र दलीय रूपमा विशेष समय पाउँछन्। यस्तो महत्त्वपूर्ण समयलाई पनि सांसदहरूले आफ्नो दलीय र निर्वाचन क्षेत्रगत विषयमा मात्रै केन्द्रित गरे।

संसदले २०७९ पुस २५ गतेबाट काम सुरु गरेको थियो (राष्ट्रपतिले संविधानको)। प्रतिनिधि सभाको माघ ५ गतेको बैठकले देवराज घिमिरेलाई सभामुख र माघ ७ गतेको बैठकले इन्दिरा रानालाई उपसभामुखमा निर्वाचित गऱ्यो। त्यस्तै, २०७९ माघ २३ गते राष्ट्रिय सभाले रिक्त उपाध्यक्ष पदमा उर्मिला अर्याललाई र तत्कालीन समितिका सभापति मन्त्री बनेपछि रिक्त विधायन व्यवस्थापन समितिको सभापति पदमा जयन्तीदेवी राईलाई निर्वाचित गऱ्यो।

संसदले अघिल्लो वर्षबाटै चर्चामा आएको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई टुङ्गोमा पुऱ्याउन सकेन भने मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने कानुन र नीतिहरू लागु गर्न र सरकारका काम कारबाहीको अनुगमन र निगरानी गर्ने जिम्मेवारीमा समेत संसद निरिह प्राय: रहृयो। संयुक्त राष्ट्रसङ्घका महासचिवले संयुक्त सदनलाई सम्बोधन गर्दा यो विषयलाई प्रमुखताका साथ उठाए। यो वर्ष बसेका सङ्घीय संसदको सभा बैठकमा शून्य समय र विशेष समयमा सांसदहरूले जनजीविकाका सवालमा सरकारको ध्यानाकर्षण गराउन सकेनन्। आफ्नै पार्टी र दलसँग सम्बन्धित विषयमात्र उनीहरूका मूल मुद्दा रहे र त्यस्तै विषयको उठानमा आफ्नो समय व्यतित गरे।

संयुक्त बैठक

यो वर्ष सङ्घीय संसदको दुवै सदनको ६ ओटा संयुक्त बैठक बसे। नेपालको औपचारिक भ्रमणमा रहेका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटरेसको सम्बोधन कात्तिक १४ संयुक्त बैठकमा भयो। प्रतिनिधि सभाको पहिलो तथा राष्ट्रिय सभाको १३ औँ अधिवेशन अवधिमा सङ्घीय संसदको दुवै सदनको एउटा मात्र संयुक्त बैठक बस्यो। २०७९ माघ २७ गते आयोजित दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीको सम्बोधन थियो (प्रतिनिधि सभा, २०८०)। त्यस्तै २०८० वैशाख २४ गतेबाट सुरु भएको प्रतिनिधि सभाको दोस्रो तथा राष्ट्रिय सभाको चौधौँ अधिवेशनमा पाँचओटा संयुक्त बैठक बसेका छन् (प्रतिनिधि सभा, २०८०)। त्यसमध्ये २०८० जेठ ५ गते राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नेपाल सरकारको नीति तथा कार्यक्रम सङ्घीय संसदको दुवै सभाको संयुक्त सदनमा प्रस्तुत गरियो।

शीर्ष नेताहरूको निरासाजनक उपस्थिति र संसद बाहिरै सकृयता

संसदमा रहेका दलहरू र खासगरी शीर्ष नेतृत्वका व्यवहारबाट संसदको उपेक्षा हुन गएको देखिन्छ। जननिर्वाचित प्रतिनिधिहरूको महत्त्वपूर्ण थलो संसद जहाँ कानुन निर्माण गरिन्छ र जनजीविका लगायत जनताका सवालमा आवाज उठाउने, छलफल गर्ने महत्त्वपूर्ण भूमिका हुनु पर्नेमा संसदका बैठकमै सांसद उपस्थिति निराशाजनक देखियो। विगतमाझैँ यस वर्ष पनि संसदका बैठकहरूमा सांसदहरूको न्यून उपस्थिति रहृयो भने राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति पनि सदाझैँ नगन्य रहृयो। राजनीतिक दलका शीर्ष नेताहरूको उपस्थिति नहुँदा अन्य सांसदहरूको उपस्थिति पनि ६० प्रतिशतमाथि नभएको संसदको अभिलेखमा देखिन्छ।

सङ्घीय संसदको अधिवेशन निष्प्रभावी बन्न पुगेको मात्र होइन संसद सरकार भत्काउने र बनाउने थलोको रूपमा मात्रै प्रयोग भयो। सरकार बनेको चार महिनामा एउटै प्रधानमन्त्रीले दुईपटक विश्वासको मत लिनु परेको थियो (हाम्राकुरा, २०८०)। प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रतिनिधि सभाको पहिलो अधिवेशनमा पहिलोपटक पुस २६ गते र नेकपा एमाले फागुन १५ गते सरकारबाट फिर्ता हुने निर्णय गरेपछि चैत ६ गते दोस्रो पटक संसदबाट विश्वासको मत लिनु पऱ्यो। दोस्रो ठूलो दलको समर्थनमा प्रधानन्त्रीले पहिलोपटक विश्वासको मत लिँदा संसदको पहिलो ठूलो दल नेपाली काङ्ग्रेसले पनि प्रधानमन्त्रीको पक्षमा मतदान गरेको थियो।

संसद अवरोध कि कानुन निर्माणमा अवरोध ?

मुलुकका महत्त्वपूर्ण विषयमा गम्भीर छलफल हुनुपर्ने संसद भिन्नभिन्न सन्दर्भमा फरक फरक सवाल प्रस्तुत गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पटक-पटक अवरोध गरिरहृयो। राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण(सङ्घीय संसद), जिल्ला निर्वाचन कार्यालयलाई जिल्ला प्रशासन कार्यालय मातहत राख्ने निर्णय, पशुपतिनाथको जलहरिबारे एक सतारूढ सांसदले संसदमा प्रश्न उठाएको विरोधमा, प्रधानमन्त्रीले भारतसँग भूमि साटफेर गर्न सकिने अभिव्यक्तिमा आपति जनाउँदै, प्रधानमन्त्री दाहाल (प्रचण्ड)ले आफूलाई प्रधानमन्त्री बनाउन सरदार प्रितम सिंह बारम्बार दिल्ली धाएको भन्ने अभिव्यक्ति दिएपछि, उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले सुन प्रकरणबारे जवाफ दिनुपर्ने र सुन तस्करीको छानबिन गर्न उच्चस्तरीय समिति बनाउनुपर्ने मागसहितका विषयहरूमा एमालेले संसद अवरोध गरेको थियो।

यसरी, खासगरी कार्यपालिकासँगको आक्रोश संसदमा पोखिँदा समग्र विधायिकाबाट अपेक्षा गरिने कानुन निर्माणप्रतिको ध्यान, चासो, विधिको शासनका सवालमा सरकारसँग विधायकहरूको जवाफदेहिताको खोजी र सकृयता ओझेलमा पर्न गएको देखिन्छ। यस वर्ष सङ्घीय संसदको दुवै सदनका दुईओटा अधिवेशन आह्वान भए। प्रतिनिधि सभाको पहिलो अधिवेशनमा २८ र दोस्रो अधिवेशनमा ६५ गरी जम्मा ९३ बैठक बसे (घिमिरे, २०८०) तर आर्थिक वर्ष २०८०/०८१ को बजेटसँग जोडिएका विनियोजन, राष्ट्र ऋण र आर्थिक गरी तीन ओटा विधेयक तथा राष्ट्रिय सभामा उत्पत्ति भएको अनुचित लेनदेनसम्बन्धी विषय समेटिएको मुलुकी संहितासम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेशलाई प्रतिस्थापन गर्ने विधेयक संविधानले निर्दिष्ट गरेभन्दा ढिलो गरी पारित(राष्ट्रपतिबाट २०८०) गरेबाहेक अरू कुनै विधेयक पारित गर्न सकेन। प्रतिनिधि सभामा २०७९ फागुन २५ गते दर्ता भएको सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकसहित १० ओटा र राष्ट्रिय सभाले पारित गरी पठाएका आठ ओटा विधेयक विचाराधीन रहेता पनि सभाले कुनै विधेयक पारित गरी राष्ट्रिय सभामा पठाउन सकेको छैन भने राष्ट्रिय सभाले पारित

गरी पठाएका दुईओटा विधेयक त सभामा प्रस्तुत समेत गर्न सकेको छैन।

यो वर्षको अन्त्यसम्ममा प्रतिनिधि सभामा २० ओटा विधेयक विचाराधीन रहेका छन्। त्यसमध्ये प्रतिनिधि सभामा उत्पत्ति भएका राष्ट्रिय सभाले पारित गरी पठाएका दश/दश ओटा रहेका छन्। यसअघि प्रतिनिधि सभाको पहिलो कार्यकाल सकिँदा राष्ट्रिय सभाले पारित गरी प्रतिनिधि सभामा पठाएका पाँचसहित २६ विधेयक प्रतिनिधि सभाबाट र प्रतिनिधि सभाले पारित गरी पठाएको एउटा विधेयक राष्ट्रिय सभाबाट निष्क्रिय भएका थिए (संसद दर्पण, २०७९)।

विधेयक व्यवस्थापनको प्रश्नमा राष्ट्रिय सभाले तुलनात्मक रूपमा राम्रो काम गरेको देखिन्छ। यस अवधिमा प्रमाणीकरण भएका चार विधेयकबाहेक राष्ट्रिय सभाले १० ओटा विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको छ भने सभामा एक र सभा अन्तर्गतको समितिमा दुई गरी तीनओटा विधेयक विचाराधीन अवस्थामा रहेका छन्। यो वर्ष राष्ट्रिय सभाको १३ औँ अधिवेशनमा १९ र १४ औँ अधिवेशनमा ४८ गरी जम्मा ६७ ओटा बैठक बसेका थिए। राष्ट्रिय सभाबाट १३ औँ अधिवेशन अवधिमा दुईओटा र १४ औँ अधिवेशनको अवधिमा एउटा विधेयक फिर्ता भएका थिए।

प्रतिनिधिसभामा दर्ता भएका औषधी तथा स्वास्थ्य सामग्री (नियमन तथा नियन्त्रण) विधेयक (गैरसरकारी), बैंकिङ कसुर तथा सजाय विधेयक र भन्सार विधेयक सदनमा पेस भएको छैन। राष्ट्रिय सभाले पारित गरी पठाएका राष्ट्रिय मर्यादासम्बन्धी विधेयक र विद्युतीय व्यापार विधेयक प्रतिनिधिसभामा पेश हुन सकेको छैन। अन्य विधेयकहरू सभा र समितिमा विचाराधीन रहेका छन्। राष्ट्रिय सभातर्फ समितिको प्रतिवेदनसहित अध्यागमन विधेयक सभामा विचाराधीन छ भने दुई ओटा समितिमा विचाराधीन रहेका छन्।

संसदप्रति सरकारको जबाफदेहिताको अवस्था

नेपालको संविधानले प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा सङ्घीय संसदप्रति उत्तरदायी हुने प्रबन्ध गरेको छ (धारा ७६, २०७२)। संसदले उठाएका सवालमा सरकारका मन्त्रीहरूले जवाफ दिनुपर्ने मान्यता अनुरूप यस वर्ष प्रधानमन्त्रीसहित केही मन्त्रीहरूले संसदमा उपस्थित भएर जवाफ दिए। तर समग्रमा सरकार संसदप्रति जबाफदेही हुन नसकेको उदाहरणहरू यस वर्ष पनि देखिएका छन्। विगतका वर्षहरूझैँ संसदलाई छलेर अध्यादेशले शासन गर्ने परिपाटी यस वर्ष कम भए। तर, यो वर्ष पनि अध्यादेशरहित भने हुन सकेन। यस वर्ष सङ्घीय संसदलाई छलेर सरकारले अघिल्लो अधिवेशन अन्त्य भएको पाँच दिनपछि र पछिल्लो अधिवेशन आह्वान हुनुभन्दा चार दिन अगाडि २०८० वैशाख २० गते एउटा अध्यादेश जारी गऱ्यो। सरकारले मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८० (अध्यादेश, २०८०) जारी गरेको थियो। उक्त अध्यादेशले गरेको परिवर्तित व्यवस्था प्रतिस्थापन विधेयकबाट ऐनमा रूपान्तरित भई कार्यान्वयनमा समेत आइसकेको छ।

नीतिगत वा कानुनी प्रश्नमा सरकारको ध्यानाकर्षण गराउन, कुनै नीतिगत प्रबन्ध कार्यान्वयन गर्न वा नयाँ नीति तर्जुमा गर्न वा तत्काल नगरी नहुने कुनै समसामयिक विषयमा संसदमा लिखित रूपमा प्रस्ताव पेश गरी तत्काल छलफल गरी सरकारको ध्यानाकर्षण गराउने औजारका रूपमा प्रस्तावलाई लिइन्छ। सभाका नियमावलीहरूमा सङ्कल्प प्रस्ताव, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव र ध्यानाकर्षण प्रस्तावको व्यवस्था गरिएको छ (नियमावली, २०७५, २०७९)। यो वर्ष प्रतिनिधि सभामा आठ ओटा प्रस्ताव दर्ता भएकोमा कुनै पनि प्रस्तावउपर सभामा छलफल हुन सकेन। पहिलो अधिवेशनमा एक सङ्कल्प र दोस्रो अधिवेशनमा चार सङ्कल्पसहित तीन जरूरी सार्वजनिक महत्त्वका प्रस्ताव दर्ता भएका थिए। राष्ट्रिय सभामा दर्ता भएका दुई सङ्कल्प र एक जरुरी सार्वजनिक महत्त्वको विषयसहित तीन ओटा प्रस्तावमा छलफल भई प्रस्ताव कार्यान्वयनका लागि रूलिङसमेत भएको छ।

प्रतिनिधि सभाको पहिलो अधिवेशनमा सांसद बिनोद चौधरीले अर्थतन्त्र सवल बनाउने सम्बन्धमा सङ्कल्प प्रस्ताव दर्ता गरेको भए तापनि सो सम्बन्धमा छलफल हुन सकेन। त्यस्तै, दोस्रो अधिवेशनमा राष्ट्रिय स्वतन्त्र पार्टीका सुमना श्रेष्ठले नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने गिरोहमा संलग्नलाई कानुनी दायरामा ल्याउने सम्बन्धमा, राष्ट्रिय स्वतन्त्र पार्टीकै डोलप्रसाद अर्यालले संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम बजेटबाट हटाउन र राष्ट्रपतिबाट सजाय माफी दिने प्रक्रिया हचुवा खालको हुन नहुने र सोही पार्टीकै विराजभक्त श्रेष्ठले डेङ्गीको महामारी रोकथाम गर्नुपर्ने लगायत चारओटा सङ्कल्प

प्रस्ताव दर्ता भएका थिए। त्यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीकै सांसदहरूले सुन तस्करीसम्बन्धी विषयमा अध्ययन गर्न र लम्कीस्कीन रोग रोकथामसम्बन्धी विषयमा र एमालेका सांसद लीलानाथ श्रेष्ठले मधेशमा पानी नपर्दा सुख्खाका कारण आएको समस्यालाई सम्बोधन गर्न सुख्खा क्षेत्र घोषणा गर्नुपर्नेसम्बन्धी विषयमा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता गरेका थिए। तर, संसदको दुवै अधिवेशनमा ती कुनै प्रस्तावमाथि छलफल हुन सकेन (घिमिरे, २०८०)।

यो वर्ष राष्ट्रिय सभामा दुई सङ्कल्प तथा एउटा जरुरी सार्वजनिक महत्त्वका प्रस्तावमाथि छलफल भए। तेह्रौं अधिवेशनमा भुवनबहादुर सुनारले दर्ता गरेको दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक-सांस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्नेसम्बन्धी सङ्कल्प प्रस्ताव (सङ्कल्प प्रस्ताव, २०८०) राष्ट्रिय सभामा छलफल भएको थियो। छलफलमा प्रधानमन्त्री स्वयम् उपस्थित भई जवाफ दिएका थिए। राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले सरकारलाई सङ्कल्प प्रस्ताव कार्यान्वयन गर्न निर्देशन दिँदै त्यसको निरन्तर अनुगमन गर्न सभाअन्तर्गतका विषयगत समितिलाई पनि निर्देशन दिएका थिए (कान्तिपुर, २०७९) त्यसैगरी सभाको चौधौं अधिवेशनमा सांसद प्रकाश पन्थले अपाङ्गता भएका व्यक्तिको अधिकार कार्यान्वयन सम्बन्धी सङ्कल्प प्रस्ताव दर्ता गराएकोमा सभाले छलफलपछि प्रस्ताव स्वीकृत गरेको थियो। उक्त सङ्कल्प प्रस्तावउपरको छलफलमा प्रधानमन्त्रीले सभामा जवाफ दिएका थिए।

त्यस्तै मदनकुमारी शाह (गरिमा) ले सुदृढ अर्थतन्त्र निर्माणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नेसम्बन्धी जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव (सार्वजनिक महत्त्वको प्रस्ताव, २०८०) दर्ता गराएकोमा उक्त प्रस्तावमाथि छलफल भएको थियो। छलफलमा उठेका विषयहरूमाथि अर्थमन्त्री डा. प्रकाशशरण महतले जवाफ दिएका थिए।

सरकारउपर निगरानी राख्ने निकै शक्तिशाली उपकरण प्रश्न हो। प्रतिनिधि सभा नियमावलीको परिच्छेद ८ र ९ तथा राष्ट्रिय सभा नियमावलीको परिच्छेद ८ मा प्रश्नोत्तरसम्बन्धी व्यवस्था गरिएको छ। प्रतिनिधि सभाको दोस्रो अधिवेशनमा २०८० जेठ ४, असार ८ र भदौ १२ गते प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर र विभिन्न मन्त्रालयसँग सम्बन्धित १५ ओटा मौखित प्रश्नोत्तर भएका थिए (घिमिरे, २०८०)। प्रतिनिधि सभाको पहिलो अधिवेशनमा विभिन्न मन्त्रालयसँग सम्बन्धित ७६ ओटा प्रश्न दर्ता भएका थिए। ती सबै प्रश्न प्रेम सुवालले दर्ता गराएका थिए। ७६ मध्ये ५५ ओटा मौखिक प्रश्नहरू सभामा टेबुल भएका थिए (सङ्घीय संसद सचिवालय, २०८०)। त्यस्तै सांसद सुमना श्रेष्ठले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित आठओटा लिखित प्रर्शन दर्ता गराएका थिए।

त्यस्तै, दोस्रो अधिवेशनमा प्रेम सुवाल, सुमना श्रेष्ठ, दिलेन्द्रप्रसाद बडु, प्रदीप पौडेल र तेजुलाल चौधरीलगायतले विभिन्न निकायसँग सम्बन्धित १ सय १५ ओटा मौखिक प्रश्न तथा तिनका उत्तरहरू सभामा टेबुल गरिएका थिए (पूर्ववत्)। यो वर्ष राष्ट्रिय सभामा प्रश्नोत्तर हुन सकेन।

सङ्घीय संसदका समितिहरूको गठन

संसदमा विधि निर्माणदेखि निगरानी, अनुगमन र मूल्याङ्कन तथा सरकारउपर नियन्त्रणसम्मका क्रियाकलापमा मुख्य भूमिका संसदीय समितिहरूको हुन्छ। सम्बन्धित सभाका नियमावली अनुसार प्रतिनिधि सभामा १० र राष्ट्रिय सभामा चारओटा विषयगत समिति रहने व्यवस्था गरिएको छ (नियमावली, २०७५, २०७९)। नेपालको संविधानको धारा ५४ र धारा २ सय ९२ बमोजिमका दुई ओटा संयुक्त समितिसमेत गरी १६ ओटा संसदीय समिति स्थायी समितिका रूपमा क्रियाशील छन्। तर, संसदको वास्तविक कार्यशाला वा मिनीसंसदको रूपमा लिइने संसदीय समितिहरू प्रतिनिधि सभाले कार्यारम्भ गरेको लामो समयसम्म पनि गठन हुन सकेनन्। स्थायी सदन राष्ट्रिय सभाका स्थायी समितिहरू क्रियाशील रहिरहेको भए तापनि प्रतिनिधि सभा नियमावली बमोजिमका प्रतिनिधि सभाका १० ओटा समिति र नेपालको संविधान बमोजिमका दुई संयुक्त समिति लामो समयसम्म गठन हुन सकेनन्।

राजनीतिक खिचातानीका कारण पहिलो अधिवेशन समाप्त हुने अन्तिम दिन २०८० वैशाख १५ गते सभामुखले समितिका सदस्यहरूको नाम अनुमोदनका लागि बैठकमा प्रस्तुत गरेका थिए जुन सर्वसम्मत पारित भयो (हिमालखबर, २०८० वैशाख)। तर, तिनै समितिका सभापति चयन हुन थप चार महिना लाग्यो। राजनीतिक भागबण्डा र असमझदारीले लामो समयसम्म समितिका सभापति चयन प्रक्रियामा

संसदमा उपस्थित भएका प्रमुख राजनीतिक दलले नै अग्रसरता लिएनन्।

ढिलै भए पनि गठन भएका संसदीय समितिले सभाको अनुपस्थितिमा सरकारउपरको निगरानीलाई जुन ढङ्गले अगाडि बढाउनु पर्दथ्यो, त्यसो हुन सकेको पाइएन। संसद अधिवेशन चालु नरहेको समयमा समेत संसदको कार्यकालभर नियमित सञ्चालन हुने समितिमा संसदीय काम कारबाही प्रभावकारी ढङ्गले हुने तथा समितिका सदस्यबाहेकका सरोकारवालाले समेत धारणा राख्न पाउने भएको हुँदा सरकारउपरको निगरानीका लागि समितिलाई प्रभावकारी बनाउनु पर्ने मानिन्छ। संसदमा विधि निर्माणदेखि लिएर निगरानी, अनुगमन र मूल्याङ्कन तथा सरकार नियन्त्रणसम्मका क्रियाकलापमा मुख्य भूमिका मिनी संसद अर्थात् संसदीय समितिको हुन्छ।

सीमित संसदीय सुनुवाइ समितिः प्रक्रिया र औपचारिकता

नेपालको संविधान बमोजिम संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधानन्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषद्का सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनु अघि सङ्घीय कानुन बमोजिम संसदीय सुनुवाइ हुने र सोको प्रयोजनका लागि सङ्घीय संसदका दुवै सदनका सदस्यहरू १५ सदस्यीय संयुक्त समिति गठन गरिने व्यवस्था रहेको छ (धारा २९२)। तर त्यस्ता पदमा नियुक्ति हुनुपूर्व संसदीय सुनुवाइ भए तापनि त्यसलाई प्रक्रिया मात्र बनाइयो। सुनुवाइ समिति दलीय सहमति अनुमोदनको थलोमात्र बनेको टिप्पणी हुने गरेको छ।

संविधान अनुसार संसदीय सुनुवाइ प्रकृयाबाट नियुक्त हुने पदका उम्मेदवारले आफ्नो विशेषज्ञता र अनुभव तथा आगामी कार्ययोजनाहरूलाई संसदीय समितिमार्फत् जानकारी गराउने हुँदा आफू पदमा रहँदा आफूले गर्ने नीति निर्माण र निर्णयको सुनिश्चितता गराउँछ। तर, यसलाई परम्परा धान्ने कडीका रूपमा मात्र प्रयोग गरेको अनुभूति भयो। संसदीय सुनुवाइ समितिको सभापति चयन नहुँदा समितिको बैठक ज्येष्ठ सदस्यले गर्ने नियमअनुसार बैठक सञ्चालन हुँदै आएको छ। संसदीय सुनुवाइ समितिको सभापति चयन नहुँदा एकै दिन चार जनासम्मले पटक-पटक बैठकको अध्यक्षता गर्ने अवस्था सिर्जना भयो (हिमालखबर, २०८० वैशाख)।

सङ्क्रमणकालीन न्यायका सवालमा अकर्मण्यता

प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिमा सात महिनादेखि अलपत्र परेको सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक टुङ्गो लाग्न सकेको छैन। विचाराधीन 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१' लाई संशोधन गर्न बनेको विधेयक' मा अधिकांश विषयमा दलबीच समझदारी भए पनि विवादमा रहँदै आएका महत्त्वपूर्ण विषयमा सहमति हुन सकेन। समितिले विचाराधीन विधेयकका अधिकांश बुँदामा सहमति गरेको भए पनि राजनीतिक दलबीच केही बुँदामा असहमति रहेपछि अघि बढ्न सकेको छैन। दफावार छलफलका लागि समितिमा प्राप्त भएपछि समितिले २०८० जेठ ५ गते ११ सदस्य उपसमिति गठन गरी छलफल अगाडि बढाएको थियो।

मञ्जुषा ३.३.१ संसदको संयुक्त बैठकमा राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सङ्क्रमणकालीन न्याय सम्बन्धमा राखेको मुख्य तीन बुँदा

- सङ्क्रमणकालीन न्यायको माध्यमबाट युद्धको घाउ निको पार्दै यसमा उठ्ने प्रश्नहरू र अन्यायद्वारा त्रसित पीडित व्यक्ति, परिवार र समुदायलाई शान्ति दिने र विगतलाई पूर्णविराम दिन मद्दत गर्ने प्रक्रिया हुनुपर्छ।
- सङ्क्रमणकालीन न्यायमा सफलताको सबैभन्दा ठूलो सम्भावना हुन्छ जब यो समावेशी तथा बृहत् हुन्छ र यसको केन्द्रमा पीडितहरू हुन्छन्।
- सत्य, क्षतिपूर्ति र न्यायमा केन्द्रित हुनुपर्ने मात्र होइन महिलाहरू पूर्ण रूपमा सहभागी हुनका अतिरिक्त मानव अधिकार उल्लङ्घनका सबै पीडितहरूले अर्थपूर्ण समाधान पाउन सक्नुपर्छ।

उपसमितिले दफावार छलफलबाट प्राप्त सुझावका आधारमा समितिमा प्रतिवेदन पेस गरेको छ। बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्यकाल चार वर्ष बनाउनेमा उपसमितिमा सहमति जुट्यो। आयोगको कार्यकाल पहिले दुई वर्ष थियो ।

संसदीय समितिले द्वन्द्वकालमा जबरजस्तीकरणी र गम्भीर यौनजन्य हिंसा पीडितले उजुरी दिन पाउने व्यवस्था विधेयकमा थपेको छ । सरकारले यो विषय

नराखी विधेयक ल्याएकोमा दफावार छलफलपछि तयार प्रतिवेदनमा भनिएको छ, 'अध्यक्ष तथा सदस्यको पदमा नियुक्ति भएपछि आयोगले सशस्त्र द्वन्द्वको क्रममा जबरजस्तकरणी वा गम्भीर यौनजन्य हिंसामा परेका पीडित वा निजका तर्फबाट उजुरी दिन छुट भएको भए आयोगमा उजुरी दिन एक पटकका लागि तीन महिनाको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी आयोगले उजुरी माग गर्नेछ (प्रतिवेदन, २०८०)।'

दफावार छलफलका क्रममा दलबीच सङ्क्रमणकालीन न्यायसम्बन्धी मुद्दा सुनुवाइका लागि सर्वोच्च अदालतमा एक इजलास रहने विषयमा पनि सहमति बनेको छ। त्यस्तै, आयोगले पीडित पक्षका लागि सिफारिस गरेको परिपूरणमा चित्त नबुझेमा अदालत जानका लागि कानुनी व्यवस्था गर्ने लगायत विषयमा पनि सहमत भएका छन् ।

तर, सहमति हुन नसकेका विषयहरूमा मानव अधिकारको गम्भीर उल्लङ्घनमा समावेश स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक गरिएको हत्या/दोहोरो भिडन्तबाहेक गरिएको हत्यामध्ये कुनलाई समावेश गर्ने ?, सशस्त्र द्वन्द्वका क्रममा जोडिएका र प्रभावित भएका व्यक्तिहरूलाई कसरी सम्बोधन गर्ने ?, मानव अधिकार उल्लङ्घनका घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ? र घटी सजायका सम्बन्धमा आधार कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोकेर जाने ? भन्ने रहेका छन् (महरा, २०८०) ।

प्रतिनिधिसभामा तीन दर्जन सांसदले १ सय ८६ संशोधन दर्ता गराएका यस विधेयकमा छलफल चलिरहेकै बेला अमेरिका, बेलायत, युरोपेली सङ्घलगायत नेपालस्थित राजदूतहरूले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा त्यसमा अन्तर्राष्ट्रिय मान्यतामा ध्यान पुऱ्याउन भन्दै शीर्ष नेतालाई भेटेर कुटनीतिक लबिङ गरेका थिए । विधेयकमा द्वन्द्वपीडितहरूले जनाइरहेको सरोकार कसरी सम्बोधन हुन्छ भन्ने उनीहरूको चासो थियो ।

प्रदेश सभाहरू : विधेयक निर्माणमा अलमल

विधि निर्माण र कार्यपालिकामाथिको निगरानीका सम्बन्धमा प्रदेश सभाको अवस्था पनि सङ्घीय संसदको भन्दा फरक छैन। सात प्रदेश सभामध्ये कतिपय सभाबाट त यस अवधिमा एउटा पनि नियमित कानुन निर्माणको प्रक्रिया पूरा हुन सकेन। ६ ओटा प्रदेशसभामा निर्धारित समयमा सम्बन्धित प्रदेश सरकारका बजेट पेश भई त्यससँग सम्बन्धित विधेयकहरू पारित भएका छन् भने कोशी प्रदेश सरकारले अध्यादेश मार्फत सार्वजनिक गरेको बजेटलाई प्रदेशसभाले अनुमोदन गरेको छ।

कोशी प्रदेश

कोशी प्रदेश सभाको पहिलो बैठक यस वर्षको पहिलो दिन नै बसेको थियो। यो एक वर्षको अवधिमा कोशी प्रदेश सभाको जम्मा ५५ ओटा बैठक भए। प्रदेश सभाले तीन ओटा मुख्यमन्त्रीको पदमा दुई पटक विश्वासको मत दिएर र सरकारको नेतृत्व हस्तान्तरण गरेको थियो भने एक जना मुख्यमन्त्री प्रदेश प्रमुखबाट नियुक्त भए पनि विश्वासको मत लिनै नपाइ पदमुक्त भएका थिए (यसमा हेर्नुहोस् कार्यपालिका)। साथै प्रदेश सभाबाट पहिलोपटक निर्वाचित सभामुखले ६ महिनाको कार्यकालपछि सरकारको नेतृत्व परिवर्तनका लागि राजीनामा गरेपछि वर्षको अन्त्यसम्म सभामुखको निर्वाचन हुन सकेन। एक वर्षको अवधिमा आठ ओटा विधेयक सभाबाट पारित भएकोमा 'कोशी प्रदेश सामयिक राजस्वसम्बन्धी विधेयक, २०८०' भने प्रदेश प्रमुखबाट प्रमाणीकरण हुन बाँकी छ (उद्घोष, २०८० पुस २०)।

मधेश प्रदेश

प्रदेश सभामध्ये सबै भन्दा लामो चलेको पहिलो हिउँदे अधिवेशन असार ३१ गते अन्त्य हुँदा ३६ ओटा बैठक सम्पन्न भएको थियो (इकागज, २०८०)। यस अवधिमा सात ओटा विधेयक प्रदेश सभामा दर्ता भए। जसमध्ये केही ऐनलाई संशोधन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक, २०७९ र बजेट सहितका आर्थिक विधेयक, २०८० र विनियोजन विधेयक, २०८० गरी तीन ओटा विधेयक मात्र पारित भए भने अन्य चार ओटा विधेयक विषयगत समितिमै रहेका छन्। जसमा प्रदेश खेलकुद विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, स्थानीय सेवाको गठन सम्बन्धमा र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेका विधेयक र मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था विधेयक विषयगत समितिबाट प्रदेश सभामा फर्किएका छैनन्।

मधेश प्रदेशसभामा सात ओटा विषयगत समिति रहेका छन्। समितिले नेतृत्व पाउन यो वर्षको अन्त्यसम्म कुर्नुपऱ्यो। दलीय भागबण्डा नमिल्दा सात

ओटा समितिमध्ये पाँच ओटा समितिको सभापति चयन भइसक्दा पनि दुई ओटा समितिको सभापति यस वर्षको अन्तिम मङ्सिर १४ गतेमात्र चयन भए।

बागमती प्रदेश

यस प्रदेशमा पनि सङ्घीय सरकारको सत्ता गठबन्धनमा आएको परिवर्तनसँग पहिलो अधिवेशनमा नै मुख्यमन्त्री शालिकराम जम्कट्टेलले दुईपटक विश्वासको लिनु परेको थियो। यस अधिवेशनमा १६ ओटा प्रदेशसभाको बैठक बस्यो (नागरिक, २०८०)। यस अधिवेशनमा विधेयक निर्माणको त कुरै छाडौँ ६ महिना पछि संसदीय समिति गठन भए पनि समितिका सभापतिको चयन हुन सकेको छैन।

दोस्रो अधिवेशनमा सरकारको आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित भएको थियो। अधिवेशनमा ३८ ओटा बैठक सञ्चालन हुँदा ध्यानाकर्षण प्रस्ताव र सङ्कल्प प्रस्ताव एक/एक ओटा पारित गरेको छ। त्यस्तै उक्त अवधिमा अर्थसम्बन्धी दुई ओटा विधेयकसहित चार ओटा विधेयकहरू पारित भएको छ। प्रदेश सभाको यस अवधिमा आर्थिक विधेयक २०८० र विनियोजन विधेयक २०८० सहित प्रदेश सरकारी कामकाजी भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र प्रदेश सञ्चार माध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित भएका छन्।

गण्डकी प्रदेश

अघिल्लो वर्षको अन्त्यमा भएको प्रदेश सभाको निर्वाचनबाट निर्वाचित सांसदहरूको यस वर्षको सुरुआतसँगै पुस १८ गते गण्डकी प्रदेश सभाको पहिलो बैठक बसेको थियो। यस एक वर्षको अवधिमा बसेको प्रदेश सभाको पहिलो र चौथो प्रदेश सभामा ५७ बैठक बस्यो भने दोस्रो र तेस्रो अधिवेशन मुख्यमन्त्रीको विश्वासको मत लिनका लागि सञ्चालन गरिएको थियो। सङ्घीय सरकारको सत्ता गठबन्धनमा भएको परिवर्तनले यसबिचमा प्रदेश सभाले दुई जना मुख्यमन्त्रीको नेतृत्वमा सरकार बनायो। सुरुमा बनेको एमालेका सांसद खगराज अधिकारी नेतृत्वको सरकार ढलेपछि कांग्रेसका सांसद सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार बनेको हो। यस प्रदेशको पहिलो बैठकमा गण्डकी प्रदेश निजामती सेवा र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश टेबुल भए। विधेयकका रूपमा टेबुल भएको दुई अध्यादेश संशोधन नै नभई पारित भयो। उक्त अध्यादेश यस अघिका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेल नेतृत्वको सरकारले ल्याएको थियो।

यससँगै सरकारले विनियोजन ऐन संशोधन गऱ्यो। यस प्रदेशमा आफ्नो सरकारको अनुकूलताका लागि ऐन संशोधन गर्न प्रदेश सभामा पेश गर्ने गरेको पाइयो। सरकारले भाषा संशोधन गर्ने भन्दै एकै पटक ३४ ओटा ऐन संशोधन गर्ने गरी केही गण्डकी प्रदेश ऐन, संशोधन गर्न बनेको विधेयक संसदमा दर्ता गरायो। उक्त विधेयकमा प्रदेश सभा सचिवालय सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन समेत थियो (नेपाल प्रेस, २०८०)। प्रदेश सभामा पेस भएको गण्डकी प्रदेश भित्रको वनलाई नियमन र व्यवस्थापन गर्न बनेको विधेयकमार्फत प्रदेशले अधिकार खोस्न लागेको भन्दै स्थानीय तहहरूको विरोधका बीच पारित भएको थियो।

यो प्रदेशमा पनि सङ्घीय संसद जस्तै सांसदहरू प्रदेश सभामा उपस्थिति नाममात्रको हुने गरेको पाइयो। प्रदेश सभा नियमावली व्यवस्था गरेको संसदीय समिति राजनीतिक भागबन्डा नमिल्दा ६ महिनापछि मात्र गठन भएका सभापति पाउन अर्को दुई महिना कुर्नुपऱ्यो।

लुम्बिनी प्रदेश

यस वर्ष सम्पन्न भएका दुई ओटा अधिवेशनमा लुम्बिनी प्रदेश सभाको ३५ ओटा बैठक भए। पहिलो अधिवेशनमा १० ओटा बैठक बसेको भए पनि कुनै पनि विधेयक पारित हुन सकेन (गौतम/शाह, २०८०)। दोस्रो अधिवेशनमा सात ओटा विधेयक दर्ता भएका थिए भने चार ओटा विधेयक पारित भएका छन्।

एक वर्षमा लुम्बिनी प्रदेश सभाले पनि दुई सरकार पायो । पहिलो मुख्यमन्त्रीका रूपमा एमाले संसदीय दलका नेता लीला गिरी पुस २७ गते नियुक्त भएका थिए । सङ्घीय सरकारको गठबन्धनमा आएको फुटसँगै माओवादीले एमालेसँगको गठबन्धन तोडेपछि माओवादीसहित प्रदेशसभाका १० मध्ये आठ दलको समर्थनमा कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरी वैशाख १४ गते मुख्यमन्त्रीमा बनेका हुन्।

कर्णाली प्रदेश

कर्णाली प्रदेश सभाको यो वर्ष दुई ओटा अधिवेशन सम्पन्न भएको छ। प्रदेश सभाको दोस्रो कार्यकालको लागि भएको निर्वाचनपछिको पहिलो अधिवेशनमा मुख्यमन्त्रीले विश्वासको मत लिने तथा प्रदेश सभामुख र उपसभामुख निर्वाचन सम्पन्न गर्ने

बाहेकको उल्लेख्य कुनै गतिविधि भएन। यस अधिवेशनमा १५ ओटा बैठक सम्पन्न भएका थिए।

यसैगरी, प्रदेशसभाको दोस्रो कार्यकालको दोस्रो तथा बजेट अधिवेशनले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, बजेट र विभिन्न विधेयक पारित गरेको छ (नयाँ पत्रिका, २०७९)। यस अधिवेशनबाट चार ओटै विषयगत समितिको सभापति निर्वाचित भएका छन्। साथै, यो अधिवेशनले कर्णाली प्रदेश प्रतिष्ठान विधेयक र प्रदेश निजामती कर्मचारी विधेयक पारित गरेको छ भने कर्णाली प्रदेश खेलकुद विकास ऐन संशोधन, कर्णाली प्रदेश प्रहरी सेवा र विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धित समितिहरूमा पठाएर अघि बढाएको छ। यस अधिवेशनमा कूल ३९ बैठक बसेको थियो।

सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेश सभाको गठन भएको एक वर्षको अवधिमा दुई ओटा अधिवेशनमा ३७ ओटा बैठक सम्पन्न भए। प्रदेश सभाको पहिलो अधिवेशनमा नौ ओटा बैठक सम्पन्न भयो भने दोस्रो अधिवेशनमा २८ ओटा बैठक सम्पन्न भयो। यस प्रदेश सभाबाट यो एक वर्ष दुई ओटा नयाँ कानुन र दुई ओटा कानुन संशोधन गरी चार कानुन पारित भएका छन्। जसमा सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७९ लाई संशोधन गर्न बनेको विधेयक, सुदूरपश्चिम प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८०, विनियोजन विधेयक र सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०८० रहेका छन्।

यस अवधिमा विषयगत समिति विधायन तथा प्रदेश मामिला समिति, सार्वजनिक लेखा समिति, अर्थ विकास तथा प्राकृतिक स्रोत समिति र सामाजिक विकास समिति गठन भए। समिति गठन भए पनि राजनीतिक भागबण्डा नमिल्दा एक वर्षसम्म समितिका सभापति चयन हुन सकेको छैन। समितिका सभापति निर्वाचनको लागि पटकपटक प्रदेश सभा सचिवालयले सूचना प्रकाशन गरे पनि अन्तिम अवस्थामा आएर स्थगित हुँदै आएको छ (नेपाल लाइभ, २०८०)।

निष्कर्ष

दोस्रो कार्यकालको पहिलो एक वर्षमा सङ्घीय संसद र प्रदेश सभाहरूले आफ्ना मुलभूत जिम्मेवारी समेत पूरा गर्न सकेनन्। पहिलो पाँच वर्षको अनुभवका आधारमा कानुन निर्माण, सरकार निर्माण तथा सरकारउपर नियन्त्रण र जनताको प्रतिनिधित्व गर्नुपर्ने व्यवस्थापिका मूलत: सरकार निर्माणबाहेक अरू विषयमा प्रभावकारी हुन सकेन। अझै दु:खद् विषय त सङ्घमा सरकार परिवर्तन हुने बित्तिकै त्यसको प्रभाव प्रदेश सरकारमाथि समेत गर्ने जटिल रोगको शिकार बने प्रदेश सभाहरू। सङ्घीय संसदमै हेर्दा प्रतिनिधि सभामा अवरोध भएमा राष्ट्रिय सभामा स्वत: अवरोध हुने र प्रतिनिधि सभामा समाधान हुँदा राष्ट्रिय सभामा तत् विषयको यथोचित सम्बोधन बिनै अवरोध हट्ने अपरिपक्व संसदीय अभ्यासको थालनी भएको छ।

अध्यादेश प्रतिस्थापन गर्ने विधेयक संविधानले निर्धारित अवधिभन्दा ढिलो गरी पारित हुँदासमेत एक जना प्रतिपक्षी सांसदले उक्त प्रक्रियामाथि प्रश्न उठाउन नसक्नुले संसदीय अभ्यास या त कार्यकारी छायाँमा छ वा अति कमजोर भन्ने देखिन्छ।

यो वर्ष पनि संसदले संविधान कार्यान्वयनका लागि बनाउनु पर्ने सङ्घीय निजामती ऐन, सङ्घीय शिक्षा ऐन जस्ता अति महत्त्वपूर्ण कानुन बनाउन सकेन। न त सरकारले नै संसदलाई पर्याप्त विधेयक पठाएर काम दिन सक्यो। मन्त्रिपरिषद्ले निर्णय गरेको दुई महिनापछि विद्यालय शिक्षा विधेयक संसदमा पठाएको सरकारले २०८० भदौ २१ मा सङ्घीय निजामती विधेयक संसदमा पठाउने निर्णय गऱ्यो भनी व्यापक प्रचार गरेतापनि पाँच महिना पुग्दासम्म पनि उक्त विधेयक संसदमा पुऱ्याउन सकेको छैन। बरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वेबसाइटमा प्रकाशित उक्त दिनको मन्त्रिपरिषद्को निर्णयको विवरणमा उक्त विषय नै पाउन सकिँदैन। यो वर्ष संसदमा गैरसरकारी विधेयकहरूको पनि खासै प्रस्तुत हुन सकेनन्। राष्ट्रिय सभाले एउटा मात्र गैरसरकारी विधेयक पारित गरी प्रतिनिधि सभामा पठाएको छ। कानुन कार्यान्वयनको अवस्था अध्ययन र र सरकारका काम कारवाहीका निगरानी गर्ने, त्यसैगरी सरकार तथा सार्वजनिक निकायको निगरानी गर्दै प्राप्त तथ्यअनुसार सम्बन्धित निकायलाई निर्देशन दिने दायित्वमा पनि संसद धेरै प्रभावकारी रहन सकेन। अपवादबाहेक आकस्मिक समय, शून्य समय र विशेष समयसमेत राजनीतिक मुद्दामा नै खर्च गरे जुन सर्वथा अनुचित हो। तर, त्यसतर्फ संसद गम्भीर देखिँदैन। मूलत: प्रदेश सभाहरूको अवस्था पनि उस्तै रहेको छ।

अर्कोतर्फ संसद अधिवेशन आह्वान र अन्त्यको सिफारिस गर्ने मात्र नभई सदनलाई विजनेश दिने काम

पनि सरकारको हो। संसदले बिजनेश नपाउनु भनेको सरकार संसद मार्फत जनताप्रति उत्तरदायी र जवाफदेही हुन नखोज्नु हो। सदनको नेता प्रधानमन्त्री स्वयम् हो। संवैधानिक व्यवस्था र लोकतन्त्रको मर्म अनुरूप प्रधानमन्त्री र मन्त्रीहरू सामुहिक रूपमा मात्र नभई व्यक्तिगत रूपमा पनि संसदप्रति जवाफदेही हुनैपर्छ। जननिर्वाचित सांसद स्वयम् पनि जनताप्रति उत्तरदायी हुनपर्छ। तसर्थ सरकारका काम र संसदीय गतिविधि परिणामुखी हुनसक्नु पर्दछ। प्रदेश सभा, विषयगत समितिहरू र संसद स्वयम्को सक्रियता प्रदेश संरचनाको अपेक्षा अनुरूप हुन सकेन।

सुझाव

सङ्घीय संसद वा प्रदेश सभा दुवै व्यवस्थापिकीय अङ्गहरू जनताका प्रतिनिधिमूलक संस्था हुन्। यी संस्थाहरूको प्रभावकारिताले प्रजातान्त्रिक मूल्य र मान्यताहरूको संस्थागत गर्ने कुरामा योगदान गर्दछन्। कार्यकारी शक्ति युक्त सरकारलाई जनताप्रति उत्तरदायी बनाउनका लागि संसदीय अभ्यास र प्रभावकारिता अभिवृद्धिका लागि देहायका सुझाव सिफारिस गरिएको छ-

- सङ्घीय संसदले आफ्नो मूल जिम्मेवारीमा प्रभावकारिता ल्याउन कानुन निर्माण, सरकारउपरको निगरानी, जनताका आवाजको सार्वजनिकीकरण लगायतमा ध्यान केन्द्रित गर्नु पर्ने,
- सरकारलाई संसदप्रति वास्तविक रूपमा उत्तरदायी बनाउन आकस्मिक, शून्य र विशेष समयमा सांसदहरूले उठाएका विषयमा अनिवार्य सम्बोधन गर्नुपर्ने गरी बाध्यकारी बनाउने,
- संसदीय प्रस्तावहरूको कार्यान्वयन गर्न सरकारलाई समय तोकी प्रगति माग गर्ने आवधिक कार्यान्वयन प्रगति पेश गर्ने बाध्यकारी व्यवस्था र परिपाटी बसाउने,
- विधेयक संसदमा प्रवेश पश्चात् पारित हुनुपर्ने समयसीमाको निर्धारण गरी वार्षिक कार्यतालिका बनाउने,
- संविधान कार्यान्वयन र सङ्घीय व्यवस्थाको कार्यान्वयनसँग जोडिएका संविधान अनुसार बन्नुपर्ने कानुनहरू एक वर्षभित्रमा बनाइसक्ने गरी सरकार र संसदले संयुक्त रूपमा कार्यतालिका बनाइ लागु गर्ने।

सन्दर्भ सामग्री

इकागज (२०८० भर्दा २९), *दुई महिनादेखि मधेश प्रदेश सभा बैठकविहीन,* इकागज। https://ekagaj.com/article/pradesh-1/152156/

उद्घोष दैनिक (२०८० पुस २०), *अलमलमै बित्यो कोशी प्रदेशसभाको एक वर्ष: जम्मा बैठक सङ्ख्या ५५ ओटा, सांसदले पाए १९ लाख भत्ता,* उद्घोष दैनिक। https://udghoshdaily.com/news/520627-240105102036/detail

एमालेसहित दलको समर्थनमा प्रधानमन्त्री नियुक्त पुष्पकमल दाहाल (प्रचण्ड)ले पहिलो पटक २०७९ पुस २६ गते र राष्ट्रपतिको निर्वाचनका कारण सत्ता गठबन्धनमा बदलाव आएसँगै नेपाली कांग्रेससहितको समर्थनमा दोस्रो पटक २०७९ चैत ६ गते विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव गरेकोमा दुवै बैठकको बहुमतले प्रधानमन्त्रीलाई विश्वासको मत दिएको थियो।

कानुन न्याय तथा मानव अधिकार समितिबाट बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक सम्बन्धमा गठित उपसमितिको प्रतिवेदन, २०८० (२०८० असोज २०), *प्रतिनिधि सभा नेपाल।* https://hr.parliament.gov.np/uploads/attachments/h6x1syfr7boctxli.pdf

कान्तिपुर (२०७९ चैत ९), *दलितमाथिको विभेद अन्त्य गर्न संकल्प प्रस्ताव पारित,* कान्तिपुर। https://ekantipur.com/news/2023/03/23/167953895317835607.html

गौतम, घनश्याम /शाह, अर्जुन (२०८० पुस २०), *लुम्बिनी र सुदूरपश्चिम प्रदेशसभा: विषयगत समिति एक*

वर्षसम्म नेतृत्वविहीन, कान्तिपुर । https://ekantipur.com/news/2024/01/05/the-subject-committee-has-been-without-a-leader-for-a-year-39-29.html

घिमिरे, राजन (२०८०), *प्रतिनिधि सभा, २०७९ र हालसम्मका मुख्य उपलब्धि, सङ्घीय संसद स्मारिका,* सङ्घीय संसद सचिवालय, पृ. १८५।

धारा ७६, नेपालको संविधान (२०७२)। उपधारा १०।

धारा ५६, नेपालको संविधान (२०७२)।

धारा ८३, धारा १७५, धारा २२१, नेपालको संविधान। नेपालको संविधान (२०७२) धारा,

धारा २९२, नेपालको संविधान।

नयाँ पत्रिका (२०७९ माघ ४), *कर्णाली प्रदेश सभाको दोस्रो अधिवेशन अन्त्य, दुईवटा विधेयक पारित,* नयाँ पत्रिका। https://www.nayapatrikadaily.com/news-details/126210/2023-10-10

नागरिक न्युज (२०८० वैशाख १३), *बागमती प्रदेशसभा अधिवेशन अन्त्य, मन्त्रिपरिषद् विस्तार अन्यौलमै,* नागरिक न्यूज । https://nagariknews.nagariknetwork.com/politics/1156931-1682514255.html

नियम ७१, ७२ र ७९, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम ६६, ६७ र ७८, राष्ट्रिय सभा नियमावली, २०७५।

नियम १७३, प्रतिनिधि सभा नियमावली, २०७९ र नियम १४७, राष्ट्रिय सभा नियमावली, २०७५।

नेपाल प्रेस (२०८० पुस १९), *गण्डकी प्रदेश सभाको एक वर्ष : सांसदको तलब भत्तामा ८ करोड स्वाहा, देखिँदैन सांसदको सक्रियता,* नेपाल प्रेस। https://www.nepalpress.com/2024/01/04/414888/

नेपाल लाइभ (२०८० मङ्सिर ११), *सुदूरपश्चिम प्रदेश सभाका विषयगत समिति नेतृत्वविहीन,* नेपाल लाइभ। https://nepallive.com/story/318478

प्रतिनिधि सभा पहिलो अधिवेशन, २०७९, *सदनमा टेवल भएका प्रश्नोत्तर,* सङ्घीय संसद सचिवालय, २०८०।

प्रतिनिधि सभा दोस्रो अधिवेशन, २०८०, *सदनमा टेवल भएका प्रश्नोत्तर,* सङ्घीय संसद सचिवालय, २०८०।

प्रस्तावको पूर्ण "दलित समुदायका विभेद र उत्पीडनहरूको अन्त्य गरी सामाजिक-साँस्कृतिक, आर्थिक, राजनीतिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने" सम्बन्धमा दर्ता भई सभामा छलफल भएको संकल्प प्रस्ताव। (२०८० वैशाख ४) राष्ट्रिय सभा, नेपाल। https://na.parliament.gov.np/np/publication/1681724986

महरा, जयसिंह (२०८० असोज २५), *सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकका विवाद सल्टाउने जिम्मा शीर्ष नेतालाई,* कान्तिपुर-नेपालको राष्ट्रिय दैनिक। https://ekantipur.com/news/2023/10/12/the-top-leader-is-tasked-with-resolving-disputes-over-the-transitional-justice-bill-31-42.html

मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८० (२०८०) *प्रतिनिधि सभा नेपाल* । https://hr.parliament.gov.np/np/bills/xLPQ7yIn

घिमिरे, राजन (२०८०), *प्रतिनिधि सभा, २०७९ र हालसम्मका मुख्य उपलब्धि, सङ्घीय संसद स्मारिका,* सङ्घीय संसद सचिवालय, पृ. १८६।

राष्ट्रपतिले संविधानको धारा ९३ बमाजिम प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएपछि २०७९ पुस २५ गते सङ्घीय संसदको दुवै सदनको अधिवेशन आह्वान गरी सोही दिनको ४.०० बजे प्रतिनिधि सभाको पहिलो अधिवेशन (दोस्रो कार्यकाल) को पहिलो बैठक र राष्ट्रिय सभाको तेह्रौं अधिवेशनको पहिलो बैठक बसेको थियो।

राष्ट्रपतिबाट २०८० वैशाख २० गते जारी अध्यादेश त्यसपछि बसेको सङ्घीय संसदका दुवै सभाको पहिलो बैठकमा २०८० वैशाख २४ गते पेश भएको हुँदा नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ग)

बमोजिम २०८० असार २० गते प्रतिस्थान विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण भईसक्नुपर्नेमा २०८० असार ३१ गते प्रतिनिधि सभामा विधेयकको उद्देश्य र कारणमाथि संशोधन गर्दै पारित गरेको थियो। प्रतिनिधि सभाको उक्त संशोधनमाथि २०८० साउन ११ गते भएको छलफलमा विधेयक प्रस्तुतकर्ता कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीले विधेयकको प्रक्रियागत पक्षमा त्रुटि भएको स्वीकार गर्दै अध्यादेश प्रतिस्थापन विधेयकलाई सामान्य विधेयक सरह अगाडि बढाएकोमा माफी माग्दै विधेयकको विषयवस्तुका आधारमा समान्य विधेयक सरह अगाडि बढाउन अनुरोध गरे। सभाका अध्यक्षले संविधान बमोजिम आफूलाई प्राप्त हुने विशेषाधिकारको प्रयोग गरी "नजिर नबस्ने गरी विधेयकको कारबाही अगाडि बढाउन आदेश दिएपश्चात् राष्ट्रिय सभाबाट सोही दिन पारित भई राष्ट्रपतिबाट २०८० साउन १२ गते प्रमाणीकरण भएको थियो।

राष्ट्रिय सभा, नेपाल (२०८०), *तेह्रौं अधिवेशन अवधिमा सभाबाट सम्पादित मुख्य मुख्य काम कारबाहीको संक्षिप्त विवरण,* राष्ट्रिय सभा। https://na.parliament.gov.np/uploads/attachments/4upycahxsogmnfr8.pdf

सङ्घीय संसद संयुक्त सभा अधिवेशन, २०८० का सबै सूचनाहरू (२०८० कात्तिक १८), *प्रतिनिधि सभा, नेपाल*। https://hr.parliament.gov.np/np/publication/1699516788

सङ्घीय संसद संयुक्त सभा अधिवेशन, २०८० का सबै सूचनाहरू (२०८० कात्तिक १८), *प्रतिनिधि सभा, नेपाल*। https://hr.parliament.gov.np/np/publication/1699516788

सङ्घीय संसदका दुवै सभाले पारित गरी २०७९ साउन १६ गते प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष पठाएको विधेयक पुनर्विचारका लागि २०७९ साउन २९ गते संसदमा फिर्ता आएकोमा पुनः संसदले सोही रूपमा पारित गरी प्रमाणीकरणका लागि दोस्रो पटक २०७९ भदौ २० गते पठाएकोमा संविधानले निर्धारित गरेको अवधिभित्र प्रमाणीकारण नगरी, संसदमा फिर्ता समेत नगरी राखेकोमा वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले आफूलाई निर्वाचित गर्ने भन्दा अघिल्लो संसदले पठाएको विधेयक ९ महिनापछि २०८० जेठ १७ गते प्रमाणीकारण गरेका थिए।

संसद दर्पण, अङ्क २८ (२०७९, कात्तिक), *सङ्घीय संसदमा विधेयकको अवस्था,* सङ्घीय संसद सचिवालय, पृ. १३६।

सुदृढ अर्थतन्त्र निर्माण गर्नका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन नीति र योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने "विषयक सभामा दर्ता भएको जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव (२०८० वैशाख ४) *प्रतिनिधि सभा नेपाल* । https://na.parliament.gov.np/np/publication/1681725828

हिमाल खबर (२०८० वैशाख), *संसदीय समिति गठन, कुन समितिमा को सांसद ?*, हिमालखबर। https://www.himalkhabar.com/news/135559

सङ्घीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति प्रतिवेदन, २०७९ (२०७९ माघ ४), *राष्ट्रिय सभा, नेपाल* । https://na.parliament.gov.np/np/publication/1674024283

हाम्राकुरा (२०८० वैशाख १७), *एउटा पनि कानुन नबनाइ संसदको पहिलो अधिवेशन अन्त्य, समितिको काम कहिलेबाट,* हाम्राकुरा। https://hamrakura.com/. https://hamrakura.com/news-details/146688/2023-04-30https://

परिच्छेद

8

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग

४.२ मधेश प्रदेशका हरुवा चरुवा : आधुनिक बाँधाश्रम

४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय

४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जातिः पहिचानको समस्या

४.६ कर्णाली राजमार्ग, सडक दुर्घटना र मानवीय क्षति

४.७ बालबालिकामा कुपोषणको प्रभाव

४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग

परिचय

मानव तस्करहरूले मोरङ जिल्लाको रानी-विराटनगर-जोगबनी नाका र झापा जिल्लाको काकडभिट्टा-पानीट्याङ्की नाका मानव बेचबिखनका लागि तस्करीको मुख्य रूपमा प्रयोग गर्दै आएका छन्। यसबाहेक इलामको पशुपतिनगर, झापाको भद्रपुर र गलगलिया, सुनसरीको कोशी नाका मानव बेचबिखनका लागि मानव तस्करहरूले प्रयोग गर्ने अर्का नाकाहरू हुन्। इन्सेक अभिलेख अनुसार सन् २०२२ मा बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा १६ जना पीडित भएको देखिन्छ (इन्सेक, २०२३)।

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क, इन्सेकको अभिलेख, माइती नेपाल लगायतका सङ्घसंस्थाको तथ्याङ्कलाई अध्ययन गर्दा मानव बेचबिखनका लागि मुलुकको पूर्वी नाकाहरू मानव बेचबिखन गर्ने समूहको रोजाइमा पर्दै आएको देखिन्छ।

सन् २०२३ मा ओसारपसारका घटनामा २५ जना बालिका, बेचबिखन प्रयासमा १३ जना महिला र ओसारपसारमा २६ जना महिला परेको इन्सेक अभिलेखमा छ। कोशी प्रदेशका उदयपुर, झापा, मोरङ, सुनसरी, खोटाङ र इलामका नागरिक मानव बेचबिखन तथा ओसारपसारमा पर्ने गरेको प्रहरीको तथ्याङ्कमा देखिन्छ। आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० मा कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखनविरूद्धका १ सय ७७ थान मुद्दा अदालतमा दर्ता गरेको छ। जसमध्ये १ सय ६६ थान मुद्दा अदालतबाट फैसला भएका छन्। सो अवधिमा १ सय ७५ जना महिला, ४८ जना बालिका, दुई जना बालक मानव बेचबिखनमा परेका छन्। पूर्वी नाकाको प्रयोग गरी मानव बेचबिखन तथा ओसार पसार गर्ने कार्यमा संलग्न भएको आरोपमा प्रहरीले २ सय १५ जना पुरुष र ८८ जना महिलालाई गिरफ्तार गरेको र ६० जना पुरुष र १३ जना महिला फरार रहेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

उदयपुरका तीन जना महिलाले २०७९ माघ २६ गते आफूहरूलाई भारत लगेर बेच्ने प्रयास भएको भनेर प्रहरीमा उजुरी गरे। आरोपपत्र अनुसार उनीहरूलाई आरोपितले १० लाख दिन्छु भनी माघ २५ गते भारततिर लैजाने प्रयास गरेका थिए। प्रहरीले आरोपित चौदण्डीगढी नगरपालिकाकी कुमारी परियार र कञ्चनपुर नगरपालिका, सप्तरीका मोहम्मद नाजिरविरूद्ध ०७९ फागुन २१ गते अदालतमा मुद्दा दर्ता गरेको थियो। उदयपुर जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद सुवेदीको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

प्रहरीमा मानव बेचबिखनविरुद्ध परेका उजुरीको विश्लेषण गर्दा, मानव बेचबिखनका मुद्दामा प्राय: पीडितलाई प्रलोभनमा पारेको र कतिपयलाई डर धम्की दिइएको पाइयो। २१ र ३१ वर्षीया महिलालाई २०७७ फागुन महिनामा बेचबिखन प्रयास गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-१६ का काजी तामाङ र प्रेमबहादुर मगरलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। अदालतले मानव बेचबिखनमा संलग्न भएको ठहर गरी दुवै आरोपितलाई ६-६ वर्ष कैद सजाय सुनायो।

संयुक्त राष्ट्रसङ्घ मानव अधिकार उच्च आयुक्तको कार्यालयले मानव बेचबिखनलाई प्रष्टसँग परिभाषित गरेको छ। जसअनुसार बेचबिखन भन्नाले 'व्यक्तिको इच्छा वा इच्छाबिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले यौन कार्यका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनबेचलाई' बुझाउँछ। नेपालको कानुनले यसलाई झनै प्रष्ट पारेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) ले मानव बेचबिखनको परिभाषा गरेको छ। जसअनुसार 'कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने, किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ,

जालसाज गरी, प्रपञ्च मिलाइ, जबजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिइ, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिइ वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने' कार्यलाई मानव बेचबिखन भनिएको छ।

नेपालमा मानव बेचबिखनको जोखिम सधैँ रहँदै आएको छ। तर, प्राकृतिक विपत् वा अरु सङ्कटग्रस्त अवस्थामा यो बढ्ने गरेको पाइन्छ। जस्तै, ०७२ वैशाख १२ गतेको भूकम्पपछि धेरै जिल्लामा मान्छे कामको खोजीमा शहर पसेका थिए। तीमध्ये धेरै विदेशतिर पनि लागेका थिए। यो क्रम ०७६ चैत ११ गतेदेखि कोभिड-१९ विरूद्धको प्रतिकार्यका लागि सरकारले देशव्यापी लकडाउन गरेपछि बढेको थियो। २०७६/०७७ को चैत समान्तसम्म वैदेशिक रोजगार विभागबाट २ लाख ३७ हजार ९ सय ६१ जना श्रम स्वीकृति लिएर श्रमका लागि विदेशिएको तथ्याङ्क छ। दैनिक सयौँ नेपाली कामको खोजीमा भारत जाने गरेको अवस्था छ। (आर्थिक वर्ष ०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड)

भूकम्प र कोभिड-१९ महामारीका समयमा मानव बेचबिखनका लागि प्रयोग गरिने शैलीहरू आजका दिनमा फेरिएको अध्ययनका क्रममा पाइयो। अहिले आएर मानव बेचबिखनका लागि सामाजिक सञ्जालको अत्यधिक प्रयोग हुने गरेको देखिन्छ। व्यक्ति प्रत्यक्ष रूपमा संलग्न भएर सीमा पार गराउने परिपाटीलाई सामाजिक सञ्जालको प्रयोगले बदलिदिएको पाइएको छ। मानव बेचबिखन रोकथाम तथा न्यूनीकरणका लागि नेपाल प्रहरी र सामाजिक सङ्घसंस्थाले सीमा निगरानीकर्ताको परिचालन गरेका छन्। तर, मानव बेचबिखनका रूपहरू फेरिएका कारण समस्या अझ जटिल भएको यस अध्ययनले देखाएको छ।

मानव बेचबिखन एक गम्भीर सामाजिक समस्या हो। मानवलाई आर्थिक, श्रम, यौन शोषण वा मानव अङ्गहरूको प्रयोगका लागि बेचबिखन गरिन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ का अनुसार "कुनै पनि उद्देश्यले मानिस किनबेच गर्ने, श्रमशोषण गर्ने, वेश्यावृत्तिमा लगाउने र कानुनी प्रावधान विपरीत हुने गरी मानिसको अङ्ग झिक्ने काम नै मानव बेचबिखन हो।"

नेपालमा मानव बेचबिखन

मानव बेचबिखन र ओसारपसार सङ्गठित अपराध हो। यो समस्या नेपालमा सन् १९८० को दशकदेखि बढी देखिन थालेको पाइन्छ। सन् १९८० र ९० को दशकमा भारतमा यौन व्यवसायका लागि नेपाली बालिका र महिलाहरूको बेचबिखन हुने गरेका समाचार विभिन्न पत्रपत्रिकामा छापिन थालेका थिए। त्यसबेला नेपाली महिला प्रायः भारतको बम्बई हाल मुम्बइ पुऱ्याइन्थे (भण्डारी, २०६०)। नेपाली महिलाहरू बेचिएपछि त्यहाँ बन्दीजस्तै गरेर राखिन्थे। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) काठमाडौँ कार्यालयका अनुसार तत्कालीन समयमा वार्षिक १२ हजार हराहारी महिला तथा बालबालिका ओसारपसार हुने गरेका थिए

कोशी प्रदेश प्रहरी कार्यालयको ६ आर्थिक वर्ष (२०७४-०७५, २०७५-०७६, २०७६-०७७, २०७७-०७८, २०७८-०७९ र २०७९-०८०) को मानव बेचबिखन तथा ओसारपसारको तथ्याङ्कलाई विश्लेषण गर्दा पूर्वी नाकाबाट २ सय २५ जनाको बेचबिखन भएको थियो। कोशी प्रदेशका उदयपुर, झापा, मोरङ, सुनसरी, खोटाङ र इलामका नागरिक मानव बेचबिखनको पर्ने गरेको प्रहरीको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० मा कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखनविरूद्धका १ सय ७७ थान मुद्दा अदालतमा दर्ता गरेको थियो। जसमध्ये १ सय ६६ ओटा मुद्दा अदालतबाट फैसला भएका छन्। सो अवधिमा १ सय ७५ जना महिला, ४८ जना बालिका, दुई जना बालक मानव बेचबिखनमा परेका थिए। मानव बेचबिखनमा पुरुषकै संलग्नता बढी देखिन्छ। सो अवधिमा पूर्वी नाकाको प्रयोग गरी मानव बेचबिखनमा २ सय १५ जना पुरुष र ८८ जना महिला सक्रिय भएको देखिन्छ। यी मध्ये ६० जना पुरुष र १३ जना महिला ०८० पुस १५ गतेसम्म फरार रहेको प्रहरीको तथ्याङ्कले देखाउँछ।

मानव बेचबिखनको बदलिँदो स्वरूप

सूचना प्रविधिमा आएको परिवर्तनसँगै मानव बेचबिखनको स्वरूप पनि फेरिएको छ। सूचना

प्रविधिको प्रयोग हुनुअघि मानव तस्करहरू प्रत्यक्ष सहभागी भएर बेचिनेलाई सीमा नाका कटाउने गरेका थिए। अहिले पीडित वा प्रभावित एक्लैले सीमाना पार गर्ने गरेका छन्। जसले गर्दा को कहाँ जादैछ वा कसलाई कहाँ लगिँदै छ भन्ने छुट्याउन, बेचबिखनमा परेकाहरू चिन्न, यसलाई रोक्न लागिपरेका संस्थाहरूलाई गाह्रो परेको छ। फेसबुक, इमो, भाइबर, ह्वाट्सअप, म्यासेन्जर र टिकटकजस्ता सामाजिक सञ्जालमा मानव तस्करहरूले योजनाबद्ध अभियान चलाउने र त्यस्ता अभियानहरूमा जोडिएर बेचबिखनमा पर्ने गरेको यसको रोकथाममा लागेका संस्थाका प्रतिनिधिहरू बताउँछन्। सामाजिक सञ्जालबाट सम्पर्क र सूचना आदानप्रदान व्यक्तिगत रूपमा हुने भएकाले प्रहरी, प्रशासन, सामाजिक सङ्घसंस्थालाई प्रत्यक्ष हस्तक्षेप गर्न असहज हुने हुँदा आजका दिनमा मानव तस्करहरूका लागि सामाजिक सञ्जाललाई सम्पर्क र सूचना आदानप्रदानको माध्यम भएको छ।

कोशी प्रदेशका मुख्यगरी झापाको काकडभिट्टा र मोरङको रानी जोगबनी नाका मानव तस्करीका मुख्य केन्द्र बनेका छन्। काकडभिट्टा नाकाबाट र रानी जोगवनी नाकाबाट भारत हुँदै तेस्रो मुलुक पुऱ्याउने गरेको पाइएको छ (पोखरेल, २०८०)। मानव बेचबिखन यौनशोषणका लागि, श्रम शोषणाका लागि, बधुँवा मजदुरीका लागि, बाल मजदुरका लागि, धर्म सन्तानको नाममा, रोजगार तथा वैदेशिक रोजगारको प्रलोभनमा, वैवाहिक नातासम्बन्धका नाममा, अध्ययन वा व्यापारका नाममा, मानव अङ्ग तस्करीका लागि मानव बेचबिखन हुने गरेको यस अध्ययनका क्रममा पाइएको छ।

संसारभर बेचिएका महिला, पुरुष र बालबालिकाहरूलाई जबरजस्ती यौन कार्यमा लगाउन, श्रमशोषण गर्न, जबरजस्ती सशस्त्र युद्धमा प्रयोग गर्न, अश्लील फिल्म निर्माण गर्न, सर्कसमा प्रयोग गर्न, लागु औषध ओसारपसार गराउन, अवैध हातहतियारको कारोबारमा प्रयोग गर्न र अरु गैरकानुनी काम गराउने गरिन्छ। मानव अङ्ग भिक्न र त्यसको व्यापारका लागि पनि मानव तस्करी गरिन्छ। प्राय: घरेलु हिंसामा परेका महिलाहरू बढी मानव बेचबिखनमा पर्ने गरेको अध्ययनका क्रममा पाइयो। घरपरिवार र पतिसँगको सम्बन्ध बिग्रिएका, घरेलु हिंसामा परेका, घरनिकाला गरिएका महिलाहरू मानव बेचबिखनमा बढी परेका छन्। हिंसामा परेकाहरू सधैँ अवसरको खोजीमा रहने भएकाले मानव तस्करहरूले सहजै प्रभावमा पारी बेचबिखन गर्ने गरेका, यस क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरूको भनाइ छ। यी धेरै कारणका पछाडि गरिबी र बेरोजगारी त छँदैछ त्यसका अलावा आधुनिक सुविधाको उपभोग गर्ने रहर, धन कमाउने, विदेश घुम्ने रहर आदिका कारण महिला र बालबालिका उच्च जोखिममा पर्ने गरेका छन्। भारतसँगको खुला सीमानाले यसलाई सहज बनाएको छ भने त्यसका अलावा भारत हुँदै अवैध वैदेशिक रोजगारका लागि अन्य देशमा जाने आशमा पनि बेचबिखनमा पर्ने गरेका छन्। साथै चेतनाको कमी र अपराधीको न्यून पहिचान र कानुनको प्रभावकारी कार्यान्वयनको अवस्थाले पनि यसलाई बढावा दिएको छ।

झापाको काकडभिट्टा र मोरङको रानी-जोगवनी नाकालाई मानव तस्करहरूले फरकफरक रूपमा प्रयोग गर्ने गरेको छ। रोजगारीका लागि जानेहरूलाई मानव तस्करहरूले रानी-जोगबनी नाकाबाट भारत पुऱ्याउने गरेका छन्। जोगबनी प्रवेश गर्ने बित्तिकै भारतका विभिन्न शहर जाने रेल छुट्ने भएकाले मानव तस्करहरूले किनमेलका नाममा महिला र बालबालिकालाई भारतका विभिन्न शहरमा पुऱ्याउने गरेका छन्। नेपाल भारत खुला सीमा नाकाका कारण र खेतको बाटो भएर भारत प्रवेश गर्दा सिधा भारतीय चोक वा बजारमा पुगिने भएकाले मानव तस्करहरूले रानी-जोगबनी नाकालाई प्रयोग गर्ने गरेका छन् (पूर्ववत्)।

मानव तस्करहरूले व्यापार वा घुमफिरका नाममा झापाको काकडभिट्टा नाका भएर भारत पुऱ्याउने गरेका छन्। काकडभिट्टामा नेपाली बस्ती र भारतको पानीट्याङ्कीमा समेत नेपाली बस्ती भएका कारण मानव तस्करहरूले काकडभिट्टा नाकाको प्रयोग गरी भारत पुऱ्याउने गरेको यो अध्ययनले देखाएको छ। काकडभिट्टादेखि ४५ किलोमिटर पूर्वमा खालपाडामा रेडलाइट एरिया भएकाले मानव बेचबिखनका लागि काकडभिट्टा नाकाको बढी प्रयोग हुने गरेको छ (घिमिरे, २०८०)।

समस्या न्यूनीकरणका लागि गरिएका प्रयास

मानव बेचबिखन रोक्नका लागि तीन ओटै तहका सरकार सक्रिय छन्। तर, नजिता सकारात्मक छैन। यो समस्या न्यूनीकरण गर्न कुनै एउटा व्यक्ति वा निकायबाट मात्र सम्भव छैन। यसका लागि विभिन्न संस्थाहरूले क्षमताअनुसार विभिन्न काम गर्नुपर्ने हुन्छ। उदाहरणका लागि गैरसरकारी संस्थाले चेतना फैलाउने,

शैक्षिक संस्थाले पाठ्यसामग्री तयार गरी यो विषय पाठ्यपुस्तकमा समावेश गरेर विद्यालयदेखि नै बालबालिकालाई शिक्षित गराउने, तालिम गर्ने संस्थाले रोजगारीका लागि जाने व्यक्तिलाई यसबाट बच्न चाहिने ज्ञान प्रदान गर्ने आदि पर्दछन्।

समुदायस्तरमा परिवारका सदस्यलाई चेतना फैलाउने र गाउँघरका शङ्कास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने, परामर्श दिने र आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने, अर्को यो समस्या न्यूनीकरण गर्ने उपाय हुन सक्छ।

अर्को पक्ष बेचबिखनमा परेका पीडित र प्रभावितहरूलाई आवश्यक सहयोग र परामर्श प्रदान गर्ने, हिंसामा परेकालाई आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण सृजना गर्दै पुनर्स्थापनाका लागि क्रियाशील रहने व्यवस्था हुन पनि जरुरी छ। त्यस्तै कानुन कार्यान्वयन गर्ने संस्थालाई सक्षम बनाउन प्रविधि र त्यसको प्रयोगको तालिम पनि आवश्यक छ।

नेपाल सरकारले विदेशमा मानव बेचबिखनको जोखिममा रहेका नेपालीहरूको उद्धारका लागि 'इन्टरपोल' सँग समन्वय, सीमा क्षेत्रका प्रवेश नाकाहरूमा विशेष सतर्कता, चेकजाँच, अत्यधिक वैदेशिक रोजगारीमा जाने जिल्लाहरूमा निगरानी, मानव बेचबिखनसम्बन्धी सचेतना, अन्तर्राष्ट्रिय विमानस्थलमा सरोकारवालाहरूसँग समन्वय, सहकार्य र मानव बेचबिखनका सम्भाव्य पीडितहरूको पहिचान, उद्धार तथा देशभर मानव बेचबिखनका जोखिम र प्रभावहरूबारे चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखनविरूद्ध श्रव्यदृश्य सामग्री, सीमा नाकाका बसपार्कहरूमा सीमा निगरानीकर्ता, सचेतनामूलक डिजिटल सूचना बोर्ड, होडिङ बोर्ड, पोष्टर तथा सीमा नाका प्रवेश र सीमा नाका छाड्नेहरूको अभिलेख आदि राख्ने गरेको छ।

यो समस्याको अन्त्य गर्ने प्रयासहरूमध्ये प्रहरीले मानव बेचबिखन नियन्त्रणका लागि ब्यूरो खडा गरी काम गरिरहेको छ। कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखन नियन्त्रणका लागि सीमाक्षेत्रमा कडा निगरानी, घुमुवा वा गुप्तचरको प्रयोग गरी, यो अपराधका आरोपितहरूलाई गिरफ्तार गर्ने, मुद्दा चलाउने र अदालती सजाय दिलाउने काम गर्दै आएको छ।

मानव बेचबिखन तथा ओसारपसारका घटनाको अध्ययन गर्दा काकडभिट्टा नाका अरू नाका भन्दा अलि बढी संवेदनशील रहेको छ। यो नाकामा वारि र पारि दुवैतर्फ नेपाली समुदायको बसोबास भएको हुँदा मानव तस्करहरूलाई धेरै सहज भएको छ भने सीमा क्षेत्रमा ठूल्ठूला होटलहरू खोलिएका कारण सङ्गठित अपराधमा संलग्नहरूलाई बस्न सहज छ भने, सामाजिक सञ्जाल प्रयोग गरी बेचबिखनमा

तालिका ४.१.१ ६ आर्थिक वर्षको (२०७४ देखि ८०) मानव बेचबिखन जिल्लागत तथ्याङ्क

क्र.सं.	जिल्ला	दर्ता सङ्ख्या	फैसला	बाँकी	गिरफ्तार		फरार		पीडित		
					पुरुष	महिला	पुरुष	महिला	महिला	बालक	बालिका
१.	उदयपुर	७	७		६	७			६	१	५
२.	झापा	६५	६०	५	६४	३९	१३	३	७८		३१
३.	मोरङ	४०	३७	३	५७	९	११	१	३५		१५
४.	सङ्खुवासभा	३	३		३	३					३
५.	सुनसरी	४९	४७	३	६९	३६	३३	४	५५		९
६.	खोटाङ	३	३		४			६	३		
७.	इलाम	८	८		७	३	१		६		३
८.	पाँचथर	३	१	१	४	३	१		३		
९.	तेह्रथुम	१	१		१					१	
१०.	सोलुखुम्बु	१	१			१			१		
जम्मा		१७७	१६६	११	३१४	८८	५८	१३	१७५	३	५५

(स्रोत : कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर, २०२३)

परेकाहरूलाई प्रहरीले सोधे के भन्ने पनि सिकाएको हुन्छ (चिमोरिया, २०८०)। यो अवस्थामा बेचबिखनको निगरानीलाई चुस्त बनाउन भारतीय प्रहरीसँग समन्वय गरी अपराध नियन्त्रण गर्ने प्रयास गरिएको छ। मानव बेचबिखनविरुद्धको काम गरिरहेका गैरसरकारी संस्थाहरूले प्रहरीसँग समन्वयका साथै समाजमा चेतना फैलाउने काममा लागेका छन्।

माइती नेपालले अटोचालक र रिक्सा चालकलाई मानव बेचबिखनका विषयमा समयसमयमा तालिम दिने गरेको छ। तालिममा शङ्का लागे माइती नेपाल र प्रहरीलाई सूचना दिन सकिने संयन्त्रको र सूचना दिने विधिको बारेमा सिकाइन्छ। काकडभिट्टा र जोगबनी नाकामा पनि यस्तो व्यवस्था गरिएको छ। संस्थाका सीमा निगरानीकर्ताले पनि सीमा कटेर जानेहरूलाई सोधपुछ गर्ने, किन के का लागि भारत जान लागेको, रोजगारीका लागि भए कम्पनी वा फार्मको कागजात माग्ने गरेका छन्। सोधपुछका क्रममा शङ्का लागे प्रहरीमा खबर गर्ने गरिएको छ (घिमिरे, २०८०।

निष्कर्ष

नेपालमा मानव बेचबिखन नियन्त्रण गर्ने प्रयोजनका लागि आकर्षण हुने गरी नीति तथा कानुन छन्। नीतिगत व्यवस्था तीन ओटा, कानुनी व्यवस्था दुई ओटा, बालबालिकासँग सम्बन्धित कानुन १४ ओटा, संस्थागत संरचना अन्तर्गत व्यवस्थापिका र त्यसभित्र एक ओटा, कार्यपालिकाभित्र १८ ओटा, न्यायपालिकाभित्र तीन ओटा र संवैधानिक तथा अन्य आयोगभित्र तीन गरी ४४ ओटा भन्दा बढी नीति र कानुन छन्। यसबाहेक विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा पनि यसलाई अन्त्य गरिने राष्ट्रिय प्रतिबद्धता छ। तर, यसको कार्यान्वय पक्ष अझै कमजोर छ। जसको मुख्य कारणहरू मध्ये राज्यले अहिलेसम्म सम्बोधन गर्न नसकेका आर्थिक र सामाजिक समस्या नै पर्छन्। तसर्थ यो समस्यालाई कानुन कार्यान्वयनसँगसँगै आर्थिक, सामाजिक समस्याका हिसाबमा बुझेर त्यही अनुसार नियन्त्रण र रोकथामका प्रयासहरू गर्नुपर्ने देखिन्छ।

सुझाव

- यसको रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तहहरूमा मानव बेचबिखनविरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- सीमा नाकामा अभिलेख राख्ने व्यवस्थापनलाई तीन ओटै सरकारले प्राथमिकतामा राख्नुपर्ने,
- मानव बेचबिखन मुद्दाको फैसला नहुञ्जेलसम्म पीडितलाई खर्चको व्यवस्थापन राज्यले गर्नुपर्ने,
- फैसलाबाट पाउने क्षतिपूर्ति राज्यले तुरून्त दिलाउने व्यवस्था हुनुपर्ने,
- मानव बेचबिखन पीडितहरूलाई पुनस्थापना गर्दा जीवनयापनका लागि आर्थिक सहयोग गर्नुपर्ने,
- न्याय चाँडो दिलाउने संयन्त्रको विकास गरिनुपर्ने,
- बेचबिखनमा परेकाहरूको उद्दारका लागि प्रदेश सरकार र स्थानीय सरकारलाई अधिकार हुनुपर्ने
- महिला वा बालबालिका हराएमा उनीहरूको फोनको अवस्थिति तुरून्त पत्ता लगाउन नेपाल प्रहरीलाई अधिकार दिने न्यायिक व्यवस्था चुस्त हुनुपर्ने ।

सन्दर्भ सामग्री

घिमिरे, गोविन्द (२०८० पुस), कुराकानीमा आधारित, क्षेत्रीय प्रमुख, माइति नेपाल

चिमोरिया, नारायण (२०८० पुस), कुराकानीमा आधारित, एसपी, प्रदेश प्रहरी कार्यालय

भण्डारी, लेखनाथ, बालबालिका बेचबिखन मानव गरिमाविरुद्धको चुनौती, (साउन २०६०), प्राची, पृ. १०-१२,

रिजाल, खगेन्द्र प्रसाद (२०८०, मङ्सिर), कुराकानीमा आधारित, डिएसपी, जिल्ला प्रहरी कार्यालय, झापा।

सेतोपाटी (२०८० असोज १६) मानव बेचबिखनमा टिकटकको दुरुपयोग बढ्दै, सेतोपाटी ।

https://www.setopati.com/social/313044

मानव बेचबिखन नियन्त्रण: नाकामा प्रभावकारी निगरानी र सचेतना आवश्यक (२०७९ माघ ११)।

https://www.setopatra.com/detail/3737

पोखरेल, विनोद (२०८० पुस), कुराकानीमा आधारित, मोरङ संयोजक, माइती नेपाल

४.२ मधेश प्रदेशका हरूवा चरूवा : आधुनिक बाँधाश्रम

परिचय

नेपालमा प्रचलित कृषि बाँधाश्रम प्रथाको एक स्वरूप हरुवा चरुवाले हजारौँ दलित परिवारको जीवनमा प्रतिकूल प्रभाव पार्दै आएको छ। बाँधाश्रमलाई गैरकानुनी घोषणा गरिएको भए पनि व्यवहारमा उनीहरू अझै पनि नियन्त्रित, असीमित र जबरजस्ती श्रम र अपर्याप्त ज्यालाको अवस्थामै बाँधिएका छन्। जमिनदारी प्रथाको अवशेषका रूपमा मधेशका आठ जिल्लामा १ लाख १० हजारभन्दा बढी हरुवा चरुवा अरुको जमिनमा श्रमसम्बन्धी न्यूनतम मापदण्ड विपरीत शोषणको अवस्थामा रहेका छन्। नेपाली बृहत् शब्दकोशले हरुवा शब्दको अर्थ खेतबारीमा हलो जोत्ने व्यक्ति, हली भनी उल्लेख गरेको छ। यसैगरी, सोही शब्दकोशमा चरुवा भन्नाले गाईबस्तु चराउने मानिस, गोठालो उल्लेख छ। जग्गाजमिन तथा आर्थिक हैसियत बढी भएका व्यक्तिहरूले हलो जोत्न र गाईवस्तु चराउन आर्थिक रूपले विपन्न तथा दलित समुदायका व्यक्तिलाई हरुवा चरुवा राख्ने गरेको पाइन्छ। हरुवा चरुवालाई वार्षिक वा मासिक रूपमा रकम वा अन्न दिने गरी तोकेर राख्ने चलन रहेको छ।

आर्थिक रूपले कमजोर, विपन्न तथा दलित समुदायका व्यक्तिको घरमा कुनै कामका लागि जग्गाधनीसँग ऋण लिने र ऋण तिर्ननसके हरुवा चरुवाका रूपमा रहेर ऋण तिर्नुपर्ने र बुबाले ऋण चुक्ता नगरेको अवस्थामा छोराले हरुवा चरुवा भई काम गरेर उक्त ऋण चुक्ता गर्नुपर्ने हुन्छ। त्यस्तै बुबाले जग्गाधनीको घरमा हरुवा चरुवाको काम गर्ने र बुबाले काम गर्न नसके छोराले हरुवा चरुवाको रूपमा काम गर्नुपर्ने हुन्छ। यसरी हरुवा चरुवाको रूपमा कैयौँ पुस्ता नै जग्गाधनीको घरमा बाँधाश्रमिक बन्नुपर्ने बाध्यतामा रहेको हुन्छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन २ गते हरुवा चरुवा मुक्त राष्ट्र घोषणा (नयाँ पत्रिका, २०७९) गरेका थिए। घोषणा कार्यान्वयनमा नहुँदा उनीहरूको आधारभूत अधिकारको उपभोग गर्न पाएनन्। हरुवा चरुवाहरू जग्गाधनीको खेतमा अन्न उब्जाउँछन्। तर, उनीहरूको जीविकोपार्जन सङ्कटग्रस्त हुने गर्दछ। उनीहरूका छोराछोरी पनि बन्धक बनेर काम गर्नैपर्ने बाध्यता हुन्छ।

जातीय छुवाछुत, सामाजिक विभेद, शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारबाट बञ्चितिकरणमा परेका हरुवा चरुवाको समस्या धेरै नै छ। जग्गाधनीको खेतमा हलो जोत्ने हरुवा र गाईबस्तुको हेरचाह गर्ने चरुवाले दिन रात, घाम र पानी नभनी काम गर्नु पर्छ।

मधेश प्रदेशमा हरुवा चरुवाको अवस्था

हरुवा चरुवा मुक्त घोषणको २३ वर्ष बितिसक्दा पनि यो कुप्रथा कायम छ। हरुवा चरूवा अधिकांश दलित समुदायका छन्। गरिबी, अशिक्षा र बेरोजगारीको समस्यामा रहेका हरुवा चरुवामाथि श्रमशोषण छ। उनीहरू न्यून पारिश्रमिक वा अन्नबालीमा काम गर्न बाध्य छन्। राज्यको सामाजिक न्याय तथा समावेशिकरणसम्बन्धी नीतिमा हरुवा चरुवा, भूमिहीन र सुकुम्बासी लगायतको पहिचान गरी बसोबासको लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन र रोजगारीको व्यवस्था गर्नुपर्ने स्पष्ट मार्गनिर्देशन गरेको छ। (पासवान, २०७०)

आर्थिक रूपले कमजोर र जग्गा नभएका भूमिहीन दलितहरू जग्गाधनी तथा मालिकको खेतमा हलो जोतेर गाई गोरु चराउने काम गर्न थाले। जग्गाधनी र मालिकको खेतमा काम गर्ने र गाईवस्तु तथा गोठालो गरेर जीविकोपार्जन गर्ने मानिसहरू नै कालान्तरमा हरुवा चरुवा भए।

जग्गाधनी र मालिकको खेतमा काम गर्दा वार्षिक रूपमा पाउने निश्चित अन्नबाली, दैनिक ज्यालाका रूपमा पाउने अन्नबाली र जग्गाधनी वा मालिकले निश्चित जग्गा दिएर सो जग्गामा उब्जिएको अन्नबालीले खान लाउन नपुग्ने भएपछि उनीहरूसँगै ऋण लिई वर्षभरि उनीहरूको घरमा काम गर्ने गर्छन्। वर्षभर खानलाउन नपुग्ने तर, अन्य काम गर्न समय पनि नपाउने भएकाले उनीहरूलाई आफ्नो जीवन चलाउन मुश्किल छ। ऋण लिएवापत त्यसको ब्याज

तिर्न नसकिने भएपछि हरुवा चरुवा प्रथा पुस्तेनी रूपमा सर्दै गयो र यस प्रथाले समाजमा जरा गाड्यो।

श्रम शोषण ऋण र कूचक्र

जग्गाधनीको खेतीपातीमा लगाइने कृषि मजदुरमध्ये खेत जोत्नेलाई हरुवा र गाईवस्तु चराउनेलाई चरुवा भनिन्छ। हरुवा चरुवा दुई किसिमबाट बस्ने गरेको पाइन्छ। एउटा, वर्षभरिनै एउटै जग्गाधनीको घरमा काम गर्नुपर्ने गरी र दोस्रो मौसमी हरुवा चरुवाको रूपमा काम गर्ने।

मौसमी हरुवाहरू खेतीपातीको समयमा जग्गाधनीको हलो जोत्ने काम गरेर अरु काम पनि गर्छन्। तर, वर्षभरि हरुवा चरुवा बस्नेले अरु काम गर्न पाउँदैन। उसले जग्गाधनी तथा मालिकको हलो जोत्ने काम दैनिक रूपमा गर्नु पर्छ। त्यसैगरी, जग्गाधनीको घरमा हरुवाकै छोराछोरी चरुवाको रूपमा बस्ने गर्दछ। अर्को, गाउँभरिका वस्तु चराउने र वार्षिक रूपमा थोरै अन्न पाउने चरुवा पनि हुन्छन्।

हरुवा चरुवा पनि दुई किसिमले बस्ने गर्दछ। एक, कसैको बुबा बाजेले कुनै साहुबाट ऋण लिएको छ भने त्यो चुक्ता गर्न नसके पछि छोराछोरी हरुवा चरुवा बस्नु पर्दछ। दोस्रो, आर्थिक रूपले विपन्न भूमिहीन दलितहरू खरखाँचोमा ऋण लिएवापत हरुवा चरुवा बस्ने गर्दछन्।

ऋण लिएर परिवारको भरणपोषण गर्नुपर्ने र हरुवा बसेर नै ऋण तिर्ने सामर्थ्य नहुने भएकाले हरुवा चरुवा ऋणबाट मुक्त हुन सक्दैनन्। हरुवा चरुवा बस्नेहरूको जग्गाधनीसँग उचित ज्याला माग गर्न पनि सक्दैनन्। जग्गाधनीले नै तोकेको ज्याला वा सर्तमा काम गर्न बाध्य हुन्छन्। सबै जिल्लाका हरुवा चरुवाको समस्या एउटै रहेको छ। तर, हरुवा बस्ने प्रक्रिया भने फरक फरक रहेको पाइन्छ। पछिल्लो समय हरुवा चरुवा पुस्तौंदेखि कुनै एउटै जग्गाधनीको घरमा बसेको कमै पाइन्छ। तर, एउटै व्यक्ति एउटै जग्गाधनीको घरमा आफ्नो जीवन बिताउने पनि भेटिन्छन्।

हरुवा चरुवाको ज्याला जग्गाधनी हेरी तय हुन्छ। तर, प्रायः जसो हरुवाले वार्षिक सात क्वीन्टल धान पाउँछ। कतिपय हरुवा बस्नेहरू जग्गाधनीको हलो जोतेवापत ५ देखि १० कठ्ठासम्म जमिन अधियामा जोत्न पाउँछन्। त्यो जमिनको उब्जनी नै उसको ज्याला हो।

एउटा जग्गाधनीसँग चित्त नबुझे अर्को जग्गाधनी कहाँबाट फेरि ऋण लिएर पहिलेको जमिन्दारलाई तिर्छन् र उनीहरू अर्को जग्गाधनीको घरमा हरुवा बस्छन्। यसरी हेर्दा, एक ठाउँबाट मुक्त भए पनि फेरि अर्को ठाउँमा ऊ बँधुवा नै हुन्छ। हरुवा चरुवाको समय अनुकूल ज्याला वृद्धि भएको छैन। न्यून ज्यालामा काम गरिरहेको हरुवा चरुवाले ज्यालावृद्धिको माग गर्दा उनीहरूलाई कामबाट हटाइन्छ। रोजीरोटीको अर्को विकल्प हुँदैन। फेरि सोही कर्ममा फर्किनुपर्छ। भूमिहीन, गरिबी र अशिक्षाका कारण हरुवा चरुवाको रोजगारीको अर्को विकल्प हुँदैन।

अधिकांश हरुवा चरुवाहरूको आफ्नै नाममा जमिन छैन। हरुवा बस्नेहरू बाटो, खोलानाला छेउछाउ, ऐलानी, पर्ती गाउँ ब्लक, गुठी सडक लगायतका जग्गामा बसोबास गर्छन्। यसरी हेर्दा हरुवा चरुवा बस्नुको कारण गरिबी नै हो (ढकाल, कार्की, श्रेष्ठ, २०७६)।

हरुवा चरुवाः दलित र निर्धन

मधेश प्रदेशमा हरुवा चरुवाको एकीन तथ्याङ्क छैन। तर, हरुवा चरुवाबारे धनुषाको धनौजी गाउँपालिका, शहिदनगर र गणेशमान चारनाथ नगरपालिकामा दलित समाज उत्थान समिति नेपालको अगुवाइमा २०७६ सालमा गरिएको एक अध्ययन अनुसार ९० प्रतिशत हरुवा चरुवाले औषधी उपचारका लागि र खानेकुरा नै नभएर ऋण लिन्छन् र तिर्न नसकेपछि हरुवा चरुवा नामक बँधुवा श्रमिक हुन बाध्य हुन्छन्। ७२ प्रतिशत हरुवा चरुवाले अन्यत्र ज्याला बढी भए पनि काम गर्न जान पाउँदैनन्। बँधुवा मजदुर भनेकै यही हो (पूर्ववत्)।

हरुवा चरुवामध्ये २७ प्रतिशतको निजी उत्पादनले केवल तीन महिनामात्र खान पुग्ने र ८८ प्रतिशत हरुवा चरुवाको बस्नका लागि कच्ची टहरो मात्र रहेको अध्ययनमा देखियो। परिवार पाल्न तथा खान र औषधी उपचार गर्नका लागि अधिकांश हरुवा चरुवाहरू ऋण लिन बाध्य हुन्छन्। त्यो ऋणको साँवा सामान्यतया दोब्बरदेखि तेब्बर बनाएर तमसुक बनाइने चलन अझै पनि कायम देखिन्छ। हाल यो मिटर व्याजको रूपमा रूपान्तरण हुँदै गएको देखिन्छ। कुनै जग्गाधनी कहाँ हरुवा चरुवा बसेपछि अर्को जग्गाधनीले बढी ज्याला दिए पनि काम गर्न पाइँदैन। यो नै उसको बँधुवा श्रमको स्थिति हो। धेरैजसो हरुवा चरुवाले दैनिक अढाइदेखि पाँच किलो धान ज्याला पाउँछन्, जुन नगदमा बदल्दा झण्डै एक सय देखि दुई सय रुपियाँ जति हुन्छ। त्यसमा पनि महिला र पुरुषबीचको

ज्यालामा विभेद छ। दैनिक रूपमा पुरुषलाई पाँच किलो र महिलालाई अढाइ किल्लो अन्न दिने चलन छ। पुरुषलाई ५ सय रुपियाँ र महिलालाई २ सय ५० रुपियाँ दिइने चलन छ। दैनिक रूपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले आठ घण्टा काम गर्नुपर्नेमा सो भन्दा बढी समय काम गराइएको देखिन्छ। ग्रामीण भेगमा त निश्चित ज्यालामा दिनभरि हरुवा चरुवाले काम गर्नु परेको अवस्था छ। अन्नबाली छर्ने वा रोप्ने, गोडमेल गर्ने, भित्र्याउने समयमा राती अबेरसम्म हरुवा चरुवालाई काममा लगाइन्छ। उनीहरूको श्रमको अवधि नै तोकिएको हुँदैन।

तालिका ४.२.१ जातिगत आधारमा हरुवा चरुवा

सामाजिक समूह	अनुमानित घरधुरीको कुल सङ्ख्या	अनुमानित हरुवा चरुवाको घरधुरी सङ्ख्या	हरुवा चरुवा घरधुरी प्रतिशत	समूहभित्रका हरुवा चरुवाको प्रतिशत
तराई दलित	१९६,०१४	४५,९४१	६५.९	२३.४
तराई जनजाति	१४९,१९१	४,६०७	६.६	३.१
मुस्लिम	५२,७१७	३,५०९	५.०	६.७
अन्य तराई हिन्दुजाति समूह	३१५,५९३	१४,२६५	२०.५	४.५
पहाडी समूह/समुदाय	५४,१६८	१,४१६	२.०	२.६
पहिचान नखुलेका जातजाति	२,३८८		-	-
जम्मा	**७७०,०७१**	**६९,७३८**	**१००**	**९.१**

(स्रोत : FORCED LABOUR OF ADULTS AND CHILDREN IN THE AGRICULTURE SECTOR OF NEPAL, ILO REPORT, 2013)

हरुवा चरुवामध्ये सबैभन्दा बढी दलित

मधेशमा सबैभन्दा बढी हरुवा चरुवा दलित समुदायका व्यक्तिहरू छन् (ढकाल, २०६४)। सङ्ख्यात्मक रूपमा सबभन्दा बढी मुसहर समुदाय र त्यसपछि राम, खत्वे र पसवानलगायतका जाति हरुवा चरुवा छन्। हरुवा गैरदलित पनि बस्छन् तर त्यसको सङ्ख्या कम छ। तराई मधेशका सुनसरी, सप्तरी, सिरहा, धनुषा, सर्लाही, रौतहट र बारा गरी सात जिल्लामा आइएलओले सन् २०१३ मा गरेको एक अध्ययन अनुसार ६९ हजार ७ सय ३८ हरुवा-चरुवा घरपरिवारको अनुमान गरेको छ (आइएलओ, २०१३)।

कति छन् हरुवा चरुवा ?

मधेश प्रदेशका आठ जिल्लामध्ये सप्तरी, सिरहा र धनुषामा हरुवा चरुवा बढी रहेका छन्। सप्तरी, सिरहा, धनुषामा हरुवा चरुवाको सङ्ख्या बढी हुनुका कारण ती जिल्लाहरूमा दलितहरूको सघन बसोबास हुनु हो।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा राष्ट्रिय दलित नेटवर्कले २०७९ पुस ९ गते आयोजना गरेको एक छलफल कार्यक्रममा हरुवा चरुवा अधिकार मञ्चका प्रतिनिधिहरूले आ-आफ्नो जिल्लामा रहेका हरुवा चरुवाको तथ्याङ्क प्रस्तुत गरेका थिए। प्रस्तुत तथ्याङ्क अनुसार मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी आठ ओटै जिल्लाको १ सय २८ पालिकामा गरेको सर्वेक्षण अनुसार ती पालिकाहरूमा १ लाख ६० हजार ४ सय ५२ जना हरुवा चरुवा रहेको उल्लेख छ।

नीतिगत व्यवस्था र यथार्थ

कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन ०५८ मा 'कमैया श्रमिक भन्नाले भैसवार, गैवार, हरुवा भन्ने सम्झनुपर्छ' भन्ने उल्लेख छ। यो ऐनले कमैया श्रमलाई निषेध गर्दै हरुवा, चरुवालाई पनि मुक्त गरेको देखिन्छ। तर, व्यवहारिक रूपमा यो ऐनले हरुवा-चरुवालाई छुन पनि सकेको छैन।

मधेश प्रदेशका हरुवा चरुवाहरू सङ्गठित भएर ०६० सालदेखि नै विभिन्न चरणको आन्दोलनहरू गर्दै आइरेका छन्। ०६५ साल यता गठन भएका सबै सरकारका प्रधानमन्त्रीहरूसँग हरुवा चरुवाहरूले भेटेर आफ्नो माग राख्ने गरेका छन्। तर, हरुवा चरुवाहरूका विषयमा अहिलेसम्म कुनै पनि सरकारले ठोस कदम चालेको देखिँदैन।

सरकाले आर्थिक वर्ष ६८/०६९ मा कमैया, हलिया, कमलरी, हरुवा-चरुवाको रोजगारी र शिक्षा व्यवस्थाका निम्ति सोही आर्थिक वर्षको बजेटमा हरुवा चरुवाको तथ्याङ्क सङ्कलन गर्ने र हरुवा चरुवा, गाइने, वादी महिलालाई सहुलियतमा ऋण प्रदान गरिने

तालिका ४.२.२ स्थानीय तहअनुसार हरुवा चरुवाको अनुमानित सङ्ख्या

जिल्ला	स्थानीय तह	सङ्ख्या
सप्तरी	१८	३३,८९४
सिरहा	१७	६,८७०
धनुषा	१८	३१,४००
महोत्तरी	१५	८,०४८
सर्लाही	२०	७,२९०
रौतहट	१८	१४,७५०
बारा	१३	५३,०००
पर्सा	९	५,२००
कुल	१२८	१,६०,४५२

भनिएको थियो। तर, हरुवा चरुवाको लगत सङ्कलन गरी परिचय पत्र उपलब्ध नगराएका कारण ती कार्यक्रमले समेत हरुवा चरुवालाई छोएन। सरकारले कमैया, हलिया र कमलरीलाई जस्तै हरुवा चरुवालाई समेत पहिचान गरी परिचय पत्र उपलब्ध नगराएसम्म प्राविधिक रूपले हरुवा-चरुवाका लागि छुटयाइएको बजेट कार्यान्वयन हुन सक्दैन।

'मुक्त हरुवा चरुवाको न्यायिक पुनर्स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र समाजिक सुरक्षा हाम्रो अधिकार' भन्ने नारासहित राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च र राष्ट्रिय दलित नेटवर्कको संयुक्त आयोजनामा २०७९ चैत २८ गते पर्साको बीरगञ्ज र सप्तरीको राजविराजबाट आफ्ना अधिकार मार्दै हरुवा चरुवाहरूले प्रदर्शन गरेका थिए। हरुवा चरुवा, हलिया, भूमिहीन र सुकुम्बासीको पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमिन सहित पुनः स्थापना गर्नुपर्ने उनीहरूको माग थियो (अनलाइन खबर, २०७९)।

राष्ट्रिय हरुवा र चरुवा अधिकार मञ्चले मधेश प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहलाई २०७५ फागुन ४ गते जनकपुरमा हरुवा चरुवाको मुक्ति र ऋण मिनाहासहितको पाँच बुँदे मागपत्र पेश गरेको थियो। हरुवा चरुवाले राष्ट्रिय बँधुवा कृषि मजदुर सङ्घर्ष समितिको अगुवाइमा राष्ट्रिय मानव अधिकार आयोग मार्फत नेपाल सरकारलाई ध्यानाकर्षण पत्र समेत बुझाएका थिए (राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च, २०७२)।

मञ्जुषा ४.२.१ मधेश प्रदेशमा हरुवा चरुवाको समस्या र सरकारको नीति तथा कार्यक्रम

चरुवाका मुख्य समस्याहरू

१. हरुवा चरुवामध्ये धेरैसँग बस्न योग्य घर छैन। अधिकाश झुप्राहरू साहुको जमिनमा, ऐलानी र गाउँ ब्लकमा छन्। उनीहरूको आफ्नै जमिनमा आफ्नै घर छैन। अधिकांश हरुवा चरुवासँग जीविका धान्नका लागि आफ्नै कुनै खेतीयोग्य जमिन छैन।
२. उनीहरू स्वास्थ्य उपचार, दैनिक जीविका टार्ने अन्न कमाउन, झुप्रो बनाउन, काजकिरिया र छोराछोरीको विवाह गर्न र विदेश जान साहुसँग ऋण लिन बाध्य छन्।
३. धेरैजसो हरुवा चरुवासँग जीविकोपार्जन गर्न आवश्यक ज्याला प्राप्त हुने किसिमको सीप र दैनिक जीवन धान्न किसिमको रोजगारी छैन।
४. अधिकांशसँग नागरिकता प्रमाण पत्र र जन्म दर्ता प्रमाण पत्र नहुनाले सरकारी सेवा सुविधाबाट वञ्चित छन्।
५. अशिक्षा, आर्थिक विपन्नता र न्यून राजनीतिक पहुँच।

मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रममा हरुवा चरुवा

हरुवा चरुवाको एकीन तथ्याङ्क मधेश प्रदेश र स्थानीय सरकारसँग पनि छैन। सङ्घीय सरकारले आर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरेको नीति तथा कार्यक्रमको बुँदा नम्बर ५१ मा हरुवा चरुवाको समस्या समाधान गरिने र ती समुदायको विकासका लागि एकीकृत विशेष कार्यक्रम लागु गरिने उल्लेख छ।

मधेश प्रदेश सरकारले अर्थिक वर्ष २०८०/८१ मा सार्वजनिक गरेको नीति तथा कार्यक्रमको १ सय ७९ औँ बुँदामा स्थानीय सरकारको समन्वयमा मधेश प्रदेशको सबै जिल्लाहरूमा मुक्त हरुवा चरुवाको तथ्याङ्क सङ्कलन गरी प्रमाणिकरण र परिचय पत्र वितरण गरिने उल्लेख गरिएको मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेले बताए।

निष्कर्ष

गरिबी, भूमिहीनता तथा बास बिहीनता नै हरुवा चरुवाको मूल समस्या हो। न्यून ज्यालामा जग्गाधनी र मालिकको घरमा हरुवा र चरुवा बस्नुपर्ने बाध्यता रहेको छ। पारिवारिक जीवन निर्वाह र औषधी उपचारका लागि ऋण लिने र सो ऋण तिर्न हरुवा चरुवाको रूपमा काम गर्नुपर्ने बाध्यता छ।

हरुवा चरुवाहरू र हरुवा चरुवाका क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूले विभिन्न समयमा आन्दोलनहरू गर्दै आएका छन्। समिति र आयोगहरूको सिफारिसमा नेपाल सरकारले हरुवा चरुवा मुक्तिको घोषणा गरे पनि उनीहरूको एकीन तथ्याङ्क र पहिचान हुन सकेको छैन। गरिबी र अशिक्षाको मारमा रहेको हरुवा चरुवाको सन्दर्भमा सरकारले ठोस नीति तथा कार्यक्रमहरू समेत ल्याउन सकेको छैन।

जग्गाधनी र मालिकको घरमा हरुवा र चरुवाको रूपमा काम गर्दै जीविका चलाइरहेका उनीहरू अहिले नौलो समस्यामा छन्। कृषिमा प्रविधिको प्रयोगका कारण त्यही काम पनि पाउन गाह्रो हुन थालेको छ। अधिकांश हरुवा चरुवा बेरोजगार भएर घरमा बस्न बाध्य छन्। जग्गा जमिन छैन। ऐलानी जग्गा जमिनमा बसेका भूमिहीन सुकुम्बासी हरुवा चरुवा अहिले विस्थापनको समस्यासँग जुधिरहेका छन्।

दास प्रथाको अवशेषका रूपमा रहेको हरुवा चरुवा प्रथा मधेश प्रदेशमा कायमै रहेको छ। जीवनयापनका लागि स्थानीय जग्गाधनीसँग ऋणवापत् लिएको रकम तिर्न हरुवा चरुवाको पुस्तौँपुस्ता बाँधा श्रममा संलग्न हुन बाध्य पारिएका छन्। हरुवा चरुवाले गर्ने काम र पाउने ज्यालका सम्बन्धमा कुनै लिखित सम्झौता भएको हुँदैन। मौखिक आदेशका भरमा यो प्रथा कायम रहेको छ। मासिक वा वार्षिक तथा केही खेत उब्जा गरी खान दिने गरी हरुवा चरुवाको रूपमा जग्गाधनीले प्रयोग गरिरहेका हुन्छन्।

अधिकांश हरुवा चरुवाले जीवन निर्वाह गर्नका लागि ऋण लिने गरेका छन्। धेरैजसोसँग नागरिकताको प्रमाण पत्र समेत छैन। नागरिकताको अभावमा न त उनीहरू राज्यले दिने कुनै सुविधा लिन समर्थ भएका छन्, न जमिन आफ्नो नाममा पास गर्न। जग्गाधनीको खेतिपातीमा आफ्नो जीवन नै समर्पित गर्नुपर्ने अन्यायपूर्ण चलनको रूपमा हरुवा चरुवा प्रथा रहेको छ। जमिनमा बढी मेहनत गर्ने हरुवा नै जमिनको अधिकारबाट वञ्चित छन्। लोकतान्त्रिक शासन व्यवस्थामा हरुवा चरुवा प्रथाजस्ता विभेद कायम रहनु राज्यकै लागि पनि लज्जास्पद विषय हुनाले यो समस्या हरुवा र चरुवाको मात्र नभई देशकै समस्या भएको छ।

सन्दर्भ सामग्री

अनलाइन खबर, (२०७९ चैत २८) *पुनर्स्थापनाको माग राख्दै हरुवाचरुवा आन्दोलनमा,* अनलाइन खबर। https://www.onlinekhabar.com/2023/04/1290893

ढकाल, सुरेस, कल्पना कार्की, सन्दिप श्रेष्ठ (२०२०, *हरुवा चरुवा, कृषिमा बाँधिएका मजदुर : पूर्वी तराईको धनुषा जिल्लाका तीन नगरपालिकाको अध्ययन,* सिएसआरसी।

ढकाल, सुरेश (२००७), हरुवा, *स्वतन्त्र कृषि मजदुर : पूर्वी तराईबाट एक केस स्टडी (खण्ड ३४, अङ्क २),* नेपाल र एसियाली अध्ययन केन्द्र।

राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च (२०७२), हरुवा चरुवा परिवेश २०७२, राष्ट्रिय हरुवा चरुवा अधिकार मञ्च

नेपालका लागि आइएलओ कन्ट्री अफिस (२०१३), *नेपालको कृषि क्षेत्रमा वयस्क र बालबालिकाको जबर्जस्ती श्रम (११),* आइएलओ।

नयाँ पत्रिका (२०७९ साउन ३), *हरुवा-चरुवाको ऋण खारेज गर्ने प्रधानमन्त्रीको घोषणा,* नयाँ पत्रिका। https://nayapatrikadaily.com/news-details/91355/2022-07-19

पासवान, भोला (२०७० भदौ १६), *मधेशको जमिन्दारी र हरुवा-चरुवा,* अनलाइन खबर। https://www.onlinekhabar.com/2013/09/110969

४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

परिचय

९३ जनाको सङ्ख्यामा रहेको वनकरिया जाति मौलिक हकका रूपमा संविधान प्रदत्त आवासको अधिकारबाट विमुख छन्। बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लाको मनहरि गाउँपालिका-४ मुसेधापमा २१ घरधुरीमा समेटिएका वनकरीया नेपालको अल्पसङ्ख्यक आदिवासी जनजाति हुन्।

वनकरियाका पुर्खाहरू मकवानपुर जिल्लाको पश्चिम-उत्तरी चट्टानी पहाडमा ३ सय वर्षभन्दा बढी समयदेखि फिरन्तेको रूपमा बसोबास गर्दै आएका थिए भनिन्छ। तीन दशकअघि २०५१ मा उनीहरू एक छुट्टै पहिचान भएका अल्पसङ्ख्यक समूहका रूपमा परिचित भएका हुन्। उनीहरू जङ्गलमा छाप्रो बनाएर वा ओडारमा बसोबास गर्ने गरेको पाइएको थियो। यसरी उनीहरूको बसोबास क्षेत्र वनजङ्गल नै रहेकोले पनि वनकरिया भनिएको वनकरिया समुदायको उत्थानमा लामो समयदेखि काम गर्दै आएका अगुवाको धारणा छ (विष्ट, २०८०)।

वनकरिया मकवानपुरको पश्चिम उत्तरी क्षेत्रमा बसोबास गर्ने चेपाङ जाति जस्तै अल्पसङ्ख्यक घुमन्ते समूह हो। वनकरियाको आफ्नै मातृभाषा रहेको भनिए पनि एक दुई शब्दमात्र प्रयोगमा रहेका छन्। उनीहरू नेपाली भाषा बुझ्न र बोल्न सक्छन्। समयक्रममा मनहरी गाउँपालिका-४ को मुसेधापमा स्थायी रूपमा बस्न थालेको दुई दशक मात्र भएको छ।

नेपालका ५९ आदिवासी-जनजातिलाई विकसित, सुविधाबाट वञ्चित, सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख गरी पाँच समूहमा विभाजन गरिएको छ। आदिवासी-जनजाति प्रतिष्ठान तथा नेपालको जनगणना २०७८ अनुसार वनकरीया, राउटे, मेचे, राजी, लेप्चा, कुशवडीया, हायु, किसान, कुसुण्डा तथा सुरेलसहितका १० लोपोन्मुख आदिवासीमा पर्छन् (आदिवासी जनजाति, २०७९)।

यस वर्गीकरणका अनुसार नेपालमा रहेका विभिन्न आदिवासी जनजातिहरूमध्ये वनकरिया पनि सीमान्तकृत, लोपोन्मुख र जनसङ्ख्याका आधारमा थोरै जनसङ्ख्या भएको अल्पसङ्ख्यक जनजाति पनि हो।

जीवन शैली र सरकारी सेवासम्मको पहुँचको अवस्था

देशका अन्य भागमा बसोबास नभएको वनकरिया समुदायको छुट्टै पहिचान भएपछि ओडार र छाप्रोको बसाइलाई स्थानान्तरण गरी मनहरीगाउँपालिका-४ मुसेधापमा बसोबासको व्यवस्था गरिएको छ। वनकरियाहरू आधुनिक सामाजिक वातावरणमा घुलमिल हुँदै आफ्ना पहिचान स्थापित गर्न लागि परेका छन्। राजनीति र नागरिक अधिकार जीवनका लागि आवश्यक कुरा हुन् भन्ने उनीहरूलाई खासै ज्ञान छैन। तर, उनीहरूका पनि केही माग छन्: सीम र धापको जग्गालाई आफ्ना बासस्थानको रूपमा उपलब्ध गराउन उनीहरूको सरकारसँग माग रहेको छ। वनकरिया जातिको अनुसन्धान र संरक्षण नभएका कारण यो जाति लोप हुने अवस्थामा छ (राजेश, १९९४)।

लोपोन्मुख आदिवासी भत्ता

नेपाल सरकारले २०६८ को जनगणना अनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका १० ओटा जातिलाई लोपोन्मुख आदिवासी जनजातिको सूचीमा राख्दै तिनलाई सामाजिक सुरक्षा भत्तासमेत दिँदै आएको छ। वनकरिया जातिका जन्मदर्ता भएका नवजात शिशुदेखि सबैजनाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत् प्रति महिना ४ हजार रुपियाँ प्रतिव्यक्ति भत्ता पाउँछन्। वनकरिया समुदायका प्रत्येक सदस्यलाई जन्मदर्ता भएपछि भत्ताको व्यवस्था गरिएको छ। मनहरी गाउँपालिकामा आर्थिक वर्ष २०८०/०८१ को यस अवधिमा ८५ जनाले सामाजिक सुरक्षा भत्ता बुझ्दै आएको अभिलेख रहेको छ। गाउँपालिकामा अभिलेख हुने प्रकृयामा रहेका तथा अभिलेखको लागि आइनपुगेका कारण सबै वनकरिया समुदायका व्यक्तिले सामाजिक सुरक्षा भत्ता नबुझेको हुनसक्ने अवस्था छ (भट्टराई, २०८०)।

आर्थिक पक्ष र जीविकोपार्जन

परम्परागत रूपमा वनकरियाको आम्दानीको प्रमुख स्रोत जङ्गल नै थियो। उनीहरू जङ्गलमा बस्थे।

उनीहरूले आफ्ना परिवारको जीविकोपार्जनका लागि गिट्ठा, भ्याकुर, कन्दमुल (पाङ्नाम), चुन्या आदि खानेकुरा सङ्कलन गर्थे। बनकरियाहरूको जग्गाजमिन प्राय: थिएन। उनीहरू जङ्गली सुन्तला, केरा, कुसुम, निगालोको तामा, कुरिलो, च्याउ, कन्दमुल, जराजस्ता जङ्गलका उत्पादन स्थानीय बजारमा बिक्री गर्ने गर्थे। त्यो अवस्था अहिले छैन। वनकरियाहरू त्यो समुदाय हो जसको कुनै स्थायी र दिगो आम्दानीको स्रोत छैन। कसैसँग पनि स्थायी रोजगारी छैन। अहिले आएर उनीहरूका आम्दानीका मुख्य स्रोतहरू कृषि मजदुरी, दैनिक ज्याला-मजदुरी र पानीमिलहरू सञ्चालन तथा खोला किनारमा गिट्टी कुट्ने र ट्याक्टर लगायतका सवारी साधनमा सहयोगीको भूमिकामा काम लगायत हुन्।

हाल उनीहरूसँग पर्सा वन्यजन्तु आरक्षण केन्द्रको नाममा रहेको र बसोबास गर्ने प्रयोजनको लागि उपलब्ध गराइएको दुई कठ्ठा जमिनबाहेक अन्य कुनै जग्गाजमिन आफ्नो नाममा छैन। खोला किनाराका जमिन तथा पाखोबारी पनि वन फडानी र बाढीपहिरोजस्ता प्राकृतिक विपत्तिले खेती योग्य छैनन्। भएको जग्गामा सामान्य धान, मकै र मौसमी खेतीबाट उब्जाउ गरेको खाद्यान्न चार महिनासम्म पुग्छ। उनीहरूलाई त्यसपछि खानाको खोजीमा फेरि वनजङ्गल लगायतका विकल्प खोज्नु पर्ने अवस्था छ। उनीहरूसँग आयको अरु स्रोत नभएको कारण दैनिक ज्यालादारीमा काम गर्ने र खानाका लागि जङ्गल रोज्नु पर्ने बाध्यता छ। मुसेधापमा बसोवास गर्न थालेपिछ भने विभिन्न महिला समूहमा आवद्ध भई मासिक बचत तथा आयआर्जनका गतिविधिमा महिलाहरू लाग्दै आएका छन्।

जनताको घरमा प्रधानमन्त्री कार्यक्रम अन्तर्गत २०६६ सालमा तत्कालिन प्रधानमन्त्री डा. बाबुराम भट्टराई वनकरिया बस्तीमा एकरात बसेका थिए। उनी बसेको घरलाई होमस्टे सञ्चालन गर्न स्थानीय तहले आवश्यक सहयोग गरेको छ। होमस्टे सञ्चालनका लागि तीन कोठाको घर बनाइए पनि त्यो अझै पनि आय आर्जन गर्ने अवस्थामा छैन।

आजकल उनीहरूमध्ये कोही-कोही आफ्ना जीवनस्तर उकास्न साबुन बनाउने, धुप बनाउने, सिलाइकटाइ लगायतका तालिम लिने गरेका छन्। त्यसलाई व्यवसायिक रूपमा व्यवहारमा ल्याउन सकेका छैनन्। साबुन बनाउने काम अहिले पनि जारी छ। तर, साबुन बिक्रीका लागि बजारमा पहुँच नहुँदा र कच्चा पदार्थ किन्न नसक्दा यसलाई दिगो रूपमा अगाडि बढाउन सकिएको छैन (वनकरिया, २०८०)।

आवासको सङ्कट

वनकरियाको मुख्य समस्या आफ्ना नाममा जग्गा नहुनु, रोजगारी नहुनु र आफ्ना उत्पादन पनि पर्याप्त नहुनु रहेको छ। आफ्ना नाममा जग्गा नभएपछि प्राय:को पक्की घर छैन। जिल्ला वन कार्यालय, मकवानपुरले वनकरिया समुदायलाई जीवन धान्नको निम्ति २०६२ सालमा मनहरीको मुसेधाप क्षेत्रमा कबुलियती वन २० वर्षका लागि उपलब्ध गराएको थियो (विष्ट, २०८०)। उनीहरूले जग्गाको स्वामित्व नभए पनि सामुदायिक वन अन्तर्गतको जग्गा उपलब्ध गराइएपछि भने उनीहरूको आर्थिक अवस्था अनुसारका घर निर्माण हुन थालेका हुन् (ढकाल, २०८०)।

साथै, वनकरिया समुदायको संरक्षण र उत्थानका लागि मनहरी गाउँपालिकाले पनि विभिन्न कार्यक्रम गर्दै आएको छ। गाउँपालिकाले वनकरिया समुदाय रहेको मुसेधाप क्षेत्रमा आवास कार्यक्रम सञ्चालन गर्न प्राविधिक रूपले जग्गाको स्वामित्वका कारण सम्भव नभए पनि बस्ती सुरक्षाका लागि खोला किनारमा तटबन्ध निर्माण गर्ने, खानेपानी, बजुली बत्ती होमस्टे लगायतका कार्यक्रमलाई निरन्तरता दिएको र आयआर्जनका लागि भैंसीका पाडी तथा पाठापाठी वितरणका कार्यक्रम सञ्चालन गर्दै आएको छ। पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्राधिकारभित्रको जमिनमा उनीहरूको बसोबास रहेकाले त्यहाँ जनता आवास कार्यक्रम अन्तर्गत भवन बनाउन समस्या भएको छ (उही)।

यसैबीच, जनता आवास कार्यक्रम अन्तर्गत मनहरी गाउँपालिकाले भोगाधिकार गर्न जग्गा उपलब्ध गराएपछि वडा कार्यालयको समन्वयमा १० ओटा घर निर्माण भइसकेको छ (थापा, २०८०)। उहाँले सबै प्रकृया पूरा गरेर प्राथमिकताका आधारमा घर हस्तान्तरण गरिने जानकारी गराए। तर, यो तत्काल हुने सम्भावना देखिँदैन। किनभने मुसेधापमा बसोबास गर्दै आएका वनकरियालाई उक्त स्थान छाड्न पर्सा राष्ट्रिय निकुञ्जले दबाब दिइरहेको छ। पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयकका वार्डेन (खतिवडा, २०८०) का अनुसार बसोबास गरिरहेको क्षेत्रबाट बस्ती तत्काल हटाउने अवस्था नभए पनि बसोबास गरेको जग्गाको स्वामित्व हस्तान्तरण गर्ने नीति नरहेको र कसैले झुक्याएर स्वामित्व ग्रहण गरे पनि त्यसलाई बदर गरी

निकुञ्जकै स्वामित्व कायम गर्ने नीति रहेको छ। आदिवासी जनजातिको आवासको अधिकार सुरक्षित गर्ने दायित्व राज्यको भएकोले राज्यले नै सो अनुसारको नीति बनाएर त्यहाँबाट बस्ती स्थानान्तरण गर्नु नै समस्याको दीर्घकालीन समाधान हो (खतिवडा, २०८०)।

वनकरियाहरूको आफ्ना नाममा जग्गा नभएकाले सरकारले बनाइदिने भनेको घर बन्न सकेको छैन भने बसोबास गर्दै आएको थलोमा पनि खोला दुवैतिरबाट छिरेको कारण जङ्गलबाट बस्तीमा आएर बस्दा पनि सुरक्षित हुन सकेका छैनन् (वनकरिया, २०८०)।

यसैबीच वनकरिया समुदायका अगुवाहरूले घरजग्गाको स्वामित्व व्यक्तिको नाममा उपलब्ध गराउन भन्दै २०८० साउन ७ गते बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्री डाक्टर राजेन्द्रमान श्रेष्ठलाई ज्ञापनपत्र बुझाएका छन् (इकागज, २०८०)। उनीहरूको चिन्ता २० वर्षका लागि उपलब्ध गराइएको अहिले बसेको ठाउँ नपाए फेरि जङ्गलमै जानुपर्ने बाध्यता हो। अस्थायी ज्याला मजदुरी गर्न पुरुष बाहिर जाने गरे पनि वनकरिया समुदायको बसाईं सराई भने भएको छैन (वनकरिया, २०८०।

सांस्कृतिक अवस्था

पछाडि पारिएका जातजाति र समुदायको उत्पत्ति, विकास र सृष्टिका बारेमा खोजतलास र अनुसन्धान पनि कमै हुने भए पनि वनकरियाको भाषासम्बन्धमा गरिएको अनुसन्धानमा उल्लेख गरिएको छ : भाषा संस्कृतिको पहिचानले नै उनीहरूको अस्तित्व कायम रहन्छ (राई, २०८०)। सो समुदायमा चार/पाँच जना भन्दा बढी वनकरिया भाषा बोल्न जान्न सक्ने व्यक्ति छैनन्। त्यसको संरक्षणका लागि राज्य लाग्नु पर्दछ। आधुनिक जीवन शैली र परिवर्तनशील समाजमा उनीहरूको पहिचान लोप हुने अवस्थामा छ। सरकारले राजनीतिक प्रकृतिका सामाजिक सुरक्षा भत्ता, आवास, स्वास्थ्य, शिक्षाजस्ता विषयमा मात्र ध्यान दिँदा उनीहरूको अस्तित्व लोप हुने अवस्थामा पुगेको छ (पूर्ववत्)।

सञ्चार माध्यम र यातायात सुविधाको कारणले देशभित्र बाहिर सबैतिरको आधुनिक विकास र त्यसबाट प्राप्त सुविधाको प्रभावले वनकरियालगायत सीमान्तकृत र लोपोन्मुख जातिहरूको उत्पत्ति र इतिहासलाई ओझेलमा पारेको छ। उनीहरूको भाषा संस्कृतिको संरक्षण र प्रवर्धन राज्यले गर्नुपर्ने हुन्छ। भाषा संस्कृतिको संरक्षण हुननसके उनीहरूको अस्तित्व समाप्त भएर जाने अवस्थामा पुगेको छ (गौतम, २०८०)।

भाषा आयोगको पहलमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको भाषा विज्ञान विभागले वनकरिया जातिको भाषाको वैज्ञानिक सर्वेक्षण र अनुसन्धान कार्य सुरु गरेको थियो (विष्ट, २०७९)। त्रिभुवन विश्वविद्यालयको केन्द्रीय भाषा विभागद्वारा गरिएको सो अनुसन्धानले वनकरियाको आफ्नै भाषा रहेको निष्कर्ष निकालेको प्रतिवेदन बुझाएको थियो (राई, २०७४)। अध्ययनका अध्यताका अनुसार वनकरियाको वंशको सुरक्षा नै महत्त्वपूर्ण सवालका रूपमा रहेको देखिन्छ। वनकरियाको संस्कार, संस्कृति संरक्षण र प्रवर्धन गर्न नसके अस्तित्व हराउन धेरै वर्ष पर्खनुपर्दैन। वंश, संस्कृति बेग्लै भएको वनकरिया जातिको आफ्नो संस्कृति लोपोन्मुख अवस्थामा रहेकोले उनीहरूको साँस्कृतिक अधिकार जोखिममा रहेको देखिन्छ (पूर्ववत्)।

निष्कर्ष

स्थायी र आफ्ना स्वामित्वमा घर जग्गा नहुँदा उनीहरूले आर्थिक गतिविधिमा संलग्न हुन अन्य जाति जस्तो सम्भव छैन। वनकरिया समुदाय बसिरहेको ठाउँ पर्सा वन्यजन्तु आरक्षणको भएको हुँदा त्यहाँबाट कहिले हट्नुपर्ने हो भन्ने त्रासले उनीहरू बस्नुपरेको अवस्था छ। अहिले बसोबास गरेको ठाउँ पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्राधिकार रहेको र त्यसमा आफ्ना अधिकार स्थापित नहुँदा सँधै डर र त्रासमा जीउन बाध्य छन्।

नेपालको संविधानले मौलिक हक अन्तर्गत धारा १८ मा उल्लेखित समानताको हकसम्बन्धी उपधारा (१) मा सबै नागरिक कानुनका दृष्टिमा समान रहने भनिए पनि उपधारा (३) ले सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पिछडिएका जाति, वर्ग, क्षेत्र, लिङ्ग वा अल्पसङ्ख्यकहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था भए अनुरूप लोपोन्मुख जातिहरूको सूचीमा रहेका वनकरिया समुदायको संरक्षण तथा कल्याणका निम्ति थप कार्यक्रम ल्याउन र सरकारले अहिले लागु गरेका कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्नुपर्ने देखिन्छ।

वनकरिया समुदायको राज्यले तत्काल गर्नुपर्ने संरक्षणका गतिविधि मध्ये प्रमुख चाहीं स्थायी आवासको व्यवस्था हो। त्यस्तै उनीहरूको जीविकोपार्जन सहज बनाउन खेती गर्ने जग्गा, रोजगारी र समुदायको पहिचानको अधिकारको संरक्षण र संवर्द्धन जरुरी छ।

सन्दर्भ सामग्री

आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (२०७९ जेठ ४ गते) जातिहरू, गृहपृष्ठ । National Foundation for Development of Indigenous Nationalities. https://nfdin.gov.np/nep/page/caste-and-ethnicity

इकागज, (२०८० साउन ७) जग्गा माग्दै प्रदेश मन्त्रीलाई वनकरीयाको ज्ञापन पत्र । ekagaj. https://ekagaj.com/article/pradesh-3/146715/

खतिवडा, रामचन्द्र (२०८० पुस), कुराकानीका आधारमा, वार्डेन, पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय

गौतम, राजेश (२०८०, पुस) कुराकानीका आधारमा, राजनीतिज्ञ तथा प्राध्यापक, त्रिभुवन विश्वविद्यालय

गौतम, राजेश (१९९४), ट्रइबल इथ्नोग्राफी अफ नेपाल, पिल्ग्रिम्स बुक हाउस ।

ढकाल, ज्ञानेन्द्र (२०८० पुस), कुराकानीका आधारमा, प्रमुख, सामाजिक विकास शाखा, मनहरी गाउँपालिका

थापा, प्रकाश (२०८० पुस), कुराकानीका आधारमा, वडा अध्यक्ष, मनहरी गाउँपालिका वडा नं. ४

भट्टराई, राजेन्द्र (२०८०), कुराकानीका आधारमा, सूचना अधिकारी, मनहरी गाउँपालिका

वनकरिया, सन्तमाया (२०८०, पुस) कुराकानीका आधारमा, अगुवा, वनकरिया समुदाय

वनकरिया, सन्तली (२०८० पुस), कुराकानीका आधारमा, सदस्य, मानव अधिकार समूह, मनहरी गाउँपालिका

विष्ट, प्रताप (२०८० साउन १०), जमिनको स्वामित्ववाट वञ्चित वनकरिया, कान्तिपुर https://ekantipur.com/news/2023/07/26/16903903838313169.html

विष्ट, प्रताप । (२०७९) छेलिएका अनुहार । पृ.४०४, सांग्रिला पुस्तक प्रा.लि.

विष्ट, प्रताप (२०८०, पुस), कुराकानीका आधारमा, पत्रकार

राई, तारामणी (२०७४), वनकरियाको भाषाको समाज भाषा वैज्ञानिक सर्वेक्षण प्रतिवेदन, त्रिभुवन विश्व विद्यालय नेपाली भाषा विभाग

राई, तारामणी (२०८० पुस) *कुराकानीका आधारमा,* भाषाविद् तथा प्राध्यापक त्रिभुवन विश्वविद्यालय

४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय

परिचय

नेपालको पर्यटन व्यवसायको एक प्रमुख केन्द्र कास्कीमा विभिन्न क्षेत्रमा कार्यरत श्रमिकहरूको मानव अधिकार सुनिश्चित हुनु पर्दछ भन्ने आग्रहका साथ पर्यटन व्यवसायी, मजदुर, ट्रेड युनियन सम्बद्ध पदाधिकारीहरूसँग गरिएको छलफल र मानव अधिकारमुखी व्यवसायको सिद्धान्तमा आधारित भएर यो आलेख तयार गरिएको छ। कास्कीको पर्यटन क्षेत्रमा कार्यरत श्रमिकहरू इच्छा बेगरको कार्यमा संलग्न हुनुपरेको न्यूनतम ज्यालामा काम गर्नुपरेको छ वा छैन भनी थाहा पाउन यो अध्ययन गरिएको हो।

२००७ सालको राजनीतिक परिवर्तनसँगै नेपाल बाह्य दुनियासँग जोडियो। त्यसपछि विकास तथा बाह्य सञ्चार र यातायातका कामहरू हुन सुरु हुन थाले। २०१० जेठ १६ गते एडमण्ड हिलारी र तेन्जिङ नोर्गे शेर्पाले पहिलो पटक सगरमाथा आरोहण गरेर नेपाललाई विश्वमा परिचित गराए। त्यस घटनाले विदेशी पर्यटकको ध्यान नेपालमा आकर्षित गऱ्यो। त्यही बेलादेखि नेपालमा ट्रेकिङ र हिमाल चढाइ विदेशीहरूको रूचीको विषय बन्न थाल्यो र नेपालमा पर्यटन व्यवसाय व्यवसायिक रूपमा फैलन सुरु भयो।

पर्यटन व्यवसायलाई प्रवर्धन गर्ने उद्देश्यले २०२५ सालमा नेपाल सरकारले नेपाल पर्यटन बोर्डको स्थापना गऱ्यो। विस्तारै व्यवसायिक रूपमा फैलँदै गएको पर्यटन उद्योग १० वर्ष लामो सशस्त्र द्वन्द्व, राजनीतिक अस्थिरताजस्ता कारणले उल्लेख्य गति लिन सकेन। २०७२ सालको भूकम्पपछि सुस्ताएको पर्यटन उद्योगमा २०७६ सालदेखिको कोभिड महामारीपछि झनै सुस्तायो। कोभिड महामारीपछि संसारभर फैलिएको आर्थिक मन्दीको मार खेप्दै नेपालमा पर्यटन व्यवसायले फेरि केही गति लिन थालेको छ।

कास्की जिल्ला नेपालमा पर्यटनको महत्त्वपूर्ण गन्तव्य हो। सात ताल तथा हिमालयले घेरिएको जिल्ला, खासगरी पोखरा शहर र अन्नपूर्ण हिमशृङ्खला पर्यटक आकर्षण गर्ने मुख्यस्थल हुन्। अहिले कास्कीको ग्रामीण भेगहरू पनि होमस्टेका लागि निकै चर्चित छन्। अन्नपूर्ण गाउँपालिकाको घान्द्रुक तथा धम्पुस, मादी गाउँपालिकाको सिकलेस तथा माछापुच्छ्रेको ल्वाङजस्ता स्थलहरूमा होमस्टे लोकप्रिय भइरहेका छन्।

ग्रामीण पर्यटनले विकास तथा सांस्कृतिक रूपान्तरण तथा स्वरोजगारमा निकै ठूलो भूमिका खेलेको छ भने विभिन्न संस्कृति, धर्म, भाषाका मानिसहरूलाई भिज्याउने र एकअर्काको जीवन शैलीहरू नजिकबाट नियाल्ने र यसले जीवनको फराकिलो दृष्टिकोण प्रदान गर्ने गर्छ। यसले रोजगारी सृजना गर्नुका साथै सामाजिक, सांस्कृतिक र शैक्षिक विकास गर्न पनि मद्दत गरेको छ। पर्यटन संसारको सबैभन्दा ठूलामध्ये र द्रुत रूपमा बढिरहेको सेवा उद्योग मानिन्छ। यसले आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ।

नेपालमा पनि पर्यटनले आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याएर देशको अर्थतन्त्रमा ठुलो योगदान पुऱ्याएको छ। विशेष गरेर पर्यटक आउने मुलुकहरूको सन्दर्भमा उठ्ने गरेको व्यापार र मानव अधिकारको विषयबाट नेपाल पनि अछुतो छैन। पर्यटनको हकमा कामदारहरूका विषयलाई लिएर यस उद्योगभित्र 'आधुनिक दासता' हावी छ भनी आरोप लाग्ने गरेको छ। आधुनिक दासताको अर्थ कुनै व्यक्तिलाई अरुले व्यक्तिगत अथवा व्यवसायिक लाभको लागि शोषण गर्नु हो। जसअन्तर्गत मानव बेचविखन, बालश्रम, जबरजस्ती श्रम, जबरजस्ती विवाह, यौन व्यवसायका लागि बेचविखन, सम्बन्धित श्रम अथवा ऋण बन्धक जस्ता कुराहरू मुख्य रूपमा रहेका छन्।

पर्यटन व्यवसायमा मुख्य रूपमा बालश्रम, बेचबिखन तथा जबरजस्ती श्रममा लगाउने जस्ता क्रियाकलाप हुने गरेको आरोप लाग्ने गरेको छ। यस्ता अरोपहरूको बेलैमा सम्बोधन हुन नसके विस्तारै गति लिन थालेको पर्यटन उद्योगलाई नै नकारात्मक असर गर्न सक्छ। ग्रामीण भेगका बालबालिका तथा महिलाहरू, अभावग्रस्त पारिवारिक अवस्था, कमजोर आर्थिक अवस्था तथा शहरको आकर्षणका कारण मनोवैज्ञानिक दबाब सहन नसकी विभिन्न खालका श्रम गर्न बाध्य हुन्छन्। खासगरी, होटल तथा रेस्टुरेण्टहरूमा अबेरसम्म, कम ज्यालामा काम लगाउने, इच्छाविपरीतका क्रियाकलापमा संलग्न हुन बाध्य बनाउने जस्ता विषय मुख्य छन्। २०७९

साउनदेखि २०८० असारसम्मको तथ्याङ्क अनुसार मानव बेचबिखनबाट बचेकाहरूद्वारा स्थापित र सञ्चालित गैरसरकारी संस्था शक्ति समूहको आँकडामा कास्कीमा २१ जना महिला तथा बालबालिका जबरजस्ती यौन कार्यमा लगाइएको उल्लेख छ।

पर्यटन क्षेत्रमा आधुनिक दासता

साधारणतया हामीले दासता भनेको कमैया, दास, हली तथा घरेलु कामदार भन्ने मात्र बुझेका थियौँ भने अहिले आएर श्रम शोषणलाई पनि आधुनिक दासतामा राखिन्छ। आधुनिक दासता शब्दको प्रयोग अन्तर्राष्ट्रिय श्रम सङ्गठनले गरेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनले १९३० (नं.२९) मा 'शोषणको अवस्था जसमा एक व्यक्तिले धम्की, हिंसा, जबरजस्ती, धोका, वा शक्तिको दुरुपयोगको आदि कारणले अस्वीकार गर्न वा छोड्न सक्दैन' (Factsheet 1991)।

विश्वव्यापी रूपमा कुनै पनि रूपको दासतासम्बन्धी अभियानमा संलग्न एण्टीस्लेभरी इन्टरन्यासनलका अनुसार आजको मितिमा समेत विश्वभर ५ करोड मानिस दासताको पासोमा छन्। यो यस्तो समस्या हो जुन पृथ्वीका हरेक देश यसबाट प्रभावित छन्। १६ औँदेखि १९ औँ शताब्दीसम्म अफ्रिकाबाट आन्ध्र महासागर कटाएर १०-१२ लाख अफ्रिकी दासहरूलाई अमेरिका पुऱ्याइएको थियो। ऊ बेलाको दास व्यापारभन्दा आज दासत्व फरक छ। तर, आधुनिक दासत्व यस्तो शब्दावली हो, यसले दासत्व नै जनिने बेचबिखनको शिकार हुने लगायतका कैयन रूपहरूलाई समेट्छ। आधुनिक दासताका धेरै परिभाषा छन्। ती सबैले मूलत: नियन्त्रण, इच्छाबेगर गर्नुपर्ने कार्य र शोषणका पक्षहरूलाई समेट्छन्।

आधुनिक दासता शब्दको अर्थले प्राय: जबरजस्ती गरिने सबै किसिमका श्रमलाई बुझिन्छ। नेपालमा प्राय: सबै क्षेत्रमा श्रम शोषण रहेको पाइन्छ। पर्यटन क्षेत्रमा पनि यस्तो शोषण छ। व्यापारिक क्षेत्रमा मूल्यमा बढी प्रतिस्पर्धा गर्ने हुँदा होटल रेष्टुरेन्ट, विभिन्न मनोरञ्जन क्षेत्रमा काम गर्ने कामदार श्रमको उचित पारिश्रमिकबाट वञ्चित रहेको पाइन्छ। पर्यटन व्यवसाय मौसमी हुने हुँदा ६ महिनाको कमाइले वर्षभर व्यवसाय चलाउनुपर्ने बाध्यताको मार श्रमिकमा पर्ने गरेको छ।

राज्यले तोकेको मापदण्ड अनुसार रोजगारदाताले पारिश्रमिक दिए नदिएको अनुगमन नहुँदा यस्ता खालका समस्याहरू बढ्दो क्रममा छन्।

मनोरञ्जन क्षेत्र खास गरी डान्सबार, दोहोरी साँझ, स्पा तथा मसाज सेन्टरहरूमा काम गर्ने श्रमिकहरूलाई कुनै पनि श्रम सम्झौता बिना काम गराउने, राज्यले तोकेको न्यूनतम ज्याला नदिने, महिला तथा बालिकाहरूलाई शोषण गर्ने जस्ता खालका समस्याहरू रहेका छन्। जसको उचित अनुगमन हुँदैन।

पोखरा आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटकका लागि मुख्य गन्तव्य स्थल बनेको छ। यहाँ ठूलो सङ्ख्यामा होटल, डान्सबार, दोहोरी साझ, स्पाहरू खुल्न थाले जसमध्ये केहीमा मनोरञ्जन मात्र होइन श्रम शोषण पनि हुने गरेको छ। राज्यका निकायले यस क्षेत्रको अनुगमन नगर्दा गलत कामले प्रश्रय पाउने क्रम बढ्दै गएको अध्ययनका क्रममा पाइएको छ।

गण्डकीको कुल ग्राहस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान १० प्रतिशत रहेको छ भने १५ प्रतिशत रोजगारी सिर्जना गरेको प्रदेश नीति तथा योजना आयोगको प्रथम पञ्चवर्षीय योजना-२०७७ मा उल्लेख छ। होटेल व्यवसायी सङ्घ (हान), कास्कीको तथ्याङ्क अनुसार कास्कीमा पाँचतारे होटेल एक, चार तारे होटल पाँच, दुई तारे होटल चारओटा रहेका छन् भने १ हजार २ सयओटा अन्य सामान्य होटेल रहेका छन्। यी होटेल तथा रिसोर्टहरूले लगभग २५ हजार जति मानिसलाई प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी प्रदान गरेका छन्।

मानव अधिकार केन्द्रित अवधारणा

हरेक व्यवसायको सकारात्मक वा नकारात्मक प्रभाव हुन्छ। त्यसैले व्यापार व्यवसायहरू सामाजिक हितप्रति उत्तरदायी हुनुपर्छ भन्ने अवधारणा अन्तरगत, संस्थागत सामाजिक दायित्वको विकास भएको छ। यद्यपि यस दायित्वको पूर्ति बाध्यकारी नभएको हुँदा प्राय: व्यवसायीहरू पन्छिने प्रवृत्ति पाइन्छ। मानव अधिकारको संरक्षण गर्ने राज्यको परम्परागत जिम्मेवारीलाई व्यवसाय र मानव अधिकारले अझै विस्तृतिकरण गरेको छ। सरकार तथा राज्यले परम्परागत रूपमा गर्दै आएका वस्तु र सेवासम्बन्धी अधिकांश कार्यहरू व्यवसायिक क्षेत्रले पनि गरिरहेको छ। व्यवसायिक व्यक्ति तथा सङ्गठनबाट मानव अधिकार उल्लङ्घन भएको खण्डमा पीडितको न्यायमा पहुँच, क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गर्ने दायित्व राज्यको हो। मानव अधिकारका मापदण्डहरूको सम्मान गर्दै व्यवसाय सञ्चालनका क्रममा मानव अधिकार संरक्षण र संवर्द्धन रोक्ने, न्यूनीकरण गर्ने र

उल्लङ्घन भएमा उचित सम्बोधनको जवाफदेहिता तथा जिम्मेबारी सम्बन्धित व्यवसायिक प्रतिष्ठानले नै लिनुपर्ने, व्यवसाय र मानव अधिकाकारको मूल मर्म हो। तर धेरै व्यवसायीहरूले यो धारणालाई आत्मासात गरेको पाईदैन।

पथ प्रर्दशक श्रमिकको अवस्था

मौसम सुरू भएसँगै भ्याइनभ्याइँ डाडाकाँडा उक्लिरहने पथप्रदर्शकहरू पर्यटनमा छाएको मन्दीका कारण वर्ष दिन जति त घरमै बस्न बाध्य भए। अहिले काम पाइहाले पनि पहिलेको तुलनामा उत्साहजनक अवस्था आइसकेको छैन। पर्यटन क्षेत्रलाई सानोतिनो कुराले धेरै प्रभाव परिहाल्छ। अरू पेशा गरे जस्तो भएन, मौसमी जस्तो एक पथप्रदर्शक बताउँछन्।

नेपालमा पर्यटनको मुख्य आकर्षण पदयात्रा हो, महिनौँ लाग्ने पदयात्रा मोटरबाटोले विस्थापित गर्दैछ। पुराना पदमार्ग पुनः निर्माण गरिएको छैन। दिन छोटिइरहेको छ, पहिले एक महिना लाग्ने अन्नपूर्ण सर्किट अहिले ८/ १० दिनमै सकिन्छ। क्याम्पिङ गरेर महिना दिन हुने पदयात्रा दुईचार दिनमै सकिन थालेको छ। यसरी व्यवसायी र श्रमजिवीलाई झन् चुनौती थपिएको छ। सरकारले पर्यटनलाई अर्थतन्त्रको एउटा प्रमुख स्रोतका रूपमा लिएको छ। तर, अर्थतन्त्रको मुख्य स्रोतलाई व्यवस्थित बनाएर थप आम्दानी गर्नेतर्फ सरकारको ध्यान पुगेको देखिन्न। पदयात्रा व्यवस्थित र मर्यादित बनाउन ट्रेकिङ एजेन्सी (टान)ले नयाँ पथप्रदर्शक उत्पादन गर्न तालिमको व्यवस्था गर्छ। प्रतिव्यक्ति ७ देखि १० हजार रुपियाँका दरले शुल्क दिएर तालिम दिने गर्छ तर, तालिम लिएर काम पाउने सुनिश्चितता भने छैन त्यसैले, तालिम लिए पनि काममै टिकिरहने वातावरण बनेको छैन।

पथप्रदर्शकका अनुसार अस्वस्थ प्रतिस्पर्धाले यस क्षेत्रमा श्रमिकहरू मारमा परेका छन्। पर्यटकलाई भित्र्याउने प्रलोभनमा मनमौजी मूल्य निर्धारण हुँदा मर्का श्रमिकलाई पर्ने गरेको छ। न्यून मूल्यमा पथप्रदर्शन गर्ने र पर्यटक आफ्नोमा तान्ने ध्याउन्नमा कम दरमा काम लगाउने अवस्था छ।

श्रम कानुनका मापदण्डहरू

नेपालको संविधानको धारा ३४ ले श्रमको हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने, उचित पारिश्रमिक र सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने तथा कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ। नेपालको संविधानले व्यवस्था गरेको रोजगारीको हक, श्रमसम्बन्धी हक, सामाजिक सुरक्षाको हक व्यवसाय र मानव अधिकारसँग सम्बन्धित प्राथमिक अधिकारहरू हुन्। नेपालले ११ ओटा अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धिहरूमा हस्ताक्षर गरेको छ। जसमा सात ओटा महासन्धि आधारभूत महासन्धि मध्येका रहेका छन्।

नेपालको संविधानले उल्लेख गरेको श्रमको हक र नेपाल पक्ष राष्ट्र भएका महासन्धिहरूको कार्यान्वयन गर्न श्रम ऐन २०७४ कार्यान्वयनमा छ। श्रमिकको हक, हित तथा सुविधाको व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार तथा कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न, श्रमशोषणका सबै अवस्थालाई अन्त्य गरी उत्पादकत्व वृद्धि गर्न र श्रमसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्नका लागि उक्त ऐनको व्यवस्था गरिएको हो।

पर्यटन मजदुरहरूको सङ्गठन र टान केन्द्रीय कार्यालयले *पोर्टर*का लागि २ हजार ४ सय रुपियाँ न्यूनतम र पथप्रदर्शक लागि ३ हजार ३ सय रुपियाँ तोके पनि कार्यान्वयनको चरणमा भने उदासीन देखिएको छ।

श्रमिकको हकहित र अधिकारको पक्षमा आवाज बुलन्द गर्न ट्रेड युनियनको परिकल्पना गरिएको छ। ट्रेड युनियनको साझा परिकल्पना मजदुरको हक हितका पक्षमा आवाज उठाउने रहे पनि, नेपालमा विभिन्न राजनीतिक पार्टी सम्बद्ध छुट्टाछुटै ट्रेड युनियन छन्। श्रमिकको न्यूनतम ज्याला, द्वन्द्व समाधान, श्रमिकहरूका लागि तालिम तथा शिक्षा प्रदान गर्ने, स्वास्थ्य र सुरक्षा प्रदान गराउन सहयोग गर्ने, श्रमिकका हकको लागि वकालत गर्ने, नियुक्ति पत्रको व्यवस्था हुनुपर्ने, औषधी उपचारको व्यवस्था हुनुपर्ने, श्रमिक कल्याणकारी योजना लगायतका माग राख्दै, पर्यटन विकासलाई सहयोग पुऱ्याउने जस्ता कार्यहरू ट्रेड युनियनले गरिरहेका छन्। तर, पर्यटन क्षेत्रमा रहेका श्रमिकहरूको सवालमा भने कम मात्रै काम भएका छन्। पाँच, चार र तीन तारे होटलका श्रमिकहरूले मात्र ट्रेड युनियनको सदस्यता लिएको पाइयो। सामान्य होटल, रेस्टुरेन्ट तथा मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई ट्रेड युनियन बारेमा जानकारी भएको

पाइएन। ट्रेड युनियनले गरेको एक सर्वेक्षणमा २२.५१ प्रतिशत मजदुर विभिन्न राजनीतिक दल निकटका ट्रेड युनियनमा आबद्ध देखिएका छन् भने बाँकी ७७.४८ प्रतिशत श्रमिक कुनै पनि मजदुर सङ्गठनमा आबद्ध छैनन्।

यो क्षेत्रमा कुनै पनि कानुनी प्रावधान बिना चिनजान तथा सिफारिसको भरमा काममा राखिने हुनाले पनि श्रमिकलाई जति बेला पनि कामबाट निकाल्न सक्ने प्रचलन रहेको उनले बताए। मनोरञ्जन क्षेत्रका श्रमिकहरू भने कुनै पनि युनियनमा आबद्ध नरहेको र उनीहरूको कुनै निवेदन नआएको उनले बताए। ट्रेड युनियनमा २०७९ मा पर्यटन क्षेत्रका ५ सय जना आबद्ध रहेको र अहिलेसम्म पर्यटन क्षेत्रका चार ओटा मात्र उजुरी आएको छ।

नेपालमा सबै क्षेत्रमा काम गर्ने कामदारको अवस्था सन्तोषजनक छैन। त्यसमा पनि खासगरि पर्यटन क्षेत्रको कामदारको अवस्था झन् दयनीय रहेको छ (ढकाल, २०८०)। श्रम कार्यालयमा समयमा पारिश्रमिक नपाएर र तोकेको न्यूनतम मापदण्ड अनुसारको पारिश्रमिक नपाएको गुनासो आउने गर्छ। श्रम कार्यालयले रोजगारदातासँग प्रत्यक्ष सम्पर्कमा रही समस्याको समाधान गर्छ। छलफलबाट समाधान हुन नसकेका समस्याहरू अदालती प्रकृयामा जान्छ। श्रम कार्यालयले पटकपटक अनुगमन गर्ने गरेको भए पनि कतिपय कामदारहरू रोजगारी गुम्ने डरले रोजगारदाताको अगाडि बोल्न नै चाहँदैनन्।

साना रेष्टुरेन्टहरूमा बालश्रम पनि पाइन्छ। आर्थिक वर्ष ०८० मा पर्यटन क्षेत्रबाट जम्मा पाँच ओटा मात्र निवेदन श्रम कार्यालयमा दर्ता भएको छ। जसमा होटेलका दुई, दोहोरी साँझबाट एक, रेस्टुरेन्टबाट एक र डान्सबारको एउटा रहेका छन्। सबै निवेदन समयमा पारिश्रमिकसँग सम्बन्धित छन्। पछिल्लो समयमा पर्यटनमा नयाँ आयामहरू थपिएका छन् जुन होटेल, रेष्टुरेन्ट पर्यटकको मनोरञ्जनको लागि दोहोरी साँझ, डान्सबार, मसाज सेन्टरहरू रहेका छन् (विश्वकर्मा, २०८०)। यी क्षेत्रहरूले पर्यटकलाई आकर्षण गर्ने काम गरेको छ। तर, श्रमिकहरूलाई उचित तालिमको व्यवस्था नहुनु, अन्य क्षेत्रमा रोजगारीको अवसर कम हुनु, नियमन गर्ने सस्थाहरूले निरीक्षण तथा कार्यान्वयन नगर्नु, मापदण्ड अनुसारको पारिश्रमिकको सुनिश्चिता गर्न नसक्नुले यो क्षेत्रमा काम गर्ने कामदारको अवस्था राम्रो रहेको पाइँदैन।

पदयात्रा व्यवस्थित बनाउन नेपाल सरकार पर्यटन मन्त्रालयले २०७९ चैत १८ गतेदेखि ट्रेकर इन्फर्मेसन सिस्टम 'टिम्स' मार्फत अनिवार्य परमिट लिनुपर्ने व्यवस्था गरेको छ। छुट्टाछुट्टै परमिट बनाउनु अनिवार्य नै भएको छ। तर, त्यो हुनुपर्ने जति कार्यान्वयनमा आउन सकेको छैन। कति ठाउँमा अझैं पनि टिम्सको चेक पोइन्ट नै छैन। परमिट नलिए विदेशी पर्यटकलाई १२ हजार रुपियाँ जरिवाना तिराउने सूचना निकालिएको थियो तर, चेकपोस्ट भने अहिले कतै छैन। गाइड अनिवार्य भनिएको छ तर, बिना गाइड आउनेलाई पनि परमिट दिइरहेको छ। टिम्स मार्फत गाइड तथा सहयोगी लिएर गएमा पदयात्रा सुरक्षित हुने र यो व्यवस्था कार्यान्वयन हुन सकेमा अधिक मात्रामा रोजगारीको सिर्जना गर्न सकिने र देशको अर्थतन्त्रमा पनि यो व्यवस्थाले सघाउ पुऱ्याउने छ (पन्थी, २०८०)।

मनोरञ्जन क्षेत्रमा मानव अधिकारको अवधारणा र चुनौती

पर्यटनको आवागमन चौबीसै घण्टा बढाउने उद्देश्यले पोखरा लेकसाइडलाई चौबीसै घण्टा खुला राख्नुपर्ने बहस पनि बेलाबेला उठिरहेको हुन्छ। बेलाबेला चर्चामा आउँदै सेलाउँदै गरेको यो बहस सँगसँगै सुरक्षित वातावरण पनि कसरी बनाउने भन्ने विषयको खाका तयार नभइसकेकाले सम्भावित भवितव्यलाई पनि मध्येनजर गर्नुपर्ने हुन्छ। चौबीसै घण्टा सुचारू हुनसक्ने रात्री व्यवसाय डान्सबार र दोहोरी साँझमा काम गरिरहँदा कसरी सुरक्षित वातावरण सिर्जना गर्ने भन्ने विषयमा पनि गम्भीर हुनुपर्ने आवश्यकता देखिएको छ। रात्रिकालीन व्यवसायलाई सुरक्षित बनाउन बेलाबेला सचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेको हुन्छ। मनोरञ्जन क्षेत्रमा काम गरिरहेका महिलाहरूले पारिश्रमिक समयमै नपाउने गुनासो व्यापक सुनिन्छ। त्यसमाथि सेवाग्राहीले गर्ने गलत आचरणका कारण समस्या थपिएको छ।

न्यून ज्याला

मनोरञ्जन क्षेत्रमा काम गर्ने श्रमिकले जुन कामका लागि पारिश्रमिक पाउँछन् त्यसमा महिला श्रमिकले वेट्रेस र बार टेन्डर्सको पनि काम गर्नुपर्ने हुन्छ। कामकाजी महिलाहरूमध्ये अधिकांश महिला डान्सबार र रेष्टुरेन्टमा काम गर्छन्। डान्सबार र रेस्टुरेन्टमा काम गर्दा अरू सँगसँगै सरसफाइको काम पनि गर्नुपर्ने, रेष्टुरेन्टमा खान आउने ग्राहक सँगसँगै

बसेर खानुपर्ने बाध्यता महिला श्रमिकले झेल्नुपर्ने हुन्छ। अध्ययन गर्न नपाएका महिलाहरू अन्य पेसामा काम पाउन गाह्रो हुने भएकाले पनि सहजै काम पाइने भएकाले यो पेसामा आउने गरेका हुन्छन्। रेस्टुरेण्टमा काम गर्न आउने कुनै ग्राहक महिला कामदारप्रति आकर्षित भए, उसलाई खुसी पारेर धेरै व्यापार गराएमा मात्रै कामदाता खुसी हुने भएकाले बाध्य भएर उनीहरूकै खुसीअनुसार चल्नुपर्ने महिला कामदार बताउँछन्। कार्यस्थलमा हुन सक्ने असुरक्षाका घटना त छँदैछ त्यसमाथि, निकै न्यून ज्यालामा मनोरञ्जन क्षेत्रमा काम गर्ने महिलाको श्रम शोषण पनि भइरहेको छ। अधिकांश न्यून आयस्रोत भएका परिवारबाट यो कामका लागि आउने भएकाले उनीहरूलाई सहजै कामदाताले आफ्नो अनुकूल प्रयोग गर्ने गर्छन्।

नेपालको श्रम ऐन २०७४ को दफा ११ मा रोजगार सम्झौता नगरी काममा लगाउन नहुने उल्लेख छ। सोही ऐनको दफा ११, उपदफा (१) बमोजिम रोजगार सम्झौता गर्दा त्यस्तो सम्झौतामा श्रमिकले पाउने पारिश्रमिक, सुविधा, रोजगारीको सर्त तथा तोकिए बमोजिमको अन्य कुराहरू समेत उल्लेख गर्नुपर्ने उल्लेख छ। तर, शैक्षिक योग्यता पनि निकै कम हुने भएकाले उनीहरूलाई आफ्नो अनुकूलको सम्झौतापत्र बनाएर सम्झौता गराउने गरेको पनि भेटिन्छ। पोखराको दोहोरी साँझमा काम गर्ने धेरै महिलाहरूसँग भेटेर छलफल गर्दा कुनै पनि दोहोरी साँझ, डान्स बार र स्पामा काम गर्ने श्रमिकहरूलाई नियुक्ति तथा सम्झौतापत्र दिइएको पाइएन। तर, केही मजदुरलाई नियुक्ति पत्र र सरकारले ज्यूनतम ज्याला निर्धारण गरिएको बारे जानकारी भएको पाइयो। रोजगारदाताले वेट्रेसहरूलाई सरदरमा ५ हजारदेखि ७ हजार रुपियाँसम्म पारिश्रमिक दिएर दैनिक ५ देखि ८ घण्टासम्म काममा लगाएको पाइएको छ भने गीत गाउने कलाकार तथा डान्सरलाई कलाअनुसार ७ हजार रुपियाँदेखि १४ हजारसम्म पारिश्रमिक दिइएको पाइयो। गाउनेहरूको आयस्रोत अरू कामदारको भन्दा अलि बढी हुन्छ तर, त्यही तलब पनि नियमित रूपमा नपाउने, महिनौँसम्म बेतलबी काम गर्नुपर्ने बाध्यतामा यस क्षेत्रका कामदारहरूका रहेका छन्।

यसरी, अरू पेसामा जान नसक्ने महिला कामदारलाई श्रमशोषण त भइरहेको छ। हप्तामा एक दिन पनि बिदाको व्यवस्था यो क्षेत्रमा काम गर्नेहरूका लागि प्रायः छैन र कुनै दिन कारणवश बिदा बस्नु परेमा पनि दिनको हिसाबले पैसा काट्ने समस्या प्राय धेरै मनोरञ्जन क्षेत्रमा काम गर्नेहरूको रहेको छ।

सामान्य काम बिग्रिएमा पनि रोजगारदातादेखि ग्राहकबाट समेत दुर्व्यवहार सहनु पर्छ। राती अबेरसम्म काम गर्नुपर्ने र घर फर्कंदा सुरक्षा जोखिम पनि उत्तिकै छ। घर पुऱ्याउने व्यवस्था भए पनि सबैमा यो सुविधा रहेको छैन।

निष्कर्ष

पोखराको पर्यटनको चलायमान बनाउन लेकसाइडलाई चौबीसै घण्टा खुला राख्नुपर्ने बहस पनि बेलाबेला उठिरहेको हुन्छ। कास्कीको पर्यटन क्षेत्रले देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदानमात्रै गरेको छैन कैयौँलाई रोजगारी दिएको छ भने आयआर्जन गर्न मद्धत गरेको छ। तर, यस क्षेत्रमा कार्यरत श्रमिकहरूको मानव अधिकारको प्रश्न बेलाबोलामा उठ्ने गरेको छ। यस्ता विषयको सम्बोधन गर्न व्यवसायी, ट्रेड युनियनहरू तथा अन्य सरोकारवालाको ध्यान जरुरी छ।

सन्दर्भ सामग्री

ढकाल, सुरेन्द्र (२०८० मङ्सिर), कुराकानीका आधारित, वरिष्ठ श्रम अधिकृत, श्रम कार्यालय पोखरा।

नेपाल ट्रेड युनियन कांग्रेस (२०२०), नेपाल ट्रेड युनियन कांग्रेस बुकलेट, पृ.८, नेपाल ट्रेड युनियन काँग्रेस

पन्थी, धर्मराज (२०८० मङ्सिर), कुराकानीमा आधारित, अध्यक्ष, टान गण्डकी प्रदेश।

विश्वकर्मा, नगन (२०८० मङ्सिर), कुराकानीमा आधारित, संस्थापक नेपाल माउण्टेन वाइक एड्भेन्चर तथा पर्यटन व्यवसायी।

www. the farsightnepal.com

Fact Sheet (1991) No. 14, Contemporary forms of salvery, https://www.ohchr.org/sites/default/files/Documents/Publications/FactSheet14en.pdf

United Nations. (1991). Contemporary forms of slavery. Human rights fact sheet. Printed at United Nations, Genev.

Plant, Roger. (2014) Modern slavery: The concepts and their practical implications, https://www.ilo.org/wcmsp5/groups/public/---ed_norm/---declaration/documents/publication/wcms_355052.pdf

४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जातिः पहिचानको समस्या

परिचय

बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जाति राजनीतिक पहुँचबाट विमूख छन् भने उनीहरूको आर्थिक, सामाजिक जीवन पनि अभावग्रस्त छ। सर्वोच्च अदालतले ०७२ मा मङ्सिर १६ गते सोनाहा जातिलाई आदिवासी/जनजाति राष्ट्रिय उत्थान ऐन, २०५८ को दफा २ (क) सँग सम्बन्धित अनुसूचीमा सूचीकरण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा परमादेश जारी गरेको भए पनि कार्यान्वयन भएको छैन। नेपालको जनगणनामा समेत खुना र सोनाहालाई छुट्टै जातिको रूपमा राखिएको पाईदैन।

बाँके जिल्ला सदरमुकाम नेपालगञ्जबाट करिब ८० किलोमिटर पूर्व राप्ती नदीको किनारामा रहेको राप्ती सोनारी गाँउपालिका-१ मा खुना जातिको बसोबास रहेको छ भने सोनाहा जातिको मुख्य बसोबास बर्दिया जिल्लाको पश्चिम कर्णाली नदी किनारस्थित राजीपुर, मुर्घौवा, चनौरा, लोहारपुर, पर्सेनी, खैरिचन्दनपुर, लालपुर लगायतका स्थानमा रहेको छ। सोनाहा जातिको बसोबास कैलाली जिल्लाको बलिया, मुनुवा र कञ्चनपुर जिल्लाको महेन्द्रनगर, उदालपुर र पिपरैयामा पनि रहेको पाइन्छ। राप्ती सोनारी गाउँपालिका-१ भम्कामा बसोबास गरिरहेका खुना जातिको उत्पत्ति तथा नामाकरणका सन्दर्भमा तथ्य तथा आधार फेला नपरेको भए पनि हरिप्रसाद तिमिल्सिनाद्वारा लिखित लोपोन्मुख खुना जाति एक अध्ययन पुस्तिकामा खुना जातिको उत्पत्ति र नामाकरणका बारेमा दुई प्रकारको भनाइ उल्लेख छ (तिमिल्सिना, २०७४)। पहिलो, खुना जाति भारतको अयोध्याबाट आएका हुन्। दोस्रो, रिसाउनु, कुण्ठित हुनुलाई साविकको राप्ती अञ्चलतिर खुनासिने भनिने र खुनासिने अपभ्रंश भई खुना थर रहन गएको हो। यसैगरी, सोनाहा जातिको उत्पत्ति एवम् वंश परम्परासम्बन्धी लिखित दस्तावेज नभएको र सोनाहाहरू आफ्नो जातिको उत्पत्तिका बारेमा जानकार भएको पाइएन। यद्यपि, सोनाहाहरूका पुर्खाहरू भारतको अयोध्याबाट र कसैले ठाकुरद्वारा मन्दिरबाट आएको मान्छन्।

खुना र सोनाहा जातिका मानिसहरू बालुवाबाट सुन चाल्ने र माछा मार्ने कामबाट जीविकोपार्जन गर्दै आएका छन्। राप्ती सोनारी, बर्दिया र सुदुरपश्चिम प्रदेशको कैलाली र कञ्चनपुर जिल्लामा रहेका खुना जातिको जनसङ्ख्या ५ सयको हारहारीमा रहेको छ। यस जातिका छोरीहरू अन्य जातिमा विवाह गर्न थालेपछि सोनाहाहरूको जनसङ्ख्या पनि घट्दै गइरहेको छ।

समुदायका अगुवा भुवन खुनाले बताए। यसैगरी, सोनाहा जातिले परम्परागत पेसाका रूपमा कर्णाली नदी किनारामा बालुवाबाट सुन चाल्ने, माछा मार्ने र डुङ्गा चलाउने काम गर्दै आएका छन्। सोनाहा जातिको जनसङ्ख्याको तथ्याङ्क नभए पनि कैलाली र कञ्चनपुर जिल्लामा झण्डै १ हजार २ सय जनाजति रहेका छन् (खड्का, २०८० पुस)। परम्परागत पेसामा आएको व्यवधानका कारण अल्पसङ्ख्यक जातिका रूपमा रहेको सोनाहा जातिको आर्थिक, सामाजिक अवस्था दयनीय छ। खुना र सोनाहा समुदायका व्यक्तिको परम्परागत पेसा सङ्कटमा परेसँगै उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा थप समस्या उत्पन्न भएको छ (खुना, २०८०)। जसका कारण उनीहरूलाई बिहान बेलुकीको छाक टार्नसमेत समस्या उत्पन्न भएको छ।

बाँके र बर्दिया जिल्लामा आदिवासी, जनजाति, दलित, ब्राम्हण, क्षेत्री, मुस्लिम लगायत सबै जाति र धर्मका जनसङ्ख्याको मिश्रित बसोबास रहेको छ। नेपाल सरकारले आदिवासी, जनजाति र अल्पसङ्ख्यकमा सूचीकृत गरेको समुदायले राज्यबाट उपलब्ध सेवासुविधा उपभोग गरिरहेका छन्। तर, अल्पसङ्ख्यक भएर पनि सूचिकृत हुन नसकेका कारण खुना र सोनाहा जाति भने राज्यले दिने यस्ता सेवा सुविधाबाट वञ्चित हुँदै आएका छन्। यी जातिहरूलाई लोपोन्मुख जातिमा सूचीकृत गर्न राज्यलाई

झक्झक्याउन र पछाडि पारिएका जातिलाई उनीहरूको सांस्कृतिकलगायतका अधिकारका लागि सजग बनाउन जरूरी छ ।

वञ्चितिकरणको अवस्था

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३१ उपधारा १ मा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने व्यवस्था गरिएको छ। संविधान कै धारा ३३ को १ मा प्रत्येक नागरिकलाई रोजगारीको हकको व्यवस्था गरेको छ। यसैगरी धारा ३५ को उपधारा १ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हकको व्यवस्था गरिएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिमा नागरिकको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारसँगै रोजगारीको बारेमा उल्लेख छ।

खुना र सोनाहा समुदायका बालबालिकाहरू आधारभूत शिक्षा, स्वास्थ्यबाट वञ्चित हुनुका साथै रोजगारीको अवसरबाट समेत यस समुदायका व्यक्तिहरू वञ्चित भएका छन्। यस समुदायका व्यक्तिलाई बिहान बेलुकीको छाक टार्न समेत समस्या हुने गरेको छ। खुना जाति र सोनाहा जातिको पेसा एकै खालको भए पनि उनीहरूको भाषा र संस्कार फरक रहेको पाइन्छ। उनीहरूले सुन निकाल्न प्रयोग गर्ने उस्तै खालका सामग्रीहरूको समेत नाम फरक फरक रहेको छ (तिमिल्सिना, २०७४)।

बाँकेको राप्तीसोनारी गाउँपालिका-१ भम्का बसोबास गर्ने खुना जाति र बर्दियाका विभिन्न ठाउँमा बासेबास गर्ने सोनाहा जातिको मुख्य पेसा भनेकै नदीको बगरमा बालुवा चालेर सुन सङ्कलन गरी बिक्री गर्ने र नदीमा माछा मार्ने हो (दिनेश खबर, २०७७)। उनीहरूले सदियौँदेखि परम्परागतरूपमा यही पेसा गर्दै आएका छन्। यो पेसालाई पछिल्लो पुस्ताले पनि निरन्तरता दिएको छ। तर, बाँके र बर्दिया राष्ट्रिय निकुञ्जले स्वतन्त्र रूपमा सुन चाल्न र माछा मार्न प्रतिबन्ध लगाएपछि उनीहरू समस्यामा परेका छन्। अधिकांश खुनाहरूको अहिले पनि आफ्नो जग्गा छैन। जीविकोपार्जनको वैकल्पिक उपायको अभावमा उनीहरूको दैनिकी कष्टकर छ।

निकुञ्ज घोषणा हुनु अघि खुना र सोनाहा जातिका मानिसहरू विना अवरोध नदीको बगरमा छाप्रो बनाएर बस्दै आएका थिए। बगरकै बालुवामा सुन चाल्ने, नदीमा माछा मार्ने पेसा गरी जीवनयापन गर्दै आएका थिए। बर्दियाका पाताभार, दौलतपुर र मनाउमा बसोबास गर्ने सोनाहा जातिलाई उनीहरूको मुख्य पेसाबाट विमूख हुनुपर्दा जीवनयापन गर्न समस्या भएको पाइन्छ। बाँके र बर्दिया राष्ट्रिय निकुञ्जले उनीहरूको पेसा गर्न र कर्णाली नदीको बगरमा बस्न कानुनी रूपमा बन्देज गरेपछि उनीहरू आधारभूत आवश्यकता गाँस, बास र कपासबाट वञ्चित भएका छन्। निकुञ्जका कारण विस्थापित हुनु परेपछि उनीहरूलाई गास, बास र कपासको समस्या त छ नै शिक्षा, स्वास्थ्य र सामाजिक विकासमा पनि समस्या देखिएको छ (चौधरी, २०७३)।

'राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९' ले निकुञ्ज क्षेत्र भित्र छाप्रो बनाउन, खानी खन्न र माछा लगायत वन्यजन्तु मार्न निषेध गरेको छ। राप्ती र कर्णाली नदीको छेउछाउमा बसोबास गर्ने खुना र सोनाहा जातिका मानिसहरूलाई सुन चाल्ने पेसा स्वतन्त्र रूपमा अपनाउन नसकेकाले जीविका चलाउन मुस्किल परेको छ।

खुना र सोनाहा जातिले अल्पसङ्ख्यक सीमान्तकृत आदिवासी जनजातिको रूपमा सूचीकृत गर्न माग गर्दै आएका छन्। तर, राज्यले अहिलेसम्म कुनै किसिमको निर्णय गरेको छैन। जसले गर्दा उनीहरूलाई राज्यको सेवा सुविधा लिन र नयाँ तरिकाले जीवन अगाडि बढाउन समस्या भएको छ। राज्यले खुना र सोनाहा जातिलाई थारू अर्न्तगत राखेको भए पनि उनीहरूले आफ्नो छुट्टै भाषा, संस्कृति, पेसासहित पहिचान रहेको र आफूहरूलाई आदिवासी जनजातिको रूपमा सूचीकृत गरिनुपर्ने माग गर्दै आएका छन्।

आर्थिक, सामाजिक जीवनमा वञ्चितिकरणको असर

नेपालको संविधानले मौलिक हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ भनेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालको शिक्षा क्षेत्रमा विगतमा भएका लगानी र शैक्षिक पूर्वाधारको विकासबाट उल्लेखनीय उपलब्धिहरू प्राप्त हुन थालेका छन्। पूर्वप्राथमिक शिक्षामा कूल भर्नादर ८४.७ प्रतिशत पुगेको छ। प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशत ६६.९ पुगेको जनाएको छ। खुना र सोनाहा जातिका बालबालिका बालविकास शिक्षाबाट अहिले पनि विद्यालय बाहिर रहेका छन्। विद्यालय भर्ना भए पनि आर्थिक अभाव, भौगोलिक विकटताका कारण विद्यालयमा टिकाइराख्न चुनौती बनेको छ। खुना र सोनाहा समुदायका बालबालिकाको विद्यालय भर्नादर अत्यन्त न्यून छ। परम्परागत पेसा सङ्कटमा परेपछि

उनीहरू ६ महिना परिवार र बालबालिका सहित नेपालका अन्य ठाउँ र भारत कमाउन जानुपर्ने बाध्यता छ। यस समुदायबाट हालसम्म चार जनाले स्नातक, १० जनाले प्लस टु र २०-२५ जनाले एसएलसी उत्तीर्ण गरेका छन्। 'सोनाहा जातिका कतिले उच्च शिक्षा लिएका छन् भन्ने तथ्याङ्क नभए पनि तीन चार जनाले स्नातक पढ्दै गरेका छन्' (सोनाहा, २०८०)।

नेपालको संविधानले स्वास्थ्यसम्बन्धी हकमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त हुने छ कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन, स्वास्थ्य उपचारको बारेमा जान्न पाउने, समान पहुँच, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको व्यवस्था गरेको भए पनि खुना र सोनाहा जातिका नागरिकहरू उक्त सेवाबाट वञ्चित छन्। खुना र सोनाहा नेपाल सरकारको स्वास्थ्य बीमाको पहुँचमा छैनन्। उनीहरूलाई स्वास्थ्य बीमाको बारेमा जानकारी समेत छन् (खुना, २०८०)। नियमित खोपका लागि पनि कहिले काहीं कुर्नुपर्ने अवस्था हुन्छ। नियमित खोप, नियमित गर्भवती चेक जाँचजस्ता विषय पनि सरकारी स्वास्थ्य संस्था सेवा पायक पर्ने ठाउँमा नभएका कारण यी जातिका मानिसहरू सेवाबाट वञ्चित छन्। गरिबीका कारण अधिकांश खुना र सोनाहा जातिका व्यक्तिहरू निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको पहुँचमा पुग्न सक्दैनन्। सदरमुकामबाट टाढा बस्तीमा उक्त समुदायको बसोबास भएकाले शहरमा रहेका सरकारी अस्पताल पुग्न टाढा बर्दियाको गुलरिया र बाँकेको नेपालगञ्ज पुग्नु पर्ने हुन्छ।

खुना जातिका मानिसहरू नदीमा डुङ्गाबाट मान्छे तार्ने, माछा मार्ने र बालुवामा सुन चाल्ने पेसामा संलग्न छन्। राप्ती नदी किनार र जङ्गलको छेउछाउ बसोबास गर्दै आएका खुना अधिकांशको आफ्नो जग्गा छैन। कोही ऐलानी जग्गामा बसेका छन् भने कोही सामुदायिक वनको जग्गामा बसेका छन्। पुख्यौंली पेसा गर्दै आएका उनीहरूलाई निकुञ्जले माछा मार्न र बालुवामा सुन चाल्नमा कडाइ गरेपछि उनीहरूको पेसा नै सङ्कटमा परेको छ। जसकाकारण आर्थिक अवस्था झनै जटिल बन्दै गएको छ।

आर्थिकरूपले पछाडि परेको जातिमध्ये सोनाहा जाति पनि एक हो। आफ्नै विशिष्ट सामाजिक, आर्थिक र सांस्कृतिक परम्परा भएको सोनाहा जातिको आर्थिक उपार्जनको मुख्य स्रोत भनेकै सुन सङ्कलन गर्ने र माछा मार्ने हो। उनीहरूसँग खासै खेतीपातीका लागि जमीन नहुने, नदी किनारमा बस्ने भएकाले भूमिहीन भन्न सकिन्छ (थाहा खबर, २०७४)। उनीहरू सुन चाल्न, माछा मार्न बञ्चित भएपछि जीविकोपार्जनका लागि सपरिवार भारततर्फ जाने गरेका छन्। यी दुवै जातिहरूसँग आफ्नो जमीन नभएका कारण कृषि कार्य गर्न सक्ने अवस्था पनि छैन। केही खुनाहरूले अर्काको जमिन अधियामा लिएर कृषिकर्म गर्न थालेका छन्।

परम्परागत जीवनशैली अँगालेका खुना र सोनाहा जाति आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिकरूपले पछाडि परेकाले राजनीतिक रूपमा पछाडि पर्नु स्वभाविक नै देखिन्छ। पञ्चायतकालमा भुवन खुना अगुवा, समाजसेवी दुखुवा खुना वडा अध्यक्षसम्म भएको पाइन्छ। खुना र सोनाहा जातिका मानिस पहिचान र अधिकारविहीन छन्। पछिल्लो अवस्थामा दुई चार जनाले सरकारी सेवामा स्थान पाए पनि राजनीतिमा उनीहरूको पहुँच पुग्न सकेको छैन। नेपाल सरकारसँग खुना र सोनाहा जातिको जनसङ्ख्या, कला र संस्कृतिसम्बन्धी कुनै विवरण भएको पाइँदैन। पञ्चायतकालमा दुखुवा खुना वडा अध्यक्ष भएको बाहेक हालसम्म कुनै पनि जनप्रतिनिधि चयन भएका छैनन्। तर, सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाबाट भने दुर्गा खुना ०७४ को निर्वाचनमा समानुपातिक निर्वाचन प्रणलीबाट प्रदेशसभा सदस्य चयन भएका थिए। यस पटक सोनाहा जातिबाट स्थानीय तहको निर्वाचनमा लक्ष्मी सोनाहा, नेपाली कांग्रेसबाट वडा सदस्य निर्वाचित भई गेरुवा गाउँपालिका कार्यपालिका सदस्य भए बाहेक राजनीतिमा केही व्यक्तिले इच्छा देखाए पनि उनीहरूको पँहुच पुग्न सकेको छैन।

सरकारी र गैरसरकारी संस्थाको प्रयास

खुना उत्थान समाज नामक संस्था ०६७ सालमा स्थापना भयो। भुवन खुनाको अध्यक्षतामा गठित समिति आर्थिक अभावका कारण निष्क्रिय भएको छ। सोनाहा विकास, हिमालीपुरले पनि सोनाहाहरूको उत्थानका लागि काम गरिरहेको (थापा, २०८०)। जनता आवास कार्यक्रममार्फत सोनाहा जातिका ९५ घर निर्माण भएको छ। राज्यले जनजातिको सूचीमा सूचीकृत नगरी दिँदा सोनाहा र खुना जातिले लोकसेवा तथा अन्य सरकारी सेवाका आरक्षित कोटामा परीक्षा दिन पाएका छैनन्। खुना र सोनाहा जातिको आफ्नो पृथक पहिचान स्थापित हुनुपर्ने आकाङ्क्षाको सम्बोधन भएको देख्न चाहन्छन्।

खुनाहरूको शिक्षा स्वास्थ्य, आर्थिक समृद्धिमा मद्दत पुगोस् भनी गाउँपालिकाले केही प्रयासहरू

गरिरहेको छ। खुना जातिका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याउन राप्तीसोनारी गाउँपालिकाले छात्रवृत्ति उपलब्ध गराउँदै आएको छ। यसैगरी, गाउँपालिकाले स्वास्थ्य कार्यालयसँगको समन्वय सहकार्यमा बेला बेलामा स्वास्थ्य शिविर मार्फत विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ। गाउँपालिकाले खुना जातिलाई आय आर्जनका लागि कृषि र गैर कृषि संस्थामार्फत समन्वय गरेर काम गरिरहेको छ (पौडेल, २०८०)।

आफ्नै भाषा संस्कृति भएको खुना समुदायमा सचेतनाको कमी रहेको छ। आर्थिक, सामाजिक र राजनीतिक अवस्था कमजोर छ। उनीहरूलाई समेट्ने प्रयास गरिरहेको भए पनि एक्लै तर वडाले मात्र त्यो सम्भव हुन सकिरहेको छैन। आर्थिक वर्ष ०८०-०८१ मा खुना समुदायको फुसको घर विस्थापित कार्यक्रम अर्न्तगत ३५ घरधुरीमा टिनको घर बनाउने योजना रहेको छ (खड्का, २०८०) ।

निष्कर्ष

प्रत्येक १० वर्षमा गरिने जनगणनामा अल्पसङ्ख्यक समुदायका खुना र सोनाहा जातिका व्यक्तिहरूको छुट्टै पहिचान सहित सूचीकृत गरेको पाइँदैन। यस समुदायको छुट्टै भाषा, संस्कृति, पेसा, संस्कार र रहनसहन भए पनि अन्य समुदायभित्रै सूचीकृत गर्दा राज्यका हरेक अवसर र सेवाबाट वञ्चित हुनुपरेको छ। केही वर्षयता राष्ट्रिय निकुन्ज क्षेत्रभित्र पर्ने नदी, नाला, खोलामा सुन चाल्न र माछा मार्न प्रतिबन्ध लगाउँदा उनीहरूको परम्परागत पेसा सङ्कटमा परेको छ। पेसा सङ्कटमा परेसँगै जीविकोपार्जनमा समेत समस्या भएको छ। जनता आवास कार्यक्रमले यी जातिका केही परिवारलाई मात्रै समेटेको छ। आर्थिक अवस्था कमजोर भएको कारण बालबालिकाहरू आधारभूत शिक्षा र उच्च शिक्षाबाट वञ्चित छन्। बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने कार्यक्रम र भर्ना भएका बालबालिकाहरूलाई विद्यालयमा टिकाउन योजना बनाएर कार्यान्वयनमा ल्याउनु पर्छ। खुना र सोनाहा समुदायका व्यक्तिहरूका लागि सीपमूलक कार्यक्रममार्फत उनीहरूलाई आत्मनिर्भर बनाउन राज्यले कार्ययोजना बनाएर कार्यान्वयन गर्न आवश्यक छ।

सुझाव

- खुना र सोनाहा जातिका बालबालिकाको उच्च शिक्षाका लागि छात्तवृत्तिको व्यवस्था गर्नुपर्ने।
- उच्च शिक्षा अध्ययन गरेका व्यक्तिहरूलाई रोजगारीको व्यवस्था गर्नुपर्ने।
- राष्ट्रिय जनगणनामा खुना र सोनाहा जातिको तथ्याङ्क राख्नुपर्ने।
- खुना र सोनाहा जातिलाई सूचीकृत गरी समावेशिताका आधारमा अवसर सृजना गर्नु पर्ने।
- खुना र सोनाहा समुदायका व्यक्तिहरूलाई सीपमूलक कार्यक्रममार्फत आत्मनिर्भर बनाउनु पर्ने।

सन्दर्भ सामग्री

खड्का, दयाराम (२०८० पुस), कुराकानीमा आधारित, स्थानीय राजपुर नगरपालिका-१।

खड्का, रामबहादुर (२०८० मङ्सिर), कुराकानीमा आधारित, वडाध्यक्ष वडा नं. १, राप्ती सोनारी गाउँपालिका।

खुना, भुवन (२०८० मङ्सिर), कुराकानीमा आधारित, अगुवा खुना समुदाय।

चौधरी, मानबहादुर (२०७३ असोज ३), सोनाह जातिद्वारा पुख्यौंली पेसा गर्न दिन सरकारसँग माग, *इन्सेक* सोनाह, तिमिल्सिना, हरिप्रसाद, (२०७४), *सोनाहा जातिका सामाजिक संस्कार।*

तिमिल्सिना, हरिप्रसाद, (२०७४), *लोपोन्मुख खुना भाषा एक अध्ययन।*

थाहा खबर (२०७४ असार १०), *बाँकेको अल्पसङ्ख्यक खुना समुदाय भन्छ, 'गरिबको व्यथा बुझ्नेलाई भोट',* थाहा खबर। https://www.thahakhabar.com/news/18504/

थापा, कृष्ण (२०८० मङ्सिर), कुराकानीमा आधारित, राजपुर नगरपालिका-१।

दिनेश खबर (२०७७ साउन ३१), *सोनाह जीविकोपार्जनमा समस्या,* दिनेश खबर।
https://dineshkhabar.com/article/34880

पौडेल, तप्तबहादुर (२०८० मङ्सिर), कुराकानीमा आधारित, अध्यक्ष, राप्ती सोनारी गाउँपालिका।

४.६ कर्णाली राजमार्ग, सडक दुर्घटना र मानवीय क्षति

परिचय

कमजोर धरातल, नाममात्रैको ट्रयाक, मर्मत सम्भारमा ढिलासुस्ती, कमसल खालका सवारी साधन तथा अदक्ष चालक लगायतका कारणले कर्णाली राजमार्ग निर्माण भएयता हरेक वर्ष १ सय जना जतिले ज्यान गुमाउनु परेको तथ्याङ्क छ। कर्णाली क्षेत्रमा विकास पुऱ्याउने भनिएको यो राजमार्गलाई 'मृत्यु मार्ग' नाम पनि दिने गरिन्छ (विष्ट, २०८०)। कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट दैलेख र कालीकोट हुँदै कर्णाली नदीको किनारै किनार जुम्लासम्म पुग्ने मोटर बाटोलाई कर्णाली राजमार्ग अथवा सुर्खेत-जुम्ला सडकखण्ड भनिन्छ। यसको लम्बाई २ सय ३२ किलोमिटर रहेको छ। हिलाम्य र साँघुरो यो राजमार्गमा यात्रुले सधैँजसो सास्ती खेप्नुपरेको छ। कालोपत्रेसमेत गरिएको यो सडकको पाँच वर्षमै करिब ९५ प्रतिशत भागको कालोपत्र उप्किएको छ।

कर्णाली राजमार्गको रेखाङ्कन (सर्भे) वि.स. २०४२ सालमा गरिएको थियो। यसको निर्माण कार्य २०४८ सालमा सुरु भयो। २ करोड रुपियाँ बजेट विनियोजन गरी थालिएको निर्माण कार्य २०५६ सालमा विश्व बैंकले सहयोग गरेपछि तीव्र भयो। यसै समयमा भएको सशस्त्र द्वन्द्वका कारण सडक निर्माणमा अवरोध आयो। सडक निर्माणको जिम्मा नेपाली सेनालाई दिइयो र उसले ट्रयाक खन्ने काम सुरु गऱ्यो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०४८ सालमा शिलान्यास गरेको कर्णाली राजमार्गको निर्माण सशस्त्र द्वन्द्व र बजेट अभावको समस्या भोग्दै १५ वर्षपछि २०६३ साल चैत महिनामा सम्पन्न भयो (खत्री, २०८०)।

कर्णाली प्रदेशमा सवारी दुर्घटनाबाट भएको जनधनको क्षति दिनानुदिन बढ्दै गएको, यसबाट राज्यलाई पनि सवारी दुर्घटनाको कारण उपचार, अनुसन्धान, बीमा, क्षतिपूर्ति लगायतका विभिन्न आर्थिक पक्षमा र अनुत्पादक दायित्वमा वृद्धि भएको भन्दै कर्णाली प्रदेशका १० ओटै जिल्ला प्रशासन कार्यालय, कर्णाली प्रदेश सरकारलगायत विभिन्न सरोकारवाला सरकारी निकायलाई विपक्षी बनाइ इन्सेक कर्णाली प्रदेश कार्यालयको पहलमा निषेधाज्ञा/परमादेश मुद्दा ०८० वैशाख २५ गते उच्च अदालत, सुर्खेतमा दायर भएको छ (रावत, २०८०)।

उच्च अदालत, सुर्खेतका कामु मुख्य न्यायाधीश माधवप्रसाद पोखरेलको इजलासले ०८० वैशाख २७ गते विपक्षीका नाममा गरेको आदेशमा यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु पर्ने होइन ? आदेश जारी हुन नपर्ने कुनै कारण, आधार र प्रमाण भए यो सूचना प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र विपक्षीहरू जिल्ला प्रसाशन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक कार्यालय तथा कार्यालय प्रमुखहरूलाई उच्च सरकारी वकिल कार्यालयमार्फत र अन्य विपक्षीहरूलाई मुख्य न्यायाधीवक्ताको कार्यालय सुर्खेतमार्फत लिखित जवाफ पेस गर्न भनिएको छ। मुद्दा अदालतमा विचाराधीन छ।

कर्णाली राजमार्गमा ६ अरब रुपियाँ खर्च भएको छ। ट्रयाक खोलेपछि आर्थिक वर्ष २०६४/६५ मा नेपाली सेनाले कर्णाली राजमार्गको जिम्मेवारी सरकारलाई हस्तान्तरण गरेको थियो, त्यसपछि विश्व बैंकको सहयोगमा सुर्खेत-जुम्ला सडकमा कालोपत्रे गरिएको थियो। कालीकोट-जुम्ला सडक खण्डमा नेपाली सेनाले गरेको खर्च बाहेक विश्व बैंकको सहयोगअन्तर्गत दुईपटकमा २०६७/६८ मा करिब २९ करोड विनियोजन गरिएको थियो। त्यसैगरी, आव ०६८/६९ मा सुर्खेत-खिड्गीज्युलासम्म १३ करोड र खिडगीज्युलादेखि जुम्लासम्म ८२ करोड रुपियाँ विनियोजन भयो। जुन विभिन्न कारणले सबै खर्च भएन फेरि आ.व.०६९/७० मा सुर्खेतदेखि खिड्गीज्युलासम्म १ करोड ८२ लाख र खिड्गीज्युलादेखि जुम्लासम्म २१ करोड रुपियाँ विनियोजन गरिएको थियो र आव ०७०/७१ मा सुर्खेत-खिड्गीज्युलासम्मकालागि १८ करोड र खिड्गीज्युला-जुम्लासम्म ८७ करोड रुपियाँ विनियोजन गरेको थियो। सबै गरेर २०४८/४९ देखि २०६३/६४ सम्म यो बाटोमा १ अर्ब १५ करोड रुपियाँ सडक निर्माणका लागि खर्च भइसकेको छ।

बाटोको अवस्था, दुर्घटना र जीवनको क्षति

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, सुर्खेतको तथ्याङ्कअनुसार प्रदेशमा हरेक वर्ष सडक दुर्घटनामा ज्यान गुमाउने सङ्ख्यामा वृद्धि भइरहेको छ। तर, सवारी दुर्घटना न्यूनीकरणमा कुनै निकायले गम्भीर पहल गरेका छैनन्। कर्णाली राजमार्ग अन्तर्गत दैलेख र कालीकोट खण्डमा विभिन्न स्थानमा साँघुरा मोडहरू छन् जसले दुर्घटनाको जोखिम बढाएका छन्। एक मोडबाट अर्को मोडमा गाडी देख्न सकिदैन। साँघुरा र अप्ठ्यारा सडक, क्षमताभन्दा धेरै यात्रु, पुराना गाडी र ट्राफिक नियमको बेवास्ता कै कारण दुर्घटना बढेका हुन्।

कर्णाली राजमार्गको सुर्खेत, कालीकोट र जुम्ला खण्डका दर्जनौं ठाउँहरूमा पहिरो खस्ने समस्या छ। कतिपय स्थानमा राजमार्ग जस्तै छैनन्। ६ पाङ्ग्रे गाडी नअट्ने सडकमा १० पाङ्ग्रे गाडी पनि गुड्छन्। सडक पूरै खाल्डाखुल्डी र हिलाम्मे छ। कति ठाउँमा गाडी फस्दा निकाल्न दिनभर नै लाग्छ। कर्णाली राजमार्गको दही खोलादेखि जुम्लासम्म ४३ ठाउँमा बर्सेनि पहिरो गइरहन्छ। कालीकोट र दैलेखको सिमाना दही खोलादेखि जुम्लासम्म दहिखोला, गगने खोला, काले खोला, एसमोड, जिते बजार, शेरीघाट, मेयर खोला, सुनार खोला, ताडी, गल्ली, सिम्लेगाड, मोल्फा, पिली, शेराबाडा, बाली, राचुली, भिक्म, रारली लगायतका ४३ ठाउँहरूमा पहिरो जाने समस्या रहेको छ। साँघुरो र अप्ठ्यारो भीर भएको ठाउँमै गाडी आवतजाउव गर्न समस्या हुन्छ, अर्कोपट्टिबाट गाडी आयो भने त ब्याक गर्नुपर्छ। सडकमै कुनै गाडी बिग्रियो भने त अरू गाडी समेत त्यतै बास बस्नुपर्छ (शाही, २०८०)।

सडक दुर्घटना तथ्याङ्कमा

कर्णाली राजमार्गमा भइरहने दुर्घटनाको विषय यहाँका नागरिक, प्रदेश र यहाँका स्थानीय सरकारको मात्रै चासोको कुरा होइन। देशभरि नै सडक मार्ग सुरक्षा कुनै ठुलो दुर्घटना भएपछि केही दिन चर्चाको विषय बन्ने तर पछि त्यसै सेलाउने गरेको छ। सैयौं मान्छेको ज्यान लिने यहाँको सडकका न कुनै सुधारको कार्ययोजना छ न त स-साना मर्मत-सम्भारका काम नै समयमा कार्यान्वयन हुन्छ।

२०७० पछिका नौ आर्थिक वर्षमा मात्रै कर्णालीमा १ हजार ८ सय २१ सडक दुर्घटना भएका छन्। जसमा ९ सय ९१ को मृत्यु भएको छ। यस्ता दुर्घटनामा परी १ हजार ५ सय २७ जना गम्भीर घाइते भएका छन् (साह, २०८०)।

कर्णाली राजमार्ग प्रयोगको सुरुताका एउटा बस दैलेखको किटु भीरको चट्टानमा ठोक्किएर कर्णाली नदीमा खसेको थियो। त्यो दुर्घटनामा ४१ जनाले ज्यान गुमाएका थिए। त्यस्तै, अर्को दुर्घटना ०६८ असोज २७ गते भएको थियो। त्यसदिन दशैँ बिदामा घर फर्किएका विद्यार्थी चढेको भे १ ख ३१६७ नम्बरको बस मुगुको छायाँनाथ रारा नपा-७ पिनाटपने खोलामा खस्दा ३३ जनाको मृत्यु भएको थियो। नेपालगञ्जदेखि सुर्खेत हुँदै मुगुको सदरमुकाम गमगढी हिँडेको बस भिरालो कच्ची बाटोबाट दुई सय मिटर तल खस्दा २४ जनाको घटनास्थलमै र अरुको उपचारका क्रममा निधन भएको थियो। त्यसको दुई महिनापछि नै २०६८ मङ्सिरमा कालीकोटको सेराबाडा बित्तामोडमा बस दुर्घटना हुँदा २८ जनाले ज्यान गुमाएका थिए। त्यसवर्ष जुम्लाको गाडगडेनीमा १३, दैलेखको खिड्कीमा १४ र सुर्खेतको कल्याणमा १५ जनाको पनि दुर्घटनामा मृत्यु भएको थियो (विष्ट, २०८०)।

ट्राफिक प्रहरीका अनुसार यी दुर्घटनाका कारण साँघुरो सडक, आवश्यक सङ्केत चिन्हहरू नहुनु, गाडीको क्षमता र यात्रुको सङ्ख्यामा सन्तुलन नहुनु थिए। यस्तै, २०७१ सालमा जुम्लाको रारालिहीमा बस दुर्घटना हुँदा नाबालकसहित १८ जनाको ज्यान गयो। त्यो बस सडक भन्दा २ सय मिटर तल तिला नदीमा खसेको थियो। यी घटना कर्णाली राजमार्गमा

तालिका ४.६.१ सडक दुर्घटनाबाट क्षति

आ.ब	मृत्यु	गम्भीर घाइते	सवारी दुर्घटना सङ्ख्या
२०७१/७२	१३९	१७२	१३९
२०७२/७३	५६	६५	७६
२०७३/७४	११७	१५३	१०१
२०७४/७५	९१	१२०	८८
२०७५/७६	११९	१५०	१४६
२०७६/७७	९७	१३१	२३६
२०७७/७८	९८	१६९	२९१
२०७८/७९	१८०	३६२	४०३
२०७९/८०	९४	२०५	३४१
जम्मा	**९९१**	**१५२७**	**१८२१**

(स्रोत : ट्राफिक प्रहरी कार्यालय, सुर्खेत, २०७१-०८०)

भएका केही 'ठूला' दुर्घटनाहरू मध्ये हुन् अन्य दुर्घटना त सयौँ छन्।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ ले प्रबन्ध गरेकै कतिपय प्रावधानको कार्यान्वयन तथा पालना समेत भएको छैन । लामो बाटोमा चल्ने सार्वजनिक सवारीमा कम्तीमा दुई जना चालक अनिवार्य राखी प्रत्येक ६ घण्टामा पालो फेर्नुपर्ने व्यवस्था अपवाद बाहेक कागजमा मात्र सीमित छ। यसो हुनुमा काम गराउने अख्तियार पाएकाहरूले काम नगरेको प्रष्ट छ, तर यस्ता अधिकृतलाई जवाफदेही बनाउन यस क्षेत्रमा काम गर्ने संस्थाहरूको चासो यो सडकको समस्या पर्न सकेको छैन। देशमा भएका सीमित ट्राफिक प्रहरीलाई शहरमै सवारी व्यवस्थापन गर्न हम्मे छ।

कमजोर पूर्वधार र जोखिमयुक्त सडकले व्यक्तिको मानव अधिकार उपभोगमा प्रत्यक्ष असर पार्छ। कुनै व्यक्ति बिरामी हुँदा समयमा अस्पताल पुग्न नसक्नु, कुनै अपराध वा मानव अधिकार उल्लङ्घनका घटना हुन लागेको थाहा पाए पनि समयमा प्रहरी घटनास्थल पुग्न नसक्नु, प्राकृतिक प्रकोपका समयमा उद्धार गर्न नसक्दा व्यक्तिले राज्यबाट आधारभूत मानव अधिकारको उपभोग गर्नबाट वञ्चित रहनु केही उदाहरण हुन्। राज्यले नागरिकको अधिकारको सम्मान, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व हुन्छ भने नागरिकले ती अधिकार उपभोग गर्न पाउनुपर्छ।

दुर्घटनाका मानवीय र अन्य कारण

कर्णाली राजमार्ग अन्तर्गत दैलेख र कालीकोट खण्डका विभिन्न स्थानमा साँघुरा मोडहरू छन्। राजमार्गको एक मोडबाट अर्को मोडमा आएको गाडी देख्न सकिदैन। कर्णालीका धेरै सडकमा ट्राफिक सङ्केत पनि छैन। साँघुरा र अप्ठ्यारा सडक, क्षमताभन्दा बढी यात्रु, पुराना गाडी, ट्राफिक नियमको बेवास्ता लगायतका कारण यो सडकमा दुर्घटना बढिरहेका छन्। दुर्घटनाको केही कारण मानवीय पनि छन्। जस्तै, पहाडको घुमाउरो सडकमा चालकले हर्न नबजाउँदा, मादक पदार्थ सेवन गरी सवारी चलाउँदा, लामो यात्रामा एउटै चालकले गाडी चलाउँदा, क्षमता भन्दा बढी यात्रु राख्दा, पुराना गाडी चलाउँदा, समय समयमा गाडीको मर्म्मत नगर्दा तथा सवारी साधन अनुमति पत्र नलिइ चलाउँदा दुर्घटना हुने गरेको पाइन्छ।

कालीकोटको पाँखा गाविस हाल खाँडाचक्र नगरपालिका-८ को बिर्तामोड भन्ने स्थानमा २०६९ भदौ २५ गते राति ११ बजे ना.४ ख ६८७७ न.को बस दुर्घटना भयो। सो दुर्घटनामा २८ जनाको मृत्यु र ११ जना घाइते भएका थिए। नेपाल सरकारले ०६९ भदौ २६ गते गठन गरेको छानबिन समितिको प्रतिवेदनमा प्रतिवेदनमा दुर्घटनाको प्रमुख कारण साँघुरो पहाडी कच्ची सडक, कठिन भौगोलिक अवस्था, यातायात सवारी साधनहरूको अपर्याप्तताको कारण एउटै सवारी साधनमा धेरै यात्रुले यात्रा गर्नुपर्ने अवस्था, दुईजना चालक राख्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाउन नसकिनु, सडकलाई फराकिलो बनाइ स्तरोन्नति गरी कालोपत्रे गर्ने कार्य चुनौतीपूर्ण हुनु, चालकले मादकपदार्थ खाए-नखाएको सम्बन्धमा ब्रेथलाइजरको प्रयोगबाट प्रभावकारी रूपमा चेकजाँच हुन नसक्नु, ट्राफिक प्रहरीको सानो सङ्ख्या र यात्रुवाहक गाडीलाई मालवाहक गाडीका रूपमा समेत प्रयोग गरिनु उल्लेख छ (छानविन प्रतिवेदन, २०६९)।

सडक साँघुरो हुँदैमा दुर्घटना हुन्छ भन्ने छैन। 'चालक नै तालिम प्राप्त छैनन्, मोडमा हर्न बजाउँदैनन्, त्यसैले मुख्य कारण चालकको लापरबाही हो'। 'साँघुरो छ भने त झन् होसियारी पूर्वक चलाउनु पर्ने हुन्छ'(घिमिरे, २०८०)।

ठेकेदारको लापरबाहीका कारण सडक कालोपत्रे र मर्मत-सम्भार नभएपछि कर्णालीका यात्रुहरू निकै समस्यामा परेका छन्। स्थानीयका अनुसार 'यात्रुका लागि काल छँदैछ, सडक छेउ बस्नेलाई सुख छैन, दुर्घटना त कति हुन्छन् भनि साध्य छैन, राजमार्ग नाम दिएर सरकारले झन् काल निम्त्याएको छ।' सरकारले यसको प्रभावकारी अनुगमन नगर्दा ठेकेदारले कालोपत्रे नगरी छाडेका छन्। ०६९ भदौ २५ गते मान्माबाट जुम्ला जाँदै गरेको बस दुर्घटनामा पाँचजनाले ज्यान गुमाए। यसकारण यो राजमार्ग वरदान होइन कि अभिसाप भएको छ। 'सरकार जुम्लासम्म गाडी पुऱ्याएर बहादुरी गरेको बखान गर्छ, यहाँ मान्छे दैनिकजसो अकालमा मृत्युको मुखमा पुग्छन्' (मल्ल, २०८०)।

कर्णाली प्रदेश सरकारले कर्णालीका सडकको सुधारका कामहरू क्रमशः गर्दैछ (जिसी, २०८०)। 'जुन-जुन स्थानमा जे जे गर्नुपर्ने हो त्यसका लागि प्रदेश सरकारले सम्बन्धित सडक आयोजना वा डिभिजन सडक कार्यालयहरूलाई निर्देशन दिएको छ।'

कर्णाली प्रदेश प्रहरी कार्यालयले सडक दुर्घटना न्यूनीकरण र सडक पूर्वाधार सुधारका लागि 'सुरक्षित कर्णाली विशेष अभियान' सुरु गरेको छ।

कर्णालीका सबै राजमार्गको अवस्था र तत्काल गर्नुपर्ने सुधारका विवरण सङ्कलन गरी प्रदेश सरकार र सडक डिभिजनलाई उपलब्ध गराइएको छ (ढकाल, २०८०)।

बढी जोखिमपूर्ण स्थान पहिचान गरी केही दिनभित्रै विभागले टेन्डर आह्वानका लागि सडक डिभिजन कार्यालय जुम्लाले प्रकृया अगाडि बढाएको छ। जोखिम युक्त क्षेत्रमा ९० सेमि अग्लो स्टिल बार लगाउँदा साना सवारी साधनको दुर्घटना नियन्त्रण गर्नसहयोग पुग्छ (विष्ट, २०८०)।

दैलेखको खिडकीज्यूउलादेखि कालीकोटको नाग्मसम्म अत्यधिक दुर्घटना हुने स्थानको रूपमा लिने गरिएको छ। अहिलेसम्मका दुर्घटनाहरूमध्ये ठूला दुर्घटना यसै खण्डमा भएको पाइन्छ। कर्णाली राजमार्गमा दिनहुँ दुर्घटना हुन थालेपछि सडक विभागले दैलेख तल्लो डुंगेश्वरदेखि कालीकोटसम्मको करिब २६ किमि सडकमा स्टिलको बार राख्ने भएको छ।

निष्कर्ष

दुर्घटनाको पछाडि प्रायः चालकलाई कारण देखाइ सहज रूपमा उम्किन खोज्ने र अन्य कारणबारे गहिरो विश्लेषण हुन नसक्दा समय-समयमा हुने यस्ता दुर्घटनामा कमी आउन नसकेको देखिन्छ। हाल भइरहेको यातायात सम्बन्धी कानुनी, संस्थागत एवम् सङ्गठनात्मक संरचनाभित्र रहेका सम्बन्धित निकाय, अधिकारी, प्रहरी प्रशासन, यातायात व्यवसायी समितिहरू एवम् अन्य आम सरोकारवालाहरू बीचको समन्वयात्मक एवम् समझदारीपूर्ण भूमिकालाई प्रभावकारी बनाउन सकियो भने यस्ता दुर्घटना न्यूनीकरण गर्न सकिन्छ।

सन्दर्भ सामग्री

खत्री, यज्ञ (२०८० वैशाख ८), *कर्णालीमा सडक छैनन्, मृत्यु रेखा मात्रै छन्,* अनलाइन खबर। https://www.onlinekhabar.com/2023/04/1295465

घिमिरे, शिरबहादुर (२०८० मङ्सिर), कुराकानीका आधारमा, प्रमुख, सुर्खेत-जुम्ला (कर्णाली राजमार्ग) आयोजना, सुर्खेत।

छानबिन समितिको प्रतिवेदन (२०६९), २०६९ भदौ २५ गते बस कालीकोट बस दुर्घटना सम्बन्धमा पूर्वाधार विकास तथा यातायात मन्त्रालयद्वारा ०६९ भदौ २६ गते गठित समिति, *छानबिन समितिको प्रतिवेदन।*

जिसी, २०८०, मङ्सिर) प्रवक्ता, आन्तरिक मामिला तथा कानुन मन्त्री तथा कर्णाली प्रदेश सरकार।

ढकाल, भीमप्रसाद (२०८०, पुस), *कुराकानीमा आधारित,* प्रदेश प्रहरी प्रमुख (डीआईजी)।

मल्ल, चन्द्रजङ्ग (२०८० मङ्सिर), कुराकानीका आधारमा, स्थानीय खाडाचक्र नपा-२, कालिकोट।

रावत, प्रभाकुमारी (२०८० वैशाख २५), *सवारी दुर्घटनाको रोकथाम तथा न्यूनीकरण लगायतको मागदर्शी उच्च अदालतमा रिट,* इन्सेक अनलाइन। https://inseconline.org/np/news/%E0%A4%B8%E0%A4%B5%E0%A4%BE%E0%A4%B0%E0%A5%80-%E0%A4%A6%E0%A5%81%E0%A4%B0%E0%A5%8D%E0%A4%98%E0%A4%9F%E0%A4%A8%E0%A4%BE%E0%A4%95%E0%A5%8B-%E0%A4%B0%E0%A5%8B%E0%A4%95%E0%A4%A5%E0%A4%BE%E0%A4%AE/

विष्ट, ललित (२०८० जेठ ७), *मृत्यु मार्ग बन्दै कर्णालीको बाटो,* नागरिक न्युज। https://nagariknews.nagariknetwork.com/social-affairs/1179601-1684634098.html

विष्ट, दिपेन्द्र (२०८० मङ्सिर), प्रमुख, सडक डिभिजन कार्यालय, जुम्ला।

साह, रामप्रकाश (२०८० मङ्सिर), कुराकानीमा आधारित, प्रमुख, नेपाल प्रहरी, राजगर्मा सुरक्षा तथा ट्राफिक कार्यालय, सुर्खेत।

शाही, नवीन (२०८० मङ्सिर), कुराकानीमा आधारित, सवारी चालक, सुर्खेत-जुम्ला सडक खण्ड।

४.७ बालबालिकामा कुपोषणको प्रभाव

परिचय

मानव विकास सूचकाङ्कमा सबैभन्दा पुछारमा रहेको बाजुरा जिल्लामा कुपोषणका कारण स्वामी कार्तिक खापर गाउँपालिका-१ मुक्तिकोट गाउँमामात्रै ०७९ सालमा आठ जना बालबालिकाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय, बाजुराको तथ्याङ्कमा उल्लेख छ। बालबालिकाको स्वस्थ्य जीवनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी तथा संवैधानिक व्यवस्थाहरू गरिएको भए पनि सुदूरपश्चिम प्रदेशका अधिकांश जिल्लामा आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक रूपले पछाडि परेका समुदाय र परिवारका बालबालिकाहरू कुपोषणका कारण पीडित हुँदै आएका छन्।

बाजुरा जिल्लाका दुर्गम बस्तीका विपन्न परिवारका बालबालिकामा शरीरलाई आवश्यक हुने पोषणयुक्त तत्त्वहरूको अभावले विभिन्न प्रकारका कमजोरी तथा दुब्लो पातलो हुने अवस्था विद्यमान छ। कुपोषणको कमी भएका व्यक्ति तथा बालबालिकाहरू शारीरिक र मानसिक रूपमा कमजोर र अशक्त अवस्थामा हुन्छन्। जिल्लाका अति विकट गाउँबस्तीहरूमा कुपोषणको प्रकोप बढी पाइन्छ। गरिबी, अशिक्षा र चेतनाको अभाव स्वास्थ्य सेवा तथा स्तनपानको कमी यहाँ देखिएको कुपोषणका प्रमुख कारण हुन्।

बालबालिकाहरूलाई स्वस्थ्य राख्नका लागि तथा कुपोषणबाट बचाउन पर्याप्त स्तनपान, नियमित ताजा फलफूल, हरिया सागसब्जी, पौष्टिक आहार, स्वच्छ तथा सफा खानपान, हेरचाह तथा नियमित स्वास्थ्य जाँचका उपायहरू अपनाउनुपर्ने हुन्छ। जिल्लाका दुर्गम गाउँबस्तीमा यस प्रकारको व्यवस्था छैन । कुपोषणको मुख्य कारण गरिबी नै हो। दैनिक छाक टार्न धौ-धौ हुने परिवारले पोषिलो खानेकुरा खान नपाउँदा कुपोषणको मारमा बालबालिकाहरू पर्दै आएका छन्। बाजुरा जिल्लाका नौ ओटा स्थानीय तह मध्ये स्वामिकार्तिक खापर गाउँपालिका सबै भन्दा बढी कुपोषित स्थानीय तहका रूपमा रहेको छ। यस गाउँपालिका-१ अन्तर्गत पर्ने मुक्तिकोट गाउँ सबै भन्दा बढी कुपोषित बालबालिका भएको गाउँ हो (थापा, २०८०)।

बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ६ अन्तर्गत बालबालिकाको दीर्घजीवन र विकास एवम् धारा २४ अन्तर्गत स्वास्थ्यसम्बन्धी अधिकारमा बालबालिकाको बाँच्न पाउने तथा स्वस्थ्य जीवनको अधिकारसम्बन्धी व्यवस्था सुनिश्चित गरिएको छ।

नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वस्थ्य र स्वच्छ वातावरणमा बाँच्न पाउने हकको व्यवस्था गरिएको छ। यसैगरी धारा ३५ को उपधारा (१) मा आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने र आवश्यक स्वास्थ्य सेवाबाट कसैलाई वञ्चित नगरिने, धारा ३६ को उपधारा (२) मा खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुन पाउने व्यवस्था गरिएको भए पनि बाजुरा जिल्लाका अधिकांश हिमाली गाउँपालिका तथा दुर्गमबस्तीका बाललिबालिकाहरूले समयमै स्वास्थ्य उपचार नपाउने र बिहान बेलुका पेटभर खान नपाउने अवस्था विद्यमान छ।

संविधानको मौलिक हक अन्तर्गत धारा ३९ को उपधारा (२) मा प्रत्येक बालबालिकालाई परिवार र राज्यबाट स्वास्थ्य, पालनपोषण, उचित स्याहारको हक सुनिश्चित गरिएको छ। राज्यको नीति अन्तर्गत धारा ५१ को खण्ड (ज) (५) र (६) मा नागरिक स्वस्थ्य बनाउने तथा स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको भए पनि नागरिकहरूले त्यसको सहज उपभोग तथा पहुँच नभएको अवस्था छ। सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ दफा ३ को उपदफा (८) मा प्रत्येक महिलालाई आकस्मिक प्रसूति सेवा, आधारभूत आकस्मिक प्रसूति सेवा, बृहत् आकस्मिक प्रसूति सेवा, नवजात शिशुका लागि अत्यावश्यकीय सेवा र नवजात शिशुको आवश्यक सेवा पाउने अधिकार साथै ऐनले मातृत्व तथा प्रजनन् स्वास्थ्यका लागि तीनै तहमा बजेट विनियोजन तथा अनुदानसम्बन्धी बाध्यकारी व्यवस्था सुनिश्चित गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन तथा प्रभावमा चुनौतीहरू देखिएका छन्।

कानुनी व्यवस्था र कार्यान्वयन

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) मा बालबालिकाको सुरक्षित जन्म तथा स्वस्थ्य जीवनका लागि खोप सेवा, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन, पोषण सेवा, गर्भवती, प्रशव तथा सुत्केरी सेवा जस्ता मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई आधारभूत स्वास्थ्य सेवाको रूपमा परिभाषित गर्दै सो सेवाहरू नि:शुल्क रूपमा सबै नागरिकहरूलाई प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा १३ मा बालबालिकाको पोषण तथा स्वास्थ्यसम्बन्धी अधिकार, दुई

वर्षसम्मका बालबालिकालाई स्तनपान तथा प्रत्येक बालबालिकालाई उचित पोषण, सफा खानेपानी, खोप सेवा, राष्ट्रिय मापदण्ड अनुरूपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवाको साथै आधारभूत स्वास्थ्य उपचार नि:शुल्क प्राप्त गर्ने र दफा १४ मा बालबालिकाको स्वस्थ्य जीवनका लागि उमेर, रूची र आवश्यकता अनुसार खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक गतिविधिहरूमा सहभागिताको अधिकार, दफा १७ मा बालबालिकाको स्वस्थ्य जीवनका लागि हेरचाह, पालनपोषण, वृत्ति विकास, संरक्षण गर्नु परिवार वा संरक्षकको दायित्व हुने स्पष्ट व्यवस्था छ।

कुपोषणविरूद्धको लडाई

जिल्ला कृषि ज्ञान केन्द्र, बाजुराका सूचना अधिकारी मीनप्रसाद जैशीकाअनुसार बाजुरामा बालबालिकाहरूमा देखिएको कुपोषणको अवस्था चाहिने भन्दा न्यून पोषकतत्त्व भएको अवस्था हो। पेटभर खान पाउनु नै यहाँको मुख्य चुनौती हो। यस जिल्लामा पाँच प्रतिशत भूमिहीन सुकुम्बासीहरू रहेका छन्। आफ्नो उत्पादनले ३ महिनामात्रै खानपुग्ने परिवारको सङ्ख्या ४० प्रतिशत रहेको छ। त्यसैगरी आफ्नो उत्पादनले वर्षभरी खान पुग्ने परिवार सङ्ख्या १० प्रतिशत मात्रै छ। जिल्ला कृषि ज्ञान केन्द्र, बाजुरामा उपलब्ध तथ्याङ्कअनुसार जिल्लाको कूल जनसङ्ख्यालाई करिब २८ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने भए पनि जिल्लाको उत्पादनबाट २४ हजार मेट्रिक टन मात्रै उपलब्ध हुने गरेको छ। ४ हजार मेट्रिक टन खाद्यान्न वार्षिक रूपमा अपुग हुने गरेको छ।

उक्त अपुग खाद्यान्न विभिन्न बाह्य स्रोतहरूबाट आपूर्ति हुने भए पनि जिल्लामा हरेक वर्ष खाद्य सङ्कट तथा भोकमरी हुने गरेको छ। खाद्य समस्याका कारण नै बालबालिकाहरू कुपोषणको शिकार हुँदै आएका छन्। न्यून उत्पादन र उपभोग, गरिबी तथा अशिक्षा, सचेतनाको कमी, पुर्स्तौंपुस्ताको कुपोषण चक्र र खानेबानी तथा व्यवहारका कारण बालबालिकाहरूमा कुपोषणको समस्या उत्पन्न हुने गरेको छ (जैशी, २०८०)। कुपोषणको समस्यालाई न्यूनीकरण गर्न विभिन्न निकायहरूबाट स्वास्थ्य तथा पोषण शिक्षाका बारेमा तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएका छन्।

खाद्यान्न आपूर्तिमा सहजता अथवा खाद्यान्नको उपलब्धताको सुनिश्चितता, विशेषगरी तरकारी तथा फलफूलको उपभोगमा वृद्धि ल्याउन एक घर एक करेसाबारी अभियान, कुपोषणका हिसाबले जोखिमयुक्त समुदायमा विशेष लक्षित कार्यक्रम, खाद्यान्न उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने गरी उन्नत बीउ वितरण, कृषक पाठशाला तथा तालिम सञ्चालन, रैथाने बालीको उत्पादन, प्रवर्धन र उपभोगमा जोड दिने कार्यक्रम, आयआर्जन वृद्धि गरी आम्दानी बढाउने र रोजगारी सृजना गर्ने किसिमका कार्यक्रम, विद्यालय शिक्षामा दिवा खाजाको व्यवस्था, पाँच वर्षसम्मका बालबालिकालाई पोषण भत्ताको व्यवस्था र जुकाको औषधि तथा भिटामिन ए अभियान जिल्ला कृषि ज्ञान केन्द्रले सञ्चालन गर्दै आएको छ।

जिल्ला जनस्वास्थ्य कार्यालयले सन् २०२२ गरेको सर्वेक्षणमा उल्लेखित तथ्याङ्क अनुसार जिल्लामा ५ वर्षमुनिका बालबालिकामध्ये पुड्कोपन ४८.८ प्रतिशत, ख्याउटेपना ८.६ प्रतिशत र कम तौल ३०.६ प्रतिशत रहेको छ। वर्षभर पुग्ने खानेकुराको अभाव, सरसफाइको कमी, शुद्ध खानेपानीको अभाव, पोषणसम्बन्धी कम चेतना, स्वास्थ्य सेवाको पहुँचको कमी र स्वास्थ्य सेवा लिने व्यवहारको कमीका कारण कुपोषण हुने गरेको छ (चन्द, २०८०)। प्रजनन् उमेरका महिलाहरूमा पनि रक्तअल्पता तथा अन्य प्रकारका कुपोषण देखा परेको, महिलाहरू बच्चादेखि नै कुपोषणको शिकार भई उनीहरूबाट जन्मने बच्चासमेत कुपोषित हुने गरेका कारण कुपोषणको चक्र निरन्तर चलिरहेको अध्ययनबाट देखिएको छ।

कुपोषणलाई न्यूनीकरण गर्न सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय गरी प्रदेश सरकार स्वास्थ्य कार्यालयबाट स्थानीय स्तरका स्वास्थ्य संस्थाबाट वृद्धि अनुगमन तथा २७ ओटा ओटीसी केन्द्र स्थापना भई पाँच वर्षमुनिका कुपोषित बालबलिकाहरूलाई आरयुटीएफ उपचार गरिएको, कुपोषण व्यवस्थापनसम्बन्धी स्थानीय स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरूको क्षमता अभिवृद्धि, समुदायस्तरमा कुपोषणसम्बन्धी जनचेतना अभिवृद्धि, गैर सरकारी संस्थाहरूको सहयोगमा स्थानीय तहबाट कुखुरा, अण्डा वितरण तथा करेसाबारीको अवधारणासम्बन्धी वकालत, बालबालिकाहरूमा पोषण भत्ता वितरण, गर्भवतीलाई भिटामिन ए तथा आइरन चक्की वितरण र स्थानीय तहबाट पोषिलो पिठो वितरण लगायत अन्य क्रियाकलाप सञ्चालन गरिँदै आएको जनस्वास्थ्य अधिकृत चन्दले बताउनु भयो।

मुक्तिकोटको रोग, भोक र अभाव

स्वामिकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोट २०५८ साल अगाडि 'डुमकोट'का रूपमा परिचित गाउँ हो। सुदूरपश्चिममा 'डुम' शब्द दलितहरूलाई होच्याउनका लागि प्रयोग गरिने गरिन्थ्यो। सरकारी अभिलेखहरूमा यो गाउँको नाम अहिले पनि 'डुमकोट' नै छ। साविकको साप्पाटा गाविस-९ मा पर्ने गैरा, मेला, नाउला, खोली, चुँइकेडाडा, माझवाडा, खोलासा, भैइसाखाली, काडेडिल, मुक्तिकोट र रल्क्या टोलमा ३ सय ९४ बढी परिवार

दलित समुदायको बसोबास छ। माओवादीको भातृ सङ्गठन दलित मुक्ति मोर्चाका कार्यकर्ताहरूले ०५८ वैशाख महिनामा 'डुमकोट' नाम परिवर्तन गरी 'मुक्तिकोट' नामाकरण गरियो (विक, २०८०)। सरकारी अभिलेखमा अहिले पनि 'डुमकोट' नै रहेको पाइन्छ । गाउँको नाम परिवर्तन गरी मुक्तिकोट राखिएको झण्डै २२ वर्ष बितिसक्दा पनि यस गाउँका नागरिकहरूको अवस्था र जीवनमा परिवर्तन आउन सकेको छैन।

मुक्तिकोट गाउँका करिब ४ सय परिवारका लागि रोग, भोक, अभाव जीवनका तीन सत्य बनेका छन्। सदरमुकाम मार्तडीबाट तीन दिन लाग्ने यो गाउँ जिल्लाकै सबै भन्दा गरिब गाउँ हो। स्वामिकार्तिक खापर गाउँपालिकाको तथ्याङ्क अनुसार मुक्तिकोट जिल्लाकै सबै भन्दा बढी कुपोषणबाट ग्रस्त गाउँका रूपमा परिचित रहेको छ। यस गाउँका बालबालिकाहरूको शिक्षा र स्वास्थ्यमा पहुँच छैन। यस गाउँका ६ जना सरकारी जागिरे छन्। दुई जना नेपाली सेनाका जवान, एक जना जनपद प्रहरी जवान, एक जना सशस्त्र प्रहरी जवान, एक जना अहेब र एक जना भेटनरीमा जागिरे छन्। गाउँभरमा माध्यमिक तह उत्तीर्ण एकमात्र महिला छन्। उनी पनि सिन्धुपाल्चोकबाट विवाह गरेर मुक्तिकोट आएकी हुन्।। सुक्खा ठाउँ, पहिरोको जोखिम, छरिएर रहेको बस्ती भएका कारण वर्षभर खान पुग्ने खाद्यान्न उत्पादन हुँदैन। आफूहरूको बस्ती स्थानान्तरण नगर्दासम्म गरिबी, बेराजगारी, भोकमरी, कुपोषण लगायतका समस्याहरूबाट मुक्त हुन नसकिने स्थानीयहरूको भनाइ छ। उनीहरूका अनुसार, मुक्तिकोट पहिरो र खडेरीको चपेटामा परेको छ। उब्जाउ जमिन छैन। जनसङ्ख्या बढ्दै गएकोले अब घर बनाउन पनि ठाउँ नपुग्ने अवस्था छ र बस्ती स्थानान्तरणको विकल्प छैन।

गाउँमा साग, तरकारी, फलफूल केही पनि उब्जनी हुँदैन। ठाउँठाउँमा पहिरो खसेका कारण यहाँका दर्जनौँ घर जोखिममा छन्। गाउँमा रोजगारीको उपाय केही नभएका यहाँका प्राय: घरका युवाको एकमात्रै रोजगार गन्तव्य भारत हो। १५ वर्षमाथिका युवा गाउँमा भेटिँदैनन्। उनीहरू भारतको राजधानी दिल्ली, उत्तराखण्डको पौडी, गडवाल, देहरादून, नैनीताल, अल्मोडा, रानीखेत, पिथौरागढ, बागेश्वर लगायत ठाउँमा ज्याला मजदुरीका लागि जाने गरेका छन्। 'कोहीकोही त परिवार बालबच्चासहित पाँच ६ वर्षदेखि उतै छन्।'

'यहाँ बसेर खान पुग्दैन'। उसैत गाउँका प्राय: सबै बालबालिका खान नपाएर कुपोषित छन्। पोषिलो खाना पेट भरी खाना खाउँला भन्दा पनि छाक टार्न काम गर्न कालापहाड जानु पर्छ। गाउँमा सफा खानेपानी उपलब्ध छैन। पोषिलो खाने कुरा त सपना मात्रै हो। गाउँमा आधारभूत स्वास्थ्य इकाइ छ। दुई वर्ष अघि स्थापना भएको स्वास्थ्य इकाइमा पर्याप्त औषधि नहुने र सबै रोगको उपचार नहुने भएकाले स्थानीय रोग पालेर बस्न बाध्य छन् (कामी, २०८०)।

स्वामीकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोट गाउँमा २०७९ सालमा कुपोषणका कारण आठजना बालबालिकाको मृत्यु भयो (चन्द, २०८०)। मुक्तिकोट जस्तै कुपोषणका कारण जिल्लामा वर्षेनी अरु बालबालिकाको मृत्यु हुने गरेको छ। उपचारका लागि नल्याइएका बालबालिकाको मृत्युको तथ्याङ्क कुनै निकायमा भेटिँदैन।

गरिबी, अभाव र आर्थिक सङ्कटका कारण मुक्तिकोट गाउँका महिलाहरू कुपोषणको दुष्चक्रमा फसेका छन्। र, उनीहरूबाट जन्मने बच्चाको असमयमै निधन हुने गरेको छ। साविकको साप्पाटा गाविस-९ मा पर्ने मुक्तिकोट बाजुराको यस्तो गाउँ हो, जहाँ कुनै घरमा यस्तो आमा भेटिँदैनन् जसले सन्तान नगुमाएको होस्। स्वामीकार्तिक खापर गाउँपालिका-१ मुक्तिकोटमा कुपोषणको समस्याका बारेमा २०७८ सालमा विभिन्न सञ्चारमाध्यममा समाचार प्रकाशन भएपछि गाउँपालिकाले कुपोषणका बारेमा अध्ययन गरेको थियो। मुक्तिकोट गाउँका ३ सय ८ परिवारमा कुपोषण दर उच्च रहेको प्रतिवेदनले उल्लेख गरेको थियो। स्वास्थ्यकर्मीको टोली गाउँमा पुगेर स्वास्थ्य जाँच गर्दा ३ सय ४३ जना कुपोषित बालबालिकामध्ये २३ जनामा कडा कुपोषण र ५५ जना मध्यम कुपोषणको रहेको पाइएको छ (चन्द, २०८०)।

बाल विवाह र उच्च जन्मदर मुक्तिकोटका सर्वव्यापक कुपोषणका प्रमुख कारणहरू हुन्। मुक्तिकोट गाउँमा २३ वर्ष पूरा गरेका अधिकांश महिलाहरूले सात भन्दा बढी सन्तान जन्माएको पाइयो । जनसरा बिक उमेर ३२ वर्षकी भइन्। उनी १२ पटक गर्भवती भइसकेकी छन्। ३२ वर्षको उमेरमा उनले पाँच छोरा र तीन छोरी गरी आठ सन्तानलाई जन्म दिएको र चार पटक गर्भपतन गरिन्। बढी बच्चाहरू भएकै कारण अहिले बिहान बेलुकीको छाक टार्न र परिवार पाल्न उनलाई सकस भएको छ।

जनसरा जस्तै २८ वर्षीय बिजु विकले सात जना सन्तान जन्माइसकेकी छन्। खानलाउन समस्या भएपछि उनलाई नै कुपोषण भएको र दूध नआउँदा ६ महिनाकी छोरीको गत वर्ष मृत्यु भएको उनले बताइन्। ३० वर्षीया रोशनी विकले पनि सात जना सन्तान जन्माइन्। दुई महिनाकी छोरीको चार महिना अगाडि मृत्यु भयो। यी त

केही उदाहरण मात्र भए, गाउँका चार परिवारमध्ये अधिकांश महिलाहरूले धेरै बच्चा जन्माउने, जन्मान्तर पनि कम रहेको पाइएको छ।

धेरै सन्तान जन्माउने महिलाहरूमा पाठेघर खस्ने लगायतका समस्या, भए पनि आर्थिक अभावले रोग पालेर बस्ने र परम्परागत सोचले रोग लुकाएर बस्ने गरेको पाइएको छ। भर्खरै मात्रै मुक्तिकोट गाउँ नजिकै सामुदायिक स्वास्थ्य संस्था स्थापना गरिएको भए पनि परिवार नियोजनको साधन तथा स्वास्थ्य सन्देशका लागि गाउँमा स्वास्थ्यकर्मी भने आउने गरेको पाइएन। स्थानीय महिलाहरूका स्वास्थ्य समस्याहरू थुप्रै भए पनि लुकाएर बस्ने गरेका छन्। गाउँमा सामान्य जाँच हुन्छ, बाहिर जान पैसा नहुँदा रोग पालेर बस्नु परेको छ। स्थानीयलाई दैनिक खान लगाउन र कसरी छाक टार्ने भन्ने चिन्ता छ, उपचार त टाढाको विषय भयो (विक, २०८०)।

मुक्तिकोट गाउँमा कुपोषणको अर्को प्रमुख कारकका रूपमा बालविवाह पनि रहेको छ। आर्थिक कठिनाइका कारण यस गाउँका धेरै विद्यार्थीहरूले उच्च शिक्षा पढ्न नपाएर विद्यालय छाड्न बाध्य छन्। गाउँ नजिकै कक्षा १० सम्म रघुमाता माविमा पठनपाठन भए पनि उच्च शिक्षा अध्ययन गर्न बाहिर जानुपर्ने बाध्यता छ। तर पढाइका लागि पैसा जोहो गर्न नसकेपछि बालबालिकाहरू विद्यालय छोड्न बाध्य हुन्छन्।

कक्षा १० सम्म जेनतेन पढ्ने गरेको भए पनि उच्च शिक्षाका लागि बाहिर जाने पैसा हुँदैन। बाध्य भएर विवाह गर्ने गरेका छन्। १८ वर्षीया शोभा बिकले कक्षा १० सम्म गाउँमै अध्ययन गरेको भए पनि बाहिर गएर थप अध्ययन गर्न नपाएपछि विवाह गरिन्। 'उनीसँगै कक्षा १० सम्म सात जना साथीहरूले पढेको भए पनि अहिले सबै जनाले विवाह गरी सकेका छन्'। एक वर्षयता मात्रै ३० जनाले बालविवाह गरे। बालविवाह यहाँका लागि सामान्य जस्तै रहेको छ। सानै उमेरमा विवाह गर्ने र केटाहरू बिहेपछि कामको खोजीमा भारत जाने गरेको पाइएको छ।

निष्कर्ष

नेपाल सरकारले बालबालिकाको हक, अधिकारको सुनिश्चितता गर्नेतर्फ उन्मुख हुँदै कानुनी, नीतिगत, संस्थागत र योजनागत सुधार गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको भए पनि सुदूरपश्चिम प्रदेशको बाजुरा जिल्लाका दुर्गम गाउँबस्तीमा यसको प्रभावकारिता देखिएको छैन। संवैधानिक तथा कानुनी रूपमा बालबालिकाका अधिकारहरूको सुनिश्चितता गरिएको छ। तथापि, बालबालिकाहरू जन्मनु अघि र जन्मेपछि पनि आवश्यक स्याहार, पोषण, शिक्षा, स्वास्थ्य तथा शारीरिक, मानसिक र शैक्षिक विकासबाट वञ्चित हुनु परेको छ।

बालबालिकाको स्वास्थ्य र पोषण सेवा सुविधा पाउने अधिकारको सुनिश्चितता तथा प्रवर्द्धन गर्न विभिन्न खोप, भिटामिन, पोषणयुक्त खानेकुरा लगायत तोकिएको स्वास्थ्य सेवा र औषधि तथा उपचार सेवा दुर्गमबस्तीका बालबालिकाहरूले निःशुल्क पाउन सकेका छैनन्। बालबालिकाहरूका लागि एकीकृत बालस्वास्थ्य एवम् पोषण कार्यक्रम, राष्ट्रिय खोप कार्यक्रम, समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम, सुनौला हजार दिन जस्ता कार्यक्रम सञ्चालनमा रहेका भए पनि मुक्तिकोटका बालबालिकाहरू कुपोषणबाट मुक्त हुन सकेका छैनन्।

पाँचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजनामा स्वच्छ तथा गुणस्तरीय खाद्यान्नमा नागरिकको पहुँच पुफ्याउने उद्देश्य प्राप्तिका लागि केही क्रियाकलापको व्यवस्था गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह तीनै तहका सरकारहरूले गर्नुपर्ने क्रियाकलापको व्यवस्था भए पनि कार्यान्वयनमा आउन सकेको छैन। तीनै तहका सरकारले सचेतनाका कार्यक्रम, सुरक्षित गर्भपतनको व्यवस्थापन, पोषण केन्द्रको स्थापना तथा सञ्चालन, स्थानीय तहमा बालमैत्री कार्यक्रम तथा नीतिहरू निर्माण र शिक्षा, स्वास्थ्य, समाजिक, पारिवारिक तथा व्यक्तित्व विकासमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छ।

सन्दर्भ सामग्री

अनलाइन खबर, (२०७९ वैशाख २९), *कुपोषणको मारमा मुक्तिकोट,* अनलाइन खबर https://www.onlinekhabar.com/2023/05/1305633

कामी, नरे (२०८० मङ्सिर), कुराकानीमा आधारित, स्थानीय, मुक्तिकोट।

चन्द, महेश (२०८० पुस), कुराकानीमा आधारित, अधिकृत जनस्वास्थ्य कार्यालय, बाजुरा।

जैशी, मिनप्रसाद (२०८० पुस), कुराकानीमा आधारित, सूचना अधिकारी, कृषि ज्ञान केन्द्र, बाजुरा।

थापा, रुगम (२०८० पुस) कुराकानीमा आधारित, सूचना अधिकारी, जनस्वास्थ्य कार्यालय, बाजुरा।

विक, बाजे (२०८० मङ्सिर), कुराकानीको आधारमा, स्थानीय, मुक्तिकोट।

विक, बेलमती (२०८० मङ्सिर), कुराकानीको आधारमा, स्थानीय, मुक्तिकोट।

सिंह, बसन्तप्रताप (२०७९ वैशाख २५), *बजेटको बाढीले बगाएन कुपोषण,* कान्तिपुर।

परिच्छेद

५

५.१ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

कोशी प्रदेश

५.१.१ ताप्लेजुङ



जम्मा जनसङ्ख्या	१,२०,५९०
महिला	५९,८१७
घर परिवार सङ्ख्या	२७,७७६
घरजग्गामा महिलाको स्वामित्व	४,९२८
साक्षरता प्रतिशत	८२.२१
आश्रित जनसङ्ख्या	५९,४५०
अपाङ्गता भएका	२,९९९

यस वर्ष ताप्लेजुङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई पुरुष तथा ज्यादतीका घटनामा ३५ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना महिला पीडित भए।

तालिका ५.१.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
कुटपिट				१	१	२
घाइते				१	३	४
हत्या				३		३
धम्की					१	१
बाल अधिकार	बलात्कार			८		८
	जम्मा			८		८
महिला अधिकार	घरेलु हिंसा			१७		१७
	बलात्कार			५		५
	जम्मा			२२		२२
कूल जम्मा		२	२	३५	५	४०

(स्रोत : इन्सेक, २०२३)

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा १ सय १२ जना कैदी र ४२ जना थुनुवा गरी १ सय ५४ जना पुरुष छन्। ६० वर्षमाथिका ११ जना छन्। कारगारमा एक जना अहेबको दरबन्दी रहेको छ। जटिल समस्या आएमा पाँच मिनेटको दूरीमा अवस्थित जिल्ला अस्पतालमा लैजाने गरिएको छ। क्षमताभन्दा पाँच गुणा बढी कैदीबन्दी भएकाले कारागारको क्षेत्रफल साँघुरो भएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष देवानीतर्फ ३५ थान मुद्दामध्ये १९ थान र फौजदारीतर्फ १ सय ८ थानमध्ये ३२ थान मुद्दा फैसला हुन बाँकी छन्। अदालतमा दुई वर्ष पुराना मुद्दा नभएको स्रेस्तेदार मनोज बरालले बताए।

बाल अधिकार

यस वर्ष ताप्लेजुङ जिल्लामा बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३१ ओटा सामुदायिक विद्यालय छन्। तीमध्ये ६८ माध्यमिक विद्यालय रहेको जिल्ला शिक्षा विकास तथा एकाइका प्रमुख योगेश्वर भट्टराईले बताए। उनका अनुसार १ हजार ६ सय ५८ शिक्षकले अध्यापन गराइरहेका

छन् भने जिल्लामा १४ हजार ६ सय ६ जना छात्रा र १३ हजार ७ सय २३ छात्र गरेर २८ हजार ३ सय २९ विद्यार्थीहरू रहेका छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। यीमध्ये १७ ओटा उजुरीमा प्रहरीले मेलमिलाप गरायो भने एकजना उजुरीकर्ता सम्पर्कमा नआएकोले थप कानुनी प्रक्रिया अघि बढ्न नसकेको सेवा केन्द्र इञ्चार्ज रोहित फागोले बताए।

यो वर्ष ताप्लेजुङ जिल्लामा बलात्कारका घटनामा पाँच र घरेलु हिंसाका घटनामा १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो ।

बलात्कार

अपाङ्गता भएकी २४ वर्षीया महिलालाई ०८० वैशाख ५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले १८ वर्षीय युवकविरुद्ध वैशाख ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निर्मला योड्याको असोज २४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै नौ वर्ष कैद, १० हजार रुपियाँ जरिबाना, पीडितलाई ६० हजार रुपियाँ क्षतिपूर्ति र पीडित राहत कोषमा १ हजार ३ सय रुपियाँ कसुरदारबाट भराउने फैसला सुनायो।

पारिवारिक हत्या

सिरीजङ्घा गाउँपालिका-३ सिकैचाकी ३१ वर्षीया निशा राईलाई घरायसी विवादका क्रममा ०८० असार ५ गते मादक पदार्थ सेवन गरेका ३७ वर्षीय पति लक्ष्मण राईले चिर्पट प्रहार गरी हत्या गरेको आरोपमा मृतकका बाबु भगिराज राईले आरोपितविरुद्ध असार ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असार ७ गते गिरफ्तार गयो। जिल्ला अदालतका न्यायाधीश निर्मला योड्याको असार १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

सिदिङ्वा गाउँपालिका-६ मेहेलेको स्वास्थ्य चौकी ०८० असार २ गतेको बाढीले बगायो। यो वर्षको अन्त्यसम्म चौकी पुनर्निर्माण नभएको चौकी इञ्चार्ज मदन लिङ्देनले बताए।

जिल्लामा एक जिल्ला अस्पताल, स्वास्थ्य चौकी ५०, सामुदायिक स्वास्थ्य एकाइ ३०, आधारभूत स्वास्थ्य एकाइ ६, सहरी स्वास्थ्य एकाइ दुई, प्राथमिक स्वास्थ्य केन्द्र एक गरेर ९० स्वास्थ्य संस्था रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा ५४ प्रकारका औषधी मात्रै रहेको अस्पतालका डाक्टर महेश्वर गोसाईले बताए।

तालिका ५.१.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१४		२	१६
बलात्कार			२	३	५
जम्मा	१	१४	२	५	२२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.१.२ सङ्खुवासभा



जम्मा जनसङ्ख्या	१,५८,०४१
महिला	७८,४६२
घर परिवार सङ्ख्या	३९,११८
घरजग्गामा महिलाको स्वामित्व	९,१००
साक्षरता प्रतिशत	७९.७०
आश्रित जनसङ्ख्या	७७,७९८
अपाङ्गता भएका	५,२४२

अविरल वर्षपछि २०८० असार २ गतेको बाढीपहिरोमा परी एक जनाको मृत्यु र २० जना बेपत्ता भए। बाढीमा सुपर हेवाखोला हाइड्रोपावरका १६ जना, अपरहेवाखोला जलविद्युत् आयोजनाका एक जना, अमर कन्ट्रक्सन (सडक निर्माण कम्पनी) का एकजना र पहिरोमा परी सभापोखरी गाउँपालिका-३ सुनाम्लामा दुईजना गरी २० जना यो वर्षको अन्त्यसम्म बेपत्ता नै रहे। मृतक र बेपत्ता परिवारलाई राहत उपलब्ध गराउन जिल्ला विपत् व्यवस्थापन समितिले असार २९ गते सिफारिस गरेकोमा वर्षको अन्त्यसम्म सरकारले निर्णय गरेन।

यस वर्ष सङ्खुवासभा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष तथा ज्यादतीका घटनामा ४२ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। राज्यपक्षबाट भएका घटनामा दुई जनाको हत्या र एक जनालाई कुटपिट गरिएको घटना अभिलेख भयो । बाल अधिकार उल्लङ्घनका घटनामा १० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३० जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

राज्यपक्षबाट

जिल्ला कारागार खाँदबारीमा कैदी भुक्तान गरिरहेका सङ्खुवासभाकै मादी नगरपालिका-५ का १९ वर्षीय विनोद तोलाङ्गी र नुवाकोट जिल्ला, ककनी गाउँपालिका-७ स्थायी घर भई खाँदबारी नगरपालिका-९ तुम्लिङटार बस्दै आएका विकास श्रेष्ठ भनिने २८ वर्षीय आकाश बलामीको ०८० साउन २४ गते जिल्ला कारागारका सुरक्षाकर्मी र कैदीबन्दीको निर्मम यातनाका कारण मृत्यु भयो।

घटनामा संलग्न भएको आरोपमा असइ लक्ष्मी चौधरी, सुरक्षा गार्डमा कार्यरत २४ वर्षीय सुमन गुरुङ, सुरक्षा गार्ड २४ वर्षीय दमनसिंह राई, प्रहरी हवल्दार राजकुमार श्रेष्ठ, सुरक्षा गार्ड प्रहरी जवान २३ वर्षीय मनिष राई, सुरक्षा गार्ड प्रहरी जवान २४ वर्षीय पवनकुमार महतो र सुरक्षा गार्ड २३ वर्षीय नुशन राईलाई प्रहरीले गिरफ्तार गयो। प्रहरीले कारागारका कैदीबन्दी राम कार्की, अनिश शर्मा कट्टेल, सचिन्द्र भनिने सचिन राई, सुमन सारूमगर, टिकाराज चौहान, नवीनकुमार राई, इन्द्रध्वज घिमिरे र मीनबहादुर तामाङलाई गिरफ्तार गऱ्यो।

दुई जना कैदीको हत्या घटनामा सात जना प्रहरी र आठ जना कैदीविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयले ०८० भदौ २२ गते जिल्ला अदालत, चैनपुरमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो।

मुलुकी अपराध संहिता, २०७४ को दफा १८६ बमोजिम क्षतिपूर्ति, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम क्षतिपूर्ति मागसहित मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको इजलासमा ०८० भदौ २७ गतेको थुनछेक बहसपछि प्रहरी जतिलाई जिल्ला कारागार, धनकुटा र कैदी जतिलाई जिल्ला कारागार, तेह्रथुम पठाउन आदेश भएको जिल्ला अदालतका सेस्तेदार रामचन्द्र केसीले बताए।

गृहमन्त्रालयद्वारा गठित समितिको प्रतिवेदनमा 'मृतक बन्दीको शवको स्थिति, सम्बद्ध पक्षको बयान, सिसिटी फुटेजको अध्ययनको आधारमा विनोद तोलाङ्गी र आकाश बलामीको मृत्यु सुरक्षामा खटिएका केही प्रहरी र आन्तरिक प्रशासनको जिम्मेवारीमा रहेका बन्दीले दिएको शारीरिक यातनाबाट हुन गएको तथ्य प्रथम दृष्टिमै शङ्कारहित तरिकाले पुष्टि हुन आयो' उल्लेख छ।

इन्सेकले साउन २६ गतेदेखि साउन २८ गतेसम्म घटनासँग जोडिएका सबै पक्षसँग भेटघाट गरी लिएको जानकारी तथा विवरणमा पहिलो चरणमा कारागारभित्रका सुरक्षाकर्मी र दोस्रो चरणमा कैदीबन्दीको प्रशासनभित्रका नाइके, भाइनाइकेले गरेको कुटपिटबाट दुवै जनाको मृत्यु भएको पाइयो। प्रतिवेदनमा भनिएको छ 'राज्यको नियन्त्रणमा रहेका र राज्यको सुरक्षा गृहभित्र कैदीको कुटपिट गरी हत्या गरिनु गम्भीर मानव अधिकार उल्लङ्घन हो। कैदी भाग्न खोजेको आरोपमा चरम यातना दिनु, उपचारका लागि अस्पताल नलैजानु, अन्तिम अवस्थामा अस्पताल लैजानु, पीडित परिवारलाई समयमा जानकारी नगराउनुजस्ता कार्य हुनुले राज्यका निकायले उपयुक्त जिम्मेवारी बहन नगरेको देखियो'।

कारागार र बन्दी

२५ जना क्षमता भएको जिल्ला कारागारमा १ सय २० जना पुरुष राखिएको छ। पाँच जना महिला क्षमता भएको कारागारमा सात जना महिला राखिएको छ। जिल्ला कारागारमा कैद तोकिएका पुरुष ९३ जना र सात जना महिला छन्। कारागारमा कैद नतोकिएका २७ थुनुवा छन्। कारागारमा एक जना आश्रित बालक र १० जना ज्येष्ठ नागरिक छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक अहेवको दरबन्दीमा कार्यरत रहेको निमित्त जेलर राजेन्द्र घिमिरेले बताए।

तालिका ५.१.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१		५	५
हत्या		३	३	३	३	४
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१०		१०
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बलात्कार			७		७
	जम्मा			३०		३०
कूल जम्मा		३	३	४३	७	४९

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यसवर्ष देवानी १ सय ९४ थान मुद्दा दर्ता भएकामा फैसला हुन ९५ थान र फौजदारी १ सय १० थान मुद्दामा फैसला हुन बाँकी ६१ थान मुद्दा छन्। अदालतमा दुई वर्ष पुराना मुद्दा नभएको सेस्तेदार रामचन्द्र केसीले बताए।

बाल अधिकार

यस वर्ष सङ्खुवासभा जिल्लामा यौन दुर्व्यवहारको घटनामा दुई र बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ७ आधारभूत विद्यालय र निम्न माध्यमिक तह ४० र माध्यमिक तह २५ विद्यालय छन्। ६ ओटा धार्मिक विद्यालय छन्। खाँदबारी नगरपालिका-३ र चैनपुर नगरपालिका-६ सहित दुई ओटा सुस्तश्रवण केन्द्र छन्। जिल्लामा १९ ओटा सामुदायिक अध्ययन केन्द्र छन्। जिल्लामा यस वर्ष २१ हजार ५ सय ४३ छात्र र २० हजार ८ सय छात्रा विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख केशव भट्टराईले बताए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई छन्।

बलात्कार

१४ वर्षीया बालिकालाई ०८० वैशाख १ गते बलात्कार गरेको आरोपमा खाँदबारी नगरपालिका-९ का २७ वर्षीय झोके भनिने दलबहादुर राईविरुद्ध पीडित पक्षले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ३ गते खाँदबारीबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकनाथ गौतमको पुस ४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २५ वर्ष ६ महिना कैद सजाय, कसुरदारलाई १ लाख रुपियाँ जरिबाना, राहत कोषमा २८ हजार रुपियाँ जम्मा गर्न र २८ हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान, लाउन नदिएको १५ र घरायसी झगडा नौ उजुरी छन्। सबै उजुरीमा मेलमिलाप गराएको सेवा केन्द्रले जनायो।

यो वर्ष सङ्खुवासभा जिल्लामा बलात्कारका घटनामा सात र घरेलु हिंसाका घटनामा २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा ११ औँ तहको दरबन्दी भए पनि आठौँ तहका चिकित्सक कार्यरत छन्। जिल्ला अस्पताल ३७ बेड क्षमताको छ। आइसीयू र एनआइसीयूका दुई/दुई ओटा शैया छन्। भेण्टिलेटर चारमध्ये दुई ओटा सञ्चालन छन्। जिल्लामा १४ हजार ८ सय ४७ परिवारका २१ हजार १ सय ५३ पुरुष र २२ हजार २ सय ७९ महिला गरी ४३ हजार ४ सय ३३ जनाले जनाले स्वास्थ्य बीमा गराएका छन्। जसमध्ये ६ हजार ५ सय ५२ जना ज्येष्ठ नागरिकले बीमा गराएको स्वास्थ्य बीमा बोर्ड कार्यालयकी अञ्जु तामाङले बताइन्।

प्राथमिक, शहरी, सामुदायिक, आधारभूत स्वास्थ्य चौकी र स्वास्थ्य एकाइलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क विवरण अद्यावधिक भएको पाइएन। जिल्लामा एक जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र चार, शहरी स्वास्थ्य केन्द्र १२, सामुदायिक स्वास्थ्य केन्द्र १२, सामुदायिक स्वास्थ्य एकाइ २८, आधारभूत स्वास्थ्य केन्द्र २९ छन्। मादी नगरपालिकामा १५ बेडको नगर अस्पताल सञ्चालनमा छन्।

तालिका ५.१.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	६	८
यौन दुर्व्यवहार		१	१
जम्मा	१	८	१०

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	३३			३३
बलात्कार		१	५	६
जम्मा	३३	१	५	३०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	५	५

(स्रोत : इन्सेक, २०२३)

५.१.३ सोलुखुम्बु



जम्मा जनसङ्ख्या	१,०४,८५१
महिला	५२,१०४
घर परिवार सङ्ख्या	२६,२३९
घरजग्गामा महिलाको स्वामित्व	५,३८६
साक्षरता प्रतिशत	७६.९५
आश्रित जनसङ्ख्या	५१,२२२
अपाङ्गता भएका	३,२८०

यस वर्ष सोलुखुम्बु जिल्लामा ज्यादतीका घटनामा ४५ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २८ जना महिला पीडित भए।

कारागार र बन्दी

पाँच जना महिला र २० जना पुरुष गरी २५ जनाको क्षमता भएको जिल्ला कारागारमा ९० जना कैदीबन्दी छन्। जसमा ११ जना महिला र ७९ जना पुरुष छन्। स्वास्थ्यकर्मीको दरबन्दी चार वर्षदेखि रिक्त छ। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि जिल्ला अस्पताल लैजाने गरिएको जेलर केशव धामीले बताए। कारागारमा ६० वर्ष नाघेका पाँच जना पुरुष र दुई जना महिला छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ ७० थानमध्ये ४९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४४ थानमध्ये ४० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १५ थान र देवानी मुद्दा तीन थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष सोलुखुम्बु जिल्लामा यौन दुर्व्यवहारको घटनामा चार र बलात्कारका घटनामा नौ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा आधारभूत र निम्न माध्यमिक विद्यालय १ सय ७८ र माध्यमिक विद्यालय १ सय गरी २ सय ७८ ओटा विद्यालय छन्। जिल्लाका ६० ओटा विद्यालयमा मात्र खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध छ। जिल्लाको साक्षरता ९७.७३ प्रतिशत पुगेपछि ०७९ असार २६ गते साक्षर जिल्ला घोषणा गरिएको छ।

बलात्कार

१५ वर्षीया बालिकालाई २०७९ पुस २९ गते बलात्कार गरेको आरोपमा सोलुदुधकुण्ड नगरपालिका-२ बेनीका २५ वर्षीय विक्रम श्रेष्ठविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालयमा

उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको माघ २५ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै पाँच वर्षको कैद सजाय र पीडितले पाउने गरी कसुरदारबाट ३ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका पाँच, खानलाउन नदिएका तीन, विवाह दर्ता नगरिदिएको एक, जन्मदर्ता नगरिदिएको एक र नागरिकता नबनाएका दुई, अर्की पत्नी ल्याएर हेला गरेको १० र घरायसी झगडाका १३ उजुरी छन्। उजुरीमध्ये ३३ ओटामा मेलमिलाप र दुई ओटा कानुनी प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख सुनीता कायस्थले बताइन्।

यो वर्ष सोलुखुम्बु जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२३ वर्षीया युवतीलाई ०७९ पुस २२ गते बलात्कार गरेको आरोपमा ओखलढुङ्गा जिल्ला सिद्धिचरण नगरपालिका-११ रुम्जाटार घर भइ सोलुदूधकुण्ड नगरपालिका-१ मा बस्दै आएका २१ वर्षीय सुरज ठटालविरुद्ध पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई पुस २३ गते सोलुदूधकुण्ड नगरपालिका-१ बाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको माघ २३ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद सजायको फैसला सुनायो।

बलात्कारपछि हत्या

५२ वर्षीया महिलालाई ०८० जेठ ११ गते सामूहिक बलात्कारपछि हत्या गरेको आरोपमा थुलुङदूधकोशी गाउँपालिका-७ का ५७ वर्षीय चरण राई, ५६ वर्षीय भागीधन राई र २० वर्षीय युवराज खत्रीविरुद्ध पीडित पक्षले जेठ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले चरणलाई जेठ १२ गते, भागीधनलाई जेठ १३ गते र युवराजलाई जेठ १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाशकुमार अधिकारीको असार ९ गतेको इजलासले तीनै जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा जेठ १५ गते भयो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

तालिका ५.१.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	४	७
हत्या		१		१
बाल अधिकार	बलात्कार	९		९
	यौन दुर्व्यवहार	४		४
	जम्मा	१३		१३
महिला अधिकार	घरेलु हिंसा	२६		२६
	बलात्कार	३		३
	जम्मा	२८		२८
कूल जम्मा		४५	४	४९

(स्रोत : इन्सेक, २०२३)

स्वास्थ्य सेवाको अवस्था

सोताङ गाउँपालिका-१ की ५० वर्षीया सुत्केरीको अत्यधिक रक्तश्रावका कारण ०७९ माघ १९ गते सोताङ प्राथमिक उपचार केन्द्रमा मृत्यु भयो। जिल्ला अस्पताल र जिल्लाका कुनै पनि अस्पतालमा ब्लड बैङ्क नभएको र रक्तस्रावका बिरामीलाई रगत दिन नसक्दा मृत्यु भएको प्राथमिक स्वास्थ्य केन्द्रले जनायो। जिल्ला अस्पतालमा विशेषज्ञ प्रसूति सेवा १ वर्ष ६ महिनाभन्दा बढी समयदेखि बन्द छ।

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, १७ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा ०८० साउन १६ यता तीनै जना कार्यरत छन्। जिल्लामा २ हजार ४ सय ७८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार ४ सय ७८ जनाको बीमा गरिएको छ।

सोलु-दूधकुण्ड नगरपालिका-४ स्थित जिल्ला अस्पतालमा कार्यरत चिकित्सक र कर्मचारीलाई ०८०

असोज १५ गते हातपात तथा दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले सोलुदूधकुण्ड नगरपालिका-५ का ३६ वर्षीय पेम्वा शेर्पाविरुद्ध असोज १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज १५ गते सल्लेरीबाट गिरफ्तार गऱ्यो। मोटरसाइकल दुर्घटनामा परी उपचार गर्न गएका आरोपितले जिल्ला अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेण्ट २७ वर्षीय डाक्टर प्रशान्त शाह, २५ वर्षीय मेडिकल अधिकृत विश्वास पराजुली, वरिष्ठ ल्याब अस्सिटेण्ट ३८ वर्षीय राम कामत, वरिष्ठ अनमी ४३ वर्षीया सानी शेर्पा, स्टाफ नर्स २४ वर्षीया कला श्रेष्ठ, अहेव २८ वर्षीय वीरबल तामाङ र जिल्ला अस्पतालका क्यासियर २९ वर्षीया अम्बिका ढकाललाई दुर्व्यवार गरेको आरोपमा आरोपितविरुद्ध प्रहरीमा उजुरी दिए। आरोपितविरुद्ध प्रहरीले जिल्ला प्रशासन कार्यालयमा ०८० असोज १८ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी वसन्त भट्टराईको असोज १८ गतेको आदेशमा आरोपित ३ हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

तालिका ५.१.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएको**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	२	७	९
यौन दुर्व्यवहार		४	४
जम्मा	२	११	१३

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	३६		३६
बलात्कार		२	२
जम्मा	३६	२	३८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.१.४ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या	१,३९,५५२
महिला	७१,४७२
घर परिवार सङ्ख्या	३४,२८६
घरजग्गामा महिलाको स्वामित्व	८,४०९
साक्षरता प्रतिशत	७३.८९
आश्रित जनसङ्ख्या	६९,३७६
अपाङ्गता भएका	४,२६०

यस वर्ष ओखलढुङ्गा जिल्लामा ज्यादतीका घटनामा ४७ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता १५ जना पुरुष र १५ जना महिला गरी ३० जनाको छ। कारागारमा कैद तोकिएका ६२ जना कैदी, कदै नतोकिएका २० जना थुनुवा गरी ८२ जना रहेका छन्। जसमा महिला ६ जना छन्। कारागारमा पाँच जना ६० वर्षमाथिका ज्येष्ठ नागरिक छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। पुरानो कारागार भवन ०७२ को भूकम्पपछि जीर्ण छ। पुरानो भवनसँगैको महिला बन्दीका लागि बनाइएको सुविधा सम्पन्न कारागार भवनको वरिपरि सुरक्षा पर्खाल बन्न नसक्दा सो भवन यो वर्षको अन्त्यसम्म प्रयोगमा ल्याउन नसकिएको निमित्त जेलर नरेन्द्रलाल कर्णले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८५ थान र फौजदारीतर्फ ५२ थान मुद्दा छन्। दुई वर्षभन्दा पुराना मुद्दा नरहेको अदालतका स्रेस्तेदार विनोदप्रसाद घिमिरेले बताए।

उच्च अदालत विराटनगर, ओखलढुङ्गा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगर अस्थायी इजलास, ओखलढुङ्गामा यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २६ थान र फौजदारीतर्फ १ सय ४ थान मुद्दा छन्। अदालतमा दुई वर्ष पुराना मुद्दा नरहेको अदालतका रजिष्ट्रार विष्णुप्रसाद पाण्डेयले बताए।

बाल अधिकार

यस वर्ष ओखलढुङ्गा जिल्लामा यौन दुर्व्यवहारको घटनामा सात र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय २७ आधारभूत र ८३ ओटा माध्यमिक विद्यालय छन्। १ सय ९२ ओटा विद्यालयमा खानेपानीको अभाव नरहेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख नेत्रप्रसाद गजुरेलले बताए। जिल्लामा २ सय २५ ओटा विद्यालय अपाङ्गतामैत्री छन्। शिक्षण सिकाईको लागि विद्यालयमा कक्षाकोठा

तालिका ५.१.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		१	१	२
जातीय विभेद		१		१
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	६		६
	जम्मा	११		११
महिला अधिकार	घरेलु हिंसा	३५		३५
	बलात्कार	८		८
	जम्मा	३३		३३
कूल जम्मा		४६	१	४८

(स्रोत : इन्सेक, २०२३)

उपयुक्त छन्। जोखिम मोलेर विद्यालयमा जानुपर्ने अवस्था नरहेको एकाइ प्रमुख गजुरेलले बताए। साक्षर घोषणा भइसकेको जिल्लाको साक्षरता प्रतिशत ९९.५ प्रतिशत रहेको छ।

यौन दुर्व्यवहार

१४ र १५ वर्षीया बालिकालाई ०७९ फागुन ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले मोलुङ गाउँपालिका-१ का ४२ वर्षीय योगेन्द्र धमलाविरुद्ध फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकाराम आचार्यको चैत ५ गतेको आदेशमा धमला १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा भए। न्यायाधीश आचार्यको ०८० साउन २९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै नौ महिना कैद सजायसँगै २० हजार रुपियाँ जरिबाना र ५०-५० हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये २७ खान लाउन नदिएका र सात उजुरी घरायसी झगडाका थिए। ३० उजुरीमा मेलमिलाप र चार उजुरीमा कानुनी प्रक्रियाका लागि न्यायिक निकायमा पठाएको सेवा केन्द्रले जनायो।

यो वर्ष ओखलढुङ्गा जिल्लामा बलात्कारका घटनामा आठ र घरेलु हिंसाका घटनामा २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

अस्पतालमा कार्यरत कर्मचारीको काजमा सरुवा भएसँगै अर्को तालिम प्राप्त कर्मचारी नहुँदा गर्भपतनको सेवा प्रदान गर्न नसकिएको जिल्ला अस्पताल रुम्जाटारका प्रमुख डाक्टर अनिलकुमार साहले बताए। दरबन्दी अनुसारको जिल्ला अस्पतालमा ठूला अप्रेसन हुन सकेन । जिल्ला अस्पतालमा आइसीयू र भेन्टिलेटर भए पनि कर्मचारी अभावका कारण सञ्चालनमा छैन। जिल्लामा स्वास्थ्य बीमा गराएर सेवा लिइरहेको भए पनि सेवा लिन सास्ती हुने गरेको सुनकोशी गाउँपालिका-१० कटुञ्जेका पम्फादेवी श्रेष्ठले बताइन्। अस्पतालमा बीमाको सेवाग्राही भनेपछि छिटो काम नगरिदिने लामोसमय कुर्नुपर्ने तोकिएको औषधी नपाइने गुनासो श्रेष्ठको छ। जिल्लामा स्वास्थ्य बीमा गराएका महिला २० हजार ७ सय १६ र पुरुष १७ हजार ८ सय ३७ जना गरी ३८ हजार ५ सय ५३ जना छन्।

जिल्लामा एक जिल्ला अस्पताल, एक सामुदायिक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, तीन शहरी स्वास्थ्य केन्द्र र ५४ ओटा स्वास्थ्य चौकी छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए अनुसार स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधी उपलब्ध रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक शिवकुमार यादवले बताए। तर, स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ३५ को हाराहारीमात्रै रहेको मानेभञ्ज्याङ गाउँपालिका-१ मोलिका शिवकुमार आलेमगरले बताए।

तालिका ५.१.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	४	५
यौन दुर्व्यवहार	३		३	६
जम्मा	३	१	७	११

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१८	४	३	२५
बलात्कार		४	४	८
जम्मा	१८	८	७	३३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२३)

५.१.५ खोटाङ



जम्मा जनसङ्ख्या	१,७५,२९८
महिला	८८,६६१
घर परिवार सङ्ख्या	४१,७२०
घरजग्गामा महिलाको स्वामित्व	७,५८५
साक्षरता प्रतिशत	७५.९९
आश्रित जनसङ्ख्या	९१,५३५
अपाङ्गता भएका	४,९२५

यस वर्ष खोटाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना पुरुष तथा ज्यादतीका घटनामा ४८ जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २२ जना महिला पीडित भए।

गिरफ्तार

नेकपा एमालेको 'झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि सङ्कल्प यात्रा' मा अवरोध गरेको आरोपमा प्रहरीले प्रदेश नं.१ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिका कार्यकर्ता रावावेशी गाउँपालिका-२ का ३२ वर्षीय उदिम राई, सोलुखुम्बु जिल्ला,सोताङ गाउँपालिका-१ स्थायी घर भई हाल दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ का ५९ वर्षीय पूर्वमन्त्री गोपाल किराती, हलेसी तुवाचुङ नगरपालिका-८ का ४० वर्षीय राजेश राई, सोही नपा-१० का विकास राई र गन्धमान राईलाई मङ्सिर २६ गते गिरफ्तार गऱ्यो। प्रहरीले पुस २ गते सबैलाई रिहा गऱ्यो।

कारागार र बन्दी

६६ जना पुरुष र ३३ जना महिलाको क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका १ सय जना कैदी र कैद नतोकिएका २२ जना थुनुवा गरी १ सय २२ जना छन्। जसमा महिला चार छन्। कारागारमा तीन जना ज्येष्ठ नागरिक कैदी छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा खानेपानी र खेलकुदको उचित व्यवस्था रहेको जेलर आनन्द विष्टले बताए। कारागारले वैतनिक वकिलसँग कानुनी सहायता र परामर्शका लागि व्यवस्था मिलाएकाले मुद्दा सुनुवाइ नभई कारागारमा बस्न बाध्यहरू नभएको जेलर आनन्द विष्टले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७५ थान मुद्दा छन्। फौजदारी ४५ थान मुद्दा बाँकी छन्। जिल्ला अदालतमा दुई वर्ष पुराना मुद्दा नभएको अदालतका श्रेस्तेदार सीताराम खड्काले बताए। न्यायाधीशबाहेक ३१ जना कर्मचारीको दरबन्दी भएकोमा २५ जना कार्यरत छन्।

बाल अधिकार

यस वर्ष खोटाङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा १५ र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा बालविकास केन्द्र ३ सय ४७, निम्न माध्यमिक विद्यालय ३ सय १६ र माध्यमिक विद्यालय ८४ ओटा छन्। जिल्लाको साक्षरता दर ७६ प्रतिशत छ। शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख शैलेन्द्र थापाकाअनुसार जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन् ।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी खान/लाउन नदिएको २२, विवाह दर्ता नगरिदिएको एक र नागरिकता नबनाइ दिएको एक उजुरी छ। उजुरीमध्ये २२ उजुरीमा मेलमिलाप गराएको र दुई उजुरी न्यायिक निकायमा पठाएको महिला सेल प्रमुख मीरा वलीले बताइन्।

यो वर्ष खोटाङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र घरेलु हिंसाका घटनामा १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

दिक्तेल रुपाकोट मझुवागढी नपा-२ की ३६ वर्षीया लाक्पादुकु शेर्पाको ०८० कात्तिक ९ गते हत्या गरेको आरोपमा पति दावा शेर्पाविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले कात्तिक ९ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा कात्तिक २२ गते जिल्ला अदालतका न्यायाधीश सुवासबाबु पुरीको कात्तिक २२ गतेको इजालसले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

तालिका ५.१.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		५	५			
कुटपिट				४	११	१५
अमानवीय व्यवहार					१	१
हत्या				३		३
धम्की				३		३
बाल अधिकार	बलात्कार			३		३
	यौन दुर्व्यवहार			१५		१५
	जम्मा			१८		१८
महिला अधिकार	घरेलु हिंसा			१९		१९
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३३		३३
कूल जम्मा		५	५	४८	१२	६०

(स्रोत : इन्सेक, २०२३)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ७६ ओटा स्वास्थ्य चौकी छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि जिल्लाका स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ३५ मात्र छ। ३० हजार १ सय ८० जना महिला र २९ हजार ६ सय १२ जना पुरुष गरी ५९ हजार ७ सय ९२ जनाले स्वास्थ्य बीमा गराएका छन्। स्वास्थ्य बीमा गराएकाहरूले नियमित स्वास्थ्य सेवा लिइरहेको बीमक सन्तोष दाहालले बताए।

तालिका ५.१.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३		३
यौन दुर्व्यवहार		१५	१५
जम्मा	३	१५	१८

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१६	१	३	१९
यौन दुर्व्यवहार			३	३
जम्मा	१६	१	५	२३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२३)

५.१.६ भोजपुर

जम्मा जनसङ्ख्या	१,५७,९२३
महिला	७९,७१२
घर परिवार सङ्ख्या	३८,५८०
घरजग्गामा महिलाको स्वामित्व	७,१०३
साक्षरता प्रतिशत	७८.८७
आश्रित जनसङ्ख्या	७९,२७६
अपाङ्गता भएका	५,४९०



दक्ष चिकित्सकको अभावमा जिल्ला अस्पतालको आइसीयू सेवा सञ्चालन नहुँदा बिरामी सेवाबाट वञ्चित भएका छन्। जिल्ला अस्पतालमा चार शैयाको आइसीयू रहेको छ। आइसीयूका लागि आवश्यक स्वास्थ्य उपकरणहरू भए पनि दक्ष जनशक्ति अभावमा आइसीयू सेवा सञ्चालनमा ल्याउन नसकिएको अस्पताल प्रशासनले जनायो। १५ शैया क्षमता भएको जिल्ला अस्पताललाई ०७९ असोज ६ गते प्रदेश सरकारले ५० शैयामा स्तरोन्नतिको निर्णय गरेको थियो। दक्ष जनशक्ति व्यवस्थापनका लागि कुनै पनि पक्षले आर्थिक सहयोग नगरेपछि जिल्ला अस्पतालमा तयारी अवस्थामा रहेको आइसीयू सेवा सञ्चालनमा आउन नसकेको जिल्ला अस्पतालका प्रमुख डाक्टर शिवजी रिजालले बताए। तयारी अवस्थामा रहेको आइसीयू सेवा सञ्चालनका लागि जिल्लामा रहेका नौ ओटै स्थानीय तह र सरोकारवाला निकायहरूसँग समन्वय गर्दा कतैबाट पनि सहयोग नपाएपछि सेवा सञ्चालन गर्न नसकेको अस्पतालका प्रमुख डाक्टर शिवजी रिजालले बताए।

यस वर्ष भोजपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र तीन जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ६ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८७ जना महिला पीडित भए।

कारागार र बन्दी

४० जनाको क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ६७ जना र कैद नतोकिएका ४५ जना गरी जम्मा १ सय १२ जना छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या तीन जना छन्। कारागारमा एक जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा ७२ जना बढी कैदीबन्दी भएकाले शौचालय, खानेपानी, सुत्न र स्वास्थ्य उपचारमा समस्या छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेवको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय २ र फौजदारी तर्फ ८६ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी सात र फौजदारी दुई थान छन्।

तालिका ५.१.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	३	४			
कुटपिट					३	५	८
हत्या					४	१	५
बाल अधिकार	बलात्कार				११		११
	यौन दुर्व्यवहार				१		१
	जम्मा				१३		१३
महिला अधिकार	घरेलु हिंसा				८५		८५
	यौन दुर्व्यवहार				३		३
	जम्मा				८८		८८
कूल जम्मा		१	३	४	१०६	६	११३

(स्रोत : इन्सेक, २०२३)

बाल अधिकार

यस वर्ष भोजपुर जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

सामुदायिक विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा जिल्लाका ७४ ओटा माध्यमिक विद्यालयमा मात्र छ। प्राथामिक र आधारभूत विद्यालयमा भने खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा उपलब्ध भए पनि विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा नभएको शिक्षा तथा समन्वय एकाइ भोजपुरका प्रमुख रुद्र राईले बताए। भोजपुर ०७४ चैत २५ गते साक्षर जिल्ला घोषणा भइसकेको छ। यस जिल्लाको साक्षरता ९५.७६ प्रतिशत छ। जिल्लामा २ सय ७९ प्राथामिक, ५५ ओटा आधारभूत (निमावि) र ७४ ओटा माध्यमिक विद्यालय छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएको एक, खानलाउन नदिएको आठ र घरायसी झगडाका ६ उजुरी छन्। यीमध्ये प्रहरीले १३ उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

यो वर्ष भोजपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ८५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कका ११ वर्षीय बालकको बाँया हातको कान्छी औंलामा ०७९ असोज महिनामा सर्पले टोकेपछि बालकका बाबुले छोराको ज्यान जोगाउनकै लागि भन्दै सर्पदंश भएको औंला तत्कालै काटिदिए। जिल्लामा सर्पदंशको सेवा उपलब्ध नहुँदा स्थानीयले सास्ती पाउने गरेको टेम्केमैयुङ गाउँपालिका-९ का वडाध्यक्ष नभराज माडपाहाङ राईले बताए। टेम्केमैयुङ गाउँपालिका-५ मझौले, टेम्केमैयुङ गाउँपालिका-४ लुङगिन र टेम्केमैयुङ गाउँपालिका-९ लेखर्कका स्थानीय सर्पले टोकेको खण्डमा शरीरका अङ्ग नै काटेर फाल्ने अवस्थामा रहेको वडाध्यक्ष राईले बताए।

जिल्लामा एक सरकारी अस्पताल, ६६ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, एक नगर स्वास्थ्य केन्द्र छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या ४/५ प्रकारको मात्रै रहेको टेम्केमैयुङ गाउँपालिका-५ चोलन्तीका शिवकुमार विष्टले बताए। जिल्लामा ३४ हजार ७ सय ४६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि २ हजार ६ सय ३० जना पुरुष र २ हजार ७ सय २८ जना महिला गरी ५ हजार ३ सय ५८ जनाको बीमीत छन्। स्वास्थ्य बीमाले उपचारमा सहज हुने भोजपुर नगरपालिका-५ का स्थानीय धनबहादुर थापाले बताए। स्वास्थ्य बीमा गराएपछि १ लाख सम्मको निःशुल्क उपचार गराउन पाउने भए पनि अस्पतालमा औषधी नपाउँदा बाहिरबाट किन्नुपर्ने बाध्यता जिल्लावासीको छ।

तालिका ५.१.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	१०	११
यौन दुर्व्यवहार		१	१
जम्मा	१	११	१२

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	४९	३५	८४
यौन दुर्व्यवहार		३	३
जम्मा	४९	३८	८६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	४	५

(स्रोत : इन्सेक, २०२३)

५.१.७ धनकुटा



जम्मा जनसङ्ख्या	१,५०,५९९
महिला	७६,७७५
घर परिवार सङ्ख्या	३७,६१६
घरजग्गामा महिलाको स्वामित्व	९,२३९
साक्षरता प्रतिशत	८१.३६
आश्रित जनसङ्ख्या	७०,३२२
अपाङ्गता भएका	५,१९७

यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला तथा १७ जना पुरुष तथा ज्यादतीका घटनामा ९४ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८४ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जना पुरुष र १५ जना महिलाको क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ४९ जना पुरुष र चार जना महिला र कैद नतोकिएका ४२ जना पुरुष र दुई जना महिला गरी ९७ जना छन्। पुरुष कारागारमा क्षमता भन्दा ६६ जना बढी कैदीबन्दी भएकाले सुत्न, शौचालय प्रयोगमा, खानेपानीको उपभोगमा समस्या छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कैदीबन्दी राख्नका लागि अर्को कारागार बनाइएको भए पनि प्रयोगमा आउन बाँकी छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ४ सय ७३ मुद्दा दर्ता भएकोमा ३ सय ८५ देवानी र ८८ फौजदारी छन्। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय १७ र फौजदारीतर्फ ६५ थान छन्। दुई वर्षभन्दा पुरानो देवानी मुद्दा एक थान बाँकी छ। त्यस्तै देवानीतर्फ २ सय ६८ र फौजदारीतर्फ २३ थान फैसला भए।

उच्च अदालत विराटनगर, धनकुटा इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगर, धनकुटा इजलासमा सबै कार्यरत छन्। यस वर्ष देवानीतर्फ ९१ र फौजदारीतर्फ २ सय २० थान मुद्दा दर्ता भए। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४४ र फौजदारीतर्फ ८२ थान छन्। यस अदालतमा दुई वर्ष पुराना मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष धनकुटा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक, बलात्कारका घटनामा पाँच र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

धनकुटा जिल्ला साक्षर घोषणा भइसकेको छ। जिल्लामा १ सय ८८ प्रावि, ४८ निमावि, ९१ मावि छन्। जसमा कक्षा १ देखि १० सञ्चालन भएका ४७ ओटा र कक्षा १ देखि १२ सञ्चालन भएका ४४ ओटा रहेका छन्। धनकुटाका सबै विद्यालयमा पानीको सुविधासहितका शौचालय रहेका छन्।

तालिका ५.१.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१७	१८			
कुटपिट						३	३
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१		१
अमानवीय व्यवहार						३	३
हत्या					३	३	४
बाल अधिकार	बाल विवाह				१		१
	बलात्कार				५		५
	यौन दुर्व्यवहार				१		१
	जम्मा				७		७
महिला अधिकार	हरेलु हिंसा				७४		७४
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				८		८
	बलात्कार प्रयास				१		१
	जम्मा				८४		८४
कूल जम्मा		१	१७	१८	९४	७	१०१

(स्रोत : इन्सेक, २०२३)

महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २७ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेका पाँच, खानलाउन नदिएको १०, विवाह दर्ता र नागरिकता नबनाएको पाँच र घरायसी झगडाका सात उजुरी छन्। प्रहरीले २७ उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी राजबाबु महर्जनले बताए।

यो वर्ष धनकुटा जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ७४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२७ वर्षीया महिलालाई ०७९ माघ २७ गते बलात्कार गरेको आरोपमा चौबिसे गाउँपालिका-८ बसन्तटारका ३१ वर्षीय डिल्लीकुमार चेम्जोङ लिम्बूविरुद्ध पीडित पक्षले सोही दिन प्रहरीमा उजुरी गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको ०८० जेठ १७ गतेको इजलासले कसुर ठहर गर्दै १० वर्ष कैद, ५० हजार रुपियाँ जरिबाना र पीडितले पाउने गरी कसुरदारबाट २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

बलात्कार प्रयास

२२ वर्षीया महिलालाई ०७९ पुस २२ गते बलात्कार प्रयास गरेको आरोपमा भोजपुर जिल्ला, भोजपुर नपा-५ बोखिम स्थायी घर भई धनकुटा नपा-१ हिले बस्दै आएका ३० वर्षीय सन्तोष तामाङविरुद्ध पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो । प्रहरीले आरोपितलाई पुस २५ गते हिलेबाट गिरफ्तार गऱ्यो । जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको असार २४ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै चार वर्ष कैद, १ लाख ५० हजार रुपियाँ जरिबाना र २५ हजार रुपियाँ क्षतिपूर्ति दिलाउने फैसला सुनायो।

पारिवारिक हत्या

धनकुटा नगरपालिका-१ निगालेकी ३६ वर्षीया भीमा गुरुङ र १० वर्षीय छोरा आयुस गुरुङको घरायसी विवादका क्रममा ०८० मङ्सिर ६ गते कुटपिट गरी हत्यापछि ३५ वर्षीय टिकाराम गुरुङले आत्महत्या गरेको प्रहरीले जनायो। आरोपितले आत्महत्या गरेको भनिएकाले कानुनी कारबाही अघि बढेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा अहिलेसम्म १२ हजार ६ सय ६१ परिवारका २० हजार ३ सय १३ पुरुष र २१ हजार ८ सय ७६ महिला गरी ४२ हजार १ सय ८९ जनाले स्वास्थ्य बीमा गराए। जिल्लामा एक जिल्ला अस्पताल, दुई सामुदायिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३७ स्वास्थ्य चौकी र १५ नगर स्वास्थ्य केन्द्र रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ४० मात्रै रहेको छ।

धनकुटा जिल्ला अस्पताललाई प्रदेश सरकारले १ सय शैयामा स्तरोन्नति गर्ने भनेर घोषणा गऱ्यो। तर, हालसम्म १५ शैयामै सीमित रहेको छ। २०७७ साल फागुनमा जिल्ला अस्पताल धनकुटाले कोरोना सुरक्षा कोषको २ करोड रुपियाँ खर्चेर चारओटा भेण्टिलेटरसहित १० शैयाको आइसीयू कक्ष निर्माण गरेको थियो। तर, निर्माणको करिब ३० महिना बित्दा पनि सो कक्ष सञ्चालनमा आएको छैन।

तालिका ५.१.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	३	३	५
यौन दुर्व्यवहार		१	१
जम्मा	३	५	७

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		७३	१	७४
'बोक्सी'को आरोप		१		१
बलात्कार	५		३	८
बलात्कार प्रयास	१			१
जम्मा	६	७४	४	८४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२३)

५.१.८ तेह्रथुम



जम्मा जनसङ्ख्या	८८,७३१
महिला	४५,१५०
घर परिवार सङ्ख्या	२१,८४५
घरजग्गामा महिलाको स्वामित्व	५,२७९
साक्षरता प्रतिशत	८१.९४
आश्रित जनसङ्ख्या	४२,९६५
अपाङ्गता भएका	२,५४५

यस वर्ष तेह्रथुम जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट २१ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जना पुरुष र १० जना महिला गरी ३५ जनाको छ। तर, कारागारमा ७० जना पुरुष कैदी र १२ जना पुरुष थुनुवा, एक जना महिला कैदी र दुई जना महिला थुनुवा गरी ८५ जनालाई राखिएको छ। कारागारमा पुरुष कैदीबन्दी क्षमता भन्दा तीन गुणा बढी छन्। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था, कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री पुस्तकालयको व्यवस्था गरिएको जेलर विक्रम लिम्बूले बताए। कारागारमा सीपमूलक तालिमको पनि व्यवस्था छ।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेबको दरबन्दी रहेको छ। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जेलर लिम्बूले बताए। कैदीबन्दी बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीबाट उपचार गरिन्छ। हरेक दिन कैदीबन्दीको स्वास्थ्यमा ध्यान दिइने, औषधी सेवन गरिरहेकाहरूले औषधी खाए/नखाएको हेर्ने गरिएको कारागारमा कार्यरत सिनियर अहेब कृष्ण ढुङ्गानाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ३ सय ६२ मुद्दा दर्ता भएकोमा २ सय ६५ देवानी र ९७ फौजदारी छन्। जसमा फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ८७ थान र ७६ थान फौजदारी मुद्दा छन्। दुई वर्षभन्दा पुराना तीन थान देवानी मुद्दा छन्।

बाल अधिकार

यस वर्ष तेह्रथुम जिल्लामा बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

छथर गाउँपालिका-३ पञ्चकन्या माध्यमिक विद्यालयमा अध्ययनरत ५० जना विद्यार्थी तीन घण्टाभन्दा टाढाबाट विद्यालय जान बाध्य छन्। मेन्छ्यायेम गाउँपालिका-४ श्रीजुङ माविमा अध्ययनरत ७० जना बालबालिका एक घण्टाभन्दा टाढाको असिने, सेकीम, पौठक, कटकेलगायत ठाउँबाट हिँडेर विद्यालय पुग्छन्। गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय

तालिका ५.१.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
अमानवीय व्यवहार		१		१
घाइते			१	१
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	५		५
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	१२		१२
	बलात्कार	१		१
	बलात्कार प्रयास	१		१
	जम्मा	१४		१४
कूल जम्मा		३१	३	३४

(स्रोत : इन्सेक, २०२३)

राष्ट्रिय प्रारूप २०६७ ले बालबालिकाको घर र विद्यालय आधा घण्टाको पैदल दूरीमा हुनुपर्ने उल्लेख छ। तर, विद्यार्थीको समस्या र सरकारले सहज रूपमा शिक्षा दिन भनेर ल्याएका कार्यक्रमबिच मेल नखाँदा जिल्लाका बालबालिका अध्ययनका लागि टाढा पुग्नुपर्ने बाध्यता छ। यो वर्ष मेन्छ्यायेम गाउँपालिकाले दिवा खाजा खुवाउन विद्यालयलाई वार्षिक १५ हजार रुपियाँ थप रकम दिएको छ।

२०७८ को जनगणनाअनुसार ७५.६ प्रतिशत महिला र ८९.३ प्रतिशत पुरुष गरी ८१.९ प्रतिशत साक्षरता रहेको यो जिल्ला ०७४ चैत २० गते साक्षर जिल्ला घोषणा भएको छ। जिल्लामा १ सय ७७ आधारभूत र ४६ ओटा माध्यमिक विद्यालय छन्। जिल्लाका सबै विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था छ। जिल्लाका अधिकांश विद्यालयमा पानीको धारा जडान गरिएको छ। छथर गाउँपालिका केही विद्यालयमा खानेपानी तीन-चार दिनमा आउने हुँदा सङ्कलन गरेर राख्नुपर्ने अवस्था छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २४ ओटा छन्।

बलात्कार

११ वर्षीया बालिकालाई ०७९ माघ १८ गते बलात्कार गरेको आरोपमा आठराई गाँउपालिका - ६ का ६७ वर्षीय सूर्यकुमार कन्दङवाविरुद्ध पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १९ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलको ०८० असार २५ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै तीन वर्ष कैद सजायसँगै ३० हजार रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश भएको अदालतका सेस्तेदार पारसमणि पोखरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेका तीन, खान/लाउन नदिएको चार, घरायसी झगडाका ११ उजुरी छन्। सबै उजुरी मेलमिलाप गराएको असइ रीता पोखरेलले बताइन्।

यो वर्ष तेह्रथुम जिल्लामा बलात्कारको घटनामा एक, बलात्कार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

आठराई गाउँपालिका-१ संक्रान्तिकी २४ वर्षीया रेशिका श्रेष्ठ (दमन्ता) को घरायसी विवादका क्रममा ०८० साउन १४ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले २६ वर्षीय पति राजकुमार श्रेष्ठविरुद्ध साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले झापाको काँकडभिट्टामा रहेको एक होटलमा लुकीछिपी बसेको अवस्थामा साउन २७ गते गिरफ्तार गऱ्यो। घरायसी विवादपछि साउन १४ गते पत्नीले घर छोडेर हिँडेको र खोजी गरीदिन आग्रह गर्दै राजकुमारले जिल्ला प्रहरी कार्यालयमा साउन २४ गते निवेदन दिएका थिए। पत्नीको खोजी गरीदिन पतिले निवेदन दिएपछि खोजीका क्रममा साउन २७ गते रेशिका श्रेष्ठको शव आफ्नै घर नजिकै गाडिएको अवस्थामा भेटियो। निवेदन लगत्तै घर छोडेर हिँडेका राजकुमारलाई प्रहरीले काँकडभिट्टाको एक होटलमा साउन २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रमेश पोखरेलेको भदौ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, १० सामुदायिक स्वास्थ्य एकाइ, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २६ स्वास्थ्य चौकी, ६ आधारभूत स्वास्थ्य केन्द्र र तीन सहरी स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा एक दरबन्दी रिक्त छ। १२ जना स्वास्थ्यकर्मीको दरबन्दीमा दुई खाली, एक जना बिदा र नौ जना कार्यरत छन्।

तालिका ५.१.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतकी घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	२	५

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१०	२	१२
बलात्कार		१	१
बलात्कार प्रयास		१	१
जम्मा	१०	४	१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२३)

५.१.९ पाँचथर



जम्मा जनसङ्ख्या	१,७२,४००
महिला	८६,७१७
घर परिवार सङ्ख्या	४२,४३७
घरजग्गामा महिलाको स्वामित्व	६,९१३
साक्षरता प्रतिशत	८२.२९
आश्रित जनसङ्ख्या	८३,२२०
अपाङ्गता भएका	४,५८७

अविरल वर्षापछि २०८० असार २ गतेको बाढीपहिरोमा परी तीन जनाको मृत्यु, ९५ घर क्षतिग्रस्त, ४ सय ४७ जना विस्थापित भए। बाढीमा बेपत्ता भएका तीन जना वर्षको अन्त्यसम्मै फेला परेनन्। बाढीपहिरोमा ज्यान गुमाएका परिवारलाई प्रदेश सरकारले १ लाख रुपियाँ र घाइतेहरूलाई उपचारको लागि ५० हजार रुपियाँ उपलब्ध गरायो।

यस वर्ष पाँचथर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २० जना महिला पीडित भए।

कुटपिट

राज्य पक्षबाट

फिदिम नगरपालिका-१ का ३५ वर्षीय छत्रप्रसाद सुवेदीले आफूलाई ताप्लेजुङ, सिदिङ्वा गाउँपालिका-४ स्थायी घर भई याङ्वरक गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत ४० वर्षीय सुमन लिङ्देनले ०८० असोज २१ गते कुटपिट गरेको आरोप लगाए। गाउँपालिकाका कार्यालय सहयोगी पीडित सुवेदीको आँखामा चोट लागेको थियो। दुवैपक्षबीच असोज २२ गते मेलमिलाप भएको गाउँपालिका अध्यक्ष भीमबहादुर योङ्याले बताए।

कारागार र बन्दी

२० जना पुरुष र पाँच जना महिला गरी २५ जनाको क्षमता रहेको जिल्ला कारागारमा १ सय ९ जना पुरुष कैदी, आठ जना महिला छन्। त्यसैगरी ३७ जना पुरुष थुनुवा र पाँच जना महिला थुनुवा छन्। ६५ वर्षमाथिका दुई जना पुरुष र एक जना आश्रित बालक छन्। क्षमता भन्दा बढी कैदीबन्दी भएका कारण व्यवस्थापन गर्न समस्या भएको जेलर सुरेन्द्र मुखियाले बताए। ०३० सालमा स्थापना भएको कारागारको भौतिक संरचना जीर्ण छ। २ सय जना क्षमताको अर्को कारागार निर्माणाधीन छ। एकजना अहेवको दरबन्दी रहेको छ। कैदीबन्दीको आधारभूतबाहेक जटिल प्रकारका उपचारका लागि जिल्ला अस्पताल लगिने जेलर मुखियाले बताए। कैदीबन्दी बढी भएका कारण कोचिएर बस्नुपर्ने, शौचालय प्रयोगमा पालो कुर्नुपर्ने, तथा पिउने पानीको अभाव कारागारमा रहेको जेलर मुखियाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय ४ थान र फौजदारीतर्फ १ सय ४५ थान मुद्दा छन्। दुई वर्षभन्दा पुराना देवानी १० र फौजदारी आठ थान मुद्दा छन्।

बाल अधिकार

यस वर्ष पाँचथर जिल्लामा यौन दुर्व्यवहारका घटनामा सात र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लाको साक्षरता प्रतिशत २०७८ को जनगणना अनुसार महिलाको ७६ प्रतिशत र पुरुषको ८८.७ प्रतिशत गरी ८२.३ प्रतिशत छ। यो जिल्ला २०७२ साउन १० गते नै साक्षर घोषणा भइसकेको हो। जिल्लामा २ सय ८९ आधारभूत र ८५ माध्यमिक विद्यालय छन्। सबै विद्यालयमा छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालय भए पनि मिक्लाजुङ गाउँपालिकामा भने माध्यमिक तहका विद्यार्थीका लागि मात्र शौचालय छुट्याइएको छ।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८० वैशाख १ गते बलात्कार गरेको आरोपमा फालेलुङ गाउँपालिका-७ का २८ वर्षीय अर्जुन विश्वकर्माविरुद्ध पीडित पक्षले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको मङ्सिर २९ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै १२ वर्ष कैद र ५ लाख रुपियाँ जरिबाना भराउने फैसला सुनाएको अदालतका सेस्तेदार विष्णुप्रसाद सापकोटाले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट तथा घरेलु हिंसाका ३१, खान लगाउन नदिएका चार, विवाह दर्ता नगरिदिएका तीन, नागरिकता नबनाई दिएका ६ र घरनिकालाका पाँच उजुरी छन्। उजुरीमध्ये प्रहरीले ४० उजुरीमा मेलमिलाप र नौ उजुरी न्यायिक निकायमा पठाएको छ।

तालिका ५.१.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट	
		पुरुष	जम्मा	महिला	जम्मा
कुटपिट		१	१		
हत्या				३	३
बाल अधिकार	बलात्कार			६	६
	यौन दुर्व्यवहार			७	७
	जम्मा			१३	१३
महिला अधिकार	घरेलु हिंसा			१३	१३
	बलात्कार			६	६
	बलात्कार प्रयास			१	१
	जम्मा			३०	३०
कूल जम्मा		१	१	३५	३५

(स्रोत : इन्सेक, २०२३)

यो वर्ष पाँचथर जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला अस्पतालमा सघन उपचार सेवा (आइसीयू) सेवा नहुँदा यो वर्ष १ सय १० जना महिला र ८२ जना पुरुष गरी १ सय ९२ जनालाई अस्पतालले जिल्ला बाहिर रेफर गऱ्यो। जिल्ला अस्पतालमा आइसीयू सेवा सञ्चालनका लागि स्वास्थ्य उपकरण भए पनि दक्ष जनशक्ति नहुँदा यो वर्षको अन्त्यसम्म बिरामीलाई जिल्ला बाहिर रेफर गर्नुपरेको जिल्ला अस्पतालका मेडिकल सुपरीटेण्डेण्ट डाक्टर बुद्धिबहादुर थापाले बताए। नेपाल सरकारले २०७८ मा २ करोड रुपियाँ लागतमा ६ थान भेण्टिलेटर र पाँच थान डायलासिस मेशिन उपलब्ध गराएको भएपनि दक्ष जनशक्ति अभावमा वर्षको अन्त्यसम्म आइसीयू सेवा सञ्चालन गर्न नसकिएको अस्पतालका सूचना अधिकारी नारायण जोशीले बताए।

जिल्लामा एक अस्पताल, एक आधारभूत अस्पताल, स्वास्थ्य चौकी ४०, आधारभूत स्वास्थ्य केन्द्र १६, शहरी स्वास्थ्य केन्द्र दुई, सामुदायिक स्वास्थ्य केन्द्र १० र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्।

तालिका ५.१.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४		२	६
यौन दुर्व्यवहार		४	३	७
जम्मा	४	४	५	१३

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	१	३	२	६	१	१३
बलात्कार			२	४		६
बलात्कार प्रयास			१			१
जम्मा	१	३	५	१०	१	२०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.१.१० इलाम



जम्मा जनसङ्ख्या	२,७९,५३४
महिला	१,४०,१०३
घर परिवार सङ्ख्या	७०,५०१
घरजग्गामा महिलाको स्वामित्व	१२,५८३
साक्षरता प्रतिशत	८३.३७
आश्रित जनसङ्ख्या	१,२२,३७६
अपाङ्गता भएका	६,७५९

यस वर्ष इलाम जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र आठ जना पुरुष तथा ज्यादतीका घटनामा ३१ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय २० जना क्षमताको जिल्ला कारागारमा २ सय ६१ जना छन्। जसमध्ये १९ जना महिला र ६ जना विदेशी रहेका जेलर गौरव ढुङ्गेलले बताए। ढुङ्गेलका अनुसार १४ जना महिला कैदी र पाँच जना महिला थुनुवा रहेका छन्। कारागारमा पुरुष कैदी १ सय ९० जना र पुरुष थुनुवा ५२ जना छन्।

कारागारमा क्षमताभन्दा बढी पुरुष कैदीबन्दी भएकाले शौचालय प्रयोगमा समस्या छ। कारागारका २ सय ४८ जनालाई १२ ओटा शौचालय अपर्याप्त भएको जेलर गौरव ढुङ्गेलले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष फौजदारी २ सय ८५ थान मुद्दा दर्ता भएकामा फैसला हुन बाँकी मुद्दा १ सय ६४ थान छन्। देवानीतर्फ ९ सय ५३ थान मुद्दा दर्ता भएकामा फैसला हुन बाँकी मुद्दा २ सय ९२ थान छन्। यस अदालतमा दुई वर्ष भन्दा पुराना मुद्दा नभएको सेस्तेदार इन्द्रकुमार श्रेष्ठले बताए।

उच्च अदालत विराटनगर, इलाम इजलास

उच्च अदालत विराटनगर, इलाम इजलासमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। यस वर्ष फौजदारी २ हजार १४ थान मुद्दा दर्ता भएकामा फैसला हुन बाँकी मुद्दा ८ सय ६५ थान छन्। देवानीतर्फ ५ सय ८८ थान मुद्दा दर्ता भएकामा फैसला हुन बाँकी मुद्दा ३ सय ३४ थान छन्। यस अदालतमा दुई वर्ष भन्दा पुराना मुद्दा ६ थान भएको रजिष्ट्रार जीवनकुमार भण्डारीले बताए।

बाल अधिकार

यस वर्ष इलाम जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा १४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

नेपाल सरकारले बालमैत्री स्थानीय शासनको प्रवर्धनका लागि बाल अधिकार संरक्षण, संवर्द्धन र प्रवर्धनसम्बन्धी एकीकृत कार्यविधि ०७९ मङ्सिर १८ गते स्वीकृत गरेर लागु गरेको भए पनि यो वर्षको अन्त्यसम्म सूर्योदय बाहेक अधिकांश स्थानीय तहले सो कार्यविधि बनाएर लागु गर्न सकेनन्। जिल्लाका

तालिका ५.१.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट						३	३
अमानवीय व्यवहार						१	१
हत्या					३	१	४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१	८	९		१	१
धम्की						१	१
बाल अधिकार	बलात्कार				१४		१४
	यौन दुर्व्यवहार				१		१
	जम्मा				१५		१५
महिला अधिकार	घरेलु हिंसा				३		३
	बलात्कार				८		८
	यौन दुर्व्यवहार				३		३
	जम्मा				१३		१३
कूल जम्मा		१	८	९	३१	६	३७

(स्रोत : इन्सेक, २०२३)

सामुदायिक विद्यालयमा खानेपानीको समस्या छ। पानीको अभावमा शौचालयको सरसफाइमा समस्या छ। चन्द्रकला प्राथमिक विद्यालय सूर्योदय नपा-१ सीमधापको शौचालय पहिरोले बगाएपछि शौचालयकै अभाव छ। विद्यालयका प्रधानाध्यापक भीमबहादुर खापुङले शौचालय निर्माणका लागि नगरपालिकासँग माग गरिएको भए पनि वर्षको अन्त्यसम्म शौचालय निर्माण नभएको बताए।

बलात्कार

तीन वर्षीया बालिकालाई ०७९ फागुन २६ गते बलात्कार गरेको आरोपमा सूर्योदय नगरपालिका-१३ का ५३ वर्षीय खड्ग राईविरुद्ध पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपककुमार दाहालको ०८० असार १९ गतेको आदेशले आरोपितलाई कसुर गरेको ठहर गर्दै २५ वर्ष कैद, ७ लाख रुपियाँ जरिवाना, पीडितले पाउने गरी २५ हजार रुपियाँ क्षतिपूर्ति र पीडित राहत कोषमा २ हजार ५ सय रुपियाँ जम्मा गर्न आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै आठ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका तीन र घरेलु हिंसाका पाँच उजुरी छन्। यीमध्ये प्रहरीले ६ उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कानुनी प्रक्रिया छन्।

यो वर्ष इलाम जिल्लामा बलात्कारका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा तीन र घरेलु हिंसाका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

माइजोगमाइ गाउँपालिका-२ टारसिंहकी ५२ वर्षीया राधिका खतिवडालाई घरायसी विवादका क्रममा ०८० असार २१ गते खुकुरी प्रहार गरी हत्या गरेर ५५ वर्षीय पति पिताम्बर खतिवडाले असार २१ गते आत्महत्या गरेको प्रहरीले जनायो। अंशसम्बन्धी विवादका क्रममा पिताम्बरले पत्नीलाई खुकुरी प्रहार गरी हत्या गरेको हुन सक्ने प्रहरी चौकी गोर्खेका असई मदन बस्नेतले बताए। घटनास्थलको प्रकृति हेर्दा हत्यापछि शवलाई घरनजिकैको रुखमा झुण्ड्याएर पिताम्बरले झुण्डिएर आत्महत्या गरेको जस्तो देखिएको असई बस्नेतले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति क्षति

नेकपा एमालेका केन्द्रीय सदस्य तथा कोशी प्रदेशका एमाले संसदीय दलका उपनेता रामबहादुर राना सवार बा २ झ ३७३७ गाडी पहिचान पक्षधरले ०८० जेठ ३ गते माडसेबुङ गाँउपालिका-३ घर्तीदोभान नजिकै तोडफोड गरेको प्रहरीले जनायो। तोडफोडबाट ४० हजार रुपियाँ बराबरको क्षति पुगेको प्रहरीले जनायो।

पहिचान पक्षधरले रोङ गाउँपालिका-४ किटेनीमा पराल बोकेको गाडीमा ०८० मङ्सिर ३० गते आगजनी गरेको आरोपमा झापा जिल्ला बुद्धशान्ति

गाउँपालिका-४ का ३४ वर्षीय बुलेट भनिने अञ्जेश राईलाई प्रहरीले पुस २ गते अर्जुनधारा नगरपालिका-११ बसपार्कबाट गिरफ्तार गऱ्यो। झापाबाट पराल लिएर इलामका लागि छुटेको मे १ ज ११४० नम्बरको पिकअपलाई बन्दको दिनमा गुडाएको आरोपमा पहिचान पक्षधरले आगजनी गरेको प्रहरीले जनायो। आगजनीबाट पिकअप पूर्ण रूपमा जल्दा ३५ लाख रुपियाँ बराबरको क्षति भएको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

१६ जना विशेषज्ञ डाक्टरको दरबन्दी भएको जिल्ला अस्पतालमा यो वर्षको अन्त्यसम्म दुई जना विशेषज्ञ मात्र कार्यरत रहे। ५० शैयाको जिल्ला अस्पतालमा जनशक्ति अभावमा बिरामीहरूलाई पालो पाउन समस्या छ।

स्वास्थ्य बीमा दर्ता सहयोगीले बीमा नवीकरण बापतको रकम बुझ्ने तर स्वास्थ्य बीमा बोर्डमा नबुझाउँदा सूर्योदय नगरपालिका-११ का स्वास्थ्य बीमा बीमितले उपचारबाट यो वर्ष वञ्चित हुनुपऱ्यो। जिल्लामा ७७ हजार १ सय ४९ जना पुरुष र ७५ हजार २ सय ९२ जना महिला गरी १ लाख ५२ हजार ४ सय ७२ जनाले स्वास्थ्य बीमा गराएका छन्।

तालिका ५.१.१०.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	१	११	१४
यौन दुर्व्यवहार			१	१
जम्मा	२	१	१२	१५

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२		२
बलात्कार	२	६	८
यौन दुर्व्यवहार		३	३
जम्मा	४	९	१३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

(स्रोत : इन्सेक, २०२३)

५.१.११ झापा



जम्मा जनसङ्ख्या	९,९८,०५४
महिला	५,१९,५४५
घर परिवार सङ्ख्या	२,४५,०१९
घरजग्गामा महिलाको स्वामित्व	८०,६६५
साक्षरता प्रतिशत	८२.८३
आश्रित जनसङ्ख्या	४,५६,४४१
अपाङ्गता भएका	२३,९२६

जिल्लामा हात्ती र मानवबिचको द्वन्द्वका कारण मानवीयसहित आर्थिक क्षतिहरू भए। जङ्गली हात्ती र मानवबीचको द्वन्द्व मोरङ र सुनसरीको तुलनामा झापामा सबैभन्दा बढी छ। जसका कारण जिल्लामा हात्ती आक्रमणबाट नागरिकको बाँच्न पाउने अधिकार प्रभावित हुँदै गएको छ। यस वर्ष हात्तीको आक्रमणमा झापामा पाँच जनाले ज्यान गुमाए। मोरङ र सुनसरीका एकएक गरी ज्यान गुमाउनेको सङ्ख्या सात छ। हात्तीसम्बन्धी ८१ ओटा घटनामा १० जना घाइते भए। ७३ घर र ८३ गोठ हात्तीले भत्कायो। यो वर्ष हात्तीले जिल्ला ३७ लाख ६८ हजार रुपियाँ बढीको अन्नबालीमा क्षति पुऱ्याएको कोशी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कमा उल्लेख छ। जिल्लामा भारतबाट यस वर्ष ३५ देखि ३७ ओटा जङ्गली हात्ती छावासहित आएका कारण मानव र हात्तीबीचको द्वन्द्व बढेको डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईले बताए। हात्तीको आक्रमणबाट मृत्यु भएमा सरकारले मृतकको परिवारलाई १० लाख, गम्भीर घाइतेलाई २ लाख रुपियाँ, सामान्य घाइतेलाई २० हजार रुपियाँ, बालीनाली क्षति गरेमा १० हजार रुपियाँसम्म क्षतिपूर्ति दिने गरेको छ।

यस वर्ष झापा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र आठ जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ७७ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ९७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७६ जना महिला पीडित भए।

गोली प्रहारबाट घाइते

राज्यपक्षबाट

कोशी प्रदेश नामाकरण खारेजको माग गर्दै आन्दोलनरत प्रदेश नं. १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबिच झापाको दमकमा ०८० वैशाख २६ गते झडप भयो। झडपमा प्रहरीले प्रहार गरेको गोली लागी इलाम जिल्ला चुलाचुली गाउँपालिका-१ का २८ वर्षीय गजेन्द्र फागो र बिर्तामोड नगरपालिका-१ का ३४ वर्षीया निर्मला बराल लिङ्देन घाइते भए। फागोको घुँडामा गोली लागेको र लिङ्देनलाई गोलीको छर्रा लागेको थियो। घाइते दुवै जनाको उपचार बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा वैशाख २६ गते भयो। तत्कालीन प्रदेश नं.१ को प्रदेशसभाको दुई तिहाइले ०७९ फागुन १७ गते प्रदेश नं. १ को नाम कोशी राख्ने निर्णय गरेको थियो। कोशी नाम खारेज गरी किराँत प्रदेश नाम राख्न माग गर्दै प्रदेश नं.१ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिले प्रदर्शन गरेको थियो।

कारागार र बन्दी

७ सय ५० जना बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ८ सय १६ जना र

कैद नतोकिएका ७ सय ७४ जना गरी १ हजार ५ सय ९० जना छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या ४७ जना छ। कारागारमा एक जना आश्रित बालक छन्। २९ जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा दुई गुणा बढी कैदीबन्दी भएकाले व्यवस्थापनमा कठिनाइ भएको जेलर मोहनलाल पनेरुले बताए। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दीमा कार्यरत रहेको जेलर मोहनलाल पनेरुले बताए।

तालिका ५.१.११.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			५	५			
कारागारमा मृत्यु			३	३			
घाइते		१	१	३			
हत्या					५	३	८
जातीय विभेद					१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय				१		१
	बलात्कार				६८		६८
	यौन दुर्व्यवहार				३५	३	३८
	जम्मा				९५	३	९८
महिला अधिकार	घरेलु हिंसा				३१		३१
	बलात्कार				४५		४५
	बलात्कार प्रयास				९		९
	यौन दुर्व्यवहार				१		१
	जम्मा				८६		८६
कूल जम्मा		१	८	९	१८८	४	१८१

(स्रोत : इन्सेक, २०२३)

कारागारमा मृत्यु

जिल्ला कारागार, झापामा रहेका मेचीनगर नगरपालिका-८ का २८ वर्षीय कैदी दीपेन्द्र भनिने देवेन्द्र थापाको ०८० असोज ३ गते मृत्यु भएको कारागार प्रशासनले जनायो। स्वास्थ्यमा समस्या देखिएपछि असार ३ गते उपचारका लागि मेची प्रादेशिक अस्पताल, भद्रपुरमा भर्ना गरिएका थापाको उपचारका क्रममा सोही दिन मृत्यु भएको जेलर जीवनलाल पनेरूले बताए। लागु औषध मुद्दामा जिल्ला अदालतले ०७८ असार १६ गते पाँच वर्षको कैद सजाय तोकेपछि ०७८ असार १६ गतेदेखि दीपेन्द्र कागारमा सजाय भुक्तान गर्दै थिए। पीडित पक्षले असोज ३ गते शव बुझी मेचीनगर नगरपालिका-६ स्थित मेची खोलामा सद्गत गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतम नौ जना न्यायाधीशको दरबन्दी रहेकोमा आठ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार १ सय ५६ थान मुद्दा र फौजदारीतर्फ १ हजार १ सय २६ थान मुद्दा छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय १० थान मुद्दा र फौजदारी ७३ थान मुद्दा रहेको अदालतका स्रेस्तेदार किरणकुमार सिंहले बताए। अदालतमा प्रति न्यायाधीश ५ सय ७२ थान मुद्दा हेर्नुपर्ने हुन्छ।

बाल अधिकार

यस वर्ष झापा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालक र २५ जना बालिका, बलात्कारका घटनामा ६८ जना बालिका , विद्यालयमा शारीरिक सजायका घटनामा एक जना र बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ६४ प्राथमिक, १ सय ६७ निम्न माध्यमिक र ३ सय ६१ माध्यमिक विद्यालय छन्। ९८ प्रतिशत साक्षरता पुगेपछि जिल्लालाई ०७३ जेठ १७ गते साक्षर जिल्ला घोषणा गरी सकिएको छ। जिल्लाका पुराना विद्यालय भवनमा अपाङ्गतामैत्री कक्षाकोठा छैनन्। नयाँ बनेका भवनमा अपाङ्गमैत्री कक्षाकोठा भएपनि त्यसको एकीन विवरण नभएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख राजकुमार विश्वकर्माले बताए। जिल्लाका २ सय ८२ ओटा विद्यालयमा इन्टरनेटको पहुँच पुगेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ६५, खान/लाउन नदिएको २१, विवाह दर्ता नगरिदिएको एक र नागरिकता नबनाइ दिएको दुई र घरायसी झगडाका १ सय १६ उजुरी छन्। यीमध्ये प्रहरीले १ सय ७३ उजुरीमा मेलमिलाप गरायो भने ३१ उजुरी कानुनी प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख इन्स्पेक्टर यशोदा घलेले बताइन्।

यो वर्ष झापा जिल्लामा बलात्कारका घटनामा ४५, बलात्कार प्रयासका घटनामा नौ, यौन दुर्व्यवहारको घटनामा एक र घरेलु हिंसाका घटनामा २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२५ वर्षीया महिलालाई ०७९ पुस १८ गते बलात्कार गरेको आरोपमा गौरीगञ्ज गाउँपालिका-६ का ५१ वर्षीय देवकुमार ताजपुरियाविरुद्ध पीडित पक्षले वैशाख १५ गते इलाका प्रहरी कार्यालय, झिलझिलेमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ईश्वरमणि ओझाको ०८० कात्तिक १४ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै सात वर्ष कैद सजाय, ३ लाख रुपियाँ जरिबाना र पीडितले पाउने गरी कसुरदारबाट १ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

पारिवारिक हत्या

भद्रपुर नगरपालिका-१ की ३५ वर्षीया जुनिता लिम्बूलाई घरायसी विवादमा ०८० मङ्सिर ७ गते कुटपिट गरी हत्या गरी सोही दिन ३७ वर्षीय पति सुभाष लिम्बूले आत्महत्या गरेको प्रहरीले जनायो। शवको पोष्टमार्टम मङ्सिर ८ गते मेची प्रादेशिक अस्पताल भद्रपुरमा भयो। परिवारले शव बुझी भद्रपुर नगरपालिका-१ पृथ्वीनगर जङ्गलमा मङ्सिर ८ गते सद्गत गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

अर्जुनधारा नगरपालिका-८ शनिश्चरे बजारमा राष्ट्रिय युवा सङ्घ अर्जुनधारा नगर कमिटीको कार्यक्रममा ०८० असोज २५ गते नेकपा एमालेका नेता महेश बस्नेतलगायतले पार्क गरी राखेका ६ ओटा सवारी साधन मेडिकल व्यवसायी दुर्गा प्रसाईका समर्थकहरूले तोडफोड गरेको प्रहरीले जनायो। यो वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको र कसैलाई गिरफ्तार नगरेको प्रहरीले जनायो।

कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की सवार प्रदेश १-०४-००१ झ ०००३ नम्बरको गाडीमा ०८० मङ्सिर २६ गते ढुङ्गा प्रहार गरेको आरोपमा प्रहरीले नेपाल आदिवासी जनजाति महासङ्घ, झापाका अध्यक्ष तथा '१ नम्बर प्रदेश पुनः नामकरण समिति' का संयोजक ४६ वर्षीय पाण्डवलाल चौधरीलाई मङ्सिर २७ गते गिरफ्तार गऱ्यो। दमक नगरपालिकास्थित कस्मिक पार्टी प्यालेसमा आयोजित लागूऔषधको नियन्त्रण, रोकथाम, सचेतना र उपचार अभियान शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्न जाने क्रममा मङ्सिर २६ गते पहिचान पक्षधरले कालो झण्डा देखाउँदै गाडीमा ढुङ्गा प्रहार गरेको प्रहरीले जनायो। ढुङ्गा प्रहारबाट गाडीको अगाडिको सीसा फुटेको मुख्यमन्त्रीका जनसम्पर्क अधिकृत लीलाबल्लभ घिमिरेले बताए। आरोपित चौधरीलाई प्रहरीले अर्जुनधारा नगरपालिका-६ घरबाट गिरफ्तार गरी जिल्ला अदालतमा मङ्सिर २८ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। यो वर्षको अन्त्यसम्म घटना अनुसन्धानमा रहेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, र ६१ ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि ६३ प्रकारका औषधीमात्रै पाइने मेचीनगर नगरपालिका-९ का राजु नेपालले बताए। जिल्लामा ६ लाख ३३ हजार ४ सय ८३ जनाले स्वास्थ्य बीमा गरएका छन्। जिल्लामा स्वास्थ्य बीमाको प्रभावकारिता बढेको स्वास्थ्य बीमा बोर्ड झापाका दर्ता अधिकारी पुष्पराज भट्टराईले बताए।

तालिका ५.१.११.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार		१	१
विद्यालयमा दिइने शारीरिक सजाय		१	१
बलात्कार	१३	५४	६७
यौन दुर्व्यवहार	५	२२	२७
जम्मा	१८	७८	९६

महिला अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		५	१६	२१
बलात्कार	१	३	४१	४५
बलात्कार प्रयास			९	९
यौन दुर्व्यवहार		१		१
जम्मा	१	९	६६	७६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	६	७

(स्रोत : इन्सेक, २०२३)

५.१.१२ मोरङ



जम्मा जनसङ्ख्या	११,४८,१५६
महिला	५,९०,६४४
घर परिवार सङ्ख्या	२,७२,१६०
घरजग्गामा महिलाको स्वामित्व	९५,३०४
साक्षरता प्रतिशत	७८.६१
आश्रित जनसङ्ख्या	५,२७,९६२
अपाङ्गता भएका	२२,१२८

यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना महिला र ५५ जना पुरुष पीडित भए । जसमा गिरफ्तारीका घटनामा दुई जना महिला र ३२ जना पुरुष, अमानवीय व्यवहारका घटनामा एक जना महिला, घाइते दुई जना महिला र १७ जना पुरुष तथा कारागारमा चार जनाको मृत्यु भएको घटना इन्सेकले अभिलेख गऱ्यो । ज्यादतीका घटनामा ४६ जना महिला र २३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

राज्यपक्षबाट

प्रदेश १ पुनः नामाङ्कन संयुक्त सङ्घर्ष समितिले ०७९ चैत ५ गते विराटनगरमा गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा घाइते भएका तेह्रथुम जिल्ला म्याडलुङ नगरपालिका-९ जिरीखिम्ती स्थायी घर भई सुनसरीको धरान उपमहानगरपालिका-१५ बागझरामा बस्दै आएका ४२ वर्षीय लाजेहाङ लिम्बू (पदम लिम्बू) को सुनसरीको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा चैत १० गते मृत्यु भयो। लाजेहाङको परिवारलाई कोशी प्रदेश सरकारको चैत १३ गतेको मन्त्रिपरिषद् बैठकले ३ लाख रुपियाँ राहत उपलब्ध गराउने निर्णय गऱ्यो। घटना छानविनका लागि सङ्घीय सरकारले चैत ११ गते गृह मन्त्रालयका सहसचिव रामबन्धु सुवेदीको संयोजकत्वमा ६ सदस्यीय छानविन समिति गठन गऱ्यो। समितिमा मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेल, नेपाल प्रहरीका एसपी नविनराज राई, सशस्त्र प्रहरी बल, नेपालका एसपी रमेश उप्रेती, राष्ट्रिय अनुसन्धान आयोगका

प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा घाइते भई उपचारको क्रममा मृत्यु भएका लाजेहाङ लिम्बू

उपनिर्देशक शेरजङ्ग बहादुर चन्द र उपसचिव रामकृष्ण शाही सदस्य थिए।

चैत १४ गतेदेखि छानविन थालेको समितिले चैत २० गते नेपाल सरकारलाई छानविन प्रतिवेदन बुझाएको मोरङका सहायक प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए। यो वर्षको अन्त्यसम्म सरकारले प्रतिवेदन सार्वजनिक गरेन। सङ्घीय मन्त्रिपरिषद्को ०७९ चैत २४ गतेको बैठकले लाजेहाङलाई सहिद घोषणा गर्ने निर्णय गऱ्यो। लाजेहाङको मृत्यु भएको २९ औँ दिनमा पीडित परिवार शव बुझेर धरानदेखि विराटनगरसम्म शवयात्रा गरी सद्गत गरे।

तालिका ५.१.१२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	३२	३४			
कुटपिट					५	८	१३
कारागारमा मृत्यु			४	४			
अमानवीय व्यवहार		१		१		१	१
घाइते		२	१७	१९		११	११
हत्या			१	१	५	३	८
जातीय विभेद					१		१
धम्की			१	१			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				२		२
	बलात्कार				१०		१०
	यौन दुर्व्यवहार				२		२
	जम्मा				१४		१४
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	घरेलु हिंसा				१३		१३
	बलात्कार				५		५
	बलात्कार प्रयास				१		१
	यौन दुर्व्यवहार				१		१
	जम्मा				२१		२१
कूल जम्मा		५	५५	६०	४६	३३	६९

(स्रोत : इन्सेक, २०२३)

गिरफ्तारी

कोशी प्रदेश नामाकरणविरुद्ध ०७९ चैत २ गते आन्दोलनमा उत्रिएका सुनसरी जिल्ला धरान उपमहानगरपालिका-१७ का ४८ वर्षीय जनक ऋषि राई र धरान उपमहानगरपालिका-१३ का ३० वर्षीय सञ्जय याख्खालाई प्रहरीले चैत २ गते विराटनगरबाट गिरफ्तार गऱ्यो। कोशी प्रदेश नाम खारेज गरी पहिचानको आधारमा नामाकरण गर्न माग गर्दै कोशी प्रदेशको प्रदेशसभा सचिवालय अगाडि चैत २ गते किराँत राई लेखक सङ्घ, किराँत अन्तर्राष्ट्रिय सांस्कृतिक अभियान, याक्थुङ लेखक सङ्घले 'पहिचानका लागि सडक साहित्यिक यात्रा' कार्यक्रम आयोजना गरिएको थियो। गिरफ्तार गरिएका जनक ऋषि राई नेपाल पत्रकार महासङ्घ सुनसरीका अध्यक्ष पनि हुन्। प्रदेशसभा सचिवालय प्रवेशमा अवरोध हुने गरी कार्यक्रम आयोजना गर्न खोजिए पछि दुई जनालाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मोरङका डिएसपी रञ्जनकुमार दाहालले बताए। गिरफ्तार गरिएका दुवैलाई चैत २ गते साँझ प्रहरीले रिहा गऱ्यो।

कोशी प्रदेश नामाकरणका विरुद्ध भएको आन्दोलनका क्रममा विराटनगरबाट प्रहरीले ०८० जेठ १४ गते २८ जनालाई गिरफ्तार गऱ्यो। गिरफ्तार गरिएकाहरूमा झापाको कमल गाउँपालिका-२ का ३० वर्षीय खड्क लिम्बू, कमल गाउँपालिका -४ का २५ वर्षीय सुमन केरुङ, हल्दिबारी गाउँपालिका -३ का ३२ वर्षीय सुकराज लिम्बू, मेचीनगर नगरपालिका -११ का २८ वर्षीय सुकराज थेबे, बिर्तामोड नगरपालिका -४ का ३१ वर्षीय प्रयास वान्तवा, अर्जुनधारा नगरपालिका -४ का २२ वर्षीय सन्तोष सुम्पाफे, सुनसरीको इटहरी उमनपा-५ का ४१ वर्षीय अशोक चेम्जोङ, धरान उमनपा-८ का ३० वर्षीय आरभी लिम्बू (भविश्वर), धरान उमनपा-१५ का ४५ वर्षीय कूलप्रसाद लिम्बू, २३ वर्षीय प्रदीप लिम्बू, ४१ वर्षीय पदम खेवाङ र धरान उमनपा-१७ का २९ वर्षीय सीताराम राई, इलामको माई नगरपालिका -६ का ३३ वर्षीय मनकुमार

थेगिम, माई नगरपालिका -८ का ३७ वर्षीय मनकुमार लिम्बू, माङ्सेबुङ गाउँपालिका -५ का २९ वर्षीय शंकर लिम्बू, ४५ वर्षीय रोशन लिम्बू र चुलाचुली गाउँपालिका -४ का २६ वर्षीय जेबी साँवा तथा मोरङको पथरीशनिश्चरे नगरपालिका -८ का ४२ वर्षीय ताराकुमार लिम्बू, लेटाङ नगरपालिका -७ का २५ वर्षीय प्रमोद लिम्बू, लेटाङ नगरपालिका -२ का ३८ वर्षीय छविरमण सार्की र मिक्लाजुङ नगरपालिका -२ का ३१ वर्षीय राजभक्त लिम्बू थिए। यसैगरी, ताप्लेजुङको फुङलिङ नगरपालिका -८ का नवीन पोमु, पाँचथरका सञ्जीव लिम्बू, धनकुटाको चौबीसे नगरपालिका -२ का १९ वर्षीय दुर्गा मगर, भोजपुरको आमचोक गाउँपालिका -४ का २२ वर्षीय अमृत राई र उदयपुरको त्रियुगा नगरपालिका -३ गाइघाटकी ४० वर्षीय सुकुम राई पनि गिरफ्तार भए। सबैलाई प्रहरीले जेठ १६ गते साँझ रिहा गऱ्यो।

विराटनगर महानगरपालिका-५ जामुनगाछीकी ५३ वर्षीया इन्दिरा चापागाईंलाई प्रहरीले साउन १५ गते विराटनगर महानगरपालिका परिसरबाट गिरफ्तार गऱ्यो। विराटनगर महानगरपालिका कार्यालयले चापागाईंविरुद्ध ०८० साउन १५ गते अभद्र व्यवहार मुद्दामा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले अनुसन्धानका लागि चापाँगाईलाई गिरफ्तार गरेको जनायो। चापागाईलाई विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालालाई अभद्र व्यवहार गरेको आरोप महानगरपालिकाको मौखिक उजुरीका आधारमा गिरफ्तार गरेको प्रहरीले जनायो। प्रमुख जिल्ला अधिकारी वीरेन्द्र यादवको साउन २३ गतेको इजलासले १ सय रुपियाँ जरिवाना गर्ने निर्णय गऱ्यो। आरोपित जरिबाना तिरेर सोही दिन रिहा भइन्।

झडप तथा घाइते

कोशी प्रदेश पुनः नामाकरण सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबिच ०७९ चैत १४ गते भएको झडपमा परी १३ जना प्रदर्शनकारी घाइते भएको प्रत्यक्षदर्शी तथा पत्रकार अर्जुन जम्नेली राईले बताए। घाइते हुनेहरूमा मोरङ ग्रामथान गाउँपालिका-६ का २१ वर्षीय सुरज राई, सुनसरी जिल्ला धरान उपमहानगरपालिका-१२ का ४१ वर्षीय अशोक राई, धरानका-१२ का २२ वर्षीय उदय लिम्बू, इटहरी उपमहानगरपालिका-५ का २६ वर्षीय पदम केरुङ, सुनसरी जिल्ला धरान उमनपा-१६ का ५१ वर्षीय शिव आङदेम्बे, ४८ वर्षीय ज्ञानप्रकाश राई, सोही उमनपा-५ का ४६ वर्षीय एक के दर्नाल, २५ वर्षीय विशाल राई, इटहरी उमनपा- ५ का २५ वर्षीय पद्मलाल लिम्बू , धरान उमनपा-११ की २८ वर्षीय आस्था राई, इटहरी उमनपा-२ तरहराका ३३ वर्षीय रेसम राई, इटहरी उमनपा-५ का, २७ वर्षीय रोयल राई, सोही उमनपा-८ का २९ वर्षीय बिमल किराँती रहेका छन्। घाइतेहरूको विराटनगरस्थित पारस अस्पतालमा प्राथमिक उपचारपछि चैत १४ गते थप उपचार धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा भयो।

पहिचानको आधारमा प्रदेशको पुनः नामाकरण माग गर्दै आन्दोलनरत पक्ष र प्रहरीबीच ०७९ चैत ९ गते विराटनगरमा भएको झडपमा सुनसरीको इटहरी उपमहानगरपालिका-२ का ३० वर्षीय डेनिज राई, झापा, शिवसताक्षी नगरपालिकाका ४३ वर्षीय राजकुमार शेर्मा, विराटनगर महानगरपालिका-८ का ४२ वर्षीय चन्द्रकुमार राई, किराँत राई, यायोख्खा केन्द्रीय उपाध्यक्ष खोटाङ जिल्ला मझुवागडी रुपाकोट नगरपालिका-३ का ४५ वर्षीय देवान राई , किरात याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्ष ४५ वर्षीय प्रेम यात्केङ र इटहरी उमनपा-२ की २६ वर्षीया दयाकुमारी राई घाइते भएको किरात राई यायोख्खा विराटनगर महानगरपालिका अध्यक्ष विष्णु राईले बताइन्। घाइतेहरूको विराटनरस्थित पारस अस्पतालमा उपचार भयो।

कोशी प्रदेश पुनः नामाकरण सङ्घर्ष समितिका कार्यकर्ता र प्रहरीबीच विराटनगरमा ०७९ चैत १४ गते भएको झडपमा परी वडा प्रहरी कार्यालय, विराटनगरमा कार्यरत ४२ वर्षीय डिएसपी विजय श्रेष्ठ घाइते भएको प्रहरीले जनायो। घाइतेको उपचार कोशी अस्पतालमा चैत १४ गते भयो।

कारागार र बन्दी

२ सय ५० जना पुरुष र ५० जना महिला गरी ३ सय जनाको क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका पुरुष ५ सय ६० र महिला ३३, कैद नतोकिएका पुरुष ४ सय ६ र महिला ५८ जना गरी १ हजार ५५ जनालाई राखिएको छ। कारागारमा चार जना आश्रित बालक र तीन जना आश्रित बालिका छन्। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। कैदीबन्दीको अत्यधिक चाप भएका कारण

चिसो भुईंमै सुत्नुपर्ने बाध्यताका कारण जाडो सिजनमा कैदीबन्दी बिरामी हुने गरेको जेलर कृष्णहरि न्यौपानेले बताए। मोरङ कारागारमा सबैभन्दा बढी समस्या सुत्न, बस्न र शौचालय प्रयोगमा छ। क्षमता भन्दा तीन गुणा बढी कैदीबन्दी भएका कारण गर्मीयाममा निसासिने र जाडोयाममा चिसो लागेर बिरामी हुने गरेको जेलर न्यौपानेले बताए। मोरङ कारागारको सुविधा सम्पन्न भवन निर्माणका क्रममा छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि तीन जना स्वास्थ्यकर्मीको दरबन्दीमा तीनै जना कार्यरत छन्।

कारागारमा मृत्यु

जिल्ला कारागार कार्यालय, मोरङमा पुर्पक्षका लागि थुनामा रहेका लेटाङ नगरपालिका-४ का ४० वर्षीय केशरबहादुर भुजेलको उपचारका क्रममा कोशी अस्पतालमा ०८० मङ्सिर २१ गते मृत्यु भयो। बिरामी भएको खबर नआई मृत्युपछि मात्र खबर आएका कारण मृत्यु शङ्कास्पद र रहस्यमय रहेको पीडित पक्षले जनायो। मङ्सिर १८ गते भेट्दा पतिको अवस्था ठिक रहेको र मङ्सिर २१ गते उपचारका क्रममा मृत्यु भएको जानकारी कारागारबाट आएकाले घटना शङ्कास्पद रहेको पत्नी रामकुमारी भुजेलले बताइन्। पीडित परिवारले शव बुझ्न अस्वीकार गरेपछि मङ्सिर २१ गतेदेखि शव कोशी अस्पतालको शव गृहमा राखियो। कारागारभित्रै कुटपिट गरी भुजेलको मृत्यु भएको परिवारको आरोप छ। टाउकोमा चोट तथा रगत देखिएको पीडित परिवारको भनाइ छ। बलात्कार मुद्दामा ०८० कात्तिक ६ गते गिरफ्तारमा भएका भुजेलविरुद्ध प्रहरीले जिल्ला अदालतमा कात्तिक २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गरिएको थियो। कारागारका जेलर कृष्णहरि न्यौपानेले कारागारको गल्ती र कमजोरी नभएको बताए।

पीडित पक्षले न्यायिक छानविन समिति गठनपछि मात्र शव बुझ्ने अडान लिएपछि जिल्ला प्रशासन कार्यालय, मोरङले घटनाको छानविनका लागि मङ्सिर २७ गते सहायक प्रमुख जिल्ला अधिकारी प्रदीपकुमार साहको संयोजकत्वमा चार सदस्यीय छानविन समिति गठन गऱ्यो। समितिमा कोशी अस्पतालका चिकित्सक मनोज ठाकुर, इन्स्पेक्टर हेमराज ओली र लेटाङ नगरपालिका-४ का वडाध्यक्ष रामकुमार श्रेष्ठ सदस्य रहे। समितिले पुस १० गतेभित्र प्रतिवेदन पेस गर्ने कार्यादेश प्राप्त गरेको भए पनि यो वर्षको अन्त्यसम्म कुनै प्रतिवेदन सार्वजनिक गरिएन।

जिल्ला कारागार मोरङमा पुर्पक्षका लागि थुनामा रहेका पथरी शनिश्चरे नगरपालिका-३ का ६८ वर्षीय दलबहादुर दमाईको ०८० असार २७ गते अस्पतालमा मृत्यु भएको जेलर कृष्ण खड्काले बताए। स्वास्थ्यमा समस्या देखिएपछि असार २७ गते कोशी अस्पतालमा उपचारका लागि भर्ना गरिएका दमाइको उपचारकै क्रममा मृत्यु भएको जेलर कृष्ण खड्काले बताए। जिल्ला अदालत मोरङको आदेशमा दलबहादुर वैशाख ७ गते पुर्पक्षका लागि मोरङ कारागारमा थिए।

लेनदेन तथा ठगी मुद्दामा मोरङ कारागारमा कैद भुक्तान गरिरहेका विराटनगर महानगरपालिका-१० का ४८ वर्षीय चण्डेश्वर सहनीको उपचारका क्रममा कोशी अस्पतालमा ०८० पुस ९ गते मृत्यु भएको कारागार प्रशासनले जनायो। पीडित परिवारले मृत्यु शङ्कास्पद भएको भन्दै शव बुझ्न अस्वीकार गरेपछि पुस ९ गतेदेखि शवलाई पुस १२ गतेसम्म कोशी अस्पतालको शवगृहमा राखियो। जिल्ला प्रहरी कार्यालयका डिएसपी रञ्जनकुमार दाहालले पुस ९ गते कैद भुक्तान सकिएको र सोही दिन कैदमुक्त हुने अवस्थामा चण्डेश्वरको मृत्यु भएको बताए। पेट पोल्ने र श्वासप्रश्वासमा समस्या भएपछि पुस ७ गते बिहान साढे ४ बजे कारागार प्रशासनले चण्डेश्वरलाई उपचारका लागि कोशी अस्पतालमा भर्ना गराएको र उपचारका क्रममा कैदीको मृत्यु भएको जेलर कृष्णहरि न्यौपानेले बताए। चण्डेश्वरको परिवारले भने कारागार प्रशासनले मृत्यु भएपछिमात्र खबर दिएकाले मृत्यु शङ्कास्पद भएको आरोप लगायो। लेनदेन मुद्दामा चण्डेश्वर सहनीलाई मोरङ अदालतले ०७८ मङ्सिर २० गते १० महिना २२ दिन कैद सजाय सुनाएको थियो। अदालतको फैसलापछि फरार भएका सहनी ०७९ माघ १७ गते कारागार चलान भएका थिए। जिल्ला कारागार कार्यालय मोरङ, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय र पीडित परिवारबीच पुस १३ गते तत्काल शवको पोष्टमार्टम गर्ने र घटना अनुसन्धानका क्रममा दोषी पाइए कारबाही गर्ने सहमतिपछि पुस १३ गते कोशी अस्पालमा शवको पोष्टमार्टम भयो। पीडित पक्षले पुस १३ गते शव बुझी विराटनगर महानगरपालिका-८ स्थित सिङ्गीया घाटमा सद्गत गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१३ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा १० जना कार्यरत छन्। यसवर्ष दर्ता भएका मुद्दामध्ये दुनियावादी देवानी २ हजार ७ सय ७८, दुनियावादी फौजदारी १ हजार ४६ र सरकारवादी फौजदारी ७ सय ५९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा दुनियावादी देवानीका ६८, दुनियावादी फौजदारीका १९ र सरकारवादी फौजदारीका १४ थान छन्। दरबन्दी अनुसारका न्यायाधीश नहुँदा मुद्दा सुनुवाइ ढिला हुने गरेको अदालतका स्रेस्तेदार ओमराज सुवेदीले बताए।

उच्च अदालत, विराटनगर

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगर इजलासमा पाँच जना न्यायाधीश कार्यरत छन्। यसवर्ष दर्ता भएकामध्ये फैसला हुन बाँकी मुद्दा देवानीतर्फ १ हजार २ सय ९८ र फौजदारीतर्फ २ हजार ७५ थान र ६ सय ५९ थान रिट छन्। दुई वर्ष पुराना मुद्दा ६० थान छन्। जसमा २९ थान देवानी, २५ थान फौजदारी, पाँच थान रिट र एक थान वाणिज्य प्रकृतिको रिट छ।

बाल अधिकार

यस वर्ष मोरङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई, बलात्कारका घटनामा १० जना र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

आधारभूत तहका ७ सय ६९ र माध्यमिक तहका ४ सय ५ ओटा विद्यालय छन्। जिल्लाको साक्षरता प्रतिशत ९६.५९ प्रतिशत पुगेपछि ०७६ चैत २१ गते साक्षर जिल्ला घोषणा गरिसकिएको छ। यस वर्ष रङ्गेली नगरपालिकाले स्थानीय पाठ्यक्रम निर्माण गरेको छ। जिल्लाका सबै विद्यालयमा खानेपानी र शौचालयको सुविधा रहेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख शिवहरि घिमिरेले बताए। जिल्लामा विराटनगर बहिरा स्कूल, रतुवामाई नगरपालिकामा अपाङ्गता स्कूल भए पनि अपाङ्तामैत्री विद्यालयको एकीन सङ्ख्या नभएको शिक्षा विकास तथा समन्वय एकाइले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय २३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४२, खान/लाउन नदिएका ६९, विवाह दर्ता नगरिदिएका १७, नागरिकता नबनाएको नौ, बहुविवाहका २१ र घरायसी झगडाका ६५ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय २ उजुरीमा मेलमिलाप गरायो भने २१ उजुरी कानुनी प्रक्रिया अघि बढेको सेवा केन्द्रले जनायो।

यो वर्ष मोरङ जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारको घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा एक र घरेलु हिंसाका घटनामा १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

बेलवारी नगरपालिका-१ नक्सालबारीकी ५३ वर्षीया देवी महतलाई घरायसी विवादका क्रममा ०७९ फागुन २५ गते खुकुरी प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले ५७ वर्षीय पति हेमकर्ण महतविरुद्ध सोही दिन इलाका प्रहरी कार्यालय बेलवारीमा उजुरी दियो। २०७६ मा अर्को विवाह गरेका महतले सोही विषयको विवादमा देवी महतको हत्या गरेको देवीका छोरा पदमबहादुरले बताए। आरोपितलाई प्रहरीले चैत २ गते पथरी शनिश्चरे नगरपालिका-१० गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेश्वर अर्यालको ०८० जेठ १८ गतेको इजलासले हेमकर्णलाई जन्मकैदको फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

प्रदेश १ पुनः नामाकरण सङ्घर्ष समितिले ०७९ चैत १४ गते विराटनगर महानगरपालिका-९ स्थित बिग होटलमा आयोजना गरिएको दीगो विकास सम्बन्धी कार्यक्रममा कोशी प्रदेशका प्रदेशसभा सदस्यहरू सहभागी भएको भन्दै आन्दोलनकारीले होटलमा तोडफोड गरेको होटलका प्रबन्धक सञ्जय शाहले बताए। प्रदर्शनकारीहरूले होटलको रेष्टुरेन्ट, मूल गेट, भवनका झ्याल, ढोकाका सिसा, फ्रिज

तोडफोड गर्दा ४ लाख रुपियाँ बराबरको क्षति भएको शाहले बताए।

प्रदेशको नामप्रति असन्तुष्टि जनाउँदै आन्दोलनरत पक्षले ढुङ्गामुढा गरी कोशी प्रदेशको स्वास्थ्य मन्त्रालयमा ०८० जेठ १४ गते तोडफोड गरे। तोडफोडबाट मन्त्रालयको ३६ ओटा झ्यालको सिसा फुट्नुकासाथै कार्यालय परिसरमा पार्किङ गरी राखेको कोशी प्रदेश स्वास्थ्य निर्देशनालयको गाडीमा क्षति पुग्यो। तोडफोडका कारण करिब ३० लाख रुपियाँ बराबरको क्षति भएको मन्त्रालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

कोशी (सङ्घीय) अस्पताल एक र प्रादेशिक अस्पताल तीन ओटा छन्। निजीस्तरका दुई ओटा मेडिकल कलेज छन्। १८ ओटा नगर अस्पताल छन्। जिल्लाका १७ ओटा स्थानीय तहका प्रत्येक वडामा एक/एक ओटा आधारभूत स्वास्थ्य केन्द्र छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि जिल्लाका स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या ३० को हाराहारीमात्रै छ। महङ्गा औषधी नपाइने र सस्ता औषधी मात्रै पाइने गरेको विराटनगर महानगरपालिका-३ का सेवाग्राही चुमन बस्नेतले बताए। जिल्लामा स्वास्थ्य बीमा गरेका ५ लाख २५ हजार ५ सय ९५ जना छन्। जसमा पुरुष २ लाख ५७ हजार २ सय १५ र महिला २ लाख ६८ हजार ३ सय ८६ जना छन्। ४० हजार २० जना ज्येष्ठ नागरिकले जिल्लामा बीमा गरेको स्वास्थ्य बीमा बोर्ड कोशी प्रदेशका सूचना अधिकारी दिलिप पोखरेलले बताए।

तालिका ५.१.१२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार	३		७	१०
यौन दुर्व्यवहार		२		२
जम्मा	३	२	९	१४

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
घरेलु हिंसा	३		१०	१३
बलात्कार		१	४	५
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार			१	१
जम्मा	३	१	१६	२१

मारिएकाको घटना सङ्ख्या					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	१	२	५	१	९

(स्रोत : इन्सेक, २०२३)

५.१.१३ सुनसरी



जम्मा जनसङ्ख्या	९,२६,९६२
महिला	४,७७,९३९
घर परिवार सङ्ख्या	२,१२,४०७
घरजग्गामा महिलाको स्वामित्व	६८,२५३
साक्षरता प्रतिशत	७८.१०
आश्रित जनसङ्ख्या	४,२८,४५५
अपाङ्गता भएका	१६,६६३

यस वर्ष सुनसरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा १ सय २८ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

कारागार र बन्दी

झुम्का कारागारको बन्दी क्षमता १ हजार ६ सय जनाको छ। कारागारमा १ हजार ५ सय ८९ जना कैदी छन्। यो कारागारमा पुरुष कैदीबन्दी मात्रै छन्। कैदीहरूको नियमित स्वास्थ्य जाँचका लागि कारागारमा दुई जना चिकित्सकको दरबन्दी रहेको जेलर ध्रुवप्रसाद कोइरालाले बताए। भवन जीर्ण भएका कारण पानी चुहिने समस्या छ। कारागारमा छालाजन्य रोगको प्रकोप समयसमयमा देखिन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

११ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा १० जना न्यायाधीश कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ३ हजार ६ सय ६४ थान मुद्दामध्ये २ हजार ३ सय ७७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ हजार ५ सय १२ थान मुद्दामध्ये ३ हजार ४ सय ६३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ८० थान र देवानी मुद्दा २ सय ३२ थान छन्।

बाल अधिकार

यस वर्ष सुनसरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा नौ जना, बलात्कारका घटनामा ४५ जना बालिका, विद्यालयमा शारीरिक सजायको घटनामा एक जना बालक, बालविवाहको घटनामा एक जना बालिका र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय २३ आधारभूत र १ सय ४९ माध्यमिक विद्यालय छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। ९५.५ प्रतिशत साक्षर रहेको सुनसरीलाई ०७४ फागुन १५ गते साक्षर जिल्ला घोषणा गरिसकिएको छ। जिल्लाका २ सय १२ ओटा विद्यालयमा इन्टरनेटको पहुँच पुगेको छ।

बलात्कार

१६ वर्षीया बालिकालाई ०८० वैशाख ३० गते सामूहिक बलात्कार गरेको आरोपमा हरिनगर गाउँपालिका-३ गौतमपुरका २४ वर्षीय असर्फी साह, सोही ठाउँका २२ वर्षीय मोहनप्रसाद मेहताविरुद्ध पीडित पक्षले जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दियो। आरोपितद्वयलाई प्रहरीले जेठ ३ गते घरैबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकबहादुर कार्कीको असार २१ गतेको इजलासले आरोपितहरूलाई कसुरदार ठहर गर्दै जनही सात/सात वर्षको कैद सजायको फैसला सुनायो।

तालिका ५.१.१३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		महिला	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट		१	१			
हत्या				६	३	८
धम्की					३	३
बाल अधिकार	बाल विवाह			१		१
	बेचबिखन तथा ओसारपसार			३		३
	विद्यालयमा दिइने शारीरिक सजाय				१	१
	बलात्कार			४५		४५
	यौन दुर्व्यवहार			९		९
	जम्मा			५७	१	५८
महिला अधिकार	घरेलु हिंसा			३३		३३
	बलात्कार			३१		३१
	बलात्कार प्रयास			१		१
	जम्मा			६४		६४
कूल जम्मा		१	१	१२८	५	१३३

(स्रोत : इन्सेक, २०२३)

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १५, खानलाउन नदिएका २५, विवाह दर्ता २०, जन्मदर्ता १२ र नागरिकता नबनाएका १५, अर्की पत्नी ल्याएर हेला गरेको १६, दाइजो नल्याएको भनी हेला गरेको नौ र घरायसी झगडाका ४३ उजुरी छन्। यीमध्ये प्रहरीले ८० उजुरीमा मेलमिलाप गरायो भने ५९ उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर निराला भण्डारीले बताए।

यो वर्ष सुनसरी जिल्लामा बलात्कारका घटनामा ३१, बलात्कार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा ३२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

बर्जु गाउँपालिका-३ की ३५ वर्षीया चन्द्रकला रायलाई ४२ वर्षीय पति शैलेन्द्रकुमार रायले ०७९ फागुन ३० गते घरायसी विवादका क्रममा चिरपट प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध चैत १० गते इलाका प्रहरी कार्यालय, दुहवीमा उजुरी दियो। आरोपितले घरायसी विवादका क्रममा पत्नीलाई कुटपिट गरी घाइते बनाएको र पीडितको कोशी अस्पतालमा उपचारका क्रममा चैत ८ गते मृत्यु भएको इलाका प्रहरी कार्यालय, दुहवीका इन्स्पेक्टर जयदेव माझीले बताए। आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा चैत २० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुमनकुमार न्यौपानेको चैत २३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भौतिक संरचनामा क्षति

कोशी प्रदेश नामाकरणको विरोधमा ०७९ चैत १६ गते धरान उपमहानगरपालिका-१७ र १९ वडा कार्यालयका झ्याल ढोका तोडफोड भएको उपप्रमुख अवइन्द्र बेघाले बताए। तोडफोडबाट ३० हजार रुपियाँ बराबरको क्षति भएको बेघाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल दुई, सामुदायिक अस्पताल नौ, स्वास्थ्य चौकी ४८, प्राथमिक स्वास्थ्य

केन्द्र चार, आधारभूत स्वास्थ्य केन्द्र ३८, स्वास्थ्य प्रवर्द्धन केन्द्र एक, सामुदायिक स्वास्थ्य एकाइ नौ, शहरी स्वास्थ्य केन्द्र सात, गाउँघर क्लिनिक १ सय ६५, खोप क्लिनिक २ सय ७२, आयुर्वेद औषधालय १२ ओटा छन्। जिल्ला अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा आंशिक थपसहित १६ जना कार्यरत छन्। जिल्लामा ५ लाख १४ हजार ३ सय ३६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ३९ हजार ८ सय ८३ जनाको बीमा गरिएको छ।

तालिका ५.१.१३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			१	१
बेचबिखन तथा ओसारपसार			३	३
विद्यालयमा दिइने शारीरिक सजाय			१	१
बलात्कार	१	१	४३	४५
यौन दुर्व्यवहार		१	८	९
जम्मा	१	३	५५	५८

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	८		३३	३३
बलात्कार			६	३५	३१
बलात्कार प्रयास				१	१
जम्मा	३	८	६	४८	६४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४	८

(स्रोत : इन्सेक, २०२३)

५.१.१४ उदयपुर

जम्मा जनसङ्ख्या	३,४०,७२१
महिला	१,७६,९८३
घर परिवार सङ्ख्या	८१,०५१
घरजग्गामा महिलाको स्वामित्व	१७,३८१
साक्षरता प्रतिशत	७७.१७
आश्रित जनसङ्ख्या	१,६७,३२२
अपाङ्गता भएका	९,२१८

यस वर्ष उदयपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र दुई जना पुरुष गरी चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा ४ सय ७५ जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय १२ जना महिला पीडित भए।

कारागार र बन्दी

६० जना क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका १ सय २३ जना र कैद नतोकिएका १ सय १६ जना गरी २ सय ४९ जना छन्। जसमा महिला कैदी ६ र थुनुवा पाँच गरी ११ जना छन्। कारागारमा तीन जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा चार गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने अवस्था छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा दुई जना कार्यरत छन्। दरबन्दी अनुसारका न्यायाधीश नहुँदा मुद्दा सुनुवाइ ढिला हुने गरेको स्रेस्तेदार भेषराज भट्टराईले बताए। यसवर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार २ सय ७४ थान मुद्दा र फौजदारीतर्फ ८ सय ७८ थान मुद्दा छन्। जिल्ला अदालतमा मुद्दाको चाप अत्यधिक भएका कारण ढिलो गरी न्याय निरूपण हुने गरेको छ। दरबन्दी अनुसार न्यायाधीश नहुँदा यौनजन्य घटनाका मुद्दामा न्याय सम्पादनको अवस्था कमजोर छ।

तालिका ५.१.१४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		२	२	४	४	६	१०
घाइते						३	३
हत्या					५	३	८
बाल अधिकार	बाल विवाह				४		४
	बेचबिखन तथा ओसारपसार				३		३
	बलात्कार				४३		४३
	यौन दुर्व्यवहार				४		४
	जम्मा				५४		५४
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	घरेलु हिंसा				३७९		३७९
	बलात्कार				२५		२५
	बलात्कार प्रयास				२		२
	बेचबिखन तथा ओसारपसार				५		५
	जम्मा				४१२		४१२
कूल जम्मा		२	२	४	४७५	१२	४८७

(स्रोत : इन्सेक, २०२३)

बाल अधिकार

यस वर्ष उदयपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार, बलात्कारका घटनामा ४३ जना, बेचबिखन तथा ओसारपसारका घटनामा तीन र बाहविवाहका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३३ आधारभूत तह र १ सय १५ ओटा माध्यमिक तहका विद्यालय छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालयको सङ्ख्या नौ रहेको छ। यो वर्ष उदयपुरगढी गाउँपालिकाले स्थानीय पाठ्यक्रम लागु गऱ्यो। त्रियुगा नगरपालिकाले यो वर्षदेखि त्रियुगा ज्ञानमाला स्थानीय पाठ्यक्रम जारी गऱ्यो। पहाडी क्षेत्रका विद्यालयमा स्वच्छ खानेपानीको अभाव रहेको शिक्षा विकास तथा समन्वय एकाइका सूचना अधिकारी भवानीप्रसाद कट्टेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ७९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४४, खान/लाउन नदिएको ३६, विवाह दर्ता नगरिदिएको सात, नागरिकता नबनाएको १०, बहुविवाहका ११ र घरायसी झगडाका २ सय ७१ उजुरी छन्। यीमध्ये प्रहरीले २ सय २९ उजुरीमा मेलमिलाप गरायो भने ४२ उजुरीमा कानुनी प्रक्रियाका लागि न्यायिक निकायमा पठायो।

यो वर्ष उदयपुर जिल्लामा बलात्कारका घटनामा २५, बलात्कार प्रयासका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा पाँच, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक जना र घरेलु हिंसाका घटनामा ३ सय ७९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन ओटा अस्पताल, १ सय ५६ प्राथमिक स्वास्थ्य केन्द्र, ८५ स्वास्थ्य चौकी छन्। २ सय ४३ खोप केन्द्र छन। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भएपनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या ६३ को हाराहारीमात्रै रहेको जिल्ला अस्पतालका सूचना अधिकारी योगेश्वर खनालले बताए।

तालिका ५.१.१४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह		४	४
बेचबिखन तथा ओसारपसार		३	३
बलात्कार	३	४१	४३
यौन दुर्व्यवहार		४	४
जम्मा	३	५३	५४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
घरेलु हिंसा	३३९	१३	१३६	३६९
बलात्कार		३	३३	३५
बलात्कार प्रयास			३	३
बेचबिखन तथा ओसारपसार			१	१
जम्मा	३३९	१५	१५४	४०८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	१	६	१	८

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

मधेश प्रदेश

५.२.१ सप्तरी



जम्मा जनसङ्ख्या	७,०६,२५५
महिला	३,५४,८८७
घर परिवार सङ्ख्या	१,४६,८१६
घरजग्गामा महिलाको स्वामित्व	३७,५६५
साक्षरता प्रतिशत	६७.६९
आश्रित जनसङ्ख्या	३,५३,१०३
अपाङ्गता भएका	१०,७८३

यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ३५ जना महिला र २६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९६ जना महिला पीडित भए।

कुटपिट

राज्यपक्षबाट

छिन्नमस्ता गाउँपालिका-२ मोहनपुर निवासी जनता समाजवादी पार्टी नेपालका जिल्ला अध्यक्ष ४० वर्षीय केदारप्रसाद यादवलाई २०७९ चैत २१ गते जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर नवीन थापा मगरले हातपात गरी दायाँ आँखी भौँ फुटाएको भन्दै जसपाका नेता कार्यकर्ताहरूले राजविराजमा विरोध प्रदर्शन गरे। घाइते यादवको राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा चैत २१ गते उपचार भयो। प्रहरी हिरासतमा रहेका मञ्जितकुमार यादवलाई रिहा गर्न माग गर्दै प्रहरी कार्यालय पुगेका यादव र प्रहरीबीच विवाद भएको थियो। सो क्रममा ठोक्किएर यादवलाई चोट लागेको प्रहरीले जनायो। प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको संयोजकत्वमा चैत २२ गते बसेको सर्वदलीय बैठकले इन्स्पेक्टर मगरलाई निलम्बनको सिफारिस गर्ने निर्णय गऱ्यो। आरोपित मगर चैत २१ गते नै मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुरधाम सरुवा भए।

राजविराज नगरपालिका-६ निवासी इन्सेक प्रतिनिधि ५२ वर्षीय मनोहरकुमार पोखरेलले २०८० साउन १५ गते जिल्ला प्रहरी कार्यालय, सप्तरीका असई ४० वर्षीय राजेश्वर महतोले कुटपिट तथा दुर्व्यवहार गरे। अदालतको आदेशपछि पनि उजुरी दर्ता नभएको विषयमा छलफल गरी फर्कंदै गर्दा जिल्ला प्रहरी कार्यालय सप्तरी, प्राङ्गणमा असई महतोले लात्ती र मुक्काले पीडितको मुख र शरीरका अन्य भागमा प्रहार गरेका थिए। पीडितको गजेन्द्रनारायण सिंह अस्पताल, राजविराज र छिन्नमस्ता अस्पतालमा साउन १५ र १६ गते उपचार भयो। पीडितले जिल्ला प्रहरी कार्यालयमा दिएको यातनासम्बन्धी कसुरको उजुरी नलिएपछि असोज १ गते जिल्ला सरकारी वकिल कार्यालयमा निवेदन दिए। जिल्ला सरकारी वकिल कार्यालयले असोज १४ गते जिल्ला प्रहरी कार्यालयलाई उजुरी दर्ता गर्न पत्राचार गऱ्यो। प्रहरीले उजुरी दर्ता गरेन। प्रहरीले भदौ २८ गते आरोपितको दुई वर्ष बढुवा रोक्का गर्ने निर्णय गऱ्यो।

अन्य पक्षबाट

इलाका प्रहरी कार्यालय, कञ्चनरूपका असई मुकेश सिंह, बरिष्ठ हवल्दार प्रवीणकुमार झालगायतको खाद्य सामग्री अनुगमन टोलीमाथि २०८० असोज २४ गते कञ्चनरूप नगरपालिका-११ सिमरा टोलका ४१ वर्षीय शशीभुषण राउत र सोही ठाउँका ३७ वर्षीय समरजित राउतले ढुङ्गा प्रहार गरेको भन्दै असई मुकेश सिंहले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा प्रतिवेदन जाहेरी दिए। अनुगमन टोलीले समरजितको पसलबाट म्याद गुज्रेका मसलाका पोकाहरू फेला परी

नियन्त्रणमा लिएपछि आरोपितहरूले हुलदङ्गा गरेका थिए। सार्वजनिक शान्ति विरुद्धको कसुर गरेको आरोपमा इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा असोज २६ गते उजुरी दर्ता भयो। आरोपित असोज २६ गते गिरफ्तार भए। जिल्ला प्रशासन कार्यालयमा असोज ३० गते अभियोग दायर भएकै दिन प्रमुख जिल्ला अधिकारी किरण थापाको इजलासले जनही ७ हजार जरिबानाको फैसला गऱ्यो।

तालिका ५.२.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३		३
कुटपिट		३	३	१	१३	१३
अमानवीय व्यवहार		१	१		१	१
हत्या				६	११	१८
बाल अधिकार	बाल विवाह			३		३
	विद्यालयमा दिइने शारीरिक सजाय				३	३
	बलात्कार			३३		३३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३८	३	३०
महिला अधिकार	घरेलु हिंसा			६३		६३
	'बोक्सी'को आरोप			५		५
	बलात्कार			३१		३१
	बलात्कार प्रयास			३		३
	यौन दुर्व्यवहार			४		४
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			९६		९६
कूल जम्मा		३	३	१३५	३६	१६१

(स्रोत : इन्सेक, २०२३)

कारागार र बन्दी

१५ महिलासहित १ सय ५५ जनाको क्षमता भएको जिल्ला कारागारमा पुरुष बन्दी २ सय ५३ र कैदी १ सय ८६ जना छन्। जसमा ३ जना बन्दी र १४ जना कैदी भारतीय नागरिक छन्। २३ महिलामा ८ कैदी र १५ बन्दी छन्। कारागारमा ६५ वर्ष नाघेका ज्येष्ठ नागरिक २० जना र ७० वर्ष उमेर नाघेका आठ जना पुरुष रहेको निमित्त कारागार प्रशासक सदानन्द दासले बताए। स्वास्थ्यकर्मीको दरबन्दी ०७८ पुस मसान्तदेखि रिक्त रहेको छ।

कारागारमा रहेका २५ जना बन्दीको एक वर्षभन्दा बढी समयदेखि मुद्दाको फैसला हुन सकेन। दुई वर्ष भन्दा बढी समयसम्म पुर्पक्षका लागि थुनामा रहेका २५ जना छन्। मो. सइद मन्सुरी र मो. जुमरातीको ६ वर्षदेखि हातहतियार खरखजाना मुद्दाको फैसला भएको छैन।

कारागारमा मृत्यु

तिरहुत गाउँपालिका-५ का २४ वर्षीय सिन्दु भनिने सिन्धु सदाको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारका क्रममा २०७९ चैत २८ गते, महादेवा गाउँपालिका-३ बथनाहाका ५४ वर्षीय मिथलेशकुमार यादवको २०८० वैशाख ७ गते कोशी अस्पताल, विराटनगरमा र राजविराज नगरपालिका-१५ मुसहर्नियाका ६५ वर्षीय नन्दी भनिने नन्दलाल मण्डलको मङ्सिर ५ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा उपचारको क्रममा मृत्यु भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१० जना न्यायाधीश दरबन्दी रहेको सप्तरी जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २२ मध्ये ७ सय १ मुद्दा फैसला भए। बाँकी ३ सय २१ रहे। देवानी मुद्दातर्फ ६ हजार ३१ मध्ये ४ हजार ४ सय ४८ थान मुद्दा फैसला भए भने १ हजार ५ सय ८३ बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १८ थान बाँकी छन् भने देवानी मुद्दा १ सय २५ थान बाँकी छन्।

काठमाडौँपछि सबैभन्दा बढी मुद्दाको चाप रहेको सप्तरी जिल्ला अदालतले १० वर्षको अवधिमा आर्थिक वर्ष ०७९/०८० मा सबैभन्दा बढी तथा लक्ष्य भन्दा बढी मुद्दा फैसला गरेको छ। जिल्ला अदालतको प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७९/८० मा ५ हजार ६ सय ३० मुद्दा फैसलाको लक्ष्य लिएकोमा ५ हजार ७ सय ७६ मुद्दा फैसला गरेको छ। प्रमुख जिल्ला न्यायाधीश हेमन्त रावलका अनुसार लक्ष्यको आधारमा १ सय २.५९ प्रतिशत मुद्दा फैसला भयो।

उच्च अदालत, राजविराज इजलास

११ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुर, राजविराज इजलासमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। सन् २०२३ का लागि जिम्मेवारी सरेका ३ हजार ३ सय ४० मुद्दाहरू मध्ये दुनियाँवादी देवानीका १ हजार २ सय २२ थान, दुनियाँवादी फौजदारीका २ सय ६६ थान, सरकारवादी फौजदारीका ९ सय ६२ थान र सुरु क्षेत्राधिकार १ सय ७ थान मुद्दा छन्। सन् २०२२ का लागि दुनियावादी देवानीका १ हजार ४३ थान, दुनियावादी फौजदारीका २ सय ३७ थान, सरकारवादी फौजदारीका ६ सय २९ थान र सुरु क्षेत्राधिकारबाट १ सय थान मुद्दा जिम्मेवारीमा सरेका थिए।

बाल अधिकार

यस वर्ष सप्तरी जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा २२ जना बालिका, बालविवाहका घटनामा दुई जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

सप्तरी जिल्लामा ४ सय २२ सामुदायिक विद्यालयहरूमध्ये ३ सय ३० आधारभूत र ८९ ओटा माध्यमिक विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइ सप्तरीबाट जानकारी भयो। यस वर्ष सामुदायिक तथा संस्थागततर्फ पढ्ने उमेरका ९१ हजार ५ सय ८३ बालक र ८५ हजार ४ सय १४ जना बालिका विद्यालय भर्ना भए। यस वर्ष जिल्लाभर सामुदायिक तथा संस्थागततर्फ २६ हजार ३ सय ४७ जना दलित बालक र २४ हजार ९ सय ६४ जना दलित बालिका विद्यालयमा भर्ना भए। जिल्लामा पाँच ओटा अपाङ्गतामैत्री विद्यालय छन्।

यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७९ माघ ८ गते सुरुङ्गा नगरपालिका-४ कदमाहा टोलका ४२ वर्षीय बच्चु भनिने शिवशङ्कर चौधरीले यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले इलाका प्रहरी कार्यालय, कडरबोनामा माघ ९ गते उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ ९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुवेदीको ०८० असार २६ गते इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १ महिना ८ दिन कैद, १० हजार रूपियाँ जरिबाना, १५ हजार रूपियाँ क्षतिपूर्ति र ४ सय रूपियाँ फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६७ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका नौ, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाएको दुई, दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाको १ सय ४६ घटना छन्। यीमध्ये प्रहरीले ९९ उजुरी मेलमिलाप गरायो भने ४९ उजुरी कारबाही प्रक्रियामा रहेको, दुई अदालत गएको र १७ जना उजुरीकर्ता सम्पर्कविहिन भएको जिल्ला प्रहरी कार्यालय, सप्तरीले जनायो।

यो वर्ष सप्तरी जिल्लामा बलात्कारका घटनामा २१, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा चार, बोक्सीको आरोपका घटनामा पाँच, बेचबिखन तथा ओसारपसारको घटनामा एक र घरेलु हिंसाका घटनामा ६३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारपछि हत्या

४१ वर्षीया महिलाको २०८० वैशाख २४ गते राजविराज नगरपालिका-६ पूर्णी पोखरीटोलका ४२ वर्षीय शङ्कर शर्माले बलात्कार पछि हत्या गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा वैशाख २५ गते उजुरी दिए। पीडितको शव वैशाख २४ गते साँझ फेला परेको थियो। आरोपितलाई प्रहरीले वैशाख २५ गते तिलाठी कोइलाडी गाउँपालिका-१ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश हेमन्त रावलको भदौ १० गतेको इजलासले आरोपितलाई अभियोग दावी पुग्ने फैसला गर्दै जन्मकैदको सजाय सुनायो।

घरेलु हिंसा

राजविराज नगरपालिका-५ स्वर्णटोलकी ३२ वर्षीया करिश्मा चौधरीलाई २०७९ माघ ७ गते ७६ वर्षीय ससुरा शशीकान्त देव, ६२ वर्षीया सासू पूर्णिमा देव र २७ वर्षीय देवर उत्सव देवले घरमा पस्न नदिई घरेलु हिंसा गरेको भन्दै पीडितले जिल्ला अदालतमा माघ १९ गते उजुरी दिइन्। विराट नर्सिङ कलेज,

विराटनगरमा कार्यरत पीडित र निजामती कर्मचारी, अस्पताल काठमाडौँमा कार्यरत ३१ वर्षीय डा. उज्जवल देवले मोरङ जिल्ला अदालतमा ०७५ असोज १९ गते विवाह दर्ता गर्न आवेदन दिएका थिए। हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहस्थित कङ्कालिनी मन्दिरमा ०७६ असोज २८ गते विवाह गरी घर जाँदासमेत सासूससुराले हप्कीदप्की गर्दै ५० लाख रुपियाँ र विराटनगरको जग्गा मागेको पीडितले बताइन्। जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्नामको इजलासले घरेलु हिंसा ठहर गर्दै आरोपित चारै जनालाई ०८० वैशाख १२ गते जनही ३ हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो। यसैगरी, अदालतले अंश र प्रतिमहिना १० हजार रुपियाँ मानाचामल भरणपोषण बापत पाउने फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा राजविराज, हनुमाननगर कङ्कालिनी, कञ्चनरूप, खडक, बोदेबर्साइन, सुरुङ्गा नगरपालिका र रूपनी गाउँपालिकामा गरी सात सरकारी अस्पताल छन्। जिल्लामा १३ हजार ३ सय ५८ नयाँ परिवार सङ्ख्यासहित ३६ हजार ७ सय ६६ परिवारले स्वास्थ्य बीमा गरेको स्वास्थ्य बीमा बोर्ड, सप्तरीका जिल्ला संयोजक नागेश्वर महतोले जानकारी दिए। पुरानामध्ये ५ हजार २ सय ८७ जनाले बीमा नवीकरण गराए।

तालिका ५.३.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	३			१	३
विद्यालयमा दिइने शारीरिक सजाय		१			१
बलात्कार	३		५	१५	३३
यौन दुर्व्यवहार	१		१	१	३
जम्मा	५	१	६	१८	३९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५	६	३	४९	६३
'बोक्सी'को आरोप				५	५
बलात्कार			८	१३	३१
बलात्कार प्रयास				३	३
यौन दुर्व्यवहार	१			३	४
बेचबिखन तथा ओसारपसार				१	१
जम्मा	६	६	१०	७३	९५

मारिएकको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३	१४	१८

(स्रोत : इन्सेक, २०२३)

५.२.२ सिरहा



जम्मा जनसङ्ख्या	७,३९,९५३
महिला	३,७६,२२९
घर परिवार सङ्ख्या	१,४८,५४९
घरजग्गामा महिलाको स्वामित्व	३७,७३६
साक्षरता प्रतिशत	६५.११
आश्रित जनसङ्ख्या	३,८९,२०५
अपाङ्गता भएका	११,९४५

यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा २ सय ११ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ६६ जना महिला पीडित भए।

यातना

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका-९ घर भइ जिल्ला प्रहरी कार्यालय सिरहामा कार्यरत २६ वर्षीय प्रहरी जवान अनु रायलाई ०८० असार २५ गते ३४ वर्षीय इन्स्पेक्टर हेमन्त राईले कार्यालयमा यातना दिएको पीडितले आरोप लगाए। ड्युटीपछि राति ३ बजे कार्यालयम फर्किएर आएको र केही समय आराम गर्न पाउँ भनी हवल्दारसँग अनुरोध गरेकोमा उनले इन्स्पेक्टर हेमन्त राईसँग कुरा गर्न भनेका थिए। तर, इन्सपेक्टरले कुरा नसुनी कुटपिट गरेको पीडितको आरोप छ। असार २५ गते रातिबाट २६ गते दिनभर थुनामा राखिएको पीडितले बताए। असार २७ गते मधेश प्रहरी कार्यालयका डिआइजी निरीक्षणमा आएका बेलामा निर्देशन दिए पनि असार २७ गते ६ बजे मात्र थुनामुक्त भए। प्रदेश कार्यालयका डिएसपी ज्ञानकुमार महतोको नेतृत्वमा छानबिन समिति बनाइएको भए पनि सो समितिले गरेको छानबिनको निष्कर्ष वर्षको अन्त्यसम्म सार्वजनिक गरिएन।

अमानवीय व्यवहार

अन्य पक्षबाट

गोलबजार नगरपालिकाका नगरप्रमुख ५० वर्षीय श्यामकुमार श्रेष्ठमाथि ०७९ चैत १४ गते नहरा गाउँपालिका-४ का ४३ वर्षीय साधुशरण महरालेमोबिल छुयापी अमानवीय व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, सिरहामा चैत १५ गते पीडितले उजुरी दिए। जिल्ला सदरमुकाम जान गोलबजार नगरपालिकाको कार्यालयबाट गाडी चढ्दै गरेका बेला पीडितमाथि आरोपितले मोबिल छुयापेका थिए। घटनास्थलमा नेपाल कम्युनिष्ट पार्टी (बहुमत) को पर्चासमेत भेटिएको थियो। आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०८० वैशाख ११ गते आदेशमा ५० हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारमा महिला १५ र पुरुष १ सय ३५ गरी १ सय ५० जनाको क्षमता रहेको छ। कारागारमा कैदीबन्दी ५ सय ४१ जना छन्। जसमा महिला २६ र पुरुष ५ सय १५ रहेका छन्। कारागारमा दुई जना आश्रित बालक छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मी कार्यरत छन्। कारागारमा पाँच जना जटिल मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा १३ जना ज्येष्ठ नागरिक रहेको कारागारका सूचना अधिकारी राजगिर साहले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नौ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३ सय ९८ थान मध्ये १ हजार ७९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६ हजार ४१ थान मध्ये २ हजार ८ सय ७४ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ५ थान र देवानी मुद्दा ४ सय ७३ थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष सिरहा जिल्लामा यौन दुर्व्यवहारको घटनामा १२ जना, बलात्कारका घटनामा २४ जना बालिका, बालविवाहको घटनामा एक जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा तीन जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३३ आधारभूत र आठ माध्यमिक विद्यालय छन्। यस वर्ष ७३ हजार १ सय ७६ बालक र ७४ हजार ३ सय ७७ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ७५ बालिका र ४९ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा रहेका शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख शशी यादवले बताए। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले ५८ हजार छात्रवृत्ति पाए। २३ हजार २ सय ८४ दलित बालक र २२ हजार ८ सय ७४ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय ३७ जना बालबालिकामध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार रुपियाँ र माध्यमिक तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। सहिद परिवारका एक जनाले १८ हजार छात्रवृत्ति पाए।

तालिका ५.२.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट				३	५	८
अमानवीय व्यवहार					३	३
हत्या				५	३	८
यातना		१	१			
बाल अधिकार	बालविवाह			१		१
	विद्यालयमा दिइने शारीरिक सजाय				३	३
	बलात्कार			३४		३४
	यौन दुर्व्यवहार			१३		१३
	जम्मा			३८	३	४०
महिला अधिकार	घरेलु हिंसा			१३९		१३९
	बलात्कार			१८		१८
	बलात्कार प्रयास			८		८
	यौन दुर्व्यवहार			१		१
	जम्मा			१६६		१६६
कूल जम्मा		१	१	३११	१३	३३४

(स्रोत : इन्सेक, २०२३)

विद्यालयमा दिइने शारीरिक सजाय

मिर्चैया नगरपालिका-१० का १३ वर्षीय बालकलाई ०८० असोज १२ गते मिर्चैया नगरपालिका-७ स्थित अक्षर पाठशालाका प्रधानाध्यापक कर्जन्हा नगरपालिका-१० का ४० वर्षीय चन्द्रदीप साहले पाइपले कुटपिट गरेको पीडित बालकका काका अजय मण्डलले बताए। पीडित बालकले आमालाई घटनाबारे बताएपछि उपचारको लागि मिर्चैयास्थित मंगलम अस्पतालमा भर्ना गरिएको थियो। इलाका प्रहरी कार्यालय, मिर्चैयाका डिएसपी जितेन्द्र बस्नेतले घटनाको बारेमा जानकारी भए पनि उजुरी नआएकोले कारबाही प्रक्रिया अगाडि बढाउन नसकेको बताए। मिर्चैया नगरपालिकाका प्रमुख श्रवण यादवको अध्यक्षतामा असोज १४ गते बसेको बैठकले पीडितलाई उपचार खर्चबाहेक ५ लाख रुपियाँ छात्रवृत्ति रकम दिने निर्णय गऱ्यो।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ हजार २३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी

दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ७ सय, खानलाउन नदिएका १ सय २८, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका नौ जना, अर्की पत्नी ल्याएर हेला गरेको १३, दाइजो नल्याएको भनी हेला गरेको दुई र सामान्य घरायसी झगडाका १ सय ७३ उजुरी छन्। यीमध्ये ७ सय १५ ओटामा मेलमिलाप, ५५ उजुरी कारवाही प्रक्रियामा रहेको र बाँकी उजुरीकर्ता सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रवीन्द्रराज पाण्डेले बताए।

यो वर्ष सिरहा जिल्लामा बलात्कारका घटनामा १८, बलात्कार प्रयासका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ३९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

धनगढीमाइ नगरपालिका-६ की ७२ वर्षीया दरपीदेवी कोइरीलाई ०७९ पुस २० गते ५० वर्षीया बुहारी चन्दादेवी महतोले हत्या गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, लहानमा पुस २० गते उजुरी दियो। घरायसी विवादमा आरोपितले भाटाले कुटपिट गर्दा आमाको मृत्यु भएको इलाका प्रहरी कार्यालय, लहानमा मृतकका छोरा रामनरायण महतोले दिएको उजुरीमा उल्लेख छ। शवको पोष्टमार्टम प्रादेशिक अस्पताल, लहानमा पुस २० गते भयो। जिल्ला अदालतको आदेशमा आरोपित माघ १० गतेदेखि पुर्पक्षका लागि थुनामा छिन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बलात्कार प्रयास

३५ वर्षीया महिलालाई ०७९ चैत १३ गते गोलबजार नगरपालिका-६ का २८ वर्षीय रमेशकुमार यादवले बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, गोलबजारमा चैत १५ गते उजुरी दियो। आरोपितलाई चैत १५ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर डुपेन्द्रबहादुर बुढाथोकीले बताए। जिल्ला अदालतका न्यायाधीश लीलाराज अधिकारीको इजलासले कसुर ठहर गर्दै आरोपितलाई ३ वर्ष ६ महिना कैदको फैसला गऱ्यो। साथै आरोपितले पटकपटक कसुर गरेको ठहर गर्दै पटके कसुरमा थप २ वर्ष कैद र ५० हजार रुपियाँ क्षतिपूर्तिको समेत फैसला गऱ्यो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

तोडफोड

सडक विस्तारका लागि भन्दै घर तथा पसलहरू भत्काएको विरोधमा मिर्चैया नगरपालिकाको भवनमा ०८० वैशाख ७ गते सुकुम्बासी र व्यापारीहरूले ढुङ्गा प्रहार गरी तोडफोड गरे। आक्रोशित स्थानीयहरूले मिर्चैया नगरपालिकाको गेट तोडफोड गर्न थालेपछि प्रहरीले ११ सेल अश्रुग्यास, हवाइफायर, सटगन तथा रबरको गोली प्रहार गरेको डिएसपी हरिकृष्ण केसीले बताए। आन्दोलनकारीहरूको ढुङ्गा प्रहारबाट ३६ वर्षीय प्रहरी सहायक हबल्दार धिरेन्द्रप्रसाद यादव घाइते भए। टाउकोमा चोट लागेका उनको स्थानीय अस्पतालमा उपचार भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, चार सामुदायिक अस्पताल, १ सय २ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३० आधारभूत स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। जिल्लामा ४ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा २ हजार १ सय ३१ जनाको बीमा गरिएको छ। जिल्लाको जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र र डाक्टर अपुग रहेको स्वास्थ्य बीमा कार्यालयका अधिकृत पशुपति चौधरीले बताए।

तालिका ५.२.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह				१	१
विद्यालयमा दिइने शारीरिक सजाय	१	१		१	३
बलात्कार			१५	१०	२५
यौन दुर्व्यवहार			५	५	१०
जम्मा	१	१	२०	१६	३९

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१२५	४	९	१३९
बलात्कार			१०	८	१८
बलात्कार प्रयास	१		५	२	८
यौन दुर्व्यवहार				१	१
जम्मा	२	१२५	१९	२०	१६६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	७	८

(स्रोत : इन्सेक, २०२३)

५.२.३ धनुषा



जम्मा जनसङ्ख्या	८,६७,७४७
महिला	४,३७,८५४
घर परिवार सङ्ख्या	१,७७,०९१
घरजग्गामा महिलाको स्वामित्व	५२,३५९
साक्षरता प्रतिशत	६५.२२
आश्रित जनसङ्ख्या	४,५९,५५५
अपाङ्गता भएका	१३,२३१

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र आठ जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ११ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ९१ जना महिला पीडित भए।

झडप

मिथिला बिहारी नगरपालिका-३ मिथिलेश्वर मौवाही घर भई जनकपुरधाम उपमहानगरपालिका-९ थापा चोक बस्ने २२ वर्षीया आरतीकुमारी साहको २०८० जेठ ७ गते दाइजोका कारण हत्या भएको र घटनामा संलग्न आरोपितहरूलाई प्रहरीले जोगाउन खोजेको भन्दै पीडित (माइती) पक्षले जिल्ला अदालत अगाडि असार ५ गते प्रदर्शन गर्दै ढुङ्गा प्रहार गरे। स्थिति नियन्त्रणमा लिन प्रहरीले लाठीचार्ज गर्दा नगराइन नगरपालिका-८ खिरखिरिया टोलका ३२ वर्षीया लीला देवी, ३१ वर्षीय कृष्ण साह र ३६ वर्षीय प्रवीण साह घाइत भए। घाइतेहरूको प्रादेशिक अस्पताल, जनकपुरधाममा उपचार भयो। जिल्ला अदालत अगाडि प्रदर्शनका क्रममा प्रहरीले नगराइन नगरपालिका-८ खिरखिरिया टोलका ३७ वर्षीय गोविन्द साहलाई असार ५ गते गिरफ्तार गरेकोमा असार ६ साँझ रिहा भए।

यातना तथा दुर्व्यवहार

नगराइन नगरपालिका-८, खिरखिरीया गाउँ बस्ने १९ वर्षीया मनिषा साह, २५ वर्षीय धिरज भनिने प्रेम साह, ४९ वर्षीय विनोद साह, ४३ वर्षीय निर्मला साह र जनकपुरधाम उमनपा-११ का ४५ वर्षीय सन्तोष साहलाई २०८० जेठ ३२ गते दिउँसो जिल्ला प्रहरी कार्यालयमा कुटपिट गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, धनुषाका एसपी विश्वराज खड्का डिएसपी वेदप्रसाद गौतमलगायत विरुद्ध पीडित मनिषाले २०८० असार १५ गते हुलाक मार्फत उजुरी पठाइन्। हुलाक मार्फत प्राप्त उजुरी कार्यालयमा दर्ता गरी असार ३१ गते आवश्यक कार्यार्थ जिल्ला प्रहरी कार्यालय, धनुषा पठाइएको जिल्ला सरकारी वकिल कार्यालयले जनायो। आरती साहको मृत्युको घटनाबारे जानकारी दिन तथा कानुनी परामर्शका लागि पीडितको परिवार जिल्ला प्रहरी कार्यालय गएको थियो। 'मेरो परिवारको पाँच जनालाई जेठ ३२ गते अन्दाजी ३ बजे गिरफ्तार गरी राती ९:३० बजेसम्म प्रहरी अधिकारीले यातना तथा अपमानजन्य व्यवहार गरेको' पीडित मनिषाले दिएको जाहेरीमा उल्लेख छ । घटनामा घाइते सबैको प्रदेश अस्पताल, जनकपुरमा उपचार भयो।

तालिका ५.२.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	३	४	३	४	६
अमानवीय व्यवहार					३	१	३
घाइते			३	३		१	१
हत्या					६	४	१०
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	३	५			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बलात्कार				८		८
	यौन दुर्व्यवहार	१		१	१		१
	जम्मा	१		१	१०	१	११
महिला अधिकार	घरेलु हिंसा				८३		८३
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				६		६
	बलात्कार प्रयास				१		१
	जम्मा				९१		९१
कूल जम्मा		४	८	१३	१११	११	१२३

(स्रोत : इन्सेक, २०२३)

सो दिन प्रहरीबाट कुटपिट तथा दुर्व्यवहार गरेको भन्दै पीडित पक्षको तर्फबाट मनिषा साहले अर्को उजुरी जिल्ला प्रहरी कार्यालयमा दिएको यातना क्षतिपूर्तिको उजुरी साउन २ गते जिल्ला प्रहरी कार्यालयमा दर्ता गरिन्। राष्ट्रिय मानव अधिकार आयोगमा पीडित पक्षले यातनाको उजुरी दियो। आयोगको एक टोलीले स्थलगत अनुगमन तथा अनुसन्धान गऱ्यो। शवको पोष्टमार्टम जेठ ८ गते गरिएको थियो। मृतकका माइती पक्षको बिना सहमति पोष्टमार्टम गरी सद्गत गर्ने कार्यमा हतार गरिएको एवम् अन्य त्रुटि भएको पीडित पक्षले आरोप लगाएको थियो।

मानव अधिकार आयोगले घटनामा जिल्ला प्रहरी कार्यालय धनुषाका एसपी विश्वराज खड्का, डिएसपी वेदप्रसाद गौतम, इन्स्पेक्टर दिनेश अधिकारी र पोष्टमार्टम गर्ने चिकित्सकहरू डा. अवधेशकान्त झा, डा. दिग्विजय ठाकुर र डा. दिपेन्द्रकुमार सिंह समेतको लापरवाहीजन्य कार्य जिम्मेवार रहेको तथ्य मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएको निष्कर्ष सहित पीडित परिवारलाई ४ लाख रुपियाँ क्षतिपूर्ति दिन सिफारिस गऱ्यो। मेडिकल काउन्सिलको साउन २६ को पूर्ण बैठकले पोष्टमार्टम कार्यमा त्रुटि भएको भन्दै तीनै जना डाक्टरलाई सचेत गराउँदै अन्तिम चेतावनी दियो।

आरती साह घटना प्रकरणको छानविन गर्न नेपाल प्रहरी प्रधान कार्यालयले २०८० साउन १२ गते नेपाल प्रहरीका डिआइजी विकास खनालको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिको सदस्यहरूमा एसएसपी शेखर खनाल, डिएसपी विष्णु सोती, इन्स्पेक्टर पर्शुराम घिमिरे र वरिष्ठ सई अरुण दाहाल रहेका थिए। घटनाको छानविन गरेर प्रहरी प्रधान कार्यालयमा प्रतिवेदन तत्कालै बुझाइ सकिएको समितिका संयोजक विकास खनालले जानकारी गराए पनि यो वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक गरिएन।

सुगम तथा निश्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

नौ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको पद रिक्त रहयो। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार २ सय ९५ थानमध्ये १ हजार ३ सय १ थान मुद्दा फैसला भए।

देवानी मुद्दातर्फ ६ हजार १ सय ५४ थानमध्ये ३ हजार ८ सय २९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ६ थान र देवानी मुद्दा ३ सय ९८ थान बाँकी छन्।

उच्च अदालत

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा चार जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका ९ सय ५४ थान, दुनियावादी फौजदारीका १ सय ७९ थान, सरकारवादी फौजदारीका ७ सय २३ थान र सुरु क्षेत्राधिकारबाट १ सय २४ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ सय ९ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय १८ थान मुद्दा फैसला भए।

बाल अधिकार

यस वर्ष धनुषा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा आठ जना बालिका, बेचबिखन तथा ओसारपसारको घटनामा एक जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायको घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ४८ आधारभूत र ७९ माध्यमिक विद्यालय छन्। यस वर्ष ९० हजार ३ सय ८८ बालक र ८४ हजार २ सय ६३ बालिका विद्यालय भर्ना भए। जसमा अपाङगता भएका ९८ बालिका र ७२ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका ५४ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यसवर्ष जिल्लाभर १९ हजार ७ सय ८० दलित बालक र २० हजार २ सय ३४ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए।

बलात्कारपछि हत्या

६ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा हंसपुर नगरपालिका सोनिगामा घर भई सबैला नगरपालिका-९ कुसमाहाका ३१ वर्षीय विनोदकुमार राय र सोही ठाउँका २४ वर्षीय रोसनकुमार मुखियालाई ०८० मङ्सिर २८ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गऱ्यो। पीडित बालिका मङ्सिर २७ गते हराएकी थिइन्। बालिकाको शव मङ्सिर २८ गते बेलुका ७ बजे सतोखर पोखरी नजिकै पानी जमेको खाल्डोमा नग्न अवस्थामा फेला परेको थियो। घटनाको अनुसन्धान भइरहेको डिएसपी रञ्जन आवाले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८ सय ६८ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ५१, खानलाउन नदिएका १ सय ४७, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २७, दाइजो नल्याएको भनी हेला गरेको १३ र सामान्य घरायसी झगडाका २ सय १४ उजुरी छन्। यी मध्ये प्रहरीले ७ सय ७१ ओटामा मेलमिलाप गरायो भने ९७ ओटा उजुरीका पीडित तथा आरोपित पक्ष सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयका प्रहरी जवान सिमृत चौधरीले बताए।

यो वर्ष धनुषा जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासको घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ८३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

दाइजोका कारण हत्या

धनुषा जिल्ला मिथिला बिहारी नगरपालिका-३ घर भई जनकपुरधाम उपमहानगरपालिका- ९, थापाचोक बस्ने २३ वर्षीया आरतीकुमारी साहको दाइजोको कारण ०८० जेठ ७ गते हत्या गरेको आरोपमा प्रहरीले पति ३२ वर्षीय मोतीबाबु साह र ससुरा ७० वर्षीय मदनमोहन साहलाई जेठ ८ गते गिरफ्तार गऱ्यो। आरोपित उनीहरूविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा जेठ ८ गते उजुरी दिएको थियो। उनीहरू विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले ०८० असार १ गते जिल्ला अदालत, धनुषामा कर्तव्य ज्यानसम्बन्धी मुद्दा दायर गऱ्यो। उक्त मुद्दामा थुनछेक बहसपछि असार ५ गते जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो। तर, आरोपितहरूले जिल्ला अदालतको फैसला बदर गर्न माग गर्दै उच्च अदालत, जनकपुरधाममा दायर गरेको रिटमा उच्च अदालतका मुख्य न्यायाधीश सारङ्गा सुवेदी र किरणकुमार पोखरेलको ०८० असोज १८

गतेको संयुक्त इजलासले प्रमाण नपुगेको भन्दै आरतीका पति मोतिबाबु साह र ससुरा मदनमोहन साहलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। उच्च अदालतको उक्त आदेश विरुद्ध जिल्ला सरकारी वकिल कार्यालय, धनुषाले सर्वोच्च अदालतमा पुनरावेदन निवेदन दिएको थियो। सर्वोच्च अदालतका न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको ०८० मङ्सिर २० गतेको संयुक्त इजलासले आरती साहका पति मोतिबाबुलाई थुनामा पठाउने र ससुरा मदनमोहनलाई १ लाख रुपियाँ धरौटी राखेर रिहा गर्न आदेश दियो। सर्वोच्चको आदेशपछि आरतीका पति मोतीबाबु साहलाई ०८० पुस ९ गते जनकपुरधामको सीता चोकस्थित सगुन होटेलबाट जिल्ला प्रहरी कार्यालय, धनुषाले गिरफ्तार गऱ्यो।

आरती र मोतीबाबुबिच ०७७ असार २९ गते विवाह भएको थियो। विवाहमा दाइजो नदिएकै कारण आरतीको हत्या भएको पीडित परिवारले बताउदै आएको छ। आरतीको परिवार घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने लगायतका माग गर्दै काठमाडौँमा अनसनरत छ।

'बोक्सी'को आरोप

औरही गाउँपालिका-१ भिटकैहीया टोलकी ५५ वर्षीया बिल्टीदेवी यादवलाई असोज ११ गते राति औरही गाउँपालिका-१ भिटकैहीयाका ३२ वर्षीय रामनाथ यादव र उनका ४० वर्षीय दाजु रामजी यादवले 'बोक्सी'को आरोपमा कुटपिट गरी घाइते बनाएको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, धनुषामा असोज १२ गते उजुरी दियो। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १ सय ७२ स्वास्थ्य चौकी, तीन शहरी स्वास्थ्य चौकी, २२ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ४७ जना विशेषज्ञको दरबन्दीमा २६जनाको दरबन्दी रिक्त छ। जिल्लामा ६ हजार ४ सय जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १ सय ७७ जनाको बीमा गरिएको छ।

तालिका ५.२.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार		३	६	८
यौन दुर्व्यवहार			३	३
जम्मा	१	३	९	१३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६९	३	१३	८३
'बोक्सी'को आरोप		१		१
बलात्कार	१	१	४	६
बलात्कार प्रयास			१	१
जम्मा	७०	४	१७	९१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	३	९

(स्रोत : इन्सेक, २०२३)

५.२.४ महोत्तरी

जम्मा जनसङ्ख्या	७,०६,९९४
महिला	३,५७,८३५
घर परिवार सङ्ख्या	१,३७,८८६
घरजग्गामा महिलाको स्वामित्व	३४,९७२
साक्षरता प्रतिशत	५९.७७
आश्रित जनसङ्ख्या	३,८०,४१६
अपाङ्गता भएका	११,०४५



यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना महिला र नौ जना पुरुष पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो । जसमा गिरफ्तारी घटनामा पाँच जना पुरुष, घाइतेमा तीन जना महिला र चार जना पुरुष पीडित रहेको इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा २ सय १२ जना महिला र १९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ५ जना महिला पीडित भए।

गोलीबाट घाइते

राज्यपक्षबाट

सर्लाही जिल्ला लालबन्दी नगरपालिका-२ का ३५ वर्षीय शक्तिकुमार पासवान र ३२ वर्षीय अजय पासवानलाई ०८० कात्तिक २९ गते रौतहटबाट गिरफ्तार गरी महोत्तरी ल्याउँदै गर्दा नियन्त्रणबाट भाग्न खोजेपछि प्रहरीले गोली प्रहार गऱ्यो। विभिन्न स्थानमा भएको लुटपाटको घटनामा संलग्न रहेका आरोपमा उनीहरूलाई रौतहटको गरुडा नगरपालिका-४ पानीटयाङ्की नजिकबाट प्रहरीले गिरफ्तार गरेको थियो। महोत्तरीको सोनमा गाउँपालिका-५ खैरबनीमा सर्लाही महोत्तरी प्रहरीलाई आरोपित जिम्मा लगाउन खोज्दा उनीहरू भाग्न खोजेपछि प्रहरीले गोली चलाएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका डीएसपी दिलिपकुमार गिरीले बताए। तिघ्रामा गोली लागेका घाइतेहरूको उपचार जलेश्वर अस्पतालमा भयो। प्रहरीले आरोपितहरू विरुद्ध पुस २९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामचन्द्र खड्काको माघ ३ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

झडपमा घाइते

गौशाला नगरपालिका-४ स्थित रजखोर गाउँमा स्थानीय र प्रहरीबीच ०८० वैशाख ११ गते झडप हुँदा पाँच जना सुरक्षाकर्मी घाइते भए। गौशाला

नगरपालिका-४ मलहनिया पोखरी रजखोरकी २६ वर्षीया आरती साहलाई ३८ वर्षीय पति उमेश साह, २६ वर्षीया नन्द आशाकुमारी साहसहित घर परिवारले हत्या गरेको भन्दै स्थानीयले गरेको विरोध प्रदर्शनका क्रममा प्रहरी र स्थानीयबीच झडप भएको थियो। प्रदर्शनकारीले आरोपितको घरमा तोडफोड र परिवारका अन्य सदस्यहरूलाई कुटपिट गर्ने प्रयास गरेकाले स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले १३ राउण्ड अश्रुग्याँस र नौ राउण्ड हवाइफायर गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी दिलीपकुमार गिरीले बताए। घटनामा इलाका प्रहरी कार्यालय, गौशालाका इन्स्पेक्टर मनोजकुमार यादव, प्रहरी हवल्दार राजन सिंह, प्रहरी जवान राजेश रायकुर्मी र सशस्त्र प्रहरी बेसक्याम्पका इन्स्पेक्टर शङ्कर थापा, हबल्दार हरि मगर घाइते भएको उनले बताए। आरती साहलाई वैशाख ८ गते विष खुवाइ हत्या गरेको आरोपमा प्रहरीले सोही दिन उनका पति उमेश साहलाई गिरफ्तार गरेको थियो।

सोनमा गाउँपालिका-२ स्थित श्री सरस्वती जनता माध्यमिक विद्यालयमा शिक्षक सरुवाको विषयलाई लिएर विद्यार्थीहरूले २०८० भदौ १९ गते गरेको विरोध प्रदर्शनमा प्रहरी र प्रर्दशनकारीबीच झडप हुँदा सशस्त्र प्रहरी जवान २५ वर्षीय प्रकाश यादव, नेपाल प्रहरीका जवान ३१ वर्षीय फुलगेन मण्डल र विद्यार्थीहरू १३ वर्षीया सन्ध्या यादव, १५ वर्षीया खुश्बू सिंह, १५ वर्षीया कल्पना यादव, १३ वर्षीय अंकुश यादव र १४ वर्षीय गणेश यादव घाइते भए। घाइतेहरूलाई उपचारका लागि जानकी एकेडेमी पर्सा, रामगोपालपुरमा लगिएकोमा पाँच जना विद्यार्थीमध्ये चार जना भदौ २२ गते डिस्चार्ज भए भने सन्ध्या यादवको थप उपचार रामजानकी अस्पताल, जनकपुरमा भदौ २२ गतेदेखि ३० गतेसम्म भयो।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १ सय ३५ जनाको भए पनि कारागारमा ५ सय ८७ जना पुरुष कैदीबन्दी छन्। महिला कैदीबन्दी भवन जीर्ण रहेको कारण महिला कैदीबन्दीहरूलाई अन्य कारागार पठाउने गरेको कारागारका सूचना अधिकारी रविनचन्द्र ठाकुरले बताए। ५ सय ८७ जना कैदीबन्दीहरू सुत्न र बस्नका लागि तीन ओटा हल रहेको एक जना कैदीले बताए। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ।

तालिका ५.२.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			५	५			
कुटपिट					३	११	१३
अमानवीय व्यवहार						१	१
घाइते		३	४	७		३	३
हत्या					१	१	३
जातीय विभेद						४	४
बाल अधिकार	बलात्कार				४		४
	जम्मा				४		४
महिला अधिकार	घरेलु हिंसा				३०१		३०१
	'बोक्सी'को आरोप				३		३
	बलात्कार				१		१
	जम्मा				३०५		३०५
कूल जम्मा		३	९	१३	३१३	१९	३३१

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ६२ थानमध्ये २ सय ४९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार १ सय ३२ थान मध्ये ९ सय ४७ फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ९९ थान र देवानी मुद्दातर्फ ३ सय ८१ थान बाँकी रहेको स्रेस्तेदार नुतन झाले बताइन्।

बाल अधिकार

यस वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा २ सय १६ आधारभूत र १ सय माध्यमिक विद्यालय छन्। यस वर्ष ८० हजार ९ सय ७१ बालक र ८२ हजार ७ सय ८ जना बालिका

विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ५० बालिका र ३८ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। जिल्लाभर १ हजार २ सय ५६ दलित बालक र ९ सय ८६ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १ सय ३० जनामध्ये ८२ जनाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख राजदेव यादवले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ३९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय २, खानलाउन नदिएका ३८, विवाह, जन्म दर्ता र नागरिकता नबनाइएका ३९, अर्की पत्नी ल्याएर हेला गरेको ६, दाइजो नल्याएको भनी हेला गरेको ५६ र सामान्य घरायसी झगडाका १ सय ९८ उजुरी छन्। यीमध्ये प्रहरीले ३ सय ५९ ओटा उजुरीमा मेलमिलाप गरायो भने ८० ओटा उजुरी कारबाही प्रक्रियामा रहेको कार्यालयका असई भरत ठाकुरले बताए।

यो वर्ष महोत्तरी जिल्लामा बलात्कारका घटनामा एक, 'बोक्सी'को आरोपका घटनामा तीन र घरेलु हिंसाका घटनामा २ सय १ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

'बोक्सी'को आरोप

पिपरा गाउँपालिका-३ पिपरा टोलकी ३५ वर्षीया काजल दासलाई बोक्सीको आरोपमा कुटपिट तथा झुक्याएर सम्बन्ध विच्छेदको तमसुक गराएको आरोपमा ३५ वर्षीय पति बिनोद दास र ३४ वर्षीया सौता शीलादेवी दास र दिनेश यादवविरुद्ध पीडितले ०८० साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। घटनामा संलग्न भएको आरोपमा शीलादेवी दासलाई साउन १९ गते र विनोदकुमार दासलाई साउन २० गते गिरफ्तार गऱ्यो। दिनेश यादव भदौ १३ गते स्वयम् अदालतमा हाजिर भए। जिल्ला अदालतले आरोपितमध्ये विनोद दासलाई पुर्पक्षका लागि थुनामा राख्न र शीलादेवी दासलाई २ लाख ६० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जिल्ला अदालतको फैसला चित्त नबुझेको भन्दै आरोपितहरूले उच्च अदालत, जनकपुरधाममा पुनरावेदन गरे। उच्च अदालतका न्यायाधीश महेन्द्रनाथ उपाध्याय र किरणकुमार पोखरेलको पुस १२ गतेको संयुक्त इजलासले आरोपित विनोदकुमार दासलाई १ लाख ५० हजार रुपियाँ, शिलादेवी दासलाई ५० हजार रुपियाँ धरौटीमा र दिनेश यादवलाई साधारण तारिखमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

गौशाला नपा-११ लक्ष्मीनिया टोलकी ६६ वर्षीया इतरियादेवी राम लगायत उनका परिवारका सदस्यहरूलाई ०८० कात्तिक १४ गते बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले सोही ठाउँका ४५ वर्षीय विनोद पासवान, ५५ वर्षीय रामकेवल महतो, २६ वर्षीय सन्तोष यादव र ४० वर्षीय नथुनी यादवविरुद्ध कात्तिक १५ गते इलाका प्रहरी कार्यालय, गौशालामा उजुरी दियो। यो वर्षको अन्त्यसम्म घटनाका सम्बन्धमा थप कानुनी कारबाही अगाडि बढेन।

मनरासिस्वा नगरपालिका-१० मरुवाहीकी ५७ वर्षीया सतीदेवी चौधरीलाई ०८० भदौ ६ गते राती 'बोक्सी'को आरोपमा अमानवीय व्यवहार, गालीगलौज र कुटपिट गरेको आरोपमा सोही ठाउँका ४६ वर्षीय रामविनय चौधरी, ४३ वर्षीय सिकिल चौधरी, १९ वर्षीय नाति साजन चौधरी र छिमेकी राजकुमार भन्ने ४१ वर्षीय जितनारायण चौधरीलाई जिल्ला प्रहरी कार्यालयले भदौ ७ गते गिरफ्तार गऱ्यो। तर, ६० वर्षीय रामसिंहासन चौधरी फरार रहे। पीडित सतीदेवीले तन्त्रमन्त्र गरी नातिनी बिरामी बनाएको आरोपमा रामविनय चौधरी सहित उनको परिवारले पीडितलाई 'नातिनीलाई ठिक गर' भन्दै तथानाम गालीगलौज तथा कुटपिट गरी अमानवीय व्यवहार गरेको पीडितका पति भोला चौधरीले बताए। जिल्ला अदालतका न्यायाधीश बाबुराम सुवेदीको भदौ २५ गतेको इजलासले रामविनय चौधरी, सिकिल चौधरी, नाति साजन चौधरी र छिमेकी राजकुमार भन्ने जितनारायण चौधरीलाई जनही ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिएकोमा सोही दिन धरौटी रकम बुझाइ रिहा भए। त्यस्तै, फरार रहेका अर्का आरोपित रामसिंहासन चौधरी असोज ८ गते अदालतमा हाजिर भए। जिल्ला अदालतका न्यायाधीश हेमबहादुर सेनको इजलासले ३० हजार रुपियाँ धरौटी माग

गरेकोमा सोही दिन धरौटी रकम बुझाइ रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

जातीय भेदभाव तथा छुवाछुत

गौशाला नगरपालिका-१ का १६ वर्षीय बालकलाई २०८० वैशाख २६ गते कथित माथिल्लो जातिको भोज खाएको निहुँमा कुटपिट तथा जातीय विभेद गरेको आरोपमा सोही ठाउँका ४० वर्षीय रामविनायक यादवलाई वैशाख २९ गते इलाका प्रहरी कार्यालय, गौशालाले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले जेठ १९ गते आरोपितलाई ५० हजार रुपियाँमा धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ७८ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ५८ आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई सामाजिक स्वास्थ्य एकाइ, ६८ सहरी स्वास्थ्य केन्द्र र आठ नगर स्वास्थ्य केन्द्र रहेको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीकी प्रमुख सुनीता गुप्ताले बताइन्। जिल्लामा १ हजार ९ सय ८४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। प्रादेशिक अस्पताल जलेश्वरमा रहेको पाँच बेडको भेण्टिलेटरसहितको आइसीयु, मिर्गौला रोगीहरूलाई आवश्यक पर्ने डायलासिस, ब्लड बैङ्कलगायतका सेवाहरू उपलब्ध रहे पनि जनशक्ति अभावले सुचारु हुन सकेको छैन।

तालिका ५.२.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१९६	५		२०१
'बोक्सी'को आरोप			३	३
बलात्कार		१		१
जम्मा	१९६	६	३	२०५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
जम्मा	३	३

(स्रोत : इन्सेक, २०२३)

५.२.५ सर्लाही



जम्मा जनसङ्ख्या	८,६२,४७०
महिला	४,२७,३३९
घर परिवार सङ्ख्या	१,६४,८२४
घरजग्गामा महिलाको स्वामित्व	४०,५०२
साक्षरता प्रतिशत	६०.३१
आश्रित जनसङ्ख्या	४,५२,८५५
अपाङ्गता भएका	१३,४७४

यस वर्ष सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना महिला र १५ जना पुरुष पीडित भएको घटना इन्सेकले अभिलेख गऱ्यो। जसमा कुटपिट घटनामा सात जना महिला र १० जना पुरुष, गिरफ्तारी घटनामा पाँच जना पुरुष र हिरासतमा एक जना महिलाको मृत्यु भएको घटना इन्सेकले अभिलेख गऱ्यो। ज्यादतीका घटनामा १ सय ४२ जना महिला र २२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २५ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १६ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

हरिवन नपा-५ डाबरीटोलका ८१ वर्षीय ओमप्रसाद मैनालीलाई घरायसी विवादको क्रममा कात्तिक ८ गते कोदालो प्रहार गरेको आरोपमा प्रहरीले ४२ वर्षीय छोरा गोकर्ण मैनालीलाई ०८० कात्तिक १० गते हरिवन नपा-४ तीनबिघे मैदानको लच्का क्षेत्रबाट गिरफ्तार गऱ्यो। घाइते भएका ओमप्रकाश मैनालीलाई कात्तिक ९ गते बिहान उपचारका लागि नमूना अस्पताल, हरिवनमा भर्ना गरिएको थियो। स्वास्थ्यमा सुधार नआएपछि थप उपचारका लागि मेडिकल कलेज चितवन लगिएकोमा उपचारकै क्रममा सोही दिन उनको मृत्यु भयो। जिल्ला अदालतले मङ्सिर ७ गते पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

झडपमा घाइते

मलङ्गवा नपा-१० स्थित सहिद चोकमा ०८० पुस १२ गते मिटरब्याज पीडितहरूले गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा मलङ्गवा नगरपालिका-४ का २९ वर्षीय दीपकुमार यादव, चन्द्रनगर गाउँपालिका-४ का ३४ वर्षीया सकिरा खातुन, ३३ वर्षीया सहजादी खातुन र मलङ्गवा नगरपालिका-३ का ३६ वर्षीया सन्जुदेवी यादव घाइते भए। घाइतेहरूको उपचार मलङ्गवा अस्पतालमा भयो।

कारागार र बन्दी

७९ जना पुरुष र १७ जना महिलाको क्षमता भएको जिल्ला कारागार भवनको निर्माण सम्पन्न भएको छ। ९६ जना क्षमता भएको आठ ओटा कोठामा २ सय १० जना राख्न मिल्ने बनाइएको जेलर मनोजकुमार मिश्राले बताए। यो वर्षको अन्त्यसम्म कारागारमा कैदीबन्दी राखिएको छैन।

तालिका ५.२.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण						१	१
गिरफ्तारी			५	५			
कुटपिट		७	१०	१७	३	५	७
कारागार र जेलमा मृत्यु		१		१			
घाइते						३	३
हत्या					५	१	६
जातीय विभेद					१	४	५
धम्की					३		३
बाल अधिकार	बेचबिखन तथा ओसारपसार					८	८
	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बलात्कार				१६		१६
	जम्मा				१६	९	२५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				५		५
	घरेलु हिंसा				६८		६८
	'बोक्सी'को आरोप				४		४
	बलात्कार				१०		१०
	बलात्कार प्रयास				२६		२६
	यौन दुर्व्यवहार				३		३
	जम्मा				११६		११६
कूल जम्मा		८	१५	२३	१४३	३३	१६४

(स्रोत : इन्सेक, २०२३)

हिरासतमा मृत्यु

चक्रघट्टा गाउँपालिका-८, औरही टोलकी ३८ वर्षीया हजरत खातुनको जिल्ला प्रहरी कार्यालय, सर्लाहीको हिरासतमा ०८० साउन ४ गते राति १० बजे मृत्यु भएको डिएसपी दीपेन्द्र पञ्जियार थारुले बताए। खातुनलाई साउन १ गते मलङ्गवा नपा-८ झिल्मिलिया माइस्थानस्थित नेपाल र भारत सीमा नाकाबाट सशस्त्र प्रहरी बल, नेपालले ५ लाख ४ चार हजार रुपियाँ नगदसहित गिरफ्तार गरी साउन २ गते भन्सार कार्यालय, सर्लाहीमा बुझाएको थियो। भन्सार कार्यालय, सर्लाहीले साउन ४ गते खातुनलाई ३ लाख ४४ हजार २ सय रुपियाँ धरौटीमा राखी रिहा गर्ने आदेश गरेकोमा सो रकम बुझाउन नसकेपछि थुनामा राख्न जिल्ला प्रहरी कार्यालय, मलङ्गवा पठाइएको भन्सार कार्यालयका अधिकृत नरेश साहले बताए। हिरासतमा रहेकी खातुनले साउन ४ गते राती १० बजे हिरासतको शौचालयमा आत्महत्या प्रयास गरेपछि उपचारका लागि मलङ्गवा अस्पतालमा लगिएकोमा उपचारका क्रममा १०:४० बजे मृत्यु भएको प्रहरीको भनाइ छ। शवको पोष्टमार्टम मलङ्गवा अस्पतालमा साउन ५ गते भयो। पीडित परिवारले कतै उजुरी गरेन। इन्सेकलगायत संस्थाले गरेको स्थलगत अनुगमन प्रतिवेदनमा घटना शंकास्पद रहेको उल्लेख छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ४६ थान मध्ये ५ सय ६० थान मुद्दा फैसला भए । देवानी मुद्दातर्फ ७ सय ५२ थान मध्ये ३ सय ४५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ११ थान र देवानी मुद्दा ८२ थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा १६ जना बालिका, विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक र बेचबिखन तथा ओसारपसारका घटनामा आठ जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ६२ आधारभूत र १ सय १८ माध्यमिक विद्यालय छन्। यस वर्ष २३ हजार ३ सय ५७ बालक र १८ हजार ८ सय ७३ बालिका गरी ४२ हजार २ सय ३० जना बालबालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ९७ बालिका र ७१ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात ओटा छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका आठ जना र द्वन्द्वपीडित परिवारका ४७ बालबालिकाले छात्रवृत्ति पाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ६५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ४९, खानलाउन नदिएका १ सय ८१, विवाह दर्ता, कुटपिट तथा गालीगलौजका ७४ ओटा, जन्मदर्ता र नागरिकता नबनाएका ६१ उजुरी छन्। यीमध्ये २ सय ७९ ओटामा मेलमिलाप भयो भने २२ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको छ। बाँकी ६४ ओटा उजुरी यो वर्षको अन्त्यसम्म विचाराधीन रहेको सेवा केन्द्रकी इन्स्पेक्टर सङ्गीता पाण्डेले बताइन्।

यो वर्ष सर्लाही जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा २६, यौन दुर्व्यवहारका घटनामा तीन, बोक्सीको आरोपका घटनामा चार, बेचबिखन तथा ओसारपसारका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ६८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

दाइजोका कारण हत्या

हरिपुर नपा-६, लक्ष्मीपुर टोलकी ४२ वर्षीया इन्द्रकलादेवी साहलाई जेठ २६ गते कुटपिट गरेको आरोपमा पीडित पक्षले ४५ वर्षीय पति राजाराम साहविरूद्ध जिल्ला प्रहरी कार्यालय मलङ्वामा जेठ ३० गते उजुरी दियो। माइती पक्षबाट २ लाख रुपियाँ नल्याएको विषयमा विवाद हुँदा आरोपितले कुटपिट गर्दा घाइते भएकी इन्द्रकलाको उपचारका क्रममा जेठ २८ गते जिल्ला अस्पतालमा मृत्यु भयो। प्रहरीले लखनदेही नदीमा सद्गत गर्न लगिएको शव नियन्त्रणमा लिएर असार १ गते शवको पोष्टमार्टम गरायो। घटनापछि फरार भएका आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

दाइजोजनित हिंसा

गोडैता नपा-१० सिसौटिया टोलकी २३ वर्षीया सैमुल खातुनलाई दाइजो वापत मोटरसाइकल र नगद ५० हजार रुपियाँ नल्याएको भन्दै २५ वर्षीय पति मो. समिर खानले माघ ४ गते कुटपिट गरेको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय, गोडैतामा ०७९ माघ १० गते उजुरी दिइन्। पतिको कुटपिटबाट पीडितको बायाँ हातमा र गोडामा चोट लागेको थियो। पीडितको उपचार माघ ४ गते सर्लाही जिल्ला अस्पताल, मलङ्गवामा भयो। निकाहमा १ लाख ५० हजार रुपियाँ, आठ आना सुन, घरका अन्य सरसमान दिए पनि थप दाइजो नल्याएको भन्दै खातुनलाई शारीरिक तथा मानसिक यातना दिने गरेको पीडित पक्षको आरोप छ। चैत १३ गते पीडितलाई अब आइन्दा, मानसिक यातना नदिने, कुटपिट नगर्ने र राम्रो व्यवहार गर्ने भनी इलाका प्रहरी कार्यालय, गोडैतामा मेलमिलाप भएको सई रामप्रवेश यादवले बताए।

'बोक्सी'को आरोप

चक्रघटा गाउँपालिका-२ की ४४ वर्षीया जकिला खातुनलाई ०८० साउन १४ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै पीडित पक्षले सोही ठाउँका ३६ वर्षीय आरिफ अन्सारी र उनकी ३४ वर्षीया पत्नी जलिया अन्सारीविरुद्ध जिल्ला प्रहरी कार्यालय मलङ्गवामा साउन २५ गते उजुरी दियो । कानुनी प्रक्रियामा अघि बढेपछि गाउँमै मिलापत्र गर्न चक्रघटा गाउँपालिका-१ का वडा अध्यक्ष ४६ वर्षीय रामसुरेश राय र आरोपित पक्षले साउन २१ गते दबाब दिएको पीडितले आराप लगाइन्। पीडितको उपचार साउन १५ गते देखि १७ गतेसम्म सर्लाही जिल्ला अस्पतालमा भयो । घटनाबारे अनुसन्धान गरी दोषी उपर कानुन बमोजिम कारबाही गर्ने जिल्ला प्रहरी कार्यालयका डिएसपी कैलाश राइले बताए पनि यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

सबै प्रकारका जातीय विभेद

ब्रहमपुरी गाउँपालिका-६ पिपरा टोलका १६ वर्षीय बालकलाई जातीय विभेद गरी कुटपिट गरेको आरोपमा सोही ठाउँका ३२ वर्षीय प्रमोद साह तेलीविरुद्ध पीडितका बुबाले जिल्ला प्रहरी कार्यालयमा ०८० साउन ३० गते उजुरी दिए। प्रहरीले साउन ३१ गते उजुरी दर्ता गऱ्यो। आरोपितको बुबाले सञ्चालन गरेको मोटरसाइकल ग्यारेजमा सरसफाइको काम गरिरहरेका पीडितलाई ०८० साउन १८ गते आरोपित साहले ग्यारेज नजिकै सुरेन्द्र महतो सुडीको किराना पसलमा बोलाई "तँ यहाँ तल बस, तँ चमार, दलित बढ्ता हुन्छस्" भनी कुटपिट गरेको पीडितले बताए। आरोपितले भने पीडितलाई कुटपिट नगरेको, आफूसँग अलि टाढा भएर काम गर मात्र भनेको बताए। आरोपित उपर कानुनी कारबाही भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, २० नगर स्वास्थ्य केन्द्र, आधारभुत स्वास्थ्य केन्द्र/सामुदायिक स्वास्थ्य केन्द्र ८३ तथा खोप केन्द्र ५ सय १२ गरी ७ सय १५ रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा एक जनाको दरबन्दी ०८० जेठदेखि रिक्त छ। जिल्लामा १ हजार १ सय ५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

तालिका ५.२.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		४	१	५
विद्यालयमा दिइएको शारीरिक सजाय	१			१
बलात्कार		९	७	१६
जम्मा	१	१३	८	२२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२	२
घरेलु हिंसा	५०	११	७	६८
'बोक्सी'को आरोप		१	३	४
बलात्कार		३	६	९
बलात्कार प्रयास		२१	५	२६
यौन दुर्व्यवहार		२	१	३
जम्मा	५०	३८	२४	११२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

(स्रोत : इन्सेक, २०२३)

५.२.६ रौतहट



जम्मा जनसङ्ख्या	८,१३,५७३
महिला	४,०५,१७०
घर परिवार सङ्ख्या	१,३७,०२५
घरजग्गामा महिलाको स्वामित्व	३१,७७१
साक्षरता प्रतिशत	५७.७५
आश्रित जनसङ्ख्या	४,५१,१४९
अपाङ्गता भएका	१०,८४७

यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पुरुष तथा ज्यादतीका घटनामा २८ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

कुटपिट/दुर्व्यवहार

अन्यपक्षबाट

यमुनामाई गाउँपालिका-५ सरवठा टोल निवासी हिमालय टेलिभिजन रौतहटका सम्वाददाता २९ वर्षीय राकेश यादवलाई बृन्दावन नगरपालिका-१ रमौली बैरिया घाटस्थित शिवम क्रसर उद्योगको समाचार सङ्कलन गर्ने क्रममा उद्योगका कर्मचारीले भदौ ४ गते कुटपिट तथा दुर्व्यवहार गरेको पीडितले बताए। महोतरी जिल्ला बर्दिबास नगरपालिका-१४ का ३६ वर्षीय राजदेव ठाकुर, सर्लाही जिल्ला बरहथवा नगरपालिका-१८ का ३८ वर्षीय महेश चौधरी, बृन्दावन नगरपालिका-४ का ४२ वर्षीय राधेश्याम यादवविरुद्ध पीडितले भदौ ४ गते इलाका प्रहरी कार्यालय गरुडामा उजुरी दिए। शिवम क्रसर उद्योगले मापदण्ड विपरीत खोला उत्खनन् गर्नुका साथै वातावरण प्रदूषण गरेको स्थानीयको गुनासोको आधारमा ०८० भदौ ४ गते समाचार सङ्कलन गर्न क्रसर उद्योग पुगेका पत्रकार यादवमाथि सोही उद्योगका कर्मचारीहरूले दुर्व्यवहार तथा कुटपिट गर्नुका साथै क्यामेरासमेत फुटाइ दिएको पीडित यादवले बताए। प्रहरीले आरोपितहरूलाई भदौ ४ गते गिरफ्तार गऱ्यो। पीडितको उपचार चन्द्रपुरस्थित सिमस अस्पतालमा भयो। जिल्ला प्रशासन कार्यालयमा दुई पक्षबिच भदौ २० गते छलफल भयो। सोही क्रममा पीडितलाई आरोपितहरूले क्षतिपूर्ति स्वरुप नयाँ क्यामेरा र उपचार खर्च समेत दिने सहमति भयो। आरोपितहरू जनही ८ हजार ५ सय रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता महिला २० र पुरुष १ सय ५५ रहेको छ। कारागारमा कैदीबन्दी ३ सय ५७ जना छन्। जसमा महिला १४ र पुरुष ३ सय ४३ रहेका छन्। कारागारमा आश्रित दुई जना बालक र एक जना बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। १६ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख

प्रशान्तकुमार बर्माले बताए। कारागारमा दीर्घरोगी ११ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी एक वर्षदेखि रिक्त रहेको छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय १६ थानमध्ये २ सय १८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ५ सय ५० थान मध्ये १ हजार ३ सय थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १ सय ४१ थान र देवानी मुद्दा ३ सय ३३ थान बाँकी रहेको स्रेस्तेदार उद्धव ढोडारीले बताए।

तालिका ५.२.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	१	२
हत्या				४	३	७
जातीय विभेद					१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		४	४			
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			१		१
	जम्मा			७		७
महिला अधिकार	घरेलु हिंसा			६		६
	बलातकार			१०		१०
	जम्मा			१६		१६
कूल जम्मा		४	४	३८	५	३३

(स्रोत : इन्सेक, २०२३)

बाल अधिकार

यस वर्ष रौतहट जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ३० आधारभूत र १ सय ३० माध्यमिक विद्यालय छन्। यस वर्ष २३ हजार ९ सय ५५ बालक र २२ हजार ६ सय १३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ४१ बालिका र ६४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १२ ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका १ सय ९ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाए। सहिद परिवारका दुई जनाले र द्वन्द्वपीडित परिवारका १ सय ४ बालबालिकाले छात्रवृत्ति पाए। शैक्षिक सत्र २०८० वैशाख महिना भरी भर्ना अभियान सञ्चालन गरी/गराई ९५ प्रतिसत भर्ना गराइएको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १ हजार ७ सय १० जना पीडितले उजुरी दिए। जसमध्ये १ हजार ३ सय ९० घटना मेलमिलाप भयो भने ७८ ओटा उजुरी कारवाही प्रक्रियाको लागि जिल्ला अदालत पठाएको र २ सय ४२ जना पीडित सम्पर्कमा नआएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेव केन्द्रकी असई सलुजा श्रेष्ठले बताए।

यो वर्ष रौतहट जिल्लामा बलात्कारका घटनामा १० र घरेलु हिंसाका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

दाइजोको कारण हत्या

मौलापुर नगरपालिका-४ बौधापतौराकी २४ वर्षीया कविता साह र दुई वर्षीया छोरी आरोही साहलाई ०८० असार १५ गते राति कविताका २८ वर्षीय पति धीरेन्द्र साह, ६० वर्षीया सासू मैनादेवी तेली, २७ वर्षीया नन्द निशादेवी तेली र ६५ वर्षीय ससुरा नागेन्द्र साह तेली तथा परिवारजनले हत्या गरेको पीडित पक्षले आरोप लगायो। विवाह अघि कबुल गरेको दाइजो दिन नसकेको कारण छोरी र नातिनीको हत्या आरोपितहरूले गरेको कविताका बाबु विजयशङ्कर साहले आरोप लगाए। 'मोटरसाइकल, पलङ, भैंसी, सिक्री माइतीबाट लिएर आइज' भन्दै कवितालाई दबाब दिँदै आएको र आफूले दिन नसकेको कारण हत्या गरेको विजयशङ्करको आरोप छ। प्रहरीले अन्य आरोपितहरूलाई असार १६ गते गिरफ्तार गऱ्यो भने नागेन्द्र साह तेली वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतको साउन १० गतेको आदेश अनुसार

आरोपितहरू पुर्पक्षको लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

बृन्दावन नपा-३ विश्रामपुर टोलकी २२ वर्षीया रुकमणीदेवी यादवलाई दाइजो कम भएको भन्दै पतिलगायत परिवारका सदस्यहरूले ०७९ फागुन २२ गते घाँटीमा सलको पासो बाँधी झुण्ड्याइ दिएको आरोपमा माइती पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। मृतकका २४ वर्षीय पति राकेश राय यादव, ५८ वर्षीय ससुरा भोजिन्द्र राय यादव, ५६ वर्षीया सासू राजपति देवी, २९ वर्षीय जेठाजु राजेशकुमार यादव, २६ वर्षीया जेठानी पुनम देवी भनिने कविता यादव र २२ वर्षीय देवर विवेक राय यादव विरुद्ध पीडित पक्षले उजुरी दिए। आरोपित पक्षले विवाहमा १६ लाख रुपियाँ नगद, नेपाली नम्बर प्लेटको मोटरसाइकल, फर्निचर तथा भाँडाकुँडा दाइजो स्वरूप माग गरेकोमा रुकमणीको बुबाले गाउँमा सरसापट गरी विवाहमा २ लाख ५० हजार रुपियाँ र एक नेपाली नम्बर प्लेटको मोटरसाइकल दिई विवाह गरेका थिए। शवको पोष्टमार्टम फागुन २२ गते जिल्ला अस्पताल, गौरमा गरिएका थियो। आरोपित मध्ये ससुरा भोजिन्द्र राय यादवलाई ०७९ चैत ७ गते र जेठाजु राजेकुमार यादवलाई चैत ९ गते प्रहरीले गिरफ्तार गऱ्यो। अन्य आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतको ०८० वैशाख ५ गतेको आदेशमा आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, चार ओटा सामुदायिक अस्पताल, ९६ ओटा स्वास्थ्य चौकी, चार ओटा नगर स्वास्थ्य केन्द्र छन्। जिल्लामा ९ सय २९ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकको हकमा एकीन तथ्याङ्क नरहेको अस्पतालका व्यवस्थापक अफरोज अख्तरले बताए।

तालिका ५.२.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	४	६
यौन दुर्व्यवहार		१	१
जम्मा	३	५	७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१	४	६
बलात्कार		५	५	१०
जम्मा	१	६	९	१६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	४	६

(स्रोत : इन्सेक, २०२३)

५.२.७ बारा



जम्मा जनसङ्ख्या	७,६३,१३७
महिला	३,७३,३५०
घर परिवार सङ्ख्या	१,३१,१७९
घरजग्गामा महिलाको स्वामित्व	२८,९९९
साक्षरता प्रतिशत	६४.५४
आश्रित जनसङ्ख्या	३,९४,८५०
अपाङ्गता भएका	१०,७३१

यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा हत्याका घटनामा एक जना, गिरफ्तारीका घटनामा पाँच जना र कुटपिटका घटनामा दुई जना पीडित भए । ज्यादतीका घटनामा १ सय जना महिला र २९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६८ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

सिम्रौनगढ नपा-१ नमसङ्ग्राका २५ वर्षीय लक्ष्मी विन मुखियाको ०८० मङ्सिर २७ गते प्रहरीले प्रहार गरेको गोली लागी मृत्यु भयो। प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार मिश्रा नगरपालिकामा हाजिर हुन जानेक्रममा विवाद उत्पन्न हुँदा भएको झडपका क्रममा प्रहरीले प्रहार गरेको गोली लागी घाइते भएकोमा उपचारको क्रममा मुखियाको मृत्यु भएको प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाले बताए। झडपलाई नियन्त्रणमा लिने क्रममा इन्स्पेक्टर विभुषण यादव, असईद्वय परीक्षण यादव र अरुण राउत, प्रहरी हवल्दारहरू दिनानाथ पाण्डेय, सुजित राउत, देवी दाहाल घाइते भए। त्यसैगरी प्रहरी सहायक हवल्दारहरू प्रमोद पटेल, रमेशप्रसाद जैसवाल, प्रभु राउत, मनोज कोइरी, अनिश महतो, सत्रुधन सहनी तथा प्रहरी जवानद्वय लोकेन्द्र चौधरी र सुशीलकुमार यादव घाइते भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दधिराम न्यौपानेले बताए। उनीहरूको उपचार सोही दिन स्थानीय स्वास्थ्य संस्थामा भयो। मृतक परिवारलाई राहत तथा रोजगारीको व्यवस्था गर्ने, घटनाको अनुसन्धान गरी दोषीउपर कारवाहीको लागि बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण आचार्यको संयोजकमा तीन सदस्य छानबिन समिति बनाउने लगायतका पाँच बुँदे लिखित सहमतिपछि पुस १ गते मुखियाको परिवारले शव बुझेर दाहसंस्कार गरे।

अन्य पक्षबाट

जितपुरसिमरा उमनपा-१६ टङ्गिया बस्तीका ९० वर्षीय आइतसिंह घलानलाई ०८० साउन २६ गते ६० वर्षीय छोरा दिलबहादुर घलानले घरायसी विषयमा विवाद हुँदा मुक्का प्रहार गरी हत्या गरेको आरोपमा इलाका प्रहरी कार्यालय, निजगढले सोही दिन गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध मृतककी ८० वर्षीया पत्नी कान्छीमाया तामाङले साउन २६ गते इलाका प्रहरी

तालिका ५.२.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३	२	५
गिरफ्तारी		५	५			
कुटपिट		२	२	३	२०	२३
अमानवीय व्यवहार					१	१
हत्या		१	१	४	३	७
जातीय विभेद					१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			५		५
	नवजात शिशुको हत्या				१	१
	बलात्कार			१४		१४
	यौन दुर्व्यवहार			३	१	४
	जम्मा			२२	२	२४
महिला अधिकार	घरेलु हिंसा			६१		६१
	बलात्कार			५		५
	बलात्कार प्रयास			२		२
	जम्मा			६८		६८
कूल जम्मा		८	८	१००	३९	१३९

(स्रोत : इन्सेक, २०२३)

कार्यालय, निजगढमा उजुरी दिइन्। जिल्ला अदालतले भदौ २१ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

कलैया उमनपा-१ का बाल एकता इङ्गलिस बोर्डिङ स्कूलका प्रधानाध्यापक ३५ वर्षीय रूपेश स्वर्णकारलाई ०८० कात्तिक १३ गते गोली प्रहार गरी हत्या गरेको घटनामा संलग्न भएको आरोपमा कात्तिक १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। कलैया उमनपा-६ मदरसा टोलकी २२ वर्षीया राधा गुप्ता, ३४ वर्षीय जामिल अख्तर, कलैया उपमहानगरपालिका-९ रामपुर का २६ वर्षीय रियाज अन्सारी, भारत मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाउँ जागिराकोटीका २३ वर्षीय चन्दनकुमार र भारत मोतिहारी पूर्वी चम्पारण थाना घोडासहन गाँउ बहार्वाकाला-१२ का २३ वर्षीय अभिनव कुमार राजपुतलाई कात्तिक १४ गते गिरफ्तार गऱ्यो। स्वर्णकारमाथि गोली प्रहार गरेको आरोप लागेका भारत मोतिहारीका ३२ वर्षीय सुजितकुमार सिंह, २४ वर्षीय चञ्चल पाण्डे, २२ वर्षीय मनिषकुमार सहनी र २० वर्षीय कामेश्वर सहनी वर्षको अन्त्यसम्म गिरफ्तार नभएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दधिराम न्यौपाने बताए। अनुसन्धानकै क्रममा भारतको मोतिहारी जिल्ला छौडादानौ पञ्चायतका ३२ वर्षीय सुजितकुमार सिंहलाई पुस १० गते प्रहरीले गिरफ्तार गऱ्यो।

कुटपिट

राज्यपक्षबाट

महागढीमाई नपा-७ बेनौली टोल निवासी नेपाली कांग्रेसका जिल्ला सचिव ४५ वर्षीय भैयाराम यादव र कलैया उमनपा-२४ सखुई बस्ने नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका जिल्ला उपसचिव ५० वर्षीय ध्रुवप्रसाद यादवलाई जिल्ला प्रहरी कार्यालयका डिएसपी पुरुषोत्तमप्रसाद पाण्डे र इन्स्पेक्टर रुपेश साहले स्थानीय स्तरमा भएको दुर्घटनाबारे छलफलको क्रममा कार्यालयको ढोका बन्द गरी कुटपिट गरेको पीडितले आरोप लगाए। प्रहरीको कुटपिटबाट उनीहरूको बायाँ आँखा, कान, तिघ्रा, गोडा र ढाडमा चोट लाग्यो। उनीहरूलाई उपचारका लागि वीरगंजको नारायणी अस्पतालमा लगिएको थियो। तर, त्यहाँ उपचार हुन नसकेपछि थप उपचार भारतको दिल्लीस्थित मेदान्त अस्पतालमा भएको पीडितको आफन्तले बताए। कुटपिटको आरोप लागेका डिएसपी पाण्डे र इन्स्पेक्टर साहको सरुवा भयो। घटनाको छानविन गर्न मधेश प्रदेश प्रहरी कार्यालयका एसएसपी प्रवीण पोखरेलको संयोजकत्वमा साउन ५ गते छानविन समिति गठन भयो। साउन ८ गते गरेको छलफलमा पीडितसँग सहमति भएपछि समितिले थप काम गरेन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा सबै कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ ७ सय ८ थानमध्ये २ सय ४७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ७ सय ७१ थानमध्ये १ हजार ९ सय थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३८ थान र देवानी मुद्दा ४ सय ७० थान छन्।

बाल अधिकार

यस वर्ष बारा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालक र तीन जना बालिका, बलात्कारका घटनामा १४ जना बालिका, बेचबिखन तथा ओसारपसार घटनामा पाँच जना बालिका र नवशजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अधिकार

जिल्लामा ३ सय ३० आधारभूत र ९५ माध्यमिक विद्यालय छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६० जना बालबालिका, शहीद परिवारका पाँच र द्वन्द्वपीडित परिवारका ६ जनाले छात्रवृत्ति पाए।

बलात्कार

१४ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले करैयामाई गाउँपालिका-४ का २६ वर्षीय पानालाल पासवानलाई ०८० साउन ३० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले मङ्सिर १२ गते आरोपितलाई २ वर्ष ६ महिना कैद सजाय, २५ हजार रुपियाँ जरिबाना र पीडितलाई २५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

महिला विरुद्ध हुने सबै किसिमका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ९ सय ६१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय १६, खानलाउन नदिएका १ सय ९, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ७६, अर्की पत्नी ल्याएर हेला गरेको ५९ र सामान्य घरायसी झगडाका १ सय २ उजुरी छन्। यीमध्ये प्रहरीले ६ सय १२ उजुरीमा मेलमिलाप गरायो भने ३ सय ४९ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रकी इन्स्पेक्टर बिमलाकुमारी कठायतले बताइन्।

यो वर्ष बारा जिल्लामा बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा ६१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

सिम्रौनगढ नपा-६ की २२ वर्षीया आस्मीन खातुनको घाँटी रेटी हत्या गरेको आरोपमा भारतको पुर्वी चाम्पारण ढाका थाना रुपैलीयाका ३१ वर्षीय पति मोहम्मद अमानुलाह मियाँलाई प्रहरीले २०८० साउन ११ गते गिरफ्तार गऱ्यो। मोहमद अमानुलाह मियाँले मासु काट्ने हतियार (दाउ)ले ससुरालीघरमा नै आस्मीनको हत्या गरेको पीडित पक्षको आरोप छ। स्थानीयको सहयोगमा आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी होबिन्द्र बोगटीले बताए। जिल्ला अदालतले आरोपितलाई भदौ ४ गते पुर्पक्षको लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

दाइजोका कारण हत्या

विश्रामपुर गाउँपालिका–१ चतवा टोलकी २५ वर्षीया जाया कुशवाहालाई दाइजो नल्याएको आरोपमा ०८० साउन १२ गते हत्या गरेको आरोपमा पीडित पक्षले ३२ वर्षीय पति सन्दीप कुशवाहा, ५० वर्षीया सासु विद्यादेवी कुशवाहा र २७ वर्षीय देवर प्रवीण कुशवाहाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा साउन १७ गते उजुरी दियो। मोटरसाइकल किनेर दिए पनि कुटपिट गरेको र घरनिकाला समेत गरेपछि जयाले ०७९ फागुन १५ गते जिल्ला प्रहरी कार्यालयका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएकोमा ०७९ चैत १७ गतेको छलफलमा कुटपिट नगर्ने र कुनै प्रकारको यातना नदिने भन्दै 'मेलमिलाप' भएको थियो। आरोपित सन्दीप कुसवाहालाई साउन १८ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी होबिन्द्र बोगटीले बताए। जिल्ला अदालतले भदौ ११ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

जातीय विभेद

सिम्रौनगढ नगरपालिका-२ अमृतगञ्जका २२ वर्षीय अनमोल पासवानलाई ०८० वैशाख २९ गते तातो माड छ्यापी घाइते बनाएको आरोपमा सोही वडामा रहेको रानीवास रामजानकी मन्दिरका निमित्त महन्थ पुजारी ५० वर्षीय अनिरुद्ध पाण्डेलाई इलाका प्रहरी कार्यालय, सिम्रौनगढले सोही दिन गिरफ्तार गऱ्यो। पीडित पक्षले वैशाख २९ गते इलाका प्रहरी कार्यालयमा उजुरी दियो। वैशाख २९ गते मन्दिर घुम्न जाँदा महन्थले 'दलित भएर भान्सामा किन प्रवेश

गरेको' भनी गाली गर्दै भात पाकिरहेको भाँडाबाट माड झिकेर आफ्नो शरीरमा छ्यापेको पीडितले बताए। घाइतेको उपचार वैशाख २९ गते राज्यलक्ष्मी अस्पताल कलैयामा भयो। असोज १६ गते आरोपितले पीडितलाई औषधि उपचारका लागि २० हजार रुपियाँ दिने गरी सहमति भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी अस्पताल, दुई ओटा सामुदायिक अस्पताल, ९४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा पाँच जनाको दरबन्दी ०७७ सालदेखि रिक्त छन्। जिल्लामा ६ हजार ९ सय ४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

तालिका ५.२.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१			१
नवजात शिशुको हत्या			१	१
बलात्कार	१	३	१०	१४
यौन दुर्व्यवहार			४	४
जम्मा	२	३	१५	२०

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५८	१	१	१	६१
बलात्कार				५	५
बलात्कार प्रयास				२	२
जम्मा	५८	१	१	८	६८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	८	८

(स्रोत : इन्सेक, २०२३)

५.२.८ पर्सा

जम्मा जनसङ्ख्या	६,५४,४७१
महिला	३,१६,१८५
घर परिवार सङ्ख्या	१,१३,०१३
घरजग्गामा महिलाको स्वामित्व	२७,४८८
साक्षरता प्रतिशत	६९.१२
आश्रित जनसङ्ख्या	३,३४,९३२
अपाङ्गता भएका	९,३४४



यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १६ जना पुरुष तथा ज्यादतीका घटनामा ३८ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १८ जना महिला पीडित भए।

झडपमा घाइते

वीरगंज मनपा-४ को बिर्तास्थित बाल सुधार गृहमा ०८० पुस ५ गते राति झडप हुँदा सुधार गृहका क्याप्टेन २३ वर्षीय ललित भुजेल घाइते भएको जिल्ला प्रहरी कार्यालय, पर्साका डिएसपी ध्रुवकुमार श्रेष्ठले बताए। बाल सुधार गृहबाट चार जना बालकहरूलाई भक्तपुर बाल सुधार गृह लैजाने विषयमा विवाद हुँदा झडप भएको थियो। घाइते भुजेलको उपचार वीरगंजस्थित नारायणी अस्पतालमा भयो। बाल सुधार गृहको कार्यालयमा बालकहरूले तोडफोडसमेत गरेको बाल सुधार गृहका प्रमुख टिकाकृष्ण काफ्लेले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५० जना महिला र १ हजार जना पुरुषको छ। कारागारमा कैदीबन्दी १ हजार ४ सय ६४ जना छन्। जसमा महिला ६६ र पुरुष १ हजार ३ सय ९७ रहेका छन्। कारागारमा एक जना आश्रित बालिका छिन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि दुई जना दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। कारागारमा तीन जना जटिल मानसिक रोगको र १५ जना सामान्य मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। कारागारमा ३५ जना पुरुष र १० जना महिला गरी ४५ जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख फणिन्द्र दाहालले बताए। कारागारमा ८५ जना दीर्घरोगी छन्।

बाल सुधार गृह

वीरगंजस्थित बाल सुधार गृहको क्षमता ५० जनाको छ। तर, बाल सुधार गृहमा १ सय ३६ जना बालक छन्। बाल सुधार गृहमा बस्ने बालकले कारागार नियमावलीले तोकेको ७ सय ग्राम चामल र दैनिक ६० रुपियाँ पाउँदै आएका छन्। बालसुधार गृहमा एक जना स्टाफ नर्स कार्यरत रहेको कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले बताए।

बाल सुधार गृहको कमजोर व्यवस्थापनका कारण २०८० भदौ २६ गते राति खानाको विषयलाई लिएर विवाद हुँदा भएको झडपमा नौ जना बालक र

तालिका ५.२.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१२	१२	१	७	८
अमानवीय व्यवहार					१	१
हत्या				४	२	६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		४	४			
बाल अधिकार	नवजात शिशुको हत्या				१	१
	बलात्कार			१३		१३
	यौन दुर्व्यवहार			२		२
	जम्मा			१५	१	१६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	घरेलु हिंसा			५		५
	'बोक्सीको आरोप'			३		३
	बलात्कार			८		८
	बलात्कार प्रयास			२		२
	जम्मा			१८		१८
कूल जम्मा		१६	१६	३८	११	४९

(स्रोत : इन्सेक, २०२३)

तीन जना प्रहरीसहित १२ जना घाइते भए। त्यस्तै, पुस ५ गते राति दोस्रो पटक झडप हुँदा एक जना बालक घाइते भए। बालसुधार गृहको कमजोर व्यवस्थापनकै कारण असोज १२ गते बिहान दुई जना बालकहरू बाल सुधार गृहको छतको तारजाली काटेर भागे।

कमजोर भौतिक पूर्वाधारका कारण बालसुधार गृहमा एउटा कोठामा २० जनासम्म बालक राख्नुपर्ने अवस्था रहेको कार्यालयका निमित्त प्रमुख कृष्ण साह गोढले बताए। गर्मीको समयमा श्वासप्रश्वासमा समस्या देखिने, छालासम्बन्धी रोग देखा पर्ने गरेको निमित्त प्रमुख गोढले बताए। उनका अनुसार बाल सुधार गृहले मधेस प्रदेशका आठ ओटै जिल्लाका अदालतलाई पत्राचार गरेर बाल सुधार गृहमा बालक नपठाउन आग्रह गरेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

११ जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीश काजमा रहेकोले रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ६५ थान मध्ये ८ सय १५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार २ सय ५४ थान मध्ये १ हजार ९ सय ५५ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ८२ थान छन् भने देवानी मुद्दा ५ सय ७ थान बाँकी रहेको स्रेस्तेदार उद्धव ढोडारीले बताए।

उच्च अदालत

१५ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्ष देवानी मुद्दातर्फ १ हजार १ सय २४ थान, फौजदारी मुद्दातर्फ १ हजार १ थान र सुरू क्षेत्राधिकारबाट ५७ थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष १ हजार २ सय १५ थान मुद्दा फैसला भए।

बाल अधिकार

यस वर्ष पर्सा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा १३ जना बालिका र नवजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ६३ आधारभूत र १ सय ५० माध्यमिक विद्यालय छन्। यस वर्ष ६३ हजार ९ सय ३० बालक, ६९ हजार ५ सय ४५ जना बालिका र नौ जना अन्य विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका दुई बालिका र एक बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ४० ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार ५ सय ७६ दलित बालक र १ हजार ४८ दलित बालिका विद्यालय भर्ना भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय ६८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला

गरिएका १ सय ९८, खानलाउन नदिएका १ सय ५०, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका ४५, दाइजो नल्याएको भनी हेला गरेको २० र सामान्य घरायसी झगडाका ५५ उजुरी छन्। यीमध्ये प्रहरीले ४ सय ३३ ओटामा मेलमिलाप गरायो भने ३५ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका असई अजित सिंहले बताए।

यो वर्ष पर्सा जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा दुई, बोक्सीको आरोप घटनामा दुई, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

वीरगंज मनपा-१४ बहुअरीकी ३५ वर्षीया महिमा खातुनलाई २०८० कात्तिक ४ गते पति ४७ वर्षीय इजहारुल अन्सारीले धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितको हेल्थ केयर अस्पताल, वीरगञ्जमा उपचारका क्रममा कात्तिक ५ गते मृत्यु भयो। प्रहरीले पति इजहारुल अन्सारीलाई कात्तिक १३ गते र उनकी जेठी पत्नी नुरजहालाई कात्तिक १६ गते गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुमारविक्रम थापाले बताए। पीडित पक्षले कात्तिक ५ गते मृतकका पति, ६५ वर्षीय ससुरा फजल करिम मियाँ, ६३ वर्षीया सासू सरिफन खातुन र सौता नुरजहान विरुद्ध उजुरी दियो। जिल्ला अदालतले मङ्सिर ६ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। अन्य आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

'बोक्सी'को आरोप

वीरगंज मनपा-२४ की ७० वर्षीया पार्वतीयादेवी अहिरिनलाई २०८० असार २६ गते 'बोक्सी'को आरोपमा कुटपिट गरेको भन्दै प्रहरीले सोही ठाउँका ५० वर्षीय काशी राउत अहिर र उनका २५ वर्षीय छोरा ब्रजेश यादवलाई साउन २१ गते गिरफ्तार गऱ्यो। पीडितको उपचार असार २६ गते नारायणी उपक्षेत्रीय अस्पताल, वीरगंजमा भयो। जिल्ला अदालतले साउन २५ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ७९ ओटा स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र र चार नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ५९ जना विशेषज्ञको दरबन्दीमा २१ जनाको दरबन्दी रिक्त छ।

तालिका ५.२.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
नवजात शिशुको हत्या	१		१
बलात्कार	३	१०	१३
यौन दुर्व्यवहार	१	१	२
जम्मा	५	११	१६

बाल अधिकार			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बेचबिखन तथा ओसारपसार प्रयास	१		१
घरेलु हिंसा	२	३	५
'बोक्सी'को आरोप		२	२
बलात्कार	६	२	८
बलात्कार प्रयास	१	१	२
जम्मा	१०	८	१८

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	६	६

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.३ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

बागमती प्रदेश

५.३.१ दोलखा

जम्मा जनसङ्ख्या	१,७२,७६७
महिला	८९,०४७
घर परिवार सङ्ख्या	४९,४९३
घरजग्गामा महिलाको स्वामित्व	१०,५१९
साक्षरता प्रतिशत	७२.३१
आश्रित जनसङ्ख्या	८४,८६९
अपाङ्गता भएका	५,६००

दोलखाको गौरीशङ्कर गाउँपालिका-५, सुरीका हर्के सुरेललाई आफ्नो भाषा र संस्कृति मासिएला भन्ने चिन्ता छ। नयाँपुस्ताले सुरेल भाषा बोल्न छाडेपछि आफ्नो पुस्ताको अन्त्यसँगै सुरेल भाषा नै लोप हुने डर उनलाई छ। हर्केलाई मात्र होइन यही चिन्ता हर्कबहादुर सुरेललाई पनि छ। भाषा र संस्कृतिको संरक्षणको लागि आफूहरूले गरेको प्रयास नकाम हुँदै गएपछि आफ्नो समुदायको भाषा, संस्कार र संस्कृति लोप हुने भयो भन्ने चिन्ता उनलाई छ। लोपोन्मुख जातिमा पर्ने सुरेल समुदायको दोलखाको सुरीमा मात्र बसोबास रहेको छ। सोही जातिको बसोवास भएको कारण ठाउँको नाम नै सुरी रहन गएको हो। सुरीमा ९२ घरधुरी सुरेल समुदायको बसोबास रहेको तथ्याङ्क छ। सो समुदायको कूल जनसङ्ख्या ३ सय १८ छ भने मतदाता सङ्ख्या ८० रहेको छ। थोरै सङ्ख्यामा रहेका भए पनि यो समुदायको आफ्नै भाषा, संस्कार, संस्कृति छ। तर, पछिल्लो समय सुरेल युवाहरूले अन्तरजातीय विवाह गर्ने तथा नेपाली भाषा र अन्य समुदायको भाषा, धर्म र संस्कारले थिच्दै गएपछि उनीहरूको मौलिक भाषा, संस्कार र संस्कृति लोप हुँदै गएको छ। प्राथमिक तहमा मात्रै भए पनि सुरेल भाषामा पढाइ गरिदियो भने भाषा मरेर नजाने हर्के सुरेलले बताए। सुरेल समुदायका अगुवाको नेतृत्वमा हाल स्थानीय विष्णु आधारभूत विद्यालयमा मातृभाषामा सुर्चङ्गलो (सुरेल भाषाका कुरा) पाठ्यपुस्तक निर्माण गरी कक्षा १ देखि ५ सम्म दैनिक ४५ मिनेटको एक घन्टी पढाउन सुरु गरिएको स्थानीय तीर्थबहादुर सुरेल बताउँछन्। सो विद्यालयमा १६ जना सुरेल बालबालिका सुर्चङ्गलो अध्ययन गर्न थालेका विद्यालयकी शिक्षिका प्रमीला सुरेल बताउँछिन्। भाषा शिक्षा अध्यापनका लागि गौरीशङ्कर गाउँपालिकाले सहयोग गरेको भए पनि यसको निरन्तरतामा भने अन्यौल छ। सो समुदायको भाषा, संस्कार र संस्कृतिको संरक्षण हुनुपर्ने सुरेल समुदायको माग छ।

यस वर्ष दोलखा जिल्लामा ज्यादतीका घटनामा ३१ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए।

कारागार र बन्दी

५० जनाको क्षमता भएको दोलखा जिल्ला कारागारमा १ सय ५१ जना पुरुषमात्र छन्। महिला कैदी/बन्दीलाई रामेछाप वा अन्य कारागारमा पठाउने गरिएको छ। कारागारमा मुढा बुन्ने तथा ढाकाको सीपमूलक तालिमको व्यवस्था छ। कारागारमा नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेकोमा रिक्त छ। भीमेश्वर नगरपालिकाको सहयोगमा एक जना अहेबमार्फत् स्वास्थ्य परीक्षण गर्ने गरिएको प्रमुख रामकृष्ण घिमिरेले बताए। ६० वर्ष नाघेका पाँच जना छन्। खेलकुदका सामग्री सहित पुस्तकालयको व्यवस्था गरिएको छ। कैदी/बन्दीहरूका लागि

प्रशासनले नै कारागारभित्र सामान्य पसल सञ्चालन गर्दै आएको, परिवारजनसँग सम्पर्कका लागि टेलिफोनको सुविधा रहेको, पुस्तकालयको उचित व्यवस्थापन भएको प्रमुख घिमिरेले बताए। गर्मी र जाडो समयमा वर्षमा दुई पटक लगाउने कपडा उपलब्ध गराइन्छ भने सिरक डस्ना दुई वर्षमा एक पटक उपलब्ध गराइने घिमिरेले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ६६ थानमध्ये २ सय २१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ९५ थानमध्ये ३ सय ६९ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन्। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ३ सय ६१ थान मुद्दा रहेका छन्।

बाल अधिकार

यस वर्ष दोलखा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ २ सय ४१ आधारभूत र ८५ माबि र संस्थागततर्फ ३२ आधारभूत र सात ओटा माबि छन्। जिल्लामा छात्रा १८ हजार ६ सय ६४ र छात्र १८ हजार ४ सय २७ जना अध्ययनरत छन्। जसमा अपाङ्गता भएका २ सय ३७ छात्रा र २ सय ६६ जना छात्र छन्। दलित छात्रा २ हजार ७३ जना र छात्र २ हजार १२ जना छन्। वैदेशिक रोजगार छात्रवृत्ति स्थानीय तहमार्फत् वितरण हुने भएकोले जिल्लामा त्यसको तथ्याङ्क नरहने र शहीद परिवार छात्रवृत्तिका लागि सूचना प्रकाशित भई निवेदन सङ्कलन भइरहेको शिक्षा विकास तथा समन्वय एकाइ, दोलखाका प्रमुख शङ्करबाबु श्रेष्ठले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै २० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा आठ उजुरीमा मेलमिलाप भयो। सम्पर्कमा नआएको चार ओटा र प्रक्रियामा पठाइएको आठ ओटा छन्। अन्य उजुरीका सम्बन्धमा प्रहरी कार्यालयमा आउने बित्तिकै सबै पीडितलाई न्याय दिलाउन, आरोपितलाई घरेलु हिंसा सम्बन्धी कारबाही र खानलाउन नदिएको पीडित र आरोपित दुबै पक्षलाई राखी आइन्दा त्यस्तो नगर्ने सर्तको कागजात गराई नमानेमा सम्बन्धित पक्षमा थप कारबाहीका लागि पठाउने गरिएको सेवा केन्द्रका इन्स्पेक्टर जीवन श्रेष्ठले बताए।

यो वर्ष दोलखा जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा तीन र घरेलु हिंसाका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ५.३.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			३	३
घाइते		३		३
हत्या		३	१	३
जातीय विभेद		१	३	३
बाल अधिकार	बलात्कार	१३		१३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१४		१४
महिला अधिकार	घरेलु हिंसा	१		१
	बलात्कार	८		८
	बलात्कार प्रयास	३		३
	जम्मा	१३		१३
कूल जम्मा		३१	६	३७

(स्रोत : इन्सेक, २०२३)

बलात्कार

२७ वर्षीया महिलालाई ०७९ माघ २८ गते बलात्कार गरेको आरोपमा भीमेश्वर नगरपालिका-२ का २८ वर्षीय मानवहादुर थामी र सोही ठाउँका ३५ वर्षीय सागर श्रेष्ठविरुद्ध पीडितले फागुन २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितहरूलाई फागुन २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश डिल्लीरत्न श्रेष्ठको ०८० भदौ ६ गतेको इजलासले आरोपितहरूलाई कसुर ठहर गरी जनही ८ वर्ष कैद र ५ लाख रुपियाँ जरिवाना भराउने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ५२ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र ६ शहरी स्वास्थ्य केन्द्र छन्। जिल्लामा रहेका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरूको दरबन्दी रिक्त रहेको सङ्ख्या उपलब्ध नरहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख सानुकाजी थापाले बताए।

सदरमुकाममा रहेको पशुपति चौलागाई प्रादेशिक अस्पतालमा समेत निःशुल्क औषधी वितरण गर्न नसकिएको अस्पालका अध्यक्ष भरत प्रधानले बताए।

तालिका ५.३.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	१०	१३
यौन दुर्व्यवहार		१	१
जम्मा	३	११	१४

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	८
बलात्कार प्रयास	३	३
जम्मा	११	११

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.३.२ सिन्धुपाल्चोक



जम्मा जनसङ्ख्या	२,६२,६२४
महिला	१,३३,४१९
घर परिवार सङ्ख्या	७१,६९७
घरजग्गामा महिलाको स्वामित्व	९,३८४
साक्षरता प्रतिशत	६८.०४
आश्रित जनसङ्ख्या	१,२६,७१२
अपाङ्गता भएका	८,२२६

सिन्धुपाल्चोक जिल्लामा हरेक वर्ष प्राकृतिक विपत्का कारणले ठूलो धनजनको क्षति भइरहेको छ। २०७१ साउन १७ गते राति गएको जुरे पहिरो, ०७१ भदौ ९ गतेको जलवीरे खमारे पहिरो, ०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प, ०७३ साउनमा भोटेकोशी नदीको बाढी, ०७७ साउनमा बाह्रबीसे पहिरो, ०७७ साउन ३० गते लिदीको पहिरो, ०७८ असार १ गते मेलम्ची नदीमा आएको बाढी लगायतले जिल्लाका विभिन्न स्थानहरूमा ठूलो मानवीय तथा आर्थिक क्षति भयो।

०७२ साल वैशाख १२, १३, २९ गतेका भूकम्प र त्यसपछिका परकम्पका कारण जिल्लामा ३ हजार ५ सय ७५ जनाको मृत्यु र १ हजार ५ सय ६९ जना घाइते भए। ६७ हजार ३ सय ८३ घर क्षति भएको थियो। भूकम्पका कारण जिल्लाका सबै गाउँबस्ती प्रभावित भएका थिए। भूकम्पका कारण विस्थापित भएका जुगल गाउँपालिकाको लिदी, नाम्फा, गुम्बा त्यसैगरी, भोटेकोशी गाउँपालिकाको तातोपानी, बाह्रबीसे नपाको गाती, बलेफी गाउँपालिकाको खमारेलगायतका ठाउँका नागरिकहरू उचित व्यवस्थापन नहुँदा सोही ठाउँमा पुन:फर्कन बाध्य भए। भूकम्पका कारण चिराचिरा भएको जमीनमा लगातारको वर्षाले पहिरो जान मद्दत पुग्यो।

जिल्लामा विभिन्न समयमा आएको पहिरोले धेरै जनधनको क्षति भएको तथ्याङ्क छ। ०७१ साउन १७ गते जुरे पहिरोमा १ सय ४५ जनाको मृत्यु भएको थियो भने १५ जना घाइते भएका थिए। सो पहिरोले १ सय १३ घर बगाएको थियो। त्यसैगरी, ०७१ भदौ ९ गते बलेफी गाउँपालिकास्थित खमारेमा गएको पहिरोले पाँच जनाको मृत्यु भएको थियो भने १८ घर पुरिएका थिए। ०७७ असार २४ गते बाह्रबीसे नपास्थित जम्बुमा आएको पहिरोले दुई जनाको मृत्यु भएको थियो भने १७ जना बेपत्ता भएका थिए। पहिरोमा ३९ घर पुरिएका थिए। ०७७ साल असार २४ गते बलेफी गाउँपालिकास्थित खमारेमा आएको पहिरोले १० घर बगायो। ०७७ असार २४ गते आएको पहिरोले भोटेकोशी गाउँपालिकाको बुलकोटेमा चार जनाको मृत्यु भयो भने चार घर बगायो। ०७७ साउन ३० गते जुगल गाउँपालिकास्थित लिदीमा आएको पहिरोले ३५ जनाको मृत्यु भयो, दुई जना बेपत्ता भए र २९ घर पुरियो। ०७७ साल साउन १ गते भोटेकोशी गाउँपालिकास्थित फुल्पिङकट्टीमा आएको पहिरोले पाँच जनाको मृत्यु भयो भने तीन घर पुरिए। मेलम्ची बजारमा ०७७ साउन १९ गते आएको पहिरोले नौ जनाको मृत्यु भयो। ०७७ साउन १९ गते पाँचपोखरी थाम्पाल गाउँपालिकामा आएको पहिरोमा दुई जनाको मृत्यु भयो भने पाँच घर पुरिए। त्यसैगरी ०७७ भदौ २८ गते राति बाह्रबीसे नपामा आएको पहिरोमा १७ जनाको मृत्यु, १४ जना बेपत्ता र २७ घर बगाएको नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाले जनायो।

तालिका ५.३.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			५	५
घाइते			१	१
हत्या		१	३	३
जातीय विभेद		१		१
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय	३	१	४
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	६	१	७
	जम्मा	१५	३	१७
महिला अधिकार	घरेलु हिंसा	४३		४३
	बलात्कार	३		३
	बलात्कार प्रयास	८		८
	यौन दुर्व्यवहार	१		१
	जम्मा	५४		५४
कूल जम्मा		७१	१०	८१

(स्रोत : इन्सेक, २०२३)

पहिरोका कारण धनजनको क्षति भएका उल्लिखित गाउँबस्तीहरूको जमीन विभिन्न समयमा आएको भूकम्पले चिराचिरा पारेको थियो। विभिन्न समयमा आएको भूकम्प तथा पराकम्पका कारणले विस्थापित भएका नागरिकहरूको व्यवस्थापन नभएपछि पुन: आफ्नै पुरानो थातथलोमा फर्कनुपर्ने बाध्यता परेको थियो। अझै पनि जोखिमयुक्त बस्तीका नागरिकको व्यवस्थापन हुन सकेको छैन। समय छँदै जोखिमयुक्त बस्तीहरूका नागरिकहरूको उचित व्यवस्थापन हुन नसकेमा पुन: ठूलो क्षति हुने नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखाले जनाएको छ।

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा ज्यादतीका घटनामा ७१ जना महिला र १० जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५४ जना महिला पीडित भए।

कारागार र बन्दी

५० जनाको क्षमता भएको जिल्ला कारागार सिन्धुपाल्चोकमा कैद तोकिएका २९ जना र कैद नतोकिएका ८८ जना गरी १ सय १७ जना पुरुष रहेका छन्। कारागारमा दुई जना ज्येष्ठ नागरिक रहेका छन्। क्षमता भन्दा निकै बढी कैदीबन्दी राखिएकोले पालो कुरेर शौचालय जानुपर्ने बाध्यता रहेको छ। कैदीबन्दीहरूको नियमित स्वास्थ्य परीक्षण गर्न एक जना स्वास्थ्यकर्मीको दरबन्दी भए पनि रिक्त रहेकोले कैदीबन्दीहरूको स्वास्थ्य जाँच गर्न चौतारा अस्पताल लैजानु परेको जेलर अनिल बुढाथोकीले बताए।

कारागारमा झडप

चौतारा कारागारमा ०७९ पुस १७ गते बेलुका कैदीबन्दीबीच झडप हुँदा दुई जना घाइते भए। जेलभित्रको आन्तरिक प्रशासनको विषयमा विवाद हुँदा कारागारका नाइके र चौकीदारबीच विवाद भएको थियो। झडपमा रमेश लामा र दावा लामा घाइते भएको कारागार शाखाका गौरव श्रेष्ठले बताए। विवादमा संलग्न सात जना कैदीबन्दीलाई पुस १७ गते बेलुकादेखि जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो भने विवाद गरी झडप गर्नेमध्ये रमेश लामालाई भीमफेदीमा र अन्यलाई पुस २० गते रामेछाप कारागार सरुवा गरिएको जेल प्रशासनले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानी मुद्दातर्फ २ सय ५ थान, फौजदारी मुद्दातर्फ ५६ थान मुद्दा र एउटा रिट गरी २ सय ६२ थान मुद्दा दर्ता भए। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका देवानी मुद्दातर्फ १ सय ६७ थान र फौजदारी मुद्दातर्फ ९१ थान मुद्दा रहे। यस वर्ष जिल्ला अदालतले १ सय ७९ थान मुद्दा फैसला गऱ्यो। दुई वर्ष पुरानो एक थान फौजदारी मुद्दा रहेको छ।

बाल अधिकार

यस वर्ष सिन्धुपाल्चोक जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक बालक र ६ बालिका, बलात्कार घटनामा ६ बालिका तथा विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक बालक र तीन बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ४२ आधारभूत विद्यालय र १ सय ३७ ओटा माविं छन्। सबै सामुदायिक विद्यालयमा शौचालय र खानेपानीको व्यवस्था गरिएको छ। जिल्लाको धेरैजसो विद्यालय अपाङ्गता मैत्री कक्षाकोठा छैनन्। जिल्लामा १५-६० उमेर समूहमा ९७.६८

प्रतिशत साक्षर भएको जिल्ला शिक्षा समन्वय एकाइका प्रमुख कृष्णप्रसाद सुवेदीले बताए। अहिले त्यो प्रतिशत घट्दो अवस्थामा रहेको छ। जिल्लाका १ सय ३७ ओटा विद्यालय अपाङ्गतामैत्री रहेको सुवेदीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १९, खानलाउन नदिएर बेवास्ता गरेको १३, गालीगलौज गरी अपशब्द बोलेको १२ उजुरी छन्। जसमा ४१ उजुरीमा मेलमिलाप भएको, एक उजुरी कानुनी प्रक्रियामा अगाडि बढाएको र दुई उजुरी कानुनी प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रहरी जवान सुशीला खत्रीले बताइन्।

यो वर्ष सिन्धुपाल्चोक जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासका घटनामा आठ, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा ४२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गर्‍यो।

स्वास्थ्य सेवाको अवस्था

आधारभूत स्वास्थ्य सेवाबाट नागरिक वञ्चित हुनु नपरेको जिल्ला स्वास्थ्य कार्यालयकी प्रमुख दुर्गा बजगाईले बताइन्। कुपोषणका कारण बालबालिकाको स्वास्थ्यमा समस्या अझै कायमै छ। बाल विवाह तथा प्रजनन् स्वास्थ्यको खराब अवस्थाले रक्त अल्पता, पाठेघरको समस्या, डिप्रेसनका समस्या देखिएको छ। अस्पतालहरूमा ९८ र स्वास्थ्य चौकीहरूमा ९३ प्रकारका औषधीहरू नि:शुल्क पाइने भनिए तापनि स्वास्थ्य चौकी अनुगमनमा गर्दा औषधीको अभाव भएको पाइयो।

तालिका ५.३.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय		३			३
बलात्कार			१	५	६
यौन दुर्व्यवहार	१			६	७
जम्मा	१	३	१	११	१५

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	३४	१	६	४२
बलात्कार				३	३
बलात्कार प्रयास			३	६	८
यौन दुर्व्यवहार			१		१
जम्मा	१	३४	४	१५	५४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	३

(स्रोत : इन्सेक, २०२३)

५.३.३ रसुवा



जम्मा जनसङ्ख्या	४६,६८९
महिला	२२,६५४
घर परिवार सङ्ख्या	११,१३१
घरजग्गामा महिलाको स्वामित्व	१,७७६
साक्षरता प्रतिशत	६९.६०
आश्रित जनसङ्ख्या	२२,१२१
अपाङ्गता भएका	१,२९३

आठ वर्ष बित्दा पनि ०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पका कारण विस्थापितहरूको निजी आवास पुनर्निर्माण हुन सकेको छैन। भूकम्पका कारण विस्थापित भएका १ हजार १ सय ५० परिवारमध्ये अझै १ सय ७४ परिवारको सुरक्षित स्थानमा जग्गा नहुँदा सुरक्षित आवास निर्माण गर्न सकेका छैनन्। उनीहरू अझै उत्तरगया गाउँपालिका-५, त्रिशूली खोला किनारको खाल्टे बगरमा जोखिमपूर्ण तरिकाले टिनको छाप्रोमा बस्दै आएका छन्। उनीहरूका लागि तल्लो पैरेमा एकीकृत बस्ती बसाउन सरकारले जग्गा अधिग्रहण गरे पनि सुरक्षित आवास निर्माण सुरु हुन सकेको छैन। त्यहाँ १ सय २८ परिवारलाई मात्र पुग्ने जग्गा व्यवस्था भएको छ। अब ४६ परिवारले कहाँ जग्गा प्राप्त गर्ने भन्ने अन्यौल कायमै रहेको ५ नं. वडाका अध्यक्ष यमनाथ आचार्यले बताए। हालसम्म पनि सुरक्षित आवास नपाउँदा नागरिकले विभिन्न स्वास्थ्य समस्या झेल्दै आएका छन्।

यसैगरी, उत्तरगया गाउँपालिका-१ को तिरु गाउँमा १ सय ५४ परिवारमध्ये १ सय २५ परिवारले जग्गा प्राप्त गरे। २९ परिवारले आवास निर्माणका लागि जग्गा पाउन सकेका छैनन्। जग्गा पाएकामध्ये पनि १ सय ६ परिवारको मात्र निजी आवास निर्माण भयो। त्यहाँ १ सय ६ ओटा घर बनेको दुई वर्ष बित्दा पनि आवासको उपभोग गरेर बस्न नपाएको १ नं. वडाका अध्यक्ष मारसिं तामाङले बताए।

यस वर्ष रसुवा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष तथा ज्यादतीका घटनामा २५ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

बेपत्ता

गोसाइकुण्ड गाउँपालिका-१, थुमनका ४२ वर्षीय काले भनिने छिरिङ तामाङलाई ०८० कात्तिक ८ गते प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लैजाने क्रममा बाटोबाट बेपत्ता भएको भन्दै जिल्ला प्रहरी कार्यालयमा कार्यरत असई ४६ वर्षीय रामविद्या साह, प्रहरी हवल्दार ४३ वर्षीय जगतनारायण बछाड थारु, गोसाइकुण्ड गाउँपालिका-१ निवासी ३७ वर्षीय दावा ग्याल्जेन तामाङ र गोसाइकुण्ड गाउँपालिका-१ का वडाध्यक्ष ३९ वर्षीय उर्केनछिरिङ तामाङविरुद्ध पीडित पक्षले कात्तिक ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरू चारै जनालाई प्रहरीले कात्तिक १४ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् जिल्ला अदालतमा मङ्सिर ८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश भुवनसिंह थापाको मङ्सिर ८ गतेको इजलासले वडाध्यक्ष तामाङलाई ५ लाख, प्रहरीहरू साह र थारुलाई जनही ६ लाख ५० हजार रुपियाँ र मोटरसाइकल चालकलाई ३ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। गोसाइँकुण्ड गाउँपालिका-१ का ६३ वर्षीय भेण्डा भनिने फुर्पुछिरिङ तामाङलाई कात्तिक ५ गते छिरिङ तामाङको एक समूहले धारिलो हतियार प्रयोग गरी कुटपिट गरी

गम्भीर घाइते पारेको भन्दै तामाङलाई कात्तिक ८ गते प्रहरीले गिरफ्तार गरेको थियो। मोटरसाइकलमा राखिएका उनी धुन्चे लैजाने क्रममा बाटोबाट बेपत्ता भएका थिए। वर्षको अन्त्यसम्म उनको अवस्था सार्वजनिक भएन।

कारागार र बन्दी

१ सय ३० जना क्षमताको जिल्ला कारागारमा ७२ जना कैदी र तीन जना थुनुवा गरी ७५ जना छन्। जसमा पाँच महिला र एक ज्येष्ठ नागरिक छन्। कारागार भवन सामान्य जस्ताको टहरामा छ। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना सिनियर अहेवले दरबन्दीमा कार्यरत छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानी मुद्दातर्फ ३८ थान र फौजदारी मुद्दातर्फ पाँच थान मुद्दा दर्ता भए। जसमा ३० थान देवानी र एक थान फौजदारी मुद्दा फैसला हुन बाँकी रहे। गत वर्षको जिम्मेवारी सरेर आएको देवानी ३२ थान र फौजदारी दुई थान मुद्दामध्ये देवानी मुद्दा सात थान फैसला हुन बाँकी रहेको जिल्ला अदालतका तहसिलदार गोपी विश्वकर्माले बताए।

बालअधिकार

शिक्षाको अवस्था

जिल्लामा ७२ आधारभूत र १९ मावि छन्। संस्थागत विद्यालय १२ छन्। जिल्लाभर १२ हजार १ सय ३७ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा नवनिर्मित विद्यालयहरू पाँच ओटा मात्र अपाङ्गतामैत्री छन्। यस वर्ष जिल्लामा २ सय २७ जना विद्यार्थीले छात्रवृत्ति रकम पाए। द्वन्द्वपीडित परिवारका एक जनालाई छात्रवृत्ति प्रदान गरिएको शिक्षा समन्वय एकाइ रसुवाका प्रमुख रमाकान्त अर्यालले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै १६ जना महिलाले जिल्लाका विभिन्न प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र उजुरी दर्ता गराए। जसमा कुटपिट दुई, गाली गलौजका चार, आर्थिक हिंसाका चार, हेला गरेको दुई

तालिका ५.३.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				३	१	३
बेपत्ता		१	१			
घाइते				३	१	३
हत्या				१	१	२
धम्की				१		१
महिला अधिकार	घरेलु हिंसा			१४		१४
	बलात्कार प्रयास			२		२
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१९		१९
कूल जम्मा		१	१	३५	३	३८

(स्रोत : इन्सेक, २०२३)

र सामान्य घरायसी झगडाका चार घटना छन्। प्रहरीले यी घरेलु हिंसा सम्बन्धी उजुरी सबै मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका डिएसपी सुवास बुढाथोकीले बताए।

यो वर्ष रसुवा जिल्लामा बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा तीन र घरेलु हिंसाका घटनामा १४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

रसुवामा एक जिल्ला अस्पताल, एक ग्रामीण अस्पताल, १७ स्वास्थ्य चौकी, नौ सामुदायिक स्वास्थ्य एकाइ रहेका र एक आयुर्वेद सेवा केन्द्र र पाँच ओटा आयुर्वेद औषधालय छन्। दुई जना डाक्टरको दरबन्दी रहेकोमा कार्यरत छन्। गाउँपालिका तहमा रहेका स्वास्थ्य संस्थामा समय-समयमा औषधी तथा स्वास्थ्यकर्मी अभाव हुने गरेको स्थानीयको गुनासो छ। नौकुण्ड र आमाछोदिङमो गाउँपालिकाबाट स्वास्थ्यकर्मी सरुवा भए पनि दरबन्दी अनुसारका स्वास्थ्यकर्मी उपलब्ध भएनन्। स्वास्थ्य चौकीहरूमा ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि निःशुल्क पाइने औषधीको समय समयमा अभाव हुने गरेको छ।

तालिका ५.३.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	१४			१४
बलात्कार प्रयास		१	१	२
यौन दुर्व्यवहार			३	३
जम्मा	१४	१	४	१९

मारिएकाको सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२३)

५.३.४ धादिङ



जम्मा जनसङ्ख्या	३,२५,७१०
महिला	१,६६,६६२
घर परिवार सङ्ख्या	८३,६२२
घरजग्गामा महिलाको स्वामित्व	१४,२३१
साक्षरता प्रतिशत	७२.४०
आश्रित जनसङ्ख्या	१,६०,०२४
अपाङ्गता भएका	९,०१७

यस वर्ष धादिङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र एक जना पुरुष तथा ज्यादतीका घटनामा ६० जना महिला र १७ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २५ जना महिला पीडित भए।

कारागार र बन्दी

२ सय ६५ जना क्षमता भएको जिल्ला कारागारमा ३ सय १५ जना कैदीबन्दी छन्। जसमा २५ महिला, २ सय ८८ पुरुष र आश्रित बालक दुई जना रहेको जेलर राममणि मिश्रले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जनाको दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा दीर्घरोगी २६ जना पुरुष र दुई जना महिला गरी २८ जना रहेको कारागारका नाइके विष्णुलाल श्रेष्ठले बताए। मुद्दा फैसला भएको भए पनि कैदी पूर्जी नपाएको उनीहरूले बताए। आश्रित दुई जना बालकमध्ये एक जनाको जन्म दर्ता नभएकोले विद्यालय भर्नामा समेत समस्या भएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय २२ थानमध्ये ४ सय थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ९ सय १० थानमध्ये ६ सय ५० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ८७ थान छन् भने देवानी मुद्दा ५४ थान छन्। निषेधाज्ञाका ११ थान मुद्दामध्ये ६ थान मुद्दा फैसला भए। मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय वडाबाट आउनुपर्ने विभिन्न किसिमका कागजपत्र समयमै नआउँदा मुद्दा फैसलामा ढिलाइ हुने गरेको जिल्ला न्यायाधीश गोपालप्रसाद बास्तोलाले बताए।

बाल अधिकार

यस वर्ष धादिङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६, बलात्कारका घटनामा २२, बालविवाहको घटनामा एक, बेचबिखन तथा ओसारपसारको घटनामा एक बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय ५९ आधारभूत र १ सय ४० माध्यमिक विद्यालय छन्। यस वर्ष ३६ हजार ७ सय ६६ बालक र ३३ हजार ४ सय २३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५१ बालिका र १ सय ८५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय सात ओटा छन्।

तालिका ५.३.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१	२			
कुटपिट						३	३
बेपत्ता						१	१
घाइते						६	६
हत्या					५	३	८
जातीय विभेद						२	२
बाल अधिकार	बालविवाह				१		१
	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					२	२
	बलात्कार				११		११
	यौन दुर्व्यवहार				६		६
	जम्मा				३०	२	३२
महिला अधिकार	घरेलु हिंसा				८		८
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				७		७
	बलात्कार प्रयास				७		७
	बेचबिखन तथा ओसारपसार				२		२
	जम्मा				२५		२५
कूल जम्मा		१	१	२	६०	१७	७७

(स्रोत : इन्सेक, २०२३)

बलात्कार

१३ वर्षीया बालिकालाई ०८० जेठ ६ गते बलात्कार गरेको आरोपमा गजुरी गाउँपालिका-४ का ४३ वर्षीय डिलबहादुर रुम्बा तामाङविरुद्ध पीडित पक्षले असार १० गते इलाका प्रहरी कार्यालय, गजुरीमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको मङ्सिर २९ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १८ वर्ष कैद र ७ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २३, पालनपोषण तथा खानलाउन नदिएका १८, सामान्य घरायसी झगडाका १४ र गालीगलौजका एक उजुरी छन्। यी मध्ये प्रहरीले ३८ उजुरीमा मेलमिलाप गरायो भने १८ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवम् डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए।

यो वर्ष धादिङ जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा सात, बेचबिखन तथा ओसारपसारका घटनामा दुई, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

४५ वर्षीया एक महिलालाई ०७९ चैत १४ गते बलात्कार गरेको आरोपमा गजुरी गाउँपालिका-२ का २१ वर्षीय आइमान सिं तामाङविरुद्ध पीडितले चैत १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई चैत १४ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको ०८० पुस १२ गतेको इजलासले आरोपितलाई कसुर

ठहर गर्दै ८ वर्षको कैद सजाय र ३ लाख रुपियाँ जरिबाना रकम पीडितलाई उपलब्ध गराउने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ६ ग्रामीण अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, तीन नगर स्वास्थ्य केन्द्र, ३९ आधारभुत स्वास्थ्य केन्द्र, २३ सामुदायिक स्वास्थ्य एकाइ रहेका छन्। सदरमुकामस्थित सरकारी धादिङ अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा दुई रिक्त रहेको अस्पतालका सूचना अधिकारी डा. रामचन्द्र रिजालले बताए। बिरामीको चाप दैनिक ४ सय रहेको धादिङ अस्पतालमा तीन जना स्टाफ नर्स अध्ययन बिदामा गएकाले समस्या सिर्जना भएको छ। जिल्लामा ३ सय ८ जना स्वास्थ्यकर्मीको दरबन्दीमा १ सय जना रिक्त, १९ जना अध्यायन बिदा र १ सय ८९ कार्यरत छन्। जिल्लामा ५६ हजार १ सय ७४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। यसमध्ये ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा १४ हजार ५ सय ५५ जनाको बीमा गरिएको छ। अपाङ्गता ४ सय ५२ जना, कुष्ठरोगी एक जना, एचआइभि एड्स भएका ९७ जना, जटिल क्षयरोग चार जना स्वास्थ्य बीमा कार्यक्रममा सहभागि भएको स्वास्थ्य बीमा बोर्ड धादिङ कार्यालयका प्रमुख संगम अर्यालले बताए।

तालिका ५.३.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१				१
बेचबिखन तथा ओसारपसार				१	१
विद्यालयमा दिइने शारीरिक सजाय		१	१		२
बलात्कार	३		२	१८	२२
यौन दुर्व्यवहार			१	५	६
जम्मा	४	१	४	२३	३२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५	२	१	८
'बोक्सी'को आरोप			१	१
बलात्कार			८	८
बलात्कार प्रयास			८	८
बेचबिखन तथा ओसारपसार			१	१
जम्मा	५	२	१८	२४

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	८	८

(स्रोत : इन्सेक, २०२३)

५.३.५ नुवाकोट



जम्मा जनसङ्ख्या	२,६३,३९१
महिला	१,३४,३९३
घर परिवार सङ्ख्या	६८,६४६
घरजग्गामा महिलाको स्वामित्व	१२,२३५
साक्षरता प्रतिशत	६९.०७
आश्रित जनसङ्ख्या	१,२५,८३८
अपाङ्गता भएका	६,९३९

यस वर्ष नुवाकोट जिल्लामा ज्यादतीका घटनामा ३४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २० जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार हत्या

पञ्चकन्या गाउँपालिका-३, तीनघरेकी ७१ वर्षीया नुरकुमारी थापाको ०८० असोज २४ गते धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्दै पञ्चकन्या गाउँपालिका-७ का २७ वर्षीय श्यामबहादुर तामाङविरुद्ध पीडित पक्षले असोज २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले असोज २६ गते गिरफ्तार गऱ्यो। ५ हजार रुपियाँ दर्शै खर्च सापटी मागदा नदिएको झोकमा हत्या गरेको आरोपितले स्वीकार गरेको प्रहरीले जनायो। जिल्ला अदालतको कात्तिक १६ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

कारागार र बन्दी

१ सय २२ जनाको क्षमता रहेको कारागारमा १ सय ६६ जना कैदीबन्दी छन्। कारागारमा १७ महिला र १ सय ४९ जना पुरुष छन्। ६० वर्ष माथिका तीन जना रहेका छन्। एचआईभी सङ्क्रमित दुई जना छन्। एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा रिक्त छ। स्थान अभावले गर्दा कैदी बन्दीलाई जाडोमा सुत्नको लागि समस्या छ। शौचालय प्रयोगमा पनि लामो समय कुर्नुपर्ने बाध्यता रहेको जेलर गङ्गालाल योगीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा फौजदारी मुद्दातर्फ ३ सय ५२ थान मुद्दामा २ सय १४ थान फैसला भए। देवानी मुद्दातर्फ ८ सय २९ थान मुद्दामध्ये ५ सय ७६ थान मुद्दा फैसला भए। अदालतमा मुद्दाको चाप बढेअनुसारको जनशक्ति भने थप हुन नसकेको नुवाकोट जिल्ला अदालत बार एकाइका अध्यक्ष राजाराम थपलियाले बताए।

बाल अधिकार

यस वर्ष नुवाकोट जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा ६ र बेचबिखन तथा ओसारपसारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक र संस्थागतसमेत आधारभूत र माध्यमिक तहका गरी ४ सय ७६ विद्यालय छन्। यस वर्ष छात्रा ३३ हजार ४ सय ४३ र छात्र ३२ हजार ४ सय ८४ गरी ६५ हजार ९ सय २७ बालबालिका विद्यालय भर्ना भए। अपाङ्गता भएका बालबालिकालाई अध्यापन गराउने चार ओटा विशेष कक्षा सञ्चालन भएका विद्यालय छन्। जिल्लाका सबै

विद्यालयमा इन्टरनेटको पहुँच पुगेको छ। दुई विद्यालयमा स्मार्ट क्लास रुम, जिल्लाका १ सय विद्यालयमा आईसीटी ल्याब पुगेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६३ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट लगायत शारीरिक यातनाका ४९ उजुरी छन्। खानलाउन नदिएको, आर्थिक तथा मानसिक यातना दिएको १४ उजुरी छन्। यीमध्ये ४७ ओटा उजुरीमा मेलमिलाप भयो। सात ओटा उजुरी कानुनी प्रकृयामा गएका छन्। नौ जना उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रमुख सई सुकुमाया तामाङले बताइन्।

यो वर्ष नुवाकोट जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासका घटनामा पाँच र घरेलु हिंसाका घटनामा नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, नौ शहरी स्वास्थ्य क्लिनिक, १९ ग्रामीण स्वास्थ्य एकाइ, २ सय ४० खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र छन्। त्रिशुली

तालिका ५.३.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते		१		१
हत्या		१	३	४
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१३		१३
महिला अधिकार	घरेलु हिंसा	९		९
	बलात्कार	६		६
	बलात्कार प्रयास	५		५
	जम्मा	२०		२०
कूल जम्मा		३४	३	३७

(स्रोत : इन्सेक, २०२३)

अस्पताल ५० बेडको रहेकोमा बिरामीको चापको कारण १ सय बेडबाट सेवा प्रदान गरिरहेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजु पण्डितले बताए। जिल्लाका सबै १२ ओटै स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम पुगेको छ। स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता उल्लेख्य रहेको जिल्ला स्वास्थ्य बीमा बोर्डकी प्रमुख गीता शर्माले बताइन्।

तालिका ५.३.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	१	५	६
यौन दुर्व्यवहार		५	५
जम्मा	१	११	१२

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६	३	९
बलात्कार	२	४	६
बलात्कार प्रयास	२	३	५
जम्मा	१०	१०	२०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२३)

५.३.६ काठमाडौँ



जम्मा जनसङ्ख्या	२०,४१,५८७
महिला	१०,०५,८६१
घर परिवार सङ्ख्या	५,४२,८९२
घरजग्गामा महिलाको स्वामित्व	१,६०,४८१
साक्षरता प्रतिशत	८९.२३
आश्रित जनसङ्ख्या	७,७३,०२८
अपाङ्गता भएका	३०,६८७

यस वर्ष काठमाडौँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १ सय जना महिला र ४ सय ९६ जना पुरुष तथा ज्यादतीका घटनामा ४ सय ६४ जना महिला र ५६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ६ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ५२ जना महिला पीडित भए। राज्यपक्षबाट गरिएका गिरफ्तारी घटनामा १३ जना महिला र ४९ जना पुरुष, कुटपिटका घटनामा एक जना पुरुष, घाइतेहरूमा १२ महिला र ४७ जना पुरुष, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार घटनामा ७१ महिला र ३ सय ६७ जना पुरुष तथा कारागारमा चार जना महिला र ३२ जना पुरुषको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्नपाउने अधिकार

सामूहिक हत्या

अन्यपक्षबाट

काठमाडौँ महानगरपालिका-३२, तीनकुनेस्थित दिव्य स: मिलमा ०८० भदौ २९ गते दोलखा जिल्ला घर भई मिलमा काम गर्ने ५५ वर्षीय कुमार भुजेल, पत्नी ५२ वर्षीया शुभद्र वाइवा, आमा ७० वर्षीया सुमित्रा भुजेल र मोरङ घर भएका १९ वर्षीय नवीन राईलाई खुकुरी प्रहार गरी सामूहिक हत्या गरेको आरोपमा सिन्धुपाल्चोक जिल्ला बाह्रबीसे नगरपालिका-९ घर भई काँडाघारी विरेन्द्रचोक बस्दै आएका २३ वर्षीय सञ्जय भण्डारीलाई प्रहरीले भदौ ३१ गते गिरफ्तार गऱ्यो। प्रहरीका अनुसार भण्डारीलाई नवीन राईले चलाएको मोटरसाइकलले दुई महिना अगाडि चाबहिलमा ठक्कर दिएको रिसइबी साँध्न आरोपित भण्डारीले भदौ २९ गते पहिले नवीन राईको हत्या गरेको र उक्त घटना बाहिर आउने डरले घटनास्थलमा रहेका अन्य तीन जनाको हत्या गरेको जनायो। जिल्ला अदालतले थुनछेक बहसपछि असोज २६ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

गिरफ्तारी

५८ औँ अन्तर्राष्ट्रिय जातीय भेदभाव उन्मूलन दिवसका अवसरमा २०७९ चैत ७ गते आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले थापागाउँस्थित बानेश्वर ब्याड्केटमा सम्बोधन गर्न जाँदै गर्दा नाराबाजी गरेको आरोपमा प्रहरीले सोलुखुम्बुका २३ वर्षीय उद्धव बस्नेत, बाग्लुङका ३० वर्षीय सोम शर्मा र बझाङका १८ वर्षीय विप्लव खड्कालाई गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालय काठमाडौँले तीनै जना युवालाई अभद्र व्यवहारको कसुरमा चैत ८ गते पाँच दिन थुनामा राखेर अनुसन्धान गर्न प्रहरी वृत्त, नयाँ बानेश्वरलाई अनुमति दियो। सोही मुद्दामा काठमाडौँका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायको इजलासले चैत १२ गते जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। धरौटी रकम

तालिका ५.३.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	९	१०
गिफ्तारी		१३	४९	६२			
कुटपिट			१	१		२	२
कारागारमा मृत्यु		४	३२	३६			
घाइते		१२	४७	५९	४	९	१३
हत्या					६	५	११
जातीय विभेद						१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		७१	३६७	४३८	२	२२	२४
धम्की						१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				३	१	४
	विद्यालयमा दिइने शारीरिक सजाय				२	२	४
	बलात्कार				६६		६६
	यौन दुर्व्यवहार				२८	४	३२
	जम्मा				९९	७	१०६
महिला अधिकार	बेचबिखन तथ ओसारपसार प्रयास				१		१
	घरेलु हिंसा				२७३		२७३
	बलात्कार				५५		५५
	बलात्कार प्रयास				१०		१०
	यौन दुर्व्यवहार				११		११
	बेचबिखन तथा ओसारपसार				२		२
	जम्मा				३५२		३५२
कूल जम्मा		१००	४९६	५९६	४६४	५६	५२०

(स्रोत : इन्सेक, २०२३)

तिर्न अस्वीकार गरेपछि आरोपितहरूलाई डिल्लीबजार कारागारमा पठाइयो। आरोपितहरू ०७९ चैत १४ गते धरौटी रकम बुझाइ कारागारबाट रिहा भए।

दूरसञ्चार कम्पनी एनसेल बिक्री प्रकरणको अनुसन्धानका लागि न्यायिक समिति गठन गर्नुपर्ने माग गर्दै निषेधित क्षेत्र माइतीघर मण्डलामा प्रदर्शन गर्ने १७ जनालाई प्रहरीले ०८० पुस ५ गते गिरफ्तार गऱ्यो। घटनामा कृष्ण पहाडी, रामकृष्ण बराल, उत्तम पुडासैनीलगायत गिरफ्तार भएका थिए। उनीहरू सोही दिन साँझ रिहा भए।

मेडिकल व्यवसायी दुर्गा प्रसाईंले नेतृत्व गरेको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले ०८० मङ्सिर ८ गते तीनकुनेमा गरेको प्रदर्शनका क्रममा प्रहरीले २ सय ३२ जनालाई गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सबै सोही दिन रिहा भए।

कुटपिट

अन्यपक्षबाट

काठमाडौं महानगरपालिका-२६ स्थित भृकुटीमण्डममा नेपाली कांग्रेसका सहमहामन्त्री एवम् पूर्व सांसद महेन्द्र यादवमाथि ०८० भदौ २० गते खुकुरी प्रहार भयो। भृकुटीमण्डपस्थित रिपोर्टर्स् क्लबमा आयोजित कार्यक्रममा भाग लिएर बाहिरिने क्रममा यादवलाई नुवाकोटको विदुर नगरपालिका-७ का ४७ वर्षीय श्याम सापकोटाले खुकुरी प्रहार गरेका थिए। घटनामा संलग्न सापकोटालाई प्रहरीले सोही दिन घटनास्थलबाटै गिरफ्तार गऱ्यो। खुकुरी प्रहारबाट टाउको र गर्धनमा चोट लागी गम्भीर घाइते भएका यादवलाई प्रहरीले तत्कालै उद्धार गरेर उपचारका लागि राष्ट्रिय ट्रमा सेन्टरमा लगेको थियो। उपचारपछि यादव भदौ २४ गते डिस्चार्ज भए। जिल्ला अदालत

काठमाडौंका न्यायाधीश माधवप्रसाद अधिकारीको असोज १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

झडप

काठमाडौँको रत्नपार्कस्थित शान्तिबाटिकामा मिटरब्याजी पीडित र प्रहरीबीच ०८० वैशाख ४ गते झडप हुँदा १६ जना मिटरब्याज पीडित घाइते भए। विभिन्न जिल्लाबाट भेला भएर शान्तिबाटिकामा जम्मा भएका मिटरब्याज पीडितले सिंहदरबार घेराउ गर्न जान लाग्दा प्रहरीसँग झडप भएको थियो। प्रहरीसँगको झडपमा परी नवलपरासी सुस्ता पश्चिमका ३७ वर्षीय कुलबहादुर थापा, ओखलढुङ्गाका २१ वर्षीय प्रदीप नेपाललगायत थिए। घाइतेमध्ये १० जना राष्ट्रिय ट्रमा सेन्टरमा सामान्य उपचार पश्चात सोही दिन डिस्चार्ज भएका थिए भने गम्भीर घाइते भएका अन्य ६ जनाको थप पाँच दिन उपचार भयो।

सरकारले संसदमा दर्ता गरेको विद्यालय शिक्षा विधेयकमा आफ्ना मुद्दाहरू नसमेटिएको भन्दै आन्दोलनरत राहत शिक्षक र प्रहरीबीच नयाँ बानेश्वरमा ०८० असोज १० गते झडप हुँदा ११ जना शिक्षक घाइते भए। प्रहरीसँगको झडपमा परी घाइते हुनेहरूमा पर्साकी ४५ वर्षीया सन्दिपा खत्री, पर्वतकी ३८ वर्षीया शर्मिला पुरी, रुकुम पश्चिमकी ३७ वर्षीया निर्मला वली, ताप्लेजुङका ५० वर्षीय रमेश प्याकुरेललगायत थिए। झडपमा घाइते भएका शिक्षकहरूको उपचार नयाँ बानेश्वरको एभरेष्ट अस्पताल, वीर अस्पताल र ट्रमा सेन्टरमा उपचार भयो।

काठमाडौँ महानगरपालिका-१४ स्थित बल्खुमा मेडिकल व्यवसायी दुर्गा प्रसाईंले नेतृत्व गरेको 'राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान'ले ०८० मङ्सिर ७ गते आयोजना गरेको प्रदर्शनका क्रममा प्रहरी र प्रसाईं समर्थकबीच झडप हुँदा प्रदर्शनकारी तर्फ १२ जना घाइते भए। झडपमा परी आन्दोलनकारीतर्फ घाइते हुनेहरूमा भक्तपुरका २६ वर्षीय चट्टान थापा, सुर्खेतका ४० वर्षीय कमलबहादुर शाही, बैतडीका ४० वर्षीय लोकराज जोशी, चितवनका ४७ वर्षीय प्रकाश थापा क्षेत्री थिए। उनीहरूको उपचार काठमाडौँका विभिन्न अस्पतालमा भयो। त्यसैगरी सोही आन्दोलनमा भएको झडपमा परी वरिष्ठ सई ४४ वर्षीय डिल्लीरमण दाहाल, असई २९ वर्षीय बाबुराम महतो, प्रहरी हवल्दार ३४ वर्षीय प्रकाश बोहोरा, वरिष्ठ सई ४२ वर्षीय जयबहादुर सिंह लगायत १२ जना प्रहरी घाइते भए। घाइते प्रहरीहरूको राष्ट्रिय ट्रमा सेन्टर, बल्खुस्थित बयोधा अस्पताल र सानेपास्थित स्टार अस्पतालमा उपचार भयो।

कारागार र बन्दी

काठमाडौँ जिल्लामा जगन्नाथदेवल र डिल्लीबजार गरी दुई कारागार छन्। जगन्नाथदेवल कारागारभित्र पनि केन्द्रीय कारागार, भद्रबन्दी गृह कारागार र महिला कारागार गरी तीन ओटा *क्लस्टर* छुट्याइएको छ। जगन्नाथदेवलका तीन ओटै क्लस्टरका कारागारको क्षमता १ हजार ७ सय ५० रहेकोमा कैदी र थुनुवा गरी ३ हजार ४ सय ७४ जना रहेका छन्। जसमध्ये पुरुष ३ हजार १६ र महिला ४ सय ५८ छन्। कारागारमा आश्रित बालक नौ जना छन्। कारागारमा रहेको महिला कारागारमा आश्रित बालक तीन जना र बालिका आठ जना छन्। केन्द्रीय कारागारमा ३१ देशका कैदीबन्दी छन्। केन्द्रीय कारागारमा यस वर्ष ३६ जनाको मृत्यु भयो। कारागारभित्र कैदीबन्दीको उपचारका लागि ३० बेड क्षमताको जिल्लास्तरीय अस्पतालको रूपमा सेवा उपलब्ध छ। अस्पतालमा उपचार सम्भव नभएका बिरामी कैदीबन्दीको उपचारका लागि अन्य २१ ओटा निजी र सरकारी अस्पतालसँग सम्झौता गरिएको केन्द्रीय कारागार अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट प्रा. डा. प्रकाश बुढाथोकीले बताए।

क्षमताभन्दा बढी कैदी रहेका कारण र उपचारका लागि विभिन्न जिल्लाबाट कैदीबन्दी स्थानान्तरण हुँदा कारागार व्यवस्थापनमा कठिनाइ रहेको जगन्नाथदेवल कारागारका प्रमुख ललितकुमार बस्नेतले बताए। कारागारभित्र कैदीहरूको जीवनयापन सहज बनाउनका निम्ति आयआर्जनका लागि ढाकाका कपडा बुन्ने, ज्याकेट, टोपी, पोते, स्वीटर, मुढा, बेकरी, साबुन बनाउने लगायतका सीपमूलक तालिम सञ्चालन गरिएको बस्नेतले बताए।

त्यसैगरी, ३ सय जना क्षमता रहेको डिल्लीबजार कारागारमा ६ सय ३८ जना कैदीबन्दी रहेका छन्। जसमा सबै पुरुष छन्। कारागारमा १२ जना ज्येष्ठ नागरिक छन्। कारागार परिसरमा कैदीबन्दीको सामान्य उपचारका लागि एक जना अहेबको दरबन्दी छ। कारागारमा कैदीबन्दीको सुविधाका लागि एक जना वैतनिक वकिलको व्यवस्थासमेत गरिएको छ। डिल्लीबजार कारागारको

सुरक्षाका लागि १ सय २५ जना प्रहरीको दरबन्दी भए पनि ८० प्रहरीले सुरक्षा प्रदान गर्दै आइरहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत काठमाडौँमा ४१ जना न्यायाधीशको दरबन्दी रहेकोमा १० जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ दर्ता भएका १३ हजार १ सय ९३ थान मुद्दामध्ये ६ हजार ३ सय ६० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ दर्ता भएका १५ हजार ३ सय ६२ थान मुद्दामध्ये ३ हजार ७ सय ६७ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १६ हजार १ सय ४८ ओटा बाँकी छन् भने देवानी मुद्दातर्फ ११ हजार ५ सय ९५ थान मुद्दा बाँकी छन्।

सर्वोच्च अदालत

२१ जना न्यायाधीशको दरबन्दी रहेको सर्वोच्च अदालतमा एक न्यायाधीशको दरबन्दी रिक्त रहयो। सर्वोच्च अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी गरी ४ हजार ८ सय ५८ थान मुद्दा फैसला हुन बाँकी रहे।

बाल अधिकार

यस वर्ष काठमाडौँ जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार बालक र २८ बालिका, बलात्कारका घटनामा ६६ जना बालिका, बेचबिखन तथा ओसारपसार घटनामा एक बालक र तीन बालिका तथा विद्यालयमा दिइने शारीरिक सजायका घटनामा दुई बालक र दुई बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा १ हजार ३ सय ६१ आधारभूत र १ हजार १ सय २५ ओटा माध्यमिक विद्यालय छन्। यस वर्ष जिल्लामा आधारभूत तहमा बालक १ लाख ८९ हजार ६ सय ४७ जना र बालिका १ लाख ८४ हजार २ सय १४ जना गरेर कुल ३ लाख ७३ हजार ८ सय ८६ बालबालिका विद्यालय भर्ना भए।

काठमाडौँ महानगरपालिकाले 'किताबमुक्त शुक्रबार' कार्यक्रममार्फत नगर भित्रका सामुदायिक विद्यालयहरूका आधारभूत तहमा प्रत्येक शुक्रबार सीप, उद्यमशीलता, खेलकुद, सङ्गीत, कला तथा नेतृत्व विकासका लागि प्रशिक्षण कार्यक्रम सञ्चालनमा ल्याएको छ भने माध्यमिक विद्यालयका विद्यार्थीका लागि शिक्षासँग सीप कार्यक्रममार्फत विभिन्न खालका जीवनउपयोगी तालिमहरू सञ्चालनमा ल्याएको छ।

बलात्कार

१७ वर्षीया बालिकालाई ०७९ फागुन ८ गते बलात्कार गरेको आरोपमा धादिङको गंगाजमुना गाउँपालिका-९ घर भई काठमाडौँ नागार्जुन नगरपालिका-४, सितापाइला बस्ने ३४ वर्षीय सुरज अधिकारीविरुद्ध पीडित पक्षले फागुन ८ गते प्रहरी वृत्त, स्वयम्भुमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ९ गते गिरफ्तार गऱ्यो। यस मुद्दामा जिल्ला न्यायाधीश माधवप्रसाद कार्कीको इजलासले ०८० मङ्सिर १ गते आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद र ४ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

विद्यालयमा दिइने शारीरिक सजाय

बुढानीलकण्ठ नगरपालिका-१०, कपनस्थित बाल उद्धार माविको कक्षा १० मा अध्यनरत १५ वर्षीय बालकलाई ०८० जेठ २२ गते सोही विद्यालयका शिक्षक २९ वर्षीय उदयराज कार्की, ३२ वर्षीय रोशन श्रेष्ठ र २७ वर्षीय सौरभ गौतमले कुटपिट गरे। कुटपिटबाट घाइते भएका बालकको तिघ्रा र घाँटीमा चोट रहेको थियो। पीडित विद्यार्थी चाबहिलस्थित हेल्पिङ हेन्ड्स अस्पतालमा उपचारपछि जेठ २४ गते अस्पतालबाट डिस्चार्ज भए। पीडित पक्षले प्रहरी प्रभाग कपनमा जेठ २५ गते उजुरी दियो। पीडित पक्षको उजुरीपछि घटनाका आरोपित शिक्षकलाई सोही दिन प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतले आरोपितहरूलाई ५० हजार धरौटीमा छाड्न आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ हजार ३ सय ५४ महिलाले जिल्ला प्रहरी परिसर, काठमाडौँको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता उजुरीमध्ये कुटपिटका २ सय ५८, खानलाउन नदिएका २ सय ९३, गाली बेइज्जति र लान्छनाका ३ सय ९६, घरबाट निकाला गरेको भनिएका १ सय २०, बहुविवाहका ५३ र शारीरिक मानसिक यातनाका ४ सय ६५ ओटा रहेका थिए। दर्ता रहेका उजुरीमध्ये १ हजार ७ सय ७२ ओटा उजुरीमा

पीडित र पीडक पक्ष राखेर छलफल गरेर सहमति पश्चात मेलमिलाप गरिएको, चार ओटा उजुरीका आरोपितविरुद्ध घरेलु हिंसाको मुद्दा दर्ता गरिएको र २ सय ९३ ओटा उजुरीमाथि अनुसन्धान जारी रहेको केन्द्रकी प्रमुख इन्स्पेक्टर रन्जु केसीले बताइन्।

यो वर्ष काठमाडौँ जिल्लामा बलात्कारका घटनामा ५५, बलात्कार प्रयासका घटनामा १०, यौन दुर्व्यवहारका घटनामा ११, बेचबिखन तथा ओसारपसारका घटनामा दुई, बेचबिखन तथा ओसारपसार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा २ सय ७३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बेचबिखन तथा ओसारपसार

टोखा नगरपालिका-८, गोङ्गबु बस्दै आएकी ४८ वर्षीया मोतीमाया पौडेलको ०८० वैशाख ३० गते हत्या गरेको आरोपमा प्रहरीले मोतीमायाका पति धनकुटाको चौबीसे गाउँपालिका-३ का ५५ वर्षीय मिङ्गमा शेर्पालाई ०८० वैशाख ३० गते गोंगबुबाटै गिरफ्तार गऱ्यो। जिल्ला प्रहरी परिसर, काठमाडौँका प्रवक्ता एसपी सीताराम रिजालका अनुसार पति पत्नीबीच झगडा भएका बेला रक्सी खाएका शेर्पाले लौरोले हान्दा मोतीमायाको घटनास्थलमै मृत्यु भएको थियो। शवको त्रिविवि शिक्षण अस्पताल, महाराजगञ्जमा वैशाख ३१ गते पोस्टमार्टम भयो। पीडित पक्षले महानगरीय प्रहरी वृत, महाराजगञ्जमा आरोपितविरुद्ध वैशाख ३१ गते उजुरी दिए। जिल्ला अदालतका न्यायाधीश राजेन्द्रप्रसाद श्रेष्ठको इजलासले जेठ २३ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो।

बलात्कार

२१ वर्षीया युवतीलाई ०७९ माघ २७ गते बलात्कार गरेको आरोपमा प्यूठान जिल्ला नौबहिनी गाउँपालिका-६ घर भई हाल कीर्तिपुर नगरपालिका-९, पाँगा बस्दै आएका २९ वर्षीय विक्रमसिंह रायमाझीविरुद्ध पीडित पक्षले माघ २७ गते प्रहरी वृत्त, महाराजगञ्जमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २७ गते मित्रनगरबाट गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश माधवप्रसाद मैनालीको कात्तिक १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ९ वर्ष कैद र २ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

जातीय विभेद

पोखरा महानगरपालिका-२ घर भई हाल टोखा नगरपालिका-९ सृजनशील टोल बस्दै आएका ३७ वर्षीय आयुष परियारले आफूमाथि जातीय विभेद गरेको भन्दै गोरखा घर भई काठमाडौँ महानगरपालिका-१६ का ३६ वर्षीय कपिल अमगाईविरुद्ध प्रहरी वृत्त बालाजुमा ०७९ चैत २० गते जातीय विभेदको उजुरी दर्ता गरे। काठमाडौँ महानगरपालिका-१६ शुभकामना टोलका नवराज अमगाईको छोराको ब्रतबन्धका क्रममा बाजा बजाउन आएका आफूलगायतको टोलीलाई कपिलले भोज खाने लाइनबाट अलग्गै राखेको र घरभित्रको शौचालय प्रयोग गर्न नदिएको भन्दै प्रहरी वृत्त, बालाजुमा चैत २० गते जातीय विभेदको उजुरी दर्ता गराएका थिए। प्रहरीले घटनाका आरोपितलाई ०७९ चैत २५ गते गोरखाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत काठमाडौँका न्यायाधीश शङ्करबहादुर राईको ०७९ चैत ३० गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्न आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा निजी र सरकारी गरी १ हजार ३ सय १७ ओटा स्वास्थ्य संस्था छन्। राष्ट्रपति विद्यादेवी भण्डारीको सवारीको समयमा सडकमा निस्किन खोजेको आरोपमा ०७९ माघ २७ गते राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा. जनिथलाल सिंहमाथि प्रहरी वरिष्ठ हवल्दार शम्भुजङ्ग गुरुङले कुटपिट गरे। डाक्टर सिंहको वीर अस्पतालमा उपचार भयो। आफ्ना सहकर्मीमाथि कुटपिट भएको भन्दै वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरका चिकित्सकहरू इमर्जेन्सी बाहेकका सेवा ठप्प पार्दै आन्दोलनमा उत्रिए। घटनाका आरोपित प्रहरी हवल्दार गुरुङलाई जिल्ला प्रहरी परिसर काठमाडौँले निलम्बन गरेपछि चिकित्सकहरूको आन्दोलन स्थगित गरेका थिए।

तालिका ५.३.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार				२	२
विद्यालयमा दिइने शारीरिक सजाय	१	१		१	३
बलात्कार	४		३	५६	६३
यौन दुर्व्यवहार	२			२६	२८
जम्मा	७	१	३	८५	९६

महिला अधिकार							
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	९१	१५२	१		२९		२७३
बलात्कार	३			१	५०	१	५५
बलात्कार प्रयास	१				९		१०
यौन दुर्व्यवहार	१			१	९		११
बेचबिखन तथा ओसारपसार					२		२
जम्मा	९६	१५२		२	९९	१	३५१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	७	८

(स्रोत : इन्सेक, २०२३)

५.३.७ भक्तपुर

जम्मा जनसङ्ख्या	४,३२,१३२
महिला	२,१३,७१४
घर परिवार सङ्ख्या	१,०८,४०६
घरजग्गामा महिलाको स्वामित्व	२८,३१३
साक्षरता प्रतिशत	८७.९६
आश्रित जनसङ्ख्या	१,६४,६११
अपाङ्गता भएका	५,९७०



यस वर्ष भक्तपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ११ जना पुरुष तथा ज्यादतीका घटनामा ९६ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६३ जना महिला पीडित भए।

झडप

मध्यपुरथिमी नगरपालिका-२, सानोथिमीस्थित बालसुधार गृहमा रहेका रामेछापको मन्थली नगरपालिका-३, कठजोरका १९ वर्षीय कमल बस्नेतको ०८० भदौ ३ गते मृत्यु भएको घटनामा छानबिन हुनुपर्ने तथा सुधार गृहभित्र रहेका बालबालिकाको स्वास्थ्य परीक्षणको व्यवस्था हुनुपर्ने, मानसिक स्वास्थ्यमा हेरचाह गर्नुपर्ने, खानपिन, खानेपानीको उचित प्रबन्ध गर्नुपर्ने लगायतका माग गर्दै भदौ ४ गते बाल सुधार गृहभित्र रहेका बन्दीहरूले घरेलु हतियार र ढुङ्गाले प्रहरीमाथि आक्रमण गरे। उनीहरूले सुधार गृह व्यवस्थापनको कार्यालयसमेत तोडफोड गरेका थिए। सुधार गृह तोडफोड गरी २ सय २१ जना फरार भएका थिए। २ सय २१ जना बाल बन्दीमध्ये २ सय २० जना बाल बन्दीहरूलाई प्रहरीले विभिन्न ठाउँबाट नियन्त्रणमा लियो। सुधार गृहलाई नियन्त्रणमा लिने क्रममा बालबन्दीको प्रहरीसँग पटक पटक झडप भएको थियो। प्रहरीसँगको झडपमा परी १० जना बाल बन्दी घाइते भए। घाइतेहरूको नागरिक सामुदायिक अस्पताल र मध्यपुर ठिमी अस्पतालमा उपचार भयो। झडपका क्रममा प्रहरीको गोली लागी गम्भीर घाइते भएका १८ वर्षीय बालबन्दीको राष्ट्रिय ट्रमा सेन्टर र भक्तपुर अस्पतालमा उपचार भयो। सो क्रममा नेपाल प्रहरीका सब्जिव ओली, श्यामशंकर ठाकुर, लक्ष्मण खड्का, चन्द्रमाया राई र ४४ वर्षीय रमेश राई र सशस्त्र प्रहरी बल-नेपालका राधिका थापा, ज्ञानबहादुर महत, ३० वर्षीय उमेशकुमार कलवार, २४ वर्षीय सृजन सुवाल, २९ वर्षीया कल्पना श्रेष्ठ, ३२ वर्षीय माधव अधिकारी र ४० वर्षीय हरिशरण थापा घाइते भए। घाइते सुरक्षाकर्मीहरूको नागरिक सामुदायिक अस्पताल, मध्यपुर ठिमी अस्पताल र नेपाल प्रहरी अस्पतालमा उपचार भयो। घटनापछि फरार रहेका एक १८ वर्षीय बाल बन्दीलाई ०८० पुस १५ गतेसम्म फरारको सूचीमा राखेर प्रहरी खोजी कार्य जारी राखेको छ।

कुटपिट

राज्यपक्षबाट

नेकपा एमाले मध्यपुर नगर कमिटी सचिव सुमन जोशी र अनेरास्ववियु मध्यपुर नगर कमिटी अध्यक्ष विवेक भसिमालाई २०७९ फागुन १४ गते मध्यपुरथिमी नगरपालिकाका उपप्रमुख एवम् नेकपा माओवादी केन्द्र मध्यपुरथिमी नगर समितिका अध्यक्ष विजयकृष्ण श्रेष्ठसहितको समूहले कुटपिट गरेको भन्दै फागुन १५ गते प्रहरी वृत्त थिमीमा उजुरी दर्ता गराए।

तालिका ५.३.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
कारागारमा मृत्यु		१	१			
घाइते		१०	१०	३	९	१३
हत्या				१	१	३
बाल अधिकार	नवजात शिशुको हत्या				१	१
	बलात्कार			३३		३३
	यौन दुर्व्यवहार			६		६
	जम्मा			३९	१	३०
महिला अधिकार	घरेलु हिंसा			५१		५१
	बलात्कार			९		९
	बलात्कार प्रयास			३		३
	यौन दुर्व्यवहार			१		१
	जम्मा			६३		६३
कूल जम्मा		११	११	९६	१३	१०९

(स्रोत : इन्सेक, २०२३)

मध्यपुरथिमी नगरपालिका-५ को बाटो विस्तार कार्य मापदण्ड विपरीत अगाडि बढाएको भन्दै उपप्रमुख श्रेष्ठ र स्वकीय सचिव सचिन बज्राचार्यसमेतको समूहले जोशी र भासिमामाथि कुटपिट गरेको थियो। घाँटी र टाउकोमा चोट लागेको भासिमा नागरिक कम्युनिटी अस्पताल, गट्ठाघरमा उपचारपछि फागुन १५ गते डिस्चार्ज भए। प्रहरी वृत्त, थिमीका डिएसपी रविन श्रेष्ठकाअनुसार यो वर्षको अन्त्यसम्म पनि यस घटनामा आरोपितमाथि कुनै कारबाही भएन।

बाल सुधार गृह

कारागार व्यवस्थापन विभाग मातहत रहेको र न्यूनतम सुविधाविहीन बालबालिकाका लागि शैक्षिक कार्यक्रम (युसेप) नेपालको व्यवस्थापनमा मध्यपुरथिमी नगरपालिका-२, सानोथिमीमा ०५८ सालदेखि बाल सुधार गृह सञ्चालन हुँदै आएको छ। बाल सुधार गृहको क्षमता बालक १ सय जना र बालिका १० जना रहेकोमा २ सय ५४ जना बालक र ४३ जना बालिका छन्। बाल सुधार गृहमा बालक र बालिका राख्नका लागि छुट्टाछुट्टै भवन रहे पनि दुवैलाई एउटै कम्पाउण्डभित्र राखिएको छ। बाल सुधार गृहमा कक्षा १२ सम्म अध्ययन गर्ने सुविधा छ। अध्यापनका लागि तीन जना शिक्षकको व्यवस्था छ।

बालसुधार गृहमा मृत्यु

मध्यपुरथिमी नगरपालिका-२, सानोथिमीस्थित बाल सुधार गृहको थुनामा रहेका रामेछापको मन्थली नगरपालिका-३, कठजोरका १९ वर्षीय कमल बस्नेतको ०८० भदौ ३ गते मृत्यु भयो। ज्वरो आयो भन्दै बालसुधार गृहका वार्डेनसँग भदौ ३ गते राति औषधी मागेर खाएका बस्नेत भदौ ४ गते बिहान बेहोस भएको देखेपछि बाल सुधार गृहका कर्मचारीले उनलाई उपचारका लागि नजिकैको नागरिक सामुदायिक अस्पतालमा लगेको भनिए पनि अस्पतालको रिपोर्टले बस्नेतलाई अस्पताल ल्याइपुऱ्याउनु अगावै मृत्यु भएको उल्लेख गरेको थियो। घटनाको निष्पक्ष छानबिन गर्नुपर्ने, दोषीलाई कारबाही गर्नु पर्ने र पीडित परिवारलाई क्षतिपूर्ति दिनुपर्ने माग गर्दै आफन्तजनले सुधारगृह बाहिरबाट र सुधार गृहमा रहेका बालकहरूले भित्रैबाट नाराबाजी गरी सुधारगृह तोडफोड गरे। तोडफोडबाट सुधार गृहका झ्याल ढोका र सुधार गृहको कार्यालयमा क्षति पुगेको थियो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष दर्ता भएका ६ सय १७ थान फौजदारी मुद्दा मध्ये ४ सय ३३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ दर्ता भएका ३ हजार ४ सय ८७ थान मुद्दामध्ये १ हजार ९ सय २६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ८९ थान बाँकी छन् भने देवानी मुद्दा २ सय १२ थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष भक्तपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा ६, बलात्कारका घटनामा २३ बालिका र एक नवजात शिशुको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ८४ आधारभूत र ४६ ओटा माध्यमिक विद्यालय, महिला विद्यालय एक, अपाङ्गता मैत्री विद्यालय दुई र बाल सुधार गृहमा एक विद्यालय छन्। यस वर्ष जिल्लामा १७ हजार ८ सय ९८ बालक र १५ हजार ८ सय २१ बालिका विद्यालयमा भर्ना भए।

जिल्लाभित्र रहेका चार ओटै नगरपालिकाले मेयर कपमार्फत हरेक वर्ष विद्यार्थीका लागि खेलकुद लगायत वृत्तिविकासका क्रियाकलाप आयोजना गर्ने गरेका छन्। जिल्लाभित्र रहेका सबै माध्यमिक विद्यालयमा, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट लगायतको सुबिधा रहेको शिक्षा विकास तथा सम्वन्वय एकाइ, भक्तपुरका प्रमुख रमेशप्रसाद मैनालीले बताए।

बलात्कार

१३ वर्षीया शारीरिक र मानसिक रूपमा अशक्त बालिकालाई ०७९ फागुन ६ गते बलात्कार गरेको भन्दै रामेछाप जिल्ला सुनापाती गाउँपालिका-३ घरभई हाल भक्तपुर चाँगुनारायण नगरपालिका-५, छालिङ बस्ने १८ वर्षीय अनिल तामाडविरुद्ध पीडित बालिकाका बाबुले ०७९ फागुन ७ गते प्रहरी परिसर भक्तपुरमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन ८ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद न्यौपानेको ०८० साउन २८ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै जन्मकैद र ६ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै ४२ जना महिलाले जिल्ला प्रहरी परिसरको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका उजुरीमध्ये ३८ उजुरीमा प्रहरीले मेलमिलाप गराएको, एउटा उजुरीमा कानुनी प्रकृया शुरु गरिएको र तीन ओटा उजुरीमा भने उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रकी प्रहरी प्रमुख सानु श्रेष्ठले बताइन्।

यो वर्ष भक्तपुर जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारको घटनामा एक र घरेलु हिंसाका घटनामा ५१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

यौन दुर्व्यवहार

२२ वर्षीया सुस्त मनस्थितिकी महिलालाई ०७९ फागुन ९ गते चाँगुनारायण नगरपालिका स्थित सुनसान गेष्ट हाउसमा यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले चाँगुनारायण नपा-७ का २४ वर्षीय राज लामिछानेविरुद्ध फागुन १० गते प्रहरी परिसर भक्तपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामप्रसाद न्यौपानेको ०८० भदौ ३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना गर्ने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

सूर्यविनायक नगरपालिकाले दधिकोटमा १० बेडको अस्पताल सञ्चालनमा ल्याएको छ भने नेपाल सरकारको अनुदानमा बन्न लागेको १५ शैयाको नगर अस्पताल हाल निर्माणाधीन छ। यस नगरपालिका क्षेत्रमा सात स्वास्थ्य चौकी, चार सहरी स्वास्थ्य केन्द्र रहेका छन्। नगरपालिकाले १ हजार ९ सय २७ घरपरिवारलाई स्वास्थ्य बीमामा ५० प्रतिशत अनुदानमा दिएको छ।

भक्तपुर नगर अस्पतालले नगर मातहत २५ शैयाको ख्वप अस्पताल सञ्चालन गर्दै आइरहेको छ। यस नगरपालिकामा तीन सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा रहेका छन् भने नगरपालिकाले आफ्ना नगरका ६० हजार २ सय ५४ जनालाई स्वास्थ्य बीमा अनुदानमा समावेश गरेको छ।

चाँगुनारायण नगरपालिकाले केन्द्र सरकारको अनुदानमा दुवाकोटमा २५ शैयाको अस्पताल भवन बनाइरहेको छ। यस नगरपालिकाभित्र आठ स्वास्थ्य चौकी र दुई सहरी स्वास्थ्य चौकी रहेका छन् भने नगरपालिकाले २ हजार ८ सय २९ जना नगर क्षेत्रका विपन्न नागरिकको स्वास्थ्य बीमा गरेको छ।

मध्यपुर थिमी नगरपालिकाले १ सय बेडको नेपाल-कोरिया मैत्री अस्पतालसँगको सहकार्यमा अस्पताल सञ्चालन गरिरहेको छ। यस नगरपालिकाले ४९ नगर क्षेत्रका ४९ हजार ३ सय ५९ जना नागरिकको स्वास्थ्य बीमा गरेको जिल्ला स्वास्थ्य कार्यालय, भक्तपुरका निमित्त कार्यालय प्रमुख शान्तिराम खतिवडाले बताए।

तालिका ५.३.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या				१	१
बलात्कार	५	८	१	९	२३
यौन दुर्व्यवहार		१		५	६
जम्मा	५	९	१	१५	३०

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	४२	४	४	५१
बलात्कार			४	५	९
बलात्कार प्रयास			२		२
यौन दुर्व्यवहार	१				१
जम्मा	२	४२	१०	९	६३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अपूर्ण	अनुसन्धान	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.३.८ ललितपुर

जम्मा जनसङ्ख्या	५,५१,६६७
महिला	२,७४,५३६
घर परिवार सङ्ख्या	१,४०,१३०
घरजग्गामा महिलाको स्वामित्व	३६,२२२
साक्षरता प्रतिशत	८८.०८
आश्रित जनसङ्ख्या	२,११,५७८
अपाङ्गता भएका	७,९५४



यस वर्ष ललितपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना महिला र ७२ जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ३ जना महिला र २५ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४९ जना महिला पीडित भए। राज्यपक्षबाट दुई जना पुरुषको हत्या, घाइते एक जना र गिरफ्तारीका घटनामा चार महिला र ६९ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

अछाम जिल्ला चौरपाटी गाउँपालिका-१ का २२ वर्षीय वीरेन्द्र शाह ठकुरी र दैलेख जिल्ला महाबु गाउँपालिका-६ स्थायी घर भई हाल भक्तपुर बस्दै आएका २३ वर्षीय सुजन राउतको ०८० पुस १३ गते ललितपुर महानगरपालिका-१२ बालकुमारी क्षेत्रमा भएको विरोध प्रदर्शनमा प्रहरीसँग भएको झडपमा मृत्यु भयो। दक्षिण कोरियामा रोजगारमा जान आवश्यक रोजगारी अनुमति प्रणाली (इपीएस) परीक्षामा सहभागी हुन नपाएको भन्दै असन्तुष्ट युवाहरूले गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा प्रहरीको गोली लागेर शाहको र प्रहरीकै कुटपिटबाट राउतको मृत्यु भएको थियो। जिल्ला प्रहरी परिसर, ललितपुरका प्रवक्ता एसपी नवराज कार्कीका अनुसार प्रहरीको गोली लागी घाइते भएका शाहको उपचारका क्रममा पाटन अस्पतालमा र राउतको ग्वार्कोस्थित किष्ट अस्पतालमा मृत्यु भएको थियो। आन्दोलनका क्रममा युवाहरूको समूहले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वाला सवार बा २ झ ५८६१ नम्बरको गाडीमाथि आगजनीसमेत गरेका थिए। आगजनीबाट गाडीमा पूर्ण रूपमा क्षति पुगेको थियो। आन्दोलनकारी युवाको समूहसँगको झडपमा

प्रहरीको कुटपिटका कारण मृत्यु भएका सुजन राउत र प्रहरीको गोली लागेर मृत्यु भएका वीरेन्द्र शाह

तालिका ५.३.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		४	६९	७३			
कुटपिट					१	३	४
घाइते			१	१	१	१३	१३
हत्या			३	३			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय				११	१०	३१
	बलात्कार				३९		३९
	यौन दुर्व्यवहार				११		११
	जम्मा				५३	१०	६३
महिला अधिकार	घरेलु हिंसा				३५		३५
	बलात्कार				१३		१३
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा				४९		४९
कूल जम्मा		४	७३	७६	१०३	३५	१३८

(स्रोत : इन्सेक, २०२३)

परी नेपाल प्रहरीका डिएसपी उमेश लम्सालसहित आठ जना प्रहरी घाइते भए। गृह मन्त्रालयले उक्त घटनामा छानबिन गर्न भन्दै पुस १३ गते उपत्यका प्रहरी कार्यालयका डिआइजी लालमणि आचार्यको नेतृत्वमा ललितपुरका सहायक प्रमुख जिल्ला अधिकारी अमरदीप सुनुवार र राष्ट्रिय अनुसन्धानका उपअनुसन्धान निर्देशक बासु सिग्देल रहने गरी तीन सदस्यीय छानबिन समिति बनायो। गृह मन्त्रालयले पुस १४ गते ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित र एसएसपी सिद्धिविक्रम शाहलाई सरुवा गऱ्यो। जिल्ला प्रहरी परिसर, ललितपुरका फिल्ड कमाण्डर डिएसपी उमेश लम्साल र भौतिक, पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाका पीए सई बोधराज दनुवारलाई पुस १४ गते अनुसन्धान नसकिएसम्मका लागि निलम्बन गर्ने निर्णय गऱ्यो। सरकारले इपीएस कोरिया शाखा, ग्वार्कोका कार्यकारी निर्देशक गुरुदत्त सुवेदीलाई घटनामा जिम्मेवारी बहन गर्न नसकेको भन्दै जिम्मेवारीबाट हटायो। स्वतन्त्र छानबिन समिति नबनाएसम्म शव नबुझ्ने पीडित परिवारले अडान राखेपछि मन्त्रिपरिषद्को पुस १६ गतेको बैठकले घटनाको छानबिनका लागि पूर्वन्यायाधीश शेखर पौडेलको अध्यक्षतामा पूर्वएआइजी अरूण बिसी र गृह मन्त्रालयका सहसचिव नारायणप्रसाद भट्टराई सदस्य रहने गरी तीन सदस्यीय उच्चस्तरीय जाँचबुझ आयोग गठन गऱ्यो। उच्चस्तरीय छानबिन समिति गठन पश्चात सोही दिन उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, मृतकका आफन्त र मृतकका जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्यहरू बिच भएको बार्ता पश्चात चार बुँदे सहमति भयो। उक्त सहमतिपछि पीडित परिवारले पुस १७ गते शवको सदगत् गरे।

गोली प्रहारबाट घाइते

राज्यपक्षबाट

ललितपुर महानगरपालिका-३, झम्सिखेलमा ०८० मङ्सिर २६ गते प्रहरीले चलाएको गोली लागेर उदयपुरका ४० वर्षीय अविनाश राई घाइते भए। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एसपी रविन्द्र रेग्मीका अनुसार लागुऔषध कारोबारमा समेत संलग्न राईलाई गिरफ्तार गर्न गएको प्रहरी टोलीमाथि गोली प्रहार गरेर फरार हुन खोज्दा उनलाई नियन्त्रणमा लिन गोली प्रहार गरेको थियो। दाहिने घुँडामा गोली लागेर घाइते भएका राईको उपचार राष्ट्रिय ट्रमा सेन्टरमा भयो। घटनास्थलबाट एक थान कटुवा पेस्तोल, दुई राउण्ड गोली र लागु औषध समेत बरामद गरेको एसपी रेग्मीले बताए। राईलाई पुस २ गते अस्पतालले डिस्चार्ज गऱ्यो। प्रहरीले सोही दिन जिल्ला अदालतबाट पाँच दिन म्याद थप गरेर आरोपितलाई हिरासतमा राखेर अनुसन्धान सुरु गऱ्यो। घटनाका आरोपित पुस १५ गतेसम्म अनुसन्धानका लागि प्रहरी हिरासतमै रहेका छन्।

गिरफ्तार

ललितपुर महानगरपालिका-१२ बालकुमारीमा रोजगारी अनुमति प्रणाली (इपीएस) परीक्षामा सहभागी हुन नपाएको भन्दै असन्तुष्ट युवाहरूले ०८० पुस १३ गते गरेको प्रदर्शनका क्रममा प्रहरीले ७३ जना युवालाई

गिरफ्तार गऱ्यो। गिरफ्तार भएका सबै जिल्ला प्रहरी परिसर, जावलाखेलबाट पाँच घण्टापछि रिहा भए।

कुटपिट

अन्य पक्षबाट

रातोपाटी डट कम अनलाइनमा कार्यरत पत्रकार कृष्णसिंह धामीलाई ०८० असोज ८ गते ललितपुर महानगरपालिका-३, बखुन्डोलमा चार/पाँच जनाको समूहमा रहेका पहिचान नखुलेका व्यक्तिहरूले आक्रमण गरी घाइते बनाए। घाइते धामीको पुल्चोकस्थित सुमेरु सिटी अस्पतालमा उपचार भयो। रातोपाटी डट कममा भदौ २५ गते 'त्रिविमा मापदण्ड नै नपुगेका कलेजलाई विषयगत स्वीकृति' विषयमा समाचार प्रकाशन भएको थियो। स्वीकृतिका लागि नेत्रविक्रम चन्द विप्लवले समेत दबाब दिएको समाचारमा उल्लेख थियो। उक्त समाचारप्रति आपत्ति जनाउँदै विप्लव नेतृत्वको नेकपा निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) का अध्यक्ष प्रकाश शाहीले रातोपाटी अनलाइन र सो समाचार लेख्ने पत्रकारलाई सजाय दिने भनी धम्की दिएका थिए। पीडितले असोज ८ गते जिल्ला प्रहरी परिसर, ललितपुरमा शान्ति सुरक्षा र घटनामा संलग्नलाई कारबाहीको माग गर्दै उजुरी दिए। उजुरीका सम्बन्धमा छानबिन गरिरहेको बताए पनि वर्षको अन्त्यसम्म प्रहरीले कसैलाई गिरफ्तार गरेन।

कारागार र बन्दी

७ सय जना क्षमताको नख्खु कारागारमा १ हजार ५ सय ९८ जना कैदीबन्दी छन्। कारागारमा स्वदेशी कैदी ८ सय ८० जना र बन्दी ३ सय ५४ जना र विदेशी कैदी ७५ जना र बन्दी २ सय ८९ जना छन्। कारागारमा जटिल मानसिक रोगी ८९ जना र सामान्य मानसिक रोगी २ सय ५० जना छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि कारागारमा दुई जना स्वास्थ्यकर्मीको दरबन्दी छ। कारागारमा ६० वर्ष उमेर पुगेका ३५ जना कैदी रहेको कारागार प्रमुख कल्पना घिमिरेले बताइन्। कैदीबन्दीको शारीरिक र मानसिक स्वास्थ्यलाई मध्यनजर गर्दै, कारागार प्रशासनले खेलकुद, योगा र प्रेरणामूलक कक्षाहरू समेत सञ्चालन गर्दै आइरहेको घिमिरेले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा तीन दरबन्दी रिक्त रहेको छ। यो वर्ष दर्ता भएका फौजदारी मुद्दातर्फ ४ सय ५५ थान मध्ये २ सय १८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ९ सय ३ थान मुद्दा मध्ये ७ सय ३४ थान मुद्दा फैसला भए। यस अदालतमा १८ महिना नाघेका २ सय १४ थान फौजदारी मुद्दा बाँकी छन् भने ३ सय ३१ थान देवानी मुद्दा बाँकी छन्।

उच्च अदालत

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, पाटनमा १३ दरबन्दी रिक्त रहेको छ। यस वर्ष अदालतमा फौजदारी मुद्दातर्फ १२ हजार ८१ थान मुद्दामध्ये १० हजार १ सय ९६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ३ सय ६५ थानमध्ये २ हजार ६ सय ६ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ हजार ५७ थान र देवानी मुद्दा ६ सय २५ थान बाँकी छन्।

बाल अधिकार

यस वर्ष ललितपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा ११, बलात्कारका घटनामा २९, बेचबिखन तथा ओसारपसारको घटनामा एक जना बालिका तथा विद्यालयमा दिइने शारीरिक सजायका घटनामा ११ जना बालिका र १० जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

ललितपुरमा १ सय १५ आधारभूत र ७५ माध्यमिक विद्यालय रहेका छन्। यस वर्ष जिल्लामा ६८ हजार ३ सय १६ बालक र ६२ हजार ६ सय ८८ जना बालिका भर्ना भए। भर्ना भएकामध्ये ३ हजार ४ सय ८ जना दलित बालक र ३ हजार ६१ बालिका छन्। जिल्लामा पाटन मावि र आदर्श सौल युवक मावि गरी दुई ओटा अपाङ्गमैत्री विद्यालय रहेका छन्। मुलुककै पहिलो साक्षर जिल्ला घोषणा भएको ललितपुरको साक्षरता ८८.०८ प्रतिशत रहेको जनगणना ०७८ मा उल्लेख छ।

विद्यालयमा शारीरिक सजाय

गोदावरी नगरपालिका-४, बडिखेलस्थित पथ प्रदर्शक माध्यमिक विद्यालयका शिक्षक अन्जनकुमार आचार्यले ०८० वैशाख २९ गते कक्षा ७ मा अध्ययनरत २२ जना बालबालिकालाई कक्षा कोठामा थुनेर कालो पाइपले कुटपिट गरे। स्वास्थ्य विषय पढाउने शिक्षक आचार्यले गृहकार्य गरेको छ कि छैन भन्ने सोधेर गृहकार्य गरेका र नगरेका सबैलाई पढाउन बाँकी भएको पाठको समेत प्रश्न गरी पिटेका थिए। शिक्षक आचार्यको कुटपिटबाट घाइते भएका केही विद्यार्थीलाई विद्यालयका अन्य शिक्षकले ठैवस्थित मिडसिटी अस्पताल उपचार गराई सोही दिन अभिभावकको जिम्मा लाए। प्रहरीले विद्यार्थी कुट्ने शिक्षक आचार्यलाई सोही दिन गिरफ्तार गऱ्यो। पीडित विद्यार्थीका अभिभावकले ०८० वैशाख ३१ गते प्रहरी वृत्त, सातदाबाटोमा गएर आरोपित शिक्षकविरुद्ध उजुरी दर्ता गर्ने भनेता पनि सोही दिन शिक्षक र विद्यालयसँग मेलमिलाप गरे। मेलमिलाप कागजमा आरोपित शिक्षक आचार्यले १८ जना पीडित बालबालिकाकालाई वार्षिक ६ हजारका दरले तीन वर्षसम्म पढाउन एकमुष्ठ १ लाख ८ हजार दिने सम्झौता गरेका थिए। घटनाबारे इन्सेकसँग कुरा गर्दै प्रहरी वृत्त, सातदोवाटोका डिएसपी उमेश जोशीले पीडितको उजुरी नआएसम्म प्रहरीले कारबाही प्रकृया अघि बढाउन नसक्ने भन्दै घाइतेहरूलाई उपचार गराइ दिने सर्तमा आरोपितलाई छोडेका बताए।

बलात्कार

१२ वर्षीया बालिकालाई ०७९ पुस २२ गते बलात्कार गरेको आरोपमा उदयपुर जिल्ला गाईघाट नगरपालिका-७ घर भई ललितपुर महानगरपालिका-२८ हरिसिद्धि बस्ने २८ वर्षीय सुरेन्द्रबहादुर राईलाई प्रहरीले पुस २५ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सीता शर्मा अधिकारीको ०८० असार २९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २० वर्ष कैद र ३ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३ सय ९१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये बलात्कारका ५०, बहुविवाहका १०, बाल यौन दुर्व्यवहारका १२ र घरेलु हिंसाका २ सय ५९ उजुरी रहेका छन्। घरेलु हिंसाका उजुरीहरू शारीरिक तथा मानसिक हिंसा, खानलाउन नदिएका, मादकपदार्थ सेवन गरी कुटपिट गर्ने, धाकधम्की दिने, गालीगलौज गर्ने र घरनिकाला गर्ने लगायतका विषयसँग सम्बन्धित थिए। जसमध्ये घरेलु हिंसाका घटनामध्ये २ सय ३४ ओटा उजुरीमा पीडित र आरोपित दुवै पक्ष राखेर छलफल गरी मेलमिलाप गरिएको र २५ ओटा उजुरीमा निवेदक सम्पर्कमा नआएको सेवा केन्दकी प्रमुख दाक्षेकी शेर्पाले बताइन्।

यो वर्ष ललितपुर जिल्लामा बलात्कारका घटनामा १३, बेचबिखन तथा ओसारपसारको घटनामा एक र घरेलु हिंसाका घटनामा ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२६ वर्षीया महिलालाई ०८० वैशाख १९ गते बलात्कार गरेको आरोपमा उदयपुर जिल्ला कटारी नगरपालिका-४ घर भई महालक्ष्मी नगरपालिका-४, इमाडोल बस्ने २३ वर्षीय टंकबहादुर बिकलाई वैशाख २१ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धनीश्वर पौडेलको असोज २३ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १० वर्ष कैद र २ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक केन्द्रीयस्तरको ५० शैयाको मानसिक अस्पताल र एक प्रदेशस्तरीय अस्पताल रहेको छ। जिल्लाभर २३ निजी अस्पताल, ३८ स्वास्थ्य चौकी, दुई स्वास्थ्य एकाइ, सात नगर स्वास्थ्य केन्द्र, एक परिवार नियोजन संस्थागत क्लिनिक, चार प्राथमिक स्वास्थ्य केन्द्र र १३ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा वार्षिक ३ लाख २० हजार जनाभन्दा बढीले सेवा लिने गरेका छन्। त्यस्तै ५० शैयाको पाटन अस्पतालमा २० जना चिकित्सक, ३५ जना नर्स र तीन जना पारामेडिक्सको दरबन्दी रहेकोमा हाल अस्पतालमा हाल १५ जना चिकित्सक, १६ जना नर्स र तीन जना प्यारामेडिक्स मात्र कार्यरत छन्। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गतको पाटन अस्पतालले स्तन क्यान्सरको औषधी निःशुल्क वितरण गर्ने गरेको छ। जिल्लाका १० हजार ५ सय ५८ जनाले स्वास्थ्य बीमा गरेको जिल्ला स्वास्थ्य कार्यालयकी प्रमुख सञ्जु रायले

तालिका ५.३.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१		१
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार	४	१४	११	३९
यौन दुर्व्यवहार	३	४	५	११
जम्मा	८	१९	१६	४३

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३१	३	३	३५
बलात्कार	१		८	४	१३
बेचबिखन तथा ओसारपसार				१	१
जम्मा	१	३१	१०	८	४९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.३.९ काभ्रेपलाञ्चोक



जम्मा जनसङ्ख्या	३,६४,०३९
महिला	१,८५,१३०
घर परिवार सङ्ख्या	९१,३३०
घरजग्गामा महिलाको स्वामित्व	१८,८४४
साक्षरता प्रतिशत	७५.६८
आश्रित जनसङ्ख्या	१,६१,२७५
अपाङ्गता भएका	८,५९३

यस वर्ष काभ्रे जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच पुरुष तथा ज्यादतीका घटनामा १ सय १४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ९ जना महिला पीडित भए।

कारागार र बन्दी

८५ जनाको क्षमता भएको जिल्ला कारागारमा २ सय ८९ जना पुरुष कैदी/बन्दी छन्। जसमध्ये कैद तोकिएका १ सय ६ र थुनुवा १ सय ८३ जना रहेका छन्। यहाँ महिला र बालबालिकालाई राख्ने गरिएको छैन। कैदी बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि डाक्टरको दरबन्दी छैन तर बन्दीहरू विरामी पर्दा नजिकैको धुलिखेल अस्पतालमा स्वास्थ्य उपचार हुने गरेको छ। कारागारमा सात जना कैदीबन्दीले जटिल मानसिक रोगको औषधी उपचार गराइ रहेका छन्। कारागारमा तीन जना पुरुष ज्येष्ठ नागरिक रहेको जेलर परशुराम थापाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ४ सय ११ थानमध्ये ७ सय ७७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार २ सय ७२ थान मध्ये १ हजार ४ सय ८० थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ५१ थान, ३ वर्ष पुराना १७ थान र ४ वर्ष पुराना चार थान मुद्दा फैसला हुन बाँकी छन्। अदालतमा सेवाग्राही कार्डको व्यवस्था, मेलमिलापकर्ता र परामर्शदाताको व्यवस्था, साङ्केतिक भाषा, तामाङ र नेवारी भाषामा दोभाषेको व्यवस्था, वैतनिक वकिल, निःशुल्क कानुनी सहायता, बाल विशेषज्ञ र मनोविज्ञको व्यवस्था रहेको अदालतका सेस्तेदार कर्णबहादुर राईले बताए।

बाल अधिकार

यस वर्ष काभ्रे जिल्लामा यौन दुर्व्यवहारका घटनामा २७, बलात्कारका घटनामा २८ जना र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ९० बाल विकास केन्द्र, सामुदायिकतर्फ आधारभूत विद्यालय ३ सय ७८, माध्यमिक विद्यालय १ सय ४९, संस्थागत विद्यालयतर्फ आधारभूत विद्यालय २६ र माध्यमिक विद्यालय ७६ रहेका छन्। भुकम्पबाट क्षति भएका जिल्लाका विद्यालयहरूमा १ सय ४१ ओटा शौचालय निर्माण गर्ने भनिए पनि अझै चार ओटा निमार्णाधीन छन्। विनाशकारी भुकम्पपछि २ सय ६९ ओटा विद्यालय भवन जसमा ९ सय ३५ ओटा कक्षा कोठा बनाउने

लक्ष्य राखिएको भए पनि हालसम्म २ सय ६३ ओटा विद्यालय भवन निर्माण भएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख गोकर्णध्वज कार्कीले बताए। निमार्णाधीन भवनहरूमा ९ सय १ ओटा कक्षाकोठा निर्माण भएका छन् भने अझै ६ ओटा भवनका २४ कक्षाकोठा निर्माण हुन बाँकी रहेको कार्कीले बताए।

तालिका ५.३.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
कुटपिट		३	३	३		३
हत्या				३	३	५
धम्की					१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	बलात्कार			३८		३८
	यौन दुर्व्यवहार			३७		३७
	जम्मा			५७		५७
महिला अधिकार	घरेलु हिंसा			८८		८८
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			३		३
	बेचबिखन तथा ओसारपसार			९		९
	जम्मा			१०९		१०९
कूल जम्मा		५	५	११४	३	१७४

(स्रोत : इन्सेक, २०२३)

यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई ०७९ फागुन २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा मण्डनदेउपुर नगरपालिका-९, रानीटारका ५९ वर्षीय राजकुमार भनिने देवभक्त सापकोटाविरुद्ध पीडित पक्षले चैत २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश मोहनराज भट्टराईको ०८० असार १३ गतेको आदेशले सापकोटालाई दोषी ठहर गर्दै तीन महिना कैद र ११ हजार रुपियाँ जरिबाना भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ८६ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको, अर्की पत्नी ल्याएर हेला गरेको र सामान्य घरायसी झगडाका उजुरी छन्। यी सबै घटनामा मेलमिलाप भएको सेवा केन्द्रकी प्रमुख इन्स्पेक्टर उमा केसीले बताइन्।

यो वर्ष काभ्रे जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा दुई, बेचबिखन तथा ओसारपसारका घटनामा नौ र घरेलु हिंसाका घटनामा ८८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

पनौती नगरपालिका-११, बल्थलीकी ९४ वर्षीया कान्छीमाया थापाको ०७९ चैत २९ गते घरायसी विवादमा खुर्पाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा ५४ वर्षीय छोरा विश्वबन्धु थापाविरुद्ध पीडितका आफन्तले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले चैत २९ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको वैशाख १३ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

नमोबुद्ध नगरपालिका-११, की ४५ वर्षीया ज्ञानी विकलाई ०८० जेठ २९ गते घरायसी विवादमा पति ४८ वर्षीय शम्भु विकले कुटपिट गरी घाइते बनाएकोमा उनको धुलिखेल अस्पतालमा उपचारको क्रममा जेठ ३२ गते मृत्यु भयो। पीडितका आफन्तले जेठ ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ ३२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको असार २१ गतेको आदेशले आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

काभ्रेपलाञ्चोक जिल्लामा ५० शैयाको मेथिनकोट अस्पताल, ५ सय शैयाको धुलिखेल अस्पताल, १५ शैयाको बनेपा अस्पताल, २ सय शैयाको

शीर मेमोरियल अस्पताल, १५ शैयाको कृष्णप्रसाद अस्पताल, १५ शैयाको सदाबहार अस्पताल, १५ शैयाको सत्यसाइ अस्पताल, १५ शैयाको बनेपा नगरपालिकास्तरिय आधारभूत अस्पताल, पाँच शैयाको रोशी अस्पताल, पाँच शैयाको मण्डन देउपुर नगर अस्पताल, १५ शैयाको धुसेनी शिवालय अस्पताल, १५ शैयाको सामुदायिक अस्पताल र १० शैयाको भुम्लु अस्पताल गरी १३ ओटा सरकारी र नीजिस्तरबाट सञ्चालित अस्पताल रहेका छन्।

तालिका ५.३.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार		२	३३	३५
यौन दुर्व्यवहार	१	१	८	१०
जम्मा	१	३	३२	३६

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६६	१२		८८
बलात्कार		१	९	१०
बलात्कार प्रयास		१	१	२
बेचबिखन तथा ओसारपसार			३	३
जम्मा	६६	१४	१३	१०३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

(स्रोत : इन्सेक, २०२३)

५.३.१० रामेछाप



जम्मा जनसङ्ख्या	१,७०,३०२
महिला	८९,४७८
घर परिवार सङ्ख्या	४६,४६६
घरजग्गामा महिलाको स्वामित्व	९,१११
साक्षरता प्रतिशत	६८.१२
आश्रित जनसङ्ख्या	८५,४१७
अपाङ्गता भएका	५,५०२

यस वर्ष रामेछाप जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन पुरुष तथा ज्यादतीका घटनामा २३ जना महिला र आठ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

गोकुलगङ्गा गाउँपालिका-४ बेतालीकी ७१ वर्षीया पद्मकुमारी खड्काको शव आधा जलेर गुन्द्रीले छोपेको अवस्थामा ०७९ फागुन ७ गते बिहान उनकै घरमा फेला पाऱ्यो। घरमा एक्लै बस्दै आएकी वृद्धाको शव आधा जलेको अवस्थामा देखेपछि छिमेकीले प्रहरीमा खबर गरेका थिए। आफू बस्ने घर बिक्री गरे पनि सोही घरमा बस्दै आएकी खड्काले बिहान अबेरसम्म ढोका नखोलेपछि छिमेकीले त्यस्तो अवस्थामा शव फेला पारेका थिए। जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख डीएसपी होमबहादुर पराजुलीले चुलो नजिकै कम्मर भन्दा मुनिको भाग जलेको र गुन्द्रीले छोपेर राखेको अवस्थामा शव फेला परेको बताए। शवको पोष्टमार्टम फागुन ७ गते मन्थली अस्पतालमा भयो। मृतकका परिवारले सोही दिन शव बुझी सद्गत गरे। घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

कारागार र बन्दी

३ सय ५५ जना क्षमताको कारागारमा ३ सय ५३ जना कैदी/बन्दी रहेका छन्। महिला २१ र पुरुष ३ सय ३३ जना रहेको कारागार प्रमुख रूपलाल तामाङले बताए। जसमा महिला कैदी १० र पुरुष २ सय ९४ जना छन्। त्यस्तै थुनुवा महिला ११ जना र पुरुष ३९ जना छन्। कारागारमा एक जना आश्रित बालिका पनि रहेकी छन्। कारागारमा ६५ वर्ष नाघेका ज्येष्ठ नागरिक चार जना पुरुष छन्। मानसिक रोगको औषधी खाइरहेका बिरामी महिला दुई र पुरुष १० जना छन्। कारागारमा दुई जना विदेशी थुनुवा र नौ जना कैदी छन्। कारागारमा खानेपानीको समस्या रहेको छ। सुख्खा महिनामा बन्दीहरूलाई नुहाइधुवाई गर्नसमेत समस्या हुन्छ। कतिपय बेला ट्याङ्करबाट पानी ल्याएर वितरण गर्ने गरिएको छ। कारागारमा एक जना अहेवको दरबन्दी रहेको छ।

कारागारमा मृत्यु

कारागार कार्यालय, रामेछापका कैदी उमाकुण्ड गाउँपालिका-६, रोटेका ८४ वर्षीय पदमबहादुर श्रेष्ठको ०८० भदौ ४ गते मृत्यु भयो। शौचालय जाने क्रममा भदौ ४ गते बिहान लडेर घाइते भएका श्रेष्ठलाई तत्काल जिल्ला अस्पताल रामेछापमा भर्ना गरिएको थियो। जेलर रूपलाल तामाङका अनुसार उनको उपचारको क्रममा सोही दिन मृत्यु भयो। शवको पोष्टमार्टम भदौ ५ गते जिल्ला अस्पताल, रामेछापमा भयो।

तालिका ५.३.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१		४	४
कारागारमा मृत्यु		३	३			
हत्या				१	१	३
धम्की					३	३
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			१		१
	जम्मा			९		९
महिला अधिकार	घरेलु हिंसा			७		७
	बलात्कार			६		६
	जम्मा			१३		१३
कूल जम्मा		३	३	३३	८	३१

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष १ सय ८४ थान मुद्दा रहेकामा ६९ थान फैसला भए भने १ सय ५ थान मुद्दा फैसला हुन बाँकी रहे। अदालतमा दुई वर्ष नाघेका फौजदारी चार र देवानी दुई थान मुद्दा बाँकी छन्। यस अघि जिल्ला अदालतमा दुई वर्ष नाघेका मुद्दा बाँकी नरहेको भए पनि यस वर्ष भने ६ ओटा मुद्दा दुई वर्ष नाघ्दा पनि फैसला भएका छैनन्।

यो वर्ष जिम्मेवारी सरेर आएका २३ र नयाँ दर्ता २७ सहित फौजदारीतर्फ ५० थान मुद्दा रहेकामा १८ थाना फैसला भए। देवानीतर्फ जिम्मेवारी सरेर आएका ५५ र नयाँ दर्ता ७८ सहित १ सय ३४ मुद्दा रहेकामा ६१ ओटा मुद्दा फैसला भए।

बाल अधिकार

यस वर्ष रामेछाप जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९२ ओटा आधारभूत र ९३ ओटा माध्यामिक विद्यालय छन्। यस वर्ष १७ हजार ५ सय ८८ जना बालाक र १८ हजार १ सय ५८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १० बालिका र सात जना बालक छन्। जिल्लामा आपाङ्गमैत्री विद्यालय २ सय ९० ओटा छन्।

बलात्कार

१३ वर्षीया बालिकालाई ०७९ माघ २ गते बलात्कार गरेको आरोपमा सोलुखुम्बुको लिखुपिके गाउँपालिका-१, मैलीका ३७ वर्षीय वीरबहादुर तामाङविरुद्ध पीडित पक्षले माघ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको ०८० जेठ १० गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै नौ वर्ष कैद र ३ लाख ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरए। जसमा जन्मदर्ता र नागरिकता नबनाइदिएको भन्दै तीन र सामान्य घरायसी झगडाका १३ उजुरी रहेका छन्। तीमध्ये १० ओटा मेलमिलाप भए भने ६ ओटा अदालत पठाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी होमबहादुर पराजुलीले बताए।

यो वर्ष रामेछाप जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्रदेशस्तरको, एक सहकारी, दुई सामुदायिक, एक संस्थागत अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ५० स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी, १३ सहरी स्वास्थ्य केन्द्र, १३ आधारभूत स्वास्थ्य सेवा केन्द्र तथा एक आयुर्वेद सेवा केन्द्र र एक आयुर्वेद औषधालय रहेका छन्। मन्थली अस्पतालमा दुई जना डाक्टरको दरबन्दी रहेकोमा दरबन्दीका दुवै जना र दुई जना छात्रावृत्ति करार तथा एक जना नगरपालिकाले राखेको गरी पाँच जना कार्यरत छन्। जिल्लामा १८ हजार ८ सय ६७ जनाले स्वास्थ्य बीमा गरेका छन्। जिल्लामा निर्माणाधीन १९ ओटा स्वास्थ्य संस्थाका भवन निर्माण कार्य समयमा पूरा नभई अलपत्र हुँदा स्वास्थ्य सेवा प्रवाहमा समस्या भएको छ।

तालिका ५.३.१०.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	७	८
यौन दुर्व्यवहार	१		१
जम्मा	२	७	९

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कारबाही प्रक्रिया अघि बढेका	जम्मा
घरेलु हिंसा		६		१	७
बलात्कार	३		३		६
जम्मा	३	६	३	१	१३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२३)

५.३.११ सिन्धुली



जम्मा जनसङ्ख्या	३,००,०२६
महिला	१,५२,९६१
घर परिवार सङ्ख्या	६९,३१७
घरजग्गामा महिलाको स्वामित्व	१४,९३१
साक्षरता प्रतिशत	७२.५९
आश्रित जनसङ्ख्या	१,४८,८१६
अपाङ्गता भएका	७,६४०

यस वर्ष सिन्धुली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा १ सय ३ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २७ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७३ जना महिला पीडित भए।

कारागार र बन्दी

२ सय ८ जनाको क्षमता रहेको कारागारमा ७ सय ३७ कैदीबन्दी रहेको निमित्त जेलर मातृकाप्रसाद पहाडीले बताए। कारागारमा ६८ महिला र ६ सय ६९ पुरुष रहेका छन्। कारागारमा आठ बालिका र आठ बालक आश्रित छन्। कारागारमा ज्येष्ठ नागरिक १८ जना पुरुष छन्। कारागारमा ३४ जना दीर्घ रोगीका कैदीबन्दी छन्। स्वास्थकर्मीको दरबन्दी रिक्त छ। आश्रित बालबालिकालाई शिक्षा प्रदान गर्न प्रारम्भिक बाल कक्षा सञ्चालन गर्ने तयारी सुरु भएको निमित्त जेलर पहाडीले बताए।

कारागारमा मृत्यु

दुधौली नगरपालिका-१०, लखिमाका ३० वर्षीय विमल थापाको उपचारका क्रममा ०८० कात्तिक ३० गते मृत्यु भयो। निमित्त जेलर पहाडीका अनुसार कात्तिक २९ गते राति देउसी खेलिसकेपछि खाना खाएर सुतेको थापा कात्तिक ३० गते बिहान ३ बजे बेहोस अवस्थामा भेटिएपछि उपचारको लागि जिल्ला अस्पताल सिन्धुलीमा लगिएको थियो। उनको उपचारको क्रममा सोही दिन मृत्यु भयो। सवारी ज्यान मुद्दामा ०८० भदौ २२ गते गिरफ्तार भएका थापा पुर्पक्षका लागि थुनामा थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारीतर्फ जिम्मेवारी सरेर आएका ५ सय १० र देवानीतर्फ ४ सय गरी जम्मा ९ सय १० थान तथा यो वर्ष दर्ता भएका फौजदारी तर्फ १ सय ११ तथा देवानीतर्फ २ सय २४ गरी जम्मा ३ सय ३५ थान गरी कूल १ हजार २ सय ४५ थान मुद्दा रहे। फौजदारीतर्फ १ सय ६५ थान र देवानीतर्फ १ सय ९३ थान गरी कूल ३ सय ५८ थान मुद्दा फैसला भए भने ८ सय ८७ थान मुद्दा फैसला हुन बाँकी रहेको जिल्ला अदालतका सूचना अधिकारी विदुरप्रसाद कोइरालाले बताए।

बाल अधिकार

यस वर्ष सिन्धुली जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कारका घटनामा २३ जना र बालविवाहको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ४ सय ६३ आधारभूत विद्यालय र १ सय ४२ माध्यमिक विद्यालय छन्। यस वर्ष ४२ हजार ९ सय ८३ बालक र ४२ हजार ९ सय ६२ बालिका

गरी ८५ हजार ९ सय ४७ विद्यार्थी विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन ओटा छन्। जसमा अपाङ्गता भएका ३ सय ४६ जना बालक र ४ सय ११ जना बालिका अध्ययनरत छन्। यस वर्ष जिल्लाभर ८ हजार १ सय ५६ दलित बालक र ६ हजार २ सय ३८ बालिका विद्यालयमा भर्ना भए।

तालिका ५.३.११.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				३	६	८
कारागारमा मृत्यु		१	१			
हत्या				१	१	३
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			३३		३३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३७		३७
महिला अधिकार	घरेलु हिंसा			६४		६४
	'बोक्सी'को आरोप			१		१
	बलात्कार			८		८
	जम्मा			७३		७३
कूल जम्मा		१	१	१०३	७	११०

(स्रोत : इन्सेक, २०२३)

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष सिन्धुलीमा घरेलु हिंसा पीडित भएको भन्दै ५९ जनाले महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा लालनपालनमा बेवास्ता गरेको १४, कुटपिट गरेको ३१, शारीरिक हिंसा, मानसिक हिंसा, सामान्य झैझडाका १४ ओटा उजुरी रहेका छन्। तीमध्ये ४३ ओटा मेलमिलाप, नौ ओटा उजुरी अदालती प्रक्रियामा गएको र नौ ओटा उजुरीउपर छलफल हुन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय, सिन्धुलीका डिएसपी चिरञ्जीवी दाहालले बताए।

यो वर्ष सिन्धुली जिल्लामा बलात्कारका घटनामा आठ, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ६४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, पाँच सामुदायिक अस्पताल, ५१ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झण्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो कम हुँदै गएको छ। स्वास्थ्य बीमामा पर्ने नि:शुल्क औषधी समेत किन्नु परेको सेवाग्राहीको गुनासो छ। बालविवाह तथा प्रजनन् स्वास्थ्यको खराब अवस्थाले किशोरीहरूको स्वास्थ्यमा प्रतिकुल असर परेको छ।

मरिण गाउँपालिका-४, वाक्सिडटारकी २७ वर्षीया सीता तामाङको उपचारको क्रममा सिन्धुली अस्पतालमा ०७९ माघ १८ गते मृत्यु भयो। सीतालाई सुत्केरी व्यथा लागेपछि पति लवाङ दोर्जे थिङले माघ १७ गते राति प्राथमिक स्वास्थ्य चौकी, कपिलाकोट लगेकोमा त्यहाँ उपचार हुन नसकेपछि सिन्धुली अस्पतालमा रिफर गरिएको थियो। माघ १७ गते सिन्धुली अस्पतालमा ल्याइएकी सीतालाई डाक्टरको निगरानीमा सुत्केरी गराइएको थियो। सुत्केरी भएपश्चात रक्तश्राव भई उपचारको क्रममा सोही दिन उनको मृत्यु भयो। मृतकका परिवारले डाक्टरको लापरबाहीबाट सीताको मृत्यु भएको आरोप लगाए। त्यस्तै, ०८० जेठ ९ गते कमलामाई नगरपालिका-५ सिलामेकी २५ वर्षीया गङ्गा गुरुङ श्रेष्ठको मृत्यु भयो। जेठ ८ गते गर्भ जाँच गर्न गएकी गङ्गालाई डाक्टरको सल्लाह अनुसार अस्पतालमा भर्ना गरियो। तर गङ्गाको अचेत अवस्थामा अन्यन्त्रै रिफर गरिएको र अस्पतालको लापरबाहीका कारण गङ्गाले मृत्युवरण भएको भन्दै ०८० जेठ ९ गते सिन्धुली अस्पताल तोडफोड भयो। अस्पतालको, इमर्जेन्सी कक्ष, ओपिडी बिरामी जाँच कक्ष, बिरामी बस्ने वार्ड, औषधी पसल, आँखा अस्पताल लगायत अस्पतालको भौतिक संरचनामा क्षति पुग्यो। अस्पतालमा भएको तोडफोडका कारण आल्मुनियम झ्याल ५० थान, आल्मुनियम ढोका १० थान, होडिङ बोर्ड तीन थान, फ्रिज एक थान, बाइक एक थान, इ हाजिरी मेशिन एक थान र स्ट्रेचर ट्रली दुई थान गरी ६ लाख ३६ हजार रुपियाँ बराबरको भौतिक संरचना

क्षति भएको अस्पतालले जनायो। अस्पतालले ०८० जेठ १४ गतेबाट सेवा सुचारु गऱ्यो।

कमलामाई नगरपालिका-५ की २९ वर्षीया गङ्गा श्रेष्ठको सिन्धुली अस्पतालको लापरबाहीका कारण मृत्यु भएको भन्दै प्रदर्शनमा उत्रिएका स्थानीयबासी र प्रहरीबीच ०८० जेठ १० गते झडप हुँदा जिल्ला प्रहरी कार्यालय, सिन्धुलीमा कार्यरत प्रहरी सहायक हवल्दार रोशन श्रेष्ठ, इन्स्पेक्टर रामभक्त भट्टराई, सई कैलाश बुढाथोकी, प्रहरी जवान रामबहादुर कार्की, प्रवेशकुमार यादव र प्रहरी जवान राजकुमार सिलवाल घाइते भए। घाइते सोही अस्पतालमा उपचारपछि डिस्चार्ज भए। पीडित श्रेष्ठ अस्पतालमा गर्भवती जाँच गर्न गएकी थिइन्।

तालिका ५.३.११.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१		१
बलात्कार	१०	१३	२३
यौन दुर्व्यवहार		३	३
जम्मा	११	१६	२७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	४२	९	१३	६४
'बोक्सी'को आरोप			१	१
बलात्कार		४	४	८
जम्मा	४२	१३	१८	७३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.३.१२ मकवानपुर

जम्मा जनसङ्ख्या	४,६६,०७३
महिला	२,३२,२५७
घर परिवार सङ्ख्या	१,०५,६२०
घरजग्गामा महिलाको स्वामित्व	२२,५३६
साक्षरता प्रतिशत	७७.८२
आश्रित जनसङ्ख्या	२,१२,९०४
अपाङ्गता भएका	१०,१८३



यस वर्ष मकवानपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा ८८ जना महिला, ४६ जना पुरुष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक एक जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४२ जना महिला पीडित भए।

कारागार अवस्था

१ हजार १ सय ५० जनाको क्षमता रहेको भीमफेदी कारागारमा कैदी/बन्दी गरेर १ हजार ६९ जना रहेको कारागारका निमित्त उपसचिव मदन लामाले बताए।

कारागारको 'क' र 'ख' ब्लकमा पुरुष कैदीबन्दी राखिएको छ भने 'ग' ब्लकमा १६ महिला कैदीबन्दी र एक आश्रित नाबालक छन्। कारागारमा पानीको सुविधा भए पनि अपर्याप्त रहेको छ। स्वास्थ्य उपचारका लागि अहेवको दरबन्दी भए पनी दरबन्दी रिक्त रहेको छ। भीमफेदीमा प्राथमिक स्वास्थ्य केन्द्र मात्र भएकाले बन्दीहरूलाई उपचारमा समस्या छ।

कारागारमा मृत्यु

मनहरी गाउँपालिका-६, लोथरका ३५ वर्षीय समिर परियारको ०८० वैशाख ६ गते मृत्यु भएको कारागार प्रशासक उपसचिव तीर्थराज पौडेलले बताए। कर्तव्य ज्यान मुद्दामा कारागारमा रहेका उनी बेहोस भई ढलेका थिए। उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा उनको उपचारको क्रममा मृत्यु भएको थियो।

बाल सुधार गृह

जिल्लामा एक बाल सुधार गृह छ। सङ्घीय सरकार मातहतको बाल सुधार गृहलाई जिल्ला प्रशासन कार्यालयले हेर्ने गरेको छ। सुधारगृहमा ५५ जना बालकहरू रहेका छन्। उनीहरूलाई पढ्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

चार जना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको १ हजार ३ सय ८ र यस वर्ष दर्ता भएको १ हजार ३९ गरी कूल २ हजार ३ सय ४७ थान मुद्दा रहे। जसमध्ये ७ सय १७ ओटा मुद्दा फैसला भएको र १ हजार ६ सय ३० थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतका सेस्तेदार लेखनाथ पौडेलले बताए। अदालतमा दुई वर्ष नाघेका ३३ थान मुद्दा रहेका छन्।

उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको पाटन उच्च अदालत हेटौंडा इजलासमा चार जना न्यायाधीश मात्र कार्यरत छन्। हेटौंडा इजालसमा गत वर्ष

तालिका ५.३.१२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट			
		पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
कुटपिट				४	१३	१	१८
कारागारमा मृत्यु		१	१				
घाइते					४		४
हत्या				३	१		४
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय				२८		२८
	बलात्कार			२९			२९
	यौन दुर्व्यवहार			१०			१०
	जम्मा			३९	२८		६७
महिला अधिकार	घरेलु हिंसा			१५			१५
	बलात्कार			२४			२४
	बलात्कार प्रयास			२			२
	यौन दुर्व्यवहार			१			१
	जम्मा			४२			४२
कूल जम्मा		१	१	८८	४६	१	१३५

(स्रोत : इन्सेक, २०२३)

जिम्मेवारी सरेर आएका ४ सय २९ थान र यस वर्ष दर्ता भएका ५ सय ७० थान गरी कूल ९ सय ९९ थान मुद्दा रहे। जसमा ४ सय ८३ थान मुद्दा मात्रै फैसला भए भने ५ सय १६ ओटा मुद्दा फैसला हुन बाँकी रहेको हेटौँडा इजलासका सूचना अधिकारी केशरराज अर्यालले बताए। उनका अनुसार फैसला हुन बाँकी रहेका मुद्दामध्ये १८ महिना नाघेका पाँच ओटा मुद्दा छन्।

बाल अधिकार

यस वर्ष मकवानपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा १० जना, बलात्कारका घटनामा २९ जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा २८ जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिक ५ सय १६ र संस्थागत ७६ ओटा गरेर ५ सय ९२ विद्यालय छन्। जिल्लामा ३ सय ७५ अपाङ्गतामैत्री विद्यालय र ५ सय ९३ प्रारम्भिक बाल विकास केन्द्र छन्। अपाङ्गता भएका बालबालिकाका लागि एक बहिरा तथा सुस्त श्रवण विद्यालय, एक दृष्टिविहीन विद्यालय र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि एक आशा विशेष स्कूल रहेको छ। जिल्लामा भूकम्पपछि पुनर्निर्माण भएका केही नयाँ विद्यालयहरू अपाङ्गतामैत्री छन् भने पूर्ण रूपले अपाङ्गमैत्री विद्यालय छैनन्।

यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई ०८० भदौ २ गते यौन दुर्व्यवहार गरेको भन्दै मनहरी गाउँपालिका-२ का ७२ वर्षीय कान्छाराम स्याङ्तानविरुद्ध पीडित पक्षले भदौ २ गते इलाका प्रहरी कार्यालय, मनहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रबहादुर कार्कीको कात्तिक १५ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै चार महिना कैद सजाय, १० हजार रुपियाँ जरिबाना र पीडितलाई २० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ६८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये १ सय ९६ ओटा उजुरीमा पीडित र आरोपित दुवै पक्ष राखेर छलफल गरी मेलमिलाप गरिएको, ७२ ओटा प्रक्रियामा गएको र १ सय ओटा उजुरीका निवेदक सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालयकी इन्स्पेक्टर चुडाकुमारी खड्काले बताइन्।

यो वर्ष मकवानपुर जिल्लामा बलात्कारका घटनामा २४, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा १५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक आँखा अस्पताल, चार निजी अस्पताल, ४० स्वास्थ्य चौकी, १० ओटा स्थानीय तहस्तरका स्वास्थ्य केन्द्र, २१ नगर स्वास्थ्य केन्द्र छन्। अस्पताल परिसरमा सरकारबाट प्रदान हुने नि:शुल्क औषधीको सूची राखिएको छ। अस्पताल र स्वास्थ्य चौकीहरूबाट नि:शुल्क औषधी वितरण हुने गरेको छ। हेटौँडा उपमहानगरपालिका-१४ की सरीता बम्जन उपचार खर्च तिर्न नसक्दा हेटौँडा अस्पतालमा दुई हप्ता बन्धक भइन्। उनी घरेलु हिंसाका कारण घाइते भई ०८० भदौ ३ गते अस्पताल भर्ना भएकी थिइन्।

हेटौँडा उपमहानगरपालिका-१ स्थित सञ्चो हस्पिटलका चिकित्सक ४१ वर्षीय विकास थापा र ३५ वर्षीय प्रशान्त बिडारीमाथि ०८० भदौ २७ गते आक्रमण गरी कुटपिट गरेको आरोपमा हेटौँडा उपमहानगरपालिका-१२, सिक्रेनीकी ३९ वर्षीया रमा प्रधान, ३१ वर्षीय रोहन प्रधान, १९ वर्षीय अनुप प्रधान, २१ वर्षीया रमिला प्रधान, ३१ वर्षीय सुनिल प्रधान र ३६ वर्षीय जीवन लामाविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले भदौ २९ गते गिरफ्तार गऱ्यो। ४१ वर्षीय राजेश प्रधानको उपचारमा लापरवाही गर्दा उनको मृत्यु भएको भन्दै आरोपितहरूले डाक्टरद्वयमाथि साङ्घातिक आक्रमण गरेका थिए। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् असोज २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असोज २३ गतेको आदेशमा आरोपित रमा प्रधान २ लाख ५० हजार रुपियाँ र असोज २८ गतेको इजलासको आदेशमा रमिला प्रधान, रोहन प्रधान, अनुप प्रधान, सुनिल पाखिन र जीवन लामा २ लाख रुपियाँ धरौटीमा रिहा भए।

तालिका ५.३.१२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
बलात्कार		३	३७	३९
यौन दुर्व्यवहार	१		९	१०
जम्मा	३	३	३६	४०

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	३	११	१४
बलात्कार		५	१९	३४
बलात्कार प्रयास		१	१	३
यौन दुर्व्यवहार		१		१
जम्मा	१	९	३१	४१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२३)

५.३.१३ चितवन

जम्मा जनसङ्ख्या	७,१९,८५९
महिला	३,६८,०७०
घर परिवार सङ्ख्या	१,७९,१६७
घरजग्गामा महिलाको स्वामित्व	५२,३६१
साक्षरता प्रतिशत	८३.६८
आश्रित जनसङ्ख्या	३,१४,३४०
अपाङ्गता भएका	१६,४९६

यस वर्ष चितवन जिल्लामा ज्यादतीका घटनामा १ सय जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६७ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना महिला पीडित भए।

कारागार र बन्दी

५ सय ९५ जनाको क्षमता रहेको जिल्ला कारागारमा ७ सय २७ जना कैदबन्दी छन्। जसमा कैद तोकिएका मध्ये ४ सय ७० पुरुष र ३० जना महिला छन्। २ सय २७ जना बन्दी रहेकोमा १ सय ९१ जना पुरुष र ३६ जना महिला रहेका छन्। आश्रित दुई बालक र दुई जना बालिका छन्। ४० जना ज्येष्ठ नागरिक छन्। कारागारमा एकजना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना दरबन्दी रहे पनि हाल सात जना न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ७७ थान मुद्दा दर्ता भए। जसमा १ हजार २ सय ४६ फैसला भए भने ८ सय ३१ फैसला हुन बाँकी छन्। २ वर्ष नाघेको मुद्दा सङ्ख्या ३ रहेको छ। त्यस्तै देवानीतर्फ ३ हजार ४ सय ५६ मुद्दा दर्ता भएकोमा २ हजार ३ सय २१ वटा फैसला भएका छन्। १ हजार १ सय ३५ देवानी मुद्दा फैसला हुन बाँकी रहेकोमा ३ थान देवानी मुद्दा २ वर्ष पुरानो रहेका छन्।

बाल अधिकार

यस वर्ष चितवन जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई बालक र ३१ बालिका, बलात्कारका घटनामा ३० जना बालिका, बेचबिखन तथा ओसारपसारका घटनामा तीन र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ४ आधारभूत र २ सय २२ माबि छन्। २ हजार ७ सय २ शिक्षक दरबन्दी रहेका छन्। यस वर्ष ११ हजार २ सय छात्रा र २१ हजार १ सय ५जना छात्र भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १२ ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका ४५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। प्राथमिक तहको नि:शुल्क शिक्षा हुनु पर्ने व्यवस्था भए पनि ग्रामीण क्षेत्रमा रहेका अधिकांश बालबालिका शिक्षाको लागि महँगो शुल्क तिरेर बालबालिकालाई पढाइ रहेका छन्। सामुदायिक विद्यालयले विद्यार्थीहरूलाई सीपमूलक क्रियाकलापहरू गराएको शिक्षा तथा तथा समन्वय एकाइका प्रमुख भूमिलाल सुवेदीले बताए।

बलात्कार

१४ वर्षीया बालिकालाई २०७९ फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा भरतपुर महानगरपालिका-१६ मङ्गलपुरका ३२ वर्षीय दिनेश

परियारविरुद्ध पीडितका आफन्तले फागुन १४ गते जिल्ला प्रहरी कार्यालय, भरतपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते भरतपुर अस्पतालमा भयो। न्यायाधीश नारायणप्रसाद पौडेलको इजलासले भदौ २५ गते १२ वर्ष कैद, ५ हजार जरिवाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउनुका साथै २० हजार रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने भनी फैसला गरेको स्रेस्तेदार विष्णु आचार्यले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ७५, खानलाउन नदिएको ५७, दाइजो नल्याएको तीन ओटा, जन्मदर्ता, विवाहदर्ता र नागरिकता विषयका ६ ओटा उजुरी छन्। त्यस्तै ६७ ओटा गाली बेइज्जती गरेको उजुरी छन्। जसमध्ये १ सय ४६ उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रका इन्स्पेक्टर सरिता सुनारले बताइन्।

यो वर्ष चितवन जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

३५ वर्षीया महिलालाई ०७९ माघ १५ गते बलात्कार गरेको आरोपमा ४० वर्षीय पुरुषविरुद्ध पीडितले माघ २२ गते इलाका प्रहरी कार्यालय, रत्ननगर टाँडीमा उजुरी दिइन्। न्यायाधीश उद्धव भट्टराईको भदौ १८ गतेको इजलासले आरोपितलाई ११ वर्ष कैद सजाय, ३ लाख रुपियाँ जरिबाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति समेत भराउने फैसला गरेको अदालतका सूचना अधिकारी विष्णु आचार्यले बताए।

पारिवारिक हत्या

भरतपुर महानगरपालिका-११, गणेशस्थानका ७८ वर्षीया मीना घलेको घरायसी विवादमा २०७९ फागुन १० गते हत्या गरेको आरोपमा छोरा ३९ वर्षीय पुरन घलेविरुद्ध पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ११ गते घर नजिकैबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ११ गते भरतपुर अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश उद्धव भट्टराईको चैत ७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

तालिका ५.३.१३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		घटनाको प्रकार		
		महिला	पुरुष	जम्मा
हत्या		३	८	१०
जातीय विभेद		१		१
धम्की			१	१
बाल अधिकार	बालविवाह	१		१
	बेचबिखन तथा ओसारपसार	३		३
	बलात्कार	३०		३०
	यौन दुर्व्यवहार	३१	३	३३
	जम्मा	६५	३	६८
महिला अधिकार	घरेलु हिंसा	१९		१९
	बोक्सीको आरोप	१		१
	बलात्कार	१०		१०
	बलात्कार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३३		३३
कूल जम्मा		१००	११	१११

(स्रोत : इन्सेक, २०२३)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा भरतपुर अस्पताल केन्द्रीय अस्पतालका रूपमा रहेको छ। यो अस्पताल ६ सय शैया रहेको छ। त्यस्तै वीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालले राष्ट्रिय स्तरको सेवा दिइरहेको छ। रत्ननगर नगरपालिकामा एउटा प्रादेशिक अस्पताल रहेको छ। त्यस्तै चार जिल्ला स्तरीय अस्पताल, ३० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। सरकारी दरबन्दी भन्दा बाहेक अस्पताल विकास समितिबाट पनि डाक्टर र अन्य स्वास्थ्यकर्मी कार्यरत छन्। भरतपुर अस्पतलामा दैनिक २ हजार २ सयले औसतमा ओपीडी सेवा लिने गरेका छन्। सेवाग्राहीको

चाप बढेपछि हाल अस्पतालमा अनलाइन टिकट प्रणाली सुरु गरिएको छ। चितवनमा गत वर्ष २ लाख ३० हजारले स्वास्थ्य बीमा वापतको सेवा लिइरहेका भरतपुर अस्पतालका अध्यक्ष राजु पौडेलले बताए।

तालिका ५.३.१३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बालविवाह			१	१
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार	१	५	२४	३०
यौन दुर्व्यवहार	११		२२	३३
जम्मा	१२	५	४९	६६

महिला अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		५	१४	१९
'बोक्सी'को आरोप		१		१
बलात्कार	२	१	६	१०
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार			१	१
जम्मा	२	६	२३	३२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	२	६	९

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.४ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

गण्डकी प्रदेश

५.४.१ गोरखा

जम्मा जनसङ्ख्या	२,५१,०२७
महिला	१,३२,८७२
घर परिवार सङ्ख्या	७१,७२९
घरजग्गामा महिलाको स्वामित्व	१५,००१
साक्षरता प्रतिशत	७२.३७
आश्रित जनसङ्ख्या	१,२४,८२२
अपाङ्गता भएका	८,९९८

यस वर्ष गोरखा जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना महिला पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता महिला २० र पुरुष ३५ गरी ५५ जनाको छ। कारागारमा १ सय १५ जना कैदीबन्दी छन्। जसमा १० जना कैदी र आठ जना बन्दी गरी १८ जना महिला छन्। ४३ जना कैदी र ५४ जना बन्दी गरी ९७ जना पुरुष छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा बढी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा १२ जना ज्येष्ठ नागरिक छन्। अहेवको दरबन्दी रहेपनि दुई वर्षदेखि पद रिक्त रहेको कारागारका कम्प्यूटर अपरेटर दिपेन्द्र क्षेत्रीले बताए। दिर्घरोगी १८ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दीमा कार्यरत छन्। यो वर्ष देवानीतर्फ २ सय ८ थान मुद्दामध्ये १ सय ९ थान फैसला भए। फौजदारीतर्फ ५८ थान मुद्दामध्ये २१ थान फैसला भए।



बाल अधिकार

यस वर्ष गोरखा जिल्लामा यौन दुर्व्यवहारको घटनामा चार, बलात्कारका घटनामा पाँच र बेचबिखन तथा ओसारपसार घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय २९ आधारभूत र १ सय ३५ माध्यमिक विद्यालय छन्। चुमनुब्री र धार्चे गाउँपालिकामा कठिन भूगोलले, छरिएको बस्ती, चिसो हावापानी, यातायात पूर्वाधारको कमी, शुन्य माध्यमिक तहको दरबन्दीजस्ता कारण गुणस्तरीय शिक्षा प्रवाह हुन सकेको छैन।

बलात्कार

१२ वर्षीया बालिकालाई ०७९ पुस ३० गते र माघ २० गते बलात्कार गरेको आरोपमा सिरानचोक गाउँपालिका-४ आरूवोटका ६० वर्षीय रमेश पोखरेलविरूद्ध पीडितका आफन्तले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक र माघ २७ गते लिखित उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तेजेन्द्रप्रसाद शर्माको ०८० भदौ ६ गतेको इजलासले यौन दुर्व्यवहार ठहर भइ दुई वर्ष कैद, २० हजार रुपियाँ जरिबाना, २ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७२ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। पतिपत्नी झैझगडाका ५२, सासूबुहारी झैझगडाका ६, आमाछोरा झैझगडाका दुई, विवाह दर्ता तथा नागरिकता

नबनाएका दुई, पतिले वास्ता नगरेका नौ, देवरभाउजू झैझगडाको एउटा उजुरी दर्ता भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी रमेशकुमार श्रेष्ठले बताए। तीमध्ये ५७ उजुरीमा मेलमिलाप भयो। ११ जना पीडित थप न्यायका लागि अन्य निकायमा गए। चार जना उजुरीपछि सम्पर्कमै आएनन्।

यो वर्ष गोरखा जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासको घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ६७ स्वास्थ्य चौकी, तीन प्रथामिक स्वास्थ्य केन्द्र, १६ आधारभूत स्वास्थ्य एकाइ, सात शहरी स्वास्थ्य केन्द्र, ५० सामुदायिक स्वास्थ्य एकाइ रहेका स्वास्थ्य कार्यालय गोरखाका प्रमुख यमप्रसाद शर्माले बताए। जिल्लाका २० हजार ३ सय १९ परिवारका १ लाख २ सय ४७ जना स्वास्थ्य बीमामा आबद्ध छन्। प्रदेश सरकारले 'ख' वर्गको अपाङ्गता भएका शहिद, जनआन्दोनलका घाइतेको परिवारका लागि नि:शुल्क बीमा गरेको छ।

तालिका ५.४.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
अमानवीय व्यवहार		१	१	२
घाइते			१	१
हत्या		३	१	४
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	२		२
	बलात्कार	५		५
	यौन दुर्व्यवहार	४		४
	जम्मा	११		११
महिला अधिकार	घरेलु हिंसा	३		३
	बोक्सीको आरोप	१		१
	बलात्कार	६		६
	बलात्कार प्रयास	१		१
	जम्मा	१२		१२
कूल जम्मा		२६	४	३१

(स्रोत : इन्सेक, २०२३)

तालिका ५.४.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१			१
बलात्कार		१	४	५
यौन दुर्व्यवहार	२		१	३
जम्मा	३	१	५	९

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१	१	३
'बोक्सी'को आरोप			१	१
बलात्कार		१	६	७
बलात्कार प्रयास		१		१
जम्मा	१	३	८	१२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

(स्रोत : इन्सेक, २०२३)

५.४.२ मनाङ



जम्मा जनसङ्ख्या	५,६५८
महिला	२,४६६
घर परिवार सङ्ख्या	१,५४७
घरजग्गामा महिलाको स्वामित्व	४४७
साक्षरता प्रतिशत	७८.३६
आश्रित जनसङ्ख्या	१,९०९
अपाङ्गता भएका	२६५

कारागार र बन्दी

१५ जनाको क्षमता रहेको जिल्ला कारागारमा ६ जना पुरुष छन्। जसमा कैदी एक जना र बन्दी पाँच जना छन्। कारागारमा बलात्कारसम्बन्धी मुद्दाका एक जना, हत्याका दुई जना, सवारी ज्यान मुद्दाका एक जना, सुन तस्करीका एक जना र हत्या प्रयासका एक जना रहेका जेलर सागर ढकालले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यो वर्ष मनाङमा दुई थान फौजदारी मुद्दा दर्ता भए। जसमध्ये एक थान फैसला भयो।

बाल अधिकार

शिक्षाको अवस्था

मनाङ जिल्ला २०७४ सालमा साक्षर जिल्ला घोषणा भइसकेको छ। तर, २०७८ को जनगणनाले ७८.३६ प्रतिशत साक्षर रहेका देखाएको छ। जिल्लामा २६ ओटा सामुदायिक विद्यालय छन्। यहाँका अधिकांश बालबालिका अध्ययनका लागि अन्य जिल्लामा रहने हुनाले विद्यार्थीको सङ्ख्या न्यून रहेको शिक्षा विकास तथा समन्वय एकाइका शाखा अधिकृत मतिलाल चपाईंले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष मनाङ जिल्लामा महिला हिंसा विरुद्ध कुनै पनि घटनाको उजुरी नआएको जिल्ला प्रहरी कार्यालयका डिएसपी फणिन्द्र रानाभाटले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, १२ आधारभूत स्वास्थ्य केन्द्र, एक सामुदायिक स्वास्थ्य एकाइ र १३ ओटा स्वास्थ्य चौकी छन्। बेसक्याम्पमा दुईओटा ट्रिटमेन्ट सेन्टर छन्। ट्रिटमेन्ट सेन्टरहरूमा प्राय: बेसक्याम्पमा घुम्न आउने पर्यटकहरू लेक लागेर आउने गर्छन्। यो पर्यटकीय सिजनमा मात्र सञ्चालनमा आउने गर्दछ। जिल्लामा दरबन्दी अनुसारका जनशक्ति नहुँदा व्यवस्थापन राम्रो हुन सकेको छैन।

जिल्ला अस्पतालमा सामान्य रोगको उपचार गरिने भए पनि जटिल खालका रोग तथा शल्यक्रिया गर्नुपरेमा नजिकको जिल्ला लमजुङ तथा अन्यत्र रिफर गरिन्छ। सामान्य भिडियो एक्सरेको सेवा अस्पतालमा नै रहेको छ। जिल्लामा प्राय:जसो मौसमी विषालु च्याउ तथा लालीगुराँसको जुस खाएर बिरामी पर्नेहरू उपचारका लागि आउने गर्छन्। दक्ष जनशक्तिको अभावले गर्दा नयाँ प्रविधिको ल्याब परीक्षणको सुविधा दिन नसकेको मनाङ अस्पतालका स्वास्थ्य सहायक अविन्द्र रजकले बताए। मनाङमा स्वास्थ्य बीमा बोर्ड स्थापना भए पनि लागु भइसकेको छैन।

५.४.३ मुस्ताङ

जम्मा जनसङ्ख्या	१४,४५२
महिला	६,५१८
घर परिवार सङ्ख्या	३,६०६
घरजग्गामा महिलाको स्वामित्व	७५६
साक्षरता प्रतिशत	७५.०५
आश्रित जनसङ्ख्या	६,१६२
अपाङ्गता भएका	५२६

जिल्लाका नागरिक स्वास्थ्य, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोगबाट वञ्चित छन्। जिल्लामा अहिले पनि मुखिया प्रथा यथावत् नै रहेकाले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। फौजदारी अपराधजन्य घटनाहरू पनि गाउँमै मिलाउने गरेको बताइए पनि त्यसको अभिलेख पाइँदैन। यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना न्यायिक निकायसम्म पुग्दैनन्। बजार अनुगमन फितलो हुने गरेको छ। यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको छ।

यस वर्ष मुस्ताङ जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा १० जना कैदी र तीन जना बन्दी छन्। कारागारमा महिला कैदीबन्दी रहेका छैनन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदीबन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ। सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। कैदीबन्दी कोठाबाट शौचालय गएपछि फर्केर सरासर कोठामै जानुपर्ने निमित्त जेलर भगवानलाल साहले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानीतर्फ १३ थान मुद्दा दर्ता भएकोमा १२ थान फैसला भए । फौजदारी मुद्दातर्फ पाँच थान मुद्दा दर्ता भएकोमा चार थान फैसला भए। मुद्दाको चाप बढी नहुने हुँदा सुनुवाइमा समस्या छैन।

बाल अधिकार

यस वर्ष मुस्ताङ जिल्लामा बलात्कारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ५.४.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	१	१
	जम्मा	१	१
महिला अधिकार	घरेलु हिंसा	६	६
	जम्मा	६	६
कूल जम्मा		७	७

(स्रोत : इन्सेक, २०२३)

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक ३५, कम्पनी विद्यालय चार र गुम्बा विद्यालय आठ गरी ४७ ओटा विद्यालय छन्। हिमाली जिल्लाहरूमा नेपाल सरकारले फागुन १ गतेबाट शैक्षिक सत्र सुरू गर्ने गरेको भए पनि यस वर्षदेखि सबै क्षेत्रको शैक्षिक सत्र एकै बनाउँदा पढाइमा समस्या भएको छ। राज्यले आरक्षण गरेको र नि:शुल्क शिक्षा प्रदान गर्ने वर्गमा पर्ने सबैले मुस्ताङमा नि:शुल्क शिक्षा पाएका शिक्षा विकास तथा समन्वय एकाइका रामेश्वर लामिछानेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । सबै उजुरीमा मेलमिलाप भएको प्रहरीले जनायो।

यो वर्ष मुस्ताङ जिल्लामा घरेलु हिंसाका घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ्य चौकी छन्। १८ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा आठ जना कार्यरत छन्। दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। जिल्ला अस्पतालमा ०८० भदौदेखि शल्यक्रिया सेवा ठप्प रहृयो। शल्यचिकित्सक सरुवा भएपछि नयाँ नआउँदा सेवा बन्द भयो। अस्पतालमा मौसमी ज्वरो, रुघाखोकी, उचाइमा लेक लाग्नेजस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको छ। सुरक्षित गर्भपतन तथा शल्यक्रिया सेवा दक्ष जनशक्ति अभावमा रोकिएको छ।

तालिका ५.४.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	१

महिला अधिकार		
घटनाको प्रकार	**मेलमिलाप**	**जम्मा**
घरेलु हिंसा	६	६

(स्रोत : इन्सेक, २०२३)

५.४.४ म्याग्दी



जम्मा जनसङ्ख्या	१,०७,०३३
महिला	५४,८८०
घर परिवार सङ्ख्या	२८,७६६
घरजग्गामा महिलाको स्वामित्व	५,४०७
साक्षरता प्रतिशत	७९.७०
आश्रित जनसङ्ख्या	५२,८०४
अपाङ्गता भएका	५,१०५

यस वर्ष म्याग्दी जिल्लामा ज्यादतीका घटनामा ३२ जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

कारागार र बन्दी

३२ जनाको क्षमता भएको जिल्ला कारागारमा ८५ जना कैदीबन्दी छन्। जसमा ८२ पुरुष र तीन जना महिला छन्। कैदीबन्दीलाई मुढा बनाउने र फर्निचर बनाउने सीपमूलक तालिमको व्यवस्था गरिएको छ। कारागारमा तीन जना ज्येष्ठ नागरिक पुरुष छन्। पाँच जनाले प्रेसर, दुई जनाले सुगर र एक जनाले मानसिक रोगको नियमित औषधी सेवन गर्ने गरेको जेलर प्रतिज्ञा सुवेदीले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दातर्फ १ सय ५१ मुद्दामा १ सय ५ थान फैसला भए भने ४६ थान बाँकी रहे। फौजदारी मुद्दातर्फ ४० थान मुद्दामा आठ थान फैसला भए भने ३२ थान बाँकी रहे। दुई वर्षभन्दा पुरानो एक थान मुद्दा बाँकी रहेको अदालतका स्रेस्तेदार भोलाराज रेग्मीले बताए।

बाल अधिकार

यस वर्ष म्याग्दी जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ८९ आधारभूत र ६९ माध्यमिक विद्यालय छन्। जिल्लाभित्रका तीन विद्यालयमा अपाङ्गता स्रोत कक्षा भए पनि अपाङ्गतामैत्री कक्षाकोठा भएका विद्यालय नभएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख दलबहादुर थापा मगरले बताए।

तालिका ५.४.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	३		३
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	२६		२६
	बलात्कार	१		१
	जम्मा	२७		२७
कूल जम्मा		३२	१	३३

(स्रोत : इन्सेक, २०२३)

यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई ०७९ फागुन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा मङ्गला गाउँपालिका-५ शिर्कुमका २० वर्षीय ओमे भन्ने राज थापाविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १० गते अर्मनबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद शर्मा नेपालको ०८० असोज १० गतेको इजलासले आरोपितलाई २ वर्ष कैद र २० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मादक पदार्थ सेवन गरी कुटपिट ६, खानलाउन नदिएका चार, विवाह दर्ता नगरिदिएका चार, कुटपिट गरेका तीन, हेला गरेका दुई, मादकपदार्थ सेवन गरी झैझगडाका चार, धम्की दिएका पाँच, हातपात गरेका पाँच र झगडा गरेका तीन उजुरी छन्। दर्ता भएका सबै उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी असई सुशीला थापाले बताइन्।

यो वर्ष म्याग्दी जिल्लामा बलात्कारको घटनामा एक र घरेलु हिंसाका घटनामा २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ३९ स्वास्थ्य चौकी र चार ओटा शहरी स्वास्थ्य केन्द्र छन्। ०७२ सालदेखि थालिएको अस्पताल भवनको निर्माण कार्यले यो वर्षको अन्त्यसम्म पूर्णता पाउन नसकेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद सुवेदीले बताए।

तालिका ५.४.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	३
यौन दुर्व्यवहार	२	२
जम्मा	५	५

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२५	१	२६
बलात्कार		१	१
जम्मा	२५	२	२७

(स्रोत : इन्सेक, २०२३)

५.४.५ कास्की

जम्मा जनसङ्ख्या	६,००,०५१
महिला	३,०७,२६०
घर परिवार सङ्ख्या	१,६०,४१६
घरजग्गामा महिलाको स्वामित्व	५४,४९५
साक्षरता प्रतिशत	८७.७३
आश्रित जनसङ्ख्या	२,५६,५४२
अपाङ्गता भएका	१२,३६२

यस वर्ष कास्की जिल्लामा ज्यादतीका घटनामा १ सय ४८ जना महिला र १६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २८ जना महिला पीडित भए।

बम विष्फोटबाट घाइते

अन्यपक्षबाट

पोखरा मनपा-३३ ठूलढुङ्गाको १५ र १३ वर्षीय दुई बालकले ०७९ फागुन ९ गते वनमा भेट्टाएर ल्याएको पदार्थ विस्फोट हुँदा घाइते भए। घाइतेहरूको उपचार पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, रामघाटमा भयो। पीडितले वर्षको अन्त्यसम्म राज्यबाट कुनै सहयोग पाएनन्।

कुटपिट

अन्यपक्षबाट

लमजुङकी ५७ वर्षीया सुकमाया दुरालाई ०८० असोज ७ गते सामान्य ज्वरो आएपछि उपचारका लागि मणिपाल शिक्षण अस्पतालमा ल्याइएकोमा उपचारको क्रममा असोज ८ गते अस्पतालमै निधन भएपछि मृतकका आफन्तले उपचारमा लापरबाही भएको भन्दै चिकित्सक अनिल शाहमाथि कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। पीडित पक्षले पोखरा मनपा-५, मालेपाटन निवासी विनय गुरुङ र पोखरा मनपा- १७ हनुमान टोलका सुशील कार्कीविरुद्ध असोज ८ गते जिल्ला प्रहरी कार्यालमा उजुरी दियो। प्रहरीले आरोपितलाई असोज ८ गते मणिपाल अस्पतालबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज २६ गते आरोपितद्वयलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

शान्ति सुरक्षा कायम गर्न खटिएका इन्स्पेक्टर मदन श्रेष्ठले 'डाक्टरहरूलाई कुटेर आएँ' भनेको आरोपमा जिल्ला प्रहरी कार्यालय कास्कीले निलम्बन गर्न गृह मन्त्रालयलाई सिफारिस गऱ्यो। सो सिफारिसका आधारमा गृह मन्त्रालयले ६ महिनाका लागि इन्स्पेक्टर श्रेष्ठलाई निलम्बन गऱ्यो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ४ सय २० जनाको भए पनि ७ सय ५५ जना कैदीबन्दी रहेको जेलर राजेन्द्र शर्माले बताए। जसमध्ये महिला ४७ जना र पुरुष ७ सय ५ जना कैदीबन्दी छन्। आश्रित बालबालिका तीन जना छन्। क्षमताभन्दा बढीकैदी बन्दी हुँदा एउटै कोठामा ८० जनासम्म कोचिएर बस्नुपर्ने बाध्यता रहेको छ। पुरानो तथा जीर्ण भवन चुहिने गरेको र भत्किने त्रासमा कैदीबन्दी बस्नुपर्छ। केन्द्र सरकारले चालु आर्थिक वर्षका लागि ११ लाख रुपियाँ बजेट विनियोजन गरेको छ। यो रकम आर्थिक वर्ष सुरु भएको

तालिका ५.४.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	६	८
अमानवीय व्यवहार			३	३
घाइते			३	३
हत्या		१	१	३
जातीय विभेद		१	१	३
धम्की		१	३	३
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	३		३
	बलात्कार	९		९
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१६		१६
महिला अधिकार	घरेलु हिंसा	१३५		१३५
	बलात्कार	१		१
	बोचबिखन तथा ओसारपसार	३		३
	जम्मा	१३८		१३८
कूल जम्मा		१४८	१६	१६४

(स्रोत : इन्सेक, २०२३)

केही समयमै सकिन्छ। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा पनि वादविवाद हुने गरेको जेलर शर्माले बताए। कारागारमा मेडिकल अधिकृतको दरबन्दी रहेको भए पनि सिअहेव कार्यरत छन्।

बाल सुधार गृह

५० जना बालकको क्षमता भएको बाल सुधार गृहमा ९७ जना बालक छन्। जसमा ५८ जना कैद तोकिएका र ३९ जना कैद नतोकिएका छन्। सुधार गृहमा १८ वर्षभन्दा माथिका पनि छन्। मुद्दा चल्दै गर्दा १८ वर्ष उमेर नकटेकाहरू मुद्दा फैसला नहुँदासम्म गृहमै बस्नुपर्ने कानुनी प्रावधान छ। अध्ययनका लागि कक्षाकोठाको प्रबन्ध भए पनि शिक्षक दुईजना मात्रै छन्। कक्षा १० सम्ममात्र पठनपाठन हुन्छ। माथिल्लो कक्षा पढ्न चाहनेले स्वअध्ययन गर्नुपर्छ। पर्खालको उचित व्यवस्था नहुँदा सुरक्षामा चुनौती छ। सुधार गृहबाट ०८० जेठ २३ गते तीन जना बालक फरार भए। एकजना बालक अझै फरार रहेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी श्रवणकुमार विकले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष जिल्ला अदालतमा देवानी मुद्दातर्फ २ हजार २ सय २९ मुद्दामध्ये १ हजार २ सय ९९ थान फैसला भए। फौजदारी मुद्दातर्फ २ हजार १ सय ८९ थान मुद्दामध्ये ८ सय ६७ थान फैसला भए। दुई वर्ष नाघेका १९ थान मुद्दा रहेको अदालतका सूचना अधिकारी सुरज अधिकारीले बताए।

उच्च अदालत

उच्च अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष उच्च अदालतमा देवानी मुद्दातर्फ ५ सय ३१ थान मुद्दामध्ये २ सय ८९ थान फैसला भए। फौजदारी मुद्दातर्फ १ हजार ५ सय २० थान मुद्दामध्ये ९ सय ८० थान फैसला भएको अदालतका सूचना अधिकारी विश्वनाथ अर्यालले बताए।

बाल अधिकार

यस वर्ष कास्की जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा नौ र बेचबिखन तथा ओसारपसारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जनगणना २०७८ अनुसार जिल्लाको साक्षरता प्रतिशत ८७.७३ छ। कास्कीका पाँच ओटै स्थानीय तहमा ३ सय ७७ ओटा बाल विकास केन्द्र छन्। ३ सय ७५ ओटा सामुदायिक विद्यालय र २ सय ५९ ओटा संस्थागत विद्यालय गरी १ हजार ११ ओटा विद्यालय छन्।

यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०८० असार २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पोखरा मनपा-५ मालेपाटनका ५५ वर्षीय गम्भीर सार्कीविरुद्ध पीडितका आफन्तले ०८० असार २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा लिखित उजुरी दिए। मौखिक उजुरीका आधारमा आरोपितलाई प्रहरीले असार २३ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालत कास्कीका न्यायाधीश केशवप्रसाद बास्तोलाको ०८० कात्तिक १५ गतेको इजलासले आरोपितलाई तीन महिना कैद सजाय, ५

हजार रुपियाँ क्षतिपूर्ति र ३ हजार रुपियाँ जरिबाना तिराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ४८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये पतिपत्नी झैझगडाका १ सय १२, विवाह दर्ता तथा नागरिकता नबनाइदिएका दुई र अन्य हिंसाका ३४ ओटा उजुरी आएको सेवा केन्द्रकी इन्स्पेक्टर समीक्षा घिमिरेले बताइन्। यीमध्ये प्रहरीले १ सय २२ ओटामा मेलमिलाप गरायो भने सात ओटा अन्य निकायमा पुगेको, १८ जना उजुरीपछि सम्पर्क विहीन भएको र एक जना अदालत गएको इन्स्पेक्टर घिमिरेले बताइन्।

यो वर्ष कास्की जिल्लामा बलात्कारको घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा दुई र घरेलु हिंसाका घटनामा १ सय २५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बेचबिखन तथा ओसारपसार

२० वर्षीया महिलालाई भारतमा राम्रो काम लगाइदिने भन्दै ०७९ चैत १० गते पोखराबाट भारतको बिहारस्थित महोहम्पदपुर सागर भन्ने ठाउँमा पुऱ्याएर बेचेको आरोपमा पीडितले पोखरा मनपा-१ सिमपानीकी २१ वर्षीया बबिता पुर्जा मगरविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीमा ०८० वैशाख ११ गते उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश केशवप्रसाद बस्तोलाको असार ११ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद र २० हजार रुपियाँ पीडित महिलालाई क्षतिपूर्ति दिने फैसला गऱ्यो।

जातीय विभेद

पोखरा मनपा-२४ की ३६ वर्षीया वडा सदस्य मैया नेपालीलाई ०७९ पुस १८ गते अपशब्द प्रयोग गरी गालीगलौज गरेको आरोपमा ४५ वर्षीय वडाध्यक्ष भरतबहादुर अधिकारीविरुद्ध पीडितले पुस २४ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले पुस २६ गते गिरफ्तार गऱ्यो। अधिकारी माघ ९ गते जिल्ला अदालतमा १ लाख ५० हजार रुपियाँ धरौटी बुझाएर रिहा भए। न्यायाधीश अवनी मैनाली भट्टराईको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई साढे चार महिना कैद, ७५ हजार रुपियाँ जरिबाना र १० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला गऱ्यो। तीन महिना कैद ५० हजार जरिबाना भनिएपनि जनप्रतिनिधि भएकाले ५० प्रतिशत थप सजाय तोकियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल पाँच, क्षयरोग उपाचार केन्द्र एक, प्राथमिक स्वास्थ्य सेवा केन्द्र चार, स्वास्थ्य चौकी ४२, आधारभूत स्वास्थ्य सेवा केन्द्र ११, सामुदायिक स्वास्थ्य एकाइ १३ र अन्य स्वास्थ्य केन्द्र सात ओटा रहेका छन्। त्यसैगरी, जिल्ला आयुर्वेद केन्द्र एक, आयुर्वेद औषधालय पाँच, नागरिक आरोग्य केन्द्र तीन, गाउँघर क्लिनिक १ सय ६६, खोप क्लिनिक २ सय ३० र महिला स्वास्थ्य स्वयम् सेवा १ हजार ४९ ओटा रहेको स्वास्थ्य कार्यालय, कास्कीका सूचना अधिकारी विष्णुप्रसाद पौडेलले बताए।

तालिका ५.४.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार		९	९
यौन दुर्व्यवहार	३	३	५
जम्मा	३	१३	१५

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		११९	१	५	१२५
बलात्कार				१	१
बेचबिखन तथा ओसारपसार	१				१
जम्मा	१	११९	१	६	१२७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	३

(स्रोत : इन्सेक, २०२३)

५.४.६ लमजुङ



जम्मा जनसङ्ख्या	१,५५,८५२
महिला	८१,७७५
घर परिवार सङ्ख्या	४४,०७४
घरजग्गामा महिलाको स्वामित्व	११,७९४
साक्षरता प्रतिशत	७७.४९
आश्रित जनसङ्ख्या	७४,२४३
अपाङ्गता भएका	५,५५७

यस वर्ष लमजुङ जिल्लामा ज्यादतीका घटनामा ५४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना महिला पीडित भए।

कारागार र बन्दी

१० जना महिला र ४० जना पुरुषको क्षमता रहेको जिल्ला कारागार लमजुङमा ९५ जना कैदीबन्दी छन्। जसमा ६ जना महिला छन्। कारागारमा स्वास्थ्यकर्मी छैनन्। कारागारको अनुरोधमा बेसीशहर नगरपालिका स्वास्थ्य शाखाका कर्मचारीले महिनाको एकपटक कैदीबन्दीको स्वास्थ्य परीक्षण गर्ने गरेको कारागार प्रमुख कमलपति अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानी मुद्दा ४ सय ६८ थानमध्ये २ सय ७७ थान फैसला भए। १ सय ९१ थान बाँकी रहे। १ सय ४८ थान फौजदारी मुद्दामध्ये ५२ थान फैसला भए। ९६ थान बाँकी रहेका जिल्ला प्रशासन कार्यालयका नासु नवराज जोशीले बताए।

बाल अधिकार

यस वर्ष लमजुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ३४ आधारभूत र ८२ माध्यमिक विद्यालय छन्। विद्यालयहरूमा शौचालय र खानेपानीको राम्रो व्यवस्था भए पनि अपाङ्गतामैत्री विद्यालय भने कतै पनि नरहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख वीरबहादुर गुरुङले बताए।

यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७९ फागुन ९ गते यौन दुर्व्यवहार गरेको आरोपमा राइनास नपा-१० का ३५ वर्षीय भक्तबहादुर गुरुङविरुद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १० गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शिवप्रसाद खनालको चैत १७ गतेको इजलासले आरोपितलाई दुई महिना कैद सजाय, १० हजार रुपियाँ जरिबाना र ४ सय रुपियाँ पीडित राहत कोषमा जम्मा हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

तालिका ५.४.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		१	२	३
जातीय विभेद			२	२
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	४		४
	जम्मा	९		९
महिला अधिकार	घरेलु हिंसा	४२		४२
	बलात्कार	२		२
	जम्मा	४४		४४
कूल जम्मा		५४	५	५९

(स्रोत : इन्सेक, २०२३)

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले कुटपिट गरेको १४, विवाह दर्ता नगरिदिएको नौ, मानसिक तनाव दिएको ६ र सामान्य घर झगडाका २० ओटा रहेका छन्। प्रहरीले सबै उजुरीमा मेलमिलाप गराएको प्रहरी जवान मालती रानाले बताइन्।

यो वर्ष लमजुङ जिल्लामा बलात्कारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ४२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल र ५७ ओटा स्वास्थ्य चौकी छन्। अस्पतालमा ब्लड बैङ्क नहुँदा समस्या छ। दरबन्दी अनुसारका कर्मचारीको अभाव र पूर्वाधारमा कमी हुँदा अस्पतालबाट सेवा दिन समस्या रहेको अस्पतालकी सूचना अधिकारी अञ्जना पौडेलले बताइन्।

मर्स्याङदी गाउँपालिका-९ सिम्पानी पामचोककी २६ वर्षीया शोभा बिक ०८० मङ्सिर ११ गते जिल्ला अस्पतालमा भर्ना भइन्। शल्यक्रियामार्फत मङ्सिर १२ गते मृत शिशु जन्मियो। सुत्केरी बिकको रगत बग्न नरोकिएपछि चितवन मेडिकल कलेज रिफर गरिएकोमा मङ्सिर १२ गते साँझ चितवन मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भयो। तर, मृतकका आफन्तले भने डाक्टरले गलत औषधीको प्रयोग गरेको कारणले आमा र बच्चाको मृत्यु भएको भन्दै अस्पताल अगाडि प्रदर्शन गरे। पीडित पक्ष र अस्पतालबिच मङ्सिर २१ गते मृतकका पतिलाई अस्पतालमा काम दिने, जिल्लाका गर्भवती महिलालाई नि:शुल्क उपचार गराउने, मृतकको परिवारलाई जीवनकालसम्म नि:शुल्क उपचार सेवा प्रदान गर्ने सहमति भएको अस्पतालकी सूचना अधिकारी अञ्जना पौडेलले बताइन्।

तालिका ५.४.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		४	४
यौन दुर्व्यवहार	२	२	४
जम्मा	२	६	८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	३७	१	३	४२
बलात्कार			१	१	२
जम्मा	१	३७	२	४	४४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.४.७ तनहुँ



जम्मा जनसङ्ख्या	३,२१,१५३
महिला	१,७१,०५९
घर परिवार सङ्ख्या	८८,५१३
घरजग्गामा महिलाको स्वामित्व	२७,८२१
साक्षरता प्रतिशत	८१.६०
आश्रित जनसङ्ख्या	१,५१,३७८
अपाङ्गता भएका	८,७८०

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना पुरुष तथा ज्यादतीका घटनामा ८९ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय जनाको क्षमता रहेको तनहुँ कारागारमा १ सय २६ कैदी र १ सय ७६ थुनुवा गरी ३ सय २ जना छन्। जसमा महिला सात कैदी र १५ थुनुवा छन्। महिला बन्दीगृहमा तीन जना आश्रित बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना अहेव कार्यरत छन्। कारागारमा एचआईभी सङ्क्रमित दुई जना र उच्च रक्तचापका नौ जना बिरामी छन्। उनीहरूले नियमित औषधी सेवन गरिरहेका छन्। ६० वर्ष नाघेका २९ जना ज्येष्ठ नागरिक पुरुष रहेका जिल्ला कारागारका निमित्त प्रमुख नारायण अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ३२ थान मुद्दामध्ये ४ सय ९१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ४ सय ५२ थानमध्ये १ हजार २ सय ६३ थान मुद्दा फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार केशवप्रसाद पौडेलले बताए। महिला तथा बालबालिकासँग सम्बन्धित घटनामा कतिपय मुद्दा सरकारी वकिलबाट अङ्ग नपुगी वा कतिपय मुद्दा आरोपितको पक्षबाट पनि पटकपटक स्थगित गराउने कारणले वा अन्य प्रमाणजन्य कारणले गर्दा मुद्दाको फैसलामा ढिलाइ हुने गरेको स्रेस्तेदार पौडेलले बताए।

बाल अधिकार

यस वर्ष तनहुँ जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच र बलात्कारका घटनामा १२ जना बालिका पीडित भए भने विद्यालयमा दिइने शारीरिक सजायका घटनामा चार बालिका र एक बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ३ सय १६ आधारभूत र १ सय १९ मावि छन्। विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा सबै विद्यालयमा उपलब्ध नभएको शाखा अधिकृत रेग्मीले बताए। तनहुँ जिल्ला पूर्ण साक्षर घोषणा भइसकेको छ। तर, जनगणना २०७८ अनुसार ८१.६० प्रतिशत मात्रै साक्षर छन्।

तालिका ५.४.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		५	५			
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					२	२
अमानवीय व्यवहार					१	१
हत्या				४	३	७
जातीय विभेद					१	१
धम्की					१	१
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			४	१	५
	बलात्कार			१२		१२
	यौन दुर्व्यवहार			५		५
	जम्मा			३१	१	३२
महिला अधिकार	घरेलु हिंसा			५३		५३
	बलात्कार			८		८
	बलात्कार प्रयास			३		३
	जम्मा			६४		६४
कूल जम्मा		५	५	८९	९	९८

(स्रोत : इन्सेक, २०२३)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४९ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएको, नागरिकता नबनाइदिएको, विवाह दर्ता नगरेको, अर्की पत्नी ल्याएर हेला गरेको तथा सामान्य घरायसी झगडाका घटना छन्। यीमध्ये प्रहरीले ४७ ओटा घटनामा मेलमिलाप भएको र दुई उजुरीमा कानुनी प्रक्रिया अघि बढेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मोहनबहादुर खाँडले बताए।

यो वर्ष तनहुँ जिल्लामा बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा तीन र घरेलु हिंसाका घटनामा ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ आधारभूत स्वास्थ्य केन्द्र र १५ ओटा शहरी स्वास्थ्य केन्द्र छन्। ती स्वास्थ्य केन्द्रमा २३ जना मेडिकल अधिकृतहरूको दरबन्दी रहेकोमा सात जना स्थायी र चार जना करारका मेडिकल अधिकृतहरू कार्यरत छन्। दमौली अस्पतालमा सञ्चालित शत्रुघन-मञ्जु मृगौला डायलासिस केन्द्रमा रहेका ११ ओटा मेसिनमध्ये सात ओटा बिग्रिएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष देवेन्द्र थापाले बताए। दमौली अस्पतालको उक्त डायलासिस केन्द्रमा ५२ जना मृगौलाका बिरामीले नियमित रूपमा डायलासिस गराउँदै आएका छन्। जिल्लामा १ लाख १४ हजार ८ सय ८७ जना स्वास्थ्य बीमामा आबद्ध भएको स्वास्थ्य बीमा बोर्डकी दर्ता अधिकारी सिर्जना पोखेलले बताइन्।

तालिका ५.४.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	**मेलमिलाप**	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**कानुनी दायरामा नल्याइएका**	**जम्मा**
विद्यालयमा दिइने शारीरिक सजाय	३			१	४
बलात्कार		१	१०		११
यौन दुर्व्यवहार		१	२		३
जम्मा	३	२	१२	१	१८

महिला अधिकार			
घटनाको प्रकार	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	५१	२	५३
बलात्कार		८	८
बलात्कार प्रयास		३	३
जम्मा	५१	१३	६४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	७	७

(स्रोत : इन्सेक, २०२३)

५.४.८ नवलपरासी पूर्व



जम्मा जनसङ्ख्या	३,७८,०७९
महिला	२,००,१९२
घर परिवार सङ्ख्या	९३,८५०
घरजग्गामा महिलाको स्वामित्व	३२,०४२
साक्षरता प्रतिशत	८२.३५
आश्रित जनसङ्ख्या	१,७२,४८४
अपाङ्गता भएका	१२,०८८

यस वर्ष नवलपरासी पूर्व जिल्लामा ज्यादतीका घटनामा २७ जना महिला र १३ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १३ जना महिला पीडित भए।

तालिका ५.४.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	११	१३
घाइते			१	१
हत्या			१	१
बाल अधिकार	बालविवाह	१		१
	बलात्कार	८		८
	यौन दुर्व्यवहार	३		३
	जम्मा	१३		१३
महिला अधिकार	घरेलु हिंसा	९		९
	बलात्कार	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१३		१३
कूल जम्मा		३८	१३	४०

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५४ थानमध्ये ८९ थान र देवानी मुद्दातर्फ ४ सय ९ थान मुद्दामध्ये ३ सय ३६ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष पुरानो एक थान मुद्दा बाँकी छ।

बाल अधिकार

यस वर्ष नवलपरासी पूर्व जिल्लामा यौन दुर्व्यवहारको घटनामा तीन, बलात्कारका घटनामा आठ र बालविवाहको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ८६ माध्यमिक र २ सय २२ आधारभूत विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइ नवलपुरका सूचना अधिकारी तिलक खड्काले बताए।

बलात्कार

१३ वर्षीया बालिकालाई ०८० जेठ २६ गते बलात्कार गरेको आरोपमा देवचुली नपा-६ मुण्डेका कुमार गाहाविरुद्ध पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २७ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेशप्रसाद लुइँटेलको मङ्सिर १८ गतेको इजलासले आरोपितलाई १८ वर्ष कैद, ७ लाख रुपियाँ जरिवाना र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। ८३ उजुरीमा मेलमिलाप गरिएको र एक जना पीडित उजुरीपछि सम्पर्कमा नआएको सेवा

केन्द्रमा कार्यरत असई विन्दु विकले बताइन्।

यो वर्ष नवलपरासी पूर्व जिल्लामा बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहारको घटनामा एक र घरेलु हिंसाका घटनामा नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार नगर अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ३२ स्वास्थ्य चौकी, ५१ आधारभूत स्वास्थ्य सेवा केन्द्र, १५ सामुदायिक स्वास्थ्य एकाइ, एक जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँच आयुर्वेद औषधालय र दुई नागरिक आरोग्य सेवा केन्द्र छन्। विशेषज्ञ डाक्टरको अभावले गुणस्तरीय सेवा प्रदानमा र भवन साँघुरो हुँदा सेवाग्राहीलाई सेवा प्रवाहमा कठिनाइ भएको सूचना अधिकारी छविलाल सुवेदीले बताए। जिल्ला अस्पतालले नि:शुल्क प्रदान गरिने ९८ प्रकारका औषधीमध्ये ७० प्रकारका औषधी मात्रै उपलब्ध रहेको सुवेदीले बताए।

तालिका ५.४.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह		१	१
बलात्कार	२	६	८
यौन दुर्व्यवहार	१	२	३
जम्मा	३	९	१२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	८		१	९
बलात्कार		१	२	३
यौन दुर्व्यवहार			१	१
जम्मा	८	१	४	१३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा नल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.४.५ स्याङ्जा



जम्मा जनसङ्ख्या	२,५३,०२४
महिला	१,३६,३४६
घर परिवार सङ्ख्या	६८,९२३
घरजग्गामा महिलाको स्वामित्व	१७,६३१
साक्षरता प्रतिशत	८१.६७
आश्रित जनसङ्ख्या	१,२२,१५२
अपाङ्गता भएका	६,५७९

यस वर्ष स्याङ्जा जिल्लामा ज्यादतीका घटनामा ४७ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

कारागार र बन्दी

५० जनाको क्षमता भएको जिल्ला कारागारमा १ सय ४१ कैदीबन्दी छन्। जसमा चार महिला छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको जेलर चुडामणि भण्डारीले बताए। कारागारमा चार जना ज्येष्ठ नागरिक रहेका छन्। सरकारले तोकेको नि:शुल्क औषधी कारागारबाटै उपलब्ध हुने गरेको छ भने अन्य औषधी कैदीबन्दीले नै व्यवस्था गर्नुपर्ने हुन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा एक दरबन्दी रिक्त छ। यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७८ थान मुद्दामध्ये १ सय ५ थान फैसला भए। देवानी मुद्दातर्फ ६ सय १९ थानमध्ये ४ सय थान मुद्दा फैसला भएको सेस्तेदार भूपिप्रसाद शर्माले बताए।

बाल अधिकार

यस वर्ष स्याङ्जा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ११ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय १५ आधारभूत र १ सय ३२ माध्यमिक विद्यालय छन्। जिल्लाभित्रका कुनै पनि विद्यालय अपाङ्गतामैत्री नभएको शिक्षा विकास तथा समन्वय एकाइका सूचना अधिकारी टङ्करराज ढकालले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,

तालिका ५.४.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			१	१
हत्या		३	१	३
बाल अधिकार	बलात्कार	११		११
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१३		१३
महिला अधिकार	घरेलु हिंसा	३०		३०
	बलात्कार	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३३		३३
कूल जम्मा		४७	३	४९

(स्रोत : इन्सेक, २०२३)

बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खानलाउन नदिएको एक, कुटपिटका १०, नागरिकता नबनाएको तीन, घरायसी झगडाका ३२ उजुरी रहेका छन्। प्रहरीले ३९ उजुरीमा मेलमिलाप गराएको, ६ जना सम्पर्कमा नआएको र एक जना अन्य निकायमा गएको सेवा केन्द्रकी असई भूमिका रोका मगरले बताइन्।

यो वर्ष स्याङ्जा जिल्लामा बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा ३० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, स्थानीय तहहरूमा ६ अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६५ स्वास्थ्य चौकी, २७ शहरी र २२ आधारभूत स्वास्थ्य केन्द्र छन्। अस्पतालमा सामान्य रोगहरूको उपचार हुने गरे तापनि जटिल खालका रोगको उपचारको लागि पोखरा रिफर गरिने गरेको स्वास्थ्य कार्यालयका प्रमुख कृष्ण अर्यालले बताए। स्याङ्जामा १ लाख ३६ हजार १ सय ७३ जनाले बीमा सेवामा आबद्ध भएर सेवा लिइराखेका छन्। जसमा १९ हजार ३ सय ९४ जना ज्येष्ठ नागरिक रहेको बीमा दर्ता अधिकारी ध्रुव हमालले बताए।

तालिका ५.४.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	११	११
यौन दुर्व्यवहार	१	१
जम्मा	१२	१२

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२४	६	३०
बलात्कार		३	३
यौन दुर्व्यवहार		१	१
जम्मा	२४	९	३३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.४.१० पर्वत

जम्मा जनसङ्ख्या	१,३०,८८७
महिला	६९,२०९
घर परिवार सङ्ख्या	३६,११२
घरजग्गामा महिलाको स्वामित्व	९,३२७
साक्षरता प्रतिशत	८०.१२
आश्रित जनसङ्ख्या	६४,१९८
अपाङ्गता भएका	४,२५९



यस वर्ष पर्वत जिल्लामा ज्यादतीका घटनामा ३६ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना महिला पीडित भए।

कारागार र बन्दी

५५ जनाको क्षमता रहेको पर्वत जिल्ला कारागारमा ८६ जना कैदीबन्दी छन्। जसमा चार महिला र एक आश्रित बालक छन्। कारागारमा सुरक्षा पर्खाल र बुर्जा अत्यन्तै जीर्ण र जुनसुकै बेला ढल्न सक्ने अवस्थामा रहेको कारागार प्रमुख शीला श्रेष्ठले बताइन्। कारागारमा १३ जना दीर्घरोगी रहेका कारागारका अहेब धर्मलालकुमार यादवले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा ४ सय ७२ फौजदारी मुद्दामध्ये ४ सय १ फैसला भई ७१ बाँकी रहेको स्रेस्तेदार राजु ढुङ्गानाले बताए। २ सय १० देवानी मुद्दामा १ सय ६४ फैसला भई ४६ बाँकी रहे।

बाल अधिकार

यस वर्ष पर्वत जिल्लामा यौन दुर्व्यवहारको घटनामा दुई र बलात्कारका घटनामा ६ जना बालिका तथा विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ९६ सामुदायिक विद्यालय र २८ निजी विद्यालय रहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख उद्धिमराज पौडेलले बताए। पर्वतमा १० ओटा विद्यालयले इन्टेरनेटको माध्यमबाट स्मार्ट कक्षा सञ्चालन गरिरहेका छन्। जिल्लाका नौ ओटा विद्यालय अपाङ्गतामैत्री छन्।

बलात्कार

११ वर्षीया बालिकालाई ०७९ फागुन २१ गते बलात्कार गरेको आरोपमा गोरखा जिल्ला अजिरकोट गाउँपालिका-५ का २९ वर्षीय दीपेन्द्र बिकविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २१ गते मौखिक र फागुन २२ गते लिखित उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २२ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश आनन्दप्रसाद श्रेष्ठको ०८०

कात्तिक २१ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गरी १८ वर्ष कैद र ७ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले मादक पदार्थ सेवन गरी कुटपिट गरेका दुई, मार्ने धम्की दिएका १५, खानलाउन नदिएको दुई, कागजपत्र नबनाइदिएको दुई र सामान्य घरायसी झगडाका सात छन्। यीमध्ये केन्द्रले १६ मुद्दामा मेलमिलाप गरायो भने १० उजुरीमा कानुनी प्रक्रिया अघि बढेको र दुई उजुरीमा पक्षविपक्ष बोलाएर छलफल गराउने कार्य भइरहेको सेवा केन्द्रकी इञ्चार्ज पूर्णिमा थापाले बताइन्।

यो वर्ष पर्वत जिल्लामा बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा एक र घरेलु हिंसाका घटनामा २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ५५ स्वास्थ्य चौकी रहेका छन्। पर्वत अस्पतालले १५ शैयाको मात्रै स्वीकृत प्राप्त गरेको भए पनि आन्तरिक स्रोत उपयोग गरेर ५० शैयाको सञ्चालन गरिरहेको छ। जनशक्ति अभावका कारण बिरामीलाई सहज सेवा दिन नसकिएको अस्पतालका प्रमुख डाक्टर हेमन्त बास्तोलाले बताए। जिल्लाका ६१ वडामा कुल १ लाख ३० हजार १ सय ५१ जनसङ्ख्यामध्ये ३८ हजार ५ सय १४ जनाले स्वास्थ्य बीमा गराएका छन्।

तालिका ५.४.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			३	३
हत्या			१	१
जातीय विभेद		१		१
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय		१	१
	बलात्कार	६		६
	यौन दुर्व्यवहार	३		३
	जम्मा	८	१	९
महिला अधिकार	घरेलु हिंसा	२४		२४
	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	जम्मा	२६		२६
कूल जम्मा		३६	४	४०

(स्रोत : इन्सेक, २०२३)

तालिका ५.४.१०.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय		१		१
बलात्कार	३		३	६
यौन दुर्व्यवहार	१		१	२
जम्मा	४	१	४	९

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१९	१	३	२४
बलात्कार				२	२
यौन दुर्व्यवहार				१	१
जम्मा	१	१९	१	६	२७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.४.११ बागलुङ



जम्मा जनसङ्ख्या	२,४९,२११
महिला	१,३३,०१७
घर परिवार सङ्ख्या	६४,०९६
घरजग्गामा महिलाको स्वामित्व	१२,४२७
साक्षरता प्रतिशत	७९.९७
आश्रित जनसङ्ख्या	१,२७,४२६
अपाङ्गता भएका	७,८११

यस वर्ष बागलुङ जिल्लामा ज्यादतीका घटनामा ८१ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६२ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ महिला र ५० पुरुष गरी ७५ जनाको क्षमता रहेको जिल्ला कारागारमा १ सय ८३ जना कैदीबन्दी छन्। जसमध्ये कैद तोकिएका १ सय २२ जना र कैद नतोकिएका ६१ जना छन्। कारागारमा १३ जना महिला छन्। कारागारमा ६ महिनाका एक जना आश्रित बालक छन्। चार जना ज्येष्ठ नागरिक रहेको कारागारका नायव सुब्बा हरिकृष्ण शर्माले बताए। कारागारमा एकजना अहेवको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४६ थानमध्ये ९४ थान र देवानी मुद्दातर्फ ४ सय ६७ थानमध्ये २ सय ६६ थान मुद्दा फैसला भए।

उच्च अदालत

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत बागलुङमा सबै कार्यरत छन्। यस वर्ष दुनियावादी देवानीका १ सय २ थानमध्ये ५८ थान र दुनियावादी फौजदारीका ३४ थानमध्ये १८ थान मुद्दा फैसला भए। सरकारवादी फौजदारीका ३ सय ६१ थान मुद्दा दर्ता भए। जसमध्ये २ सय ७१ थान फैसला भए।

बाल अधिकार

यस वर्ष बागलुङ जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालक, विद्यालयमा दिइने शारीरिक सजायमा एक जना बालक र बलात्कारका घटनामा १५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

बागलुङ जिल्ला साक्षर जिल्ला घोषणा भइसेकेको छ। तर, २०७८ को जनगणनाले ७९.९७ प्रतिशत मात्रै साक्षर देखाउँछ। यस जिल्लामा ४ सय ३१ आधारभूत र १ सय ४२ माध्यमिक विद्यालय छन्। जसमध्ये चारओटा विद्यालय अपाङ्गतामैत्री छन्।

यौन दुर्व्यवहार

६ वर्षीय बालकलाई ०७९ चैत २३ गते यौन दुर्व्यवहार गरेको आरोपमा बडिगाड गाउँपालिका- ७ का २९ वर्षीय दीपक थापाविरुद्ध पीडित पक्षले चैत २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेशकान्त अधिकारीको ०८० मङ्सिर ७ गतेको इजलासले आरोपितलाई जन्मकैद र ७ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

तालिका ५.४.११.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार			३	३
हत्या		४	३	७
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय		१	१
	बलात्कार	१५		१५
	यौन दुर्व्यवहार		३	३
	जम्मा	१५	३	१८
महिला अधिकार	घरेलु हिंसा	५३		५३
	बलात्कार	७		७
	बलात्कार प्रयास	३		३
	जम्मा	६३		६३
कूल जम्मा		८१	९	९०

(स्रोत : इन्सेक, २०२३)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका एक, खानलाउन नदिएका १९, दाइजो नल्याएको भनी हेला गरेको चार र सामान्य घरायसी झगडाका १० उजुरी छन्। यीमध्ये प्रहरीले २१ ओटामा मेलमिलाप गरायो। १२ ओटा उजुरी कानुनी प्रक्रियाका लागि पठाइएको र एउटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी मदन केसीले बताए।

यो वर्ष बागलुङ जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र, २१ सामुदायिक स्वास्थ्य एकाइ, १ सय ७६ खोप केन्द्र, २१ आधारभूत स्वास्थ्य केन्द्र रहेका स्वास्थ्य कार्यालय, बागलुङका सूचना अधिकारी घनश्याम सापकोटाले बताए। १ लाख ९ हजार ६ सय नागरिक स्वास्थ्य बीमाको पहुँचमा रहेको स्वास्थ्य बीमा बोर्ड बागलुङका दर्ता अधिकारी नारायण शर्माले बताए।

तालिका ५.४.११.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय		१			१
बलात्कार	४		१	१०	१५
यौन दुर्व्यवहार	३				३
जम्मा	६	१	१	१०	१८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	३६	५	३०	५३
बलात्कार			१	६	७
बलात्कार प्रयास				३	३
जम्मा	३	३६	६	३८	६३

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	४	७

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.५ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

लुम्बिनी प्रदेश

५.५.१ रूकुम पूर्व



जम्मा जनसङ्ख्या	५६,७८६
महिला	२९,२७०
घर परिवार सङ्ख्या	१२,८७८
घरजग्गामा महिलाको स्वामित्व	१,१३२
साक्षरता प्रतिशत	७१.३५
आश्रित जनसङ्ख्या	२९,७८५
अपाङ्गता भएका	२,१५६

यस वर्ष रुकुम पूर्व जिल्लामा ज्यादतीका घटनामा २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा फौजदारी मुद्दामा ६२ थान दर्ता भएकोमा ३५ थान फैसला भए। देवानी मुद्दातर्फ ७६ थान दर्ता भएकोमा ४४ थान फैसला भए। अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका ३९ थान मुद्दा रहेको जिल्ला अदालतका सेस्तेदार भुपाल भण्डारीले बताए।

बाल अधिकार

यस वर्ष रुकुम पूर्व जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २५ माध्यमिक र ९७ ओटा आधारभूत विद्यालय छन्। संस्थागत विद्यालय पाँच ओटा रहेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख तिलक गौतमले बताए। रुकुम पूर्व जिल्ला सङ्घीयता लागु हुनु पूर्व नै साक्षर घोषणा भइसकेको छ। तर, जनगणना २०७८ अनुसार जिल्लाको साक्षरता दर ७१.४ प्रतिशत रहेको छ।

बलात्कार

१४ वर्षीया बालिकालाई ०८० जेठ ११ गते बलात्कार गरेको आरोपमा भूमे गाउँपालिका-५ शेराबाङका २३ वर्षीय दीपक सोनामविरुद्ध पीडित पक्षले जेठ १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई मौखिक उजुरीका आधारमा जेठ १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको पुस २६ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १२ वर्ष कैद, ५ लाख रुपियाँ जरिबानाका साथै १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने र २० हजार रुपियाँ पीडित राहत कोषमा दाखिला गर्ने आदेश गरेको जिल्ला अदालतका सेस्तेदार भुपाल भण्डारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भएको भन्दै ४१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमध्ये मानसिक यातना दिएको भन्दै २३, कुटपिटका १६ र मानसिक तथा शारीरिक यातना दुई उजुरी छन्। ३२ उजुरीमा मेलमिलाप भए, चार उजुरी जिल्ला अदालतमा दर्ता भए भने पाँच उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयकी डिएसपी अञ्जना श्रेष्ठले बताइन्।

यो वर्ष रुकुम पूर्व जिल्लामा बलात्कारका घटनामा नौ र घरेलु हिंसाका घटनामा सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

४९ वर्षीया महिलालाई ०८० जेठ ७ गते बलात्कार गरेको आरोपमा ३५ वर्षीय पुरुष विरुद्ध पीडितले जेठ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई जेठ २८ गते गिरफ्तार गरेको डिएसपी अञ्जना श्रेष्ठले बताइन्। जिल्ला अदालतका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको पुस १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै सात वर्ष कैद, हाडनाता बलात्कारमा थप एक वर्ष कैद, थप ३ लाख १५ हजार रुपियाँ जरिबाना र पीडितलाई ५० हजार रुपियाँ क्षतिपूर्ति दिने फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार भुपाल भण्डारीले बताए।

तालिका ५.५.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	४	४
	यौन दुर्व्यवहार	१	१
	जम्मा	५	५
महिला अधिकार	घरेलु हिंसा	७	७
	बलात्कार	९	९
	जम्मा	१६	१६
कूल जम्मा		२१	२१

(स्रोत : इन्सेक, २०२३)

स्वास्थ्य सेवाको अवस्था

रुकुमपूर्व अस्पताल १५ शैयाको भरमा चलिरहेको छ। यो अस्पतालको स्तरोन्नति गरी ५० शैयाको बनाउने उद्देश्य रहेको अस्पतालका प्रमुख जितेन्द्रराज कोइरालाले बताए। अस्पतालको दरबन्दी अनुसारका डाक्टर नभएकाले सोचेअनुरूप सेवा दिन नसकेको डा. कोइरालाको भनाइ छ। ९८ प्रकारका औषधी नि:शुल्क वितरण गरिने सरकारी नीति भए पनि एकदमै कम सङ्ख्यामामात्रै औषधी पाइन्छ।

तालिका ५.५.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**कानुनी दायरामा नल्याइएका**	**जम्मा**
बलात्कार	३		३
यौन दुर्व्यवहार		१	१
जम्मा	३	१	४

महिला अधिकार				
घटनाको प्रकार	**मेलमिलाप**	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	५		२	७
बलात्कार		३	६	९
जम्मा	५	३	८	१६

(स्रोत : इन्सेक, २०२३)

५.५.२ रोल्पा



जम्मा जनसङ्ख्या	२,३४,७९३
महिला	१,२४,९२१
घर परिवार सङ्ख्या	५२,२०६
घरजग्गामा महिलाको स्वामित्व	५,७१२
साक्षरता प्रतिशत	७५.६३
आश्रित जनसङ्ख्या	१,२४,०९६
अपाङ्गता भएका	८,९१६

यस वर्ष रोल्पा जिल्लामा ज्यादतीका घटनामा ४८ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४६ जना महिला पीडित भए।

तालिका ५.५.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		१	१	२
बाल अधिकार	यौन दुर्व्यवहार	१		१
	जम्मा	१		१
महिला अधिकार	घरेलु हिंसा	४५		४५
	यौन दुर्व्यवहार	१		१
	जम्मा	४६		४६
कूल जम्मा		४८	२	५०

(स्रोत : इन्सेक, २०२३)

कारागार र बन्दी

१५ जना महिला र ३५ जना पुरुष गरी ५० जनाको क्षमता रहेको कारगारमा कैद तोकिएका ९३ जना र कैद नतोकिएका २८ जना छन्। जसमा महिला नौ र पुरुष १ सय ११ जना छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत रहेका छन्। कारागारमा चार जना जटिल मानसिक रोगको औषधी उपचार गराइरहेका छन्। कारागारमा तीन जना ज्येष्ठ नागरिक पुरुष रहेको जिल्ला कारागारका प्रमुख यामलाल वलीले बताए। कारागारमा दीर्घरोगी ६ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ७ थानमध्ये ४५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ४७ थानमध्ये १ सय ५३ थान मुद्दा फैसला भएका जिल्ला अदालतका सेस्तेदार शिवप्रसाद पराजुलीले बताए।

बाल अधिकार

यस वर्ष रोल्पा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १३ आधारभूत र ९२ माध्यमिक विद्यालय छन्। यस वर्ष जिल्लाभर ६ हजार ८ सय ६४ छात्रा र ६ हजार ९ सय ८ छात्र दलित विद्यार्थी भर्ना भए। यस वर्ष वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ६६ जना, द्वन्द्वपीडित परिवारका ५२ जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख दुर्गाबहादुर खड्काले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला,बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट ३९, खानलाउन नदिएका १०, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका दुई र सामान्य घरायसी झगडाका तीन उजुरी छन्। यीमध्ये प्रहरीले ४२ उजुरीमा मेलमिलाप गरायो भने ११ उजुरी कारबाही प्रक्रियामा रहेको सेवा केन्द्रका असई जितबहादुर बुढाथोकीले बताए।

यो वर्ष रोल्पा जिल्लामा यौन दुर्व्यवहारका घटनामा एक जना र घरेलु हिंसाका घटनामा ४५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४८ स्वास्थ्य चौकी, दुई नगर स्वास्थ्य केन्द्र छन्। जिल्लामा ३९ हजार ३ सय ६५ जनाले स्वास्थ्य बीमा गराएर सेवा लिइरहेका छन्। जसमध्ये पुरुष १८ हजार ५ सय ३८ र महिला २० हजार ८ सय ५ जना रहेका छन्। ज्येष्ठ नागरिक ५ हजार ७ सय ७४ जनाले बीमा सेवा लिइरहेका स्वास्थ्य बीमा बोर्ड रोल्पाका प्रमुख सागर पौडेलले बताए।

तालिका ५.५.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
यौन दुर्व्यवहार	१	१

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	१	३०	२	५	६	४४
यौन दुर्व्यवहार				१		१
जम्मा	१	३०	२	६	६	४५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.५.३ प्यूठान

जम्मा जनसङ्ख्या	२,३२,०१९
महिला	१,२७,८८७
घर परिवार सङ्ख्या	५६,१९५
घरजग्गामा महिलाको स्वामित्व	८,५४६
साक्षरता प्रतिशत	८०.१३
आश्रित जनसङ्ख्या	१,२५,००२
अपाङ्गता भएका	६,३१७

यस वर्ष प्यूठान जिल्लामा ज्यादतीका घटनामा ३८ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जना बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ५२ जना कैदी र कैद नतोकिएका ३८ जना थुनुवा गरी ९० जना छन्। जसमा महिला कैदीबन्दीको सङ्ख्या ६ जना रहेको छ। कारागारमा पाँच जना ज्येष्ठ नागरिक छन्। क्षमता भन्दा तीन गुणाभन्दा बढी कैदीबन्दी भएकाले बस्न तथा सुत्न समस्या हुने गरेको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एकजना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। कैदीबन्दीहरू कोचिएर बस्नुपर्ने भएकाले सानोतिनो विषयमा पनि वादविवाद हुने गरेको छ। भवन पुरानो भएकाले व्यवस्थापन गर्न समस्या रहेको जेलर सूर्यबहादुर पन्थले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। न्यायाधीशको कार्य व्यस्तता, तालिम, गोष्ठी र अदालतमा जनशक्तिको कमी लगायतका कारण जिल्ला अदालतमा मुद्दा फैसला ढिला हुने गरेको जिल्ला बारका पूर्व अध्यक्ष अधिवक्ता मेघराज भट्टले बताए।

जिल्ला अदालतमा देवानीतर्फ २ सय ७९ मध्ये ९० थान मुद्दा फैसला भए भने फौजदारीतर्फ १ सय ११ थान मध्ये १४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष भन्दा पुराना मुद्दा देवानी ३८ र फौजदारी २२ थान छन्। अदालतमा दुई वर्ष भन्दा पुराना मुद्दा छैनन्।

बाल अधिकार

यस वर्ष प्यूठान जिल्लामा बलात्कारका घटनामा एक जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा चार जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

सामुदायिक विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा नि:शुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा सहर केन्द्रित विद्यालय मात्रै उपलब्ध छ। कतिपय स्थानीय तहका बालबालिकालाई विद्यालय आउन दुई घण्टासम्म पैदल हिँडेर आउनुपर्ने अवस्था रहेको पत्रकार शमशेरविक्रम जिसीले बताए। हालै निर्माण गरिएका र निर्माणाधीन भवनहरू अपाङ्गमैत्री

रहेको जिल्ला शिक्षा विकास समन्वय एकाइ प्रमुख शिवराज पण्डितले बताए।

तालिका ५.५.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		३	३	४
बाल अधिकार	विद्यालयमा दिइने शारीरिक सजाय		४	४
	बलात्कार	१		१
	जम्मा	१	४	५
महिला अधिकार	घरेलु हिंसा	३१		३१
	बलात्कार	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३५		३५
कूल जम्मा		३८	६	४४

(स्रोत : इन्सेक, २०२३)

हत्या

तीन वर्षीय बालकलाई ३२ वर्षीया आमाले ०८० असोज १८ गते हत्या गरेको आरोपमा बालकका आफन्तले असोज १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई असोज १९ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम असोज १९ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। जिल्ला अदालतको कात्तिक १३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

विद्यालयमा दिइने शारीरिक सजाय

प्यूठान नगरपालिका-३ स्थित मुक्ति माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत प्यूठान नपा- ४ का १६ वर्षीय तीन र १७ वर्षीय बालकलाई ०८० जेठ १७ गते सोही विद्यालयका सुरक्षा गार्ड ४० वर्षीय टंकबहादुर बस्नेतले कुटपिट गरेको आरोपमा पीडितका आफन्तले आरोपितविरुद्ध जेठ १७ गते इलाका प्रहरी कार्यालय, बिजुवारमा उजुरी दिए। कुटपिटका कारण १६ वर्षीय दुई बालकको दायाँ हात, दायाँ हातको चोर औंला भाँचिएको र अन्य दुई जनाको शरीरमा नीलडाम भएको थियो। चारै जनाको जिल्ला अस्पताल, बिजुवारमा उपचार भयो। आरोपितलाई प्रहरीले जेठ १८ गते गिरफ्तार गऱ्यो। औषधी उपचार खर्च आरोपित टंकबहादुर बस्नेतले व्यहोर्नुको साथै पीडित पक्षसँग माफी मागेपछि जेठ २७ गते ५० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६९ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, प्यूठानमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका २४, खानलाउन नदिएको, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाइदिएको चार र सामान्य घरायसी झगडाका ३७ घटना छन्। यीमध्ये ६१ उजुरीमा दुवै पक्षबिच मेलमिलाप भयो भने आठ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।

यो वर्ष प्युठान जिल्लामा बलात्कारका घटनामा तीन, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२३ वर्षीया महिलालाई ०८० वैशाख २ गते बलात्कार गरेको आरोपमा दाङ जिल्ला राप्ती गाउँपालिका- ४ का २७ वर्षीय किरम चौधरीविरुद्ध पीडितका आफन्तले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले वैशाख ३ गते प्यूठान नगरपालिका-४ बाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतलका न्यायाधीशले ०८० मङ्सिर १३ गतेको १८ वर्ष कैद र ७ लाख रुपियाँ क्षतिपूर्तिको सजाय फैसला गरेको सेस्तेदार गणेशकुमार गौतमले बताए।

पारिवारिक हत्या

झिमरुक गाँउपालिका - ५ की ५५ वर्षीया पवित्रा खनाललाई पति ६० वर्षीय छविलाल खनालले ०७९ फागुन ८ गते हत्या गरेको गरेको भन्दै पीडितका आफन्तले फागुन ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १० गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन ११ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। अदालतको चैत ३ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, दुई नगर स्वास्थ्य केन्द्र छन्। बिजुवारमा रहेको जिल्ला अस्पतालको अवस्था राम्रो छैन। ५० शैयाको जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सक कहिलेकाहीँमात्रै उपलब्ध हुन्छन्। जिल्ला अस्पतालमा भएको भिडियो एक्सरे मेसिन बिग्रिएको वर्ष दिन हुँदासम्म मर्मत भएको छैन। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसप्रति आकर्षण नरहेको गौमुखी गाउँपालिका-४ का जुमानसिंह केसीले बताए। स्वास्थ्य बीमा गरेका बिरामीहरूले पाउने औषधी पर्याप्त नहुनु औषधी दिने कर्मचारीले बिरामी तथा बिरामीको परिवारप्रति गरिने बोली व्यवहार राम्रो नभएको र बिरामीले सेवा लिने झण्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो कम हुँदै गएको केसीले बताए।

तालिका ५.५.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा दिइने शारीरिक सजाय	१		१
बलात्कार		१	१
जम्मा	१	१	२

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३१		३१
बलात्कार	१		२	३
यौन दुर्व्यवहार			१	१
जम्मा	२	३१	३	३५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२३)

५.५.४ गुल्मी



जम्मा जनसङ्ख्या	२,४६,४९४
महिला	१,३४,४६९
घर परिवार सङ्ख्या	६६,१००
घरजग्गामा महिलाको स्वामित्व	१०,८०१
साक्षरता प्रतिशत	८०.३४
आश्रित जनसङ्ख्या	१,२८,०४१
अपाङ्गता भएका	७,८३२

यस वर्ष गुल्मी जिल्लामा ज्यादतीका घटनामा ९४ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ८७ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा पुरुष कैदी ८१ र बन्दी १७ जना छन्। जसमा महिला कैदी आठ र बन्दी चार जना रहेका छन्। कारागारमा तीन जना बालबालिका रहेको कारागारले जनायो। २५ जनाको क्षमता रहेको कारागारमा झण्डै पाँच गुणा बढी कैदीबन्दी रहेका छन्। कारागारमा खानेपानीको समस्या पहिलेदेखि भए पनि समाधान हुन सकेको छैन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना मात्र न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत, गुल्मीबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६३ मध्ये २५ मुद्दा फैसला भने ३८ थान मुद्दा फैसला हुन बाँकी छन्। देवानी मुद्दातर्फ २ सय ४५ मध्ये १ सय २७ थान मुद्दा फैसला भई १ सय २७ थान मुद्दा फैसला हुन बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा मुद्दा बाँकी छैनन्।

बाल अधिकार

यस वर्ष गुल्मी जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालक र दुई जना बालिका तथा बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

गुल्मी जिल्लाको साक्षरता दर ८०.३४ प्रतिशत रहेको छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २२ मावि र १५ आधारभूत विद्यालय छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ।

बलात्कार

१४ वर्षीया बालिकालाई २०८० वैशाख १४ गते बलात्कार गरेको आरोपमा सल्यान जिल्ला शारदा

तालिका ५.५.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
हत्या		३		३
बाल अधिकार	बलात्कार	२		२
	यौन दुर्व्यवहार	२	१	३
	जम्मा	४	१	५
महिला अधिकार	घरेलु हिंसा	८४		८४
	बलात्कार	१		१
	बलात्कार प्रयास	२		२
	जम्मा	८६		८६
कूल जम्मा		९४	३	९६

(स्रोत : इन्सेक, २०२३)

नगरपालिका-१३ का २७ वर्षीय निशान कुँवरविरुद्ध पीडित परिवारले वैशाख १४ गते जिल्ला प्रहरी कार्यालय, गुल्मीमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १४ गते रेसुङ्गाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बसन्तराज पौडेलको असोज १४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १३ वर्ष कैद सजाय र ५ लाख रुपियाँ जरिवाना भराउने फैसला सुनायो।

बलात्कारपछि हत्या

१५ वर्षीया बालिकाको शव ०८० कात्तिक १७ गते हुँग्दीखोलामा नग्न र डुबेको अवस्थामा फेला पऱ्यो। बालिका शान्तिपुरको श्रीलंकाटोलमा आमासँग भाडाको घरमा बस्दै आएकी थिइन्। आमासँग घर नजिकैको खेतमा काम गर्न गएकी बालिका कात्तिक १६ गतेदेखि बेपत्ता भएकी थिइन्। साँझ अबेरसम्म छोरी सम्पर्कमा नआएपछि परिवारले सबैतिर खोजे पनि भेटाएनन्। कात्तिक १७ गते बालिकको शव फेला पऱ्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बाँके खजुरा गाउँपालिका- ४ का २३ वर्षीय रहिस खाँलाई कात्तिक १७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतको मङ्सिर ११ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिटका ३०, खान लगाउन नदिएको १२, झैझगडा र गालीगलौजको २६ उजुरी थिए। दर्ता भएका ६८ उजुरीमध्ये ५७ उजुरीमा मेलमिलाप भयो भने ११ उजुरीकर्ताले माथिल्लो निकायमा जाने बताए।

यो वर्ष गुल्मी जिल्लामा बलात्कारको घटनामा एक, बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका घटनामा ८४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ७९ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य एकाई, तीन शहरी स्वास्थ्य केन्द्र र ११ आधारभुत स्वास्थ्य सेवा केन्द्र रहेका छन्। गुल्मी अस्पतालमा स्थायी दरबन्दी ५९ जनाको हो। तर, अहिले २३ जना मात्र स्थायी दरबन्दीका जनशक्ति अस्पतालमा कार्यरत छन्। अस्पतालमा विशेषज्ञ डाक्टरहरूको १० जना स्थायी दरबन्दी भए पनि रिक्त छ।

तालिका ५.५.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२
यौन दुर्व्यवहार		३	३
जम्मा	१	३	४

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	६५	१८	८४
बलात्कार			१	१
बलात्कार प्रयास			३	३
जम्मा	१	६५	३१	८७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.५.५ अर्घाखाँची



जम्मा जनसङ्ख्या	१,७७,०८६
महिला	९६,४१४
घर परिवार सङ्ख्या	४८,४४९
घरजग्गामा महिलाको स्वामित्व	११,०८२
साक्षरता प्रतिशत	८०.०५
आश्रित जनसङ्ख्या	९१,३५३
अपाङ्गता भएका	६,२४६

यस वर्ष अर्घाखाँची जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष तथा ज्यादतीका घटनामा ४८ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना महिला पीडित भए।

कारागार र बन्दी

१ सय ५० जनाको क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ४२ जना र कैद नतोकिएका ३४ जना गरी ७६ जना छन्। जसमध्ये महिला कैदीबन्दी आठ जना छन्। कारागारमा एक जना ज्येष्ठ नागरिक छन्। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेण्टको दरबन्दी रहेको भए पनि दुई वर्षदेखि रिक्त रहेको जेलर ओमकला भण्डारीले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा १ सय ४ थान फौजदारी मुद्दामध्ये ४१ थान फैसला भए। ३ सय ३१ थान देवानी मुद्दामध्ये १ सय ५५ थान फैसला भए। अर्को जिल्लाबाट म्याद तामेल भई आउन ढिला हुने र दरबन्दी अनुसारका कर्मचारी नहुने भएकाले सुनवाइमा ढिलाइ हुने गरेको जिल्ला अदातलका स्रेस्तेदार नारायणप्रसाद पौडेलले बताए।

बाल अधिकार

यस वर्ष अर्घाखाँची जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ५.५.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कुटपिट		१	१	३	३	५
हत्या				४	३	६
धम्की					३	३
बाल अधिकार	बलात्कार			४		४
	जम्मा			४		४
महिला अधिकार	घरेलु हिंसा			३१		३१
	बलात्कार			४		४
	यौन दुर्व्यवहार			३		३
	जम्मा			३७		३७
कूल जम्मा		१	१	४८	७	५५

(स्रोत : इन्सेक, २०२३)

शिक्षाको अवस्था

यस वर्ष जिल्लामा २३ हजार १४ छात्रासहित ४७ हजार ५ सय ६० जना छात्र विद्यालय भर्ना भए। १ सय २६ जना अपाङ्गता भएका छात्रासहित २ सय ९९ जना अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना भए। यो वर्ष तीन जना द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति पाए। दलित विद्यार्थी १३ हजार ७ सय ३० जना मध्ये छात्रा ६ हजार ९ सय ४ जना छन्। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका ३७ जना बालबालिकाले छात्रवृत्ति प्राप्त गरेको जिल्ला शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मनिराम पराजुलीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। तीमध्ये ७१ उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी असइ रोजिना घिमिरेले बताइन्।

यो वर्ष अर्घाखाँची जिल्लामा बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा चार, यौन दुर्व्यवहारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ३१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, ३९ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। ११ सामुदायिक स्वास्थ्य केन्द्र, २३ शहरी स्वास्थ्य केन्द्र, १९ आधारभूत स्वास्थ्य सेवा केन्द्र, २४ बर्थिङ सेन्टर सञ्चालनमा छन्। अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा नौ दरबन्दी रिक्त छ। स्वास्थ्य बीमा कार्यक्रममा ४६ प्रतिशत नागरिक सहभागी भएका स्वास्थ्य कार्यालयका प्रमुख शिवबहादुर सार्की नेपालीले बताए।

तालिका ५.५.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२	४

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१८	२	१०	३१
बलात्कार			१	३	४
यौन दुर्व्यवहार				२	२
जम्मा	१	१८	३	१५	३७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

(स्रोत : इन्सेक, २०२३)

५.५.६ पाल्पा



जम्मा जनसङ्ख्या	२,४५,०२७
महिला	१,३२,२६६
घर परिवार सङ्ख्या	६४,९९१
घरजग्गामा महिलाको स्वामित्व	११,३५६
साक्षरता प्रतिशत	८३.६७
आश्रित जनसङ्ख्या	१,१६,१८५
अपाङ्गता भएका	७,७१९

यस वर्ष पाल्पा जिल्लामा ज्यादतीका घटनामा ७० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६१ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० महिला र पुरुष १ सय ७५ गरी ३ सय २५ जनाको हो। यो वर्ष १७ जना महिला र २ सय ४७ जना गरी २ सय ६४ पुरुष रहेका छन्। कारागारमा आश्रित बालक एक जना छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेवको दरबन्दी छ। कारागारमा २० जना पुरुष ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख भगवानभक्त अर्यालले बताए। दीर्घरोगी तथा मानसिक रोगीहरूलाई चौकीदार, नाइके तथा सहनाइकेको टोली बनाइ विशेष स्याहार गर्ने गरिएको छ। हप्ताको दुईपटक स्वास्थ्यकर्मीद्वारा जाँच गरी आवश्यक अवस्थामा अस्पताल लाने गरिएको, थप पोषण आवश्यक पर्नेलाई पोषणयुक्त खानाको व्यवस्था गरिएको कारागारका सिनियर अहेव गणेश गैरेले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय २४ मध्ये २ सय ११ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ४८ मध्ये ५८ थान मुद्दा फैसला भए। पाल्पा अदालतमा दुई वर्ष पुराना फैसला हुन बाँकी रहेका मुद्दाहरू नरहेको पाल्पा जिल्ला अदालतका सेस्तेदार शिवबहादुर थापाले बताए।

बाल अधिकार

यस वर्ष पाल्पा जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

पाल्पाको तानसेन नगरपालिकालाई २०७८ सालमा नेपालकै पहिलो पूर्ण साक्षर पालिका घोषणा गरिएको थियो। पाल्पा जिल्ला पनि पूर्ण साक्षर जिल्ला हो। यहाँका बगनासकाली र रम्भा गाउँपालिकाले पूर्णबालमैत्री स्थानीय तह घोषणा गरेका छन्। तर यहाँका बोटे तथा कुमाल जातिका बालबालिकाहरू अझै पनि नियमित विद्यालय जाँदैनन्। बगनासकाली गाउँपालिका, तानसेन नगरपालिकाको गण्डकी किनारमा बोटे जातिको बसोबास रहेको छ। यो जातिमा

तालिका ५.५.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	६	६
	यौन दुर्व्यवहार	३	३
	जम्मा	९	९
महिला अधिकार	घरेलु हिंसा	५४	५४
	बलात्कार	७	७
	जम्मा	६१	६१
कूल जम्मा		७०	७०

(स्रोत : इन्सेक, २०२३)

अझै पनि पूर्ण रूपमा शैक्षिक चेतना बिस्तार हुन नसकेको बगनासकाली-७ दैलातुङका ८५ वर्षीय गजबिर बोटेले बताए। यो जातिका बालकालिकाको विद्यालय जाने र छोड्ने दर बढी रहेको छ। तर, शौचालयको उचित प्रबन्ध नहुँदा प्रयोग र बिसर्जनको समस्या रहेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले यीमध्ये ५० उजुरीमा मेलमिलाप गरायो भने बाँकी चार उजुरी कानुनी प्रक्रिया अघि बढेको सेवा केन्द्रले जनायो।

यो वर्ष पाल्पा जिल्लामा बलात्कारका घटनामा सात र घरेलु हिंसाका घटनामा ५४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

स्वास्थ्य बीमा कार्यक्रम पाल्पा जिल्लामा प्रभावकारी हुन सकेको छैन। यसै वर्षबाट पाल्पाका दुई ठूला अस्पताल युनाइटेड मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेजमा स्वास्थ्य बीमा कार्यक्रम बन्द भयो। यस जिल्लामा एक जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र, दुई सरकारी अस्पताल रहेका छन्। जिल्लामा स्वास्थ्य चौकीको सङ्ख्या ६२ रहेको छ। स्वास्थ्य कार्यालय, पाल्पाले उपलब्ध गराएको तथ्याङ्कका अनुसार जिल्ला अस्पताल पाल्पामा १८ जना डाक्टर दरबन्दी रहेकोमा स्थायी एक जना, तीन जना छात्रवृत्ति डाक्टर र दुई जना डाक्टर प्रदेश सरकार मार्फत करारमा कार्यरत रहेको पाल्पा अस्पतालका मेडिकल अधिकृत राजेन्द्र जिसीले बताए।

तालिका ५.५.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	५
यौन दुर्व्यवहार	३	३
जम्मा	८	८

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३९		१५	५४
बलात्कार		१	६	७
जम्मा	३९	१	२१	६१

(स्रोत : इन्सेक, २०२३)

५.५.७ नवलपरासी पश्चिम



जम्मा जनसङ्ख्या	३,८६,८६८
महिला	१,९८,६८६
घर परिवार सङ्ख्या	८२,७०९
घरजग्गामा महिलाको स्वामित्व	२३,६९६
साक्षरता प्रतिशत	७७.९७
आश्रित जनसङ्ख्या	१,७९,४६४
अपाङ्गता भएका	९,१३८

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा ज्यादतीका घटनामा ९४ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६२ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागार नवलपरासी पश्चिमको क्षमता पुरुषतर्फ १ सय ५० जना र महिलातर्फ २५ जनाको छ। यस वर्ष जिल्ला कारागारमा ५ सय १७ जना कैदी बन्दी छन् जसमध्ये कैद तोकिएका ३ सय ७ जना र कैद नतोकिएका १ सय ३९ जना छन्। आश्रित बालक तीन जना रहेका कारागारका प्रमुख विनोद सिंहले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेकोमा हाल पाँच कार्यरत रहेका छन्। जिल्ला अदलतमा यस वर्ष दर्ता भएका १ हजार ४ सय १८ थान देवानी र ६ सय १२ फौजदारी मुद्दामध्ये १ हजार ४ सय १८ देवानी ५ सय ९९ फौजदारी मुद्दा फैसला भए भने अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका नयाँ गरी ३ हजार ९ सय ६० थान मुद्दा मध्ये २ हजार २८ थान मुद्दा फैसला भएको जिल्ला अदालतका स्रेस्तेदार जानकी रमण यादवले बताए। दुई वर्ष जिम्मेवारी सरेर आएका ६४ थान मुद्दा जिल्ला अदालतमा रहेको यादवले बताए।

बाल अधिकार

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालक र दुई जना बालिका, बलात्कारका घटनामा १९ जना बालिका र नवजात शिशुको हत्याका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय १७ आधारभुत र १ सय १९ ओटा माध्यमिक विद्यालय छन्। यो वर्ष ५५ हजार ८ सय ३५ जना छात्र र ५० हजार ६ सय ६१ जना छात्रा विद्यालय भर्ना भए। दलिततर्फ १० हजार ४ सय ८१ छात्र र ९ हजार ८ सय ९६ छात्रा रहे। द्वन्द्वपीडित परिवारका नौ जनाले र वैदेशिक रोजगारमा गएर ज्यान गुमाएका परिवारका ८५ जनाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय एकाईका सूचना अधिकारी कृष्णचन्द्र पोखरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा भएको भन्दै ३ सय ११ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी

तालिका ५.५.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१	१	२
कुटपिट		१	१	२
बेपत्ता		१		१
हत्या		५	२	७
जातीय विभेद		२		२
बाल अधिकार	नवजात शिशुको हत्या	१		१
	बलात्कार	१९		१९
	यौन दुर्व्यवहार	२	१	३
	जम्मा	२२	१	२३
महिला अधिकार	घरेलु हिंसा	४९		४९
	बलात्कार	१०		१०
	बलात्कार प्रयास	३		३
	जम्मा	६२		६२
कूल जम्मा		९४	५	९९

(स्रोत : इन्सेक, २०२३)

दिए। जसमध्ये २ सय ११ उजुरीमा मेलमिलाप भयो भने २३ उजुरी अन्य निकायमा गए। २० उजुरीकर्ता सम्पर्कमा नआएको र ५७ उजुरी प्रक्रियामा रहेको सई भीमकुमारी रानाले बताइन्।

यो वर्ष नवलपरासी पश्चिम जिल्लामा बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा तीन र घरेलु हिंसाका घटनामा ४९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

सुनवल नपा-४, सुनवलकी ५० वर्षीय सहोदरी चौधरीलाई ५९ वर्षीय पति मोहन चौधरीले ०७९ फागुन २४ गते कुटपिट गरी हत्या गरेको आरोपमा पीडित पक्षले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय, परासीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २५ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको चैत १९ गतेको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

जातीय विभेद

प्रतापपुर गाउँपालिका-८, फट्कीटोलाका ४४ वर्षीय रामप्रित हरिजनलाई जातीय भेदभाव गर्दै कुटपिट गरेको आरोपमा पीडितले सोही ठाउँका ३० वर्षीय हरेन्द्र मल्लाह, २० वर्षीय उपेन्द्र मल्लाह र २० वर्षीय रोहित मल्लाहविरुद्ध ०७९ चैत ४ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दिए। तीनै जना आरोपितलाई प्रहरीले चैत १६ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले चैत १६ गते जिल्ला अदालत पेश गरेकोमा सोही दिनको आदेशमा आरोपितहरू जनही २० हजार रुपियाँ धरौटीमा रिहा भएको स्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सुस्ता गाँउपालिका-४ गकुलनगरका ४३ वर्षीया द्रौपती हरिजनलाई ०८० कात्तिक १० गते दलित भएकै कारण अपमानजनक शब्द प्रयोग गरी जातीय विभेद गरेको आरोपमा पीडितले सोही ठाउँका २८ वर्षीय जोगेन्द्र यादव र ४८ वर्षीय भगन यादवविरुद्ध कात्तिक १५ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दिइन्। आरोपितहरूलाई प्रहरीले कात्तिक १५ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूलाई कात्तिक २४ गते जिल्ला अदालत पेश गरेकोमा अदालतको सोही दिनको आदेशमा जनही ५० हजार रुपियाँ धरौटीमा रिहा भएको स्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र, ३६ स्वास्थ्य चौकी, चार सहरी स्वास्थ्य केन्द्र, २९ आधारभुत स्वास्थ्य सेवा केन्द्र र तीन ओटा सामुदायिक स्वास्थ्य एकाइ छन्। जिल्लामा विशेषज्ञ पदमा १० जनाको दरबन्दी रहेपनि सबै पद रिक्त रहृयो।

तालिका ५.५.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या		१	१
बलात्कार	२	१७	१९
यौन दुर्व्यवहार	१	२	३
जम्मा	३	२०	२३

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		३८		११	४९
बलात्कार				१०	१०
यौन दुर्व्यवहार	१		१	१	३
जम्मा	१	३८	१	२२	६२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	४	६

(स्रोत : इन्सेक, २०२३)

५.५.८ रूपन्देही

जम्मा जनसङ्ख्या	११,२१,९५७
महिला	५,७१,४७९
घर परिवार सङ्ख्या	२,३८,१७१
घरजग्गामा महिलाको स्वामित्व	६९,९९३
साक्षरता प्रतिशत	८१.२३
आश्रित जनसङ्ख्या	२,७०,२२९
अपाङ्गता भएका	१८,२३९

यस वर्ष रुपन्देही जिल्लामा ज्यादतीका घटनामा ६ सय ७९ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ सय १६ जना महिला पीडित भए।

कारागार र बन्दी

रुपन्देहीको भैरहवा कारागारको क्षमता १ सय ५० रहेको छ । कारागारमा २ सय १ जना कैदी र २ सय ५० जना बन्दी गरी ४ सय ५१ कैदीबन्दी छन्। कारागारमा क्षमता भन्दा बढी कैदी थुनुवाहरू भएकाले सुत्न, बस्न समस्या छ। कारागारमा १४ जना ज्येष्ठ नागरिक र लैङ्गिक तथा यौनिक अल्पङ्ख्यक समुदायका दुई जना छन्।

बालसुधार गृह

भैरहवामा रहेको बाल सुधार गृहमा ८६ जना बालकहरू छन्। जसमध्ये फैसला भएर सुधारका लागि सजाय तोकेका ६२ जना र सजाय नतोकिएका २४ जना छन्। बालगृहमा रहेकाहरू पढ्नबाट वञ्चित छन्। सुधार गृहमा १८ वर्षमाथि २६ वर्षसम्मका (बालिग भइसकेका) युवाहरू पनि रहेको गृहकी प्रमुख कल्पना अर्याललले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

१० जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालत रूपन्देहीमा नौ जना न्यायाधीश कार्यरत छन्। यो वर्ष ३ हजार ४ सय ६७ थान फौजदारी मुद्दामध्ये १ हजार ८ सय ४९ थान फैसला भए। १ हजार ६ सय १८ थान मुद्दा बाँकी छन्। ५ हजार ३४ थान देवानी मुद्दामध्ये २ हजार ९ सय ५६ थान फैसला भए। २ हजार ७८ थान मुद्दा बाँकी छन्। त्यसैगरी पुनरावेदनतर्फ ६ थान मुद्दामध्ये पाँच थान बाँकी छन्। त्यस्तै निषेधाज्ञाका १ सय १५ थान मुद्दामध्ये ५८ थान फैसला भएका जिल्ला अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए।

उच्च अदालत तुलसीपुर, बुटवल, इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुल्सीपुर, बुटवल इजलासमा पाँच जना न्यायाधीशको दरबन्दी रिक्त छ। यस वर्षका लागि दुनियावादी देवानीका ६ सय ७३ थान, दुनियावादी फौजदारीका २ सय ५९ थान, सरकारवादी फौजदारीका ५ सय २० थान र सुरू क्षेत्राधिकारबाट ८९ थान मुद्दा जिम्मेवारी सरेका रहेका छन्।

उच्च अदालत तुलसीपुर बुटवल, इजलासमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको सुरु मुद्दा ८९ थान नयाँ दर्ता १ सय दुई थान मुद्दा फैसला भए।

त्यस्तै बन्दी प्रत्यक्षीकरणतर्फ यस वर्ष तीन थान मुद्दा दर्ता भए भएकोमा कुनै पनि फैसला भएनन्। निषेधाज्ञाको निवेदनमा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको ४० थान र नयाँदर्ता ३६ गरी जम्मा ७६ थानमा ४९ थान मुद्दा फैसला भई २७ थान बाँकी रहेको उच्च

अदालत तुल्सिपुर बुटवल इजलासका रजिष्ट्रार जितेन्द्रबाबु थपलियाले बताए।

बाल अधिकार

यस वर्ष रुपन्देही जिल्लामा झारफुक गर्ने बहानामा एक बालिकाको हत्या, यौन दुर्व्यवहारको घटनामा एक बालक र १५ जना बालिका, बलात्कारका घटनामा ४२ जना बालिका, बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका र नवजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अधिकार

जिल्लामा सामुदायिकतर्फ २ सय १७ आधारभूत र १ सय ७० माध्यमिक विद्यालय छन्। यो वर्ष १ लाख ५८ हजार ४ सय ९४ छात्र र १ लाख ३६ हजार ७ सय ९२ जना छात्रा विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ६५ छात्रा र ३ सय ८६ छात्र छन्। यस वर्ष १५ हजार ९ सय ९६ दलित छात्र र १६ हजार ३८ दलित छात्रा विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका १९ जना विद्यार्थीले छात्रवृत्ति पाएका शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख माधव बन्जाडेले बताए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ८४ जनाले छात्रवृत्ति पाए।

झारफुकको नाममा हत्या

सैनामैना नपा-१० की १४ वर्षीया बालिकालाई ०७९ फागुन २१ गते झारफुक गर्ने भन्दै कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले सैनामैना नपा-१० बस्ने आफूलाई माता बताउने २२ वर्षीया सोनिया रेश्मीलाई प्रहरीले फागुन २१ गते गिरफ्तार गऱ्यो। घटनामा संलग्न भएको आरोपमा सैनामैना नपा-१० का ४४ वर्षीय ताराप्रसाद ज्ञवाली, सोही ठाउँकै २७ वर्षीय इश्वरी पोखरेल, ५४ वर्षीया निमकला पाण्डे, ५८ वर्षीय मिनबहादुर रेश्मी, निजकी पत्नी ५४ वर्षीया चन्द्रकली रेश्मी, ३३ वर्षीय उमेश थापा, ४९ वर्षीया कमला पोखेल, २२ वर्षीय विष्णुप्रसाद पोखेल, ५३ वर्षीय डोलनाथ गौतम, ४६ वर्षीय बालानन्द बेल्बासे, ३० वर्षीय दिनेश खनाल, ४५ वर्षीय डिलाराम घिमिरे, ५१ वर्षीय धनराज पोखेल, ५७ वर्षीय रामजीप्रसाद पाण्डे, ५५ वर्षीय शालिकराम बेल्बासे र पाल्पा जिल्ला रैनादेवी छहरा गाउँपालिका-७ का २३ वर्षीय कुमार सिंजालीलाई फागनु २७ गते गिरफ्तार गऱ्यो।

'झारफुक गरी बिरामीलाई सञ्चो बनाउँछु' भन्दै फागुन २१ गते झारफुक गर्ने बाहानामा कुटपिट गर्दा बालिकाको मृत्यु भएको थियो। परिवारले सोही दिन कपिलवस्तु जिल्लाको लक्ष्मणघाट पुऱ्याएर दाहसंस्कार गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी श्यामु अर्यालले बताए। जिल्ला अदालत रूपन्देहीका न्यायाधीश श्रीप्रकाश उप्रेतीको चैत २० गतेको इजलासले आरोपितहरूमध्ये ताराप्रसाद ज्ञवाली, इश्वरी पोखरेल, निमकला पाण्डे, लिला ज्ञवाली गरी चार जनालाई जनही ५० हजार धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। मीनबहादुर रेश्मी, चन्द्रकली रेश्मी, उमेश थापा, कमला पोखेल, विष्णुप्रसाद पोखेल, डोलनाथ गौतम, बालानन्द बेल्बासे, दिनेश खनाल, डिलाराम घिमिरे, धनराज पोखेल, रामजीप्रसाद पाण्डे, शालिकराम बेल्बासे र कुमार सिंजाली लगायत सबैलाई साधारण तारेखमा छाड्यो। 'माता' भनिने सोनिया रेश्मीलाई पुपर्क्षका लागि थुनामा राख्ने आदेश गरेको जिल्ला अदालतका स्रेस्तेदार यज्ञमूर्ति ज्ञवालीले बताए। यो वर्षको अन्तिमसम्म मुद्दा फैसला भएन।

तालिका ५.५.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		५		५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	नवजात शिशुको हत्या		१	१
	बलात्कार	४२		४२
	यौन दुर्व्यवहार	१५	१	१६
	जम्मा	५८	२	६०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	४		४
	घरेलु हिंसा	५७६		५७६
	बलात्कार	२१		२१
	बलात्कार प्रयास	११		११
	यौन दुर्व्यवहार	१		१
	बेचबिखन तथा ओसारपसार	३		३
	जम्मा	६१६		६१६
कूल जम्मा		६७९	३	६८२

(स्रोत : इन्सेक, २०२३)

बलात्कार

१६ वर्षीया बालिकालाई ०७९ फागुन २३ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले १७ वर्षीय बालकविरुद्ध फागुन २५ गते इलाका प्रहरी कार्यालय सालझण्डीमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको ०८० असार ६ गतेको इजलासले

आरोपितलाई कसुदार ठहर गर्दै तीन वर्ष कैद, ३० हजार रुपियाँ जरिबाना र पीडितलाई ४० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार शोभाखर खरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रूपन्देही जिल्लामा घरेलु हिंसा पीडित भन्दै ५ सय ९४ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ३ सय ४१, खानलाउन नदिएको १ सय १, विवाह दर्ता र नागरिकता नबनाएको २१, अर्की पत्नी ल्याएर हेला गरेको ११, दाइजो नल्याएको भनी हेला गरेको २५, अन्य ९५ उजुरी छन्। यीमध्ये ३ सय २९ उजुरी मेलमिलाप, ६३ ओटा कारवाही प्रक्रियामा, ६३ उजुरी अदालत गएको र १ सय ३९ जना सम्पर्कमा नआएको सेवा केन्द्रका इन्स्पेक्टर सविता जिसीले बताइन्।

यो वर्ष रुपन्देही जिल्लामा बलात्कारका घटनामा २१, बलात्कार प्रयासका घटनामा ११, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसारका घटनामा तीन, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार र घरेलु हिंसाका घटनामा ५ सय ७६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बेचबिखन तथा ओसारपसार

३७ वर्षीया महिलालाई राम्रो जागिर लगाइदिने प्रलोभन देखाएर ०७९ माघ १ गतेदेखि जबरजस्ती यौन कार्यमा लगाएको आरोपमा पीडितले देवदह नपा-६ का २५ वर्षीय सुस्मिता थापा मगर र ३२ वर्षीया शान्ति विकविरुद्ध ०८० वैशाख १७ गते जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा उजुरी दिइन्। आरोपित थापा मगरलाई प्रहरीले वैशाख १७ गते गिरफ्तार गऱ्यो। अर्की आरोपित शान्ति बिक वर्षको अन्त्यसम्म गिरफ्तार भइनन्। जिल्ला अदालतका न्यायाधीश उमेश कोइरालाको असोज २३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २ वर्ष कैद, १ लाख रुपियाँ पीडितलाई क्षतिपुर्ति र ४ सय रुपियाँ क्षतिपुर्ति बापत पीडित राहत कोषमा जम्मा गर्न फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार यज्ञमुर्ति ज्ञवालीले बताए।

बलात्कार प्रयास

२१ वर्षीया बौद्धिक अपाङ्गता भएकी महिलालाई ०७९ पुस २९ गते बलात्कार प्रयास गरेको आरोपमा पीडित पक्षले मकवानपुर जिल्ला घर भई बुटवल उमनपा-४ आदर्शनगर बस्ने २९ वर्षीय राजेश गौतमविरुद्ध पीडित पक्षले पुस ३० गते इलाका प्रहरी कार्यालय, बुटवलमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २९ गते बुटवलबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद रेग्मीको ०८० जेठ १७ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २ वर्ष कैद, २० हजार रुपियाँ जरिबाना, पीडितलाई ५ हजार रुपियाँ क्षतिपूर्ति र ८ सय रुपियाँ राहत पीडित कोषमा जम्मा गर्न आदेश दिएको जिल्ला अदालतका स्रेस्तेदार शोभाखर खरेलले बताए।

स्वास्थ्य सेवाको अवस्था

रूपन्देही जिल्लामा एउटा प्रदेशिक अस्पताल र एउटा जिल्ला अस्पताल गरी दुई अस्पताल छन्। नगर अस्पताल एक, प्राथमिक स्वास्थ्य केन्द्र पाँच, स्वास्थ्य चौकी ६३ र शहरी स्वास्थ्य केन्द्र १४, सर्पदंश उपचार केन्द्र दुई र किशोरीमैत्री स्वास्थ्य संस्थाको सङ्ख्या १४ रहेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी भेषराज शर्माले बताए।

तालिका ५.५.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
नवजात शिशुको हत्या			१	१
बलात्कार	१	५	३६	४२
यौन दुर्व्यवहार	१		१४	१५
जम्मा	२	५	५२	५९

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास				२	२
घरेलु हिंसा	१	५४०	५	३०	५७६
बलात्कार			७	१४	२१
बलात्कार प्रयास	१		३	७	११
यौन दुर्व्यवहार				१	१
बेचबिखन तथा ओसारपसार	१			२	३
जम्मा	३	५४०	१५	५६	६१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

(स्रोत : इन्सेक, २०२३)

५.५.९ कपिलवस्तु



जम्मा जनसङ्ख्या	६,८२,९६१
महिला	३,४८,२७४
घर परिवार सङ्ख्या	१,२१,८६१
घरजग्गामा महिलाको स्वामित्व	३०,१४८
साक्षरता प्रतिशत	७१.८२
आश्रित जनसङ्ख्या	३,५८,९१३
अपाङ्गता भएका	१२,९२२

यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष तथा ज्यादतीका घटनामा ३ सय ५८ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३४ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय २४ जना महिला पीडित भए।

अमानवीय व्यवहार

शुद्धोधन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत ३७ वर्षीय कृष्णप्रसाद ज्ञवालीलाई २०८० कात्तिक १६ गते कार्यकक्षमा अभद्र व्यवहार गरेको आरोपमा गाउँपालिकाका उपाध्यक्ष २९ वर्षीय होमप्रकाश कुर्मी चौधरीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा पीडितले उजुरी दिए। घटनापछि फरार भएका आरोपित चौधरीलाई प्रहरीले मङ्सिर १४ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले १० हजार ७ सय रुपियाँ धरौटीमा रिहा गर्न आदेश गरेकोमा सो धरौटी रकम बुझाइ आरोपित सोही दिन रिहा भएको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका डीएसपी गंगाबहादुर थापाले बताए।

कारागार र बन्दी

३ सय ५२ जना कैदीबन्दीको क्षमता भएको कपिलवस्तु कारागारमा ५ सय २५ जना कैदी बन्दी रहेका छन्। जसमध्ये कैद तोकिएका २ सय ५९ र थुनुवा २ सय ६६ छन्। जसमा कैदी १३ जना र थुनुवा १५ जना गरी २८ जना विदेशी नागरिक छन्। कारागारमा ६५ वर्ष नाघेका १५ जना कैदी ज्येष्ठ नागरिक रहेको कारागार कार्यालयका निमित्त जेलर रेशमलाल भुसालले बताए। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेको छ। क्षमता भन्दा बढी कैदी बन्दी भएकाले बस्न, शौचालय प्रयोग र पानी भर्न लाइन बसेर कुनुपर्ने बाध्यता छ।

हिरासतमा मृत्यु

बाणगङ्गा नगरपालिका-४ सिद्धिपुरका ४५ वर्षीय दानबहादुर सेनको ०८० असार १० गते इलाका प्रहरी कार्यालय, पिपराको हिरासतमा मृत्यु भयो। लागु औषध खरिद बिक्री तथा सेवन गरेको आरोपमा असार ४ गते उनलाई प्रहरीले गिरफ्तार गरेको थियो। असार १० गते राती १२ बजे हिरासतमा 'अप्ठ्यारो भयो' भन्दै सेन छटपटाएपछि थुनुवाहरूले प्रहरीलाई खबर गरेका थिए। उपचारका लागि सामुदायिक अस्पताल, कपिलवस्तु पुऱ्याइएकोमा सो अस्पतालले थप उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल रिफर गऱ्यो। पीडितको उपचारको क्रममा सोही दिन मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनायो। शवको पोष्टमार्टम असार १४ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा भयो।

तालिका ५.५.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट			
		पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
कुटपिट				१	३	१	४
कारागारमा मृत्यु		१	१				
हत्या				४	४		८
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१			१
	विद्यालयमा दिइने शारीरिक सजाय			१			१
	नवजात शिशुको हत्या				१		१
	बलात्कार			१९			१९
	यौन दुर्व्यवहार			८	१		९
	जम्मा			३९	५		३४
महिला अधिकार	बेचबिखन तथा ओसारपसार			१			१
	घरेलु हिंसा			३१३			३१३
	बलात्कार			६			६
	बलात्कार प्रयास			४			४
	जम्मा			३३४			३३४
कूल जम्मा		१	१	३५८	८	१	३६६

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

लामो समयदेखि दरबन्दी अनुसारका न्यायाधीश नहुँदा मुद्दा सुनुवाइमा ढिला हुने गरेको छ। यस वर्ष फौजदारी मुद्दातर्फ ७ सय १० थान मुद्दा फैसला भएको र ५ सय ४८ थान मुद्दा फैसला हुन बाँकी छ। देवानी मुद्दातर्फ १ हजार ५ सय ९५ थान मुद्दा फैसला भएको छ भने १ हजार १ सय ५७ थान मुद्दा फैसला हुन बाँकी छ। यस्तै देवानीतर्फ दुई वर्ष नाघेका १ सय १ थान मुद्दा र फौजदारीतर्फ ६८ थान मुद्दा फैसला हुन बाँकी रहेको जिल्ला अदालतका स्रेस्तेदार सुमन पाण्डेले बताए।

बाल अधिकार

यस वर्ष कपिलवस्तु जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना बालक र आठ जना बालिका, बलात्कार घटनामा १९ जना बालिका, विद्यालयमा दिइने शारीरिक सजायको घटनामा एक जना बालिका, बेचबिखन तथा ओसारपसार घटनामा एक बालिका, नवजात शिशुको हत्याका घटनामा एक जना बालक, विद्यालयमा शिक्षाबाट वञ्चित गरिएका घटनामा तीन जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

कपिलवस्तु जिल्लालाई ०८० असार ३१ गते जिल्ला साक्षर घोषणा गरिएको छ। पूर्ण भर्ना अभियान घोषणा भए पनि विभिन्न कारण अझै पनि चार प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको शिक्षा विकास तथा समन्वय एकाइले जनायो।

विद्यालयमा दिइने शारीरिक सजाय

कपिलवस्तु नगरपालिका -१ स्थित सनसाइन अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालयमा कक्षा ५ मा अध्ययनरत ११ वर्षीया बालिकालाई असोज १० गते गृहकार्य डायरीमा अभिभावकलाई हस्ताक्षर नगराएको आरोपमा कम्प्युटर विषयका शिक्षक ३० वर्षीय ऋषिकेश पाण्डेयले शरीरका विभिन्न भागमा कुटपिट गरे। बालिकाको स्वास्थ्य परीक्षण असोज १० गते कपिलवस्तु, तौलिहवामा भयो। जिल्ला प्रहरी कार्यालयमा असोज १२ गते दुवैपक्षबिच मेलमिलाप भएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी शान्ता खत्रीले बताइन्। विद्यालय व्यवस्थापनले आरोपित शिक्षकलाई बर्खास्त गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकार भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ४९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, कपिलवस्तुमा उजुरी दर्ता गराए। जसमा प्रहरीले ३ सय २७ उजुरीमा मेलमिलाप गरायो। २२ उजुरी थप कारबाहीका लागि स्थानीय न्यायिक समितिमा पठाएको सेवा केन्द्रका प्रमुख महेशविक्रम शाहीले बताए।

यो वर्ष कपिलवस्तु जिल्लामा बलात्कारका घटनामा सात, बलात्कार प्रयासका घटनामा चार, बेचबिखन तथा ओसारपसार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा ३ सय १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

यशोधरा गाउँपालिका- १ की २२ वर्षीया नसिमा खातुनको २०८० असोज २ गते हत्या आरोपमा पति २६ वर्षीय प्रवेज आलम मुसलमान र सासू ४५ वर्षीया साजमा खातुनलाई प्रहरीले घरबाटै गिरफ्तार गऱ्यो। असोज २ गते बिहान ६ बजे आफू सुत्ने कोठाको खाटमा मृत अवस्थामा देखेपछि मृतकका पति र सासुले माइती पक्ष र प्रहरीलाई जानकारी दिएका थिए। मृतकको आमा आसिया खातुनले असोज ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। शवको असोज ३ गते कपिलवस्तु अस्पताल, तौलिहवामा पोष्टमार्टम गरी मृतकको आमालाई बुझाइयो। जिल्ला अदालतका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको असोज २५ गतेको इजलासको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

मायादेवी गाउँपालिका- ७ की २६ वर्षीया सन्ध्या चमारको २०८० कात्तिक ८ गते हत्या गरेको आरोपमा प्रहरीले पति २६ वर्षीय विनयकुमार चमारलाई कात्तिक ८ गते गिरफ्तार गऱ्यो। घरायसी विवादमा घाँटी कसेर पत्नीको हत्या गरेको आरोपितले स्वीकारेको प्रहरीले जनायो। शवको पोष्टमार्टम कात्तिक १२ गते लुम्बिनी प्रादेशिक अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश सूर्यनाथप्रकाश अधिकारीको कात्तिक २४ गतेको इजलासको आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ६ महिनादेखि माथि ५ वर्षमुनिका ४ सय ६२ बालबालिका कुपोषित छन्। कुपोषण न्यूनीकरण गर्न कपिलवस्तु जिल्लाको २७ स्थानमा कुपोषण व्यवस्थापन केन्द्र सञ्चालन गरिएको छ। कपिलवस्तु जिल्लामा पाँच सरकारी अस्पताल, एक प्रादेशिक अस्पताल, ७२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, दुई आधारभूत अस्पताल, सात नगर स्वास्थ्य केन्द्र,४० सामुदायिक स्वास्थ्य एकाइ, १७ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३१ वर्थिङ् सेन्टर, ३ सय ९४ खोप केन्द्र, ३ सय १० गाउँघर क्लिनिक र १ हजार ७० जना महिला स्वास्थ्य स्वयम्सेविका रहेका छन्। स्वास्थ्य बीमा प्रभावकारी नहुँदा ज्येष्ठ नागरिक र अधिकांश बीमितहरूले सहज रूपमा सेवा लिन नपाएको जिल्ला ज्येष्ठ नागरिक सङ्घ, कपिलवस्तुका उपाध्यक्ष पशुपतिमणि त्रिपाठीले बताए। स्वास्थ्य बीमा लिँदा झञ्झटिलो प्रक्रिया र बढी मूल्य पर्ने औषधीहरू बाहिरबाट किन्नुपर्ने भएको कारण स्वास्थ्य बीमाप्रति सेवाग्राहीको गुनासो रहेको छ।

तालिका ५.५.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१		१
विद्यालयमा दिइने शारीरिक सजाय	१			१
नवजात शिशुको हत्या		१		१
बलात्कार		६	१३	१९
यौन दुर्व्यवहार		१	७	८
जम्मा	१	९	३०	३०

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
घरेलु हिंसा	३९८	१	१३	३१३
बलात्कार		३	४	७
बलात्कार प्रयास		१	३	४
जम्मा	३९८	५	३१	३३४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

(स्रोत : इन्सेक, २०२३)

५.५.१० दाङ



जम्मा जनसङ्ख्या	६,७४,९९३
महिला	३,५४,४२०
घर परिवार सङ्ख्या	१,६२,२६६
घरजग्गामा महिलाको स्वामित्व	४३,७६७
साक्षरता प्रतिशत	८१.४०
आश्रित जनसङ्ख्या	३,१४,४७६
अपाङ्गता भएका	१२,८३६

यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र चार जना पुरुष तथा ज्यादतीका घटनामा २ सय ४२ जना महिला र २५ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ८९ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४५ जना महिला पीडित भए।

कुटपिट

अन्य पक्षबाट

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) दाङका सचिव एवम् तुलसीपुर उमनपा-१२ का ४२ वर्षीय डिल्ली डाँगीलाई ०७९ चैत २५ गते नेकपा (एस) निकट युवासङ्घका जिल्ला अध्यक्ष एवम् तुलसीपुर उमनपा-४ का २८ वर्षीय जीवन रानाले कुटपिट गरेको आरोपमा पीडित पक्षले चैत २५ गते जिल्ला प्रहरी कार्यालय, दाङमा उजुरी दियो। कुटपिटबाट दाहिने आँखामा गम्भीर चोट लागेका डाँगीको उपचार चैत २५ गते राप्ती आँखा अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई चैत २६ गते तुलसीपुरबाटै गिरफ्तार गरी ०८० वैशाख ४ गते शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले जेठ १७ गते दोषी ठहर गर्दै ३ हजार रुपियाँ जरिबाना गऱ्यो।

शान्तिनगर गाउँपालिकाका शिक्षा शाखा प्रमुख एवम् तुलसीपुर उमनपा-९ का २४ वर्षीय सुमन पाण्डेलाई ०८० असार ७ गते कार्यकक्षमा कुटपिट गरेको भन्दै शान्तिनगर गाउँपालिका-२ का अध्यक्ष २५ वर्षीय सुनिल वलीविरुद्ध पीडितले असार ७ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दिए। पीडितको उपचार असार ७ गते राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई घोराही उमनपा-१० नारायणपुरबाट असार ८ गते गिरफ्तार गरी असार १८ गते नै सार्वजनिक शान्तिविरुद्धको कसुरसम्बन्धी मुद्दा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालय, दाङले असोज २१ गते कसुर ठहर गरी १० हजार रुपियाँ जरिबाना गऱ्यो।

कारागार र बन्दी

घोराही कारागार

१ सय जना क्षमताको जिल्ला कारागार, घोराहीमा १ सय ९१ कैदी र २ सय ६ बन्दी गरी ३ सय ९७ जना पुरुष छन्। कारागारमा क्षमताभन्दा तीन गुणा बढी कैदीबन्दी भएका कारण आवास, शौचालयको समस्या हुने गरेको जेलर लक्ष्मणसिंह राठौरले बताए। एक जना हेल्थ असिष्टेण्ट दरबन्दी रहेको छ। कारागारमा १० जना दीर्घरोगी र १० जना ज्येष्ठ नागरिक पुरुष रहेका छन्।

तालिका ५.५.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहण						२	२
कुटपिट			१	१		१२	१२
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१	१	२
अमानवीय व्यवहार			२	२			
घाइते					२		२
हत्या					६	५	११
जातीय विभेद					१	२	३
धम्की			१	१		१	१
बाल अधिकार	बालविवाह				५		५
	बेचबिखन तथा ओसारपसार				१		१
	नवजात शिशुको हत्या					१	१
	बलात्कार				५२		५२
	यौन दुर्व्यवहार				२९	१	३०
	जम्मा				८७	२	८९
महिला अधिकार	घरेलु हिंसा				१०५		१०५
	'बोक्सी'को आरोप				१		१
	प्रसूति सेवा	१		१			
	बलात्कार				३३		३३
	बलात्कार प्रयास				६		६
	जम्मा	१		१	१४५		१४५
कूल जम्मा		१	४	५	२४२	२५	२६७

(स्रोत : इन्सेक, २०२३)

तुलसीपुर कारागार

१ सय १० महिलासहित ४ सय जनाको क्षमता रहेको तुलसीपुर कारागारमा ५६ जना महिला सहित ५ सय ७६ जना कैदीबन्दी छन्। कारागारमा चार जना आश्रित बालक छ। एक जना हेल्थ असिष्टेण्टको दरबन्दी रहेको छन्। कारागारमा १३ जना ज्येष्ठ नागरिक र ५१ जना दीर्घरोगी रहेको जेलर चिन्तामणि रेग्मीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा ६ जना न्यायाधीशको दरबन्दी रहेको छ। यो वर्ष १ हजार ९ सय ४४ थान देवानी मुद्दामध्ये ७ सय ७६ थान फैसला भए। फौजदारीतर्फ १ हजार ४ सय ८१ थान मुद्दामध्ये ५ सय ६ थान फैसला भएको स्रेस्तेदार दामोदर घिमिरेले बताए।

उच्च अदालत, तुलसीपुर इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, तुलसीपुरमा एक न्यायाधीशको दरबन्दी रिक्त छ। यो वर्ष ५ सय ७ थान फौजदारी मुद्दामध्ये १ सय ४२ थान फैसला भए। देवानीतर्फ २ सय ४१ थान मुद्दामध्ये ६२ थान फैसला भएको अदालतका रजिष्ट्रार खड्गराज अधिकारीले बताए। यसैगरी रिटतर्फ ८६ थानमध्ये ३८ थान फैसला भए।

बाल अधिकार

यस वर्ष दाङ जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक बालक र २९ जना बालिका, बलात्कारका घटनामा ५२ जना बालिका, बालविवाहका घटनामा पाँच, बेचबिखन तथा ओसारपसार घटनामा एक जना बालिका र नवजात शिशुको हत्याको घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा ३ सय २ आधारभूत र १ सय १२ माध्यमिक विद्यालय छन्। २०७८ सालको जनगणना अनुसार कूल साक्षरता दर ८१.४ प्रतिशत छ। जिल्लामा पढ्न मात्रै सक्ने ०.३ प्रतिशत तथा पढ्न र लेख्न नसक्ने १८.२ प्रतिशत छन्। तर, यो जिल्लालाई ०७२ सालमै साक्षर जिल्ला घोषणा गरिसकिएको हो।

बेचबिखन तथा ओसारपसार

१४ वर्षीया बालिकालाई २०७९ पुस २६ गते बेचबिखन गर्न भारततर्फ लैजाँदै गरेको आरोपमा राजपुर गाउँपालिका-७ की १८ वर्षीया सूया भन्ने शान्ति थापा मगरविरुद्ध पीडित पक्षले पुस २६ गते इलाका प्रहरी कार्यालय, तुलसीपुरमा उजुरी दियो।

प्रहरीले आरोपितलाई पुस २६ गते भैसाही नाकाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जगतप्रसाद पौडेलको ०८० जेठ २२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १५ वर्ष कैद, १ लाख रुपियाँ जरिबाना, २ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति र पीडित राहत कोषमा २ हजार २ सय रुपियाँ जम्मा गर्न आदेश गऱ्यो।

बलात्कार

१५ वर्षीया बालिकालाई ०८० वैशाख १५ गते बलात्कार गरेको आरोपमा राजपुर गाउँपालिका-२ का ३० वर्षीय राधेश्याम यादवविरुद्ध पीडित पक्षले वैशाख १८ गते इलाका प्रहरी कार्यालय, गढवामा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख १८ गते घरैबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश कुलप्रसाद पाण्डेको असोज २६ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १२ वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने आदेश गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ४५ उजुरीमा मेलमिलाप भएको, १२ उजुरी जिल्ला अदालतमा पठाइएको र १४ उजुरी मात्रै मेलमिलाप गराउन बाँकी रहेको सेवा केन्द्रकी इन्स्पेक्टर मिरा खड्काले बताइन्। यसैगरी सेवा केन्द्रमा कुटपिटका ६९, खान लाउन नदिएको ३७, नागरिकता नबनाएको २६, जन्मदर्ता नगरिदिएको ११, विवाह दर्ता नगरेको ४८, घरनिकाला गरेको १७ र दाइजो नल्याएको एक गरी २ सय ९ उजुरी परेकोमा सबै उजुरीमा मेलमिलाप गरिएको इन्स्पेक्टर खड्काले बताइन्।

यो वर्ष दाङ जिल्लामा बलात्कारका घटनामा ३३, बलात्कार प्रयासका घटनामा ६, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय ५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

अछाम जिल्ला पञ्चदेवल विनायक नगरपालिका-७ घर भई घोराही उमनपा-१७ बस्दै आएका २३ वर्षीय महेन्द्र बिक र २३ वर्षीया शान्ति बिकलाई ०८० असार १५ गते जातीय विभेद गरी घर निकाला गरेको भन्दै घोराही उमनपा-१७ का ६० वर्षीय ताराप्रसाद पोखेलविरुद्ध पीडित पक्षले असार १६ गते जिल्ला प्रहरी कार्यालय, दाङमा उजुरी दियो। असार १२ गते कोठा भाडा दिएका पोखेलले असार १५ गते 'तिमीहरू कामी रहेछौ, हामीले कामीलाई घर भाडा दिएका छैनौं, तिमीहरू तुरुन्त घरबाट निस्किहाल' भन्दै सामान बाहिर फालिदिएको पीडितले आरोप लगाए। प्रहरीले आरोपितलाई असार १६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जगतप्रसाद पौडेलको साउन ११ गतेको इजलासले आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात सरकारी अस्पताल, १३ सामुदायिक स्वास्थ्य एकाई, ३५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३३ नगर स्वास्थ्य केन्द्र छन्। तुलसीपुरस्थित सरकारी अस्पतालमा १४ जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। जिल्लामा ४५ हजार ३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

तालिका ५.५.१०.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह				५	५
बेचबिखन तथा ओसारपसार	१				१
नवजात शिशुको हत्या	१				१
बलात्कार	३		५	४४	५२
यौन दुर्व्यवहार	२	२	५	१६	२५
जम्मा	७	२	१०	६५	८४

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१०३		२	१०५
'बोक्सी'को आरोप		१			१
प्रसूति सेवा		१			१
बलात्कार	२	१	४	२६	३३
बलात्कार प्रयास				६	६
जम्मा	२	१०६	४	३४	१४६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	८	११

(स्रोत : इन्सेक, २०२३)

५.५.११ बाँके



जम्मा जनसङ्ख्या	६,०३,१९४
महिला	३,०६,४४९
घर परिवार सङ्ख्या	१,२९,२३४
घरजग्गामा महिलाको स्वामित्व	३१,१८५
साक्षरता प्रतिशत	७३.४०
आश्रित जनसङ्ख्या	२,९२,३२०
अपाङ्गता भएका	१३,२५४

यस वर्ष बाँके जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र ३६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । जसमा कुटपिटका घटनामा २५ जना पुरुष, कारागारमा मृत्युको घटनामा दुई जना पुरुष र गिरफ्तारीका घटनामा एक जना महिल र नौ जना पुरुष पीडित भए। ज्यादतीका घटनामा १ सय २१ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४० जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६९ जना महिला पीडित भए।

कारागार र बन्दी

बाँके जिल्ला कारागारको क्षमता ३ सय ५० जना छ। कारागारमा कैद तोकिएका ५ सय ३४ जना कैदी र कैद नतोकिएका ४ सय ६ जना थुनुवा गरी जम्मा ९ सय ४० जना छन्। कारागारमा १० जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा झण्डै तीन गुणा कैदीबन्दी भएकाले शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था छ। खुला कारागारको अवधारणा अनुसार भवनहरू निर्माणाधीन अवस्थामा छ भने क्षेत्रीय कारागार निर्माण भए पनि सञ्चालन हुन सकेको छैन। क्षेत्रीय कारागार नौबस्ताको दुई ओटा ब्लकमा बाल सुधार गृहका बाल बिज्याईकर्तालाई राखिएको छ।

कारागारमा मृत्यु

डाँकाचोरी मुद्दामा कारागारमा रहेका जानकी गाउँपालिका-६ कोठारपुरका २३ वर्षीय निरज गुप्ताले जिल्ला कारागारको शौचालयमा ०८० असार २१ गते आत्महत्या गरेको कारागार प्रशासन जनायो। जिल्ला अदालतले उनलाई ०७९ चैत २२ गते ३ वर्ष कैद र ३० हजार रुपियाँ जरिवानाको फैसला सुनाएको थियो। शवको पोष्टमाटम असार २१ गते भेरी अस्पतालमा भयो। निरजको शव असार २१ गते मृतकाक परिवारले बुझेर सोही दिन सद्गत गरे।

बलात्कार मुद्दामा बाँके कारागारमा रहेका सुर्खेत जिल्ला भेरीगङ्गा नगरपालिका-१० का ४६ वर्षीय खगेन्द्रबहादुर कामीको उपचारका क्रममा ०८० कात्तिक ३ गते भेरी अस्पतालमा मृत्यु भएको जेलर अर्जुनजङ्ग शाहले बताए। शवको पोष्टमार्टम कात्तिक ३ गते भेरी अस्पतालमा भयो। शव मृतकका परिवारले कात्तिक ३ गते बुझेर सद्गद गरे।

बाल सुधार गृह

जयेन्दु बाल सुधारको कूल क्षमता १ सय ९० जनाको हो। सुधार गृहमा सुधारका लागि ८९ जना र पुर्पक्षका लागि पठाइएका १ सय २५ जना छन्।

बाल सुधार गृहमा मृत्यु

रुपन्देही जिल्ला कञ्चन गाउँपालिका-६ घर भई डुडुवा गाउँपालिका-६ स्थित जयेन्दु बालसुधार गृहमा रहेका १८ वर्षीय बालकको ०८० असोज ४ गते राती बाल सुधार गृहमा भएको झडपको क्रममा

मृत्यु भयो। सोही झडपमा बाल सुधार गृहमा रहेका १६ र १७ वर्षीय बालक एक/एक जना, १८ र १९ वर्षीय युवक तीन/तीन जना र २० वर्षीय युवक दुई जना घाइते भए। घाइतेहरूको नेपालगञ्ज मेडिकल कलेजमा उपचार भयो। बालकको कुटपिटबाट मृत्यु भएको र घटनामा संलग्नलाई कारबाहीको माग गरी पीडित पक्षले असोज ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो।

घटनामा संलग्न भएको आरोपमा प्रहरीले बाल सुधार गृहमा रहेका २५ जनाविरुद्ध कर्तव्य ज्यान मुद्दा ०८० मङ्सिर १२ गते जिल्ला अदालतमा पेश गऱ्यो। जिल्ला न्यायाधीश चुरामन खड्काको मङ्सिर २२ गतेका इजलासले घटनामा संलग्न भएका १४ जना बालकलाई बाल सुधार गृहमा पठायो। यसैगरी, न्यायाधीश इन्द्रबहादुर कठायतको मङ्सिर २४ गतेको आदेशले ११ जना युवकलाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका सेस्तेदार सरोजनिधि वाग्लेले बताए। इन्सेकलगायत सङ्घ संस्थाले असोज ९ र १० गते सुधार गृह अनुगमन गरी सुझावसहित सम्बन्धित निकायको ध्यानाकर्षण गराएका थिए।

तालिका ५.५.११.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१		१
गिरफ्तारी		१	९	१०			
कुटपिट			३५	३५	५	६	११
कारागारमा मृत्यु			२	२			
अमानवीय व्यवहार						१	१
हत्या					३		३
जातीय विभेद					३		३
बाल अधिकार	बालविवाह				१		१
	बेचबिखन तथा ओसारपसार				६		६
	बलात्कार				३०		३०
	यौन दुर्व्यवहार				३		३
	जम्मा				४०		४०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				५		५
	घरेलु हिंसा				४१		४१
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				१८		१८
	बलात्कार प्रयास				१		१
	यौन दुर्व्यवहार				१		१
	बेचबिखन तथा ओसारपसार				२		२
	जम्मा				६९		६९
कूल जम्मा		२	३५	३७	१३१	६	१३८

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा आठ जना न्यायाधीशको दरबन्दी रहेकोमा सात जना कार्यरत छन्। बाँके जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दाका अघिल्लो वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार ९ सय ४२ यस वर्ष दर्ता भएका ९ सय ८५ गरी २ हजार ९ सय २७ मध्ये १ हजार १९ फैसला भए। फौजदरी मुद्दातर्फ अघिलो वर्षबाट जिम्मेवारी सरेर आएका १ हजार २ सय ६६ र यस वर्ष दर्ता भएका ८ सय ७६ गरी २ हजार १ सय ४२ मध्ये ५ सय १७ फैसला भए।

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास

उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलास नेपालगञ्जमा ६ जना न्यायाधीशको दरबन्दी रहेकोमा पाँच जना न्यायाधीश कार्यरत छन्। गत वर्ष देवानी मुद्दामा जिम्मेवारी सरी आएका ७ सय १४ थान र नयाँ दर्ता ४ सय १३ थान गरी जम्मा १ हजार १ सय २७ थान मुद्दामध्ये २ सय २९ थान मुद्दा फैसला भए। फौजदारी तर्फ १ हाजर ६ सय ८१ थान जिम्मेवारी सरेर आएका र नयाँ दर्ता ७ सय ९७ थान गरी २ हजार ४ सय ७८ थान मुद्दामध्ये ७ सय ५१ थान फैसला भए।

बाल अधिकार

यस वर्ष बाँके जिल्लामा यौन दुर्व्यवहारका घटनामा तीन, बलात्कारका घटनामा ३० जना, बेचबिखन तथा ओसारपसारका घटनामा ६ जना र बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

शिक्षा विकास तथा समन्वय एकाइ, बाँकेको प्रतिवेदन अनुसार साक्षरता दर ९६.५६ प्रतिशत रहेको छ। तर, जनगणना २०७८ अनुसार ७३.४० प्रतिशत रहेको उल्लेख छ।

यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई ०७९ माघ १० गते यौन दुर्व्यवहार गरेको आरोपमा नरैनापुर गाउँपालिका -६ सोनवर्षाका ३५ वर्षीय रामप्रसाद बर्माविरूद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, भोजभगवानपुरमा माघ १० गते उजुरी दियो। प्रहरीले आरोपितलाई सोनवर्षाबाट माघ १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धनसिंह महराको ०८० असार १२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै १ वर्ष ६ महिना कैद सजाय, १५ हजार रुपियाँ जरिवाना, २५ हजार रुपियाँ क्षतिपूर्ति र ६ सय रुपियाँ पीडित राहत कोषमा भुक्तानी गर्ने फैसला भएको जिल्ला अदालतका सेरेस्तेदार सरोजनिधि वाग्लेले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष ७ सय ७८ महिला र १ सय ५९ पुरुषले घरेलु हिंसा पीडित भन्दै ९ सय ३७ जनाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका शारीरिक हिंसा ३ सय ४८ जना, मानसिक हिंसा ५ सय १५ जना, खानलाउन नदिएको ७४ उजुरीमा मेलमिलाप गरिएको र १ सय ५६ उजुरी कानुनी प्रकृयामा अघि बढेको सेवा केन्द्र बाँकेकी इन्स्पेक्टर महेश्वरी विष्टले बताइन्।

यो वर्ष बाँके जिल्लामा बलात्कारका घटनामा १८, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसार घटनामा दुई, बोक्सीको आरोपका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा पाँच र घरेलु हिंसाका घटनामा ४१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

३० वर्षीया महिला र उनको दुई वर्षीय छोरालाई २०७९ माघ १५ गते घरमा पेट्रोल छर्केर आगो लगाई हत्या प्रयास गरेको आरोपमा ३० वर्षीय पुरुषलाई प्रहरीले माघ १६ गते गिरफ्तार गऱ्यो। उपचारका क्रममा दुई वर्षीय बालकको माघ १६ गते भेरी अस्पतालमा मृत्यु भयो। शवको पोष्टमार्टम माघ १६ गते भेरी अस्पतालमा भयो। गम्भीर घाइतेको वीर अस्पताल, काठमाडौँमा थप उपचार भयो। जिल्ला अदालतका न्यायाधीश आत्मदेव जोशीको ०८० जेठ १६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

जातीय विभेद

बैजनाथ गाउँपालिका-१ घर भई सोही वडाकी दलित महिला सदस्य ३६ वर्षीया धनकली सुनारलाई २०८० असार १८ गते घरायसी विवादमा जातीय विभेद गरी गालीगलौज गरेको आरोपमा सोही ठाउँका २३ वर्षीय भुवन बुढाविरुद्ध पीडितले असार १९ गते इलाका प्रहरी कार्यालय, कोहलपुरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई असार १९ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश आत्मदेव जोशीको १२ गतेको इजलासले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

बाँकेमा तीन अस्पताल, दुई आधारभूत अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र रहेका छन्। बाँके जिल्लामा ३० हजार ३ सय ३९ घरधुरीका ७१ हजार २ सय ५ जनाले स्वास्थ्य बीमा गरेका छन्। ज्येष्ठ नागरिक १७ हजार ६० जनाको बीमा निःशुल्क गरिएको छ। यस वर्षमा ६२ हजार १४ जनाले नवीकरण गराएका छन्। बीमितहरूले भेरी अस्पताल, सुशील कोइराला प्रखर क्यान्सर अस्पताल, खजुरामा उपचार गराउन सक्ने व्यवस्था रहेको कार्यालय प्रमुख रमेश आचार्यले बताए।

तालिका ५.५.११.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			१		१
बेचबिखन तथा ओसारपसार		१		२	३
बलात्कार	१		६	३३	३०
यौन दुर्व्यवहार	१		१	१	३
जम्मा	२	१	८	३६	३७

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	४	५
घरेलु हिंसा	३	१५	५	१८	४१
'बोक्सी'को आरोप		१			१
बलात्कार	१		७	१०	१८
बलात्कार प्रयास				१	१
यौन दुर्व्यवहार			१		१
बेचबिखन तथा ओसारपसार				२	२
जम्मा	४	१६	१३	३६	६९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.५.१२ बर्दिया



जम्मा जनसङ्ख्या	४,५९,९००
महिला	२,४३,१३४
घर परिवार सङ्ख्या	१,०६,२८५
घरजग्गामा महिलाको स्वामित्व	२०,२०९
साक्षरता प्रतिशत	७६.८५
आश्रित जनसङ्ख्या	२,०८,८१२
अपाङ्गता भएका	१४,८३९

यस वर्ष बर्दिया जिल्लामा ज्यादतीका घटनामा १ सय ४० जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय १२ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ महिलासहित १ सय ८० जनाको क्षमता भएको जिल्ला कारागार, बर्दियामा १ सय १५ जना थुनुवा र २ सय ८१ जना कैदी पुरुष तथा २१ जना थुनुवा र २४ जना कैदी महिला गरी ४ सय ४१ जना छन्। कारागारमा दुई जना आश्रित बालबालिका छन्। एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत रहेको जेलर काशिप्रसाद पड्गेनीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा दुवै जना कार्यरत छन्। यो वर्ष देवानी मुद्दातर्फ ७ सय ६० थानमध्ये २ सय ९५ थान फैसला भए। फौजदारी मुद्दा ४ सय ९७ थान रहेकामा १ सय ५६ थान फैसला भए। दुई वर्ष नाघेका १४ थान मुद्दा बाँकी रहेको बर्दिया जिल्ला अदालतका तहसिलदार श्रीधर सुवेदीले बताए।

बाल अधिकार

यस वर्ष बर्दिया जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालक र चार जना बालिका तथा बलात्कारका घटनामा १४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा १ सय ९१ आधारभूत र ८७ माध्यामिक विद्यालय छन्। यो वर्ष जिल्लामा ५८ हजार १ सय २६ बालिका, ६२ हजार ९२ बालक र २७ जना अन्य गरी १ लाख २० हजार २ सय ४५ विद्यार्थी विद्यालय भर्ना भए। जिल्लामा दलित बालबालिका १७ हजार ५ सय ७९ जना भर्ना भए। जसमा बालिका ८ हजार ५ सय १० जना र बालक ९ हजार ७७ जना रहेका शिक्षा विकास तथा समन्वय एकाई कार्यालय शाखा अधिकृत रविन्द्रनाथ थारुले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ३२ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १ सय ३०, गालीगलौजका ८५, खान/लाउन नदिएका १०, विवाह दर्ता नगराएका चार र जन्मदर्ता नगराएका तीन उजुरी रहेको सेवा केन्द्रका असई सरस्वती पौडेलले बताइन्। दर्ता भएका सबै उजुरीमा मेलमिलाप भए।

यो वर्ष बर्दिया जिल्लामा बलात्कारका घटनामा नौ, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारको घटनामा एक र घरेलु हिंसाका घटनामा १ सय जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

बढैयाताल गाउँपालिका-१ सानोडाँफेकी ४० वर्षीया केशकुमारी विकलाई ०८० साउन ३२ गते धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा ५० वर्षीय पति कृपा बिकविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, मैनापोखरमा उजुरी दियो। प्रहरीले आरोपितलाई साउन ३२ गते घरैबाट गिरफ्तार गऱ्यो। धारिलो हतियारले प्रहार गरेपछि खेतमा रहेको पानीमा थिचेर हत्या गरेको घटनास्थलमा देखिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी हिक्मतबहादुर बोहोराले बताए। जिल्ला अदालतका न्यायाधीश कैलाशप्रसाद सुवेदीको मङ्सिर ११ गते ज्यान मार्ने उद्योगमा जन्मकैदको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन नगर अस्पताल, दुई प्राथमिक स्वास्थ्य चौकी र ३० स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ११ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकोमा १० पद रिक्त रहे। ६८ हजार ७ सय ७४ महिलासहित १ लाख २८ हजार ९ सय ७६ जनाले स्वास्थ्य बीमा गरेर सेवा लिइरहेका छन्।

तालिका ५.५.१२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण			१	१
कुटपिट		३		३
घाइते		१		१
हत्या		३	१	४
जातीय विभेद		२		२
धम्की		१		१
बाल अधिकार	बलात्कार	१४		१४
	यौन दुर्व्यवहार	४	२	६
	जम्मा	१८	२	२०
महिला अधिकार	घरेलु हिंसा	१००		१००
	बलात्कार	९		९
	बलात्कार प्रयास	२		२
	यौन दुर्व्यवहार	१		१
	जम्मा	११२		११२
कूल जम्मा		१४०	४	१४४

(स्रोत : इन्सेक, २०२३)

तालिका ५.५.१२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	५	९	१४
यौन दुर्व्यवहार	१	४	५
जम्मा	६	१३	१९

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	८६	३	८	१००
बलात्कार			४	५	९
बलात्कार प्रयास				२	२
यौन दुर्व्यवहार				१	१
जम्मा	३	८६	७	१६	११२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.६ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

कर्णाली प्रदेश

५.६.१ डोल्पा



जम्मा जनसङ्ख्या	४२,७७४
महिला	२१,४०३
घर परिवार सङ्ख्या	९,३८०
घरजग्गामा महिलाको स्वामित्व	५६०
साक्षरता प्रतिशत	६७.०२
आश्रित जनसङ्ख्या	२०,९९५
अपाङ्गता भएका	१,२२१

यस वर्ष डोल्पा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना पुरुष तथा ज्यादतीका घटनामा ६ जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा चार जना महिला पीडित भए।

धम्की, कुटपिट

राज्यपक्षबाट

सल्यान जिल्ला सिद्ध कुमाख गाउँपालिका-३ घर भई जिल्ला प्रहरी कार्यालय, डोल्पामा कार्यरत ३७ वर्षीय प्रहरी हवल्दार हरि आरसीलाई आफूले भनेको नमानेको आरोपमा २०८० वैशाख १६ गते सोही प्रहरी कार्यालयमा कार्यरत ४२ वर्षीय इन्स्पेक्टर नवीनप्रसाद चापागाईले कुटपिट गरेको पीडितले आरोप लगाए। कुटपिटबाट बाँया आँखामा चोट लागेका पीडितको सामान्य उपचार जिल्ला अस्पताल, डोल्पामा भयो भने थप उपचारका लागि नेपालगञ्ज रिफर गरिएको जिल्ला अस्पतालका डाक्टर अखण्ड उपाध्यायले बताए। आरोपित इन्स्पेक्टरलाई एक वर्षसम्म बढुवा रोक्का गर्ने गरी विभागीय कारबाही भएको डिएसपी शिव बुढाथोकीले बताए।

कारागार र बन्दी

१ सय ५० जना क्षमता रहेको जिल्ला कारागारमा कैद तोकिएका १५ र कैद नतोकिएका आठ जना थुनुवा गरी २३ जना कैदी/बन्दी रहेका छन्। कारागारमा एकजना अहेव कार्यरत छन्। सामान्य बिरामीको उपचार कारागारमै गर्ने गरिएको छ भने जटिल समस्याका बिरामीको उपचार जिल्ला अस्पतालमा गर्ने गरिएको जेलर दीर्घराज आरसीले बताए।

तालिका ५.६.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		३	३		१	१
धम्की					१	१
बाल अधिकार	बलात्कार			३		३
	जम्मा			३		३
महिला अधिकार	घरेलु हिंसा			४		४
	जम्मा			४		४
कूल जम्मा		३	३	६	३	८

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १२ र फौजदारीतर्फ १९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी दुई र फौजदारी चार थान छन्।

बाल अधिकार

यस वर्ष डोल्पा जिल्लामा बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ९६ आधारभूत र १८ माध्यमिक विद्यालय छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। द्वन्द्वपीडित तथा सहिद परिवारका ५० जना बालबालिकाले ५ लाख ४६ हजार रुपियाँ छात्रवृत्ति पाए। विद्यार्थी भर्ना अभियान, आधारभूत तहसम्म अनिवार्य तथा नि:शुल्क शिक्षाको अधिकार पालना भए पनि कक्षा १२ सम्म नि:शुल्क शिक्षा प्रदान हुन नसकेको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख दलबहादुर बस्नेतले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै सात जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएको एक र सामान्य घरायसी झगडाका ६ उजुरी रहेका छन्। यीमध्ये पाँच उजुरीमा मेलमिलाप भयो भने दुई उजुरी कानुनी प्रक्रिया अघि बढेको प्रहरी जवान दिलमाया रोकायले बताइन्।

यो वर्ष डोल्पा जिल्लामा घरेलु हिंसाका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल र २३ ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि १६ प्रकारका औषधीमा स्वास्थ्य चौकीबाट पाइने गरेको छ। जिल्लामा करिब ५ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत बीमा गरिएको छ।

तालिका ५.६.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	१	४

(स्रोत : इन्सेक, २०२३)

५.६.२ मुगु



जम्मा जनसङ्ख्या	६४,५४९
महिला	३२,१६८
घर परिवार सङ्ख्या	१२,४३०
घरजग्गामा महिलाको स्वामित्व	५९८
साक्षरता प्रतिशत	६८.०९
आश्रित जनसङ्ख्या	३५,५०५
अपाङ्गता भएका	१,७५६

मुगु जिल्ला ०८० भदौ २५ गतेबाट राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोडियो। लोडसेडिङको समस्याका कारण आजित भएका मुगुका नागरिकको समस्या राष्ट्रिय विद्युत प्रशारण जोडिए पनि समाधान भएन। अनियमित विद्युत आपूर्तिका कारण विद्युतीय उपकरणमा क्षति पुग्न थालेको छ भने सरकारी कामकाजदेखि अस्पतालको सेवासमेत प्रभावित हुँदै आएको छ। सुर्खेतमा निर्माणाधीन १ सय ३२ केभी क्षमताको प्रसारण लाइन सम्पन्न नहुँदासम्म माथिल्लो कर्णालीका नागरिकको यो समस्या समाधान नहुने गमगाढ वितरण केन्द्रले जनायो। जिल्लाको तीन स्थानीय तह खत्याड, सोरु र मुगम कर्मारोङ्गमा त झन् अन्धकार नै छ। बत्तीको नाममा सोलारसम्म पनि नभएको सोरुका स्थानीय रतन बिटालुले बताए।

यस वर्ष मुगु जिल्लामा ज्यादतीका घटनामा १६ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला पीडित भए।

तालिका ५.६.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	३	४
हत्या		३	३	४
जातीय विभेद		१		१
बाल अधिकार	बलात्कार	३		३
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	४		४
	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	९		९
कूल जम्मा		१६	४	२०

(स्रोत : इन्सेक, २०२३)

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्य पक्षबाट

छायाँनाथ रारा नगरपालिका-६ मुन्दुका २८ वर्षीया श्रीदेवी बोहरा, उनका ११ वर्षीय छोरा मनोज बोहोरा, सात वर्षीया छोरी अप्सरा बोहोरा र पाँच महिनाका छोरा रहर बोहोराको ०८० कात्तिक ८ गते हत्या गरेको आरोपमा प्रहरीले छायाँनाथ रारा नगरपालिका-७ पीना गाउँ स्थायी घर भई बाँके जिल्ला बैजनाथ गाउँपालिका-१ चिसापानीका ३१ वर्षीय गोर्खराज शाहीलाई कात्तिक २० गते सुर्खेतबाट र छायाँनाथ रारा नगरपालिका-६ मुन्दुका ३१ वर्षीय गोपालबहादुर बोहारालाई कात्तिक २१ गते मुगुबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको मङ्सिर २१ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो। मृतक श्रीदेवी बोहराका पति विदेशमा रहेको र उनले आरोपितहरूलाई भिसा

नपठाएको रिसमा घटना भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र थापाले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा कात्तिक १६ गते भयो।

कारागार र बन्दी

१६ जनाको क्षमता भएको कारागार अहिले निर्माणाधीन अवस्थामा रहेको छ। कारागार भवन निर्माणमा ढिलाइ हुँदा थुनुवालाई छिमेकी जिल्ला जुम्ला पठाउने गरिएको कारागार प्रमुख हस्तबहादुर भामले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी र देवानी गरी ७६ थान मुद्दा दर्ता भए। जसमा फौजदारी मुद्दातर्फ ४२ थानमध्ये २३ थान र देवानीतर्फ ३४ थानमध्ये १६ थान मुद्दा फैसला भए। फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १८ र फौजदारीतर्फ १९ थान मुद्दा रहेका छन्।

बाल अधिकार

यस वर्ष मुगु जिल्लामा बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा आधारभूत विद्यालय १ सय १०, माध्यमिक विद्यलाय ३०, उच्च माध्यमिक विद्यालय दुई र निजी नौ गरी १ सय ४१ रहेको छ। धेरैजसो विद्यालयमा शौचालयको अभाव छ। यस वर्ष ६ हजार ५ सय ४३ बालक र ६ हजार ९ सय ४८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता ६८ जना बालिका र ४३ जना बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा मात्रै छन्।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २१, खान/लाउन नदिएको पाँच, विवाह दर्ता र नागरिकता नबनाएको तीन, हेला गरेको २१ र सामान्य घरायसी झगडाका २८ घटना छन्। यीमध्ये प्रहरीले ७५ उजुरीमा मेलमिलाप गरायो भने तीन उजुरी कानुनी प्रक्रिया गएको केन्द्रकी निमित्त कार्यालय प्रमुख सविना भामले बताइन्।

यो वर्ष मुगु जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु हिंसाका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

दाङ तुलसीपुर उपमहानगरपालिका-११ घर भई सोरु गाउँपालिका-९ खनाया स्वास्थ्य चौकीमा कार्यरत २३ वर्षीया तुलसीकुमारी विश्वकर्मालाई घरधनीले जातीय विभेद गरेको आरोपमा ०८० पुस ६ गते पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले सोरु गाउँपालिका-९ की ५२ वर्षीया झाँपु शाही र सोही गाउँपालिका -६ जिमाका ५५ वर्षीय धनकृष्ण भट्टलाई पुस ७ गते गिरफ्तार गऱ्यो। त्यसैगरी, जातीय विभेद गरेको आरोपमा प्रहरीले सोरु गाउँपालिका -९ घर भई हाल खनाया स्वास्थ्य चौकीका प्रमुख २९ वर्षीय सुरजकुमार शाहीलाई पनि पुस ८ गते गिरफ्तार गऱ्यो। जातीय छुवाछूत गरेको भन्दै पीडितले आरोपितविरुद्ध पुस ६ गते उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी वीरेन्द्र थापाले बताए। यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको डिएसपी थापाले बताए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

खत्याड गाँउपालिका-१ देखि ११ नम्बर वडाका स्थानीयले गाँउपालिकामा रहेको श्रीकोट डिपो र रातापानी बिक्री केन्द्रबाट बिक्री वितरण हुने सहुलियतको खाद्यान्न समयमै ढुवानी नहुँदा खाद्यान्नबाट वञ्चित भए। श्रीकोट डिपोमा २ हजार र रातापानी बिक्री केन्द्रमा ७ सय क्विन्टल खाद्यान्नको कोटा निर्धारण भएको भए पनि खाद्य संस्थानले चारपटक ढुवानी टेण्डर गर्दासमेत ठेकेदार पक्षबाट प्रस्ताव पेस नभएकाले खत्याड गाँउपालिकामा रहेको डिपो र बिक्री केन्द्रमा ०७९ पुस २२ गतेदेखि सर्वसाधारणले सहुलियतको खाद्यान्न पाएनन्। करिब दुई महिनासम्म खत्याड गाँउपालिका-१ देखि ११ नम्बर वडाका स्थानीयहरू खाद्यान्नबाट बञ्चित भए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, १४ प्राथमिक स्वास्थ्य केन्द्र र २४ स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका

औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ३५ प्रकारको मात्रै रहेको सोरु गाउँपालिकाका लोग शाहीले बताए। छाँयानाथ रारा नगरपालिकामा रहेका दलित समुदायको औसत आयु ४५ वर्ष रहेको जिल्ला स्वास्थ्य कार्यालयका अधिकृत कमल ढुङ्गानाले बताए। मदिराको अत्यधिक सेवन, पोषणयुक्त खाना, स्वास्थ्यमा पहुँच नहुनुजस्ता कारण उनीहरूको जीवन अत्यन्त कष्टकर रहेको छ।

तालिका ५.६.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१	२	४
बलात्कार			३	३
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार		१		१
जम्मा	१	२	६	९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.६.३ हुम्ला



जम्मा जनसङ्ख्या	५५,३९४
महिला	२७,५०८
घर परिवार सङ्ख्या	११,२०४
घरजग्गामा महिलाको स्वामित्व	५०३
साक्षरता प्रतिशत	६३.८४
आश्रित जनसङ्ख्या	३०,०११
अपाङ्गता भएका	२,०४१

यस वर्ष जिल्ला अस्पतालले स्रोतसाधनको अभावमा उपचार हुन नसक्ने भन्दै जिल्ला बाहिर रिफर गरेका चार जना बालबालिकाको मृत्यु भयो। हवाइउडान नियमित नहुँदा उपचारका लागि रिफर गरिएका बालबालिकालाई सुर्खेत लैजान नसक्दा उनीहरूको मृत्यु भएको थियो। नेपाल नागरिक उड्यन प्राधिकरणले ०८० साउन १२ गते हुम्लासहित देशका विभिन्न २९ ओटा विमानस्थलमा दिउँसो साढे १२ बजेपछि उडान गर्न नपाइने नियम लागु गऱ्यो। सडक सञ्जालले नजोडिएको हुम्ला जिल्लामा नियमित उडान नहुँदा बिरामीदेखि अन्य व्यक्तिलाई आवतजावतमा समस्या हुने गरेको हुम्लाका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले बताए। सो निर्णयविरुद्ध स्थानीय बासिन्दाहरूले विरोध जनाएपछि प्राधिकरणले साउन ३२ गतेबाट दिउँसो साढे १२ बजेपछि उडान गर्न नपाइने नियमलाई हटायो।

यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिला र तीन जना पुरुष तथा ज्यादतीका घटनामा अन्यपक्षबाट १६ जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा सात जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

जिल्ला प्रहरी कार्यालय, हुम्लामा कार्यरत असई ३५ वर्षीय पूर्णबहादुर विक र प्रहरी हवल्दार ३४ वर्षीय सुरेन्द्र विष्टलाई २०८० असार ८ गते हातपात गरेको भन्दै प्रहरीले सिमकोट गाउँपालिका-२ का २३ वर्षीय पृथ्वी रोकाया र सोही गाउँपालिका-६ का २२ वर्षीय आशिष रावतलाई असार ९ गते गिरफ्तार गऱ्यो। सिमकोटको एयरपोर्ट चोकमा आरोपितहरूले गाडी तोडफोड गर्ने प्रयास गरेपछि उनीहरूलाई नियन्त्रणमा लिएर सम्झाइबुझाइ गर्दा आफूहरूमाथि हातपात भएको असई पूर्णबहादुरले बताए। घाइते प्रहरीहरूको जिल्ला अस्पतालमा उपचार भयो। जिल्ला प्रशासन कार्यालयको असार १३ गतेको आदेशले आरोपितहरू पाँच दिन कैद र २ हजार रुपियाँ जरिबाना बुझाई असार १३ गते रिहा भए।

कारागार र बन्दी

कारागारको क्षमता महिला ४० र पुरुष ८० जना गरी १ सय २० जनाको रहेको छ। कारागारमा नौजना कैदीबन्दी रहेका छन्। एक अहेव र एक हेल्थ असिस्टेन्टको दरबन्दी रहेको भए पनि रिक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष ०८० पुस १६ गतेसम्म फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ नौ र फौजदारीतर्फ ३९ थान

तालिका ५.६.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			१	१		५	५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१	५	६
हत्या					१		१
जातीय विभेद					३	२	५
धम्की		१	१	३	१		१
यातना			१	१			
बाल अधिकार	बाल विवाह				१		१
	बलात्कार				३		३
	जम्मा				३		३
महिला अधिकार	घरेलु हिंसा				३		३
	बलात्कार				४		४
	यौन दुर्व्यवहार	१		१			
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा	१		१	६		६
कूल जम्मा		३	३	५	१६	१२	२८

(स्रोत : इन्सेक, २०२३)

छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी र फौजदारी कुनै पनि छैनन्।

बाल अधिकार

यस वर्ष हुम्ला जिल्लामा बलात्कारका घटनामा दुई जना र बालविवाहको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा १ सय १८ आधारभूत र २८ माध्यमिक विद्यालय छन्। यस वर्ष १० हजार ४ सय ५४ बालक र ११ हजार १४ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ९४ बालिका र १ सय २४ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय एउटा मात्रै छ। विद्यार्थी भर्ना अभियान, आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारको पालना भए पनि कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान हुन नसकेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख भीमराज कार्कीले बताए। विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा २७ ओटा विद्यालयमा मात्रै उपलब्ध छ।

खार्पुनाथ गाउँपालिका-२ थाली घर भई नाम्खा गाउँपालिका-४ स्थित महाबौद्ध माध्यमिक विद्यालय याल्बाङमा कक्षा १० मा अध्ययनरत १६ वर्षीया बालिकालाई ०८० असोज ११ गते छात्रावासले निष्कासन गरेपछि सम्पर्कविहिन भएको भन्दै बालिकाका भिनाजु चिन बोहराले ०८० असोज १३ गते जिल्ला प्रहरी कार्यालय, हुम्लामा ठाडो उजुरी दिएको सई ओमप्रकास केसीले बताए। बालिकाको शव मङसिर ४ गते कर्णाली नदीकिनारमा भेटियो। शवको पोष्टमार्टम मङ्सिर ५ गते जिल्ला अस्पतालमा भयो। बालिकाका बुवा देवराज रावलले छोरी सदरमुकाम सिमकोटबाट घर आउँदा बाटोमा लडेर मृत्यु भएको हुनसक्ने भनेपछि कानुनी प्रक्रियामा अघि नबढेको सई केसीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका एक, खान/लाउन नदिएको एक, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका १६ घटना छन्। यीमध्ये केन्द्रले १२ उजुरीमा मेलमिलाप गरायो भने आठ उजुरी कारवाही प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रहरी जवान रुपा चौधरीले बताइन्।

यो वर्ष हुम्ला जिल्लामा बलात्कारका घटनामा चार, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसारको घटनामा एक र घरेलु हिंसाका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

अदानचुली गाउँपालिका-२ का ३१ वर्षीय कुलबहादुर कटुवाल, २८ वर्षीय कमल नेपाली र ३५

वर्षीया लक्ष्मी भियाललाई २०८० असोज १० गते सामाजिक सञ्जाल फेसबुकमा 'डुम' भनी गालीगलौज र अपमान गरेको आरोपमा अदानचुली गाउँपालिका-४ लौठीका ४० वर्षीय नरप्रसाद सञ्ज्यालविरुद्ध पीडितपक्षले असोज १२ गते प्रहरी चौकी, श्रीनगरमा उजुरी दियो। सो घटनालाई लिएर संयुक्त दलित सङ्घर्ष समिति, हुम्लाले असोज २५ गते जिल्ला प्रशासन कार्यालय हुम्लामार्फत गृह मन्त्रालय सिंहदरबार, काठमाडौंमा ज्ञापनपत्र बुझाएको सङ्घर्ष समिति हुम्लाका अध्यक्ष मक्क सुनारले बताए। प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले ज्ञापनपत्र बुझाएर कुनै सुनुवाइ नहुने भन्दै प्रहरीमा उजुरी दिन आग्रह गरे। फेसबुक आइडी ह्याक भएको आरोपितले असोज ११ गते जिल्ला प्रहरी कार्यालय, हुम्लामा जानकारी गराए। यस वर्षको अन्त्यसम्म उजुरीउपर कुनै कारबाही प्रक्रिया अगाडि नबढेको सई ओमप्रकाश केसीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक सामुदायिक अस्पताल र २६ ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि ४० प्रकारका औषधी स्वास्थ्यचौकीबाट पाइने गरेको छ। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। २ सय २३ जना स्वास्थ्यकर्मीको दरबन्दीमा ७६ रिक्त र १ सय ४७ कार्यरत छन्। जिल्लामा १५ हजार ७ सय ७९ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ६ सय ३ जनाको बीमा गरिएको छ।

तालिका ५.६.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह	१	१
बलात्कार	३	३
जम्मा	३	३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१		१	३
बलात्कार		३	३	४
यौन दुर्व्यवहार		१		१
बेचबिखन तथा ओसारपसार	१			१
जम्मा	३	३	३	८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.६.४ जुम्ला

जम्मा जनसङ्ख्या	१,१८,३४९
महिला	५९,१२१
घर परिवार सङ्ख्या	२४,४२२
घरजग्गामा महिलाको स्वामित्व	२,३९४
साक्षरता प्रतिशत	७०.२०
आश्रित जनसङ्ख्या	६०,०३३
अपाङ्गता भएका	२,७०७

यस वर्ष जुम्ला जिल्लामा ज्यादतीका घटनामा १३ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा पाँच जना महिला पीडित भए।

कारागार र बन्दी

२ सय जनाको बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ६३ जना र कैद नतोकिएका ४५ जना थुनुवा गरी १ सय ८ जना कैदी/बन्दी छन्। जसमा तीन महिला र एक ज्येष्ठ नागरिक छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष अदालतमा २ सय ४ थान मुद्दा दर्ता भए। फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७० थान र फौजदारीतर्फ १ सय ३४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी दुई थान र फौजदारी चार थान छन्।



उच्च अदालत

उच्च अदालतमा जुम्ला इजलासमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा दुई जना कार्यरत छन्। यस वर्ष १ सय ८१ थान मुद्दा दर्ता भयो। ०८० पुस १६ गतेसम्म फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १९ र फौजदारीतर्फ १ सय १ थान छन्। १५ रिट मध्ये ६ थान फैसला हुन बाँकी रहेका छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी र फौजदारी छैनन्।

बाल अधिकार

यस वर्ष जुम्ला जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालिका र नवजात शिशुको हत्याका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २३ आधारभूत र ५३ माध्यमिक विद्यालय छन्। यस वर्ष २० हजार ८ सय १८ बालक र २२ हजार ६ सय २२ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ९४ बालिका र १ सय २४ बालक रहेको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मक्कर भण्डारीले बताए। तातोपानी गाउँपालिका-७ ताम्तीको जनजागृति माध्यमिक विद्यालयको भवन भूकम्पले भत्किएपछि खुला चौरमा पठनपाठन गरिँदै आएको प्रधानाध्यापक गोपाल सुनारले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका पाँच, खान/लाउन नदिएको सात, अर्की पत्नी ल्याएर हेला गरेका दुई र सामान्य घरायसी झगडाका ३१

उजुरी छन्। यीमध्ये प्रहरीले ४३ उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कारवाही प्रक्रियामा रहेको केन्द्रका इन्स्पेक्टर यमबहादुर थापामगरले बताए।

यो वर्ष जुम्ला जिल्लामा घरेलु हिंसाका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

सबै प्रकारका जातीय विभेद

तातोपानी गाउँपालिका-४ गिडीखोलाका १९ वर्षीय मुकुन्द नेपालीले १४ वर्षीया बालिकासँग अन्तरजातीय विवाह गरेको रिसमा मुकुन्द नेपालीको घरमा आगो लगाएको घटना सार्वजनिक भयो। आगजनी घटना संलग्न रहेको भन्दै सोही वडाका २१ वर्षीय हिक्मत गिरीलाई प्रहरीले असार १७ गते सदरमुकाम खलङ्गाको कृष्णमन्दिरबाट गिरफ्तार गऱ्यो। आगलागीबाट ६५ लाख रुपियाँ बराबरको धनमाल नष्ट भएको प्रहरी मुचुल्कामा उल्लेख छ। आरोपित गिरीलाई साउन १० गते जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यसवर्षको अन्त्यसम्ममा मुद्दा फैसला भएको छैन।

तालिका ५.६.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अपहरण		१		१
कुटपिट			२	२
घाइते			१	१
हत्या		३		३
जातीय विभेद		१	१	२
धम्की		१		१
बाल अधिकार	नवजात शिशुको हत्या		१	१
	यौन दुर्व्यवहार	२		२
	जम्मा	२	१	३
महिला अधिकार	घरेलु हिंसा	५		५
	जम्मा	५		५
कूल जम्मा		१३	५	१८

(स्रोत : इन्सेक, २०२३)

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्राथमिक स्वास्थ्य केन्द्र, २८ स्वास्थ्य चौकी ३८ सामुदायिक स्वास्थ्य केन्द्र रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि ३५ प्रकारका औषधी स्वास्थ्य चौकीबाट पाइने गरेको छ। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि २ हजार ५ सय ७५ जनाको बीमा गरेका छन्।

तालिका ६.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
नवजात शिशुको हत्या	१	१
यौन दुर्व्यवहार	२	२
जम्मा	३	३

महिला अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१	१	३	५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	**अनुसन्धान**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	२	३

(स्रोत : इन्सेक, २०२३)

५.६.५ कालीकोट

जम्मा जनसङ्ख्या	१,४५,२९२
महिला	७३,०४७
घर परिवार सङ्ख्या	२६,७७०
घरजग्गामा महिलाको स्वामित्व	१,१३२
साक्षरता प्रतिशत	७२.७२
आश्रित जनसङ्ख्या	८२,९५४
अपाङ्गता भएका	४,२४५

यस वर्ष कालीकोट जिल्लामा ज्यादतीका घटनामा २३ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना महिला पीडित भए।

तालिका ५.६.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			८	८
हत्या		१		१
जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	३		३
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	१६		१६
	बोक्सीको आरोप	१		१
	बलात्कार	१		१
	बलात्कार प्रयास	१		१
	जम्मा	१९		१९
कूल जम्मा		३३	९	३३

(स्रोत : इन्सेक, २०२३)

कुटपिट/धम्की तथा दुर्व्यवहार

अन्यपक्षबाट

प्रहरी चौकी पादमघाटमा कार्यरत प्रहरी हवल्दार २८ वर्षीय महेन्द्र शाही, प्रहरी सहायक हवल्दार २९ वर्षीय किशोर रजवार र प्रहरी जवान २५ वर्षीय वीरेन्द्र शाहीलाई ०८० कात्तिक २९ गते महावै गाउँपालिका-७ का २२ वर्षीय प्रकाश सुनार, १८ वर्षीय राकेश सुनार, सोही गाउँपालिका-२ का २४ वर्षीय हरि कामी, २० वर्षीय लोकेश बिक, २१ वर्षीय प्रकाश काफ्ले, २८ वर्षीय मोहन बिक, २४ वर्षीय वीरेन्द्र बिक, २४ वर्षीय अग्निप्रसाद काफ्ले २१ वर्षीय भरत सुनार, १८ वर्षीय नवीन सुनार र १९ वर्षीय जनक विकले आक्रमण गरी घाइते बनाए। महवै गाउँपालिका-७ राम्नीका धनजय चौलागाईंको घरमा कात्तिक २९ भएको विवाद नियन्त्रण गर्न पुगेका प्रहरी टोलीमाथि स्थानीय ११ जनाले आक्रमण गर्दा घाइते भएका पीडितहरूको उपचार जिल्ला अस्पताल, कालीकोटमा भयो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले ११ जना आरोपितहरूलाई गिरफ्तार गरेकोमा जिल्ला अदालतको मङ्सिर १५ गतेको आदेशले सबै आरोपित साधारण तारिखमा रिहा भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा पाँच जना महिला र ५४ जना पुरुष गरी ५९ जना कैदी/बन्दी रहेका छन्। जसमा कैद तोकिएका ४३ र कैद नतोकिएका १६ जना छन्। कारागारमा ५ वर्षीय एक बालक र तीन जना ज्येष्ठ नागरिक छन्।

कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेबको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष देवानीतर्फ ६८ र फौजदारीतर्फ ९७ थान मुद्दा फैसला हुन बाँकी छन्।

बाल अधिकार

यस वर्ष कालीकोट जिल्लामा बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ३ आधारभूत र ७४ माध्यमिक विद्यालय छन्। यस वर्ष ३० हजार ६४ बालक र ३० हजार ४ सय ४८ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ३ सय ६६ बालिका र ३ सय २१ बालक छन्। यस वर्ष जिल्लाभर ९ हजार ४ सय ७१ दलित बालक र ९ हजार ६ सय १३ दलित बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ११ ओटा मात्रै छ। विद्यार्थी भर्ना अभियान, आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षाको अधिकारको पालना भए पनि कक्षा १२ सम्म निःशुल्क शिक्षा प्रदान हुन नसकेको शिक्षा विकास तथा समन्वय एकाइका निमित्त प्रमुख प्रकाश धितालले बताए। दलित, अपाङ्ग, सहिद परिवार, जनजाति आदिलाई उच्च तहसम्म निःशुल्क रूपमा शिक्षा प्रदान हुन नसकेको प्रमुख धितालले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १९ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १४, विवाह दर्ता र नागरिकता नबनाएको एक, बहुविवाह गरी ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका तीन उजुरी छन्। यीमध्ये प्रहरीले १८ उजुरीमा मिलापत्र गरायो भने एक उजुरी कानुनी प्रक्रिया अघि बढेको सेवा केन्द्रका प्रहरी जवान पञ्चकन्या गिरीले बताइन्।

यो वर्ष कालीकोट जिल्लामा बलात्कारको घटनामा एक, बलात्कार प्रयासका घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

'बोक्सी'को आरोप

दैलेख जिल्ला भगवतीमाई गाउँपालिका-५ घरभई हाल खाँडाचक्र नगरपालिका-१ निवासी २५ वर्षीया गीता जैसीलाई 'बोक्सी'को आरोप लगाई भदौ ७ गते धम्की दिएको आरोपमा ३१ वर्षीय पति दानबहादुर शाहीविरूद्ध पीडितले भदौ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितले सामाजिक सञ्जाल म्यासेन्जर मार्फत 'बोक्सी' लागेर आफ्नी जेठी पत्नीलाई मार्न लागेको आरोप लगाउनुका साथै गाली बेइज्जती र मार्ने धम्कीसमेत दिएको पीडितको आरोप छ। भदौ १३ गते गिरफ्तार भएका आरोपित भदौ २८ गते अदालतको आदेशमा धरौटीमा रिहा भए। पतिले घर निकाला गरेपछि पीडित जिल्ला सदरमुकाम मान्ममा विस्थापित भएकी छन्। यस वर्षको अन्त्यसम्ममा मुद्दाको सुनुवाइ भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सात अस्पताल, एक सामुदायिक अस्पताल र २७ ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि ५१ प्रकारका औषधी स्वास्थ्यचौकीबाट पाइने गरेको छ। सदरमुकामस्थित सरकारी अस्पतालमा पाँच जना विशेषज्ञको दरबन्दीमा चार जनाको दरबन्दी रिक्त छ। ज्येष्ठ नागरिकका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा पनि २ हजार १ सय १४ जनाको बीमा गरिएको छ।

तालिका ५.६.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	३

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६	६	४	१६
'बोक्सी'को आरोप			१	१
बलात्कार			१	१
बलात्कार प्रयास			१	१
जम्मा	६	६	७	१९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.६.६ दैलेख



जम्मा जनसङ्ख्या	२,५२,३१३
महिला	१,३१,५३९
घर परिवार सङ्ख्या	५४,५९४
घरजग्गामा महिलाको स्वामित्व	४,५४३
साक्षरता प्रतिशत	७५.५०
आश्रित जनसङ्ख्या	१,३८,५३४
अपाङ्गता भएका	७,९६०

यस वर्ष दैलेख जिल्लामा ज्यादतीका घटनामा अन्यपक्षबाट ८८ जना महिला र सात जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५७ जना महिला पीडित भए।

विगतको अनुगमन

दैलेख जिल्लाको गुराँस गाउँपालिका-८ छोटेपोखरा दोबाटा गाउँमा रहेको मालिका माध्यमिक विद्यालयका राहत शिक्षक ४२ वर्षीय नगेन्द्रबहादुर बीसीको २०७८ भदौ २८ गते राति भएको हत्या घटनामा संलग्न सोही ठाउँकी २६ वर्षीया मुना राना खड्काका घर परिवारलाई मृतकका परिवार तथा गाँउलेले यस वर्षको अन्त्यसम्म गाँउमा बस्न दिएका छैनन्। यो घटनाका कसुरदारका परिवार दुई वर्ष चार महिनादेखि विस्थापित भएका छन्।

घटनाका सम्बन्धमा इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेतले ०८० साउन २८ देखि ३० गतेसम्म स्थलगत अध्ययन गरेको थियो। अध्ययनका क्रममा गुराँस गाउँपालिका अध्यक्ष, जिल्ला प्रहरी कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारी, सम्बन्धित वडाका अध्यक्ष, राजनीतिक दलका स्थानीय अगुवासँग छलफल गरेको थियो।

मृतक शिक्षकका परिवारजन र आफन्तहरूबाट असुरक्षा महसुस गरी कसुरदार मुनाका ससुरा नवलसिंह खड्का, उहाँकी ६५ वर्षीया पत्नी डिलसरा खड्कासहित नौ जनाको परिवार विगत दुई वर्षभन्दा बढी समयदेखि विस्थापित भएको पाइयो। आफूहरूको गाउँमा रहेको करिब आठ रोपनी जग्गा दुई वर्षदेखि बाँझो रहेको नवलसिंहले बताए।

दैलेख जिल्ला अदालतले हत्या गरेको कसूरमा मुना राना खड्कालाई ०७९ चैत ८ गते जन्मकैद फैसला गरेको थियो। जिल्ला न्यायाधीश बलराम लम्सालको इजलासले कसूरदार मुनालाई जन्मकैद र मुनाका पति ३५ वर्षीय डम्बर खड्कालाई सफाइ दिएको थियो।

घटनाको बेला सुर्खेतमा रहेका मुनाका पति डम्बरले 'भागेर आऊ म लुकाउने प्रयास गरौंला' भनी म्यासेज गरेको आधारमा डम्बरलाई समेत हत्या अभियोगमा कारागार थुनामा राखिएको थियो। भावानात्मक हिसाबले पत्नीलाई जोगाउन कोशिश गरुँला भन्नू अपराधमा प्रत्यक्ष संलग्नता नठहर्ने भन्दै अदालतले डम्बरलाई सफाइ दिएको थियो।

कारागार र बन्दी

१ सय जनाको क्षमता रहेको जिल्ला कारागारमा १६ महिला र १ सय ४३ पुरुष गरी १ सय ५९ जना रहेका छन्। कारागारमा आश्रित बालबालिका एक जना छन्। कैदीबन्दीहरूको स्वास्थ्य परीक्षण दैलेख

तालिका ५. ६.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			३	३
हत्या		३	५	८
बाल अधिकार	बालविवाह	५		५
	बलात्कार	३०		३०
	यौन दुर्व्यवहार	४		४
	जम्मा	३९		३९
महिला अधिकार	घरेलु हिंसा	४८		४८
	'बोक्सी'को आरोप	१		१
	बलात्कार	५		५
	यौन दुर्व्यवहार	३		३
	बेचबिखन तथा ओसारपसार	३		३
	जम्मा	५८		५८
कूल जम्मा		८८	८	९५

(स्रोत : इन्सेक, २०२३)

अस्पतालमा मासिक रूपमा गर्ने गरिएको जेलर जीतबहादुर खत्रीले बताए। कारागारमा ६०-६५ वर्ष उमेरका आठ जना, ६५-७० वर्ष उमेरका दुई र ७०-८० वर्ष उमेरका दुई र ८० भन्दा बढी उमेरका एक जना छन्।

महिला र पुरुष गरी छुट्टाछुट्टै भवनहरूमा जोडिएका धाराहरुमा पानी निकै सानो आउने भएकोले खानेपानी र नुहाउने लगायत सरसफाइका लागि पानीको अभाव रहेको कैदी/बन्दीहरूले गुनासो गरेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ९७ थान मध्ये १ सय ७३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ८३ थान मध्ये २ सय ९१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका दुनियावादी फौजदारी मुद्दा एक थान र देवानी मुद्दातर्फ दुई थान फैसला हुन बाँकी छन्।

बाल अधिकार

यस वर्ष दैलेख जिल्लामा यौन दुर्व्यवहारका घटनामा चार, बलात्कारका घटनामा २० र बालविवाहका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ३२ आधारभूत र ९१ माध्यमिक विद्यालय छन्। यस वर्ष दैलेखमा ३८ हजार ३ सय १३ बालक र ३७ हजार २ सय २७ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ७१ बालिका र २ सय ४९ बालक छन्। भर्ना भएका कुल विद्यार्थी मध्ये ९ हजार ६ सय २३ दलित बालक र १० हजार १ सय ५ दलित बालिका रहेका छन्। जिल्लामा अपाङ्गता भएका बालबालिकाका लागि दुल्लूमा दृष्टिविहीन र सदरमुकाममा बहिराका लागि स्रोत कक्षा शिक्षण हुँदै आएको छ। यी विद्यालय आवासीय हुन्।

बलात्कार

१७ वर्षीया बालिकालाई ०७९ चैत १ गते बलात्कार गरेको आरोपमा ५० वर्षीय पुरुषविरुद्ध पीडित पक्षले चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २१ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश बलराम लम्सालको ०८० असार २५ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गरी हाडनातामा २५ वर्ष र पीडितको उमेर अनुसार हुने बलात्कार सजाय ८ वर्ष समेत थपेर कसुरदारलाई ३३ वर्ष कैदको फैसला सुनाएको अदालतका स्रेस्तेदार इन्द्रबहादुर कार्कीले बताए। कैदको अलवा ३ लाख रुपियाँ जरिवाना, ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने र २ हजार ८ सय रुपिंयाँ पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला सुनाएको कार्कीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ८९ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका १५, खानलाउन नदिएका २३, विवाह दर्ता, जन्मदर्ता र नागरिकता नबनाएका २१, अर्की पत्नी ल्याएर हेला गरेको १९ र सामान्य घरायसी झगडाका २ सय ११ उजुरी छन्। यीमध्ये केन्द्रले २ सय ४३ ओटामा मेलमिलाप गरायो भने ४६ ओटा उजुरी कारबाही

प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर दीपकसिंह बिष्टले बताए।

यो वर्ष दैलेख जिल्लामा बलात्कारका घटनामा पाँच, यौन दुर्व्यवहारका घटनामा दुई, बोक्सीको आरोपमा एक, बेचबिखन तथा ओसारपसारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ४७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, नौ सामुदायिक अस्पताल, ५६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा सात जना विशेषज्ञसमेत नौ दरबन्दी रिक्त छ। तर, अस्पताल व्यवस्थापन समितिले दुई जना अस्थायी र तीनजना ओजेटीसमेत पाँच जना चिकित्सक करारमा राखेर सेवा प्रदान गरिरहेको छ।

जिल्लामा ३२ हजार १ सय १९ जनाले बीमा गराएका तर एक/तिहाई जतिले नवीकरण नगरेको कारण सेवा पाउन सकेका छैनन् । ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रम अन्तर्गत ७ सय ५५ जनाको बीमा गरिएको छ।

तालिका ५.६.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	४		१	५
बलात्कार	१	४	१५	२०
यौन दुर्व्यवहार			४	४
जम्मा	५	४	२०	२९

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कानुनी दायरामा नल्याइएका	जम्मा
घरेलु हिंसा	२	७	७	२८	३	४७
'बोक्सी'को आरोप				१		१
बलात्कार			२	३		५
यौन दुर्व्यवहार				२		२
बेचबिखन तथा ओसारपसार				२		२
जम्मा	२	७	९	३६	३	५७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

(स्रोत : इन्सेक, २०२३)

५.६.७ जाजरकोट



जम्मा जनसङ्ख्या	१,८९,३६०
महिला	९५,२९७
घर परिवार सङ्ख्या	३७,४५३
घरजग्गामा महिलाको स्वामित्व	२,४७५
साक्षरता प्रतिशत	७५.५०
आश्रित जनसङ्ख्या	१,०६,६९२
अपाङ्गता भएका	९,३६३

बारेकोट गाउँपालिका-१ को रामिडाँडा केन्द्रबिन्दु भई ०८० कात्तिक १७ गते राति ११.४७ बजे ६.४ रेक्टरको भूकम्प गयो। भूकम्पमा परी १ सय १ जनाको मृत्यु र १ सय ५८ जना घाइते भए। भूकम्पका कारण ३५ हजार १ सय ४० घरमा क्षति पुग्यो। घर पूर्ण तथा आशिंक क्षति भएका परिवार घरबाहिर बस्नुपर्दा चिसोका कारण यस वर्षको अन्त्यसम्म ३० जनाको मृत्यु भयो। चिसोका कारण मृत्यु हुनेहरूमा सुत्केरी, ज्येष्ठ नागरिक र बालबालिका रहेका छन्। घरमा भण्डारण गरिएको ९ करोड २६ लाख ५८ हजार ९ सय रुपियाँ बराबरको खाद्यान्न नष्ट भएको कृषि विकास कार्यालय, जाजरकोटले जनायो। कृषि विकास कार्यालयका अनुसार २८ लाख २८ हजार ७ सय २५ किलो धानसहित मकै, गहुँ कोदो लगायतका अन्न पुरिएको थियो।

भूकम्प प्रभावित क्षेत्रमा ६ हजार ५ सय ९८ अस्थायी आवास निर्माण सम्पन्न भए। भूकम्पका कारण क्षति भई सूचीकृत भएका ३५ हजार १ सय ४० घरपरिवारलाई सरकारले अस्थायी आवासका लागि पहिलो किस्तावापत यस वर्षको अन्त्यसम्म २५ हजार रुपियाँ उपलब्ध गरायो। सरकारले भूकम्पका कारण मृत्यु भएका एक जना व्यक्तिलाई २ लाख, परिवारमा एक जनाभन्दा बढी मृत्यु भएकाको हकमा ३ लाख रुपियाँ राहत रकम उपलब्ध गरायो।

भूकम्पका कारण जिल्लाका २ सय ८९ विद्यालय पूर्ण र ५ सय ९८ विद्यालय आशिंक क्षति भए। जाजरकोटका स्वास्थ्य संस्था, विद्यालय भवनमा क्षति पुग्यो भने अधिकांश स्वास्थ्य संस्था र विद्यालयले टेन्टबाट सेवा प्रवाह गर्दै आएका छन्। वर्षको अन्त्यसम्म भूकम्प प्रभावित क्षेत्रमा ६ हजार ५ सय ९८ अस्थायी आवास निर्माण भए।

यस वर्ष जाजरकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना पुरुष तथा ज्यादतीका घटनामा २७ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १६ जना महिला पीडित भए।

कारागार र बन्दी

३५ जना बन्दी क्षमता भएको जिल्ला कारागार, जाजरकोटमा ७४ जना कैदी/बन्दी छन्। जसमा कैद तोकिएका ४७ र कैद नतोकिएका २७ जना थुनुवा रहेका छन्। कारागारमा पाँच जना ज्येष्ठ नागरिक छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। यस वर्ष जिल्ला अदालतमा १ सय ८५ थान मुद्दा दर्ता भए। जसमा फौजदारीतर्फ ७६ थान मुद्दामा २५ थान मुद्दा र देवानीतर्फ १ सय ९ थानमध्ये ५४ थान मुद्दा फैसला भएको अदालतका स्रेस्तेदार

नारायण सापकोटाले बताए। अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। भूकम्पबाट भवन पूर्ण क्षति भएकाले अदालतको सेवा टेन्टमा सरेको छ।

तालिका ५.६.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		४	४	३	६	८
अमानवीय व्यवहार					१	१
हत्या				३	३	४
धम्की		१	१			
बाल अधिकार	बलात्कार			५		५
	यौन दुर्व्यवहार			३		३
	जम्मा			७		७
महिला अधिकार	घरेलु हिंसा			१३		१३
	बलात्कार			४		४
	जम्मा			१६		१६
कूल जम्मा		५	५	३७	९	३६

(स्रोत : इन्सेक, २०२३)

बालअधिकार

यस वर्ष जाजरकोट जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कारका घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लामा २ सय ६३ प्रावि, ८१ निमावि, ७६ मावि र उच्च मावि २१ रहेका छन। विद्यालयमा ७५ हजार ८ सय ५५ बालबालिका अध्ययनरत छन। भूकम्पले २ सय ८९ विद्यालय पूर्ण क्षति भए। ५ सय ९८ आंशिक र १ हजार ५ सय ९९ कक्षाकोठामा क्षति पुगेको छ। सामुदायिक विद्यालयमा शिक्षण शुल्क पूर्ण नि:शुल्क छ। तर, विद्यालयले अनेक बहानामा शुल्क उठाउँदै आएको शिवशंकर माध्यमिक विद्यालयका अभिभावक भरतप्रसाद शर्माले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै नौ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको दुई ओटा र सामान्य घरायसी झगडाका सात ओटा छन्। यीमध्ये केन्द्रले सात उजुरीमा मेलमिलाप गरायो भने दुई उजुरी कानुनी प्रक्रिया अघि बढेको केन्द्रका माधव विश्वकर्माले बताए।

यो वर्ष जाजरकोट जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

हत्या

छेडागाड नपा-९ की ७३ वर्षीया बिर्मी बस्नेतलाई २०८० मङ्सिर १ गते राति सोही ठाउँका ४५ वर्षीय पूर्णबहादुर सार्कीले मदिरा माग्दा छैन भनेपछि हसिया प्रहार गरी घाइते बनाए। टाउकोमा गम्भीर चोट लागेकी घाइतेको उपचारको क्रममा सुर्खेतस्थित कर्णाली प्रदेश अस्पतालमा मङ्सिर ७ गते मृत्यु भयो। आरोपितलाई प्रहरीले मङ्सिर २ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम मङ्सिर ८ गते कर्णाली प्रदेश अस्पतालमा भयो। अदालतको आदेश अनुसार आरोपित पुर्पक्षका लागि कारागार चलान भए। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जाजरकोट जिल्लामा एक अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र र ३० ओटा स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी नि:शुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधीको सङ्ख्या ७५ मात्र रहेको छ। सदरमुकामको खलङ्गामा रहेको जिल्ला अस्पताल सुविधा सम्पन्न छैन। गम्भीर प्रकारका बिरामीलाई सुविधा सम्पन्न ठाउँमा पठाउने कार्यमात्रै हुने गरेको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झन्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो बढेको पाइँदैन।

तालिका ५.६.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	४	५
यौन दुर्व्यवहार		३	३
जम्मा	१	६	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	१	८	१३
बलात्कार			४	४
जम्मा	३	१	१३	१६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

(स्रोत : इन्सेक, २०२३)

५.६.८ रुकुम पश्चिम

जम्मा जनसङ्ख्या	१,६६,७४०
महिला	८५,६४९
घर परिवार सङ्ख्या	३७,२९०
घरजग्गामा महिलाको स्वामित्व	५,५८७
साक्षरता प्रतिशत	७५.७४
आश्रित जनसङ्ख्या	८७,३४६
अपाङ्गता भएका	४,२१६

०८० कात्तिक १७ गते राति ११.४७ बजे जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका-१ को रामिडाडा नजिक केन्द्रबिन्दु बनाई गएको ६.४ रेक्टरको भूकम्पमा परी रुकुम पश्चिममा ५३ जनाको मृत्यु र ४ सय ७ जना घाइते भए। भूकम्पका कारण जिल्लामा २ हजार १ सय ३६ घर पूर्ण, २ हजार ६ सय ४२ घर आंशिक र ४ हजार ६ सय ७० सामान्य क्षति भएको रुकुम पश्चिम जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी वीरेन्द्र विष्टले बताए। घर पूर्ण तथा आंशिक क्षति भएका परिवार घर बाहिर बस्नु पर्दा चिसोका कारण यस वर्षको अन्त्यसम्म आठ जनाको मृत्यु भयो। भूकम्पबाट २ अर्बभन्दा बढीको क्षति भएको जिल्ला प्रशासन कार्यालयले जनायो। भूकम्पबाट १५ ओटा विद्यालय भवनमा पूर्ण रूपमा क्षति पुगेको र २० ओटा विद्यालयमा आंशिक क्षति पुगेको जिल्ला शिक्षा समन्वय एकाइ प्रमुख तारा पुनले बताए। सङ्घीय सरकारले निर्णय गरे बमोजिम प्रत्येक मृतकका घरपरिवारलाई १ लाख रुपियाँ र एकै घरबाट एक जना भन्दा बढी मृत्यु भएकाको हकमा एक जनाको २ लाख र बाँकीको प्रति मृतक १ लाख रुपियाँ थपेर राहत वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनायो।

भूकम्प प्रभावित चौरजहारी नगरपालिका, आठबिसकोट नगरपालिका, मुसिकोट नगरपालिका, सानीभेरी गाउँपालिका, त्रिवेणी गाउँपालिका र बाफिँकोट गाउँपालिकामा अस्थायी आवास ७ हजार ७९ ओटा निर्माण भइसकेका छन् भने ९ हजार ३ सय ४१ ओटा निर्माण प्रकृयामा रहेको छ।

यस वर्ष रुकुम पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक पुरुष तथा ज्यादतीका घटनामा २२ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना महिला पीडित भए।

विगतको अनुगमन

चौरजहारी नगरपालिका-८ सोती गाउँमा ०७७ जेठ १० गते अन्तरजातीय विवाहको विषयलाई लिएर ६ जनाको हत्या घटनामा संलग्न भएको भन्दै ०८० मङ्सिर १९ गते जिल्ला अदालतका न्यायाधीश खड्कबहादुर केसीको एकल इजलासले मुद्दा दर्ता भएका ३४ मध्ये २४ जनालाई जन्मकैदको फैसला सुनायो। घटनालगत्तै इन्सेकले स्थलगत अध्ययन गरेको थियो। अध्ययन प्रतिवेदनमा ०७७ जेठ १० गते साँझ साढे ६ बजेको समयमा सोतीका स्थानीयहरूले भेरी नगरपालिका-४ रानागाउँ निवासी २१ वर्षीय नवराज विक, चौरजहारी नपा-१ का २० वर्षीय टिकाराम सुनार, भेरी नगरपालिका-४ निवासी २१ वर्षीय सन्जु विक, भेरी नगरपालिका-४ रानागाउँ निवासी १७ वर्षीय

तालिका ५.६.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	१	३	४
घाइते				१		१
हत्या				२	३	५
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			१		१
	बलात्कार			३		३
	जम्मा			४		४
महिला अधिकार	घरेलु हिंसा			८		८
	बलात्कार			६		६
	जम्मा			१४		१४
कूल जम्मा		१	१	२२	६	२८

(स्रोत : इन्सेक, २०२३)

गणेश विएम, भेरी नगरपालिका-११ का १८ वर्षीय लोकेन्द्र सुनार र गोविन्द शाहीको सामूहिक हत्या गरेको उल्लेख छ। प्रतिवेदनमा उक्त घटना पूर्वयोजना अनुसार भएको देखिएको इन्सेकले सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको कारागारमा कैद तोकिएका ९४ जना कैदी र कैद नतोकिएका ५३ जना थुनुवा गरी १ सय ४७ जना छन्। जसमा महिला ६ जना रहेका छन्। कारागारमा २/२ वर्षीय दुई बालक र तीन जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा ६ गुणा बढी कैदी/बन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको छ। स्वास्थ्य परीक्षणका लागि एक जना जनस्वास्थ्य निरीक्षकको दरबन्दी रहेको छ।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस वर्ष ०८० पुस १६ गतेसम्म देवानीतर्फ ४ सय १ मध्ये ३ सय १ फैसला भए भने फौजदारीतर्फ २ सय मध्ये १ सय ३३ फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा फौजदारी एक थान रहेको जिल्ला अदालतका स्रेस्तेदार मन्दिरा शाहीले बताइन्।

बाल अधिकार

यस वर्ष रुकुम पश्चिम जिल्लामा विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस वर्ष २८ हजार ८ सय ४२ बालक र २८ हजार ३ सय ६ बालिका विद्यालय भर्ना भए। जसमा ६ हजार ९ सय ७ दलित बालक र ६ हजार ६ सय ७४ दलित बालिका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार ओटा छन्। यस वर्ष भूकम्पले १५ ओटा विद्यालय भवनमा पूर्ण रूपमा क्षति पुगेको र २० विद्यालयमा आंशिक क्षति पुग्यो।

महिलाविरुद्धको हुने सबै प्रकारको भेदभाव, दुरव्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ६० जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ३२, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाएको पाँच, अर्की पत्नी ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका १३ उजुरी छन्। यीमध्ये केन्द्रले ५३ उजुरीमा मेलमिलाप गरायो भने सात उजुरी कानुनी प्रक्रिया अघि बढेको केन्द्रकी सहायक हवल्दार कल्पना घर्तीले बताइन्।

यो वर्ष रुकुम पश्चिम जिल्लामा बलात्कारका घटनामा ६ र घरेलु हिंसाका घटनामा आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र २४ स्वास्थ्य चौकी रहेका छन्। ९८ प्रकारका औषधी निशुल्क पाउने सरकारी नीति अनुसार स्वास्थ्य संस्थामा नि:शुल्क पाइने गरेको छ। जिल्लामा यस वर्ष १ हजार १ सय ९२ जनाले बीमा गराए भने गत वर्ष ४ हजार ३ सय ९२ जनाले बीमा गराएर स्वास्थ्य सेवा लिएका थिए।

तालिका ५.६.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय		१	१
बलात्कार	१	२	३
जम्मा	१	३	४

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	५	३	८
बलात्कार		६	६
जम्मा	५	९	१४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

(स्रोत : इन्सेक, २०२३)

५.६.९ सल्यान



जम्मा जनसङ्ख्या	२,३८,५१५
महिला	१,२३,५३३
घर परिवार सङ्ख्या	५४,६७२
घरजग्गामा महिलाको स्वामित्व	८,६४३
साक्षरता प्रतिशत	७७.३०
आश्रित जनसङ्ख्या	१,२२,०५२
अपाङ्गता भएका	६,८७२

२०८० कात्तिक १७ गते राति जाजरकोट केन्द्रबिन्दु भई आएको भूकम्पका कारण सल्यानमा तीन जनाको मृत्यु भयो। दार्मा गाउँपालिका सँगै कुमाख गाउँपालिका र बागचौर नगरपालिका बढी प्रभावित भए। भूकम्पका कारण जिल्लामा १ हजार ७ सय ४३ घरमा पूर्ण क्षति भएको सहायक प्रमुख जिल्ला अधिकारी थमन खड्काले बताए। जिल्लामा २ हजार ९ सय ५ घरमा आंशिक र २ हजार ४ सय ३२ घरमा सामान्य क्षति भयो।

यस वर्ष सल्यान जिल्लामा ज्यादतीका घटनामा ८४ जना महिला र ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६४ जना महिला पीडित भए।

कारागार र बन्दी

२० जना पुरुष र पाँच जना महिलाको क्षमता भएको जिल्ला कारागारमा ८२ कैदी र ६२ थुनुवा गरी १ सय ४४ जना छन्। जसमा १३ जना महिला छन्। कारागारमा तीन वर्षीया आश्रित बालिका एक र सात जना ज्येष्ठ नागरिक छन्। क्षमता भन्दा ६ गुणा कैदीबन्दी भएकाले पालो मिलाएर सुत्नुपर्ने, शौचालय प्रयोगका लागि लामो समय कुर्नुपर्ने, कोलियामा नै सुत्नुपर्ने अवस्था रहेको जेलर भीमबहादुर घर्तीले बताए। कारागारमा एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्ला अदालतमा यसवर्ष ४ सय ७७ मुद्दा दर्ता भए। जसमा देवानीतर्फ ३ सय ४० र फौजदारीतर्फ १ सय ३७ थान रहेका छन्। एक वर्षको अवधिमा जिल्लामा देवानी तर्फका १ सय ८५ थान र फौजदारीतर्फ ५३ गरेर २ सय ३८ थान मुद्दा फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दा नभएको जिल्ला अदालत सल्यानका सेरेस्तेदार नारायणप्रसाद चापागाईंले बताए।

बाल अधिकार

यस वर्ष सल्यान जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस वर्ष ३५ हजार ४ सय ४० बालक र ३४ हजार ७ सय २२ बालिका विद्यालयमा भर्ना भए। जिल्लामा आधारभूत ४ सय र माध्यमिक ८९ विद्यालय छन्। जिल्लाका नौ ओटा स्थानीय तहले पञ्चवर्षीय शैक्षिक योजना बनाएका छन् भने १० ओटै स्थानीय तहमा स्थानीय पाठ्यक्रम निर्माण र प्रवोधिकरण गरिएको छ। भूकम्पका कारण जिल्लाका नौ ओटा विद्यालय पूर्ण र २१ ओटा विद्यालय आंशिक क्षति भएको शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख लालबहादुर घर्तीले बताए। भूकम्पले विद्यालयको भवन

क्षति भएका कारण बालबालिकालाई विद्यालय बाहिर अध्ययन अध्यापन गराउने गरिएको छ।

यसवर्ष जिल्लाभर आधारभूत तहमा २७ हजार ५ सय ३ जना विद्यार्थी भर्ना भए। तीमध्ये आधारभूत तह (१-५) मा २.२ प्रतिशत र आधारभूत तह (६-८) मा २.८ प्रतिशत बालबालिकाले बीचैमा कक्षा छोडे।

तालिका ५.६.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		६	१	७
घाइते			१	१
हत्या		७	४	११
बाल अधिकार	बलात्कार	६		६
	यौन दुर्व्यवहार	१		१
	जम्मा	७		७
महिला अधिकार	घरेलु हिंसा	४६		४६
	'बोक्सी'को आरोप	१		१
	बलात्कार	१६		१६
	यौन दुर्व्यवहार	१		१
	जम्मा	६४		६४
कूल जम्मा		८४	६	९०

(स्रोत : इन्सेक, २०२३)

हत्या

बनगाड कुपिण्डे नपा-१० माझकाँडाका ८ वर्षीय भिजन घर्तीको ०७९ माघ १ गते 'आफूलाई देउता चढेको भन्दै' घरनजिकै रहेको मन्दिरमा लगेर धारिलो हतियार प्रहार गरी हत्या गरेको आरोपमा सोही ठाउँका २८ वर्षीय डम्बर पुरीविरुद्ध पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको चैत २१ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

बलात्कार

१७ वर्षीया बालिकालाई ०७९ कात्तिक ९ गते बलात्कार गरेको भन्दै कुमाख गाउँपालिका-७ का ३३ वर्षीय अमृत सुनारविरुद्ध पीडित पक्षले ०७९ कात्तिक १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १० गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको फागुन १७ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र ४ लाख रुपियाँ जरिवाना र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ३८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सेवा केन्द्रमा ३३ जना र शारदा नगरपालिकाको न्यायिक समितिमा पाँच जनाले उजुरी दर्ता गराए। तीमध्ये खान/लाउन नदिएका तीन, कुटपिट तथा शारीरिक र मानसिक यातना दिएका दुई, सामान्य घरायसी झगडाका २५ र छिमेकीबाट गालीगलौज भएका आठ उजुरी छन्। यीमध्ये प्रहरीले ३२ ओटामा मेलमिलाप गरायो भने न्यायिक समितिले पाँच ओटामा मेलमिलाप गरायो। हाल एक ओटा उजुरी कानुनी प्रक्रियामा अघि बढेको केन्द्रका सहायक हवल्दार पदमबहादुर पालले बताए।

यो वर्ष सल्यान जिल्लामा बलात्कारका घटनामा १६, यौन दुर्व्यवहारका घटनामा एक, बोक्सीको आरोपको घटनामा एक र घरेलु हिंसाका घटनामा ४६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

७५ वर्षीया महिलालाई ०८० जेठ २१ गते बलात्कार गरेको आरोपमा कुमाख गाउँपालिका-३ का ७१ वर्षीय बलबीर रावतविरुद्ध पीडित पक्षले जेठ २२ गते जिल्ला प्रहरी कार्यालय, सल्यानमा उजुरी दिए। आरोपितलाई प्रहरीले जेठ २१ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गिरीराज गौतमको मङ्सिर २७ गतेको इजालसले आरोपितलाई एक वर्ष ९ महिना कैद, ७५ हजार रुपियाँ जरिवाना र ५० हजार क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

'बोक्सी'को आरोप

कुमाख गाउँपालिका- २ स्थित ४० वर्षीया महिलालाई ०७९ फागुन २१ गते बोक्सीको आरोपमा सोही ठाउँका ५८ वर्षीय कालु बुढाले कुटपिट गरे। प्रहरीले आरोपितलाई फागुन २५ गते गिरफ्तार गऱ्यो। जिल्ला न्यायाधीश गिरीराज गौतमको ०८० असार २७ गतेको इजलासले आरोपितलाई २ वर्ष कैद, ७० हजार

जरिवाना र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

स्वास्थ्यको अधिकार

आधारभूत स्वास्थ्य सेवाबाट अझै पनि सल्यान जिल्लाका नागरिक बञ्चित छन्। कुपोषणका कारण बालबालिकाको स्वास्थ्य अवस्था कमजोर छ। बालविवाह तथा प्रजनन् स्वास्थ्यको खराब अवस्थाले किशोरीहरूको स्वास्थ्यमा प्रतिकूल असर परेको छ। सल्यानको खलंगामा रहेको जिल्ला अस्पताल सुविधा सम्पन्न छैन। गम्भीर प्रकारका बिरामीलाई सुविधा सम्पन्न ठाउँमा पठाउने कार्यमात्रै हुने गरेको छ। स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा यसको प्रभावकारिता कमजोर हुँदै गएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झन्झटिलो प्रकृयाका कारण यसप्रति सेवाग्राहीको चासो नभएको स्वास्थ्य सेवा कार्यालयका सूचना अधिकारी थलराज डिसीले बताए।

तालिका ५.६.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	४	६
यौन दुर्व्यवहार		१	१
जम्मा	३	५	७

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	३१	६	७	४६
'बोक्सी'को आरोप	१				१
बलात्कार	३		७	६	१६
यौन दुर्व्यवहार	१				१
जम्मा	७	३१	१३	१३	६४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	७	१०

(स्रोत : इन्सेक, २०२३)

५.६.१० सुर्खेत



जम्मा जनसङ्ख्या	४,१५,१२६
महिला	२,१५,३८६
घर परिवार सङ्ख्या	९७,८२२
घरजग्गामा महिलाको स्वामित्व	१९,४९७
साक्षरता प्रतिशत	८२.७१
आश्रित जनसङ्ख्या	२,०५,९९५
अपाङ्गता भएका	१२,२२३

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा नौ जना महिला र १८ जना पुरुष तथा ज्यादतीका घटनामा ९३ जना महिला र ११ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालबालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ७४ जना महिला पीडित भए।

कुटपिट, धम्की

राज्यपक्षबाट

हुम्ला जिल्ला ताजाकोट गाउँपालिका-३ का ३२ वर्षीय टिकाबहादुर शाही, सोही गाउँपालिका-४ डल्लाबाँडाका ३७ वर्षीया सुशीला ढकाल र सिमकोटका २१ वर्षीय नितेश खड्का ०८० जेठ १४ गते प्रहरीको लाठी प्रहारबाट घाइते भए। सवारी दुर्घटनाको विरोधमा सडक अवरोध गरेको भनी प्रहरीले लाठी प्रहार गर्दा उनीहरू घाइते भएका थिए। टाउको र खुट्टामा चोट लागेका उनीहरूको कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा उपचार भयो।

झडपमा घाइते

वीरेन्द्रनगर नपा-७ कर्णाली प्रदेश सभा अगाडि धर्नामा बसेका दलितका लागि दलित आन्दोलन नेपालका सदस्य र नेपाल प्रहरीबीच ०८० असार १ गते झडप हुँदा जिल्ला प्रहरी कार्यालय, सुर्खेतका एसपी योगेन्द्रसिंह थापा, असई यज्ञ थापा, प्रहरी सहायक हवल्दार बसन्ती गोदार, प्रहरी जवान कर्णबहादुर नेपाली, सरस्वती बोहोरा, रोशनलाल थापा, टोपबहादुर डांगी, कमल रानामगर, चन्द्रबहादुर विक घाइते भए। घाइतेको खुट्टा, टाउको, छाती र आँखामा चोट लागेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता लक्ष्मण बहादुर शाहीले बताए।

झडपमा प्रहरीको लाठी प्रहारबाट दैलेख जिल्ला नारायण नपा-५ का ३३ वर्षीय खगेन्द्र सुनार, दैलेख जिल्ला चामुण्डा विन्द्रासैनी नपा-६ तिलुखानका १८ वर्षीय सोविन्द्र परियार, वीरेन्द्रनगर नपा-९ लाटीकोइलीका २१ वर्षीय धीरज सुनार, दैलेख नौमुले गाउँपालिका-१ का २६ वर्षीय सन्तबहादुर नेपाली, वीरेन्द्रनगर नपा-९ का ४८ वर्षीय हरिबहादुर वादी, वीरेन्द्रनगर नपा-१२ की ३० वर्षीया देवी ओली, वीरेन्द्रनगर नपा- १ धारापानीकी ४२ वर्षीया शान्ती बिसुङ्खे, वीरेन्द्रनगर नपा-५ की ३२ वर्षीया माया बस्याल, सोही नपा-५ चिसापानीकी ३५ वर्षीया भगवती बैगार र भेरीगङ्गा नपा-२ की १९ वर्षीया कमला नेपाली घाइते भए। घाइतेको गोडा र टाउकोमा चोट लागेको थियो। कर्णाली प्रदेश सरकारले दलित मैत्री बजेट नल्याएको भनी प्रदेश सभा नजिक धर्नामा बसेका प्रदर्शनकारीले मुख्यमन्त्री, मन्त्री र सांसदलाई बाहिर निस्कन रोक लगाइ, नाराबाजी गर्दै ढुङ्गा प्रहार गरेपछि दोहोरो झडप भएको थियो। घाइतेहरूको ०८० असार २ गते प्रदेश अस्पताल सुर्खेतमा उपचार भयो।

प्रहरीले घटनामा संलग्न भएको आरोपमा दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र

तालिका ५.६.१०.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			३	३			
कुटपिट		३	३	४	३	६	९
हत्या						३	३
जातीय विभेद						१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		६	१३	३०			
बाल अधिकार	बाल विवाह				३		३
	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा दिइने शारीरिक सजाय					१	१
	बलात्कार				१४		१४
	जम्मा				१६	१	१८
महिला अधिकार	घरेलु हिंसा				६३		६३
	बलात्कार				१३		१३
	जम्मा				६४		६४
कूल जम्मा		९	१८	३६	९३	११	१०४

(स्रोत : इन्सेक, २०२३)

सुनारसहित १० जना नियन्त्रणमा लियो। जिल्ला प्रशासन कार्यालय, सुर्खेतले दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनार र सुर्खेतका संयोजक माया बस्याललाई २०/२० हजार तथा अन्य आठ जनालाई जनही पाँच हजार रुपियाँ धरौटी बुझाइ रिहा गर्न आदेश दियो। सबै जना असार ११ गते रिहा भए। जिल्ला प्रशासन कार्यालय सुर्खेतले ०८० असोज १५ गते आन्दोलनका प्रमुख सुनारलाई १० हजार रुपैयाँ जरिवाना तोक्यो भने बाँकी अन्यलाई सफाइ दियो।

वीरेन्द्रनगर नपा-७ स्थित कर्णाली प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अगाडि विभिन्न ८४ बुँदे माग राख्दै अनिश्चिकालीन धर्नामा बसेका दलितका लागि दलित आन्दोलन नेपालका अगुवा कार्यकर्ता र प्रहरीबीच ०८० वैशाख ४ गते झडप हुँदा जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा कार्यरत इन्स्पेक्टर मिलन पाण्डे र प्रहरी हवल्दार शान्तबहादुर सिंह घाइते भए। पीडितको टाउको र निधारमा चोट लागेको थियो। उनीहरूको उपचार कर्णाली प्रदेश अस्पताल, सुर्खेतमा भयो।

कारागार र बन्दी

७० पुरुष र महिला ३० जना बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका २ सय ३४ पुरुष, २२ जना महिला कैदी र कैद नतोकिएका ९९ पुरुष १३ जना महिला थुनुवा गरी जम्मा ३ सय ६८ जना छन्। जसमा महिला ३५ जना छन्। कारागारमा ५ वर्षमुनिका एक बालक र एक जना आश्रित बालिका, ६ जना ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा तीन गुणा कैदीबन्दी भएकाले भवनको बरण्डामा समेत सुत्ने गरेका छन्। शौचालयको प्रयोगमा समस्या रहेको छ। पालैपालो गरेर शौचालय जानुपर्ने बाध्यता रहेको छ। आवश्यकता अनुसार प्रदेश अस्पताल, सुर्खेतमा उपचार हुने गरेको जेलर लक्ष्मी खरेलले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत सुर्खेतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। पाँच वर्ष नाघेका मुद्दा छैनन्। दुई वर्ष नाघेका १७ थान मुद्दा रहेका छन्। २०८० पुस १५ सम्म फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५ सय ५३ र व्यक्तिवादी फौजदारीतर्फ २ सय ९२ थान र सरकारी फौजदारीतर्फ २ सय ७८ थान मुद्दा रहेको सूचना अधिकारी उज्ज्वल रावलले बताए।

उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत सुर्खेतमा चार जना न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५९ र फौजदारीतर्फ ३ सय ७० थान रहेको उच्च अदालतका सूचना अधिकारी प्रेमप्रकाश थापाले बताए।

बाल अधिकार

यस वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा १४ जना बालिका, बेचबिखन तथा ओसारपसारको घटनामा एक, बाल विवाहका घटनामा दुई जना बालिका र विद्यालयमा दिइने शारीरिक सजायका घटनामा एक जना बालक पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

सुर्खेत जिल्लालाई २०७२ जेठ २५ गते पूर्ण साक्षर घोषणा गरिएको थियो। सो बेला १५ देखि ६० वर्ष उमेरको साक्षरता दर ९५ प्रतिशत रहेको थियो। सोही आधारमा प्रदेश सरकारले २०८० भदौमा सुर्खेतलाई पूर्ण साक्षर जिल्ला घोषणा गरिसकेको छ। तर, पछिल्लो समय सुर्खेतको जनसङ्ख्या वृद्धि र बढ्दो शहरीकरणका कारण साक्षरता दर केही मात्रामा घटेको पाइन्छ। जिल्लामा ३ सय १ प्रावि, ८३ निमावि, १ सय ८ माध्यमिक विद्यालय रहेका छन्।

होस्टेलमा मृत्यु

वीरेन्द्रनगर नगरपालिका- ६ को उषा बालवाटिका माध्यमिक विद्यालयको होस्टेलमा ०८० असोज १२ गते राती दैलेख जिल्ला चामुण्डा बिन्द्रासैनी नपा घर भई सोही होस्टेलमा बस्दै आएका आठ वर्षीय बालक झुण्डिएको अवस्थामा फेला परे। बालक कक्षा २ मा अध्ययनरत थिए। मृत्यु शङ्कास्पद भन्दै आफन्तहरूले शव बुझ्न मानेनन्। घटनाको विरोध गर्दै आफन्तले असोज १३ गते दिउँसो विद्यालयमा आगजनी गरे। प्रहरी र आन्दोलनकारीबिचको झडपले विद्यालय परिसर तनावग्रस्त बन्यो। प्रहरीले असोज १३ गते वीरेन्द्रनगर नपा-६ का होस्टेल सञ्चालक ४१ वर्षीय प्रकाश भुषाल र प्रधानाध्यापक ३५ वर्षीय शिशिर भुषाललाई गिरफ्तार गऱ्यो। पीडित पक्षले आरोपित विरुद्ध असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। शवको पोष्टमार्टम असोज १४ गते प्रदेश अस्पताल, सुर्खेतमा भयो। अनुसन्धानबाट आरोपित पक्ष घटनामा संलग्न नरहेको पुष्टि भएपछि सरकारी वकिलको कार्यालयको सहमतिमा जिम्मा जमानीमा उनीहरू रिहा भए।

बलात्कार

१६ वर्षीया बालिकालाई ०७९ चैत ६ गते बलात्कार गरेको आरोपमा वीरेन्द्रनगर नपा-१ चनावारीका २४ वर्षीया रेशम विकविरुद्ध पीडितले ०७९ चैत १२ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरिन्। ०८० कात्तिक १९ मा आरोपितलाई जिल्ला अदालत सुर्खेतले पाँच वर्ष कैद र एक लाख ५० हजार रुपियाँ क्षतिपूर्तिको आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४ सय १६ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र सुर्खेतमा उजुरी दर्ता गराए। जसमा बहुविवाह, कुटपिट तथा घर निकाला गरिएका ३ सय ७६, खान/लाउन नदिएको विवाह दर्ता र नागरिकता नबनाएको २५ उजुरी छन्। यीमध्ये प्रहरीले ३ सय २ वटामा मेलमिलाप गरायो भने ९९ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। त्यस्तै १५ वटा मुद्दाको काम हुन बाँकी रहेको महिलाले महिला तथा बालबालिका सेवा केन्दकी वरिष्ठ सई संगीता रसाइलीले बताइन्।

यो वर्ष सुर्खेत जिल्लामा बलात्कारका घटनामा १२ र घरेलु हिंसाका घटनामा ६२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

प्रदेशको राजधानीसमेत रहेको पश्चिम सुर्खेतका केही नागरिकहरूलाई आधारभूत स्वास्थ्य सेवाले छुन सकेको छैन। सुर्खेतमा एक प्रदेश अस्पताल, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, तीन ओटा अस्पताल र ४७ ओटा स्वास्थ्य चौकी रहेका छन्। त्यस्तै ४५ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, सात शहरी स्वास्थ्य एकाइ, ३३ सामुदायिक स्वास्थ्य सेवा केन्द्र रहेका छन्। त्यहाँबाट ९८ प्रकारका औषधी निशुल्क पाउने सरकारी नीति छ।

स्वास्थ्य संस्थामा निशुल्क पाइने औषधीको सङ्ख्या निकै कम छ। करिब ४० प्रकारको औषधी मात्रै पाइन्छ। यस वर्ष ५ सय ३९ बालबालिकामा कुपोषणको समस्या देखिएको जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतले जनाएको छ। कुपोषण भएका बालबालिकामा पुड्कोपन, कमतौल, रक्तअल्पता जस्ता समस्या देखिएका छन्। प्रदेश अस्पताल र स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन नहुँदा मानिसहरू सेवाबाट वञ्चित हुने गरेका छन्।

तालिका ५.६.१०.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बाल विवाह		२		२
बेचबिखन तथा ओसारपसार			१	१
विद्यालयमा शारीरिक सजाय	१			१
बलात्कार		३	११	१४
जम्मा	१	५	१२	१८

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	११	१६	१	३४	६२
बलात्कार			२	१०	१२
जम्मा	११	१६	३	४४	७४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	अनुसन्धान	जम्मा
हत्या	२	२

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद

५

५.७ सन् २०२३ मा मानव अधिकार उल्लङ्घनका तथ्यहरू

सुदूरपश्चिम प्रदेश

५.७.१ बाजुरा



जम्मा जनसङ्ख्या	१,३८,५२३
महिला	७१,४५३
घर परिवार सङ्ख्या	२८,०४१
घरजग्गामा महिलाको स्वामित्व	१,१६९
साक्षरता प्रतिशत	७१.२४
आश्रित जनसङ्ख्या	७८,१११
अपाङ्गता भएका	४,४४५

बाजुरा जिल्लाका बालबालिकामा उच्च कुपोषण दर पाइएको छ। बालबालिकाहरूमा देखिएको कुपोषणको अवस्था चाहिने भन्दा न्यून पोषकतत्व भएको अवस्था हो। पेटभर खान नपाउनु नै यहाँको मुख्य समस्या हो। आफ्नो उत्पादनले तीन महिनामात्रै खान पुग्ने परिवारको सङ्ख्या ४० प्रतिशत र वर्षभर खान पुग्ने परिवार सङ्ख्या १० प्रतिशतमात्रै छ। जिल्ला कृषि ज्ञान केन्द्र, बाजुराको तथ्याङ्क अनुसार जिल्लाको कुल जनसङ्ख्यालाई करिब २८ हजार मेट्रिक टन खाद्यान्न आवश्यक पर्ने भए पनि २४ हजार मेट्रिक टन मात्रै उत्पादन गरेको छ। अपुग खाद्यान्न विभिन्न बाह्य स्रोतहरूबाट आपूर्ति हुने भए पनि जिल्लामा हरेक वर्ष खाद्य सङ्कट तथा भोकमरी हुने गरेको छ। उचित पौष्टिक आहारको अभावमा बालबालिकाहरू कुपोषित छन्। न्यून उत्पादन र उपभोग, गरिबी तथा अशिक्षा, सचेतनाको कमी, पुस्तौँपुस्ताको कुपोषण चक्र र खानेबानी तथा व्यवहारका कारण बालबालिकामा कुपोषणको समस्या देखिने गरेको जिल्ला कृषि ज्ञान केन्द्र, बाजुराका प्रमुख मीनप्रसाद जैशीले बताए।

यस वर्ष बाजुरा जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एकजना पुरुष तथा ज्यादतीका घटनामा ६१ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४८ जना महिला पीडित भए।

कुटपिट/धम्की

राज्यपक्षबाट

बडिमालिका नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रंगमल बिकलाई २०८० असार १३ गते मार्ने धम्की दिएको भन्दै सोही नगरपालिका-६ का वडाध्यक्ष कृष्णबहादुर खड्काविरुद्ध पीडितले असार १३ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। वडाध्यक्ष खड्काले प्रक्रिया नमिलेको रकम भुक्तानी गर्न दबाब दिएको र आफूले अस्वीकार गरेका कारण मार्ने धम्की दिइएको पीडितले बताए। पीडितले आरोपितविरुद्ध जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरी विचाराधीन छ।

अन्यपक्षबाट

बुढीगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत ३३ वर्षीय नरेन्द्र नाथ र प्राविधिक ३१ वर्षीय उपेन्द्र साउदलाई २०८० असार २१ गते कुटपिट गरेको भन्दै सोही नगरपालिका-७ का वडाध्यक्ष भुवनसिंह केसीका २९ वर्षीय छोरा दिलिप केसीविरुद्ध पीडितपक्षले असार २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बुढीगङ्गा नगरपालिका-७ मा सञ्चालित योजनाको रकम निर्माण कार्य पूरा नभई माग गर्दै आरोपित केसीले आफूलगायत अन्य कर्मचारीलाई हातपात गरेको प्रमुख प्रशासकीय अधिकृत नाथले बताए। प्रहरीले आरोपितलाई असार २१ गते गिरफ्तार गऱ्यो। प्रमुख जिल्ला अधिकारी पुष्कर खड्काको असार २९ गतेको

इजलासले आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

कारागार र बन्दी

२५ जना क्षमता रहेको जिल्ला कारागार, बाजुरामा ३२ जना कैदी र २८ जना थुनुवा गरी ६० जना छन्। महिला कैदी/बन्दीहरूलाई अछाम र डोटी कारागारमा पठाउने गरिएको छ। २०३७ सालमा निर्माण गरिएको कारागार भवन जीर्ण हुँदा वर्षात्को समयमा कैदी/बन्दीलाई सुत्न र बस्न समस्या हुने गरेको छ। कारागार तथा पुनर्निर्माणका लागि पटकपटक पहल गरिएको भए पनि सुनुवाइ नभएको जेलर हंस बोहोराले बताए। ६० वर्ष नाघेका चार जना कैदी/बन्दी छन्। कारागारमा खेलकुद तथा मनोरञ्जनका सामग्री भए पनि सीपमूलक तालिम सञ्चालन हुन नसकेको कैदी अजबहादुर शाहीले बताए। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले शौचालय प्रयोगका लागि लामो समयसम्म कुर्नुपर्ने अवस्था छ। कैदी/बन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, बाजुरामा एक जना न्यायाधीशको दरबन्दी छ। भौगोलिक विकटताले समयमै सूचना पुऱ्याउन नसक्दा साक्षी बुझ्ने कार्य ढिला हुने र यसले मुद्दा फैसलामा समेत असर पर्ने गरेको सेस्तेदार पुष्पराज पाण्डेले बताए । यस अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६८ थान र देवानी मुद्दातर्फ ९७ थान दर्ता भएकोमा ४६ थान फौजदारी र ५० थान देवानी मुद्दा फैसला भए भने ५२ थान फौजदारी र ४७ थान देवानी मुद्दा फैसला हुन बाँकी छन्। एक वर्ष भन्दा पुराना मुद्दा देवानी एक थान र फौजदारी चार थान बाँकी छन्। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान रहेको छ।

बाल अधिकार

यस वर्ष बाजुरा जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लामा शैक्षिक सत्रको अन्त्यसम्म पनि पाठ्यपुस्तक अभाव रहने गरेको भए पनि यस वर्ष शैक्षिक सत्र शुरुआत हुनासाथ सबै विद्यालयमा पाठ्यपुस्तक पुगेका थिए। नयाँ निर्माण गरिएका भौतिक संरचना पनि अपाङ्गतामैत्री छैनन्। भौगोलिक विकटताले गर्दा खेलकुद र अतिरिक्त क्रियाकलापमा सुधार गर्न नसकिएको शिक्षा विकास तथा समन्वय एकाइका प्राविधिक सहायक गोपालदत्त पाण्डेले बताए। सामुदायिक विद्यालयमा शिक्षण शुल्क पूर्ण नि:शुल्क छ। तर, विद्यालयले अनेक बाहनामा शुल्क उठाउँदै आएको ज्ञानोदय माविका अभिभावक लक्ष्मीराज पाध्यायले बताए। अधिकांश विद्यालयका शौचालय पानी अभावका कारण प्रयोगबिहिन छन्। यस जिल्लाको साक्षरता प्रतिशत ७१.२४ रहेको भए पनि ०७९ सालमै जिल्लालाई साक्षर जिल्ला घोषणा गरिएको छ। अहिले पनि १८.४ प्रतिशित नागरिकहरूले लेख्न पढ्न सक्दैनन्।

तालिका ५.७.१.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
जातीय विभेद				८	२	१०
धम्की		१	१			
बाल अधिकार	बलात्कार			४		४
	यौन दुर्व्यवहार			१		१
	जम्मा			५		५
महिला अधिकार	घरेलु हिंसा			३९		३९
	बलात्कार			६		६
	बलात्कार प्रयास			१		१
	यौन दुर्व्यवहार			२		२
	जम्मा			४८		४८
कूल जम्मा		१	१	६१	५	६६

(स्रोत : इन्सेक, २०२३)

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४५ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बाजुरामा उजुरी दर्ता गराए। जसमा मदिरा सेवन गरी कुटपिट गरेको, खान लाउन नदिएको र अनावश्यक आरोपमा घरनिकाला गरिएका उजुरी छन्। जिल्ला प्रहरी कार्यालयले घरेलु हिंसाका सबै उजुरीमा दुबै पक्षको सहमतिमा मेलमिलाप गराएको सेवा केन्द्रका हवल्दार पुष्कर्राज जोशीले बताए। भौगोलिक विकटता,

अशिक्षा, ज्ञानको कमीका कारण महिलाहरू हिंसा सहेर बस्नु परेको, घरेलु हिंसामा परेका महिलाले उजुरी दिँदा गाउँसमाजले नै हेला गर्ने, ग्रामीण तहका महिलालाई कहाँ उजुरी दिने ? जानकारी नभएका कारण महिलाहरू हिंसा सहन बाध्य भएको महिला अधिकारकर्मी कल्पना महतले बताइन्।

यो वर्ष बाजुरा जिल्लामा बलात्कारका घटनामा ६, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारका घटनामा दुई र घरेलु हिंसाका घटनामा ३९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जातीय विभेद

जगन्नाथ गाउँपालिका-२ जगन्नाथका ४० वर्षीय ऐनबहादुर सार्की र ३० वर्षीया कल्पना सार्कीलाई २०७९ माघ २६ गते अपशब्द (डुम) प्रयोग गरी गालीगलौज गरी जातीय विभेद गरेको भन्दै सोही गाउँपालिका-२ जगन्नाथका ४५ वर्षीया राजेन्द्रबहादुर शाहीविरूद्ध पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जुड्डी प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले आरोपितलाई माघ २६ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदातलका न्यायाधीश ढाकाराम पौडेलको फागुन २१ गतेको इजलासले आरोपितलाई ६० हजार रूपियाँ धरौटीमा रिहा गर्न आदेश दियो। आरोपित तोकिएको धरौटी रकम बुझाउन नसकेपछि तीन महिना कैद, २० हजार रुपियाँ जरिवाना र ६ हजार पीडितलाई क्षतिपूर्ति तिरेर ०८० असार १२ गते रिहा भए।

स्वास्थ्य सेवाको अवस्था

स्वास्थ्य सेवामा पहुँच नभएकै कारण गर्भवती तथा सुत्केरी महिलाले समयमै उपचार पाउँदैनन्। जिल्लाका ग्रामीण क्षेत्रमा कुपोषणको भयावह अवस्थामा छ। कुपोषणका कारण यस वर्ष मात्रै आठ जना बालबालिकाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालय, बाजुराको तथ्याङ्क छ। स्वास्थ्य बीमा कार्यक्रम जिल्ला अस्पताल, बाजुरामा मात्रै लागु गरिएको र कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नहुँदा यस क्षेत्रका बुढीनन्दा नगरपालिका, हिमाली, स्वामीकार्तिक खापर र जगन्नाथ गाउँपालिकाका नागरिक स्वास्थ्य बीमा कार्यक्रमबाट वञ्चित हुनुपरेको स्थानीय जनेश धामीले बताए। नेपाल सरकारको ९८ प्रकारका औषधी नि:शुल्क उपलब्ध गराउने नीति लिएको भए पनि स्वास्थ्य संस्थामा नि:शुल्क पाइने औषधी उपलब्ध हुँदैनन्। सिटामोलसमेत निजी मेडिकलबाट किन्नुपर्ने बाध्यता रहेको बडिमालिका नगरपालिकाकी कल्पना महतले बताइन्।

तालिका ५.७.१.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२	४
यौन दुर्व्यवहार		१	१
जम्मा	२	३	५

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३७		२	३९
बलात्कार		२	४	६
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार	२			२
जम्मा	३९	२	७	४८

(स्रोत : इन्सेक, २०२३)

५.७.२ बझाङ

जम्मा जनसङ्ख्या	१,८९,०८५
महिला	१,००,६१५
घर परिवार सङ्ख्या	३८,०२५
घरजग्गामा महिलाको स्वामित्व	२,२५९
साक्षरता प्रतिशत	७०.५४
आश्रित जनसङ्ख्या	१,०८,८२४
अपाङ्गता भएका	४,३३९

२०८० असोज महिनामा गएको भूकम्पका कारण विस्थापित भएका ४ हजार ३ सय ९३ जना स्थानीयहरूको पुनर्स्थापना हुन सकेको छैन। जसका कारण कठ्याँङ्ग्रिँदो चिसोमा बालबालिका, गर्भवती, सुत्केरी र ज्येष्ठ नागरिकहरू त्रिपालमुनि बस्न बाध्य छन्। सरकारले पुनर्स्थापनामा ध्यान नदिँदा चिसो भुइँमा कष्टकर जीवन बिताउनु परेको जयपृथ्वी नगरपालिका-१० चैनपुरका भूकम्प पीडित बलबहादुर सुनारले बताए। भूकम्प पीडितहरूलाई स्थानीय तहले राहत सामग्री उपलब्ध गराएको भए पनि पुनर्स्थापनाका लागि बजेट व्यवस्था गर्न सङ्घीय सरकार, प्रदेश सरकार र सहयोगी निकायहरूसँग अनुरोध गरेको थलारा गाउँपालिकाका अध्यक्ष प्रकाश रोकायाले बताए।

भूकम्पका कारण सबै भन्दा बढी थलारा गाउँपालिकामा क्षति पुगेको थियो। भूकम्पका कारण एक जनाको मृत्यु, २१ जना घाइते हुनुको साथै १२ ओटै स्थानीय तहका ३ सय १५ ओटा नीजि आवास, २१ ओटा सरकारी भवन र ३२ ओटा विद्यालय गरी ३ सय ६८ ओटा भौतिक संरचनामा क्षति भयो। शिक्षा विकास समन्वय एकाइको प्रतिवेदन अनुसार जिल्लाका २८ ओटा विद्यालय भवनमा पूर्ण क्षति भएको र २ सय ओटा विद्यालय भवनहरू चर्किएका छन्। पूर्ण क्षति भएका र चर्किएका विद्यालयहरूको मर्मत तथा



पुनर्निर्माण हुन नसक्दा अधिकांश विद्यालयहरूमा पठनपाठनमा नै समस्या उत्पन्न भएको कुलमष्टजन मावि, भातेखोलाका प्रधानाध्यापक मोहन थापाले बताए।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले असोज १९ गते बझाङ जिल्लाको भूकम्प प्रभावित बस्तीको अवलोकन गरी भूकम्प पीडितहरूको राहत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि तत्काल राहतस्वरूप १५ देखि ५० हजार रुपियाँसम्म राहत खर्च र पाल, कम्बल, औषधी, खाद्यान्न, लत्ताकपडा, अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गरिने बताएको भए पनि अहिलेसम्म कुनै प्रकारको सहयोग नपाएको भूकम्प प्रभावितहरूले गुनासो गरेका छन्।

यस वर्ष बझाङ जिल्लामा ज्यादतीका घटनामा १ सय ४९ जना महिला र तीन जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ४४ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जना बन्दी क्षमता भएको जिल्ला कारागारमा कैद तोकिएका ६१ र कैद नतोकिएका सात थुनुवा गरी ६८ जना छन्। कारागारमा चार जना ज्येष्ठ नागरिक छन्। महिला कैदी/बन्दीका लागि बनाइएको भवनमा पुरुष कैदी/बन्दीहरूलाई राखिएको छ। स्वास्थ्य परीक्षणका लागि हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। कारागारमा खेलकुद सामग्री नभएको, पुस्तकालयमा पुस्तकको अभाव रहेको, कैदी/बन्दीका लागि सीपमूलक तालिमको व्यवस्था नभएको जेलर धनबहादुर घर्तीले बताए।

तालिका ५.७.२.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
जातीय विभेद			२	२
बाल अधिकार	बलात्कार	४		४
	जम्मा	४		४
महिला अधिकार	घरेलु हिंसा	१४०		१४०
	बलात्कार	४		४
	जम्मा	१४४		१४४
कूल जम्मा		१४९	३	१५२

(स्रोत : इन्सेक, २०२३)

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। अदालतमा यस वर्ष फौजदारी मुद्दातर्फ ६२ थान मुद्दा र देवनी मुद्दातर्फ ५८ थान दर्ता भएकोमा ३२ थान फौजदारी र ३१ थान देवानी मुद्दा फैसला भए। यस वर्ष फौजदारी ३० थान र देवानी २७ थान मुद्दा फैसला हुन बाँकी रहेको जिल्ला अदालतका नायव सुब्बा सुशील सुवर्णकारले बताए।

बाल अधिकार

यस वर्ष बझाङ जिल्लामा बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

जिल्लाका विद्यालयहरूमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा नि:शुल्क उपलब्ध हुने भनिए तापनि यी सुविधा जिल्लाका ८२ ओटा विद्यालयमामात्रै उपलब्ध रहेको शिक्षा विकास तथा समन्वय एकाइका सुरेन्द्रबहादुर कठायतले बताए। गत २०८० असोज १६ गतेको भूकम्पले जिल्लाका १२ ओटै स्थानीय तहका ३२ ओटा विद्यालयमा पूर्णरूपमा क्षति पुगेको र २ सय भन्दा बढी विद्यालय भवनहरू चर्किएको शिक्षा विकास समन्वय एकाइका सूचना अधिकारी बसन्तबहादुर सिंहले बताए।

बलात्कार

१६ वर्षीया बालिकालाई २०७९ फागुन ६ गते बलात्कार गरेको आरोपमा १५, १७ र १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपित तीनै जनालाई फागुन ७ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवको ०८० पुस १२ गतेको इजलासले आरोपितहरूलाई कसुदार ठहर गर्दै ११ वर्ष कैद सजाय सुनाएको जिल्ला अदालत, बझाङका नायब सुब्बा सुशील सुवर्णकारले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय ३४ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बझाङमा उजुरी दर्ता गराए। घरनिकाला गरिएको, मानसिक यातना र खानलाउन नदिएको भन्दै सेवा केन्द्रमा आएका उजुरीहरूमा दुबैपक्षलाई बोलाई छलफल गरी दुबैपक्षको सहमतिका आधारमा मेलमिलाप गरी घर पठाउने गरेको सेवा केन्द्रकी असइ जलन बुढाथोकीले बताए। जिल्लामा बालविवाह न्यूनीकरण नगरेसम्म घरेलु हिंसामा कमी नआउने उनले बताइन्। कार्यालयमा आउने उजुरीमा सबैभन्दा बढी मदिरा सेवन र बालविवाहका कारण हिंसाका घटनाहरू हुने गरेको उनको भनाइ छ।

यो वर्ष बझाङ जिल्लामा बलात्कारका घटनामा चार र घरेलु हिंसाका घटनामा १ सय ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२५ वर्षीया महिलालाई ०८० वैशाख २३ गते बलात्कार गरेको आरोपमा थलारा गाउँपालिका-२ का २५ वर्षीय प्रकाश खातीविरुद्ध पीडित पक्षले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवको साउन २५ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै ३ वर्ष ९ महिना कैद सहित १ लाख ५० हजार रुपियाँ जरिबाना र १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनाएको जिल्ला अदालतका नायबसुब्बा सुशील सुवर्णकारले बताए।

जातीय विभेद

बुढीनन्दा नगरपालिका-३ कोल्टीका १८ वर्षीय मानबहादुर लुहारलाई ०८० वैशाख १ गते जातीय

विभेद हुने गरी 'तँ डुम' भनेर गालीगलौज गरेको भन्दै सोही ठाउँका २६ वर्षीय मोहन ऐडी र २३ वर्षीय कर बोहराविरुद्ध पीडितले वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई वैशाख १ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नन्दकिशोरप्रसाद यादवको असोज १५ गते बसेको इजलासले घटना कुटपिटमा परिणत गरेको जिल्ला अदालतका नायवसुब्बा सुशील सुवर्णकारले बताए।

स्वास्थ्य सेवाको अवस्था

एक तथ्याङ्कका अनुसार बझाङ जिल्लाका ११ हजार बालबालिकामा पुड्कोपन रहेको छ। राष्ट्रिय जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण अनुसार बझाङको बाल मृत्युदर प्रति हजार पाँच वर्षमुनिका ३९ जना, एक वर्षमुनिका ३२ जना जन्मेदेखि २८ दिनको २१ जना छ। बझाङमा १४ वर्ष उमेर पुगेका बालबालिकाको सङ्ख्या ६४ हजार १ सय २३ छ। सबैको परीक्षण नभएका कारण अझै कति बालबालिका कडा खालको कुपोषणको जोखिममा छन् भन्न नसकिए पनि ११ हजारभन्दा बढी बालबालिका कडा खालको कुपोषणको जोखिममा रहेको स्वास्थ्यकर्मीहरूको अनुमान छ।

तालिका ५.७.२.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	४

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	१३५	३	१	१४०
बलात्कार	१			३	४
जम्मा	२	१३५	३	४	१४४

(स्रोत : इन्सेक, २०२३)

५.७.३ दार्चुला

जम्मा जनसङ्ख्या	१,३३,३१०
महिला	६८,८८६
घर परिवार सङ्ख्या	२८,३८१
घरजग्गामा महिलाको स्वामित्व	१,५७४
साक्षरता प्रतिशत	७७.७७
आश्रित जनसङ्ख्या	६६९,१८१
अपाङ्गता भएका	२,७८५



कमजोर आर्थिक अवस्था र रोजगारीको अन्य विकल्प नभएका परिवारका बालबालिको पठनपाठनलाई निरन्तरता दिनकै लागि हरेक वर्ष ज्यान जोखिममा राखेर यार्सागुम्बा सङ्कलन गर्न बाध्य छन्। यस वर्ष यार्सागुम्बा सङ्कलनका लागि हिँडेका चार जना बालबालिकासहित १० जनाले ज्यान गुमाए।

यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका २०७३ ले १६ वर्षमुनिका बालबालिकालाई यार्सागुम्बा सङ्कलनमा रोक लगाइ यार्सागुम्बा सङ्कलनको लागि नागरिकता अनिवार्य गरिएको भए पनि यसको कार्यान्वयन नहुँदा हरेक वर्ष यार्सागुम्बा सङ्कलनका क्रममा बालबालिकाले ज्यान गुमाउँदै आएका छन्। हिमाली क्षेत्रका स्थानीयका लागि आर्थिक स्रोतका रूपमा रहेको यर्सागुम्बा सङ्कलन कार्यलाई नियमन तथा व्यवस्थापन गर्न नसकिएको कारण हरेक वर्ष बालबालिकासहित स्थानीयले ज्यान गुमाउने क्रम रोकिएको छैन।

यस वर्ष दार्चुला जिल्लामा ज्यादतीका घटनामा ६० जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ५६ जना महिला पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ४० जनाको छ। कारागारमा ५१ कैदी र तीन थुनुवा गरी ५४ जना छन्। जसमा कैद तोकिएका पुरुष ५० जना र एक जना महिला तथा तीन जना थुनुवा पुरुष छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै दुई गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कैदी/बन्दीका आफन्तजनलाई भेटघाट गर्ने व्यवस्था गरिएको छ। कारगारमा एक जना अहेब यो वर्षदेखि कार्यरत छन्। पानी फिल्टर गर्ने मसिन नभएका कारण दूषित पानी पिउनु पर्ने बाध्यता रहेको जेलर रामराज पन्तले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८४ थानमध्ये ५२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय १३ थानमध्ये ६९ थान मुद्दा फैसला भए। यो वर्ष जिम्मेवारी सरेर आएका फौजदारी १५ थान, देवानी २० थान र निषेधाज्ञा एक थान मुद्दा छन्। यो वर्षको अन्त्यसम्म ७६ थान मुद्दा फैसला हुन बाँकी रहेको जिल्ला अदालतका सूचना अधिकारी गणेशसिंह विष्टले बताए। भौगोलिक विकटता, अनुसन्धान प्रक्रिया तथा अभियोजना कार्य प्रभावकारी हुन नसक्दा र मुद्दाको सम्पूर्ण अङ्ग पुऱ्याउन ढिला हुने गरेका कारण पनि न्याय सम्पादन प्रभावकारी हुन नसकेको जिल्ला बारका अध्यक्ष मानसिंह ठगुन्नाले बताए।

बाल अधिकार

यस वर्ष दार्चुला जिल्लामा बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनमा सुधार गर्दै आएको भए पनि शिक्षाको गुणस्तर वृद्धि सोचेअनुरूप हुन सकेको छैन। जिल्लाका हिमाली गाउँपालिका लगायत दुर्गम क्षेत्रमा अझै शिक्षाको सहज पहुँच उपलब्ध हुन सकेको छैन। नौ ओटा स्थानीय तहले शिक्षा क्षेत्रमा लगानी बढाएका छन्। तर, नि:शुल्क शिक्षाको कार्यान्वयन दुहुँ गाउँपालिकाले मात्रै गरेको छ। स्थानीय तहले विद्यालयमा लगानी गर्न थालेपछि पूर्वाधार अभाव र शौचालयको अभाव भएको छैन। स्थानीय तहहरूले यो वर्ष विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलानको काम सम्पन्न गरेदेखि पठनपाठनमा सहजता आएको छ। दुहुँ गाउँपालिकाले संविधानप्रदत्त माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क सञ्चालन गर्न नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

बलात्कार

१६ वर्षीया बालिकालाई २०७९ चैत २९ गते बलात्कार गरेको भन्दै शैल्यशिखर नगरपालिका-४ का ४९ वर्षीय विस्ने ठगुन्नाविरुद्ध पीडित पक्षले ०८० वैशाख १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख ६ गते सदरमुकाम खलङ्गाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश खेमराज भट्टको असार ३ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै १३ वर्ष कैद, ५ लाख जरिवाना र ५० हजार रूपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८७ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवाकेन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका पाँच, खान/लाउन नदिएको १५ र सामान्य घरायसी झगडाका ६७ घटना छन्। यीमध्ये प्रहरीले ६१ उजुरीमा मेलमिलाप गरायो भने १८ उजुरीपछि सम्पर्कमा

तालिका ५.७.३.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		१		१
बाल अधिकार	बलात्कार	३		३
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	५५		५५
	बलात्कार	१		१
	जम्मा	५६		५६
कूल जम्मा		६०	१	६१

(स्रोत : इन्सेक, २०२३)

नआएको सेवा केन्द्रका इन्स्पेक्टर ज्ञानेन्द्रबहादुर सिंहले बताए।

यो वर्ष दार्चुला जिल्लामा बलात्कारको घटनामा एक जना र घरेलु हिंसाका घटनामा ५५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

४५ वर्षीया सुस्त मनस्थिति भएकी महिलालाई २०७९ फागुन २ गते बलात्कार गरेको भन्दै लेकम गाउँपालिका-४ का २७ वर्षीय प्रेमराम पार्कीविरूद्ध पीडित पक्षले फागुन ३ गते इलाका प्रहरी कार्यालय, गोकुलेश्वरमा उजुरी दियो। प्रहरीले आरोपितलाई गोकुलेश्वरबाट फागुन ३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदातलका न्यायाधीश खेमराज भट्टको ०८० असार २८ गतेको इजलासले आरोपित पार्कीलाई कसुरदार ठहर गर्दै ७ वर्ष ६ महिना कैद तथा ५० हजार रूपैयाँ जरिवाना र पीडितलाई ३ लाख रुपियाँ क्षतिपूर्ति दिने फैसला सुनाएको सूचना अधिकारी गणेशबहादुर विष्टले बताए।

पारिवारिक हत्या

मालिकार्जुन गाउँपालिका-७ का ८३ वर्षीया भागरथी चन्दको ०८० भदौ ८ गते धारिलो हतियार प्रयोग गरी हत्या गरेको भन्दै २१ वर्षीय नाती दीपक चन्द र दुहुँ गाउँपालिका-३ का १८ वर्षीय आशिष बमविरुद्ध पीडित पक्षले भदौ ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ १२ गते कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका-४ महेन्द्रनगर बसपार्कबाट गिरफ्तार गऱ्यो। जिल्ला

अदालतका न्यायाधीश खेमराज भट्टको असोज ९ गतेको इजलासले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको सूचना अधिकारी गणेशबहादुर विष्टले बताए। मुद्दा जिल्ला अदालतमा विचाराधीन रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लाका सबै नागरिकहरूको स्वास्थ्य सेवामा सहज पहुँच छैन। दरबन्दी अनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मीको अभाव तथा स्वास्थ्य संस्थाहरूमा निःशुल्क वितरण गर्ने भनिएका औषधीको अभावमा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाका लागि सास्ती खेप्नुपरेको छ। सदरमुकामस्थित जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरीटेण्डेन्ट र दुई जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा एक जनाको दरबन्दी रिक्त छ। मेडिकल अधिकृत अध्ययन बिदामा गएपछि रिक्त भएको हो।

स्वास्थ्य बीमा कार्यक्रमले आर्थिक अवस्था कमजोर भएका परिवारलाई केही सहज भएको भए पनि झञ्झटिलो प्रक्रिया र सहज रूपमा कार्यान्वयन हुन नसकेकै कारण स्वास्थ्य बीमाप्रति आकर्षण नभएको अपिहिमाल गाउँपालिका अध्यक्ष भक्तसिंह ठेकरे बोहोराले बताए।

तालिका ५.७.३.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार	१	२	३

महिला अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा		५५	५५
बलात्कार	१		१
जम्मा	१	५५	५६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.७.४ बैतडी



जम्मा जनसङ्ख्या	२,४२,१५७
महिला	१,२८,२९३
घर परिवार सङ्ख्या	४९,४०७
घरजग्गामा महिलाको स्वामित्व	२,०५८
साक्षरता प्रतिशत	७६.७९
आश्रित जनसङ्ख्या	१,३१,१८५
अपाङ्गता भएका	५,७६९

यस जिल्लामा बालविवाह ठूलो चुनौतीका रूपमा रहेको छ। मुलुकमै बालविवाह बढी हुने पाँच जिल्लामध्ये यो जिल्ला पनि एक हो। एक संस्थाले जिल्लाका केही स्थानीय तहमा गरेको सर्वेक्षणले ५९.५ प्रतिशतको २० वर्ष नपुग्दै विवाह भएको देखाएको थियो। जसमध्ये १२ प्रतिशतको १४ वर्ष भन्दा कम उमेरमा विवाह हुने गरेको छ। १५ देखि १९ वर्षसम्म ४७.५ प्रतिशतको विवाह हुने र बालिकाको विवाह दर बढी रहेको सो तथ्याङ्कमा उल्लेख छ। बालविवाहको प्रकृति भने फेरिएको छ। पहिले घरपरिवारको दबावमा बालविवाह हुने गरेकोमा अहिले कम उमेरमा भागेर विवाह गर्ने समस्या देखा पर्न थालेको अधिकारकर्मी निर्मला टेरले बताइन्। उमेर नपुग्दै भएको विवाह लगत्तै हुने गर्भधारणले आमा र बच्चामा शारीरिक समस्या हुन गई २० वर्षमुनिको आमाबाट जन्मेका बच्चाहरूमा बढीजसो कुपोषण देखिने गरेको स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ। पुड्कोपना र रक्तअल्पताजस्ता समस्याले आमा र बच्चामा शारीरिक र मानसिक असर परेको र २.३ प्रतिशत बालबालिकामा उमेर अनुसार कम तौल र ६४ बालिका र ४७ बालक गरी १ सय ११ जनामा शीघ्र कुपोषण देखिएको जिल्ला स्वास्थ्य कार्यालयको तथ्याङ्कमा उल्लेख छ।

यस वर्ष बैतडी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना पुरुष तथा ज्यादतीका घटनामा ४८ जना महिला र पाँच जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना महिला पीडित भए।

कारागार र बन्दी

१० महिला र १५ पुरुष गरी २५ जना बन्दी क्षमता भएको जिल्ला कारागारमा ६६ कैदी र नौजना थुनुवा गरी ७५ जना छन्। कारागारमा महिला कैदी/बन्दी राखिएको छैन। ७० वर्ष नाघेका तीन जना कैदी छन्। क्षमताभन्दा तीन गुणा कैदीबन्दी भएकाले सुत्न, शौचालय प्रयोग गर्न कठिनाइ हुने गरेको छ। स्वास्थ्यकर्मीको दरबन्दी रिक्त रहेकाले सामान्य उपचारका लागि पनि अस्पताल लैजानुपर्ने बाध्यता रहेको जेलर धारा भण्डारीले बताइन्। कारागारमा पुस्तकालय, सीपमूलक तालिम, शुद्ध पिउने पानीको व्यवस्था गरिएको भए पनि उपयोगकर्ताको तुलनामा कम छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी छ। यस अदालतमा यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३१ थानमध्ये १३ थान फैसला भए। सरकारवादी फौजदारी ४७ थानमध्ये ३३ थान फैसला भए भने दुनियावादी फौजदारी १० थानमध्ये आठ थान फैसला भए।

तालिका ५.७.४.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	१	२
हत्या					४	४
जातीय विभेद		१	१			
बाल अधिकार	बलात्कार			६		६
	यौन दुर्व्यवहार			१		१
	जम्मा			७		७
महिला अधिकार	घरेलु हिंसा			२९		२९
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			१		१
	जम्मा			४०		४०
कूल जम्मा		१	१	४८	५	५३

(स्रोत : इन्सेक, २०२३)

बाल अधिकार

यस वर्ष बैतडी जिल्लामा यौन दुर्व्यवहारको घटनामा एक जना र बलात्कारका घटनामा ६ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लाको सारक्षता ७६.७९ प्रतिशत छ। अहिले पनि २३.१९ प्रतिशत नागरिक निरक्षर छन्। आर्थिक अवस्था तथा समाजिक परम्पराका कारण आठ कक्षा भन्दामाथिका विद्यार्थीले विद्यालय छोड्ने दर बढ्दो अवस्थामा छ। यस जिल्लामा ३ सय ९९ आधारभूत र १ सय ३० माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन्।

हत्या

पुचौडी नगरपालिका-६ मुडेलीधारका २ वर्षीय बालक र ८ वर्षीय बालकलाई ०८० असार २८ गते हजुरबुबा ५० वर्षीय गणेश साउदले निर्घात कुटपिट गर्दा २ वर्षीय बालकको उपचारका क्रममा मृत्यु भएको भन्दै पीडित पक्षले असार २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २८ गते घरबाटै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको असोज ८ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै जन्मकैद सहित थप पाँच वर्ष (३० वर्ष) कैद फैसला गरेको सूचना अधिकारी तिर्थराज आचार्यले बताए।

बलात्कार

१४ वर्षीया बालिकालाई ०८० जेठ ५ गते बलात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश जयानन्द पनेरुको मङ्सिर ८ गतेको इजलासले आरोपितलाई ६ वर्ष बाल सुधार गृहमा राख्ने फैसला गरेको सूचना अधिकारी तिर्थराज आचार्यले बताए।

छाउगोठमा मृत्यु

पञ्चेश्वर गाउँपालिका-४ फ्याउलीकी १६ वर्षीया बालिकाको ०८० साउन २३ गते राति छाउगोठमा सुतिरहेको अवस्थामा सर्पको टोकाइबाट मृत्यु भएको स्थानीय जनकबहादुर चन्दले बताए। पञ्चेश्वरमा सर्पको टोकाइबाट हरेक वर्ष दुई-तीन जनाको मृत्यु हुने गरेको छ। सर्पदंशको उपचार अभावमा जिल्लाको पञ्चेश्वर लगायतका क्षेत्रमा सर्पको टोकाइबाट नागरिकहरूले ज्यान गुमाउनुपर्ने बाध्यता रहेको र छाउपडी प्रथा उन्मूलन गर्न कानुन निर्माण गरिएको भए पनि जिल्लाका दुर्गम क्षेत्रका गाउँसमाजमा छाउपडीजस्तो कुप्रथा कायमै रहेको पञ्चेश्वर गाउँपालिकाकी उपाध्यक्ष बीना भट्टले बताइन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बैतडीमा उजुरी दर्ता गराए। जसमा कुटपिटका १८, गालीबेइज्जती तथा गालीगलौजका २५ र मानसिक यातनाका पाँच उजुरी छन्। यीमध्ये ४४ उजुरीमा मेलमिलाप भयो भने चार जना उजुरीकर्ता सम्पर्कमा नआएको सेवा केन्द्रका हवल्दार भुवन कुँवरले बताए।

यो वर्ष बैतडी जिल्लामा बलात्कारका घटनामा १० जना, बलात्कार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बलात्कार

२२ वर्षीया महिलालाई ०७९ पुस १९ गते शिवनाथ गाउँपालिका- २ का २६ वर्षीया अङ्गलबहादुर चन्दले बलात्कार गरेको आरोपमा पीडित पक्षले ०८० वैशाख ५ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो। आरोपितलाई प्रहरीले वैशाख ५ गते गिरफ्तार

गऱ्यो। जिल्ला अदालत, बैतडीका न्यायाधीश जयानन्द पनेरुको असार ७ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै सात वर्ष कैद फैसला गरेको सूचना अधिकारी तिर्थराज आचार्यले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला स्वास्थ्य कार्यालय, बैतडीको तथ्याङ्क अनुसार जिल्लाका २.३ प्रतिशत बालबालिकामा उमेर अनुसार कम तौलका भेटिएका छन्। शीघ्र कुपोषित ६४ बालिका र ४७ बालक गरी १ सय ११ जना छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने औषधीको सङ्ख्या पूर्ण हुन नसकेको स्वास्थ्य कार्यालय, बैतडीका प्रमुख योगेश भट्टले बताए। स्वास्थ्य उपचारका लागि झण्झटिलो प्रक्रिया अपनाउनुपर्ने र सामान्य चेकजाँचका लागि पनि दिनभर लाग्ने भएकोले अधिकांश नागरिकहरूको स्वास्थ्य बीमाप्रति आकर्षण नबढेको स्थानीय पदम रोकायाले बताए।

तालिका ५.७.४.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		५	६
यौन दुर्व्यवहार		१		१
जम्मा	१	१	५	७

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	२४		४	२९
बलात्कार	२		३	५	१०
बलात्कार प्रयास	१				१
जम्मा	४	२४	३	९	४०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	३	३

(स्रोत : इन्सेक, २०२३)

५.७.५ डडेल्धुरा



जम्मा जनसङ्ख्या	१,३९,६०२
महिला	७३,७०९
घर परिवार सङ्ख्या	३१,१७२
घरजग्गामा महिलाको स्वामित्व	२,३३०
साक्षरता प्रतिशत	७८.१९
आश्रित जनसङ्ख्या	७३,११०
अपाङ्गता भएका	४,१६४

यस जिल्लाका महिलाले सुत्केरी र महिनावारी भएको समयमा गाईभैंसीको दूध, दहीलगायतका पोसिला खानेकुरा खान पाउँदैनन्। महिलालाई घरमा पालेको गाईभैंसीको दूध दिँदा गाईभैंसीलाई रोग लाग्ने अन्धविश्वास रहेको छ। महिनावारी भएको समयमा आफूहरूले दूधदही खान नपाउने र घरको शौचालयसमेत प्रयोग गर्न नपाउने भागेश्वर गाउँपालिका-२ रूपालकी ममता मडैले बताइन्। महिनावारी भएको समयमा पहिला जस्तो गोठमा नबसे पनि देउताको डरले घरको भुइँतलामा बस्ने गरिएको र चार दिनसम्म घरमा पालेको गाईभैंसीको दूधदही खान नपाइने अमरगढी नगरपालिका-३ की उषा साउदले बताइन्। पोषणयुक्त खानेकुरा मात्र नभई देउता रिसाउने भन्दै कतिपय ठाउँमा त सुत्केरी र महिनावारी भएकाहरूलाई गाईभैंसीको गोठमासमेत राख्ने गरिएको परशुराम नगरपालिकाका स्वास्थ्य शाखा संयोजक तेजबहादुर सिंहले बताए। सुत्केरी तथा किशोरीलाई पोषणको अभाव हुने भएकोले बालबालिकामा कुपोषण र उमेर अनुसारको तौल नहुने गरेको स्वास्थ्य कार्यालय, डडेल्धुराका सुपरभाइजर हरिप्रसाद भट्टले बताए।

यस वर्ष डडेल्धुरा जिल्लामा ज्यादतीका घटनामा ५० जना महिला र दुई जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४६ जना महिला पीडित भए।

विगतको अनुगमन

अस्मिता हत्या प्रकरण अनुसन्धानमै सीमित

जमरानी आधारभूत स्वास्थ्य सेवा केन्द्रकी कार्यालय सहयोगी २५ वर्षीय अस्मिता धामीको हत्या भएको झण्डै दुई वर्ष बितिसक्दा पनि घटनामा संलग्नको पहिचान हुन सकेको छैन। जमरानी आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट कोभिड-१९ विरुद्धको खोप र स्वास्थ्य सामग्री लिएर २०७८ असार २ गते बिहान जोगबुढा अस्पताल गएकी अस्मिता असार ५ गते परशुराम नगरपालिका-९ स्थित हट्टवानी सामुदायिक वनमा मृत भेटिएकी थिइन्। घटनाको अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय, डडेल्धुराका इन्स्पेक्टर कुसुम नायकले बताए। घटना भएको अढाइ वर्ष पुग्न लाग्दा पनि प्रहरी अभियुक्तसम्म नपुग्दा अस्मिता हत्या प्रकरण अनुसन्धानमै सीमित हुन पुगेको छ।

कुटपिट तथा दुर्व्यवहार

अन्यपक्षबाट

अमरगढी नगरपालिकाका प्रमुख डिल्लीराज जोशीलाई ०८० कात्तिक २१ गते अमरगढी नरपालिका-५ बागबजार निवासी महाकाली ट्रेडर्सका सञ्चालक तिर्थ भण्डारीले सडक विस्तार गर्ने विषयमा भएको विवादमा पेट्रोल छर्किएर मार्ने धम्की दिएको भन्दै पीडितले कात्तिक २१ गते प्रहरीमा मौखिक

जानकारी गराए। प्रहरीले आरोपितलाई कात्तिक २१ गते गिरफ्तार गऱ्यो। जिल्ला प्रशासन कार्यालयले कार्तिक २३ गते १० हजार रुपियाँ धरौटीमा आरोपितलाई रिहा गऱ्यो। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

१ सय २५ जना बन्दी क्षमता भएको जिल्ला कारागारमा ११ महिला सहित १ सय ४५ जना कैदी/बन्दी रहेका छन्। जसमा एक जना ज्येष्ठ नागरिक छन्। कारागारमा कैद तोकिएका १ सय ३३ र कैद नतोकिएका १२ जना कैदी/बन्दी रहेको जेलर सन्तोषकुमार भट्टले बताए। कैदी/बन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। क्षमता भन्दा बढी कैदी/बन्दीहरू रहेकाले व्यवस्थापन गर्न समस्या भएको जेलर भट्टले बताए। केही समय अगाडि मात्रै सिलाइ कटाइ र मुढा बनाउने तालिम प्राप्त गरेका कैदी/बन्दीले सीप अनुसारको काम गरिरहेको जेलर भट्टले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतम, डडेल्धुरामा एक जना न्यायाधीशको दरबन्दी रहेकोमा कार्यरत छन्। यस आर्थिक वर्षमा जिल्ला अदालत, डडेल्धुरामा फौजदारी मुद्दातर्फ ५८ थान र देवानी मुद्दातर्फ ६१ थान र दुई थान मुद्दा दर्ता भएकोमा १८ थान फौजदारी र २४ थान देवानी मुद्दा फैसला भए। ४० फौजदारी र ३७ देवानी थान मुद्दा फैसला हुन बाँकी छन्।

बाल अधिकार

यस वर्ष डडेल्धुरा जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

आधारभूत तहमा विद्यार्थी भर्नादर उच्च रहे पनि माध्यमिक तहसम्म आइपुग्दा बिचमै विद्यालय छोड्ने सङ्ख्या उच्च देखिएको छ। आर्थिक अवस्था कमजोर हुँदा उनीहरू पढाइ भन्दा कामको खोजी गर्न बाध्य छन्। यस जिल्लामा साक्षरता प्रतिशत ७८.१९ प्रतिशत छ। अहिले पनि ११.७९ प्रतिशत नागरिक लेखपढ गर्न सक्दैनन्।

तालिका ५.७.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		३		३
धम्की			१	१
बाल अधिकार	यौन दुर्व्यवहार	३		३
	जम्मा	३		३
महिला अधिकार	घरेलु हिंसा	४४		४४
	बलात्कार	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	४६		४६
कूल जम्मा		५०	३	५३

(स्रोत : इन्सेक, २०२३)

बलात्कारपछि हत्या

परशुराम नगरपालिका-१२ आमपानीकी १४ वर्षीया बालिकाको २०८० साउन ३० गते बलात्कारपछि हत्या गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित पक्षले साउन ३१ गते इलाका प्रहरी कार्यालय, जोगबुढामा उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश बालकृष्ण वाग्लेको भदौ २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि बाल सुधारगृह, डोटी पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८५ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, डडेल्धुरामा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएको, खानलाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाएको, बहुबिवाह गरेको, पतिले मदिरा सेवन गरी कुटपिट गरेको, सामान्य घरायसी झगडाजस्ता उजुरी आउने गरेको सेवा केन्द्रका प्रहरी जवान भुवनेश्वरी धामीले बताइन्। यस वर्ष दर्ता भएका उजुरीमध्ये ८० उजुरीमा मेलमिलाप भएको र पाँच उजुरी कानुनी प्रक्रियामा रहेका छन्। पछिल्लो समय हिंसाविरुद्ध पीडितहरूले उजुरी गर्न थालेको अधिवक्ता विष्णु भट्टले बताए।

यो वर्ष डडेल्धुरा जिल्लामा बलात्कारको घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक र घरेलु

हिंसाका घटनामा ४४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी र औषधीको अभाव हुँदा सामान्य उपचारका लागि पनि जिल्ला अस्पताल धाउनुपर्ने बाध्यता छ। सङ्घीय सरकार मातहतको डडेल्धुरा अस्पतालमा दरबन्दी अनुसारका विषेशज्ञ चिकित्सक नहुँदा स्वास्थ्य सेवा प्रभावकारी हुन सकेको छैन। १९ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेको डडेल्धुरा अस्पतालमा एक जना मात्रै विशेषज्ञ चिकित्सक कार्यरत छन्। जिल्लामा ९ हजार ३ सय ११ महिला सहित १७ हजार ४ सय ७४ जनाले मात्रै स्वास्थ्य बीमा गरेका छन्। झण्झटिलो प्रक्रियाका कारण नागरिकहरू स्वास्थ्य बीमाप्रति आकर्षित हुन नसकेको अमरगढीका स्थानीय नरबहादुर सार्कीले बताए।

तालिका ५.७.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
यौन दुर्व्यवहार	१	१	२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	४२	२		४४
बलात्कार			१	१
यौन दुर्व्यवहार	१			१
जम्मा	४३	२	१	४६

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

(स्रोत : इन्सेक, २०२३)

५.७.६ डोटी



जम्मा जनसङ्ख्या	२,०४,८३१
महिला	१,११,२२७
घर परिवार सङ्ख्या	४५,१४०
घरजग्गामा महिलाको स्वामित्व	२,६३८
साक्षरता प्रतिशत	७०.७४
आश्रित जनसङ्ख्या	१,१६,७८२
अपाङ्गता भएका	५,११९

हलिया मुक्ति घोषणाको १५ वर्ष पूरा भएको छ। तर, मुक्त हलियाहरूको व्यवस्थित पुनर्स्थापना हुन सकेको छैन्। परिचय-पत्र पाएका १ हजार २ सय १० मुक्त हलिया परिवारहरूको पुर्नस्थापना हुनसकेको छैन। सरकारले मुक्त हलियाहरूको न्यायिक पुनस्थापना (शिक्षा, स्वास्थ्य, रोजगारी र उचित बसोबास) नगरेका कारण मुक्त हलियाहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट थप पीडित हुनुपरेको मुक्त हलिया जिल्ला अध्यक्ष बजिरसिंह नेपालीले बताए। राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ, नेपालको तथ्याङ्क अनुसार यस जिल्लामा १ हजार ३ सय २१ मुक्त हलिया घरपरिवारको लगत सङ्कलन गरिएको थियो। यीमध्ये क, ख, ग र घ वर्ग गरी १ हजार २ सय १० मुक्त हलिया परिवारले मात्रै परिचय-पत्र प्राप्त गरेका छन्। अहिले पनि १ सय ११ जना मुक्त हलिया परिवारलाई राज्यले परिचय-पत्रसमेत उपलब्ध गराएको छैन। परिचय-पत्र पाउन नसकेका मुक्त हलिया परिवारहरू राज्यले प्रदान गर्दै आएको राहत तथा सहयोग कार्यक्रमबाट समेत वञ्चित हुँदै आएका छन्।

यस वर्ष डोटी जिल्लामा ज्यादतीका घटनामा ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना महिला पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता रहेको जिल्ला कारागार, डोटीमा एक जना महिलासहित ६३ कैदीबन्दी रहेका छन्। कारागार विभाग र सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा कारागारको सामान्य मर्मत भए पनि क्षमता भन्दा बढी कैदीबन्दी रहेकाले बसोबास, शुद्ध खानेपानी, शौचालय र स्वास्थ्य परीक्षण गर्न समस्या रहको जिल्ला कारागारका सूचना अधिकारी प्रदीप ओझाले बताए। सीपमूलक तालिम, पुस्तकालय, मनोरञ्जनका साधन लगायतका सुविधाबाट आफूहरू वञ्चित हुनुपरेको नाइके बिरबहादुर ताम्राकारले बताए। चार वर्षदेखि मुद्दाको सुनुवाइ नभएका पाँच जना कैदी कारागारमा छन्।

बाल सुधार गृह

२५ जना क्षमता रहेको बाल सुधार गृह, डोटीमा १२ जना थुनुवा र ३९ जना कसुर ठहर भएका बालक गरी ५१ जना राखिएको छ। सुदूरपश्चिम प्रदेशका नौ ओटै जिल्ला र लुम्बिनी प्रदेशका रुपन्देही, बाँके र दाङ जिल्लाका बालकहरूलाई बाल सुधार गृह, डोटीमा राखिएको छ। एक जना स्टाफ नर्सको दरबन्दी रहकोमा पदपूर्ति हुन सकेको छैन। शैक्षिक सामग्रीको अभाव, खेल मैदानको अभाव, क्षमता भन्दा दोब्बर बढी बालक राख्नुपर्ने बाध्यताले शौचालय प्रयोग गर्न, सुत्नलाईसमेत समस्या भएको बाल सुधारगृहका प्रमुख सानु माया गुरुङले बताइन्। पानीको अभावमा सरसफाइ र लुगा धुनसमेत समस्या हुने गरेको र उमेर

तालिका ५.७.६.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	१	१
	यौन दुर्व्यवहार	३	३
	जम्मा	३	३
महिला अधिकार	घरेलु हिंसा	३१	३१
	बलात्कार	१	१
	जम्मा	३३	३३
कूल जम्मा		३६	३६

(स्रोत : इन्सेक, २०२३)

पुगिसेकाहरूलाई समेत बाल सुधार गृहमा राख्नुपर्ने बाध्यताले सुरक्षाको समेत चुनौती थपिएको बाल सुधार गृहका प्रमुख सानुमाया लिम्बुले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। जिल्ला अदालतमा यस वर्ष फौजदारी मुद्दातर्फ ६५ थान र देवानी मुद्दातर्फ ४१ थान मुद्दा दर्ता भएकोमा ५७ थान फौजदारी र ३७ थान देवानी गरी ९४ थान मुद्दा फैसला भए। दुई वर्षभन्दा पुराना मुद्दाहरू फैसला हुन बाँकी नरहेको अदालतका सेरेस्तेदार गम्भीर रानामगरले बताए। न्याय सम्पादनलाई प्रभावकारी बनाउन अदालतमा दरबन्दी अनुसारको जनशक्ति हुनुपर्ने, अनुसन्धान तथा अभियोजन प्रक्रिया छिटोछरितो हुनुपर्ने, बार र बेञ्चको सहकार्य हुनु आवश्यक रहेको जिल्ला बार एशोसिएसनका अध्यक्ष कैलाश साउदले बताए।

उच्च अदालत दिपायल

उच्च अदालत, दीपायलमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। उच्च अदालतमा यस वर्ष दुनियावादी देवानी मुद्दातर्फ २ सय ८२ थान, दुनियवादी फौजदारी मुद्दातर्फ १ सय ३६ थान र सरकारवादी फौजदारी मुद्दातार्फ २ हजार ३ सय ३० थानमा २ सय ६ थान मुद्दा दर्ता भएकोमा २ सय ६ थान दुनियावादी देवानी, ८४ थान दुनियावादी फौजदारी र २ हजार ४२ थान सरकारीवादी फौजदारी मुद्दा फैसला भए। दुनियावादी देवानीतर्फ ७६ थान, दुनियावादी फौजदारीतर्फ ५२ थान र सरकारवादी फौजदारीतर्फ २ सय ८८ थान मुद्दा फैसला हुन बाँकी रहेको उच्च अदालत, दीपायलका सेरेस्तेदार तारादत्त बडुले बताए।

बाल अधिकार

यस वर्ष डोटी जिल्लामा यौन दुर्व्यवहारको घटनामा दुई र बलात्कारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

यस जिल्लाका अधिकांश विद्यालयहरू अपाङ्गमैत्री नभएका र शुद्ध पिउने पानीको अभाव भएका कारण विद्यार्थीहरूले सास्ती खेप्नुपरेको दीपायल सिलगढी नपाका लक्ष्मण विष्टले बताए। बाल विकास केन्द्र व्यवस्थापन खर्चदेखि कक्षा १२ सम्म तोकिएका मापदण्डका पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइएको भए पनि विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा निःशुल्क उपलब्ध हुने भनिए पनि यो सुविधा ३५ ओटा विद्यालयमा मात्रै उपलब्ध रहेको जिल्ला शिक्षा समन्वय एकाइका प्राविधिक सहायक पदम साउदले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३१ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १३, सामान्य घरायसी झगडाका ११ र अभद्रव्यवहार तथा गालिगलौजका सात उजुरी दर्ता भए। यीमध्ये ३१ उजुरीमा मेलमिलाप गरिएको छ। बहुविवाह र अपराधका घटनामा प्रहरीले मेलमिलाप गर्दैन। यौन दुर्व्यवहार, जबरजस्ती यौन सम्बन्ध, हाडनाताकरणी, हिंसा/हत्या, दुर्व्यवहार, बालविवाह, र वृद्ध महिलालाई हेला, भेदभाव र परम्परागत प्रथाजनित कारणले गरिने हिंसाबाट महिलाहरू पीडित हुने गरेको पाइएको छ।

यो वर्ष डोटी जिल्लामा बलात्कारको घटनामा एक र घरेलु हिंसाका घटनामा ३२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

पछिल्लो वर्षदेखि डोटी जिल्लाका मुख्य स्वास्थ्य

सूचकहरूमा सुधार भएको भए पनि ग्रामीण क्षेत्रका नागरिकहरूको स्वास्थ्य सेवामा सहज पहुँच छैन। पोषण सुरक्षा, खोप, मातृत्व, बालरोग व्यवस्थापन, परिवार नियोजन तथा ओपीडी सेवा लगायतका स्वास्थ्य सूचकहरूमा केही सुधार भएको छ। पूर्ण खोप पाउने बालबालिकाहरू ९०.४ प्रतिशत छ। अझै ९.६ प्रतिशत बालबालिकहरू पूर्णखोप पाउनबाट वञ्चित छन्। गर्भावस्थामा आइरन चक्की पाउने महिलाको ७४.१ प्रतिशत र प्रोटोकल अनुसार गर्भजाँच गराउने ७४.२ रहेको छ। अहिले पनि ७.२ प्रतिशत महिला संस्थागत सुत्केरी नगराइ घरमै सुत्केरी हुने गरेका छन्। सरकारी स्वास्थ्य संस्थाहरूमा दरबन्दी अनुसारका दक्ष स्वास्थ्यकर्मी नहुनु, नि:शुल्क वितरण गर्ने औषधीहरूको पर्याप्त उपलब्ध नहुनु, स्वास्थ्य उपकरणको अभाव तथा भएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याउन दक्ष स्वास्थ्यकर्मीको अभावले प्रभावकारी स्वास्थ्य सेवा नागरिकहरूले पाउन नसकेको भए पनि विगतको तुलनामा स्वास्थ्य क्षेत्रमा सुधार हुँदै गएको जिल्ला जनस्वास्थ्य कार्यालय, डोटीका रमेश मलासीले बताए। यस जिल्लाका ४ हजार ६ सय ८५ महिला सहित ११ हजार २९ जनाले मात्रै स्वास्थ्य बीमा गरेका छन्। स्वास्थ्य बीमा गरिएको भए पनि उपचारका लागि प्रक्रियागत झण्झटिलो भएकोले पनि अधिकांश नागरिकहरू स्वास्थ्य बीमामा आकर्षित नभएको स्थानीय लक्ष्मण विष्टले बताए।

तालिका ५.७.६.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
बलात्कार		१	१
यौन दुर्व्यवहार	१	१	२
जम्मा	१	२	३

महिला अधिकार				
घटनाको प्रकार	**मुद्दा टुङ्गिएका**	**मेलमिलाप**	**कानुनी दायरामा ल्याइएका**	**जम्मा**
घरेलु हिंसा	१	३१		३२
बलात्कार			१	१
जम्मा	१	३१	१	३३

(स्रोत : इन्सेक, २०२३)

५.७.७ अछाम

जम्मा जनसङ्ख्या	२,२८,८५२
महिला	१,२३,५३३
घर परिवार सङ्ख्या	४९,५६७
घरजग्गामा महिलाको स्वामित्व	२,८३३
साक्षरता प्रतिशत	७२.६४
आश्रित जनसङ्ख्या	१,३५,२९५
अपाङ्गता भएका	७,००६

महिनावारी भएको समयमा छाउगोठमा बस्नु र बस्न लगाउनु कानुनी रूपमै दण्डनीय भए पनि कर्णाली र सुदूरपश्चिम प्रदेशका जिल्लाहरूमा महिनावारी भएको समयमा छाउगोठमा बस्नुपर्ने बाध्यता छ। सर्वोच्च अदालतले २०६२ वैशाख १९ गते छाउपडी कुप्रथालाई कुरीति घोषणा गरेसँगै स्थानीय जनप्रतिनिधिको अगुवाइमा प्रहरीले छाउगोठ भत्काएर अछाम जिल्लालाई छाउगोठ मुक्त जिल्ला घोषणा गरेको थियो। तर, अहिले पनि महिनावारी भएको समयमा घरभन्दा टाढा कटेरो वा गोठ बनाएर राख्ने चलन कायमै रहेको अधिकारकर्मी पशुपति कुँवरले बताइन्। छाउगोठ न्यानो बनाउन बालिएको आगाको धुवाँले निस्सासिएर, चिसो लागेर, सर्पको टोकाइका कारण केही वर्षयता १४ जना महिलाले ज्यान गुमाएका छन्। छाउपडी कुप्रथा उन्मूलनसम्बन्धी निर्देशिका २०६४ जारी गरेको झण्डै १७ वर्ष बितिसक्दा समेत यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। मुलुकी अपराध संहिता विधेयक २०७४ मा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा विभेद गरेमा कसुर ठहर हुने र कसुर गर्ने व्यक्तिलाई तीन महिनासम्म कैद वा तीन हजार रुपियाँसम्म जरिबाना वा दुवै सजाय हुनसक्ने कानुनी व्यवस्था छ।



यस वर्ष अछाम जिल्लामा ज्यादतीका घटनामा ५५ जना महिला र नौ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ४६ जना महिला पीडित भए।

कुटपिट

अन्यपक्षबाट

चौरपाटी गाउँपालिका अध्यक्ष ४२ वर्षीय भीमबहादुर साउदलाई ०८० वैशाख २४ गते मदिराको बोतल प्रहार गरी घाइते बनाएको आरोपमा चौरपाटी गाउँपालिका-५ लुग्रा निवासी नेविसंघ, अछामका संयोजक २९ वर्षीय खेमराज खड्का र सोही ठाउँका नेविसंघ कार्यकर्ता २४ वर्षीय नरबहादुर खड्का विरूद्ध पीडित पक्षले वैशाख २४ गते उजुरी दियो। सदरमुकाम मंगलसेनबाट गाउँपालिका केन्द्रमा फर्किने क्रममा आफू चढेको गाडी रोकेर आरोपितहरूले टाउकोमा बोतल प्रहार गरी घाइते बनाएको पीडितले बताए। प्रहरीले घटनाका आरोपितमध्ये खेमराज खड्कालाई जेठ ९ गते कैलाली जिल्लाको धनगढीबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतको जेठ ३१ गतेको आदेशमा आरोपित खेमराज पुर्पक्षका लागि थुनामा छन् भने अर्का आरोपित नरबहादुर खड्का फरार रहे।

कारागार र बन्दी

७५ जना कैदी क्षमताको जिल्ला कारागारमा अछाममा ८३ जना कैदीबन्दी छन्। ५० जना पुरुष

कैदीबन्दीको क्षमता रहेको कारागारमा ७८ जना पुरुष कैदी रहेका छन्। यस्तै २५ जना महिला कैदीबन्दी क्षमता रहेको कारागारमा चार जना महिला र एक जना आश्रित बालबालिका रहेका छन्। कारागारमा एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत, अछाममा एक जना न्यायाधीशको दरबन्दी रहेको छ। अदालतमा यस वर्ष देवानी मुद्दातर्फ ४२ थान र फौजदारी मुद्दातर्फ ७७ थान मुद्दा गरी १ सय १९ थान मुद्दा दर्ता भए।

बाल अधिकार

यस वर्ष अछाम जिल्लामा यौन दुर्व्यवहारका घटनामा दुई र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

तालिका ५.७.७.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	३	६
घाइते			६	६
हत्या		१		१
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	२		२
	जम्मा	५		५
महिला अधिकार	घरेलु हिंसा	४२		४२
	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	जम्मा	४६		४६
कूल जम्मा		५५	९	६४

(स्रोत : इन्सेक, २०२३)

शिक्षाको अवस्था

जिल्लाका सामुदायिक विद्यालयमा दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिनुपर्ने व्यवस्था भएका कारण दिवा खाजाको व्यवस्थापनको जिम्मेवारी पाएको स्थानीय सहकारीले समयमा दिवा खाजा खुवाउन नसकेको त्रिपुरा सुन्दरी माविका प्रधानाध्यापक प्रेम कुँवरले बताए। कक्षा ६ देखि १२ सम्म अध्ययनरत विद्यार्थीलाई महिनावारीका लागि निःशुल्क सेनेटरी प्याड उपलब्ध गराईदै आइएको भए पनि सेनेटरी प्याडको व्यवस्थापनमा समस्या देखिएको छ। विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, पाठ्यक्रम, भौतिक स्रोतको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा उपलब्ध गराउनुपर्ने भए पनि जिल्लाका अधिकांश विद्यालयका विद्यार्थी यी सुविधाबाट बञ्चित छन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १ सय २ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सबैभन्दा बढी घरेलु हिंसाका ५३ उजुरी छन्। घरेलु हिंसामा ५३ उजुरीमध्ये ३६ उजुरीमा मेलमिलाप भए भने १५ उजुरी जिल्ला अदालतमा दर्ता भएका छन्। सेवा केन्द्रमा दर्ता हुने अधिकांश उजुरीहरू पतिले मादक पदार्थ सेवन गरी गालीगलौज तथा कुटपिट गरेको, घरायसी झैझगडा नै रहेका डिएसपी सन्तोष पाठकले बताए।

यो वर्ष अछाम जिल्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासको घटनामा एक र घरेलु हिंसाका घटनामा ४२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

पारिवारिक हत्या

मंगलसेन नगपालिका-३ लाछिमनाकी ४० वर्षीया उर्मिला विष्ट भण्डारीको ०८० कात्तिक २९ गते हत्या गरेको भन्दै ४५ वर्षीय पति शेरबहादुर भण्डारीविरुद्ध पीडित पक्षले सोही दिन कात्तिक २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई कात्तिक २९ गते घरबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश ढुङ्गानाको मङ्सिर २६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला सदरमुकाम, मङ्गलसेनमा दुई अस्पताल (जिल्ला अस्पताल, मंगलसेन र बयलपाटा अस्पताल) सञ्चालनमा रहेका कारण यस क्षेत्रका नागरिकहरूलाई स्वास्थ्य सेवा लिन सहज भएको भए पनि जिल्लाका दुर्गमबस्तीका बासिन्दाको अहिले पनि स्वास्थ्य उपचारमा सहज पहुँच छैन। १० वर्ष अगाडि मात्रै निजी स्रोतबाट सञ्चालनमा रहेको बयालपाटा अस्पतालमा विशेषज्ञ सेवासहित भर्ना शुल्क, बेड भर्ना

शुल्क नि:शुल्क र बिरामीलाई खाना तथा आवाससमेत नि:शुल्क गरिएकाले दुर्गम गाउँका विपन्न परिवारका लागि स्वास्थ्य उपचार गर्न निकै सहज र सुलभ भएको छ। नि:शुल्क सेवा सेवा प्रदान गर्दै आएको बयलपाटा अस्पतालमा दातृ निकायले प्रदान गर्दै आएको सहयोग रकममा कटौती भएदेखि सेवा प्रवाह गर्न समस्या हुन थालेको अस्पताल सञ्चालन तथा सरोकार समितिका अध्यक्ष साँफेबगर नगरपालिका प्रमुख राजेन्द्रबहादुर कुँवरले बताए। पूर्ण खोप घोषणा गर्ने नेपालकै पहिलो जिल्ला भए पनि पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन ३६ प्रतिशत रहेको छ। स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन नभएकै कारण जिल्लाको ठूलो जनसङ्ख्या अहिले पनि स्वास्थ्य बीमामा आवद्ध हुन सकेको छैन।

तालिका ५.७.७.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	३
यौन दुर्व्यवहार	१	१	२
जम्मा	२	३	५

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१	२६	३	१२	४२
बलात्कार			१	२	३
बलात्कार प्रयास				१	१
जम्मा	१	२६	४	१५	४६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

५.७.८ कैलाली



जम्मा जनसङ्ख्या	९,०४,६६६
महिला	४,७१,२१०
घर परिवार सङ्ख्या	१,९५,८७२
घरजग्गामा महिलाको स्वामित्व	३३,३५५
साक्षरता प्रतिशत	७७.६१
आश्रित जनसङ्ख्या	४,२७,७६७
अपाङ्गता भएका	२२,४६५

कमैया मुक्ति घोषणाको २३ वर्ष बितिसक्दासमेत मुक्त कमैयाहरूको न्यायोचित र व्यवस्थित पुनर्स्थापना हुन सकेको छैन। कैलाली जिल्लामा ३ हजार ६ सय ४२ जना मुक्त कमैयाहरूलाई रातो परिचय-पत्र र ४ हजार ७ सय ३१ मुक्त कमैयाहरूलाई नीलो परिचय पत्र उपलब्ध गराएको थियो। ८ हजार ९ सय ७५ जना मुक्त कमैयामध्ये ८ हजार २२ जनाको मात्रै पुनर्स्थापना गरियो। ९ सय ५३ जना मुक्त कमैयाहरूको पुनर्स्थापना हुन सकेको छैन। मुक्त कमैया पुनर्स्थापनाका लागि तय गरिएका नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन नहुँदा मुक्त कमैयाहरूको पुनर्स्थापना हुन सकेन। पुनर्स्थापित कमैयाहरूलाई जङ्गल र खोलाकिनारको आवासमा व्यवस्था गरिएकाले उनीहरूको दैनिकी कष्टकर हुँदै आएको मुक्त कमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले बताए। सरकारले रातो परिचय-पत्र उपलब्ध गराएको २३ वर्ष बितिसक्दा समेत अहिलेसम्म पुनर्स्थापनाका लागि कुनै पहल नगरेको लम्कीचुहा नगरपालिका-१ स्थित एकतानगर मुक्त कमैया शिविरको टहरामा २०६० सालदेखि बस्दै आएका फूलराम चौधरीले बताए।

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना महिला र चार जना पुरुष तथा ज्यादतीका घटनामा ३ सय ८७ जना महिला र १२ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ४३ जना महिला पीडित भए।

धम्की / कुटपिट

अन्यपक्षबाट

धनगढी उपमहानगरपालिका-१ एलएन चौक घर भई रेडियो धनगढी र धनगढी खबर डटकमका सम्वाददाता शेरबहादुर ऐरलाई २०७९ फागुन २७ गते अपरिचित व्यक्तिहरूले धनगढीस्थित रुवस होटेलको कम्पाउण्डभित्र धारिलो हतियार प्रहार गरी घाइते बनाए। पीडितको स्वास्थ्य उपचार फागुन २७ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। घटनामा संलग्न भएकाहरूको पहिचान गरी कारबाहीको माग गर्दै पीडितले फागुन २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि आरोपितहरूको पहिचान खुल्न नसकेको जिल्ला प्रहरी कार्यालयका एसपी दबेन्द्र पालले बताए।

कारागार र बन्दी

१ सय ५० जना बन्दी क्षमता भएको जिल्ला कारागारमा ६ सय ४९ जना पुरुष, ५४ जना महिला र दुई जना आश्रित बालिका गरी ७ सय ५ जना छन्। कारागारमा तीन वर्ष मुनिका दुई बालिका आमासँगै कारागारमा छन्। कारागारमा दुइजना महिला सहित ३० जना ज्येष्ठ नागरिक रहेका छन्। कारागारमा एक

तालिका ५.७.८.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			१	१	३	४	६
कारागारमा मृत्यु			३	३			
अमानवीय व्यवहार						१	१
घाइते						३	३
हत्या					३	४	७
धम्की			१	१		१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				३		३
	बलात्कार				१५		१५
	यौन दुर्व्यवहार				३१		३१
	जम्मा				३९		३९
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास				४		४
	घरेलु हिंसा				३०४		३०४
	प्रसूति सेवा	१		१	१		१
	बलात्कार				३६		३६
	बलात्कार प्रयास				७		७
	यौन दुर्व्यवहार				१		१
	जम्मा	१		१	३४३		३४३
कूल जम्मा		१	४	५	३८७	१३	३९९

(स्रोत : इन्सेक, २०२३)

जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेको छ। जटिल स्वास्थ्य समस्या भएका कैदीबन्दीहरूको उपचार अस्पतालमा हुने गरेको जेलर पदमराज तिमल्सिनाले बताए। कैदीबन्दीहरूको मानसिक अवस्था, रोग र अपराधका आधारमा अगल कोठामा राख्ने व्यवस्था छैन। फोहोर व्यवस्थापन र ढल निकास नहुँदा समस्या भएको छ। जीर्ण कारागार भवन मर्मत नहुँदा पानी चुहिने समस्या रहेको छ। जिल्ला कारागार, कैलालीमा दुई जना अपाङ्गता भएका बन्दी छन्। पर्याप्त बजेट अभावमा कैदीबन्दीहरूका आधारभूत अधिकारको समेत पूर्ति गर्न समस्या भएको जेलर तिमिल्सिनाले बताए। दुई वर्षसम्म फैसला नभएका बन्दीको सङ्ख्या १७ रहेको छ।

कारागारमा मृत्यु

बैतडी जिल्ला दोगदाकेदार गाउँपालिका-५ घर भई जिल्ला कारागार, कैलालीका कैदी २४ वर्षीय शेरे भन्ने सरोज विष्टको ०८० साउन ३ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचारका क्रममा साउन ८ गते मृत्यु भयो। जिल्ला अदालतले ०७५ चैत ३ गते चोरी मुद्दामा कसुर ठहर गरी उनलाई पाँच वर्ष कैद सजाय र ५० हजार रूपियाँ जरिवाना भराउने फैसला गरेको थियो।

हिरासतमा मृत्यु

धनगढी उमनपा-१६ घसीटाका ३१ वर्षीय कृष्णबहादुर सेठीको जिल्ला प्रहरी कार्यालयको हिरासतमा कात्तिक २३ गते मृत्यु भयो। धनगढी उमनपा-१६ घसीटाका ३८ वर्षीय लालबहादुर थापाको कात्तिक २० गते बाँसको लाठी प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले सेठीलाई कात्तिक २१ गते गिरफ्तार गरेको थियो। कात्तिक २३ गते बयान लिने क्रममा बेहोस भएपछि सेती प्रादेशिक अस्पताल, धनगढीमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी कुलदीप चन्दले बताए। पीडित पक्षले घटनाको छानविनका लागि राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दियो। अनुसन्धान प्रक्रिया जारी रहेको र भिसेरा रिपोर्ट आउन बाँकी रहेको राष्ट्रिय मानव अधिकार आयोग, सुदुरपश्चिम प्रदेश कार्यालय, धनगढीका प्रमुख हरि ज्ञवालीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। यस वर्ष देवानी मुद्दातर्फ १ हजार २७ मुद्दा दर्ता भएकोमा ४ सय ५४ थान मुद्दा फैसला भए। यस वर्षको अन्त्यसम्म फैसला हुन बाँकी ५ सय ७३ थान मुद्दा रहेका छन्। यस वर्ष फौजदारीतर्फ ९ सय ५७ थान मुद्दा दर्ता भएकोमा फैसला हुन बाँकी ४ सय ४४ थान मुद्दा छन्। दुई वर्ष भन्दा पुराना फैसला हुन बाँकी देवानी मुद्दा ५५ थान रहेका छन्।

अमानवीय व्यवहार

धनगढी उपमहानगरपालिका-२ स्थित सुदूरपश्चिम एकेडेमी (एसपीए) क्याम्पसका प्रमुख ५५ वर्षीय योगराज उपाध्याय गौतमलाई २०७९ चैत १० गते मोसो दली दुर्व्यवहार गरेको भन्दै नेपाल विद्यार्थी संघका कार्यकर्ता २३ वर्षीय हितेशविक्रम चन्द र २६ वर्षीय मनिस कुवँरलाई प्रहरीले गिरफ्तार गऱ्यो। सुदूरपश्चिम एकेडेमीमा चैत १० गते स्वतन्त्र विद्यार्थी युनियन गठन गर्ने विषयमा भएको विवादमा नेविसंघका केही कार्यकर्ताहरूले कक्षाकोठाबाट बाहिर निकालेर आफूमाथि मोसो दलेको क्याम्पस प्रमुख योगराज उपाध्याय गौतमले बताए। घटनाका बारेमा क्याम्पसमै छलफल गर्ने क्याम्पस प्रशासनले बताएपछि आरोपितहरू सोही दिन रिहा भए। आरोपितहरूले माफी मागेपछि मेलमिलाप गरिएको क्याम्पस प्रमुख तथा पीडित योगराज उपाध्याय गौतमले बताए।

बाल अधिकार

यस वर्ष कैलाली जिल्लामा यौन दुर्व्यवहारका घटनामा २१, बलात्कारका घटनामा १५ र बेचबिखन तथा ओसारपसारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

सामुदायिक विद्यालयमा नि:शुल्क पठनपाठन, नि:शुल्क पाठ्यपुस्तक, नि:शुल्क परीक्षा व्यवस्थापन र सञ्चालन, कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा प्रबन्ध, कक्षा ६-१२ का छात्रालाई आवश्यकता अनुसार नि:शुल्क सेनिटरी प्याड उपलब्ध गराउने व्यवस्था भए पनि जिल्लाका अधिकांश विद्यालयका बालबालिकाहरूले यी अधिकार उपभोग गर्न पाएका छैनन्। तर, केही विद्यालयले अभिभावक सहयोग शुल्क उठाउँदै आएको शिक्षा समन्वय एकाइका प्रमुख बैकुण्ठ सुवेदीले बताए।

बेचबिखन तथा ओसारपसार

१६, १६ वर्षीया दुई बालिकालाई २०७९ चैत १६ गते बेचविखन तथा ओसारपसार प्रयास गरेको भन्दै घोडाघोडी नगरपालिका-५ की २८ वर्षीया लक्ष्मी परियार नेपाली विरूद्ध पीडित पक्षले चैत १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत १६ गते गौरीफन्टा नाकाबाट गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध चैत १८ गते बेचविखन तथा ओसारपसार अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद अर्यालको मङ्सिर १२ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै एक वर्ष कैद सजाय र ५ हजार रूपियाँ पीडितलाई क्षतिपुर्ति भराउने फैसला गरेको शाखा अधिकृत चेतबहादुर बोहराले बताए।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई २०८० असार ६ गते यौन दुर्व्यवहार गरेको भन्दै घोडाघोडी नगरपालिका-६ बसन्ताका २४ वर्षीय सागर चौधरीविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय, सुखडमा असार ७ गते उजुरी दियो। प्रहरीले आरोपितलाई असार ७ गते घोडाघोडीबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद अर्यालको कात्तिक १४ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै २१ दिन कैद सजाय र १० हजार रुपियाँ जरिवाना भराउने फैसला गरेको जिल्ला अदालत, कैलालीका शाखा अधिकृत चेतबहादुर बोहराले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४ सय ८८ जना महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, कैलालीमा उजुरी दर्ता गराए। जसमा बालविवाह, बेरोजगारी तथा आर्थिक अभाव, मदिरा सेवनजस्ता कारणले महिला हिंसाका घटनामा वृद्धि भइरहेको सेवा केन्द्रकी इन्चार्ज इन्स्पेक्टर सरस्वती अधिकारीले बताइन्। उजुरी परेका घरेलु हिंसा घटनामध्ये ४ सय १८ घटना मेलमिलाप, उजुरी दिएर सम्पर्कमा नआएका २१ जना र ४५ जनाले मेलमिलाप हुन नसकेर सम्बन्धित निकायमा पठाएको इन्स्पेक्टर अधिकारीले बताइन्।

यो वर्ष कैलाली जिल्लामा बलात्कारका घटनामा २६, बलात्कार प्रयासका घटनामा सात, यौन दुर्व्यवहारका घटनामा एक, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा चार जना, प्रसूति सेवाबाट वञ्चित दुई जना र घरेलु हिंसाका घटनामा ३ सय ४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

मानव बेचबिखन तथा ओसारपसार

२२ वर्षीया महिलालाई २०८० जेठ ८ गते बेचबिखन प्रयास गरेको भन्दै डडेलधुरा जिल्ला

गन्यापधुरा गाउँपालिका-१ का २१ वर्षीय पदमबहादुर देउवाविरूद्ध पीडित पक्षले जेठ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ९ गते गौरीफन्टानाकाबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद अर्यालको मङ्सिर २८ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै एक वर्ष कैद सजाय, ५ हजार रुपियाँ पीडितलाई क्षतिपर्ति र ४ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने फैसला गरेको जिल्ला अदालत कैलालीका सेस्तेदार मानबहादुर विष्टले बताए।

बलात्कारपछि हत्या

लम्कीचुहा नगरपालिका-४ भल्काकी ३३ वर्षीया मञ्जु रावलको ०८० जेठ २५ गते बलात्कार गरी हत्या गरेको आरोपमा लम्कीचुहा नगरपालिका-४, भल्काका ४० वर्षीया गोमा रावल, २४ वर्षीय भरत रावल, अछाम जिल्ला पञ्चदेवलविनायक नगरपालिका-६ तोलीकी ३७ वर्षीया सरीता रावल र २५ वर्षीया वर्षा रावलविरूद्ध पीडित पक्षले असार १३ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। प्रहरीले आरोपित गोमा रावललाई असार २५ गते डोटी जिल्लाको दिपायलशिलगडीबाट, भरत रावललाई साउन ४ गते धनगढी उपमहानगरपालिका-३ मित्रनगरबाट र वर्षा रावल र सरीता रावललाई साउन १२ गते धनगढी उपमहानगरपालिका-३ मित्रनगरबाट गिरफ्तार गऱ्यो। महुन्याल गाउँपालिका- ५ स्थित बाँसघारी सामुदायिक वनको सेतीखोर खोलाको २ सय मिटर पश्चिमतर्फ खोला नजिकै ढुङ्गाले च्यापेर राखिएको अवस्थामा हड्डी र कंकालहरू तैरिएर रहेको अवस्थामा शव फेला परेको र कङ्कालमा बेरिएको कुर्ताबाट शवका पहिचान भएको मृतकका छोरा विवेक रावलले बताए। जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद अर्यालको साउन ३१ गतेको इजलासले वर्षा रावललाई तारिखमा र गोमा रावल, भरत रावल र सरिता रावललाई पुर्पक्षका लागि थुनामा पठाएको शाखा अधिकृत चेतबहादुर बोहराले बताए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

पारिवारिक हत्या

लम्कीचुहा नगरपालिका-६ बाघमाराकी ७१ वर्षीया लगनीदेवी थरूनीको २०७९ माघ १६ गते बन्चरो प्रहार गरी हत्या गरेको आरोपमा ४० वर्षीय छोरा श्रीराम थारूविरूद्ध पीडित पक्षले माघ १७ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। शवको पोष्टमार्टम माघ १७ गते टिकापुर अस्पताल, टिकापुरमा भयो। प्रहरीले आरोपितलाई माघ १७ गते बाघमारागाउँबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको फागुन १४ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएको शाखा अधिकृत चेतबहादुर बोहराले बताए।

स्वास्थ्य सेवाको अवस्था

कैलाली जिल्लामा दुई प्रादेशिक अस्पताल, तीन नगर अस्पताल, १ सय ४८ प्राथमिक स्वास्थ्य केन्द्र र १९ आधारभूत स्वास्थ्य केन्द्र रहेका छन्। ९८ प्रकारका औषधी निःशुल्क पाउने सरकारी नीति भए पनि स्वास्थ्य संस्थामा निःशुल्क पाइने ३० प्रकारका औषधी मात्रै पालैपालो गरी सबै स्वास्थ्य संस्थामा उपलब्ध गरेको छ।

तालिका ५.७.८.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१		१	२
बलात्कार	१	१	१३	१५
यौन दुर्व्यवहार	३	१	१८	२१
जम्मा	५	२	३१	३८

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार	१		१	२	४
घरेलु हिंसा	१	२८८	३	२२	३०४
प्रसूति सेवा		१		१	२
बलात्कार			९	१६	२५
बलात्कार प्रयास			१	६	८
यौन दुर्व्यवहार				१	१
जम्मा	२	२८९	१४	४८	३४३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	८	८

(स्रोत : इन्सेक, २०२३)

५.७.९ कञ्चनपुर

जम्मा जनसङ्ख्या	५,१३,७५७
महिला	२,७३,०७१
घर परिवार सङ्ख्या	१,११,१६७
घरजग्गामा महिलाको स्वामित्व	१९,५८१
साक्षरता प्रतिशत	७९.६४
आश्रित जनसङ्ख्या	२,४७,९७१
अपाङ्गता भएका	१३,५८५



यस वर्ष कञ्चनपुर जिल्लामा ज्यादतीका घटनामा ३ सय ३ जना महिला र चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना बालिका तथा महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ८४ जना महिला पीडित भए।

विगतको अनुगमन

भीमदत्त नगरपालिका-२ उल्टाखामकी १३ वर्षीया बालिका निर्मला पन्तको २०७५ साउन १० गते बलात्कारपछि हत्या भएको पाँच वर्ष बितिसक्दा पनि घटनामा संलग्नको पहिचान हुन सकेको छैन। गृहमन्त्री र प्रहरी प्रमुख फेरिएसँगै निर्मला पन्त हत्या घटनाका आरोपितलाई कानुनी दायरामा ल्याइनु आफ्नो प्राथमिकता रहेको बताउने गरे पनि यतिका वर्षसम्म पनि संलग्न व्यक्तिको पहिचान हुन नसक्नु विडम्बना हो। बलात्कारपछि हत्या गरिएको अवस्थामा निर्मलाका शव स्थानीय उखुबारीमा फेला परेको थियो। घटनामा संलग्नको खोजी गरी कानुनी कारबाहीको माग राख्दै स्थानीय तथा पीडित परिवारले निरन्तर आन्दोलन गरे। घटनामा संलग्न भएको भन्दै प्रहरीले २०७५ भदौ ४ गते दिलीप विष्टलाई सार्वजनिक गरेको थियो। विष्टलाई घटनामा संलग्न भएको भन्दै प्रहरीले सार्वजनिक गरेपछि प्रहरीले नै वास्तविक हत्यारा बचाउन खोजेको भन्दै स्थानीयले गरेको आन्दोलनमा प्रहरीले चलाएको गोली लागेर भीमदत्त नगरपालिका-१८ का १४ वर्षीय सन्नी खुनाको मृत्यु भयो। एक दर्जन बढी घाइते भए। गिरफ्तार गरिएका दिलीपको डीएनए नमिलेपछि उनी रिहा भए। घटनाको अनुसन्धानमा लापरबाही गरी प्रमाण नष्ट गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन एसपी डिल्लीराज विष्ट, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरका तत्कालीन डीएसपी ज्ञानबहादुर सेठी, इन्स्पेक्टर एकेन्द्र खड्का, प्रहरी असई रामसिंह धामी, हरीसिंह धामी, प्रहरी जवान चाँदनी साउद र वडा प्रहरी कार्यालयका इन्स्पेक्टर जगदिशप्रसाद भट्ट निलम्बनमा परे। अदालतको आदेशमा पछि सबै पुर्नबहाल भए। घटनाका अनुसन्धान गर्न गृह मन्त्रालयले उच्चस्तरीय समिति, प्रहरी प्रधान कार्यालयले तत्कालीन डीआईजी धिरु बस्नेत, एसएसपी दुर्गा सिंहको नेतृत्वका समितिहरूले घटनाको अनुसन्धान अध्ययन तथा अनुसन्धान गरी प्रतिवेदन तयार गरेका थिए। तर, यो घटना अझै रहस्यमै रहेको छ।

कुटपिट

अन्यपक्षबाट

भीमदत्त नगरपालिका-१८ का वडाध्यक्ष ४२ वर्षीय रविन्द्र देवकोटालाई ०८० साउन २८ गते कुटपिट गरेको भन्दै भिमदत्त नगरपालिका-१८ का ३४ वर्षीय कमल रोकाया, बेदकोट नगरपालिका-६ का ३४

वर्षीय प्रविण गिरी, भीमदत्त नगरपालिका-५ का ३८ वर्षीय केशव चन्द, कृष्णपुर नगरपालिका-५ का २८ वर्षीय रोहितजंग कुवँर, भीमदत्त नगरपालिका-१८ का २८ वर्षीय नवीन चन्द र सोही ठाउँका २६ वर्षीय लेखान्त बुढाविरुद्ध पीडित पक्षले साउन २८ गते जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगअन्तर्गत उजुरी दियो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेयको भदौ १९ गतेको इजलासले आरोपितहरूलाई जनही ५० हजार रूपियाँ धरौटीमा रिहा गर्न आदेश दिएको नायब सुब्बा दानबहादुर बोहराले बताए। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

भीमदत्त नगरपालिका- १ निवासी नेपाल टेलिभिजनका सम्वाददाता तथा पत्रकार महासङ्घ, कञ्चनपुरका साधारण सदस्य २५ वर्षीय पदमराज बोहरालाई ०७९ फागुन ८ गते अपरिचित व्यक्तिले कुटपिट गरी घाइते बनाएको भन्दै पीडितले फागुन ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको टाउको, मुख तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो। घटनामा संलग्नको पहिचान हुन नसकेकाले गिरफ्तार गर्न नसकिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रकाश डाँगीले बताए। घटनापछि पीडित पत्रकारिता पेशा छोडर भारतमा रोजगारी गरिरहेका छन्।

तालिका ५.७.५.१ घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			४	४
हत्या		१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	विद्यालयमा शारीरिक सजाय	१		१
	बलात्कार	११		११
	यौन दुर्व्यवहार	५		५
	जम्मा	१८		१८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास	३		३
	घरेलु हिंसा	३७३		३७३
	बलात्कार	४		४
	बलात्कार प्रयास	५		५
	जम्मा	३८४		३८४
कूल जम्मा		३०३	४	३०७

(स्रोत : इन्सेक, २०२३)

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ९५ जनाको छ। कारागारमा कैदीबन्दी २ सय ३९ जना र थुनुवा २ सय ६१ गरी जम्मा ५ सय जना रहेका छन्। जसमा महिला १८ जना र पुरुष ४ सय ८२ जना रहेका छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेब दरबन्दी रहेको छ। २०२३ सालमा स्थापना भएको कारागार भवन जीर्ण अवस्थामा रहेको र दिनदिनै थपिइरहने कैदीको चापले खान, बस्न, शौचालय जान समस्या भइरहेको जिल्ला कारागार, कञ्चनपुरका जेलर मायाकुमारी बस्नेत थापाले बताइन्। क्षमता भन्दा पाँच गुणा बढी कैदीबन्दी भएकोले पालो मिलाएर सुत्नुपर्ने, शौचालयको प्रयोगको लागि लामो समय कुर्नुपर्ने अवस्था रहेको र कोचिएर बस्नुपर्ने भएकोले सानोतिनो कुरामा वादविवाद भइरहने नाइके टेकराज जोशीले बताए।

लागुऔषध मुद्दामा जिल्ला कारागार, कञ्चनपुरका कैदी कैलाली जिल्ला गोदावरी नगरपालिका-५ गेटाका २४ वर्षीय सुवास भट्टलाई ०८० साउन २८ गते जिल्ला कारागार, कञ्चनपुरका कैदीबन्दीहरू मिलेर कुटपिट गर्ने र २० हजार रूपियाँ नदिए मार्ने धम्की दिएको भन्दै पीडितले सुरक्षाका लागि पहल गरिदिन अनुरोध गर्दै परिवारलाई फोन गरे। जिल्ला कारागार, कञ्चनपुरका चौकीदार टेकराज जोशीले अहिलेसम्म कुनै पनि कैदीबन्दीबाट रकम असुल्ने र कुटपिट गर्ने कार्य नभएको अन्यत्र जेलमा जानका लागि सुवासले झुट्टो आरोप लगाएको बताए। कैदीबन्दीले एक अर्कासँग रकम असुल्ने गरेको भन्ने सम्बन्धमा कसैले गुनासो नगरेको र सुवासको अनुरोधमा उनलाई साउन ३० गते जिल्ला कारागार, दाङमा स्थानान्तरण गरिएको जिल्ला कारागार, कञ्चनपुरका जेलर माया बस्नेत थापाले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत

जिल्ला अदालत, कञ्चनपुरमा दुई जना न्यायाधीशको दरबन्दी रहेको छ। जिल्ला अदालतमा यो

वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय ४३ थानमध्ये ६ सय ११ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ७२ थानमध्ये ४ सय ७२ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १५ थान छन् भने देवानी मुद्दा ११ थान छन्। न्याय प्रशासनको ढिलासुस्ती प्रमुख कारण मुद्दाको सुनुवाइ र फैसला प्रभावित हुने गरेको जिल्ला बार एशोसिएसनका अध्यक्ष कृष्णदत्त जोशीले बताए। दरबन्दी अनुसार न्यायाधीश नियुक्त नहुनु, मुद्दाको चाप अनुसार दरबन्दी थप नहुनु, पूरै दिन सदुपयोग हुन नसक्नु र बेञ्च अल्छी हुनु नै न्याय सम्पादनका मुख्य कारण रहेको अध्यक्ष जोशीले बताए।

उच्च अदालत

उच्च अदालत, कञ्चनपुरमा चार जना न्यायाधीशको दरबन्दी रहेको छ। उच्च अदालतमा यो वर्ष दुनियावादी देवानीका ४६ थान, दुनियावादी फौजदारीका २१ थान, सरकारवादी फौजदारीका ३ सय ४४ थान र सुरू क्षेत्राधिकारबाट दुई थान मुद्दा जिम्मेवारी सरेका थिए। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय ६५ थान मुद्दा फैसला भएका छन्। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा एक थान र देवानी मुद्दा एक थान बाँकी छ। मुद्दामा प्रतिवादीहरू धेरै हुनु, प्रतिवादीहरू फरार रहेकाले म्यादमा ढिलाइ हुने ,साक्षीहरू तोकिएको समयमा उपस्थित नहुनु, अदालतको पत्रलाई अन्य सरोकारवालाले प्राथमिकतामा नराख्नु र एकै मुद्दामा धेरै वकिलहरू सहभागी हुँदा स्थगित हुने लगायतका कारणले न्यायसम्पादन छिटोछरितो हुन नसकेको अधिवक्ता उद्धवराज भट्टले बताए।

बाल अधिकार

यो वर्ष कञ्चनपुर जिल्लामा यौन दुर्व्यवहारका घटनामा पाँच, बलात्कारका घटनामा ११ जना, बेचबिखन तथा ओसारपसारका घटनामा एक जना र विद्यालय शारीरिक दण्ड सजायको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

शिक्षाको अवस्था

विद्यालयमा खेलकुद, अतिरिक्त क्रियाकलाप, सहक्रियाकलाप, भौतिक साधनको सुविधा, विज्ञान प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, विद्युतीय सुविधा राज्यको खर्चमा नि:शुल्क उपलब्ध हुने भनिएता पनि यो सुविधा २ सय ४० ओटा विद्यालयमा मात्रै उपलब्ध छ। विद्यालयले अनेक बाहनामा शुल्क उठाउँदै आएको भीमदत्त नगरपालिका-१४ स्थित शान्ति आधारभूत विद्यालय बनकट्टीका अभिभावक सीता टमाटाले बताइन्। शिक्षक दरबन्दी अभावका कारण शुल्क उठाएर नीजि स्रोतबाट शिक्षक परिपूर्ति गर्नुपर्ने कारण विभिन्न विद्यालयहरूले आर्थिक सहयोग भनी शुल्क उठाउँदै आएको जिल्ला समन्वय समितिका प्रमुख दुर्गादत्त बोहराले बताए। सामुदायिक विद्यालयहरूमा शौचालय र खानेपानीको समस्या रहेको छ। सङ्घीय सरकारको परियोजनाबाट बनेका नयाँ विद्यालय भवनहरू अपाङ्गमैत्री छन्।

बेचबिखन तथा ओसारपसार

१६ वर्षीया बालिकालाई ०८० भदौ २४ गते गड्डाचौकी हुँदै भारतमा बेचबिखनका लागि लगेको आरोपमा बैतडी जिल्ला पुर्चौडी नगरपालिका-८ का २२ वर्षीय करन लुहारविरुद्ध पीडित पक्षले भदौ २४ गते जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ २४ गते गड्डाचौकीबाट गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेयको असोज १५ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय १८ जनाले महिलाले जिल्ला प्रहरी कार्यालयको बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका २५, खानलाउन नदिएको १ सय १०, विवाह दर्ता र नागरिकता नबनाएको १२, घरायसी झगडाका १ सय ४१ उजुरी छन्। २० जना उजुरीकर्ता सम्पर्कमा आएनन्। यीमध्ये प्रहरीले २ सय ८४ उजुरीमा मेलमिलाप गरायो भने १४ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ। १८ ओटा उजुरीको निर्णय हुन बाँकी रहेको छ। सामान्य विवादका घटनामात्र मेलमिलाप गरिने सेवा केन्द्रकी इन्स्पेक्टर विनु शाहीले बताइन्।

यो वर्ष कञ्चनपुर जिल्लामा बलात्कारका घटनामा चार, बलात्कार प्रयासका घटनामा पाँच, बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा दुई

जना र घरेलु हिंसाका घटनामा २ सय ७३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

बेचबिखन तथा ओसारपसार

१८ वर्षीय युवती र २७ वर्षीया महिलालाई २०८० असार १० गते बेचविखन तथा ओसारपसार गरेको आरोपमा भीमदत्त नगरपालिका -६ ऐठपुरकी ३५ वर्षीया गीता जोशीविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १३ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पदमराज पाण्डेयको साउन १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। मुद्दा जिल्ला अदालतमा विचाराधीन छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ५९ हजार १ सय २० जनाले बीमा गराएर सेवा लिइरहेको स्वास्थ्य बीमा प्रमुख ललित जोशीले बताए। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम लागु भएको छ। स्वास्थ्य बीमा लिन अपनाउनुपर्ने झण्झटिलो प्रक्रियाका कारण र खोजेको सबै औषधी अस्पतालमा नपाउँदा सेवाग्राहीहरूको स्वास्थ्य बीमाप्रति चासो कम हुँदै गएको स्वास्थ्य बीमा प्रमुख ललित जोशीले बताए। जिल्लाको दूरदराजमा रहेको स्वास्थ्य चौकीहरूमा सामान्य ज्वरोको औषधी पनि नपाइने सेवाग्राहीको गुनासो छ।

तालिका ५.७.५.२ सन् २०२३ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
विद्यालयमा शारीरिक सजाय	१			१
बलात्कार		१	९	१०
यौन दुर्व्यवहार			५	५
जम्मा	१	१	१५	१७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
घरेलु हिंसा	२७२	१		२७३
बलात्कार			४	४
बलात्कार प्रयास			५	५
जम्मा	२७२	१	१०	२८३

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

(स्रोत : इन्सेक, २०२३)

परिच्छेद ६

सन् २०२३ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल

यस खण्डमा निर्धारित सूचकहरूका आधारमा मूलत: शारीरिक हिंसामा केन्द्रित रहेर नेपालका सातवटै प्रदेशका लागि मानव अधिकार उल्लङ्घन सूचकाङ्क (Human Rights Violation Index - HRVI) को निर्माण गरिएको छ। मानव अधिकार उल्लङ्घन सूचक एक समग्र सूचकाङ्क हो, जसले मानव अधिकार उल्लङ्घनका सन्दर्भमा नेपालका सात ओटै प्रदेशको सापेक्षिक स्थिति पहिचान गर्न मद्दत गर्दछ। विश्वव्यापी रूपमा मानव अधिकारको सूचकाङ्क निर्माणका लागि अलग-अलग संयन्त्रहरू छन्। उदाहरणका लागि विश्वव्यापी मानव अधिकार सूचकाङ्क (https://huridocs.org/resource-library/human-rights-research-databases/universal-human-rights-index/), मानव अधिकार मापन प्रयास/पहल (https://humanrightsmeasurement.org/), मानव स्वतन्त्रता सूचकाङ्क २०२१ (Vásquez, McMahon, Murphy & Schneider, 2021) र आन्तरिक हिंसा सूचकाङ्क: विकासोन्मुख देशहरूमा आन्तरिक हिंसा र अपराधको समग्र तथा मात्रात्मक उपाय (Feindouno, Goujon & Wagner, 2016) हुन। संयुक्त राष्ट्रसङ्घ (२०१२) ले मानव अधिकार सूचकहरूको मापन र कार्यान्वयनका लागि विस्तृत मार्गनिर्देशन गरेको छ।

इन्सेकले तल्लो तहसम्म नियमित अनुगमन गरेर राज्य र अन्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन सम्बन्धी घटनाहरू सङ्कलन गर्दछ। तसर्थ यस खण्डमा प्रस्तुत गरिएका सूचकाङ्कहरूले मानव अधिकार परिपूर्ति सूचकाङ्क नभएर मानव अधिकार उल्लङ्घन सूचकाङ्कलाई प्रतिनिधित्व गर्दछन्। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने यहाँ मानव अधिकार उल्लङ्घन सूचकाङ्कको निर्माण गर्न फेइन्डौनो, गौजोन र वाग्नर (सन् २०१६) ले प्रयोगमा ल्याएको मानव अधिकार उल्लङ्घन सूचकाङ्को विधिलाई अनुशरण गरिएको छ, जसले घटनामा आधारित तथ्याङ्क र हिंसाको दर दुवैलाई समेट्छ।

सन् २०२३ मा इन्सेकले १६ ओटा शीर्षक/क्षेत्र (Domain) अन्तर्गत ४६ ओटा सूचकहरू निर्धारण गरी मानव अधिकार उल्लङ्घनका तथ्याङ्क सङ्कलन गरेको थियो (अनुसूची १ परिशिष्ट ३-९)। यी सूचकहरूमध्ये ठूलो सङ्ख्या (४१ ओटा सूचकहरू) भौतिक प्रकृतिको हिंसा विशेषगरी शारीरिक हिंसाका घटनाहरूसँग सम्बन्धित छन्। जसलाई १४ ओटा विभिन्न क्षेत्रहरूमा सङ्गठित गरिएको छ। ती क्षेत्रहरूमा अपहरण, गिरफ्तारी, कुटपिट, बाल अधिकार, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, अमानवीय व्यवहार, घाइते, हत्या, धम्की, यातना, भेला हुने अधिकार र महिला अधिकार रहेका छन्। ४६ ओटा सूचकहरूमध्ये चार ओटा सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको उल्लङ्घन र जातीय भेदभावसँग सम्बन्धित छन्। यस विश्लेषणमा भौतिक प्रकृतिको मानव अधिकार उल्लङ्घनका सन्दर्भमा नेपालका सात ओटा प्रदेशको तुलनात्मक स्थिति झल्काउन शारीरिक हिंसाका सूचकहरू मात्र समावेश गरिएको छ। शारीरिक हिंसासम्बन्धी जानकारी यस अर्थमा महत्त्वपूर्ण छ कि यो मानिसको शारीरिक सुरक्षाको विरुद्ध हुन्छ। त्यसैले सामाजिक-आर्थिक-सांस्कृतिक अधिकारको उल्लङ्घन (ज्याला इन्कारी तथा सम्पत्तिको अधिकार) र जातीय भेदभाव (सार्वजनिक स्थान प्रवेशमा रोक र छुवाछुत) सम्बन्धी चार ओटा सूचकहरूलाई विश्लेषणबाट हटाइएको छ। यी सूचकहरूका बारेमा सङ्कलित तथ्याङ्कहरू पनि अनुमान गरिएभन्दा निकै कम भएको देखिन्छ। यसका अतिरिक्त बाल अधिकार क्षेत्र अन्तर्गत सामाजिक-सांस्कृतिक प्रकृतिका एउटा सूचक बालविवाह पनि विश्लेषणमा समेटिएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक हिंसा, जातीय भेदभाव, बालविवाह र शिक्षाबाट वञ्चितसँग सम्बन्धित पाँच ओटा सूचकहरूलाई समावेश नगर्दा विश्लेषणमा समावेश गरिएका सूचकहरूको कूल सङ्ख्या ४१ हुन आउँछ। सबै प्रदेशमा घरेलु हिंसाका घटनाहरूको रिपोर्टिङ (महिला अधिकार क्षेत्र अन्तर्गत) अपेक्षा गरेभन्दा निकै कम रहेको तथ्यलाई पनि ध्यानमा

राखिएको छ। त्यसकारण यस अध्ययनमा घरेलु हिंसासम्बन्धी तथ्याङ्क नेपाल जनसाङ्ख्यिक स्वास्थ्य सर्वेक्षण २०२१ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, (MoHP Nepal] et al., 2023) को "विगत १२ महिनाको अवधिमा आफ्ना यौन साथी (intimate partner) हरूबाट शारीरिक र यौन हिंसा भोगेका १५-४९ वर्ष उमेर समूहका महिलाहरूको प्रतिशत" लाई प्रयोगमा ल्याइएको छ। यस तथ्याङ्कले शारीरिक प्रकृतिको हिंसाजस्तै शारीरिक र यौन हिंसालाई नै प्रतिबिम्बित गर्दछ ।

विभिन्न शीर्षक अन्तर्गतका सूचकहरूद्वारा अरूलाई शारीरिक रूपमा चोट पुऱ्याउने नियतसहित गरिएका प्रत्यक्ष आक्रमणबाट उत्पन्न अवस्था (कुटपिट, अमानवीय व्यवहार, घाइते, झुण्ड्याएर हत्या, विष, यातना, शारीरिक सजाय आदि), गिरफ्तारी (अपहरण, गिरफ्तारी, बेचबिखन), यौन आघात (यौन दुर्व्यवहार, बलात्कार, बलात्कार प्रयास), राजनीतिक स्वतन्त्रतामा अवरोध (पक्राउ, लाठी चार्ज, भेला हुने अधिकार), जेलको अवस्था र अपर्याप्त सेवा (जेल तथा हिरासतमा मृत्यु र प्रसूती सेवाको अभावमा मृत्यु) र यस्तै अन्यलाई समेटिएका छन्। घटनाका अभियुक्त राज्य र अन्य पक्ष दुवै हुन सक्छन्।

सूचकाङ्ककको निर्माण

माथि उल्लेख गरिए अनुसार यो सूचकाङ्क फेइन्डौनो, गौजोन र वाग्नर (२०१६) द्वारा अघि सारिएको विधिलाई अवलम्बन गरी निर्माण गरिएको छ। फेइन्डौना र साथीहरूले सन् २०१२ मा एक सय तीसओटा विकासोन्मुख देशका लागि आन्तरिक हिंसाका सातओटा समूहसँग सम्बन्धित विभिन्न सूचकहरू प्रयोग गरी आन्तरिक हिंसाको सूचकाङ्क (Internal Violence Index-IVI) निर्माण गरेका थिए। मानव विकास सूचकाङ्क (Human Development Index-HDI) निर्माणका लागि प्रचलित सूत्र प्रयोग गरी ती सूचकाङ्क निर्माण गरिएको थियो। यो सूचकाङ्कले विभिन्न एकाइहरूमा प्रस्तुत गरिएका तथ्याङ्कलाई सामान्य र तुलनात्मक बनाउन मानकीय आधार दिन्छ। यो सूत्र जसलाई न्यूनतम/अधिकतम विधि भनिन्छ, निम्न अनुसार रहेको छ :

$$\text{Index} = 100 \times \frac{(\text{Variable Value} - \text{Min}}{(\text{Max} - \text{Min})}$$

सुत्रमा प्रयोग चर मान (Variable value) ले सूचकको मानलाई जनाउँछ, जुन घटनाहरूको वास्तविक गणना वा सर्वेक्षणबाट प्राप्त वास्तविक मान हो। 'न्यून' (Min) र 'अधिक' (Max) ले 'न्यूनतम' र 'अधिकतम' मानलाई जनाउँछ। 'न्यूनतम' र 'अधिकतम' मानलाई सात ओटा प्रदेशहरूमा अवलोकन गरिएको 'न्यूनतम' र 'उच्चतम' मानले प्रतिनिधित्व गर्दछ। सूचकाङ्कको मान न्यूनतम ० देखि अधिकतम १०० सम्म हुनेछ। यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मान न्यूनतम मान बराबर छ भने सूचकाङ्कको मान ० हुन्छ जसले शारीरिक हिंसाको अवस्था न्यूनतम रहेको देखाउँछ। अर्कोतर्फ यदि कुनै चर (चर मान) का लागि अवलोकन गरिएको मान अधिकतम मान बराबर छ भने सूचकाङ्कको मान १०० हुन जान्छ जसले शारीरिक हिंसाको अवस्था उच्चतम रहेको देखाउँछ। अन्य अवलोकन गरिएका मानहरूका लागि सूचकाङ्कको मान ० र १०० का बीचमा हुन आउँछ ।

सूचकाङ्कको निर्माणमा अर्को चरण भनेको अङ्कभारको प्रयोग गरेर सूचकहरूको मान सम्मिलन गर्नु हो। फेइन्डौनो, गौजोन र वाग्नर (२०१६) द्वारा निर्धारण गरिएको नियमलाई अनुसरण गर्दै प्रत्येक क्षेत्र (domain) लाई 1/(D×n) को समान अङ्कभार दिइएको छ, जहाँ 'D' भनेको क्षेत्रहरूको संख्या हो र 'n' भनेको प्रत्येक क्षेत्रमा सूचकहरूको संख्या हो। यस नियम अनुसार, एकल सूचकका साथ कुनै पनि क्षेत्रको अङ्कभार १/१४ वा १/(१४×१) का रूपमा दिइएको छ। यहाँ एकल सूचक (अपहरण, गिरफ्तारी, कुटपिट, जेलमा मृत्यु, हिरासतमा मृत्यु, बेपत्ता, धम्की र यातना) सहित आठ ओटा क्षेत्र छन्। बाँकी ६ ओटा क्षेत्र (बाल अधिकार, अमानवीय व्यवहार, घाइते, हत्या, भेला हुने अधिकार र महिला अधिकार) मा एकभन्दा बढी सूचक छन्। प्रत्येक क्षेत्रमा तोकिएको अङ्कभार तालिका नं. ६.१ मा दिइएको छ।

तालिका ६.१ क्षेत्रगत अङ्कभार

क्र.सं.	क्षेत्रहरू	सूचकहरूको सङ्ख्या	अङ्कभार	क्र.सं.	क्षेत्रहरू	सूचकहरूको सङ्ख्या	अङ्कभार
१.	अपहरण	१	१/१४	८.	अमानवीय व्यवहार	३	१/(१४×३)
२.	गिरफ्तार	१	१/१४	९.	घाइते	६	१/(१४×६)
३.	कुटपिट	१	१/१४	१०.	हत्या	९	१/(१४×९)
४.	बाल अधिकार	५	१/(१४×५)	८.	भेला हुने अधिकार	२	१/(१४×२)
५.	कारागारमा मृत्यु	१	१/१४	१२.	धम्की	१	१/१४
६.	हिरासतमा मृत्यु	१	१/१४	१३.	यातना	१	१/१४
७.	बेपत्ता	१	१/१४	१४.	महिला अधिकार	८	१/(१४×८)
	जम्मा					**४१**	

नतिजाहरू

अध्ययनको नतिजाले शारीरिक हिंसामा प्रतिबिम्बित हुने मानव अधिकार उल्लङ्घनको समग्र सूचकाङ्क (अङ्क) का आधारमा बागमती प्रदेश (८५.२४) सूचकाङ्क मानसहित सबैभन्दा उच्च स्थानमा रहेको देखाएको छ भने मधेश प्रदेश (६४.३९) सूचकाङ्क मानसहित दोस्रो स्थानमा रहेको देखिन्छ (चित्र नं. ६.१)। सुदूरपश्चिम र गण्डकी प्रदेश क्रमशः (९.५१) र (१६.३६) को सबैभन्दा कम सूचकाङ्क मानसहित सबैभन्दा तल्लो स्थानमा छन्। अध्ययनको नतिजाले बाँकी तीनओटा प्रदेशहरू कोशी (४९.८१), लुम्बिनी (४२.१२) र कर्णाली (३१.२५) मध्यम स्थानमा रहेको देखाएको छ।

चित्र नं. ६.२ ले खास/अलग क्षेत्रहरूद्वारा सूचकाङ्क मानका आधारमा नेपालका सात प्रदेशको वरियता देखाएको छ (तल्लोदेखि माथिल्लो श्रेणीले शारीरिक हिंसाको सबैभन्दा खराबदेखि राम्रो अवस्थालाई दर्शाउँछ)। यस चित्रले पनि देखाउँछ बागमती प्रदेश समग्र सूचकाङ्क मानसहित आठ ओटा क्षेत्र (अपहरण, गिरफ्तारी, बालअधिकार, कारागारमा मृत्यु, बेपत्ता, घाइते, भेला हुने अधिकार र धम्की) मा उच्चतम श्रेणी र चार ओटा क्षेत्र (हिरासतमा मृत्यु, हत्या, कुटपिट र महिला अधिकारहरू) मा दोस्रो वा तेस्रो उच्च श्रेणीमा (तालिका नं. ६.२) रहेको देखाउँछ। मधेस प्रदेश ६ ओटा क्षेत्र (अपहरण, कुटपिट,

चित्र ६.१ प्रदेशको मानव अधिकार उल्लङ्घन सूचकाङ्क



(स्रोत : इन्सेक, २०२३)

हिरासतमा मृत्यु, अमानवीय व्यवहार, यातना र महिला अधिकार) मा उच्च श्रेणीमा रहेको छ। यी दुई ओटा प्रदेशको तुलनामा कोशी प्रदेश दुई ओटा क्षेत्र (हत्या र धम्की) मा मात्र उच्च श्रेणीमा रहेको छ भने लुम्बिनी र कर्णाली प्रदेश एउटा क्षेत्र (क्रमशः हिरासतमा मृत्यु र यातना) मा उच्च श्रेणीमा रहेका छन्। सुदूरपश्चिम र गण्डकी प्रदेशहरू अधिकांश क्षेत्रहरूमा अतिन्यून श्रेणी (४ वा माथि) सहित सबैभन्दा कम समग्र सूचकाङ्क मान भएका प्रदेशहरू हुन्।

प्रदेश शारीरिक हिंसाका हिसाबले बहुसङ्ख्यक क्षेत्रमा सबैभन्दा उच्च श्रेणीमा रहेको प्रष्ट हुन्छ। यसले बागमती प्रदेशमा मानव सुरक्षाको अवस्था सबैभन्दा खराब रहेको सङ्केत गर्छ। राजनैतिक हिंसा र शारीरिक प्रकृतिको बाल तथा महिला अधिकार हननका हिसाबले पनि यो प्रदेश सबैभन्दा खराब अवस्थामा छ। मधेस प्रदेश वाग्मतीभन्दा राम्रो अवस्थामा देखिन्छ तर पनि यो प्रदेश शारीरिक हिंसाका अधिकांश सूचकहरूमा खराब नै देखिएको छ। सुदूरपश्चिम र

तालिका ६.२ शारीरिक हिंसाका विभिन्न क्षेत्र अनुसार नेपालका सात प्रदेशहरूको औसत श्रेणी (सबैभन्दा न्यूनदेखि उच्चतम श्रेणीले शारीरिक हिंसाको खराबदेखि राम्रो अवस्थालाई दर्शाउँछ)

क्षेत्र	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
अपहरण	३	१	१	४	२	३	४
गिरफ्तार	२	३	१	५	४	६	७
कुटपिट	२	१	५	७	३	४	६
बाल अधिकार	२	४	१	५	३	७	६
कारागारमा मृत्यु	२	५	१	५	४	५	३
हिरासतमा मृत्यु	२	१	२	२	१	२	२
बेपत्ता	३	३	१	३	२	३	३
अमानवीय व्यवहार	२	१	७	३	४	६	५
घाइते	२	३	१	४	७	५	६
हत्या	१	२	३	५	४	६	७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	४	३	१	५	५	२	५
धम्की	१	५	१	४	३	२	४
यातना	२	१	२	२	२	१	२
महिला अधिकार	४	१	२	७	३	६	५
समग्र श्रेणी	**३**	**२**	**१**	**६**	**४**	**५**	**७**

(स्रोत : चित्र ६.२)

निष्कर्ष

सन् २०२३ का लागि भौतिक प्रकृतिको हिंसासम्बन्धी इन्सेकका तथ्याङ्कहरूलाई उपयोग गरी यस खण्डमा शारीरिक प्रकृतिको मानव अधिकार उल्लङ्घनको समग्र सूचकाङ्कका साथै शारीरिक हिंसाका १४ क्षेत्रहरूअनुसार नेपालका सात प्रदेशको सापेक्षित स्थितिको विश्लेषण गरिएको छ। विश्लेषणबाट नेपालको सङ्घीय सरकार र राजधानी रहेको बागमती गण्डकी प्रदेशहरू हिरासतमा यातना र मृत्युको हिसाबले सबैभन्दा खराब स्थितिमा रहे पनि मानव सुरक्षाका दृष्टिकोणले उत्कृष्ट श्रेणीमा रहेका छन्। कोशी, लुम्बिनी र कर्णाली यी तीनओटा प्रदेश मानव सुरक्षाका हिसाबले मध्यम श्रेणीमा छन् तर अधिकांश सूचकका आधारमा कर्णाली प्रदेशको तुलनामा कोशी र लुम्बिनी प्रदेश कमजोर अवस्थामा देखिएका छन्।

चित्र ६.२ शारीरिक हिंसाको क्षेत्रका आधारमा सात प्रदेशको सूचकाङ्क



(स्रोत : इन्सेक, २०२३)

परिच्छेद ७

सन् २०२३ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेपाली कांग्रेस

नेपालको संविधानको धारा १३ देखि ४८ सम्म मौलिक हकको व्यवस्था छ। यी मौलिक हकको कार्यान्वयनका लागि अनुगमन गर्ने मुख्य जिम्मेवार निकायले मानव अधिकार उल्लङ्घन हुनसक्ने वा उल्लङ्घन गर्न अभिप्रेरित गर्ने मौजुदा ऐन कानुन भए परिमार्जनका लागि सिफारिस गर्नुपर्ने हुन्छ।

कृषि तथा वन विश्वविद्यालय, रामपुर कृषि क्याम्पसमा क्याम्पस प्रमुख र स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन समितिका संयोजकले २०७९ चैत १८ गते स्वविय् निर्वाचनमा एक पक्षीय विद्यार्थीरूबिच भएको झडपलगायतका कार्यहरू मानव अधिकारका दृष्टिले हनन् भएका छन्।

धरान उपमहानगरपालिका क्षेत्रमा २०८० भदौ ९ गते धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र आपसी सद्भावनामा खलल पुऱ्याउन सक्ने सामाजिक सञ्जालमा लेखिएका विषयवस्तुहरूका सम्बन्धमा सामाजिक, धार्मिक, राजनीतिक र आपसी सद्भावनामा खलल पुन गई सो क्षेत्रमा हुलहुज्जतसहित धार्मिक सद्भावना बिग्रने गरी भएको भेलामा पनि मानव अधिकारको उल्लङ्घन भएको छ।

ताप्लेजङ जिल्लामा गाईजात्रा पर्व समापनको दिन २०८० भदौ २२ गते राति प्रहरी कार्यालयभन्दा ५० मिटर वर कोशी प्रदेशसभा सदस्य खगेन्द्र सिंह हाङ्गामको निवासबाट करिब २५ मिटर टाढा सञ्चालन भएको मिनी मेलामा मादक पदार्थ सेवन गरेका प्रहरीहरूले नेपाली कांग्रेस ताप्लेजङका नेता तथा कार्यकर्ता र सर्वसाधारण व्यक्तिलाई समेत कुटपिट, हातपात गर्नुका साथै दुर्व्यवहार गरेको घटना मानव अधिकार उल्लङ्घन गरेको ठहर्छ।

बाँके जिल्लामा भएको धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सद्भावमा खलल पुऱ्याउन सक्ने गरी २०८० असोज १७ गते अतिरञ्जित धार्मिक विषयवस्तुहरू सामाजिक सञ्जालमा प्रकाशित गरी मिलेर बसिरहेको सामाजिक, धार्मिक र सांस्कृतिक एकतालाई भङ्ग गराउने गरी भएको प्रचारात्मक अभिव्यक्तिपछि सिर्जित हुलहुज्जत मानव अधिकार रक्षाको लागि विरोध कार्य थियो।

मित्रराष्ट्र इजरायका विभिन्न स्थानहरूमा भएको आक्रमणमा परी एक दर्जन नेपालीको मृत्यु र एक जना व्यक्तिको अपहरण र बेपत्ता पारिएको घटना मानव अधिकारको गम्भीर उल्लङ्घन भएको नेपाली कांग्रेसको ठहर छ।

कोरियन भाषा परीक्षासम्बन्धी विषयलाई लिएर ललितपुर जिल्लाको बालकुमारीस्थित इपीएस कार्यालय अगाडि २०८० पुस १३ गते भएको प्रदर्शनका क्रममा मन्त्री सवार गाडीमा आगजनी हुनु, तत्पश्चात् प्रदर्शनकारीलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले चलाएको गोलीबाट दुई जना सर्वसाधारण निहत्था युवाहरूको हत्या हुनु गम्भीर मानव अधिकार उल्लङ्घनको उदाहरण हो।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेकपा (एमाले) नेपाली जनतालाई अधिकार सम्पन्न बनाउन गठित जनआधारित पार्टी हो। यसले 'समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पना गरेको छ र यसलाई सार्थक बनाउन जनतासँग निरन्तर संवादमा रहिरहन्छ। नेकपा एमालेले यसै साल 'समृद्धिका लागि सङ्कल्प यात्रा' तय गरी महाकालीको झुलाघाटदेखि पाँचथरको चिवाभञ्ज्याङसम्म २१ दिन लामो यात्रा पार्टी अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सम्पन्न गरेको छ। उक्त यात्राको क्रममा मानव अधिकार, सामाजिक न्याय, विकास, सम्भावनाहरू समेतको सन्दर्भमा समुदायसँग व्यापक अन्तरक्रिया गर्ने र अवलोकन गर्ने कार्य भएको छ। यात्राको क्रममा प्राप्त जनअपेक्षाहरू पूरा गराउन नेकपा एमालेले कटिबद्ध छ।

मानव अधिकारको अवस्थाको दृष्टिकोणबाट सन् २०२३ सन्तोषजनक रहेन। गठबन्धन सरकार मुलुक र जनताप्रति जवाफदेही हुन सकेको छैन।

मुलुकमा तस्करी, भ्रष्टाचार र बेथिति बढिरहेको छ। जनताले सुशासनको अनुभूति गर्न पाएको अवस्था देखिएन। सामान्य अवस्थामा गोली चलाउने, नागरिकको हत्या गर्ने जस्ता गम्भीर मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छन्। शान्तिपूर्ण भेला हुने, प्रदर्शन गर्न पाउने, विरोध गर्न पाउने र विरोधका माध्यमबाट आफ्ना आवाजहरू सरकार समक्ष पुऱ्याउनु लोकतान्त्रिक पद्धतिमा नागरिकका मौलिक अधिकार र स्वतन्त्रताहरू हुन्। तर यो सरकारले जनताका आवाजहरू मुखरित गर्ने सार्वजनिक स्थानहरूमा प्रतिबन्ध लगाएर नागरिकका अधिकारहरू सङ्कुचन गरेको छ। सामान्य अवस्थामा समेत न्याय प्राप्ति र सुनुवाइका लागि नागरिकहरू राजधानी पुगेर आन्दोलन गर्नुपर्ने अवस्था कायम रहेको छ।

नेकपा एमालेका अध्यक्ष एवम् पूर्व प्रधानमन्त्री माननीय केपी शर्मा ओली लगायत नेता कार्यकर्ताहरू खुला राजनीतिक कार्यक्रमहरूमा सहभागी हुन जाने क्रममा अवरोध सिर्जना गर्नका लागि भएका आक्रमणका घटनाहरूले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कुरामा सरकार गम्भीर नभएको पुष्टि हुन्छ।

मुलुकको अर्थतन्त्र धराशायी अवस्थामा रहेको छ भने नागरिकहरू महँगीको चर्को मारमा परेका छन्। किसानहरूले समयमा मल, बीउ, औषधीहरू पाएका छैनन्। उत्पादनको लागि समर्थन मूल्यसमेत समयमा निर्धारण नहुने र प्राप्त गर्न सकेका छैनन्। मिटरव्याजबाट साना किसानहरू चपेटामा परेका छन्। यिनीहरूको सुनुवाइ गर्ने र नागरिकका आधारभूत अधिकारहरू सुनिश्चित गर्न यथेष्ट पहल हुन सकेको देखिएन।

यो सरकारले सङ्क्रमणकालीन न्याय निरूपण गर्न प्रयत्न गर्न सकेको देखिएन। सशस्त्र द्वन्द्व भएको १८ वर्ष बितिसक्दा पनि पीडितहरूले न्याय पाउन नसक्नु भनेको अन्यायपूर्ण अवस्था हो। मुलुकमा महिला हिंसा, सङ्गठित मानव बेचबिखन, बालअधिकारको हनन्, जातीय छुवाछुतका घटनाहरूमा कमी आउन सकेको छैन।

जलवायु परिवर्तनको असर नेपाली जनसमुदायले बारम्बार खेपिरहेको अवस्था छ। उत्पादन प्रणालीमा नै असर परेका कारण खाद्य प्रणाली चक्र प्रभावित भएको छ। मुलुकमा एकातिर खाद्य सङ्कट चुलिँदै गएको छ भने अर्कोतिर प्रकोपका कारण हुने क्षतिमा बढोत्तरी भइरहेको छ। जसले गर्दा सङ्कटमा रहेको विपन्न समुदाय नै बढी प्रभावित भइरहेको अवस्था छ। सडक दुर्घटना, विपद्का कारण ज्यान गुमाउनेहरूको सङ्ख्या बढिरहेको छ। जाजरकोट भूकम्पमा राहत, उद्धार र पुनर्स्थापनामा विभेद र उदासीनताबाट नागरिक पीडित भएका छन्। चिसोको कारणले मृत्यु हुनेको सङ्ख्या उल्लेख्य छ।

मुलुकले समृद्धि र सम्भावनाका ढोकाहरू खोल्न सकेको देखिँदैन। परिणामतः युवाहरू रोजगारी तथा अध्ययनका लागि विदेश जाने तथा कतिपय परिवारहरू अन्तरदेशीय बसाइसराइ गर्ने क्रम बढिरहेको छ। यसवर्ष मुलुकमा असमानता र भोकमरी र खाद्य असुरक्षा बढेको छ। मुलुकप्रति नागरिकको अविश्वास बढ्नु निश्चय पनि राम्रो होइन। यो अवस्था आउनु सरकारको नागरिकप्रतिको अनुत्तरदायी व्यवहारको परिणाम हो। सँससँगै मुलुकमा मनोसामाजिक सङ्कट बढ्दै गएको देखिन्छ। परिणामतः आत्महत्याका घटनाहरूमा बढोत्तरी आइरहेको छ।

विधिको शासनमा यो सरकारले बारम्बार खेलवाड गरिरहेको देखिन्छ। अदालतले दोषी करार गरेका व्यक्तिहरूलाई राजनीतिक प्रभावका आधारमा माफी दिने कार्यहरू गरेको छ। पीडितका अधिकारहरूलाई व्यवस्थापन गर्नुको साटो यो सरकार पीडितहरूलाई थप पीडा प्रदान गरिरहेको देखिन्छ।

मानवअधिकार रक्षा र प्रवर्द्धन गर्न नेकपा एमाले कटिबद्ध छ। यसले नागरिकका आवाजहरूलाई सम्बोधन गर्ने, आवाज उठाउने सरकार लगायत सम्बन्धित पक्षको ध्यानाकर्षण गराउन सन् २०२३ मा पनि नेकपा एमाले क्रियाशील रहिरहेको छ।

शंकर पोखेल
महासचिव

नेकपा (माओवादी केन्द्र)

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आधारभूत संरचनामा मुलुक समृद्ध समाजवादतर्फ उन्मुख रहेको संविधान निर्माणमा सहभागी भएका राजनीतिक दलहरूले संविधानको प्रस्तावनामा उल्लेखित भाव र सिद्धान्तलाई सङ्कल्प गरिसकेको परिप्रेक्ष्यमा जनताको प्रतिनिधिको थलो संविधानसभाले बनाएको संविधानले मानव अधिकार, कानुनी शासन, स्वतन्त्रता न्यायपालिका, आवधिक निर्वाचनको प्रणालीजस्ता लोकतान्त्रिक मूल्य मान्यताबाट मुलुक स्वतन्त्र, सार्वभौम र स्वाधीन एवम् मौलिक विविधता तथा

विशिष्टता निहित देशको रूपमा विश्वमै परिचित भएको छ। नेपाली विविधतायुक्त सामाजिक अन्तरविरोध र पहिचान भएको देशमा परम्परागत रूपमा देखा पर्ने अपराधजन्य कार्य बाहेक विषेशत: मानव अधिकार उल्लङ्घनका घटनाहरू सामाजिक अन्तरविरोध तथा राज्यसत्ताबाट हुँदै आएको विभेदको गर्भबाट घटित हुन पुगेको देखिन्छ। यिनै श्रृङ्खलामा गत सन् २०२३ पनि अछुतो रहेको देखिँदैन।

संविधानले सुनिश्चित गरेका मानव अधिकारसँग अन्तरनिहित विषयहरू कार्यान्वयनको क्षेत्रमा निकै अप्ठ्यारो सृजना भयो। नेपालमा मानव अधिकारलाई चुनौती दिने मुख्य विषयहरू बेरोजगारीको कारणले युवाहरू विदेश पलयान हुनु पर्ने, आर्थिक क्षेत्रहरूमा लगानी गर्न लगानीकर्ताहरू हिचकिचाइ रहेको अवस्था, कृषिमा लगानी, उत्पादन बजार व्यवस्थामा गम्भीर समस्या विद्यमान हुनु लगायतका रहेका छन्। शिक्षा , स्वास्थ्य, यातायात र सार्वजनिक सेवा र उपभोगको उचित व्यवस्थाको संस्थागत विकास हुन नसक्नुले नेपालमा मानव अधिकार विरुद्ध गम्भीर चुनौती र समस्या खडा भएको छ। सुशासन, सामाजिक न्याय र समृद्धिको विषयमा सबै राजनीतिक तत्परता देखाउन खोजे पनि राष्ट्रिय गौरव र स्वार्थको विषयमा सबै राजनीतिक दल विभिन्न बाहनामा एकवद्ध हुन नसक्नुले मानव अधिकारको क्षेत्र पनि यसको प्रत्यक्ष परोक्ष प्रभावमा परेको छ।

नेपालमा पनि मानव अधिकारको अवस्था चौथो पुस्तामा पुगिसेकेको छ। वातावरण, पर्यावरण र प्राकृतिक स्रोतको विनासको कारणले मौसममा आएको परिवर्तनबाट मानव जातिको अस्तित्वलाई चुनौतीको अवस्था सृजना भएको छ। स्वच्छ र अर्गानिक खाद्यवस्तु, उपभोक्ताहरूको अधिकार, सुनिश्चित बजार भाउ र बजार व्यवस्थाको अनुगमनजस्ता न्यूनतम विषयले नागरिकको स्वभाविक रूपमा बाँच्न पाउने अधिकारलाई नै चुनौती दिइरहेको छ। मुलुकलाई दण्डहीनतामा धेकेल्न धेरै प्रवृतिहरू सक्रिय छन्। यसले नेपालमा मानव अधिकारको स्थिति विगतमा जीवन, स्वतन्त्रता र राजनीतिक हक अधिकारमा मात्र सीमित थियो। तर, आज नेपालमा मानव अधिकारको सवाल निकै फराकिलो भइसक्यो। मानव अधिकारको सवालमा सरकार विषेश रूपमा गम्भीर हुन जरुरी छ। सरकारको जिम्मेवारी र उत्तरदायीले मानव अधिकारको रक्षा र संर्द्धनमा विशेष भूमिका खेलेको हुन्छ। जहाँ सरकारले अविभावकको भूमिका निर्वाह गर्छ त्यहाँ मानव अधिकारको उच्च सम्मान हुन्छ। जहाँ सरकार गैरजिम्मेवार हुन्छ त्यहाँ मानव अधिकार उल्लङ्घनका घटनाहरू बढ्दै जान्छन्।

विशेषत: नेपालको सन्दर्भमा मानव अधिकारसम्बन्धी धारणा तय गर्नुपर्दा युगौंदेखि भेदभाव र उत्पीडनमा पर्दै आएका दलित, महिला, पिछडा वर्ग, उत्पीडित वर्ग, अल्पसङ्ख्यक समुदाय लगायत राज्यले भेदभाव गरेको कारणले पछाडि परेका समुदायको हकलाई मौलिक हकको कोटीमा संविधानले तय गरेका प्रावधानहरूको यथासक्य कार्यान्वयन नहुनु गम्भीर विषय बनेको छ। वर्तमान बहाल रहेको संसदबाट एक वर्षमा एउटा विधेयक मात्र पारित भएको तथ्याङ्कले मुलुकमा कानुनी शासन बारे सबैलाई गम्भीर तुल्याएको छ। नेपाली जनताको मानव अधिकारको सवाल उठान गर्नुपर्दा राज्य र जनताबीचको दूरी अझै धेरै टाढा छ। त्यसैले गत सन् २०२३ को नेपालको मानव अधिकारको स्थितिलाई संविधान प्रदत्त नागरिकको हकलाई स्थापित र कार्यान्वयन गर्ने सन्दर्भमा जे जति हुनुपर्ने थियो, त्यो हुन सकेको छैन। नेपालको संविधानले आत्मसात गरेको सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी समानुपातिक निर्वाचन प्रणालीको सन्दर्भमा सैद्धान्तिकरूपमा सबै राजनीतिक पार्टी सहमति भए पनि यसको कार्यान्वयनमा जुन हिचकिचाहट पैदा भएको छ। संविधान कार्यान्वयन र मानव अधिकारको सम्मानमा सन् २०२३ मा समग्रमा मानव अधिकार क्षेत्रले त्यति प्राथमिकता पाउन सकेको छैन।

श्रीराम ढकाल
मुख्य सचिव

राष्ट्रिय स्वतन्त्र पार्टी

लोकतान्त्रिक मुलुकमा मानव अधिकारको सङ्कुचन परिकल्पना गरिन्न। तर, लोकतान्त्रिक हुँदाहुँदै पनि हामीले नागरिकलाई मानव अधिकारको पूर्ण प्रत्याभूति गराउन सकेका छैनौं। परिणामत: मानव अधिकारको सवाल सधैं पेचिलो बन्दा उल्लङ्घनका घटना पनि बढिरहेका छन्।

सन् १९६३ को पहिलो दासत्व महासन्धिमा हस्ताक्षर गरेयता आजसम्म नेपालले विभिन्न अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी सन्धि, घोषणापत्र र संयुक्त राष्ट्रसङ्घको वडापत्र पूर्ण पालना गर्ने प्रतिबद्धता जनाएको छ। विभिन्न महासन्धि, प्रोटोकल, प्रतिज्ञापत्रको पक्षराष्ट्र हुने तर, तिनले निर्दिष्ट

गरेअनुसारको मापदण्ड लागु नगर्ने प्रवृत्तिका कारण व्यवहारमा मानव अधिकारको न्यूनतम सूचकाङ्कमा नेपाल पछाडि नै छ।

नेपालको संविधान, २०७२ मा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा भएका अधिकांश विषय समावेश छन्। तिनको कार्यान्वयनका लागि स्वतन्त्र न्यायपालिकाका अतिरिक्त विभिन्न संवैधानिक आयोग पनि बनाइएको छ। तर, संविधानमा रहेका कतिपय मौलिक हक कानुन नबनाइ कार्यान्वयन हुनै नसक्ने खालका छन् । ३२ ओटा धारामा व्यवस्थित गरिएका मौलिक हकमध्ये २३ ओटामा 'कानुनबमोजिम' भन्ने पदावली प्रयोग गरिएको छ। तर, कानुन नबन्दा मौलिक हककै कार्यान्वयन हुन सकेको छैन। अर्कोतर्फ, मानव अधिकारको पूर्ण सम्मान गर्दै यदि कसैले मानव अधिकार उल्लङ्घन गरे पीडितलाई प्रभावकारी उपचार प्रदान गरी उल्लङ्घनकर्तालाई कानुनअनुसार कारबाही गर्नु राज्यको दायित्व हो। तर, दण्डहीनता मौलाउँदा गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाका पीडित वर्षौंसम्म न्यायको याचना गर्नुपर्ने बाध्यतामा छन्।

राजनीतिक स्वार्थका कारण सङ्क्रमणकालीन न्याय निरूपण प्रभावित हुँदा सशस्त्र द्वन्द्वताका भएका गम्भीर मानव अधिकार उल्लङ्घनका कैयौं घटनाका पीडित अन्यायमा छन्। सङ्क्रमणकालीन न्याय निरूपण ज्युँका त्युँ राखेर राज्यले मानव अधिकारका पक्षमा गरेका र गर्ने प्रतिबद्धताको खासै अर्थ हुन्न। त्यसैले, शान्ति प्रक्रियाको महत्वपूर्ण पाटो द्वन्द्वकालीन घटनाको तत्काल स्थायी निरूपण अनिवार्य छ। द्वन्द्वकालीन घटनालाई राजनीतिक दाउपेचको ध्येयबाट हेर्ने विद्यमान प्रवृत्तिको अन्त्य नभएसम्म सङ्क्रमणकालीन न्याय निरूपण सम्भव छैन।

मानव अधिकार प्रवर्धन, उल्लङ्घनका घटनाको छानबिन र दोषीउपर कारबाहीका लागि संवैधानिक संरचनाको रूपमा मानव अधिकार आयोगको अस्तित्व छ। तर, एकातिर आयोगको सीमितता छ भने अर्कातिर आयोगका सिफारिस कार्यान्वयन नगरेर दण्डहीनतालाई संस्थागत गर्ने सरकारकै प्रवृत्ति छ।

निषेधाज्ञाको बहानामा सरकारले सङ्घीय राजधानीमै शान्तिपूर्ण रूपमा भेला हुने र प्रदर्शन गर्ने नागरिकको अधिकार सङ्कुचित गरेको छ। अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने हेतुले कानुनका मस्यौदा बन्न थालेको छ। सामान्य प्रदर्शनलाई नियन्त्रणमा लिन सरकारले घातक बल प्रयोग गरी नागरिकको ज्यानै लिएका केही घटना पनि ताजै छन्। अर्थात्, मानव अधिकारप्रति राज्य पर्याप्त संवदेनशील छैन।

लिङ्ग, रङ्ग, जात, धर्म तथा सम्प्रदायका आधारमा हुने हिंसा अन्धविश्वास र प्रथाका आधारमा समेत मानव अधिकार उल्लङ्घन जारी छ। तर, राज्यले न प्रभावकारी रूपमा अनुगमन गर्न सकेको छ, न दोषीलाई तत्काल कारबाही गर्न वा पीडितलाई न्याय दिन। विद्यमान कानुनका आधारमा मात्रै अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार मानव अधिकारको पूर्ण प्रत्याभूति दिन नसकिने भएकाले कानुनी बन्दोबस्त र संरचनात्मक सुधारमा सरकारले तत्काल ध्यान दिन आवश्यक छ।

मानव अधिकारको उल्लङ्घन जहाँ, जहिले पनि हुन सक्छ। घटना हुनै नदिनु सकारात्मक हो। तर, भएपछि त्यस्ता घटनाको विधिसम्मत र प्रभावकारी अनुसन्धान भयो कि भएन र दोषीलाई जवाफदेही बनाइयो कि बनाइएन भन्ने सवाल नै मूल हो। हामी यही सवालमै निरन्तर चुक्दै आएका छौं। यसलाई हामी जति छिटो कानुनी र संरचनात्मक सुधारबाट चिर्न सक्छौं त्यति नै छिटो मानव अधिकारको व्यवहारिक प्रत्याभूति बढाउन सक्छौं। संविधान र कानुनमा उल्लेखित अधिकारको प्रत्याभूति व्यवहारमा हुनुपर्छ। तर, हामी मानव अधिकारको हकमा अक्सर व्यवहारिक प्रत्याभूति नै चुकिरहेका छौं।

रवि लामिछाने
सभापति

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपालको संविधानमा मानव अधिकारको प्रवर्धन र संरक्षण गर्ने व्यवस्था भए पनि मानव अधिकारको पूर्ण पालनामा सरकार गम्भीर हुन सकिरहेको छैन। आधारभूत स्वास्थ्य सेवा नपाएर अकालमा मृत्यु हुनेको सङ्ख्या प्रति वर्ष बढ्दो छ। शान्तिपूर्ण रूपमा भेला हुन पाउने र आफ्नो विचार राख्न पाउने अधिकार सङ्कुचन हुने गरी सरकारले कानुन विपरीत निषेधित क्षेत्र, विस्तार र अवधि बढाउने काम गरेको छ। ललितपुरमा रोजगारीको लागि आवेदन दिन लाइनमा बसेका निहत्था युवाहरूको गोली प्रहारबाट मृत्यु भएको छ। बालबालिका, महिला, जेष्ठ नागरिक, लोपोन्मुख वर्ग लगायतका पछाडि परेका वर्गको मानव अधिकारको निर्बाध उपयोगमा अझै धेरै काम गर्न बाँकी छ। म यसतर्फ सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु।

राजेन्द्र लिङ्देन
अध्यक्ष

जनता समाजवादी पार्टी, नेपाल

मानव अधिकार उल्लङ्घनका बारेमा सचेतना गराउनु राज्यको दायित्व हो। मानव अधिकार हनन्, दमन, अत्याचार, डर र त्रास लगायतका कार्य रोक्नु तथा यसविरुद्ध कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

विश्वका विकासशील तथा विकासोन्मुख देशहरूमा मानवका बासस्थान, रोजगारीको ग्यारेण्टी तथा जीवन जीउनका लागि न्युनतम् आवश्यकताको पूर्ति हुनुपर्ने कुरा मानव अधिकारको प्राथमिक सर्त हो। बास र रोजगारीको अभावले गर्दा हाम्रा जस्तो विकासशील देशमा मानव अधिकारका विषय कम प्राथकितामा पर्ने गरेका छन्।

गतवर्ष जस्तै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका कैयौँ घटनाहरू भएका छन्। जेललाई सुधार गृहको रुपमा विकास गर्नु पर्नेमा त्यस्तो हुन सकेको छैन। वास्तविक दोषीले उन्मुक्ति पाउने र निर्दोषलाई फसाउने गरिएका घटना पनि सार्वजनिक भएका छन्। भीड र निषेधित कार्य रोक्न गोली नै चलाइ हाल्नु पर्ने आवश्यकता हुँदैन। नियन्त्रणका अनेक उपाय हुन्छन्। तर, यसतर्फ सरकारको ध्यान गएको पाइँदैन। गरीब, पिछडिएका मानिसहरूको न्यायसम्म पहुँच हुने गरेको पाइन्न।

प्रकाश अधिकारी
सदस्य, प्रतिनिधिसभा तथा
केन्द्रीय कार्यकारिणी समिति सदस्य

नेकपा (एकीकृत समाजवादी)

मानव अधिकार मानवमात्रको नैसर्गिक तथा अवशिष्ट अधिकार हो। मानव अधिकारलाई प्राकृतिक अधिकार, मौलिक अधिकार तथा कानुनी अधिकारको रूपमा नामाकरण गरिए पनि मूलभूत रूपमा मानवीय मूल्य र मर्यादालाई केन्द्रविन्दुको रूपमा लिनु पर्दछ। त्यसैले यसलाई मानव जातिको नैसर्गिक तथा प्राकृतिक अधिकारहरूको प्रत्याभूति गरी मानव-मानवबीच जातजाति, भाषा, धर्म, वर्ग, क्षेत्र र लिङ्ग आदिका आधारमा भेदभाव नगरी न्यायोचित आधारमा भय र अभावरहित समृद्ध विश्व निर्माण गर्ने पवित्र उद्देश्य राखेको छ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रको महत्वलाई आत्मसात गर्दै नेपालले पनि विभिन्न कार्यक्रहरूको आयोजना गरी मनाउने गरेको छ। खासगरी मानव अधिकारप्रति जनचेतना अभिवृद्धि गराउने उद्देश्यले नेपाल राष्ट्रका विभिन्न स्थानमा विभिन्न कार्यक्रमहरू आयोजना गर्ने गरिएको छ।

नेपालको राजनीतिक आन्दोलनको इतिहासमा विगत सात दशकदेखि नेपाली जनताले मानव अधिकारको पक्षपोषण गर्दै आएका छन्। २०४६ को जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले प्राप्त गरेको नेपाल अधिराज्यको संविधान, २०४७ ले नागरिकको मौलिक हकको रूपमा संहिताकरण गरी मानव अधिकारलाई संरक्षण प्रदान गरेको छ। तत्पश्चात् ०६२/०६३ को जनआन्दोलनको परिणामस्वरूप नेपाली जनताले प्राप्त गरेको नेपालको संविधान, २०७२ ले मानव अधिकारलाई नागरिकको मौलिक हकको रूपमा संहिताकरण गरी संरक्षण प्रदान गरेको छ।

हामीले निरन्तर मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि अनेकौँ सङ्घर्ष गर्दै आएका छौँ। मानव अधिकारको प्रत्याभूति, संरक्षण र संवर्द्धनका लागि भएका अन्तर्राष्ट्रिय प्रयासहरूमा हामीले आफ्नो समर्थन र प्रतिबद्धता जाहेर गर्दै आएका छौँ। मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने क्रममा नै नेपालमा मृत्युदण्डसम्बन्धी कानुनी व्यवस्था हटाउन तत्सम्बन्धी कानुनहरूमा संशोधन पनि भइसकेको छ।

वर्तमान अवस्थामा मानव अधिकारको मुद्दा भनेको गरिबी, अशिक्षा, स्वास्थ्य उपचार, बालबालिका अधिकार हनन्, महिला हिंसा र वर्गीय, जातजाति, लैङ्गिक, क्षेत्रीय, धार्मिक तथा सामाजिक विभेदहरू मुख्य रहेका छन्। यसमध्ये निरपेक्ष गरिबीको रेखामुनि रहेका जनताको गरिबी नै मानव अधिकारको मुख्य मुद्दा बनेको छ। यसका साथै नेपालका कतिपय क्षेत्रमा सुत्केरी महिला तथा बालबालिकाहरूलाई पोषणयुक्त र पर्याप्त खानाको अभाव छ। यस्तो अवस्थामा संविधानद्वारा प्रदत्त मौलिक अधिकारहरूको प्रभावकारी संरक्षण र निर्बाध उपभोग गर्न पाउने स्थितिका लागि संवैधानिक र कानुनी प्रत्याभूति मात्र पर्याप्त नहुने हुँदा यसबारे जनचेतना अभिवृद्धि गरिनु पर्दछ।

सबै व्यक्तिहरूको मौलिक अधिकार तथा स्वतन्त्रताहरूको सम्मान गर्ने, लिङ्ग, जातजाति, वर्ग, क्षेत्र, धर्म वा भाषाका आधारमा भेदभाव हुन नदिने र मानव अधिकारप्रति विश्वव्यापीसम्मान प्रवर्द्धन गर्न र सो उद्देश्य प्राप्तिका लागि निरन्तर क्रियाशील हुनु हाम्रो महत्वपूर्ण दायित्व रहेको छ। यसका लागि मानव अधिकासम्बन्धी विभिन्न कार्यक्रमहरूको महत्वपूर्ण भूमिका रहनेछ।

माधवकुमार नेपाल
पूर्व प्रधानमन्त्री तथा अध्यक्ष

परिच्छेद ८

सन् २०२३ को मानव अधिकार अवस्थाबारे प्रदेश सरकारहरूको धारणा

सन् २०२५ सम्म कोशी प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरी मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि कोशी प्रदेश सरकार प्रतिबद्ध छ।

केदार कार्की,
मुख्यमन्त्री, कोशी प्रदेश

प्रहरी र शान्ति सुरक्षा प्रदेशको मातहतमा हुने स्पष्ट छ। कर्मचारी समायोजनका कुरामासमेत आलटल हुने एवम् कर्मचारीतन्त्र हावी हुने स्थिति सङ्घीयताबारे अव्यक्त आशङ्का र उही पारम्परिक अविश्वास र अप्रतिबद्धताको द्योतक हो कि? सङ्घीयता पनि भन्ने र अधिकार पनि नदिने मानसिकतासमेत मानव अधिकारको अवमानना हो।

सरोजकुमार यादव
मुख्यमन्त्री, मधेश प्रदेश

आवासविहीन जनताको लागि आवासको व्यवस्था, 'फुसको छानो' विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्।

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री, बागमती प्रदेश

प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन नहुँदा, सङ्घीयताको मर्म भावना अनुसार योजना कार्यान्वयनमा समस्या सिर्जना हुँदै आएको छ।

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री, गण्डकी प्रदेश

साझा अधिकार कार्यान्वयनमा कानुनकै अभावले अन्यौल सिर्जना भएका छन्। प्रदेश सरकारमा नियमनकारी निकायको अभाव महसुस भएको छ।

डिल्लीबहादुर चौधरी
मुख्यमन्त्री, लुम्बिनी प्रदेश

सङ्घीयतालाई बुझ्ने, बुझाउने तथा व्याख्या गर्ने शैलीमा तीनै तहका सरकारबिच सहकार्य, समन्वय र एकरूपता हुनुपर्छ। विकास निर्माण, सुशासनको स्थापना र अभ्यास तथा समृद्धि प्राप्ति गर्न सबै सरकारको एउटै गन्तव्य हुनुपर्छ।

राजकुमार शर्मा
मुख्यमन्त्री, कर्णाली प्रदेश

मानव अधिकारको उल्लङ्घनको कसुर फौजदारी कसुर हुनेमा सो उल्लङ्घनको अनुसन्धान तहकिकातको कार्य प्रदेश प्रहरीको अभावमा हुन नसकेको प्रष्ट नै छ।

कमलबहादुर शाह
मुख्यमन्त्री, सुदूरपश्चिम प्रदेश

कोशी प्रदेश

नेपालको सार्वभौमसत्ता र राजकीयसत्ता नेपाली जनतामा निहित रहने गरी २०७२ मा जारी गरिएको नेपालको संविधानले ३२ ओटा मौलिक हकको व्याख्या एवम् व्यवस्था गरी मानव अधिकारप्रति राज्यको जिम्मेवारी र जवाफदेहितालाई निर्देश गरेको छ। संविधानको भाग ५ बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँडमार्फत देशमा तीन तहको सरकार गठन गरिएको छ। यस प्रदेशमा २८ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ५६ प्रदेशसभा निर्वाचन क्षेत्र कायम गरी १ सय ३७ स्थानीय तह रहेको छ।

संविधानको भाग ४ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वलाई अक्षुण्ण राखी सोहीबमोजिम राज्यको पुन:संरचना गरिएको छ। राज्यका चारओटा निर्देशक सिद्धान्तलाई आत्मसात् गरी नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउधन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानुनको शासन, मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यको व्यवस्था गरिएको छ।

दोस्रो प्रदेशसभाबाट २०७९ फागुन १७ गते "कोशी प्रदेश" नामाकरण गरेपछि पहिचानका लागि भएको आन्दोलनका कारण नागरिकको जनजीविका र मानव अधिकारको सवालमा स्वस्फूर्त ढङ्गले कार्य सम्पादन गर्न केही अवरोध महसुस गरेको भए पनि "स्वच्छ, सुखी र समुन्नत प्रदेश" नाराका साथ प्रदेशमा कार्यान्वयनमा रहेको प्रदेश घरेलु हिंसासम्बन्धी ऐन, २०७५, जनस्वास्थ्य ऐन, २०७७, बालबालिकासम्बन्धी ऐन, २०७७, विपद् व्यवस्थापन ऐन, २०७५ लगायतका अन्य कानुनका परिधिभित्र रहेर प्रदेशमा "शैलजा आचार्य हृदयरोग अस्पताल"को स्थापना, दश वर्षमुनिका बालबालिकाहरूलाई नि:शुल्क विशेष चिकित्सकीय सेवा उपलब्ध गराउने लगायत सन् २०२५ सम्म कोशी प्रदेशलाई बालविवाह मुक्त प्रदेश बनाउने अभियान सञ्चालन गरी मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकार प्रतिबद्ध छ।

सन् २०२३ मा प्रदेश सरकारले बालअधिकार रक्षाका लागि नि:शुल्क चिकित्सकीय सेवा, आर्थिक अभावमा उच्च शिक्षा अध्ययन गर्नबाट बञ्चित विद्यार्थीहरूलाई चिकित्सक, इञ्जिनियर, वकिल, विज्ञान, व्यवस्थापनका साथै पशु तथा कृषि प्राविधिक शिक्षा नि:शुल्क अध्ययनका लागि छात्रवृत्ति, हिंसा पीडित महिलाहरूलाई कानुनी उपचार तथा न्यायका लागि दीर्घकालीन पुनर्स्थापना गृहको सञ्चालन निरन्तरता, अपाङ्गता, ज्येष्ठ नागरिक, लैङ्गिक तथा अल्पसङ्ख्यक, दलित, पछाडि पारिएका व्यक्तिहरूको अधिकार प्राप्ति तथा उपभोगका लागि प्रदेश सरकारले विविध कार्यक्रम सञ्चालन गर्दै आएको छ।

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले प्रदान गरेका १७ वटा विषयलाई आत्मसात् गर्दै मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनका लागि कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा विपत् व्यवस्थापनका लागि "मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र" प्राकृतिक विपत्मा परेकाहरूको मानव अधिकार रक्षाका लागि "जीवन प्रकोप, जीवन बीमा" कडा रोग लागेका विपन्न नागरिकहरूको बाँच्न पाउने अधिकार रक्षाका लागि प्रदेश सरकारले सहुलियतमा उपचारका लागि "प्रदेश प्रमुख स्वास्थ्य सहुलियत", महिला, बालबालिका तथा किशोर-किशोरीहरूको पोषण अवस्था सुधारका लागि "लक्षित समूह बहुपक्षीय पोषण" लगायतका कार्यक्रमसहित महिला हिंसा न्यूनीकरणका लागि कानुन निर्माण गरी त्यसको कार्यान्वयन गर्नुका साथै लैङ्गिक हिंसा अन्त्यका लागि स्थानीय तहमा संरक्षण कोषको व्यवस्था गर्न सहजीकरण गरिरहेको छ।

जातीय विभेद, असमानता र गरिबी हटाउन प्रदेश सरकारले वर्गमैत्री सशक्तिकरण कार्यक्रमका साथै आर्थिक अभावमा उच्च शिक्षा तथा इञ्जिनियर, चिकित्सक, वकिललगायत विषयमा अध्ययनबाट वञ्चित हुन नदिन छात्रवृत्तिको व्यवस्था गरी नि:शुल्क अध्ययनको व्यवस्था गरेको छ। नेपालको संविधानले निर्धारण गरेका साझा अधिकारका विषयमा स्पष्ट कानुनको अभावले कतिपय अवस्थामा सङ्घीयता कार्यान्वयनका लागि संविधानले तोकेको अधिकारको बाँडफाँडमा समस्या सिर्जना भएको छ। खासगरी प्रदेशभित्र रहेका प्राकृतिक स्रोतसाधनबाट प्राप्त हुने राजश्व बाँडफाँडको अनुपातबमोजिम राजश्व सङ्कलनमा समस्या र जटिलता देखिएको छ।

कोशी प्रदेशमा लामो समय राजनीतिक अस्थिरताका कारण सकारका नीति तथा कार्यक्रम सहज ढङ्गले सञ्चालन हुन नसकेको अवस्थामा संविधानले दिएको अधिकार प्रयोग गरेर प्रदेश सांसदहरूको समर्थनमा सरकार निर्माणको अन्तिम विकल्प संविधानको धारा १६८ को उपधारा (५) को सरकार गठन भएर मानवीय विकासको लक्ष्यका साथ विभिन्न कार्यक्रम कार्यान्वयन गर्दै प्रदेश संरचनाप्रति उठ्दै आएको नकारात्मक आवाजहरूलाई निस्तेज पार्न सफल भएको सर्वविदितै छ। आगामी दिनमा मानव अधिकार रक्षाका लागि नेपाल सरकार पक्षराष्ट्र भएका सन्धि सम्झौताको कार्यान्वयन र पालना, मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाले दिएका विषय, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन लगायतका क्षेत्रले समेटेका लक्ष्य प्राप्तिका लागि प्रदेश सरकार सदैव प्रतिबद्ध रहने नै छ।

केदार कार्की
मुख्यमन्त्री

मधेश प्रदेश

हजारौं वर्षको आदम अवस्थापछि मानिस सभ्य हुँदै आजको विकसित र उन्नत अवस्थामा आएको हो। मानव समाजले यसबीच अनेकौं प्रशंसनीय उपलब्धि र उल्लेखनीय ऐतिहासिक प्रगतिहरू हासिल गरेको पनि निर्विवाद छ। तथापि, हाम्रो समाजमा असङ्गत परम्परा, प्रचलन, विधि व्यवहार र सोचहरू विद्यमान छन्। आधुनिक युगमा प्रवेश गरे पनि हाम्रो मानिस कतिपय कुरामा अझ हजारौं वर्ष पुरानो, सङ्कीर्ण र सतही सोचमा अल्झेर बसेको छ । नयाँ र समतामूलक समाज निर्माणका लागि हामीभित्रको पुरानो मानिस बाधक छ। विद्यमान समयमा देखापरेका हाम्रो देश र मधेशको सामाजिक, आर्थिक, राजनीतिक, अन्तरसामुदायिक अन्तरविरोधहरू प्राचीन आडम्बरपूर्ण परम्पराहरूकै अवशिष्ट कबिलाइ मानसिकताको द्योतक हो।

एक रङ्गले अर्को थरिलाई हेय ठान्ने, एक धर्मले अर्को धर्मलाई सहन नसक्ने, एउटा जाति पुज्य हुने अर्को तुच्छ ठहरिने, मानिस मानिसबिच खाडल र भेदभाव नैसर्गिक मानव अधिकारको विरुद्ध आदिम धारणा हो। सबैभन्दा माथि मानिस त्योभन्दा ठूलो केही पनि हुँदैन। यसैका लागि विगतमा ठूलाठूला सङ्घर्षहरू भए। मधेश आन्दोलन पनि मानव अधिकारको लागि भएको सङ्घर्षको एउटा महत्वपूर्ण कडी हो। असमानता र विभेदविरुद्ध समानता र न्यायको लागि उठेको आन्दोलन हो। यसमा दुईमत नहोला। मधेशी जनताले विभेदविरुद्ध अगुवाइ गरेको आन्दोलनका कारण मुलुक एकता, अपनत्व, सह-अस्तित्व र सह-स्वामित्वको अवधारणा सङ्घीयतामा जाने परिस्थिति निर्माण भएको हो। सङ्घीयता कार्यान्वयनमा अझ पनि अलमल, अनिच्छा र इमानदारीको कमी विद्यमान छ। नयाँ संविधान जारी भएको आठ वर्ष र प्रदेश सरकार गठन भएको ६ वर्ष भए पनि केन्द्रीय सरकारको मनस्थिति सङ्घीयताको भावना अनुकूल देखिँदैन। आफैंले जन्माएको संविधान एवम् सङ्घीयताको मर्म प्रतिकूल सङ्घीयतालाई आत्मसात गर्ने सोच शासकीय वृत्तमा देखिँदैन। बेसहारा र अनाथ सडक बालबालिकाझैं सङ्घीयतालाई दयाको पात्र बनाइ मझधारमा अलपत्र पारिएको आजको स्थिति छ।

संविधानको अनुसूची ६ मा पहिलो नम्बरमै उल्लेखित प्रहरी र शान्ति सुरक्षा प्रदेशको मातहतमा हुने स्पष्ट छ। कर्मचारी समायोजनका कुरामासमेत आलटल हुने एवम् कर्मचारीतन्त्र हावी हुने स्थिति सङ्घीयताबारे अव्यक्त आशङ्का र उही पारम्परिक अविश्वास र अप्रतिबद्धताको द्योतक हो कि? सङ्घीयता पनि भन्ने र अधिकार पनि नदिने मानसिकतासमेत मानव अधिकारको अवमानना हो।

मधेशले मूलभूत मानव अधिकारको संरक्षणको लागि नयाँ रूपको सङ्घर्षको अगुवाइ गरिरहेको स्पष्ट छ। प्रदेश सरकारले ऐन नै बनाएर कूल नियुक्तिमा महिलालाई पचास प्रतिशत आरक्षण दिएको कदम यहाँ स्मरणीय छ। यो मानव अधिकारको क्षेत्रमा चालिएका ऐतिहासिक पहलसमेत हो। यति हुँदाहुँदै अर्कोतर्फ मधेशभित्रै पनि सीमातकृत जाति, वर्ग, समुदायको संरक्षण र सशक्तिकरणका अहम मुद्दाहरू छन्। यसको निराकणका लागि पनि हामी निरन्तर सचेष्ट छौं।

विभेदविरुद्ध अगुवाइ गर्ने मधेश स्वयम् कुनै प्रकारको भेदभाव पृष्ठपोषण छैन, हुन सक्दैन पनि। हामी स्पष्ट छौं, सबै मानिसको मानवीय गरिमा नै मानव अधिकारको प्रथम र अपरिहार्य सर्त हो। सामाजिक न्यायबिना, समता र अधिकारबिना राजनीतिक अधिकार अर्थहीन हुने कुरा स्पष्ट छ। हामी अहरणीय, अदमनीय मानव अधिकारको पक्षमा प्रतिवद्ध छौं। हामी कसैविरुद्ध प्रतिशोध वा निषेधको नीतिमा विश्वास राख्दैनौं । हामी ठान्दछौं, सबैभन्दा पहिले हामी मानिस हौं तथापि विभेदविरुद्ध हाम्रो सङ्घर्षमा मानव

अधिकारका लागि वर्षौं मानव अधिकारवादी सङ्घ संस्थाहरूको समेत अपेक्षित ध्यानाकर्षण हुन नसकेको देख्दा दु:ख लाग्छ।

सरोजकुमार यादव
मुख्यमन्त्री

बागमती प्रदेश

नेपालको संविधानले मौलिक हकमा सुनिश्चित गरेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका मुख्य क्षेत्र शिक्षा, स्वास्थ्य, खाद्य, आवासको क्षेत्रमा गुणस्तरीय सेवा जनतालाई उपलब्ध गराउने कुराको सुनिश्चितताको पाटोलाई मानव अधिकारका आँखाले हेर्न र सेवा प्रदायक निकायलाई सेवाग्राहीमैत्री बनाउन खास कार्यक्रम सञ्चालन गर्न आवश्यक छ। जनतालाई आत्मनिर्भर भई आफ्ना अधिकारको माग गर्न सक्ने र राज्यले सुन्ने वातावरण बनाउन आग्रह पूर्वाग्रह, बिना पक्षधर भई काम गर्नु अनिवार्य आवश्यकता हो। नागरिक तथा राजनीतिक अधिकारको आन्दोलनबाट स्थापना भएको प्रदेश सरकारले अब जनताका आधारभूत आवश्यकता र गुणस्तरीय सेवाको वकालत गर्नु पर्दछ। बागमती प्रदेश सरकार संविधानले मौलिक हकको रूपमा समेटेको मानव अधिकारको संरक्षण गर्न सदैव तत्पर छ।

मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश, जिल्ला र स्थानीय तहस्तरीय संयन्त्र निर्माण गरी त्यसलाई परिणाममुखी बनाउन प्रदेश सरकार क्रियाशील छ। बागमती प्रदेश सरकार अन्तरप्रदेश समन्वयमार्फत तीन तहका सरकारबिच तहगत अधिकारको कार्यविस्तृतीकरण परिमार्जन, साझा सूचीमा रहेका अधिकारसम्बन्धी कानुन निर्माणमा सहकार्य, संस्थागत संरचना तथा विकास निर्माणमा भएका दोहोरोपन हटाउनुका साथै मुख्यत: प्रहरी समायोजन, निजामती सेवा ऐन जारी लगायतका लोकतान्त्रिक गणतन्त्रलाई थप संस्थागत गर्दै तीन तहको शासकीय व्यवस्थाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन क्रियाशील छ। संविधान निर्माणमा संलग्न प्रमुख राजनीतिक दलहरूबीच नियमित छलफल गर्ने संयन्त्रको विकास गरी राष्ट्रिय सहमतिसहितको साझा धारणा निर्माण आदि जस्ता कार्यक्रमको प्रदेश सरकारको प्राथमिकतामा रहेका छन्।

प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई द्वन्द्वपीडितका साथ प्रदेश सरकार भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ। यसका साथै, आवासविहीन जनताको लागि आवासको व्यवस्था, 'फुसको छानो' विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मुख जातिको लागि विशेष आरक्षणसहितको कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्। आगामी दिनमा समेत बागमती प्रदेश सरकार नेपालको संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित विविध विषयहरूलाई कानुन निर्माण मार्फत् संरक्षण गर्ने तथा सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू नागरिकसमक्ष पुऱ्याउन प्रतिबद्ध रहेको छ।

अन्त्यमा, प्रदेश सरकारले अवलम्बन गरेका मानव अधिकार कार्य योजनाहरूमा इन्सेकलगायतका नागरिक संस्थाहरूसँगको सहकार्यले महत्वपूर्ण उपलब्धि प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

शालिकराम जम्कट्टेल
मुख्यमन्त्री

गण्डकी प्रदेश

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहका तीनओटै सरकारलाई मानव अधिकार संरक्षण, संवर्द्धन र परिपूर्तिको दायित्व निर्वाह गर्नुपर्ने जिम्मेवारी प्रदान गरेको छ। कतिपय सन्दर्भमा प्रदेश सरकारलाई अधिकार प्रत्यायोजन नहुँदा, सङ्घीयताको मर्म भावना अनुसार योजना कार्यान्वयनमा समस्या सिर्जना हुँदै आएको छ।

गण्डकी प्रदेश सरकार मानव अधिकारको रक्षा, संवर्द्धन र प्रवर्द्धनमा दृढ छ। सरकारले आफ्ना नीति, कार्यक्रम र बजेट मार्फत पनि मानव अधिकारका गतिविधिलाई जनतासम्म पुऱ्याउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ। मानव अधिकारको क्षेत्रमा काम गर्ने सङ्घ संस्था, नागरिक अगुवाहरूसँगको सहकार्यमा प्रदेशभित्र मानवअधिकार संरक्षणका कार्यक्रम सञ्चालन हुँदै आएको छ।

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रममा मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाले

औँल्याएका विषयहरू प्रदेश र स्थानीय तहमा मूल प्रवाहीकरण गर्ने कार्यक्रम समावेश गरिएको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको वार्षिक विकास कार्यक्रममा पाँचौ राष्ट्रिय कार्ययोजनाले औँल्याएका विषयहरू प्रदेश र स्थानीय तहमा मूल प्रवाहीकरण गर्ने, सरोकारवालासँग मानव अधिकारसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको छ। मानव अधिकारसम्बन्धी प्रदेश समन्वय समितिको बैठक सञ्चालन, प्रतिवेदन र आन्तरिकीकरण, समस्या र समाधानका बारेमा छलफल तथा अन्तरक्रिया भएका छन्।

सङ्घीय समन्वय समितिको बैठकमा कार्ययोजनाको कार्यान्वयनका सन्दर्भमा प्रदेशका गतिविधिको बारेमा छलफल तथा योजना निर्माण गरिएको छ। स्थानीय तहमा स्थानीय समन्वय समिति गठनका लागि सहजीकरण गरिएको छ। मानव अधिकार र न्यायका सवालमा स्थानीय तहको क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि प्रदेश सरकारबाट समन्वय र सहकार्य भइरहेको छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेशस्तरमा समिति गठन भई सो कार्ययोजनामा उल्लिखित मन्त्रालयगत कार्यहरू सम्पादन भइरहेका छन्। यसको कार्यान्वयनमा सम्बद्ध सबै पक्षको अग्रसरता र क्रियाशीलता रहनुपर्छ।

आम नागरिकको मानव अधिकारका सवालमा गण्डकी प्रदेश सरकार संवेदनशील छ। संविधान प्रदत्त अधिकारहरूको उपभोग र कर्तव्यहरूको पालनाका लागि राज्यका निकायहरूको भूमिका मात्र पर्याप्त हुँदैन। नागरिक समाज, मानव अधिकारकर्मी, विभिन्न सङ्घ संस्थाहरू र सरोकारवाला सबैको सहकार्यले मात्र मानव अधिकारलाई व्यवहारिक रूपमा सार्थक बनाउन सकिन्छ।

हाम्रो मुलुक मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौताको पक्ष राष्ट्रसमेत भएकाले मानवअधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध रहिआएको छ। सङ्घीयताको कार्यान्वयनका लागि संविधानमा उल्लेख भएअनुसार कानुन निर्माण गर्ने, अधिकार प्रत्यायोजन गर्ने र जनतालाई नजिकबाट सेवा प्रदान गर्न सकेको खण्डमा प्रदेश सरकारले नागरिकलाई सहज सेवा दिन सक्नेछ।

सुरेन्द्रराज पाण्डे
मुख्यमन्त्री

लुम्बिनी प्रदेश

नेपालको संविधान २०७२ ले सबै प्रकारका शोषण र विभेदको अन्त्य गर्दै समतामूलक समाज, समावेशी राज्य निर्माण गर्ने सङ्कल्प गरेको छ। जसले मौलिक हकहरूको दायरालाई फराकिलो बनाउँदै मानव अधिकारका मूल्य, मान्यता र नागरिक अधिकारको प्रत्याभूत गर्न राज्यलाई जिम्मेवार बनाएको छ। यो जिम्मेवारीबाट लुम्बिनी प्रदेश सरकार पछि हटेको छैन। गाँस, बास, कपास र आधारभूत सेवा सुनिश्चित गर्न लुम्बिनी प्रदेश सरकारले योजना, कार्यक्रम र त्यसको स्रोत निश्चित गर्दै मानव अधिकारमैत्री काम गर्न अग्रसर नै छ।

विशेषगरी, हिंसा पीडित महिलाका लागि प्रदेशस्तरीय पुनर्स्थापना केन्द्र निर्माण, मातृ शिशु मृत्युदर घटाउन निःशुल्क एम्बुलेन्स सेवा र दुर्गम क्षेत्रका जोखिममा रहेको गर्भवतीहरूलाई निःशुल्क हवाइ सेवा, अभिभावकविहीन बालबालिकाको संरक्षण तथा पालनपोषणका लागि प्रदेशस्तरीय बाल संरक्षण गृह निर्माण र बाल कोषको परिचालन, सहाराविहीन, महिला, बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, एचआईभी सङ्क्रमित बालबालिका र विपन्न नागरिकको सामाजिक सुरक्षा र संरक्षणका लागि कार्यक्रम, बालश्रम शोषण अन्त्य गर्न र बालबालिकाको संरक्षण तथा विकासका लागि बालसुधार गृह सञ्चालन गर्ने, प्रयोगविहीन भएका सार्वजनिक भवनहरूलाई स्थानीय तहसमेतको सहकार्यमा घर निर्माण गर्ने कार्यक्रम ल्याउने गरी नीति अख्तियार गरिएको छ।

यसलाई मूर्तरूप दिन प्रदेशको अघिल्लो कार्यकालमा ७२ ओटा कानुन निर्माण गरेका छौँ भने दोस्रो कार्यकालमा पनि कानुन निर्माणलाई प्राथमिकता दिएका छौँ। हालसम्म सात ओटा विधेयक टेबल गरेकोमा चार ओटा पारित भइसकेका छन्। मुख्यगरी कर्मचारी समस्यालाई मध्यनजर गर्दै प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक र स्वास्थ्य संस्था स्थापना, सञ्चालन, नवीकरण तथा स्तरोन्नति ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकलाई प्राथमिकताका साथ पारित गरिएको छ।

हालसम्म लुम्बिनी प्रदेशमा प्रदेश प्रहरी सेवा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८, जीवनाशक विषादी नियमन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश विश्वविद्यालयको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापन गर्न बनेको विधेयक, सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रको स्थापना तथा सञ्चालन र सेवा तथा पुनर्स्थापना कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सडक सवारी, यातायात तथा परिवहन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश पशुवधशाला तथा मासु जाँच सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र अन्तरप्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था व्यवस्था गर्न बनेको विधेयक लगायत विधेयक पारित भएका छन्।

सङ्घीय सरकारले समयमै कानुन निर्माण गर्न नसक्दा प्रदेशका अधिकार क्षेत्रसमेत प्रभावित बनेको छ। मुख्यगरी, हामीलाई नीतिगत दोहोरोपनाका कारण स्पष्ट कार्यक्षेत्रको अभाव खट्किएको छ भने आवश्यक संस्थागत संरचना निर्माण गर्न सकिएको छैन। साझा अधिकार कार्यान्वयनमा कानुनकै अभावले अन्यौल सिर्जना भएका छन्। प्रदेश सरकारमा नियमनकारी निकायको अभाव महसुस भएको छ। निकायगत समन्वय प्रभावकारी हुन सकेको छैन भने त्यसका लागि आवश्यक स्रोत साधन पनि छैन।

खासगरी, मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि राजनीतिक तथा प्रशासनिक संयन्त्रको मानव अधिकारप्रति दृढ इच्छाशक्तिको अभाव देखिएको छ। मानव अधिकार संरक्षण संवर्द्धनमा यस्ता थुप्रै चुनौती छन्। प्रदेशमा सीमित स्रोत साधन र संरचनाले गर्दा मानव अधिकारका मूल्य र मान्यता तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न कठिन भएको छ। त्यसले गर्दा संवैधानिक तथा नीतिगत व्यवस्थाहरूको व्यवहारिक प्रत्याभूत गराउन गाह्रो भएको छ। मौलिक हकको कार्यान्वयन गरी सो को हनन् र हस्तक्षेपमा संवैधानिक तथा नीतिगत उपचारको पूर्ण प्रत्याभूत गर्न अझ समस्या छ। मुलुकको क्षेत्रीय, लैङ्गिक, जातिगत, भाषिक, वर्गीय विविधता तथा सो को आधारमा हुने असमानता शोषण, विभेद र बञ्चितिकरणका अन्त्य गर्नु अहिलेकै स्रोत, संरचना, जनशक्तिले भ्याइनभ्याइ छ।

कानुनको अभावमा चाहेर पनि कारागार अनुगमन तथा व्यवस्थापन गर्न सकिएको छैन। सामुदायिक वन, सहकारीजस्ता क्षेत्रमा काम गर्न कठिन भएको छ। यस्ता थुप्रै विषयहरूमा प्रदेश सरकार कहाँ रहने र के भूमिका हुने भन्ने कुरा स्पष्ट नहुँदा समस्या बल्झिएको छ। यस्ता बाधा व्यवधानले स्थापनाको ६ वर्ष बितिसक्दा पनि प्रदेश सरकार जनताको आफ्नै घर नजिकको सरकारको अनुभूति हुने गरी काम गर्न अनवरोध सिर्जना भइरहेको छ। यावत व्यवधान भए पनि हामी नागरिक सेवा, मानव अधिकारको प्रवर्द्धनमा निम्ति पछि हटेका छैनौँ। मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा गम्भीर हुँदै विकास सूचकाङ्कका आधारमा प्रदेशलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गता तथा ज्येष्ठ नागरिकमैत्री प्रदेशका रूपमा विकास गर्ने हाम्रो प्रतिबद्धतामा कमी हुने छैन। सडक मानवमुक्त प्रदेश निर्माण गर्ने, स्वास्थ्य र शिक्षामा सबैको पहँच विस्तार गर्ने, मौलिक हकहरूको कार्यान्वयन, महिला, बालबालिका तथा एकल महिलाहरूको सामाजिक सुरक्षा, संरक्षण र पूर्ण सुरक्षित मातृत्व सेवा युक्त स्थानीय तह, जिल्ला र प्रदेश अभियानका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने कार्यमा हामी प्रतिबद्ध छौँ।

डिल्लीबहादुर चौधरी
मुख्यमन्त्री

कर्णाली प्रदेश

अपार जलस्रोत (कर्णाली, भेरी र तिनका सहायक नदीहरू), कृषि (अर्गानिक प्रदेश, रैथाने बालीहरू, स्याउ, ओखर, ढटेलो आदि), जडिबुटीहरू (यार्सागुम्बा, गुच्छीच्याउ, पाँचऔँले, शिलाजित आदि), गैरकाष्ठजन्य बस्तुहरू, पेट्रोल, रत्न खानी, चुनढुङ्गा, तामा, फलाम खानीहरू, रारा ताल, से-फोक्सुण्डो, कुभिण्डे ताल, स्यार्पुदह, पञ्चकोशी, लिमीभ्याली (मानसरोवर दर्शन), सिंजा सभ्यता, डोल्पाको धो, रिग्मोबस्ती, काँक्रेबिहार, देउतीबज्यै, दुल्लु, डिग्रे साइकुमारी मन्दिर, खैरावाङ मन्दिर, साहसिक पर्यटन,

हिमाल, मनोरम वस्ती, धार्मिक क्षेत्रहरू र वनजङ्गल, पाटन क्षेत्रजस्ता पर्यटकीय क्षेत्र आदि कर्णालीको विकासका लागि ठूलो सम्भावना छ। भौगोलिक रूपमा अत्यन्त विकट हुनु, कठिन सामाजिक जनजीवन, पूर्वाधार विकासको हिसाबबाट पछाडि पारिनु, विभिन्न सेवाहरूको पहुँचमा कमी, बेरोजगारी र गरीबी, कमजोर स्वास्थ्य अवस्था र स्वास्थ्य पूर्वाधार, शैक्षिक हिसाबले पछि पर्नु, विपत्को उच्चजोखिम, जलवायु परिवर्तनको असर आदि कारणले मानवीय सूचकाङ्ककको हिसाबले कर्णाली प्रदेश पछाडि परेको छ। यसले मानव अधिकारको रक्षा, संरक्षण र संवर्द्धनका लागि केही समस्याहरू सृजना भएका छन्।

नेपालको इतिहासमा नयाँ शासकीय संरचनाको रूपमा सङ्घीय गणतान्त्रिक राज्य प्रणाली अन्तर्गत सङ्घ, प्रदेश र स्थानीय सरकार स्थापना भई ६ वर्षको कार्यकाल पूरा भएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधानमा उल्लेखित मानव अधिकार, सामाजिक न्याय, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रदेश शासन व्यवस्थाको आधारभूत मूल्यमान्यताको रूपमा लिइएको छ। बालविवाह, बहुविवाह, बोक्सी प्रथा, छुवाछुत, छाउपडी प्रथा, घरेलु तथा लैङ्गिक हिंसा, लागुऔषध, मानव बेचबिखन, अपाङ्गता र ज्येष्ठ नागरिकलाई गरिने विभेद जस्ता सामाजिक विकृतिका विरुद्ध स्थानीय तह र विकास साझेदारहरूसँगको सहकार्यमा 'प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम' अभियानको रूपमा सञ्चालन गरी मानव अधिकार संरक्षण र संवर्द्धन गर्न पुर्नस्थापना र अल्पकालीन सेवालाई प्राथमिकता दिने गरी नीति योजना र कार्यक्रम तर्जुमा गरिएको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न प्रदेश सरकारले मानव अधिकार तथा कानुनी सचेतना कार्यक्रम, आचारसंहिता निर्माण, बालमैत्री स्थानीय शासन, कार्यस्थलमा हुने यौनजन्य हिंसा न्यूनीकरण, उपभोक्ताहरूको हित संरक्षण, अपाङ्ग आयआर्जन कार्यक्रम, द्वन्द्वपीडित राहत र उपचार, मातृशिशु कल्याण कार्यक्रम, गरिब तथा विपन्न लक्षित रोजगार कार्यक्रम, दुर्घटना बीमा, नागरिक स्वास्थ्य परीक्षण, लोपोन्मुख र सीमान्तकृत आयआर्जन, छोरी बैङ्क खाताजस्ता कार्यक्रमहरू निरन्तर रूपमा सञ्चालन गरिएको छ।

सङ्घीयता कार्यान्वयनको सिलसिलामा राजनीतिक सङ्घीयतामार्फत राजनीतिक अधिकारहरू प्राप्त भए पनि कानुनी सङ्घीयता, वित्तीय सङ्घीयता, प्रशासनिक सङ्घीयता र प्राविधिक सङ्घीयताको कार्यान्वयन गरी सङ्घ, प्रदेश र स्थानीय सरकारको कामकारबाही प्रभावकारी बनाउन सङ्घीय सरकारबाट गाँठाहरू फुकाउने काम तदारूकताका साथ गर्नुपर्छ। प्रदेश प्रहरी प्रशासन र शान्तिसुरक्षा प्रदेशको एकल अधिकार क्षेत्रभित्रका विषय हुन्। प्रहरी समायोजन ऐन आए पनि प्रहरीलाई प्रदेशमा समायोजन गरिएको छैन। प्रदेशको एकल अधिकार क्षेत्रभित्र पर्ने प्रदेश प्रहरीको खटन-पटन र शान्ति-सुरक्षाको काम सङ्घीय सरकारबाटै भइरहेको छ। एकीकृत प्रकृतिका कानुन र साझा अधिकार सूचीका कानुन सङ्घीय सरकारबाट नै निर्माण गर्नुपर्ने भएकाले प्रदेशबाट निर्माण गर्न द्विविधा भएको छ। प्रदेश तथा स्थानीय तहबाट निर्माण भएका कानुन सङ्घीय कानुनसँग बाझिने, एकरूपता कायम नहुने, वैधता र वैधानिकता कायम गर्न चुनौतीपूर्ण छ। अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार राष्ट्रिय नीति, रणनीति र कार्ययोजना कार्यान्वयनमा सहकार्य, दिगो विकास लक्ष्य लगायतका विषयहरूमा प्रदेशको दायित्व र भूमिका स्पष्ट नहुँदा कार्यान्वयनमा समस्या देखिन्छ। आयोजना/परियोजना कार्यान्वयनका लागि आवश्यक जग्गा प्राप्ति (निकुञ्ज क्षेत्र र वन क्षेत्र) प्रक्रिया जटिल हुँदा कार्यान्वयनमा विलम्ब, लागत बढ्ने तथा आयोजना नै रोक्का गर्नुपर्ने स्थिति रहेको छ। वित्तीय हस्तान्तरण र बजेट निर्माण प्रक्रियामा अन्तर सरकारी समन्वयको अभाव, प्रदेश स्थापनाका शुरु वर्षको तुलनामा समानीकरण अनुदान रकम न्यून हुँदै गएको, राष्ट्रिय गौरव एवम् सङ्घीय सरकारबाट सञ्चालित र कार्यान्वित आयोजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा समन्वय गर्न प्रदेशको भूमिका स्थापित नभएको, प्रदेश तथा स्थानीय सरकारका लागि आवश्यक जग्गा भवन र सम्पत्ति हस्तान्तरण नभएको, साझा अधिकार सूचीका विषय क्षेत्रमा स्पष्ट मापदण्डको अभावमा एकै प्रकृतिका कार्य तीन तहबाटै कार्यान्वयन गर्न पनि समस्या छ।

सङ्घीयतालाई बुझ्ने, बुझाउने तथा व्याख्या गर्ने शैलीमा तीनै तहका सरकारबीच सहकार्य, समन्वय र एकरूपता हुनुपर्छ। विकास निर्माण, सुशासनको स्थापना र अभ्यास तथा समृद्धि प्राप्ति गर्न सबै सरकारको एउटै गन्तव्य हुनुपर्छ। हामीले तय गरेका विकास मोडल र अभ्यासले प्रादेशिक सन्तुलन हुने गरी पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सिंचाइ, आवास,

उर्जा, सञ्चार लगायत सबै प्रकारका सेवालाई सम्बोधन गरेर नागरिकको मानव अधिकारको संरक्षण संवर्द्धन हुने र जनजीवन सुधार हुने कुरालाई पहिलो प्राथमिकता दिनुपर्छ। कर्णाली प्रदेश सरकार उपरोक्त समस्याहरूको समाधान गर्दै शिक्षा, स्वास्थ्य र रोजगार: त्यसका लागि सुशासन र पूर्वाधार भन्ने नाराका साथ कर्णालीका जनताहरूको मानव अधिकारको रक्षा, संरक्षण, संवर्द्धन र समृद्धि परिपूर्तिका लागि नेपालको संविधान २०७२ ले प्रदान गरेको दायित्व निर्वाह गर्न प्रतिबद्ध रहेको छ।

राजकुमार शर्मा
मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश

नेपालको संविधान, २०७२ जारी भएपश्चात नेपाल राज्यले सङ्घीय गणतन्त्रतात्मक शासकीय व्यवस्था अवलम्बन गरिरहेको सन्दर्भमा विगत लगभग सात वर्षदेखि सुदूरपश्चिम प्रदेश सरकारले संविधान प्रदत्त अधिकारक्षेत्र भित्र रही कार्य गरिरहेको छ। नेपालको संविधानले मार्गदर्शन गरेबमोजिम प्रदेश अधिकार सूचीमा परेका गरिबी निवारण, सामाजिक सुरक्षा, रोजगारी, समावेशीकरण लगायतका विषयहरू प्रत्यक्ष रूपमा मानव अधिकारसँग जोडिएका हुन्छन्। उल्लेखित लगायतका विषयहरूलाई यथोचित सम्बोधन गर्न प्रदेश सरकारले प्रदेश नीति तथा कार्यक्रम, क्षेत्रगत कानुन तथा बजेट र योजनामार्फत काम गरिरहेको छ। कानुनी तथा कार्यगत अवस्थाहरू हेर्दा प्रदेश बालबालिकासम्बन्धी ऐन, २०७९, दलित सशक्तिकरण ऐन, २०७८ लगायतका क्षेत्रगत केही ऐनहरू बनिसकेको अवस्था छ। त्यस्तै, सुदूपश्चिम प्रदेश निजामती सेवा ऐन, सुदूरपश्चिम प्रहरी ऐन २०७९, लगायत जारी भई प्रदेशस्तरमा निजामती कर्मचारीहरूको संयन्त्रले काम गरिरहेको छ। मुख्य न्यायाधिवक्ताको कार्यालयले प्रदेश कानुनको सम्बन्धमा रक्षा प्रतिरक्षा गरिरहेकोमा उक्त कार्यालय तथा प्रदेश अन्तर्गतका अन्य सम्बन्धित कार्यालयहरूले मानव अधिकार संरक्षण र संवर्द्धनको सम्बन्धमा चेतनामूलक काम कारबाही र प्रदेशमा रहेका कारागार कार्यालयहरूमा अनुगमन गर्ने लगायतका कार्यहरू गरिरहेको छ।

मानव अधिकारको उल्लङ्घनको कसुर फौजदारी कसुर हुनेमा सो उल्लङ्घनको अनुसन्धान तहकिकातको कार्य प्रदेश प्रहरीको अभावमा हुन नसकेको प्रष्ट नै छ। उल्लेखित अवस्था, प्रदेशको सामाजिक संरचना, शैक्षिक चेतनाको स्तर, कर्मचारीहरू अभाव लगायतले मानव अधिकारको प्रभावकारी संरक्षण र संवर्द्धन गर्ने कार्य प्रभावित हुन गएको देखिन्छ। यस सम्बन्धमा राज्यका तिनै तहका सरकारकाबीच समन्वय गरी संविधानले दिएको एकल र साझा अधिकारको प्रभावकारी कार्यान्वयन हुन जरुरी देखिन्छ। हालै सम्पन्न मुख्यमन्त्रीहरूको भेलाले सरकारको कार्य विस्तृतिकरण प्रतिवेदनले औँल्याएका विषयमा थप अध्ययन गरी अन्तिम रूप दिन सातै प्रदेशका मुख्य न्यायाधिवक्तालाई जिम्मेवारी दिएको छ। यद्यपि सङ्घीय सरकार, प्रदेश सरकारहरू र स्थानीय सरकारहरूबीच संविधानले परिकल्पना गरेको सहकारिता, समन्वयन र सहअस्तित्व कार्य पनि पेचिलो नै रहेको छ। नागरिक सङ्गठन तथा अन्य पेशागत सङ्गठनहरू, निजी सार्वजनिक संस्थाहरू र सरकारी संयन्त्रहरूको प्रभावकारी समन्वय, सञ्चार र सहकार्यबाट मात्र मानव अधिकारको संरक्षण हुनसक्ने कुरामा प्रदेश सरकार विश्वस्त छ।

मानव अधिकारको संरक्षण र संवर्द्धनमा विगतमा गरिआएका कार्यहरूलाई निरन्तरता दिँदै मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/७८-२०८१/८२) ले निर्दिष्ट गरेका कार्यक्रम सञ्चालन गर्नेतर्फ प्रदेश सरकार र सोका निम्ति प्रदेश सरकारले सबै जिल्लाको मानव अधिकारको प्राथमिकता अनुसारका कार्य गर्न सुदूरपश्चिम सरकार प्रतिबद्ध रहेको छ।

कमलबहादुर शाह
मुख्यमन्त्री

परिच्छेद ९

सन् २०२३ को मानव अधिकार स्थितिबारे विभिन्न आयोगहरूका धारणा

राष्ट्रिय मानव अधिकार आयोग

सन् २०२३ मा पनि अघिल्ला वर्षहरूझैं राष्ट्रिय मानव अधिकार आयोगले संविधान र सम्बन्धित कानुनले दिएको क्षेत्राधिकारभित्र गरेका प्रमुख कार्यहरूलाई संरक्षणात्मक, संवर्द्धनात्मक र पुनरावलोकनसम्बन्धी गरी तीन वर्गमा विभाजन गर्न सकिन्छ। यी तीनओटै किसिमका कार्यहरू सम्पन्न गर्न आयोगले राज्यका निकायहरू, नागरिक समाज, अन्तर्राष्ट्रिय निकाय, मानव अधिकार राष्ट्रिय संस्थाहरूको विश्वव्यापी सञ्जाल (गान्हरी) सँगको सहकार्य र समन्वयलाई प्राथमिकतामा राख्दै आएको छ। आयोगको यो पाँचौ कार्यकालसम्म आयोगले प्रतिकूलताहरू हुँदाहुँदै पनि मानव अधिकार संरक्षणमा र संवर्द्धनमा गरेका प्रयासहरूका आधारमा गान्हरीको वर्गीकरणमा आफूलाई 'क' श्रेणीमा कायम राख्न सफलता प्राप्त गरेको छ।

आयोगमा हालसम्म परेको उजुरीको अनुसन्धान गरी २८ करोड १३ लाख १ हजार १ सय ९ रुपियाँ क्षतिपूर्तिको रकम सम्बन्धित पीडितलाई प्रदान गर्न सरकारलाई सिफारिस गऱ्यो। तर, पीडितहरूले करिब सात करोडमात्र क्षतिपूर्तिबापत पाएको जानकारी आयोगलाई प्राप्त भएको छ। मानव अधिकार उल्लङ्घनकर्ता ३ सय ५८ जनालाई कारबाहीको सिफारिस गरेकोमा सरकारले ३७ जनालाई कारबाही गरेको छ।

आयोगले हालसम्म १ हजार ४ सय १३ ओटा सिफारिस गरी कार्यान्वयनको लागि नेपाल सरकार/सम्बन्धित निकाय पठाएकोमा १५.३ प्रतिशत पूर्ण र ३९.२ आंशिक कार्यान्वयन र ४५.५ सिफारिस कार्यान्वयन नभएको बिडम्वनापूर्ण अवस्था छ। आयोगमा परेका उजुरीहरूमध्ये २ हजार ७ सय ५२ उजुरी अनुसन्धान हुन बाँकी, १ हजार ४ सय ६२ उजुरी अनुसन्धान कार्य सम्पन्न गरी निर्णय हुन बाँकी रहेका छन्। अनुसन्धान भइरहेका मध्ये २ हजार ६ सय १८ उजुरीहरू सशस्त्र द्वन्द्वसँग सम्बन्धित रहेका छन्।

मानव अधिकार उल्लङ्घन र दुरूत्साहनका घटना सम्बन्धमा आयोगले संविधान, ऐन, नियमको परिधिभित्र रही अनुसन्धान कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउँदै आएको छ। उजुरीहरू विशेषत: नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, महिला, बालबालिका, यातना, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदार, अल्पसङ्ख्यकको अधिकार आदि विषयसँग सम्बन्धित छन्।

सन् २०२३ मा समग्र मानव अधिकार अवस्था

जीवनको अधिकार

बाँच्न पाउने अधिकारलाई पहिलो वा आधारभूत अधिकारको रूपमा स्वीकार गरिए पनि व्यवहारत: अवस्था अझै पनि सन्तोषजनक छैन। प्रत्यक्ष/अप्रत्यक्ष रूपमा नागरिकप्रति राज्यले निर्वाह गर्नुपर्ने भूमिका प्रभावकारी वा सशक्त हुन नसक्दा नागरिकले अकालमा ज्यान गुमाउनुपर्ने अवस्था विद्यमान छ। विशेषत: अपराधजन्य क्रियाकलाप, स्वास्थ्य उपचार तथा औषधीको अभाव, गरिबी, आत्महत्या, वैदेशिक रोजगार, प्राकृतिक विपत्, सडक दुर्घटना लगायतका कारण नागरिकहरू जीवन गुमाउन बाध्य छन्।

सरकारको नियन्त्रण र नियमनको थुनुवा केन्द्रमा हत्या/मृत्यु भएका उजुरीउपर आयोगले छानबिन तथा अनुसन्धान गरी दोषीलाई कारबाही र मृतक परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने गरेको छ। सडकको अवस्था र सवारी व्यवस्थापनमा सरकारको नियमन प्रभावकारी नहुँदा सवारी दुर्घटनाबाट समेत नागरिकहरूले जीवनको अधिकार गुमाइरहेका देखिन्छ। प्राकृतिक प्रकोपलाई नियन्त्रण गर्न नसकिने भए पनि अपेक्षित रूपमा पूर्वसावधानी अपनाउन नसक्दा मृत्युका घटनाहरू प्रत्येक वर्ष पुनरावृत्ति भइरहेका छन्।

निर्माण तथा अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरहरूको मृत्युको सम्बन्धमा खासै चर्चा भएको

पाइँदैन। अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरको सङ्ख्या कति छ, कामको सिलसिलामा दुर्घटनामा परी कति घाइते अनि कतिको मृत्यु हुने गर्दछ भन्ने बारेमा सरकारी निकाय तथा सरोकारवालाहरूसँग कुनै तथ्याङ्क रहेको पाइँदैन। समयमै स्वास्थ्य उपचार नपाइ अकालमा ज्यान गुमाउनेको सङ्ख्या पनि धेरै छ। एकीन तथ्याङ्क नभए पनि आर्थिक अभावको कारण स्वास्थ्य संस्थामा जान नसकेका, स्वास्थ्य उपचारमा पहुँच नभएका र जटिल किसिमका रोगहरू (जस्तै– क्यान्सर, मृगौला रोग, हृदयघात आदि) लागेका र सङ्क्रमणजन्य रोगहरूबाट समेत धेरैले ज्यान गुमाइरहेका छन्।

कैदी-बन्दीहरूको अधिकार

कैदीबन्दीहरूलाई मानवोचित व्यवहार, कानुनी परामर्श सेवा, खानपिन र स्वास्थ्य सेवा, सीपमूलक तालिम, पुस्तकालय, मनोरञ्जन तथा खेलकुदका सामग्रीहरूको व्यवस्था लगायतका सकारात्मक सुधारहरू भए पनि मुलुकभरका प्राय: कारागारहरूको भौतिक अवस्था जीर्ण छ। सबैजसो कारागारहरूमा क्षमताभन्दा अधिक कैदीबन्दी राखिएको, उनीहरूको आवश्यकताअनुसार पानी, शौचालय, बत्ती आदिको प्रबन्ध नभएको, भुइँमा खापिएर सुत्नुपर्ने बाध्यता छ।

अदालतहरूबाट समयमै मुद्दाहरू फैसला हुन नसक्दा कैदीबन्दीहरूले लामो समयसम्म बन्दी जीवन बिताउनुपरेको गुनासोहरू प्राप्त भएका छन्। सबै प्रकारका अपराध र स्वास्थ्य समस्या भएका कैदीहरूलाई समेत एकैठाउँमा राख्ने गरिएको पाइएको छ। भेटघाटको लागि आउने आफन्त, मानव अधिकारकर्मी र कानुन व्यवसायी आदिको लागि छुट्टै कोठा वा त्यसको व्यवस्था छैन। बिरामी भएको अवस्थामा प्रभावकारी उपचारको व्यवस्था अहिले पनि हुन सकेको पाइँदैन। कानुनी प्रक्रियाका लागि अदालतमा कैदीबन्दीहरूलाई लैजान र ल्याउन आवश्यकताअनुसार सवारी साधनको अभाव रहेको छ।

सीपमूलक तालिममा जोड दिन, कैदीबन्दीहरूको फोटोसहितको अभिलेख राख्न, सुझाव वा उजुरी पेटीका तथा कैदीबन्दीहरूले पालना गर्नुपर्ने आचारसंहिता प्रष्ट बुझिने र देखिने स्थानमा राख्ने व्यवस्था मिलाउन ध्यान पुऱ्याउन आवश्यक छ। यी विविध विषयमा आयोगले सरकारलाई निर्देशन दिनुको साथै सिफारिस पनि गर्दै आएको छ।

सङ्क्रमणकालीन न्याय

सङ्कमणकालीन न्यायको मुद्दालाई सम्बोधन गर्नका सरकार, राजनीतिक दल, पीडित, अन्तर्राष्ट्रिय समुदाय कुनै न कुनै रूपमा क्रियाशील भइरहे। राष्ट्रिय/अन्तर्राष्ट्रिय परिवेश, चासो, आ-आफ्नो बुझाइ, रणनीति, आफू सजायको भागिदार बनिने भयत्रास, सत्ता स्वार्थ, राजनीतिक अस्थिरता आदि कारणहरूले यो मुद्दा प्रभावित बन्न पुग्यो। परिणामत: सर्वोच्च अदालतको आदेशको विषयमा साझा मिलन बिन्दुमा पुग्न नसक्दा लामो समयसम्म ऐन निर्माण हुन सकेन। तर, राष्ट्रिय र अन्तर्राष्ट्रिय समुदायको चासो र पीडितको दबाबलगायतका कारण पनि यस मुद्दालाई पन्छाउन सहज एवम् सम्भव छैन।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य-निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ का कतिपय प्रावधानहरूमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहबाट उठाइएका सवालहरू, सर्वोच्च अदालत र राष्ट्रिय मानव अधिकार आयोगले अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम ऐन संशोधन गर्न दिएको निर्देशनको पालना हुन सकेको छैन। सरकारले राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा जाहेर गरेको प्रतिबद्धता, पीडितका माग, अन्तर्राष्ट्रिय चासो र सरोकार अहिले पनि सम्बोधन हुन सकेन।

सङ्क्रमणकालीन न्यायलाई व्यवस्थापन गर्न तर्जुमा गरिएको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ तथा सो ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९ प्रति पीडित परिवार र सरोकारवालाहरूले चित्त बुझाएको अवस्था छैन। उक्त विधेयक सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुन, मूल्यमान्यताबमोजिम नभएको र पीडकलाई उन्मुक्ति दिने खालका प्रावधानहरू राखेको भनेर पीडित र सरोकारवालाहरूले आवाज उठाइरहेको अवस्था छ।

आर्थिक अधिकार र रोजगार

आर्थिक अधिकारभित्र आफूले स्वतन्त्रतापूर्वक छानेको वा स्वीकार गरेको कामबाट जीवन धान्ने अधिकार, समान कार्यको लागि बिनाभेदभाव उचित पारिश्रमिक पाउने, अनुकूल वातावरणमा काम गर्न पाउने अधिकार, ट्रेड युनियन खोल्ने र आफूले रोजेको ट्रेड युनियनमा सम्मिलित हुने अधिकार, सामाजिक बीमा लगायत सामाजिक सुरक्षाको अधिकार, पारिवारिक सुरक्षा र सहायता लगायतका अधिकारहरू

पर्दछन्। तीनै तहका सरकारको पुँजीगत खर्चमा अपेक्षित वृद्धि हुन नसक्दा पुँजी निर्माण, रोजगार सिर्जना, उत्पादन र उत्पादकत्वमा अपेक्षाअनुसार सुधार हुन सकेको छैन। कृषिको लागि आवश्यक पर्ने मल समयमै उपलब्ध हुन नसक्दा आकासे वर्षाको भरमा रहेको सिँचाइ र जलवायु परिर्वतनका कारण समयमा वर्षा नहुँदा कृषि उत्पादन घटेको छ।

शिक्षाको अधिकार

नेपाल सरकारले २०६५ सालमा नै दुई वर्षभित्रमा निरक्षरता उन्मूलन गर्ने भनी रणनीति बनाए पनि दशक बितिसक्दा पनि उन्मूलन हुन सकेको देखिँदैन। नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको प्रतिबद्धता एवम् अन्तर्राष्ट्रिय मान्यताअनुसार शिक्षा क्षेत्रमा बजेट २० प्रतिशतभन्दा माथि हुनुपर्ने भए पनि नेपालको सन्दर्भमा झण्डै आधामात्र छुट्याइने गरेको पाइन्छ। प्रदेश र स्थानीय सरकारले पनि आ-आफ्नो विशेषता, मौलिकतालाई मध्यनजर राखी शैक्षिक अभियानहरू सञ्चालन गरिरहेको छ।

सरकारले सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियानअन्तर्गत सञ्चालन गरिएका विभिन्न कार्यक्रमहरू केही प्रगतिमूलक देखिएका छन्। यद्यपि अवस्था भने सन्तोषजनक छैन। निःशुल्क शिक्षा, पोशाक, पुस्तक, दिवा खाजा सरकारी तहबाटै उपलब्ध गराउने भनिए पनि अपेक्षित उपलब्धि हासिल हुनसक्ने विश्वस्त आधार देखिएको छैन। अहिले पनि पाँचदेखि १२ वर्ष उमेर समूहका झण्डै तीन लाखभन्दा बढी बालबालिका विद्यालयभन्दा बाहिर रहेको अनुमान छ। अपाङ्गता भएका बालबालिका, आर्थिक रूपमा विपन्न बालबालिका, अविभावक वा संरक्षकविहीन टुहुरा/अनाथ, पिछडिएका बालबालिकाहरू शिक्षाबाट वञ्चित हुन पुगेको पाइन्छ। सङ्घ, प्रदेश तथा स्थानीय सरकारले शिक्षालाई प्राथमिकतामा राखेको भए पनि विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई विद्यालयसम्म जोड्न सकिएको छैन।

सामुदायिक विद्यालयहरूको गुणस्तरमा अझै पनि अपेक्षित सुधार आउन सकेको छैन। गुणस्तरीय पठनपाठन, चुस्तदुरुस्त व्यवस्थापन र प्रभावकारी अनुगमन हुन नसक्दा सरकारी विद्यालयहरूमा आकर्षण बढ्न सकेको छैन।

स्वास्थ्यको अधिकार

स्वास्थ्य क्षेत्रमा बढ्दै गएको सार्वजनिक तथा निजी लगानी र स्वास्थ्यसम्बन्धी नागरिक चेतनामा वृद्धि हुदै गएसँगै विगतका वर्षदेखि नै स्वास्थ्य सूचकमा उल्लेख्य सुधार हुँदै गएको छ। मानव संशाधनको उत्पादनको दृष्टिले स्वास्थ्य क्षेत्रमा नेपालमा प्रतिहजार जनसङ्ख्यामा १.१५ प्रतिशत चिकित्सक र २.५४ प्रतिशत नर्स रहेका छन्। विपन्न नागरिक औषधी उपचारअन्तर्गत विभिन्न आठ प्रकारका रोगविरुद्ध स्वास्थ्य सेवा उपलब्ध हुँदै आएको छ। सरकारले १४ वर्षमुनिका बालबालिका र ७० वर्षमाथिका ज्येष्ठ नागरिकको मुटुरोगको निःशुल्क उपचार, विपन्न नागरिकलाई मुटु, मिर्गौला, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी, सिकलसेल एनिमिया लगायतका रोगहरूको उपचारमा विशेष व्यवस्था गरेको छ। स्वास्थ्य संस्थामार्फत ९८ प्रकारका औषधी निःशुल्क रूपमा वितरण गर्ने घोषणा गरेको छ। नेपालमा सञ्चालित राष्ट्रिय खोप कार्यक्रमलगायत विविध खोप कार्यक्रम र सर्ने तथा नसर्ने रोगसम्बन्धी सेवामा गुणात्मक र सङ्ख्यात्मक सुधार भएबाट हाल औसत आयु ७१.७४ वर्ष पुगेको छ।

यी सकारात्मक प्रयत्नका बावजूद् स्वास्थ्यको अधिकार सबै वर्ग र तहका नागरिकहरूको पहुँचमा पाइँदैन। दुर्गम क्षेत्र र गरिबीको रेखामुनि रहेका, पिछडिएका, अपाङ्गता भएका एवम् सीमान्तकृत समुदायको स्वास्थ्य सेवामा पहुँच सरल, सुलभ र व्यापक हुन सकेको छैन। नेपाल सरकारको आधारभूत स्वास्थ्य सेवा सञ्चालनसम्बन्धी कार्यविधि, २०७९ अनुसार ९८ प्रकारका औषधिहरू निःशुल्क वितरण गर्ने भनिए पनि जिल्ला अस्पतालहरूमा समेत सहजरूपमा उपलब्ध हुन सकेको छैन।

स्वास्थ्य क्षेत्रमा बढ्दो व्यवसायीकरणले सरकारी अस्पताल गरिबहरूको लागि मात्र हो भन्ने मनोवृत्तिमा विकास हुँदै गएको छ। कुनै पनि स्थान विशेष, तह, तप्का, वर्ग र समुदायका नागरिकहरूका लागि हालसम्म संविधानको आकांक्षाअनुरूप सहज र सुलभ स्वास्थ्य सेवामा पहुँच रहेको छैन।

ग्रामीणस्तरका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्यकर्मीको दरबन्दी पूरा नहुँदा नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा उपभोग गर्न पाएका छैनन्। स्वास्थ्य संस्था भौतिक रूपमा राम्रो भएता पनि सरसफाइको कमी रहेको देखिन्छ। समग्रमा नागरिकहरूले संविधान र कानुनमा उल्लेख

भएबमोजिमको गुणस्तरीय स्वास्थ्यको अधिकार उपभोग गर्न सकेको अवस्था छैन।

खाद्यको अधिकार

संवैधानिक र कानुनी व्यवस्थाका बाबजुद खाद्य अधिकार उपभोग तथा कार्यान्वयनको पक्ष अपेक्षाकृत देखिँदैन। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ ले नागरिकलाई खाद्य असुरक्षाबाट संरक्षण पाउने, बिना भेदभाव पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा पहुँच हुने, भोकबाट मुक्त हुने, खाद्यको अभावमा जीवन जोखिममा हुने अवस्थाबाट सुरक्षित हुने अधिकारलाई सुनिश्चित गरेको छ। सन् २०२३ को विश्व भोकमरी सूचकाङ्कमा नेपाल १ सय २५ देशमध्ये ६९ औँ स्थानमा रहेको देखाइएको छ। आर्थिक सङ्कटको सामना गरिरहेको अवस्थामा विश्व भोकमरीको सूचकाङ्कमा नेपाल दक्षिण एसियामा नै श्रीलङ्कापछि दोस्रो देशको रूपमा सूचीकृत हुनुलाई सकारात्मक नै मान्नुपर्ने हुन्छ। नेपालको कृषि उत्पादन र उत्पादकत्वको तुलनात्मक अध्ययन गर्दा अझै पनि नेपाल खाद्यान्नमा निर्भर हुन सकेको छैन। सरकारी निकायहरूको तथ्य र तथ्याङ्कहरूको विश्लेषण गर्दा नेपालमा नागरिकहरूको खाद्यान्नको अधिकार सुरक्षित रहेको मान्न सकिने अवस्था देखिँदैन। मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि, सिंचाइ, वाणिज्य लगायतका क्षेत्रगत नीतिको समयानुकूल परिमार्जन गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु आवश्यक छ।

खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ बमोजिम स्थानीय तहले खाद्य जोखिम रहेका घरपरिवारको विवरण अद्यावधिक गरी खाद्य सहायता परिचयपत्र वितरण गर्ने र लक्षित घरपरिवारलाई सहुलियत मूल्यमा वा निःशुल्क खाद्य सहायता उपलब्ध गराउनुपर्ने व्यवस्था भए पनि यसको कार्यान्वयन हुन सकेको छैन।

उपभोक्ताको अधिकार

मानव अधिकारसँग सम्बन्धित दस्तावेज, कानुन र सरकारी प्रतिबद्धतामा उपभोक्ता अधिकार सुरक्षित भए पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ। खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको बिक्री, कृत्रिम मूल्यवृद्धि जस्ता समस्याहरू बेलाबखतमा भइरहेका छन्। गुणस्तरीय वस्तु, उत्पादन सञ्चय वा भण्डारण, ढुवानीमा समस्याको अवस्था विद्यमान छ। ग्राहकलाई गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापनको प्रचारप्रसार चुनौतीको रूपमा देखिएका छन्। स्रोत र साधन एवम् समन्वयको अभाव, दक्ष जनशक्ति, प्रयोगशालाको कमी, भएका प्रयोगशाला पनि प्रयोगविहीन, अप्रभावकारी अनुगमन, कारबाही आदि कारकतत्वका रूपमा रहेका छन्।

आयोगबाट जारी भएको उपभोक्ताको मानव अधिकार अनुगमन निर्देशिका, २०७९ बमोजिम आयोगले विभिन्न जिल्लाहरूमा बजार अनुगमन गर्दै आएको छ। स्थानीय प्रशासन र स्थानीय तहहरूबाट समेत बजार अनुगमन गर्ने गरिए पनि प्रभावकारी देखिएको छैन। अनुगमन टोलीमा प्राविधिक र पर्याप्त ज्ञान, सीपको अभाव, यन्त्र उपकरणहरूको अभाव, खाद्य पदार्थको नमुना परीक्षणको लागि प्रयोगशालाको अभाव लगायतका कारण स्थानीय अनुगमन प्रभावकारी देखिएको छैन। त्यस्तै, उपभोक्ता सचेतना पर्याप्त मात्रामा नहुँदा उपभोक्ताहरू ठगिएका छन्। जिल्ला प्रशासन कार्यालयहरूले स्थानीय यातायातको दररेट निर्धारण गरेको भए पनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, स्वास्थ्य संस्थाहरू बिना दर्ता सञ्चालन हुने गरेका, मूल्य सूची नराख्ने, ग्रामीण भेगहरूमा डिजेल, पेट्रोल खुला रूपमा बिक्री हुने गरेका, म्याद गुज्रिएका सामानको बिक्री वितरण हुने गरेका, नापतौलमा एकरूपता नहुने जस्ता समस्याहरू अनुगमनको क्रममा पाइएको थियो।

विशेष पर्वहरूको समयमा दैनिक उपभोग्य वस्तुहरू चामल, दाल, चिनी, तेल, दुःध, मिठाइ, माछा/मासु, ग्याँस, औषधी, फलफूल, तरकारीलगायतका वस्तुहरूको गुणस्तरमा उठ्ने प्रश्न र त्यस्ता अखाद्य र मिसावटयुक्त वस्तुको उपभोगले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितमा पार्ने प्रभाव तथा नापतौलमा कमी, उपभोग्य वस्तु तथा सेवाको खरीद तथा बिक्री मूल्य पारदर्शी नहुनेजस्ता समस्याहरू कायम नै रहेको देखिन्छ। अनुगमन नियमित नहुने तथा एक पटक अनुगमन भएपछि पुनःनिरन्तता दिने नगरिएको आयोगको अनुगमनबाट देखिएको छ।

महिला अधिकार

कानुनी र संस्थागत व्यवस्थाका बाबजूद् सबै महिलाहरूले व्यवहारतः सम्मानजनक रूपमा अधिकारहरूको उपभोग गर्न सकेका छैनन्। नेपालमा महिला सशक्तिकरणका मुद्दालाई उल्लिखित सूचकको आधारमा विश्लेषण गर्दा महिलाहरूको राजनीतिक सहभागिता अर्थपूर्ण हुन सकेको छैन।

महिलामाथि हुने हिंसाका घटनाहरूमा अपराधीले सजिलै उन्मुक्ति पाउने अवस्थाले दण्डहीनतालाई थप प्रश्रय दिएको छ। कतिपय अवस्थामा महिला हिंसाका घटनाहरू सम्बन्धित निकाय समक्ष नपुग्ने र मेलमिलाप गरेर टुङ्ग्याउने गरिँदा महिलाहरूको न्यायिक अधिकारको सम्मान हुन सकेको छैन। महिला हिंसाका घटनामा उजुरी परिवारका विरुद्ध गर्नुपर्ने र पुनः सोही घरमा आएर बस्नुपर्ने हुँदा महिलाहरू पीडित भएर पनि कतिपय घटनाहरू सार्वजनिक हुँदैनन। कतिपय महिला हिंसाको घटनामा उजुरी दर्ता गराएपश्चात् घरपरिवार तथा आफन्तबाट नै उजुरी फिर्ता लिन वा मिलापत्र गराउन दबाब आउने गरेको पाइएको छ। घरेलु हिंसा, बलात्कार, बेचबिखन, बहुविवाह, छाउपडी प्रथा अहिले पनि विद्यमान छ। घरेलु हिंसामा व्यापक बढोत्तरी भइरहेको छ। समय र विकासक्रम सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ। यस आर्थिक वर्षमा महिला अधिकार विरुद्धका नौ ओटा उजुरीहरू आयोगमा दर्ता हुन आएका छन्।

बाल अधिकार

बालबालिकाको जन्मदर्तासम्बन्धी अवस्था हेर्दा पाँच वर्ष वा सोभन्दा कम उमेरका कुल ३० लाख सात हजार ६ सय ४८ जना बालबालिकामध्ये ७४.० प्रतिशतको मात्र जन्मदर्ता भएको देखिन्छ। भौगोलिक आधारमा हेर्दा हिमालमा ८१.९ प्रतिशत, पहाडमा ७३.१ प्रतिशत र तराईमा ७३.७ प्रतिशत देखिन्छ। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशमा ८७.३ र सबैभन्दा कम बागमती प्रदेशमा ६७ प्रतिशतले मात्र जन्म दर्ता गरेको देखिन्छ।

बालबालिकाको शिक्षा विकासका लागि अनेकन कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। स्वास्थ्य र पोषणसँग सम्बन्धित कार्यहरूमा विभिन्न खोपहरूका लागि राष्ट्रिय खोप, सुनौलो हजार दिन, राष्ट्रिय पोषण, भिटामिन "ए" वितरण, बहुक्षेत्रीय पोषण कार्यक्रम, कुपोषण पुनःस्थापना, एकीकृत बाल स्वास्थ्य, समुदायमा आधारित नवजात शिशु तथा बालरोग व्यवस्थापन, एचआईभी/एड्स नियन्त्रण तथा उपचारलगायतका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। देशभर दलित समुदायका बालबालिकालाई पोषण भत्ता, अति दुर्गम हिमाली र पहाडी जिल्लाका ज्यान जोखिममा परेका गर्भवती र सुत्केरीका लागि राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हेलिकप्टरबाट सुक्षित उद्धार र उपचार सहयोगजस्ता कार्यक्रमहरू चलिरहेका छन्। यसका अतिरिक्त तोकिएका स्वास्थ्य संस्थाहरूमा तोकिएका स्वास्थ्य सेवा र औषधिहरू निःशुल्क प्रदान गर्ने गरिएको छ। बालमैत्री विद्यालयको सङ्ख्या अत्यन्त न्यून रहेको देखिन्छ।

बाल अधिकार संरक्षणको लागि सरकार, सरकारका निकायहरू र गैरसरकारी सङ्घसंस्थाहरूमार्फत निरन्तर प्रयास हुँदै आएको छ। गरिबीको दीर्घकालीन प्रभाव वयस्कभन्दा बालबालिकामा बढी पर्दछ। नेपालमा बालबालिकाको अधिकारसँग सम्बन्धित नीतिगत र कानुनी व्यवस्थाहरू बालअधिकारमैत्री देखिए पनि यी व्यवस्थाहरूको कार्यान्वयनको पक्ष प्रभावकारी बनाउनु आवश्यक छ।

जातीय भेदभावविरुद्धको अधिकार

जातीय विभेद विरुद्धको हकलाई संवैधानिक सुनिश्चितता गरिए पनि व्यवहारिक कार्यान्वयनको अवस्था कमजोर देखिन्छ। राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा दलित समुदायले कुनै न कुनै प्रकारको विभेदको सामना गरिरहनुपरेको आयोगको अनुगमनबाट पाइएको छ। आयोगले दलित समुदायको हक अधिकारका संरक्षणका सवालमा अनुसन्धान, अनुगमन तथा विभिन्न प्रवर्द्धनात्मक सचेतनामूलक कार्यक्रमहरू मार्फत् सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ।

हाल प्रतिनिधित्व भएका स्थानीय तहहरूमा पनि गैरदलित जनप्रतिनिधिले असहयोग गर्ने तथा विभिन्न प्रकारका षड्यन्त्र गरी कार्य सम्पादनमा प्रतिकूल असर पारिरहेको गुनासाहरू आउने गरेको छ । विशेष गरी, स्थानीय दलित महिला वडा सदस्यलाई सम्बन्धित वडा अध्यक्षहरूबाट सम्मानजनक व्यवहार नगर्ने तथा दलित महिला वडा सदस्यको प्रतिनिधित्वलाई गौण रूपमा हेरिने गरिएको, वडामा हुने विभिन्न निर्णय प्रक्रिया, दलितमैत्री बजेट निर्माण, नीति, कार्यक्रम तथा योजना तर्जुमालगायत कार्यमा दलित महिला जनप्रतिनिधिलाई अनिवार्य रूपमा सहभागी नगराउने गरेको भनाइ अनुगमन तथा अन्तरक्रियाको क्रममा दलित जनप्रतिनिधिहरूबाट आउने गरेको छ।

यस आर्थिक वर्षमा जातीय भेदभावविरुद्धका दुई उजुरी आयोगमा दर्ता भएको र अनुसन्धान सम्पन्न भई निर्णयको प्रक्रियामा छन्।

अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

संविधान, ऐन कानुनमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा संवर्द्धनको लागि विविध व्यवस्थाहरू भए पनि प्रभावकारी कार्यान्वयन नहुँदा उनीहरूले मानव अधिकार उपभोगको महसुस गर्न पाएका छैनन्। आयोगका कार्यालयहरूमा प्राप्त भएका सूचना, जानकारी तथा अनुगमन, छलफलबाट प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दा नकारात्मक सामाजिक धारणा तथा अपाङ्गतामैत्री सोचको अभावका कारण अपाङ्गता भएका व्यक्तिहरूमाथि विभिन्न व्यवहारगत तथा सामाजिक विभेदहरू हुने गरेको पाइएको छ। शिक्षा, स्वास्थ्य, रोजगारी, राजनीतिक सहभागिता लगायतका क्षेत्रमा सुनिश्चितता हुन सकेको छैन। अपाङ्गता भएकै आधारमा विभिन्न भेदभाव, हिंसा, बलात्कार भएका घटनाहरू विभिन्न सञ्चार-माध्यमहरूमा आउने गरेका छन्। नयाँ नियुक्ति तथा सरुवा भएर एक विद्यालयबाट अर्को विद्यालयमा जाँदा अपाङ्गता भएका शिक्षकहरूलाई विद्यालयले विभिन्न कारणहरू देखाइ हाजिर नगराएको भनी आयोगको कार्यालयमा जानकारी प्राप्त भएको छ ।

मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू अझै पनि उपचार अभावमा खोरमा थुनिनुपर्ने, वाधिएर वस्नुपर्ने तथा अमानवीय जीवन बिताउन परेको अवस्था कायमै छ। अनौपचारिक क्षेत्र तथा दैनिक ज्यालादारी मजदुरीमा अपाङ्गता भएका व्यक्तिहरूलाई कम प्राथमिकतामा राख्ने गरिएको छ। अपाङ्गता भएका बालबालिकालाई विद्यालयले भर्ना लिन अस्वीकार गर्ने, अपाङ्गतामैत्री पाठ्यक्रम तथा पाठ्यपुस्तक उपलब्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरूको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा उनीहरूलाई अधिकारको दृष्टिकोणबाट भन्दा पनि दयामायाका दृष्टिले हेर्ने गरिएको पाइएको छ। यस आर्थिक वर्षमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धमा चार ओटा उजुरीहरू आयोगमा दर्ता भएका छन्।

आप्रवासी कामदारहरूको अधिकार

योग्यता, क्षमता र छनौटअनुसार रोजगारी प्राप्त गर्नु प्रत्येक व्यक्तिको अधिकार हो। आप्रवासी कामदारहरूको हक र अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय र राष्ट्रिय रूपमा विविध व्यवस्थाहरू गरिएको छ। नेपालबाट जाने अधिकांश श्रमिकहरूको गन्तव्य मुलुक मलेसिया, कतार, युएई र साउदी अरब रहेको देखिन्छ। रोजगारदाताबाट प्राप्त मागका आधारमा वैदेशिक रोजगार निकायले संस्थागत श्रम स्वीकृतिमा तेस्रो मुलुक पठाउँछन्। व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाने व्यक्ति आफैँ वा आफन्तमार्फत काम खोजी गरी व्यक्तिगत श्रम स्वीकृति लिई जाने प्रचलन पनि छ। श्रम स्वीकृतिबिना वा गैरकानुनी रूपमा तेस्रो मुलुक जाने/लैजाने गरेको तथ्यहरूसमेत पाइएका छन्।

भारतमा रोजगारीको लागि विनाश्रम स्वीकृति (जसलाई वैध मानिने गरेको छ) जाने सङ्ख्या पनि उत्तिकै छ। नेपालबाट भारतमा जाने नेपाली कामदारहरूको सङ्ख्या धेरै भए पनि यसको एकीन तथ्याङ्क कुनै निकायसँग छैन। नेपालसँग सीमा जोडिएकोले कम लागतमा जान सकिने तथा श्रम स्वीकृतिसमेत लिनु नपर्ने भएको कारण नेपालका कर्णाली र सुदूरपश्चिम प्रदेश र सीमावर्ती क्षेत्रका अधिकांश युवाहरूको आकर्षण भारतमा हुने गरेको पाइएको छ। विदेशमा रहने नेपालीहरूको सङ्ख्या करिब ३५ लाख रहेको अनुमान विभिन्न सर्वेक्षणहरूले औँल्याएका छन्।

वैदेशिक रोजगारसम्बन्धी ज्ञानको अभावको कारण रोजगारीमा जाने कतिपय नेपालीहरू एकातिर प्रस्थानअघि नै ठगीमा पर्ने गरेका छन्। अर्कातर्फ विदेशी भूमिमा पुगेपछि आवश्यक सीप र दक्षताको अभावमा रोजगारदाता कम्पनीबाट प्रताडना भोग्ने गरेका छन्। वैदेशिक रोजगारीकै सिलसिलामा ज्यान गुमाउने र अङ्गभङ्ग हुनेको सङ्ख्यामासमेत कमी भएको देखिँदैन।

आप्रवासी कामदारहरूको हक र अधिकार सुनिश्चित गर्नको लागि विभिन्न नीतिगत र कानुनी व्यवस्था भए पनि कार्यान्वयनको पक्ष कमजोर छ। यसको असर कामदारहरूले गन्तव्य मुलुकमा प्रस्थानपूर्व र पुगिसकेपछि कार्यस्थलमा र स्वदेश फर्किंदासम्मको अवस्थामा भोग्नुपरेको छ। यस यथार्थलाई मध्यनजर गर्दै आप्रवासी श्रमिकको भर्ना प्रक्रिया व्यवस्थित गर्न, गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकहरूको न्यायमा पहुँच बढाउन, द्रुत उद्धार, सम्मानजनक फिर्ती र दिगो पुन:एकीकरण सुनिश्चित गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ।

आदिवासी जनजातिको अधिकार

नेपालले आदिवासी जनजातिको अधिकारसम्बन्धी महासन्धिहरूको अनुमोदन तथा सोसम्बन्धी घोषणा पत्रहरूको कार्यान्वयन मा

प्रतिबद्धता जनाएको छ। विगतका तुलनामा आदिवासी जनजातिहरूको आर्थिक, सामाजिक र सांस्कृतिक पक्षहरू सुधारोन्मुख नै देखिए पनि अपेक्षाकृत सुधार हुन सकेको छैन। मुलुक सङ्घीय प्रणालीमा गएसँगै आदिवासी जनजातिहरूको राजनीतिक प्रतिनिधित्व बढ्दै गएको देखिन्छ। सबैजसो स्थानीय तहहरूमा कुनै न कुनै रूपमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व रहेको देखिन्छ। केही स्थानीय तहहरूमा आदिवासी जनजातिहरूकै नेतृत्व रहेको छ। तर, यस्तो प्रतिनिधित्व आर्थिक, सामाजिक र राजनीतिक पहुँच भएका व्यक्तिहरूसँग मात्र भएकोले ग्रामीण र विकट भौगोलिक क्षेत्रमा बस्ने कुनै किसिमको पहुँच नभएका आदिवासीहरूको अवस्था भने कमजोर नै देखिएको छ। हाल निजामती सेवामा आदिवासी जनजातिहरूको प्रतिनिधित्व १० प्रतिशत रहेको छ। जनसङ्ख्या प्रतिशतको हिसाबले आदिवासी जनजातिहरूको राजनीतिक र सार्वजनिक सेवामा पर्याप्त प्रतिनिधित्व नभए पनि तुलनात्मक रूपमा सुधारोन्मुख नै रहेको मान्न सकिन्छ। आदिवासी जनजातिहरूभित्र पनि राउटे, सुरेल, कुसुन्डा, माझी, चेपाङजस्ता लोपोन्मुख समुदायहरूको अवस्था भने अत्यन्तै निराशाजनक छ।

आयोगले गरेको अनुगमनबाट प्राप्त हुन आएका जानकारीका आधारमा विकास आयोजनासँग सम्बन्धित गतिविधिहरूले आदिवासी जनजातिका अधिकारहरू जोखिममा परेको पाइएको छ। धेरैजसो ठूला विकास निर्माणका आयोजनाहरूमा सरकार, आयोजना र सरोकारवाला पक्षको विवादले आयोजना पूर्वनिर्धारित समयमा सम्पन्न हुननसक्दा त्यसको प्रत्यक्ष असर स्थानीयवासीको हैसियतमा रहेका आदिवासी जनजातिलगायतमा परेको पाइएको छ। निर्माणाधीन मर्स्याङ्दी कोरिडोर (मनाङ-उदीपुर) २२० केभी प्रशारण लाइन आयोजनाले आदिवासी जनजाति लगायत स्थानीयवासीको मानव अधिकार उपभोगमा समस्या सिर्जना गरेको भनी आयोगमा प्राप्त जानकारीको आधारमा आयोगले मनाङ-लमजुङ खण्डको स्थलगत अनुगमनमा सार्वजनिक सुनुवाइ, प्रभावित स्थानीय आदिवासीहरूलाई जग्गाप्राप्ति, प्रसारण लाइन विस्तार, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन लगायतका विषयहरूमा पर्याप्त सूचना दिइएको पाइएन।

सोलुखुम्बु जिल्लाको सोलुदुधकुण्ड नपा-८ मा निर्माणाधीन सोलु हाइड्रोले स्थानीय जनजातिहरूको अधिकार हनन् भएको भनी आयोगमा परेको उजुरी सम्बन्धमा आयोगले छानबिन गरी सिफारिस गरेको छ। यस्ता आयोजनाहरूका सम्पूर्ण प्रक्रियामा समाजका अगुवा, राजनीतिक व्यक्तिको उपस्थिति र प्रभावका कारण साधारण नागरिकहरूको अधिकार जोखिममा पर्ने गरेको पाइएको छ। आदिवासी जनजातिसम्बन्धी महासन्धि, १९८९, अन्तर्राष्ट्रिय श्रम सङ्गठन महासन्धि (नं १६९) बमोजिम प्रत्यक्ष रूपमा प्रभाव पार्ने सक्ने राष्ट्रिय तथा क्षेत्रीय विकासका योजना र कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा प्रभावितहरूको सहभागिता हुनुपर्ने, उनीहरूको सांस्कृतिक मूल्यहरू, स्वामित्व र भोगाधिकारलाई मान्यता दिनुपर्ने लगायतका व्यवस्थाहरूको प्रत्याभूत भएको देखिँदैन।

यस आर्थिक वर्षमा आदिवासी जनजातिहरूको हक अधिकार हनन् भएको भनी दुई ओटा उजुरीहरू आयोगमा दर्ता भएका छन्।

ज्येष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकहरूको मानव अधिकारको सम्मान र संरक्षण हुन सकेको देखिँदैन। गरिबी, पारिवारिक कलह र बिखण्डन, सामाजिक र नैतिक मूल्यमान्यतामा आएको ह्रासको असर ज्येष्ठ नागरिकमा परेको देखिन्छ। चेतनामा कमी, सन्तानमा जिम्मेवारी बोधको समस्या, पुस्ताबीचको विचारमा द्वन्द्व, एकान्त र धार्मिकस्थलको खोजीजस्ता कारण पनि ज्येष्ठ नागरिकहरू वृद्धाश्रममा आश्रय लिन बाध्य छन्। वृद्धाश्रममा रहेका अधिकांश ज्येष्ठ नागरिकहरू कुनै न कुनै पारिवारिक, मनोवैज्ञानिक तथा सामाजिक समस्या र शारीरिक रोगबाट पीडित छन्। बढ्दो उमेरका कारण असक्तता, उचित खानपानको अभाव, स्वास्थ्य समस्या, पारिवारिक र मानवीय व्यवहारमा कमी, कतिपय नागरिकता प्राप्तिबाट वञ्चित, समाजविहीन, एक्लो जीवन बाँच्नुपर्ने बाध्यता, परिवारका सदस्यहरूबाट रुखो व्यवहार आदि ज्येष्ठ नागरिकले भोग्नुपरेका साझा समस्याको रूपमा रहेका पाइएका छन्। बसाइसराइ, वैदेशिक रोजगारी लगायतका कारणबाट संयुक्त परिवार एकल परिवारमा परिणत हुँदा यसको असर ज्येष्ठ नागरिकमाथि परेको छ। आर्थिक रूपमा कमजोर रहेका कतिपय ज्येष्ठ नागरिकहरू हातमुख जोड्न विभिन्न प्रकारका श्रम गर्न बाध्य भएको आयोगको अनुगमनबाट पाइएको छ।

आश्रममा रहेका कतिपय ज्येष्ठ नागरिकहरूको नागरिकता नहुँदा सामाजिक भत्ता र स्वास्थ्य सुविधा

आदिबाट वञ्चित हुनुपरेको देखिन्छ। कतिपय सम्पन्न र शिक्षित परिवार नै आमाबाबुलाई आश्रममा पुऱ्याउन संलग्न रहेको अनुगमनमा पाइएको छ। वृद्धाश्रममा रहेका ज्येष्ठ सदस्यलाई परिवारबाट खोजीनीति नहुने, कतिपयलाई घरपरिवारको बारेमा अनविज्ञ रहेको पाइएको छ भने कतिपय आश्रम सञ्चालकहरूले गर्ने व्यवहार, शिष्टाचार मानवीय प्रकृतिको नभएको, खाना पान, सरसफाइ आदिमा ध्यान दिने गरेको पाइएन। ज्येष्ठ नागरिकहरूका लागि अस्पतालमा छुट्टै ज्येष्ठ नागरिक उपचार कक्ष (जेरियाट्रिक वार्ड) व्यवस्था एवम् आवश्यक जनशक्तिको व्यवस्थापन भएको छैन। ज्येष्ठ नागरिकहरूका लागि स्वास्थ्य बीमा कार्यक्रमसमेत प्रभावकारी देखिएको छैन। सार्वजनिक यातायात र स्वास्थ्य क्षेत्रमा शुल्क छुट दिने सरकारी निर्णय कार्यान्वयन हुन सकेको पाइँदैन।

विकास र वातावरणको अधिकार

आयोगले गरेको अनुगमनका क्रममा विकासका कार्यक्रमहरू मानव अधिकारमैत्री वा वातावरणमैत्री देखिएका छैनन्। विकास निर्माणका प्राय:जसो आयोजनाहरू अधिकांश पहुँचवाला, समाजका अगुवा तथा राजनीतिक व्यक्तिको संलग्नतामा हुने हुँदा वातावरणीय पक्ष र स्थानीय नागरिकको अधिकारप्रति पर्याप्त ध्यान नदिने गरेको पाइएको छ। अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुँदा अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानुनी व्यवस्था कागजी प्रक्रियामा मात्र सीमित हुने गरेको छ। पहुँच, जवाफदेहिता, पारदर्शिता, मर्यादा, पहिचान, समानता, सशक्तिकरण, समावेशिता, विविधता, निष्पक्षता र ऐक्यबद्धता लगायतका विषयहरू मानव अधिकारमुखी विकास पद्धतिका मूल्य मान्यताहरू हुन्। विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकारको सम्मान र परिपूर्ति गर्ने दायित्व राज्यलाई तोकेको छ। राज्य पक्ष भएको अन्तर्राष्ट्रिय कानुनका सिद्धान्तलाई पूर्ण रूपमा सम्मान गरिनुपर्दछ। तर, नेपालमा सञ्चालित सबैजसो विकाससम्बन्धी योजना र परियोजनाहरूका कुनै पनि प्रक्रियामा सर्वसाधारण नागरिक, प्रभावित व्यक्तिहरू एवम् सरोकारवाला कसैको पनि सहभागिताको सुनिश्चितता हुन सकेको देखिँदैन।

व्यवसाय र मानव अधिकार

व्यवसाय र मानव अधिकारको संयुक्त राष्ट्रसङ्घीय मार्गनिर्देशक सिद्धान्तको नेपालमा कार्यान्वयनका लागि नेपाल सरकारले व्यवसाय र मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदा तयार पारेको छ। आयोगले विगत केही वर्षदेखि व्यवसाय र विकासको अधिकारलाई विषयगत अधिकृत तोकी अध्ययन, अनुसन्धान र अनुगमन लगायतका कार्यहरू गर्दै आएको छ। सरोकारवालाहरूसँग छलफल र अन्तरक्रियात्मक कार्यक्रमहरू समेत गर्दै आएको छ। नेपालमा सञ्चालित विभिन्न ठूला आयोजना तथा परियोजनाहरूको सुझावसहितको सिफारिससमेत गर्दै आएको छ।

विद्युत् प्राधिकरण र दातृनिकाय समेतको लगानीमा निर्माण गर्न लागिएका हाइड्रो पावरअन्तर्गत जलविद्युत् आयोजनाको जलाशय क्षेत्रमा पर्ने जग्गा र सोमा पर्ने घर अन्य व्यवसाय र संरचनाहरू प्राप्त गर्ने क्रममा स्थानीय आदिवासी जनजातिहरूको स्वतन्त्र र अर्थपूर्ण परामर्श एवम् सहभागिता नगराएको, विभेदपूर्ण ढङ्गले मुअब्जा निर्धारण गरिएको अनुगमनमा पाइएको छ। मर्स्याङ्दी कोरिडोर (मनाङ-उदीपुर) २२० के.भि. प्रशारण लाइन आयोजनाको मनाङ-लमजुङ खण्ड र काठमाडौँ जिल्ला शंखरापुर नपा ३, बोजिनीमा नेपाल विद्युत प्राधिकरणले निर्माण गर्न लागेको विद्युत सवस्टेसन तथा विद्युत प्रसारण लाइन बिस्तारसम्बन्धी आयोजनाहरूको स्थलगत अनुगमन गर्दा दुबै आयोजनाहरूका कुनै पनि प्रक्रियामा प्रभावित स्थानीय नागरिकहरूको अधिकारलाई पर्याप्त ध्यान दिएको पाइएन। सोलुखुम्बु जिल्लाको अपर सोलु हाइड्रोबाट स्थानीय नागरिकहरूको जनजीवन प्रभावित भएको भनी पीडितहरूको तर्फबाट आयोगमा परेको उजुरीउपर आवश्यक अनुसन्धान सम्पन्न गरी निर्णयसहित सम्बन्धित निकायहरूलाई सिफारिस गरेको छ। त्यसै गरी वैकल्पिक समाधान प्रदान नगरी सडक विस्तार एवम् द्रुत मार्ग (फास्ट ट्रयाक) निर्माण गर्दा स्थानीय बासिन्दाहरूको आर्थिक, सामाजिक आधिकार जोखिममा परेको भनी गुनासाहरू प्राप्त भएका छन्। उखु मिलहरूबाट किसानले उखुको मूल्य नपाएका विषयहरू पनि बेलाबखत सार्वजनिक भई नै रहन्छन्। सिर्सिया नदी प्रदूषणबाट नदीको तटीय क्षेत्रमा बसोबास गर्ने नागरिकहरूमा छाला र क्यान्सरजन्य रोग सङ्क्रमण भएको भन्दै २०८० जेठ १४ गते पीडितहरूले काठमाडौँको माइतीघर मण्डलामा अनसन बसेका थिए।

श्रमिकको अधिकार

नेपाल सरकारले औपचारिक क्षेत्र र वैदेशिक रोजगारीमा जाने श्रमिकलाई मात्र सामाजिक सुरक्षा कोषमा समेट्दै आएकोमा पाँच वर्षपछि अनौपचारिक क्षेत्रका श्रमिकलाई पनि सामाजिक सुरक्षाको दायराभित्र ल्याउने कार्यक्रमको सुरुवात गरिनुले अनौपचारिक क्षेत्रमा आबद्ध भएका श्रमिकहरूको श्रमको सुरक्षालाई सुनिश्चित गरेको देखिएको छ। नेपालको श्रमबजारमा अनौपचारिक आर्थिक क्रियाकलापहरू बढी हुने गरेको पाइन्छ। औपचारिक क्षेत्रमा रोजगारी नपाएपछि अनौपचारिक क्षेत्रमा सहभागी हुने वा वैदेशिक रोजगारीको खोजीमा विदेश पलायन हुने अवस्था दिन प्रतिदिन तीव्र हुँदै गएको देखिन्छ। नेपालको आर्थिक तथा सामाजिक महत्त्वपूर्ण पाटोको रूपमा श्रम आप्रवासन रहेको छ ।

आयोगको उच्चस्तरीय अनुगमन टोलीले झापा र इलामका चिया बगानमा कार्यरत श्रमिकको मानव अधिकार अवस्था स्थलगत अनुगमनको क्रममा त्यहाँ कार्यरत श्रमिकको हकमा श्रम ऐन, २०७४ कार्यान्वयन नभएको पाइएको छ। चिया बगानमा करिब ८० प्रतिशत महिला श्रमिकहरू र बालबालिकाहरू समेत श्रममा सहभागी हुने गरेको जानकारी आयोगले प्राप्त गरेको छ। चिया बगानमा श्रमिकलाई शौचालय र खानेपानीको अभाव रहेको, श्रमिक बस्ने घरको धुरीबाट पानी चुहिने, हावाहुरी आएको अवस्थामा बस्न नसकिने अवस्थामा रहेको लगायतका समस्या अनुगमनका क्रममा पाइयो।

नवलपरासी, तनहुँ र कास्की जिल्लाका विभिन्न उद्योग प्रतिष्ठानहरूमा श्रम ऐन, २०७४ को पूर्ण कार्यान्वयन भएको पाइएन। सामाजिक सुरक्षा कोषमा केही उद्योग प्रतिष्ठान तथा कम्पनी समावेश भए पनि अन्य बाँकीलाई समेटेको पाइएन। महिला श्रमिकमाथिको हिंसा र विभेद छिटफुट रूपमा भइरहेको अनुगमनमा पाइएको छ।

मानव बेचबिखनविरुद्धको अधिकार

मानव बेचबिखन तथा ओसारपसार विश्व बजारमा कम जोखिममा अति नै लाभयुक्त आपराधिक उद्योगको रूपमा फस्टाउँदै गइरहेका सन्दर्भमा नेपाल पनि यो समस्याबाट अछुतो रहन सकेको छैन। नेपालमा विशेषगरी महिला तथा बालबालिकाहरूको बेचबिखन एक गम्भीर समस्या र चुनौतीको रूपमा रहेको छ। मानव बेचबिखनबारे एकीन तथ्याङ्क पाइँदैन। भारतसँगको खुला सीमाना र वैदेशिक रोजगारीप्रतिको बढ्दो आकर्षण मानव बेचबिखनका दलालहरूका लागि चलखेलको विषय बन्न पुगेको छ। परिणामस्वरूप मानव बेचबिखनसम्बन्धी अपराधका घटनाहरू विगत तीन वर्षको तथ्याङ्क विश्लेषण गर्दा बढोत्तरी नै भएको देखिन्छ। यस्ता घटनाबाट पीडित हुनेमा महिला ५०.२४ प्रतिशत छन् भने बालिकाको प्रतिशत ३८.८६ छ।

मानवताविरुद्धको अपराधको रूपमा रहेको मानव बेचबिखनको विषयमा आयोगले स्थापनाकालदेखि नै अनुगमन, अध्ययन तथा अनुसन्धान कार्य गर्दै आइरहेको छ। आयोगमा हाल कार्यान्वयनमा रहेको छैठौँ रणनीतिक योजनामा लैङ्गिक समानता, मानव बेचबिखनविरुद्धको कार्य र यसको रोकथाम तथा नियन्त्रणलाई उच्च प्राथमिकता दिएको छ। सन् २०२० मा नेपालले पालेर्मो आलेख अनुमोदन गरेपछि यसको घरेलुकरण गर्ने प्रक्रियामा रहेको छ। राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारलाई पार्लेमो आलेखको घरेलुकरण गर्नका लागि सिफारिससमेत गरेको छ। आयोगबाट पार्लेमो आलेखअनुरूप मानव बेचबिखन नियन्त्रणसम्बन्धी भएका कानुनहरूको सुधारका विषयहरूको पहिचान गरी संशोधन र परिमार्जनका लागि नागरिक समाजसँग परामर्श गरी कार्यप्रक्रिया अगाडि बढाएको छ।

मानव अधिकार रक्षकको अधिकार

मानव अधिकार रक्षकहरूको घोषणपत्रको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि संयुक्त राष्ट्रसङ्घ मानव अधिकार आयोगले सन् २००० मा मानव अधिकार रक्षकसम्बन्धी विशेष समाधीक्षकको स्थापना गरेको थियो। समाधीक्षकमार्फत मानव अधिकार रक्षकहरूको सुरक्षा, संरक्षण, मान्यता र पहिचानलाई जोड दिएर विशेष कार्यहरू हुँदै आएको छ। स्थानीय, क्षेत्रीय र राष्ट्रिय रूपमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको सूचना, तथ्य र जानकारी मानव अधिकार रक्षकहरूसँग रहने हुँदा सूचना सङ्कलन, सम्प्रेषण, उद्धार, संरक्षण, न्याय र पुनःस्थापनाको लागि मानव अधिकारकर्मीको हैसियतमा सहकार्य र समन्वयात्मक सम्बन्ध रहने गरेको पाइन्छ। नेपालमा मानव अधिकार उल्लङ्घनका घटनामा सम्बन्धित पक्षलाई जवाफदेही बनाउन, दण्डहीनताको अन्त्य गर्न, मानव अधिकार शिक्षाको प्रवर्धन गर्न र पीडितको अधिकारको संरक्षणजस्ता कार्यमा मानव

अधिकार रक्षकहरूले अग्रणी भूमिका निर्वाह गर्दै आएका छन्।

पछिल्लो समय व्यक्तिगत लाभ, सीमित स्वार्थसमूह र पहुँचको लागि मानव अधिकार रक्षकको रूपमा आफूलाई चिनाउने चाहने व्यक्तिहरूको हावी भइरहेको सन्दर्भमा आयोगले मानव अधिकार रक्षकहरूको पहिचान र अभिलेखीकरणसहित सुरक्षा र सम्मानको विषयमा आवश्यक नीति नियमहरू बनाउनेतर्फ सक्रियतापूर्वक कार्य गरिरहेको छ। त्यसको लागि मानव अधिकार रक्षकको अधिकार र अवस्था सम्बन्धमा अनुगमन, छलफल, अन्तक्रियात्मक कार्यक्रममार्फत वकालत र पहल गर्दै आएको छ। मानव अधिकार रक्षकहरूको अवस्था अनुगमन र मानव अधिकार रक्षकविरुद्ध भएका मानव अधिकार उल्लङ्घनका उजुरीहरूमाथि अनुसन्धानको साथै सिफारिस पनि गर्दै आइरहेको छ। यस प्रकृतिका कार्यलाई नियमित, व्यवस्थित र चुस्त बनाउन सम्पर्क अधिकृत तोकी कार्य अगाडि बढाएको छ।

एचआईभी एड्स सङ्क्रमित व्यक्तिहरूको अधिकार

विश्वव्यापी आधुनिकीकरण, शहरीकरण, बसाइ सराइ, आप्रवासन, वैदेशिक रोजगार, आर्थिक अवस्था, विलासी जनजीवन, खुला यौनसम्पर्क लगायतका कारणहरूबाट एचआईभी एड्स सङ्क्रमण एक व्यक्ति वा स्थानबाट अर्को व्यक्ति वा स्थानमा विस्तारित हुँदै गएको देखिन्छ। तर एड्सका कारणले मृत्यु हुनेको सङ्ख्या सन् २०१० को तुलनामा ६५ प्रतिशतले घटेको देखिन्छ।

आयोगले सुदुरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशमा बसोबास गर्ने एचआईभी एड्स सङ्क्रमित व्यक्तिहरूको मानव अधिकार अवस्था सम्बन्धमा अनुगमन गरेको छ। सो क्रममा सङ्क्रमितहरू एचआईभी एड्सबाट सङ्क्रमित हुने र कसरी जोगिने अवस्थाको विषयमा जानकार रहेको पाइएको छ। पछिल्लो समय एचआईभी एड्स सम्बन्धी सन्देशमुलक/जनचेतनात्मक कार्यक्रममा सुस्तता आएको देखिन्छ। भौगोलिक विकटताको कारण पहाडी तथा दुर्गम जिल्लामा सबै एआरटी सेन्टरहरू सहज पहुँचमा रहेका छैनन्। औषधी प्राप्त गर्ने स्थान र सङ्क्रमितको स्थायी बसोबासको भौगोलिक दूरी टाढा पर्ने भएकाले नियमित औषधी प्राप्त गर्न कठिनाई भएको पाइएको छ।

एचआईभी एड्सबाट सबैभन्दा बढी जोखिममा भारतमा श्रम गर्न जाने व्यक्तिहरू परेको देखिन्छ। त्यस्तै सीमावर्ती क्षेत्रहरूमा यौनजन्य गतिविधिहरू बढी हुने गरेको पाइएको छ। यी र यस्ता गतिविधिहरू र यौन कार्यलाई पेसाको रूपमा लिने व्यक्तिहरूका कारणबाट उनीहरूका परिवारका सदस्यहरू जोखिममा परेका देखिन्छन्। पछिल्लो समय धेरैजसो सङ्क्रमितहरू आफैँ खुल्ने गरे पनि ग्रामीण क्षेत्रमा भने खुल्न अझै सहज छैन। एचआईभी परीक्षणको सुविधा आफ्नै घरनजिक भए पनि समाजका व्यक्तिले थाहा पाउने डरले घरदेखि परको स्वास्थ्य संस्थामा गएर परीक्षण गर्ने र औषधी खाने गरेको अनुगमनमा पाइएको छ।

विद्यालय तहको पाठ्यक्रममा सङ्क्रमितको मर्यादामा आँच पुग्ने शब्दावली प्रयोग भइरहेको भन्ने जानकारी पाइएकोले सोको परिमार्जन गरी सङ्क्रमितहरूको मानव अधिकारको सम्मान र मर्यादालाई अभिवृद्धि गरिनु आवश्यक छ। राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको क्रियाशीलता प्रभावकारी देखिए पनि थप पहुँच विस्तार गर्नुपर्ने देखिएको छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार

आयोगबाट यस समुदायको अधिकारको अवस्था सम्बन्धमा समय-समयमा अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरू हुँदै आएका छन्। अनुगमनमा प्राप्त तथ्यहरूलाई हेर्दा प्राय: यस समुदायका व्यक्तिहरू आफ्नै परिवार तथा समाजबाट सामाजिक बहिष्करणमा पर्ने गरेका छन्। फलत: उनीहरू परिवार र समुदायबाट एक्लिन बाध्य देखिन्छन्। घरपरिवार, गाउ-समाज तथा तीनै तहका सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूप्रति गर्ने व्यवहार र हेर्ने दृष्टिकोण समयसापेक्ष र मानव अधिकारमैत्री हुन सकेको छैन। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूले सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न नचाहेको अवस्थाले पनि एकीन तथ्याङ्क आउन नसकेको सम्बन्धित क्षेत्रका अधिकारकर्मीहरूको भनाइ पाइएको छ। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूउपर सामाजिक रूपमा विभेदको अलावा पहिचान, रोजगारी तथा समान लिङ्गबीच बिहाबारी लगायतका मानव अधिकारका विषयहरू सम्बोधन हुन नसकेको पाइएको छ। नागरिकता र राहदानी लिँदा लिङ्गको महलमा 'यौनिक अल्पसङ्ख्यक' नलेखी "अन्य" उल्लेख गरिने गरेको पाइन्छ।

यी समुदायले आफ्नो नागरिकता तथा राष्ट्रिय परिचयपत्रमा आफूले रोजेको पहिचान नपाउनु उनीहरूको मानव अधिकारविरुद्ध रहेको देखिन्छ। यी समुदायका व्यक्तिहरूले आफ्नो पहिचान खुलाउँदा परिवारबाट अपहेलना हुने र समाजबाट दुर्व्यवहार खेप्नुपर्ने अवस्थाका कारण धेरै सङ्ख्याका अल्पसङ्ख्यकहरू पहिचानविहीन रहन पुगेको अनुगमनमा पाइएको छ। यो समुदायबाट अहिले राजनीतिक सहभागिता शून्य बराबर रहेको देखिन्छ। आफूलाई घरपरिवार तथा समुदायबाट सुरक्षाको प्रत्याभूति नभएको भन्ने यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायबाट गुनासो आउने गरेको पाइएको छ। सम्मानित जीवन तथा पहिचानको अधिकार सुरक्षित नहुँदा यो समुदाय शिक्षा, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायबाट पहिचानको अधिकार प्राप्त नभएको भनी उजुरी आयोगमा परेको छ। काठमाडौँको बसपार्क क्षेत्रहरूमा प्रहरीले पक्राउ गरी कुटपिटसमेत गरेको भन्ने उजुरीहरू पनि आयोगमा आउने गरेको छ।

सन् २०२३ मा मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिमा राज्यका सबै निकायहरू अझै केन्द्रित भएको देख्न पाइयोस्।

मुरारिप्रसाद खरेल
कामु सचिव

राष्ट्रिय दलित आयोग

मानव अधिकारको दृष्टिमा सन् २०२३ कस्तो रह्यो भन्ने चर्चा गर्ने हो भने नेपालमा यदि कसैको मानव अधिकार हनन् भएको मात्र होइन, उनीहरुलाई मानवको रूपमा उनीहरूको अस्तित्व समेत नस्वीकारिएको समुदाय भनेको दलित नै हो। मानवले पाउने न्यूनतम अधिकार भनेको उसको अस्तित्व स्वीकार हो। नेपाली समाजको जुन मनोविज्ञान छ र त्यसलाई सहीछाप लाउने राज्य संयन्त्र छ। त्यसले दलित समुदायको अन्य अधिकारको परिकल्पना पनि गर्न नदिएको अवस्था छ। नेपाली जनताको सङ्घर्षको फलस्वरूप सङ्घीय गणतन्त्र, धर्मनिरपेक्षता, समावेशीता जस्ता मूलभूत सवालसहित भएको ऐतिहासिक परिवर्तनबाट किनारीकृत समुदाय, वर्ग, लिङ्ग र क्षेत्रले राज्यबाट जुन विशेष संरक्षण पाउनुपर्ने हो त्यो भइरहेको छैन।

दलित समुदायको प्रत्येक दिनजसो हुने मानव अधिकार हनन्को विषयमा आवाजहरू प्रशस्तै उठे पनि त्यसलाई टुङ्गोमा पुऱ्याउने सवालमा राज्य बेखबर जस्तै छ। दलित समुदायको सवाल संविधान, ऐनकानुनमा लेखेर मात्र हुँदैन। कानुनमा लेखिएका व्यवस्थाहरु दलित समुदायको जीवनमा देखिनुपर्छ। राष्ट्रिय जीवनमा उनीहरूको भौतिक उपस्थितिको त्यसले मापन गर्छ। सकारात्मक विभेदमार्फत उनीहरूलाई मूलप्रवाहिकरण गर्न अपनाएको विधिमा प्रश्न उठाइनु त्यसकै सङ्केत हो र राज्यले असमावेशीता प्रकट गर्न मिल्दैन। हामी मानव अधिकारकर्मीले उठाउने आवाज र गर्ने पैरवी पनि त्यही हो। यो वर्ष थुप्रै दलित समुदायका मानव अधिकार हनन् भएका छन्। विरगञ्ज पर्सामा महायज्ञ सञ्चालनका क्रममा सामूहिकरूपमा दलित समुदायमाथि अपमान गर्ने जुन काम भयो त्यो कहालीलाग्दो छ। गाउँपालिकाका अध्यक्षले सामूहिक विभेद गरे राज्य कारबाही गर्न तत्पर भएन। ओखलढुङ्गामा मन्दिर प्रवेशको विषयमा प्रजिअ, प्रहरी प्रहरी प्रमुख र नगर प्रमुखले मेलमिलाप गर्न दबाब दिए। मोरङमा सिङ्गो गाउँ नै बहिस्कारमा परेको छ। दलित बस्ती/दलितहरूलाई उजुरी गरे 'न्यायाधीश किन्ने, वकिल किन्ने' भनेर पीडकहरूले धम्की दिइरहेका छन्। यी सामूहिक रूपमा गरिएका विभेदका नमूनाहरू हुन्। यी मात्र होइन, केही आशालाग्दो उदाहरणहरू पनि छन्-रुकुम नरसंहारका अभियुक्तहरूलाई सम्मानित अदालतले सजायको फैसला गरेबाट दलितप्रति कानुनी संरक्षणको अनुभूति भएको छ।

मानव अधिकार संस्कृति निर्माण, मानव अधिकार हनन्का विपक्षमा इन्सेकजस्तै पैरवी, मानव अधिकार संरक्षणका लागि दरिलो सहकार्य, समन्वय ऐक्यबद्धताबाट नै सभ्य र समुन्नत समाज निर्माण गर्न सकिन्छ।

देवराज विश्वकर्मा
अध्यक्ष

मधेशी आयोग

नेपालको संविधानको भाग २७ र धारा २६२ मा मधेशी आयोगको व्यवस्था गरिएको छ। यो आयोगलाई संवैधानिक निकायको रूपमा चित्रित गरिएको छ। यसबाट के प्रष्टिन्छ भने सामाजिक समावेशिता, मानव अधिकार, संविधानवाद र परिभाषित कानुनी शासनलाई प्रभावकारी रूपमा स्थापित गर्नका

लागि नै यो आयोग बनाइएको हो। संविधानको प्रस्तावनादेखि भाग र धाराहरूमा अक्षरांकित गरिएका मानव अधिकार, समानुपातिक समावेशिता र सामाजिक न्यायप्रति राज्यलाई अझ जिम्मेवार बनाउन सक्रिय भूमिका निर्वाह गर्नुपर्छ भन्ने दायित्वमुखी जिम्मेवारी रहेको छ। मधेशी आयोगको स्थापना वर्ष २०७५ तथा कार्य सञ्चालन वर्ष पनि २०७५ चैत ७ गते नै रहेको छ। स्थापना कालदेखि नै आयोगले प्राप्त संवैधानिक र कानुनत: परिभाषित गरिएका कार्यहरू अहोरात्र सम्पादन गर्दै आएको छ। यसै क्रममा कोभिड-१९ को पहिलो, दोस्रो र तेस्रो लहरको विश्वव्यापी महामारीले नेपाललाई पनि निकै अप्ठ्यारोमा पारेको थियो र अझैसम्म त्यसको नकारात्मक प्रभाव आर्थिक र सामाजिक लगायतका क्षेत्रमा देखा परेकै छ। यसको कुप्रभाव आयोगमा पनि पऱ्यो। प्राप्त संवैधानिक जिम्मेवारी अनुसार "मधेश" शब्द र भूगोलको परिभाषा गरिएको छ। त्यस्तै, मधेशी समुदाय को को हुन् ? परिभाषित गरिएको छ। मधेशीको खण्डिकृत जनसङ्ख्या कति छ? त्यसको लागि मधेश प्रोफाइल र सांस्कृतिक अवस्थाको यथार्थ चित्रणको लागि वृत्तचित्र निर्माण गरिएको छ। मधेशी समुदायको समस्या पहिचान र वर्ग पहिचान गरिएका छन्। पञ्चवर्षीय रणनीतिक योजना तयार गरी सरोकारवालाहरूलाई कार्यान्वयनका लागि सिफारिस गरिएको छ। आयोगले प्राप्त अधिकार अनुसार, अनुगमन, समीक्षा र मूल्याङ्कन गर्ने कार्य गरेको छ। प्राप्त सयकडौँ उजुरीहरूमाथि कारबाहीका लागि कार्य सम्पादन भएको छ। सङ्घीय संसद, प्रतिनिधि सभाको महिला तथा सामाजिक मामिला समितिमा तीनपटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको महिला तथा सामाजिक मामिला समितिमा तीनपटक गहन छलफल गरिएको छ। राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिसँग सघन छलफल भएको छ। आयोगको स्थापनाकालदेखि वर्तमानसम्म शून्य बेरुजु भएको लगायतका ऐतिहासिक कार्यहरू सुसम्पन्न भएका छन्। यी कालजयी अध्यापन र अनुसन्धानहरू नेपालको इतिहासमै प्रथम पटक भएका छन्। यसैक्रममा आ.व. ०७९/०८० मा आयोगले "राज्यमा मधेशी समुदायको पहुँच" सम्बन्धमा अध्ययन सम्पन्न गरेको छ। यस अध्ययनअनुसार, मधेशी समुदायको पहुँच नेपाली सेनामा ३ प्रतिशत, निजामती सेवामा ८ प्रतिशत, सशस्त्र प्रहरी बलमा ९ प्रतिशत, नेपाल प्रहरीमा १२ प्रतिशत र नेपाल राष्ट्र बैंकमा १२.११ प्रतिशत रहेको छ। यसमा मधेशी दलित, मधेशी आदिवासी जनजाति, थारु, मुस्लिमलगायतका समुदायहरू रहेका छन्।

यसप्रकार सबै जात र समुदायलाई एकत्रित गर्दा जम्मा जनसङ्ख्या ४९ प्रतिशत हुन आउँछ। डिजिटल र हार्डकपी दुवैमा उपलब्ध यो अध्ययन प्रतिवेदनका आधारमा राज्यलाई सिफारिस गरिनेछ। जसबाट मधेशी समुदायको राज्यमा यथेष्ट पहुँचको लागि आधारस्तम्भ स्थापित हुनेछ।

सबै अधिकारमुखी संवैधानिक आयोगहरूसँगको समन्वय र सहकार्यमा लक्षित समुदायको राज्यमा समुचित र न्यायिक पहुँचको लागि आयोगले अहोरात्र कार्य गर्दै आएको छ।

नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको माध्यमबाट आयोगले स्थापनाकालदेखि नै केन्द्रीय तह, प्रादेशिक तह र तराई-मधेशका सीमावर्ती जिल्लाहरूका स्थानीय तहमासमेत नेपाल सरकारको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

आयोग ऐनको प्रस्तावना अनुसार 'इतिहास र संस्कृतिको पहिचान गरी त्यसलाई संरक्षण, संवर्द्धन र सशक्तिकरण गर्नु' प्राप्त वैधानिक जिम्मेवारीअनुसार आयोगले सशक्तिकरण गर्ने अभियानलाई समेत अग्रसारित गरेको छ। यसैक्रममा गरिएका केही कार्य यसप्रकार छन्:

आयोगको ऐनद्वारा प्रदत्त र आयोगबाट निर्णयित "मधेश दिवस" आयोजनाको सम्बन्धमा प्रारम्भिक विमर्श गरिएको छ। तर, राज्यको वेवास्ताका कारण आयोगले सोचेजस्तो काम गर्न सकेको छैन। अधिकार विहीनरूपमा आयोगलाई राख्नु उचित हुँदैन।

(क) मधेशी आयोगको ऐन २०७४ संशोधन गरी सुझाव/सल्लाहको सट्टामा "निर्देशन" शब्द हुनुपर्ने। यस संशोधनबाट आयोगलाई काम गर्न सहज हुनेछ भने अर्कोतर्फ सेवाग्राही र लक्षित वर्गमा विश्वासका वातावरण निर्माण भई आयोगहरूको बीचमा एकरूपता प्राप्त हुनेछ।

(ख) प्रारम्भिक ऐनको व्यवस्थाअनुसार दरबन्दी, तहगत कर्मचारीहरूको व्यवस्था गर्नुपर्ने, यसबाट प्रशासनिक र सेवा प्रवाहमा गर्ने कार्यमा सहजता हुनेछ।

डा. विजयकुमार दत्त
अध्यक्ष, मधेशी आयोग

राष्ट्रिय महिला आयोग

सन्तुलित र न्यायोचित समाजको आधार मानवजाति भित्रको समभाव,सहकार्य र समविकास हो। यस्तो समाज निर्माणको लागि "मानव अधिकार" ले सबै मानवको जस्तै महिलाको पनि समान हैसियत र समान अस्तित्व स्वीकार गर्दै महिला अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा जोड दिन्छ। नेपालमा लैङ्गिक समानता र सशक्तिकरण र कानुनी प्रत्याभूतिसँगै महिला अधिकारको सुनिश्चितताको लागि राष्ट्रिय महिला आयोगको स्थापना गरिएको छ। आयोगले हिंसा पीडित महिलाको समस्या निःशुल्क टेलिफोन नम्बर "११४५ खबर गरौं" मार्फत अहोरात्र सम्बोधन गर्नुका साथै कानुनी र मानवीय सहायता प्रदान गर्दै आएको छ। साथै अनुगमन र अध्ययनको आधारमा महिलाको हक अधिकार सुनिश्चित गर्नको लागि नीतिगत र व्यवहारगत सुझावहरू प्रदान गरिरहेको छ।

मानव अधिकारको प्राप्ति र प्रक्षेपणको दर्पण महिलाहरूको आर्थिक,सामाजिक,राजनीतिक र शैक्षिक आयामहरूमा हेर्न सकिन्छ। सामाजिक आयामतर्फको मातृस्वास्थ्य र प्रजनन् स्वास्थ्यमा उन्नत मुलुकभन्दा पनि अनुकुल अवस्था रहनु सुखद् विषय हो। तर, अंश खान र वंश चलाउन छोरा नै चाहिने पितृसतात्मक सामाजिक संरचनाको कारण नेपाली महिलाहरूले आफ्नो जीवनका हरेक पक्षमा सम्झौता गर्नुपर्ने तीतो यथार्थ छ।

महिला अधिकार मानव अधिकारको करिब मूल पक्ष भएकैले महिलाको सीप र शिक्षामा लगानी गरी रोजगारी र उद्यम बढाउनु पर्नेछ। कुरीति, अन्धविश्वास र हानिकारक अभ्यासको समूल अन्त्य गर्न लागि अपराधको राजनीतिकरण र राजनीतिको अपराधिकरण गर्ने कार्यप्रति शून्य सहनशीलताको भाव र चेतना विकास गर्नुपर्ने अवस्था छ। महिला हिंसाका कारुणिक र दर्दनाक घटनालाई शीघ्र सम्बोधन गर्ने गरी न्यायिक संरचनाको ल्याकत सङ्घीयताको कसीमा बढाउनु परेको छ। राजनीतिक संरचनामा महिलाको अङ्कगत मात्र नभई अर्थपूर्ण सहभागिता चाहिएको छ। जाति, वर्ण,भूगोल र बनावटका कारण महिलाभित्रै पनि बहिस्करणमा परेका महिलाहरूको मुद्दा फरक ढङ्गले सम्बोधन गर्नुपर्ने भएको छ।

पार्वती अर्याल
सचिव

आदिवासी जनजाति आयोग

मानव अधिकार संरक्षण र प्रर्वधनका लागि नेपालको संविधानले ३१ ओटा मौलिक हक व्यवस्था गरेको, १३ ओटा संवैधानिक निकायको व्यवस्था भएको तथा विभिन्न ऐन कानुन नीति कार्यविधि तर्जुमा गरिएको भए पनि कार्यान्वयन पक्षमा उदासीनताका कारण मानव अधिकारसम्बन्धी विषयवस्तु ओझलमा परेको देखिन्छ। मानव अधिकारको अवस्था सुधार गर्न राजनीतिक, प्रशासनिक, न्यायिक, आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय क्षेत्रमा सुधार ल्याउन आवश्यक छ। आदिवासी जनजाति आयोग आदिवासी जनजातिका मानव अधिकार संरक्षण, संवर्द्धन र प्रवर्धनका लागि स्थापित भएको र सोही विषयमा क्रियाशील छ। आयोगले आदिवासी जनजाति समुदायका भाषा, लिपी, साहित्य, कला, संस्कृति, परम्परागत ज्ञान र सीप लगायतको संरक्षण र प्रवर्धन गर्नका लागि सरकारलाई सिफारिस गर्ने गर्दछ।

(१) आदिवासी जनजाति समुदायका परम्परागत ज्ञान, सीप र प्रविधिलाई संरक्षण, प्रवर्धन र पुस्ता हस्तान्तरणको अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिएर विद्यालय र विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्ने, नेपालका आदिवासी जनजाति मूलतः सांस्कृतिक समुदाय भएकाले उनीहरूको संस्कृति संरक्षण र प्रवर्धनका लागि सांस्कृतिक अधिकारलाई मानव अधिकारको रूपमा मान्यता दिएर राष्ट्रिय संस्कृति नीति तथा ऐन पारित गरी तीन तहका सरकारबाट कार्यान्वयन हुनुपर्ने।

(२) अमूर्त सांस्कृतिक सम्पदाको सुरक्षासम्बन्धी महासन्धि, २००३ लाई नेपालले सन् २०१० मा अनुमोदन गरेको भए पनि आदिवासी जनजाति लगायत नेपाली अमूर्त सांस्कृतिक सम्पदालाई युनेस्कोमा सूचीकरण प्रक्रिया सरकारले तत्काल प्रारम्भ गर्नुपर्ने।

(३) आदिवासी जनजाति समुदायको अधिकार संरक्षणका निम्ति संयुक्त राष्ट्रसङ्घले पारित गरेको तथा नेपाल सरकारले अनुमोदन गरेका अन्तर्राष्ट्रिय श्रम सङ्गठनसम्बन्धी महासन्धि नं. १६९, आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय

घोषणा पत्र २००७, जैविक विविधता महासन्धि १९९३, नागोया अभिसन्धि २०१० कार्यान्वयनका लागि तत्काल ऐन बनाएर लागु गर्नुपर्ने।

(४) आयोगले सिफारिस गरेको आदिवासी जनजाति अधिकार र दिगो विकास कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्ने।

(५) नेपालको संविधानको धारा ५१ (ञ) (८) को व्यवस्था कार्यान्वयन गर्नुपर्ने।

(६) संविधानको धारा ५६ (५) को व्यवस्था बमोजिम अल्पसङ्ख्यक, सीमान्तकृत वा लोपोन्मुख समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक विकासका लागि विशेष, संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्नुपर्ने।

(७) आदिवासी जनजाति समुदायको प्राकृतिक स्रोत (जल, जमिन र जंगल) माथिको अधिकार उपयोगलाई पनि मानव अधिकारको कोटीमा राख्नुपर्ने।

(८) सबै सार्वजनिक क्षेत्रमा संविधानको भावनाबमोजिम समानुपातिक समावेशिता कार्यान्वयन गर्नुपर्ने।

(९) भाषा आयोगले सिफारिस गरेका आदिवासी जनजाति समुदायका मातृभाषालाई सरकारी कामकाजको भाषा बनाउने र मातृभाषामा शिक्षा पाउने हक संविधानमा सीमित नराखी कार्यान्वयन गर्नुपर्ने।

(१०) आदिवासी जनजातिमा रहेका परम्परागत खाद्य सम्प्रभुता निर्धारण गर्नुपर्ने।

(११) आदिवासीका प्राकृतिक स्रोतको सामूहिक प्रयोगको अभ्यासलाई कानुनी मान्यता दिनुपर्ने।

(१२) आदिवासी जनजातिका धार्मिक, सांस्कृतिक परम्परा र चाडपर्वलाई विशेष संरक्षणका लागि राज्यले विशेष नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने।

(१३) आदिवासी जनजातिको स्वःपहिचान र आत्मसम्मानमा ठेस लाग्ने काम नगर्ने नीति राज्यले बनाउने।

शोभा पाण्डे
शाखा अधिकृत

थारू आयोग

राष्ट्रिय स्वास्थ्य बीमा बोर्डले सिकलसेलबाट प्रभावित बिरामीका लागि आवश्यक औषधि सूचीकृत नगरेको तथा सिकलसेलबाट प्रभावित थारु समुदायका बिरामीका लागि सरकारबाट प्रदान गरिएको १ लाख रुपियाँ पर्याप्त नहुँदा यस रोगबाट प्रभावित व्यक्तिको स्वास्थ्य अधिकारको रक्षा गर्न नसकिएको अवस्था छ। मुक्त कम्लहरी तथा उनीहरूको सन्तानको उचित पठनपाठन तथा छात्रवृत्ति कार्यक्रमको कार्यान्वयन प्रभावकारी भएको देखिँदैन साथै उनीहरूलाई व्यवस्थित रोजगारीको अवसर नभएको अवस्था छ।

मुक्तकमैयाो समस्या समाधान गर्न सरकारले कमैयालाई प्रदान गरेको जग्गा १० वर्षसम्म बेचविखन गर्न नपाउने प्रावधान छ। सो प्रावधान १० वर्षपश्चात पनि यथावत रहेको हुँदा कमैयाहरू अर्को व्यवसायमा स्थानान्तरण हुन तथा आयआर्जनको अवसर प्राप्त गर्नबाट पछाडि परेका छन्। भएको जग्गा धितो राखी कर्जामा सहज पहुँच समेत नपाउँदा आर्थिक उन्नति हुन सकेको छैन।

संविधानले थारु समुदायको छुट्टै क्लष्टर प्रदान गरेकोमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका संयन्त्रमा पहँचको अधिकारको कार्यान्वयनका लागि आवश्यक पर्ने आधारभूत कानुन नबन्दा थारु समुदायले समानुपातिक समावेशी सिद्धान्तको आधारमा संविधान प्रदत्त अधिकारको हालसम्म उपयोग गर्न पाएको छैन।

बाँके जिल्ला लगायतका जिल्लामा सरकारबाट पुनर्स्थापना गराइएका कतिपय थारु समुदायका कमैयाहरूले हालसम्म आफूलाई बसोबासको लागि दिइएको जग्गा उपभोग गर्न नपाएको, अन्य समुदायका व्यक्तिले थारु समुदायका व्यक्तिको जग्गा उपभोग गरिरहेको/हडपेको भन्नेसमेत बुझिन आएको छ।

थारु समुदायको संस्कृतिक धरोहर ग्रामथान सम्पदाहरू रहेको भू-भाग (जमिन) अतिक्रमण गरिएको अवस्था छ।

कृष्णकान्त उपाध्याय
सचिव

परिच्छेद १०

सन् २०२३ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सन् २०२३ मा नेपालले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र प्रत्याभूति गराउने कार्य गरेको छ। साथै, नेपाल सरकारले स्वीकृत गरेको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना (आ.व. २०७७/७८-२०८१/) तथा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) बाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७७/२०८२) हाल कार्यान्वयनकै चरणमा रहेको छ। ती दुवै कार्ययोजनामा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, नेपाल पक्ष भएका मावन अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरू र नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको कार्यान्वयनका लागि राज्यको तर्फबाट व्यक्त प्रतिबद्धता समावेश गरिएका छन्।

नेपालको संविधानद्वारा संवैधानिक निकायका रूपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोगबाट नेपाल सरकारसमक्ष प्राप्त हुने सिफासि कार्यान्वयनमा नेपाल सरकार प्रतिबद्ध रहेको छ। सम्मानित सर्वोच्च अदालतलगायत अन्य अदालतहरूबाट भएका फैसलाहरूको कार्यान्वयन गर्नुका साथै मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरू र नागरिक समाजसँगको सहकार्यमा अन्तरक्रिया लगायतका कार्यक्रम हुँदै आएको छ।

१.१ नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार साथसाथै कानुनी राज्यको अवधारणालगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित रही समृद्ध राष्ट्र निर्माण गर्ने मूलभूत लक्ष्यलाई नेपालको संविधानको प्रस्तावनाले उजागर गरेको छ। नेपालको संविधानले मौलिक हकका रूपमा मानव अधिकारको प्रत्याभूति गर्न मानवका लागि विशिष्टकृत गरिएका नागरिक तथा व्यक्तिका हक अधिकार प्रदान गरेको छ। त्यसैगरी, मानव अधिकारको संरक्षण संवर्द्धन गर्दै विधिको शासन कायम गर्न नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नेजस्ता शासन व्यवस्था सञ्चालनको नीति हुने पक्षलाई धारा ५१ मा उल्लेख गरिएको छ।

१.२ संविधानले परिलक्षित गरेको उल्लेखित नीति राज्य सञ्चालनको मार्गनिर्देशक हुने गरी धारा ४९ ले सम्बोधन गरेको छ। संविधानले परिलक्षित गरेको मार्गनिर्देशन अनुसार शासन सञ्चालन गर्न नेपाल सरकारको मुख्य निकायको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। कार्यालयका बृहत्तर काम, कर्तव्य र अधिकारलाई संविधानले मार्ग निर्देशित गरेको लक्ष्य प्राप्तिका लागि विभिन्न महाशाखामा विभाजन गरिएको छ। कानुन तथा फैसला कार्यान्वयन महाशाखा तथा मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता महाशाखा महत्त्वपूर्ण महाशाखाको रूपमा रहेको छ।

२. मानव अधिकार संवर्द्धन प्रवर्धन तथा संरक्षणका लागि गरिएका सम्पादित कार्यहरू तथा अवस्था

२.१ अन्तर्राष्ट्रिय दायित्व पूरा गर्ने सम्बन्धमा: मानव अधिकासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय विशेष समाधीक्षकहरूले माग गरेको जानकारी तथा प्रश्नावलीको तथा व्यक्तिगत उजुरीको प्रतिरक्षाका लागि जबाफ तयारी गरी पठाउने।

(क) **जवाफ निर्माण तथा प्रेषित**: नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी महासन्धिसँग सम्बन्धित संयुक्त राष्ट्र प्रणालीअन्तर्गत माग गरिने विषयमा निरन्तर तथ्यगत आधारमा जवाफ पठाउँदै आइरहेको र आर्थिक वर्ष २०७९/८० मा

सङ्क्रमणकालीन न्याय, यातना, अमानवीय व्यवहार तथा मानव अधिकारका अन्य विषयसँग सम्बन्धित जम्मा १२ ओटा जवाफ पठाइएको।

(ख) उजुरी तथा प्रतिरक्षा: संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् तथा अन्तर्गतका निकायमा नेपाल सरकार विरुद्ध परेका उजुरीहरूको प्रतिरक्षा गर्दै आएको। आर्थिक वर्ष २०७९/८० को अन्तसम्म व्यक्तिगत उजुरीको रूपमा जम्मा २९ ओटा प्राप्त आएको।

१. गङ्गामाया अधिकारी लगायतले दिएका यस कार्यालयसँग सम्बन्धित जम्मा पाँच ओटा उजुरीको प्रतिरक्षा गर्दै जवाफ पठाइएको।

२. २४ ओटा उजुरी द्वन्द्वसँग सम्बन्धित भएको हुँदा सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा कार्यान्वयनका लागि सिफारिस गरी पठाइएको।

२.२ अध्ययन तथा प्रतिवेदन निर्माण: आर्थिक वष २०७९/८० मा संविधानले परिलक्षित गरेको नीति तथा मार्गनिर्देशक सिद्धान्तका अधीनमा रही तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थाका आधारमा देहायका कार्य सम्पादन गरिएको छ।

(१) संयुक्त राष्ट्रसङ्घीय सन्धिजनित निकायमा पेश गरिने मुख्य साझा दस्तावेज (Common Core Document) को अध्ययन तथा प्रारम्भिक मस्यौदा निर्माण।

(२) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको अध्ययन तथा प्रतिवेदनको प्रारम्भिक मस्यौदा निर्माण।

(३) विश्वव्यापी आवधिक पुनरावलोकनको मध्यावधि प्रतिवेदन प्रारम्भिक मस्यौदा निर्माण।

(४) योजना, कार्यक्रम, कानुन तथा नीतिहरू कार्यान्वयनबाट प्राप्त गरिने मानव अधिकारसम्बन्धी विषयगत तथ्याङ्कहरूमा जानकारी प्रविष्ट गर्न आवश्यक सूचकहरूको पहिचानसम्बन्धी प्रारम्भिक अध्ययन कार्य सम्पन्न।

(५) भ्रष्टाचार विरुद्धको महासन्धिको फोकल पोइन्टका रूपमा काम गरिरहेको छ। सो महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना २०६९ लाई परिष्कृत, परिमार्जन गरी नयाँ रणनीतिको प्रारम्भिक मस्यौदा तयार भइरहेको।

२.३ प्रवर्धन, संरक्षण, समन्वय तथा अनुगमनसम्बन्धी कार्य: देहायका विषयमा अध्ययन गरी प्रतिवेदन तयारी सम्बन्धमा कार्य सम्पादन गरिएको थियो :

(क) समन्वयात्मक कार्य: राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क महाशाखाको रूपमा काम गरिरहेको। आ.व. २०७९/८० मा राष्ट्रिय मानव अधिकार आयोगका १ सय ४३ सिफारिस कार्यान्वयन गर्न भनी आएकोमा सो को कार्यान्वयनका लागि समन्वय गर्दै सम्बन्धित निकायमा पठाइएको।

राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारका नाममा पेश गरेका जम्मा १ सय २ सय २९ ओटा सिफारिसहरूलाई क्षतिपूर्ति, गैरकानुनी हत्या, यातना, यौन हिंसा र विविध क्लस्टरमा विभाजन गरी अध्ययन गरिएको। मानव अधिकार प्रवर्धनमा नेपाल सरकारका निकायसँग सम्पर्क समन्वय कायम गरिएको।

(ख) प्रवर्धनात्मक कार्य: सन् २०२३ डिसेम्बर १० का दिन अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सञ्चालन गरिएको।

यस आ.व. मा मानव अधिकारसम्बन्धी विषय तथा सिफारिसहरूको पहुँच विकास गर्न अभिलेखीकरणको कार्य सम्पादन गरिएको।

(ग) अनुगमन कार्य: मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको प्रगति विवरण उपलब्ध गराउन सात प्रदेश सरकार र सबै स्थानीय तहसमेतमा पत्राचार गरिएको। पाँचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रचारप्रसार तथा अनुगमन सम्बन्धमा प्रदेशस्तरीय कार्य सम्पन्न गरिएको।

२.४ अन्य:

(१) पाँचौँ राष्ट्रिय मानव अधिकार कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजनाको कार्यान्वयन र सो को प्रतिवेदन सङ्कलन, विश्लेषण नियमित रूपमा भइरहेको छ।

(२) विभिन्न मन्त्रालयबाट प्राप्त मानव अधिकारीसम्बन्धी प्रतिवेदन तथा अन्य विषयमा राय दिने काम भइरहेको छ।

(३) राष्ट्रिय मानव अधिकार आयोगको सम्पर्क निकायका रूपमा रही कार्य गरिएको र राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धमा नयाँ कानुन निर्माणमा समन्वयात्मक भूमिका निर्वाह गरिरहेको छ।

मदनप्रसाद शिवाकोटी
शाखा अधिकृत

परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र नीतिले लोकतन्त्र, मानव अधिकार र विधिको शासनको मूल्यलाई आत्मसात गरेको छ। यस सन्दर्भमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको प्रवर्धनका लागि उपयुक्त भूमिका निर्वाह गर्दै आएको छ। विगतका वर्षहरूमा जस्तै नेपालको सन् २०२३ मा पनि विभिन्न माध्यमबाट मानव अधिकारको प्रवर्धन र संरक्षणमा सक्रियता र सार्थकता रह्यो।

नेपालले गत वर्ष मानव अधिकार परिषद्को ५२ औँ, ५३ औँ र ५४ औँ सत्रमा सक्रिय सहभागिता जनायो। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को ५२ औँ अधिवेशनमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व प्रधानमन्त्रीका शान्ति तथा मानव अधिकार सल्लाहकार गोविन्दप्रसाद शर्मा कोइरालाले गर्नुभएको थियो। बैठकको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्दै कोइरालाले मानव अधिकारको प्रवर्धनन र संरक्षणका लागि नेपालको पूर्ण र स्पष्ट प्रतिबद्धता अन्तर्राष्ट्रिय जगतसामु दोहोऱ्याउनु भयो। उहाँले मानव अधिकारका विषयलाई राजनीतिकरण नगर्न र मानव अधिकारसम्बन्धी सरोकारलाई सम्बोधन गर्दा वस्तुनिष्ठ र निष्पक्ष दृष्टिकोण अपनाउन राष्ट्रहरूलाई आग्रह गर्नुभयो।

विश्वव्यापी आवधिक समीक्षा कार्य समूहको ४२ औँ, ४३ औँ र ४४ औँ सत्रमा पनि नेपाल अर्थपूर्ण रूपमा संलग्न भएको छ। यी फोरमहरूका माध्यमबाट नेपालले विश्वभर मानव अधिकारको अवस्थाको विकासमा योगदान पुऱ्यायो।

नेपालले सन् २०२१-२०२३ को लागि संयुक्त राष्ट्रसङ्घ मानव अधिकार परिषद्को सदस्यका रूपमा आफ्नो दोस्रो कार्यकाल सफलतापूर्वक पूरा गऱ्यो। यस अवधिमा परिषद्सँग नेपालको सहकार्य प्रभावकारी रह्यो। नेपालले प्रस्तावहरूमा मतदान, विशेष कार्यविधिको विस्तार,मृत्युदण्डको उन्मूलनको मुद्दा तथा 'एलजी बीटी आई क्यू जोड' को अधिकारका सवालमा अवाज उठायो।

मानव अधिकार उच्चायुक्तको कार्यालय, मानव अधिकार निकाय र संयन्त्र तथा मानव अधिकार परिषद्को सचिवालयसँग संलग्न रहनुका साथै, समाधीक्षकहरूबाट प्राप्त विषयगत प्रतिवेदनहरूका लागि सुझाव प्रदान गरि आफ्नो उपस्थिति मजबुत बनाउने कार्य गऱ्यो।

यसका साथै मानव अधिकार परिषद् र अन्य संयन्त्रमा भएको छलफलमा नेपालले महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, सीमान्तकृत समुदाय, आप्रवासी, आदिवासी जनजाति र अल्पसङ्ख्यकलगायतका अधिकारका मुद्दाहरूलाई प्राथमिकताका साथ उठाएको छ। यसैगरी जलवायु परिवर्तन, डिजिटल विभाजन, दिगो विकास लक्ष्य र विकासको अधिकार जस्ता मुद्दाहरूमा आफ्ना धारणा व्यक्त गरेको छ।

परराष्ट्रमन्त्री, माननीय श्री एन पी साउदले मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८ जारी भएको पचहत्तरौँ वार्षिकोत्सवको अवसरमा ११ र १२ डिसेम्बर २०२३ मा जेनेभामा मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयले आयोजना गरेको कार्यक्रममा भाग लिनु भयो।

नेपालले २०२३ अप्रिल १७ देखि २८ सम्म न्यूयोर्कमा आयोजित आदिवासी मुद्दाहरूमा स्थायी मञ्चको २२ औँ सत्रमा भाग लियो। सत्रको नारा 'आदिवासी जनता, मानव स्वास्थ्य, ग्रह र क्षेत्रीय स्वास्थ्य, र जलवायु परिवर्तन: अधिकारमुखी दृष्टिकोण' रहेको थियो।

राष्ट्रिय वा जातीय, धार्मिक र भाषिक अल्पसङ्ख्यकसँग सम्बन्धित व्यक्तिको अधिकारसम्बन्धी घोषणापत्र पारित भएको ३० औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोजना गरिएको अल्पसङ्ख्यक

अधिकारसम्बन्धी उच्चस्तरीय बैठकमा नेपाल सक्रिय सहभागी रहेको थियो। कार्यक्रम २१ सेप्टेम्बर २०२२ मा न्यूयोर्कमा आयोजना गरिएको थियो।

'सबै महिला र बालिकाहरूमा लैङ्गिक समानता र सशक्तिकरण प्राप्त गर्नका लागि डिजिटल युगमा नवप्रवर्तन र प्राविधिक परिवर्तन र शिक्षा' भन्ने नाराका साथ मार्च ६-१७ सम्म न्युयोर्कमा सम्पन्न महिलाको स्थितिसम्बन्धी आयोगको ६७ औँ अधिवेशनमा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डल सहभागी भएको थियो।

यस समीक्षा वर्षमा नेपालले महिला विरुद्धको भेदभाव उन्मूलन समितिलाई सातौँ आवधिक प्रतिवेदन बुझाएको छ। मन्त्रालयले जातीय भेदभाव उन्मूलन समिति (सर्ड) को आवधिक प्रतिवेदन पेश गर्न अन्य मन्त्रालयहरूसँग सहकार्य गरिरहेको छ।

समीक्षा अवधिमा नेपालले शरणार्थी मुद्दामा पनि सक्रियता देखाएको छ। नेपालले शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको ७४ औँ कार्यकारी समितिमा भाग लियो। नेपालले भुटानी शरणार्थीहरूको समस्याको दिगो समाधानको विषयमा ध्यानाकर्षण गरायो। नेपालले भुटानी शरणार्थीको लामो समयदेखिको समस्या समाधान गर्न भुटानी पक्षलाई निर्णायक कदम चाल्न आग्रह गरेको छ।

पुनरावलोकन अवधिमा, नेपाल संयुक्त राष्ट्रसङ्घको आर्थिक र सामाजिक परिषद्को सदस्यमा तीन वर्षका लागि निर्वाचित भएको छ। आर्थिक र सामाजिक परिषद् संयुक्त राष्ट्रसङ्घको मुख्य अङ्गहरूमध्ये एक हो, जसले आर्थिक, सामाजिक र विकास अजेण्डाहरूको रेखदेख गर्दछ। त्यसैगरी, नेपाललाई संयुक्त राष्ट्रको शान्ति निर्माण आयोगमा पनि चुनियो।

(अनौपचारिक अनुवाद)

गृह मन्त्रालय

नेपालको संविधानद्वारा प्रत्याभूत गरिएका आधारभूत मानव अधिकार र नागरिक स्वतन्त्रताको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धनमा राष्ट्रिय मानव अधिकार आयोग, विषयगत मन्त्रालय तथा निकायहरूसँग नियमित समन्वय र सहकार्य हुँदै आइरहेको छ। मानव अधिकारमुखी दृष्टिकोणलाई केन्द्रमा राखी नीति, कानुन तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन भइरहेका छन्। यसैगरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रतिवेदन तयारीका क्रममा रहेको छ। साथै यातना तथा अन्य क्रुर अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिअन्तर्गत नेपालले बुझाउन पर्ने (तेस्रो देखि आठौँ) संयुक्त आवधिक प्रतिवेदनको मस्यौदालाई अन्तिम रूप दिने कार्य भएको छ।

मानव अधिकारकर्मीहरूको सुरक्षा र संरक्षण गर्नेसम्बन्धी आदेश, २०७७ स्वीकृत भई कार्यान्वयन भइरहेको छ। महिला शान्ति र सुरक्षासम्बन्धी संयुक्त राष्ट्रसङ्घ प्रस्ताव नं १३२५ र १८२० को कार्यान्वयनसम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ ब २०७९/८०-२०८१/८२) द्वन्द्वपीडित तथा प्रभावित महिला र बालिकाको विशेष तथा समष्टिगत आवश्यकतालाई सम्बोधन गर्दै उनीहरूको सरोकारका विषयमा अर्थपूर्ण सहभागिता एवम् आत्मसम्मानपूर्वक जीवनयापन गर्ने वातावरण सुनिश्चित गर्ने लक्ष्य प्राप्तिका लागि कार्यान्वयन भइरहेको छ।

राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार संरक्षणका सन्दर्भमा प्राप्त सिफारिस तथा निर्णयहरू कार्यान्वयन भइरहेको छन्। मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्यान्वयन कार्ययोजना तथा विश्वव्यापी आवधिक पुनरावलोकन तेस्रो चक्र कार्यान्वयनको मन्त्रालयसँग सम्बन्धित विषयहरू प्राथमिकतासाथ कार्यान्वयन भइरहेका छन्।

अजिता शर्मा
उपसचिव

नेपाली सेना

नेपाली सेना अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र प्रवर्धन गर्न प्रतिवद्ध छ। सन् २०२३ मा नेपाली सेनाको वार्षिक तालिम निर्देशिका अनुसार इटहरीस्थित श्री पूर्वी पृतना हेडक्वार्टरमा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी आधारभूत तालिम समेत सञ्चालन गरी सकल दर्जाहरूलाई प्रशिक्षित गराइएको छ। साथै, हरेक तहका वृत्ति विकासका तालिमहरूमा मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषय अनिवार्य रूपमा समावेश गर्ने नीति अनुरूप हालसम्म

६४,०८० जना सैनिक व्यक्तिहरूलाई सो विषयमा प्रशिक्षित गराई सकिएको व्यहोरा अनुरोध गरिन्छ।

रबिन्द्र खत्री, सहायक रथी
नि. निर्देशक
मानव अधिकार निर्देशनालय, कार्यरथी विभाग,
जङ्गी अड्डा

नेपाल प्रहरी

नेपालको संविधानले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जस्ता विभिन्न ३१ ओटा अधिकारहरूलाई मौलिक हकका रूपमा समावेश गरी नागरिकको मानव अधिकार सुनिश्चित गरेको छ। मौलिक हकको प्रभावकारी कार्यान्वयनबाट देशमा सुशासन र समृद्धि हासिल गर्न र नागरिकका मानव अधिकारको संरक्षण र प्रत्याभूतिका लागि राज्यले नेपाल प्रहरीलाई अग्रणी भूमिका प्रदान गरेको छ। राज्यको कानुन कार्यान्वयन गर्ने निकायको रूपमा रहेको नेपाल प्रहरी नागरिकका संविधान प्रदत्त मौलिक अधिकारहरूको साथै विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनद्वारा सुनिश्चित मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको लागि साङ्गठनिक प्राथमिकताको रूपमा अंगीकार गर्दै आएको छ। राज्यले प्रदान गरेका विभिन्न कानुनी अधिकारहरूको कानुनी प्रयोग गरी कानुनी राज्यको अवधारणा अनुरूप मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल प्रहरी र यसमा आबद्ध सकल दर्जाका प्रहरी कर्मचारीहरू आफ्नो मुख्य दायित्व र कर्तव्यका रूपमा ग्रहण गरेको सर्वविदितै छ।

नागरिकका अधिकारको सुनिश्चित गर्ने क्रममा प्रहरी काम कारबाहीमा मानव अधिकार मूल्य मान्यता र सिद्धान्तलाई अवलम्बन गर्न तथा प्रहरीबाट मानव अधिकार उल्लङ्घन हुन नदिन २०५९ माघ २ गते प्रहरी महानिरीक्षकको प्रत्यक्ष मातहतमा रहने गरी नेपाल प्रहरी मानव अधिकार सेलको स्थापना गरिएको थियो। यस एकाइले मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकार तथा विभिन्न एकाइहरू, राष्ट्रिय मानव अधिकार आयोग, गृह मन्त्रालय, विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गर्दै आइरहेको छ। समग्र प्रहरी सङ्गठनलाई नै मानव अधिकार मैत्री बनाउने लक्ष्यका साथ नेपाल प्रहरी प्रधान कार्यालयमा मानव अधिकार उल्लङ्घन अनुगमन एकाइ, काठमाडौँ उपत्यका प्रहरी कार्यालय र प्रदेश प्रहरी कार्यालय (सात) सबैमा मानव अधिकार शाखा, प्रत्येक जिल्ला प्रहरी कार्यालयहरूमा मानव अधिकार सम्पर्क अधिकृत र प्रत्येक मुद्दा चल्ने एकाइहरूमा हिरासत व्यवस्थापन अधिकृतको व्यवस्था गरी मानव अधिकार सम्बन्धी विभिन्न संरक्षणात्मक र संवर्द्धनात्मक कार्यहरू गर्दै आइरहेको छ।

नेपाल प्रहरी मानव अधिकारलाई आफ्नो साङ्गठनिक प्राथमिकतामा राखी मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तितर्फ विगत एक वर्षमा सम्पादन गरेका कार्यहरू निम्न बमोजिम छन्।

१. मानव अधिकार संरक्षणतर्फ

- मानव अधिकारको विषयमा शून्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जालमार्फत गुनासो गर्नसक्ने व्यवस्था गरिएको।
- सम्मानित अदालतबाट प्राप्त निर्देशन/निर्णय तथा आदेशको कार्यान्वयन गर्नुका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धान एवम् छानविन गरी भई आएको आदेशको कार्यान्वयन सम्बन्धमा सबै प्रहरी एकाइहरूलाई जानकारी दिने गरिएको।
- कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घनका घटना भएको भनी उजुरी प्राप्त भएमा तथा अन्य विभिन्न स्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएमा प्रहरी कर्मचारीलाई कानुनबमोजिम विभागीय कारबाही गर्ने गरिएकोमा आ.व.२०८०/०८९ मा ११ समेत गरी हालसम्म ८ सय २९ जना प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गरिएको छ।
- प्रभावकारी अनुसन्धान गरी दोषीलाई निरूत्साहित गर्दै अपराध रोकथामको माध्यमबाट नागरिकको मानव अधिकारको संरक्षण गरिएको छ।
- प्रहरी हिरासतमा हुनसक्ने यातना तथा अमानवीय

व्यवहार र हिरासत कक्षको व्यवस्थापनजस्ता मानव अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथमिकतामा राखी विभिन्न एकाइका थुनुवा गृह, मुद्दाको अनुसन्धान प्रगति, कानुनको सिद्धान्तको अनुसरण, स्वतन्त्र तथा निष्पक्ष अनुसन्धानको सिद्धान्तको अवलम्बन तथा गुनासो सुनुवाइको अवस्थामा, मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको अनुगमन गर्ने गरिएको।

२. मानव अधिकार संवर्द्धनतर्फ

- नेपाल प्रहरीमा रहेका जम्मा २ हजार ६ सय ६० युनिटहरूमध्ये मुद्दा चल्ने सबै २ सय २१ युनिटमा हिरासत व्यवस्थापन अधिकृतको व्यवस्था गरिएको।
- नेपाल प्रहरीमा मानव अधिकारसम्बन्धी प्रशिक्षक प्रशिक्षण (सिनियर प्रहरी अधिकृत तथा जुनियर प्रहरी अधिकृत) तालिम सञ्चालन गरी प्रशिक्षक तयार पारी नेपाल प्रहरीमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिँदै आएको।
- वार्षिक तालिम क्यालेण्डर तथा पाठ्यक्रम निर्माण गरी सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरी कारबाही तथा मानव अधिकार विषय तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको छ। जसअनुसार चालु आ.व.मा २ सय ५७ जना गरी हालसम्म २८ हजार ९० जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिसकिएको।
- काठमाडौँ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी मातहत कार्यालयहरू, प्रदेश कार्यालय (सात) सबै मातहत कार्यालय/युनिटहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्यक महिना पुर्नताजगी स्वरूप एकदिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आएकोमा चालु आ.व.मा १२ हजार २ सय ३१ गरी हालसम्म ७० हजार ६ सय ६९ जना प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको।
- नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहोस् भन्ने हेतुले समुदाय प्रहरी साझेदारी कार्यक्रम मार्फत काठमाडौँ उपत्यका लगायत सबै प्रदेश प्रहरी कार्यालयहरू अन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम विभिन्न ठाउँमा प्रत्येक महिना सञ्चालन गर्दै आएको तथा आ.व. २०८०/०८९ को पुस महिना सम्ममा ७४ ओटा कार्यक्रम सञ्चालन गरी २ हजार ४ सय ६४ जना सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको साथै बोक्सीको आरोप, दाइजो, छुवाछुत जस्ता विकृति विरुद्ध कार्यक्रहरू, विद्यालय तथा समुदाय सचेतना शिक्षा कक्षा, ट्राफिक सप्ताह सचेतना जस्ता कार्यक्रमहरू समेत सञ्चालन गरिएको छ।
- भिड नियन्त्रणको समयमा स्थानीय प्रशासन ऐन, २०२८ ले व्यवस्था गरेको बल प्रयोगको सिद्धान्त तथा बल तथा हातहतियारको प्रयोग गर्दा पालना गर्नुपर्ने संयुक्त राष्ट्रसङ्घीय आधारभूत सिद्धान्त अनुसार बल प्रयोग गर्ने गरिएको।

३. मानव अधिकार परिपूर्तितर्फ

- सीमित भौतिक तथा मानव स्रोतको उच्चतम प्रयोग गर्दै प्रभावकारी अनुसन्धानको माध्यमबाट पीडितलाई न्याय तथा राहत / क्षतिपूर्ति दिनेतर्फ चालु आर्थिक वर्षमा २३ हजार ७ सय ९२ मुद्दा दर्ता भई अनुसन्धान कार्य गरिएको।
- नेपाल सरकार, सम्मानित सर्वोच्च अदालत, संवैधानिक निकायहरू तथा अन्य न्यायिक /अर्धन्यायिक निकायहरूबाट भएका निर्णय / फैसलाहरूको नेपाल प्रहरीसँग सम्बन्धित निर्णय तथा सिफारिसहरूको तत्काल कार्यान्वयन गर्ने गरिएको।

उल्लेखित तथ्याङ्क र गतिविधिहरूको आधारमा नेपाल प्रहरीले मानव अधिकारलाई उच्च प्राथमिकतामा राखि विभिन्न कार्यक्रम र गतिविधिहरू सञ्चालन गर्दै आइरहेको तथ्य स्पष्ट हुन आउँछ। नेपाल प्रहरी आगामी दिनमा अझ सशक्त र सकृय रूपमा मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्धन गर्ने कार्यमा प्रतिबद्ध भएर लागिरहने विश्वास दिलाउन चाहन्छौँ।

दानबहादुर कार्की
प्रहरी वरिष्ठ उपरीक्षक

सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन् तथा दण्डहीनता शून्य सशनशीलताको नीति

अवलम्बन गरे अनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसुर अनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्दै आइरहेको छ। नागरिकहरूका संविधान प्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आफ्नो व्यवसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुन कार्यान्वयन गर्नेजस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बल, नेपालले सीमा क्षेत्रमा हुने मानव बेचबिखन तथा ओसारपसारजस्ता जघन्य अपराध रोकथामका लागि सुक्ष्मरूपमा निगरानी बढाइ पीडितहरूको उद्दार गर्न सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहकार्य गरी कर्तव्य निर्वाह गर्दै आइरहेको छ।

नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि सोहीअनुरूप पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकार संरक्षणमा संवेदनशील एवम् सेचत गराउने उद्देश्यले मानव अधिकार सेल र सरकारी तथा गैरसरकारी सङ्संस्थाहरूबाट प्रशिक्षक भिकाइ मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्य अनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डर बमोजिम मानव अधिकार, लैङ्गिक र कानुन कार्यान्वयन अनुशिक्षण तालिम सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गरिरहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सशस्त्र प्रहरी बल, नेपाल सदैव प्रतिबद्ध रहेको छ।

अन्तर्राष्ट्रिय मानव अधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीहरूलाई सहभागी गराई प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य समेत गर्दै आइरहेको छ। बल प्रयोगसम्बन्धी संयुक्त, राष्ट्रसङ्घको सिद्धान्त तथा मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरी हालसम्म २९ हजार ५ सय ८३ जना सशस्त्र प्रहरी कर्मचारीहरूलाई प्रशिक्षित गर्नुका साथै समयसापेक्ष ज्ञान हासिल गर्ने तथा सङ्गठनका कामकारबाहीमा प्रभावकारिता ल्याउने उद्देश्यले सङ्गठनबाट सरकारी तथा गैरसरकारी निकायहरूमा समय-समयमा सञ्चालन हुँदै आएका तालिम, सेमिनार, अन्तरक्रिया तथा छलफलहरूमासमेत सशस्त्र प्रहरी बल, नेपालले सहभागिता जनाउने गरिएको छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा वार्षिक रूपमा प्रकाशन गर्ने नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस सुरक्षा सङ्गठनले सदैव महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास दिलाउन चाहन्छ।

युवराज अर्याल
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल, नेपाल,
प्रधान कार्यालय

नेपाल नगरपालिका सङ्घ

नेपालको संविधानले व्यवस्था गरेका मौलिक हकहरू नै नेपाली नागरिकका आधारभूत मानव अधिकारका विषय हुन्। संविधानले सुनिश्चित गरेका नागरिकका मौलिक हकको प्राप्तिका लागिसमेत साझा प्रयत्न आवश्यक छ। ती अधिकार क्षेत्रभित्र रहेर स्थानीय सरकारहरूले मानव अधिकार संरक्षण र संवर्द्धनका काम गरिरहेका छन्। सबै नागरिकलाई समान अवसर र समान ढङ्गबाट न्याय दिने मामिलामा जनताको घर आँगनमा भेटिने स्थानीय सरकारहरू क्रियाशील छन्। नेपाल नगरपालिका सङ्घले आफ्ना सदस्य नगरपालिकाहरूमा संविधानले निर्दिष्ट गरेको अनुसुची ८ मा व्यवस्था भएका एकल अधिकारसम्बन्धी कानुनहरू निर्माण गरी सोही मुताबिक काम गर्ने गरी सहजीकरण गरिरहेको छ।

स्थानीय सरकारहरूले नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको संरक्षणमा काम गरिरहेका छन्। घरेलु हिंसा रोकथाम, श्रमको उचित ज्याला, सामाजिक अपराध तथा सजाय, उपभोक्ता संरक्षण, प्रतिस्पर्धा प्रवर्धन तथा बजार संरक्षण, खाद्य सुरक्षण, रोजगारी सिर्जना, स्थानीय व्यवसायिक प्रवर्धन, विपत्मा नागरिकहरूको बचाउ तथा संरक्षणको क्षेत्रमा पनि नगरपालिकाहरूले काम गरिरहेका छन्। चालु आवधिक योजना तथा बजेट बिस्तार सबै नागरिकको पहुँचमा पुग्ने गरी कार्य गर्न नगरपालिकाहरू क्रियाशील छन्।

पहिलो न्यायालयसमेत स्थानीय सरकारहरू नै रहने हुँदा स्थानीय झैं-झगडा, लैङ्गिक हिंसा अन्त्य, पिछडिएको जातजाति तथा समुदायलाई राज्यको मूल प्रवाहमा जोड्न र राज्यको तल्लो तहदेखिनै शान्ति स्थापना गर्न पनि स्थानीय सरकारहरूले स्रोत साधन र क्षमताले भ्याएसम्म काम गरिरहेका छन्। यसरी हेर्दा स्थानीय सरकारहरू नागरिकहरूका घर दैलोमा नै नागरिकहरूका आधारभूत अधिकारहरूको पूर्तिका लागि काम गरिरहेका छन्।

आधारभूत मानव अधिकारको संरक्षण र प्रवर्धनमा काम गरिरहँदा पनि स्थानीय सरकारहरूले पूर्ण रूपमा संविधानत: काम गर्न भने सकिरहेका छैनन्। कतिपय अवस्थामा संविधानले दिएका अधिकारहरूको समेत स्थानीय तहले प्रयोग गर्न नपाउँदा त्यसको प्रत्यक्ष असर नागरिकको मानव अधिकार सुनिश्चिततामा कठिनाइ भइरहेको छ। शान्ति सम्झौता भएको लामो समयसम्म सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग गठन गरिए तापनि यसले प्रभावकारी काम गर्न नसक्दा अहिले पनि सशस्त्र द्वन्द्वका पीडितहरूको अवस्था दयनीय छ। संविधान प्रदत्त मौलिक हकहरूको प्रत्याभुति दिलाउन आवश्यक कानून निर्माण भई नसकेको, जनप्रतिनिधि तथा कर्मचारीहरूमा मानव अधिकारका विश्वव्यापी मूल्यमान्यता र आदर्शलाई आधार मानि कार्य गर्ने पूर्ण चेतना र संस्कृतिको विकास भई नसक्नु, मुलुकमा शान्ति सुरक्षाको अवस्था अपेक्षाकृत सुदृढ हुन नसक्नु, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन नगरिनु, जथाभावी मुद्दा फिर्ता लिने तथा माफी दिने प्रचलन बढ्नु लगायतका विषय मानव अधिकारका गम्भीर चिन्ताका विषय हुन् र यी कार्यहरूबाट उत्पन्न हुने परिणामको प्रत्यक्ष असर स्थानीय साशनमा नै परिरहेको छ।

सङ्घीयताको कार्यान्वयनसँगै संवैधानिक रूपमा रहेको स्थानीय सरकारको निर्वाचनपश्चात सामाजिक सुरक्षाको व्यवस्थित वितरण महिला, दलित र अपाङ्तामैत्री योजना तर्जुमा र स्रोत परिचालन, न्यायिक समितिको सकृयतामा प्रभावकारी मेलमिलाप र विवाद निरूपण भई अदालतमा जाने मुद्दामा कमी आएका दृष्टान्तहरू, बालविवाहमा उल्लेख्य कमी आधारभूत स्वास्थ्य र सरसफाइ तथा प्रारम्भिक एवम् माध्यमिक शिक्षासम्मको सुनिश्चितता गर्न नगरपालिकाहरू समर्थ भएका छन्। उल्लेखित क्रियाकलाप र उपलब्धिबाट मानव अधिकारको क्षेत्रमा नगरपालिकाहरूले प्रशस्त योगदान दिइरहेका छन्। तहगत सरकारको समन्वय र सहकार्यबाट यस क्षेत्रमा थप योगदान पुग्नसक्ने हुँदा सो को सहजीकरण गर्न नेपाल नगरपालिका सङ्घले आफ्ना विविध कार्यक्रम, परियोजना र गतिविधिहरूका माध्यमबाट पहल कदमी गरिरहेको छ।

भीमप्रसाद ढुंगाना
अध्यक्ष, नेपाल नगरपालिका सङ्घ

गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल

तीन तहको मूल संरचना रहेको सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा नागरिकको नजिक र आधारभूत तहमा रहेको स्थानीय सरकारले मुख्यगरी सेवा प्रवाह र विकास कार्य गरिरहेको छ। नेपालको संविधानले नागरिकको मौलिक अधिकारका रूपमा मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, निष्पक्ष, न्यायपालिका, सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रताको हकलगायत हकहरूलाई संरक्षण गरेको छ। त्यसैगरी सामाजिक सुरक्षाको हक, उपभोक्ताको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, दलितको हक, महिला तथा बालबालिकाको हकहरू प्रत्यक्ष मानव अधिकारसँग सम्बन्धित अधिकार रहेका छन्। नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय सन्धिसम्झौतामा हस्ताक्षर गरी ती सन्धि सम्झौताका व्यवस्था नेपाल कानुन सरह लागु हुने कानुनी व्यवस्था पनि छ।

संस्थागत संरचनाको दृष्टिले हेर्दा मानव अधिकार प्रवर्धन र संरक्षणका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच अधिकारको सूची नै उल्लेख गरी बाँडफाँडसमेत गरिएको छ। स्थानीय सरकारहरू कानुनको कार्यान्वयन गरी मानव अधिकार संरक्षण, संवर्द्धन तथा मर्यादित बनाउन प्रतिबद्ध रहेका छन्। नागरिकका मौलिक अधिकारको संरक्षण र प्रवर्धनको कार्यमा तीन तहकै सरकारको उत्तिकै दायित्व हुँदाहुँदै पनि नागरिकले सहजै देख्न, भेट्न र महसुस गर्न सक्ने सरकार भएकोले स्थानीय सकारहरूको दायित्व अझै धेरै रहेको छ।

मानव अधिकार संरक्षण र संवर्द्धनमा स्थानीय सरकारका केही प्रयासहरू

- बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराई, आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नका निम्ति स्थानीय सरकारहरूको तर्फबाट विभिन्न अभियानहरू सञ्चालन भइरहेको छन्। तर, अपाङ्गता भएका विद्यार्थीका लागि उपयुक्त शिक्षा प्रणालीको अभावमा आधारभूतसँगै उच्च शिक्षामा पहुँच सुनिश्चित गर्न समस्या भएको र जसका कारण अपाङ्गता भएका बालबालिका समुदायमै पीडित भएका छन्।
- अपाङ्गतामैत्री, बालमैत्री स्थानीय शासनको अवलम्बन गर्ने तथा सेवा केन्द्रहरू स्थापना र सञ्चालन गर्ने कार्य गरिरहेका छन्।
- घुम्ती शिविरमार्फत विपन्न तथा पिछडिएका वर्गहरूलाई समुदाय तथा घर घरमा सेवा प्रवाहका प्रयासहरू भएका छन्।
- न्यायिक समितिमार्फत समाजमा मानव अधिकार उल्लङ्घनका घटनाहरू हुन नदिन प्रवर्धनात्मक कार्यहरू भएका छन्। न्यायको पहुँचमा कहिल्यै पुग्न नसकेका पीडित नागरिकहरू सहजै न्यायिक समितिमा गएर न्यायको महसुस गर्न सकेका छन्। मेलमिलाप समितिहरू स्थापना तथा आवश्यक तालिम तथा अभिमुखीकरणहरू सञ्चालन गर्दै आइरहेको जसले गाउँ तहमा नै स-साना विवादहरूको मेलमिलाप प्रकृयाद्वारा समाधान गरिरहेका छन्।
- कतिपय स्थानीय सरकारहरूले गुनासो सम्बोधन प्रणालीको विकाससम्बन्धी आवश्यक पहल गर्ने गरेको छ। बालविवाह रोक्नका निम्ति सचेतना तथा लक्षित कार्यक्रमहरू: जस्तै बालविवाह मुक्त गाउँपालिका घोषणाजस्ता अभियानहरू सञ्चालन गर्ने कार्य गरेका छन्।
- ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र, सम्मान कार्यक्रम, एकल पुरुष प्रोत्साहन भत्ताजस्ता कार्यक्रमहरूले लक्षित वर्गलाई सरकारको अनुभूति भई आत्मसम्मान बढेको महसुस गरेका छन्।
- लैङ्गिक तथा घरेलु हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन भएका छन्। आधारभूत तथा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच पुऱ्याउन एक घर एक धारा सबैजसो स्थानीय सरकारको मूल अभियानभित्र परेको छ। दाइजो प्रथा अन्त्य गर्न स्थानीय सरकारहरूले अभियान नै सञ्चालन गरेर नागरिकहरू परिचालन गरिरहेका छन्। मानव बेचबिखन विरुद्ध सचेतना फैलाउनेदेखि बेचबिखनमा परेकाहरूको उद्दार, राहत, पुनर्स्थापना केन्द्र सञ्चालन, मनोपरामर्श कार्यक्रम सञ्चालन गर्न स्थानीय सरकारहरू जोडिएका छन्।
- कतिपय स्थानीय सरकारहरूले वैदेशिक रोजगार सहजीकरण डेस्क स्थापना गरेका छन्। पर्याप्त जानकारी र सूचनाबिना वैदेशिक रोजगारीमा जाने श्रमिकहरू ठगिनबाट जोगिउन भन्नका लागि ती डेस्कमार्फत अभिमुखीकरण गर्ने प्रयास भएका छन्। बालश्रम मुक्त स्थानीय सरकार घोषणा, सडक मानव मुक्त नगर घोषणाजस्ता अभियानले नागरिकको मानव अधिकार संरक्षणमा ठूलो सहयोग पुगेको हाम्रो दावी रहेको छ।
- समुदाय प्रहरी सँगसँगै कार्यक्रममा कुनै न कुनै कोणबाट स्थानीय सरकारहरू जोडिएका छन्। कारागारमा रहेका थुनुवा बालबालिका तथा महिलाहरूसँग नियमित भेटघाट गर्ने, बालबालिकाहरूलाई पढ्ने वातावरण बनाउने कार्यमा स्थानीय सरकारहरू जोडिएका छन्। जेलमा पुस्तकालय स्थापना गर्ने टेलिभिजनहरू उपलब्ध गराएर कैदीबन्दीको पढ्न पाउने र सूचना प्राप्त गर्ने अधिकारलाई सम्मान गरेका छन्।
- मानव अधिकार संरक्षण, संवर्द्धन गर्न स्थानीय सरकारहरू गम्भीर भए पनि क्षमताको अभाव तथा सङ्घ, प्रदेश र सम्बन्धित क्षेत्रबाट आवश्यक सहजीकरण हुननसक्दा स्थानीय सरकारहरू खुम्चिनु परेको छ। कानुनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा मानव अधिकार उल्लङ्घन तथा महिला हिंसाका घटनामा कमी आउन सकेको छैन।

मानव अधिकारको क्षेत्रमा स्थानीय सरकारमा धेरै काम हुन बाँकी रहेकाले यो क्षेत्रलाई प्राथमिकतामा राखेर काम गर्नु पर्ने देखिन्छ। राज्य, नागरिक समाज र सङ्घ/संस्थाबिच समन्वय तथा सहकार्य भएमात्र मानव अधिकार संरक्षण संभव हुने र समाज तथा सङ्घ/संस्थाहरूबिच समन्वय तथा सहकार्यको अभावमा मानव अधिकार संरक्षण गर्न चुनौती हुने देखिन्छ।

लक्ष्मीदेवी पाण्डे

अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल

नेपाल बार एशोसिएशन

सन् २०२३ मा मानव अधिकारको राज्य पक्षद्वारा गर्नुपर्ने कर्तव्य निर्वाहको क्षेत्रमा खासै सन्तोषजनक देखिँदैन। हाम्रो देशमा एक त शासक वर्गमा विधिको शासनको अवलम्बन गर्न उदासीनता देखाउने प्रवृत्ति व्यापक देखिएको छ भने अर्कोतर्फ विगत लामो समयदेखि देशमा भएका विभिन्न सशस्त्र आन्दोलनहरूमा भएका मानव अधिकारका उल्लङ्घनका घटनाहरूको सत्यतथ्य छानविन र दोषीहरूलाई कानुनी कारबाही तथा पीडितहरूलाई परिपूरणको व्यवस्था गर्न सकिएको अवस्था देखिँदैन। बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरूपण तथा मेलमिलाप आगोगद्वारा द्वन्द्वकालमा भएका घटनाहरूको छानविन, विषयवस्तुको सम्बोधन हुनु अत्यावश्यक देखिन्छ। साथै, अन्तर्राष्ट्रिय मानव अधिकार दिवस डिसम्बर १० को अवसरमा यस वर्ष नेपाल बार एशोसिएशनको चितवनमा सम्पन्न राष्ट्रिय गोष्ठीले पनि देशमा मानव अधिकार पालनाको संस्कृतिको सम्मानको पक्षमा निर्णय गरेको स्मरण गर्न चाहन्छु।

अधिवक्ता हर्कबहादुर रावल,
उपाध्यक्ष

नेपाल पत्रकार महासङ्घ

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको सवालमा सन् २०२३ सन्तोषजनक रहन सकेन विगतका वर्षहरूमा जस्तै यसवर्ष पनि प्रेस स्वतन्त्रता हनन्का विभिन्न घटना नेपाल पत्रकार महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन एकाइमा अभिलेख भएका छन्। यस वर्ष पत्रकारको पेसागत असुरक्षा मुख्य चुनौतीको विषय बनेको छ।

सन् २०२२ मा भन्दा यो वर्ष अर्थात् सन् २०२३ मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता हनन्का घटना बढेका छन्। सन् २०२२ मा प्रेस स्वतन्त्रता हननका ५३ ओटा घटना रेकर्डमा भएकामा सन् २०२३ मा ५८ ओटा घटना महासङ्घको प्रेस स्वतन्त्रता अनुगमन एकाइमा रेकर्ड भएको छ। ५८ ओटा घटनामा ७४ पुरुष र १३ जना महिला पत्रकार पीडित भए भने पाँच ओटा सञ्चार सामग्रीसमेत प्रभावित बन्न पुगे। त्यस्तै सन् २०२३ मा १३ पत्रकार महिला र ७४ पुरुष पत्रकार प्रभावित भएका छन्। सन् २०२२ मा १ सय ३२ पुरुष र १८ पत्रकार महिला प्रभावित भएका थिए। त्यस्तै यो वर्ष पाँच ओटा सञ्चार संस्था प्रभावित बनेका छन् भने २०२२ मा ६ ओटा सञ्चार संस्था प्रभावित भएका थिए।

नेपाल पत्रकार महासङ्घले सन् २०२३ मा विभिन्न सञ्चार गृहमा देखिएका श्रम समस्या अर्थात् पेशागत असुरक्षालाई मुख्य चुनौतीको रूपमा लिएको छ। सञ्चार प्रतिष्ठानमा देखिएका श्रम समस्यालाई महासङ्घले दबाबमूलक आन्दोलन, कानुनी लडाइँ तथा वार्ता र संवादसमेतको माध्यमबाट समाधानको पहल गरिरहेको छ। सन् २०२४ मा महासङ्घले श्रम समस्याको दीर्घकालीन समाधानका लागि कानुनी व्यवस्थालाई थप बलियो बनाएर त्यसको कार्यान्वयनका लागि पहल गर्ने प्रतिबद्धता जनाउँदछ।

राजनीतिक दलका नेता र सरकारका जिम्मेवार पदमा बसेका व्यक्तिबाट पटक-पटक प्रेसमाथि विभिन्न प्रकारका आरोप लगाउने, पुष्टि नहुने तर्कसहित समग्र मिडियाप्रति नै लाञ्छित गर्नेलगायतका कार्य सन् २०२३ मा भएका छन्। महासङ्घ राजनीतिक दल र सरकारका विभिन्न पदमा बसेका व्यक्तिलाई पदीय मर्यादा, विश्वव्यापी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक अधिकारप्रति प्रतिबद्ध हुन आग्रह गर्दछ।

सरकारले सन् २०२३ मा सञ्चारसम्बन्धी कानुन निर्माणमा सुस्तता देखाएको छ। महासङ्घकै संलग्नतामा मस्यौदा गरिएका सञ्चारसम्बन्धी कानुन यथाशीघ्र प्रक्रियामा लैजान महासङ्घ सरकारको ध्यानाकर्षण गराउँछ। सञ्चारसम्बन्धी कानुनहरू ल्याउँदा नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्ति स्वतन्त्रता, सञ्चारको हक तथा पूर्ण प्रेस स्वतन्त्रता लगायतका व्यवस्था ख्याल गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारलाई महासङ्घले सचेत गराउँदै आएको छ।

खगेन्द्र फुयाँल
मिडिया मनिटरिङ

क्रिया-प्रतिक्रिया

मानव अधिकारको क्षेत्रमा खोज, अध्ययन, अनुसन्धान तथा सो सम्बन्धमा तथ्याङ्कसमेत समावेश गरी इन्सेकद्वारा प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको पाइन्छ। मानव अधिकारका विषयमा इच्छुक व्यक्तिहरूले यस पुस्तकबाट धेरै जानकारी प्राप्त गर्न सक्छन्। यसका अलावा यसले मानव अधिकारको संरक्षण, संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा टेवा पुऱ्याउने अपेक्षा गरिएको छ।

टेकनाथ गौतम
न्यायाधीश, जिल्ला अदालत, सङ्खुवासभा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले देशको समग्र मानव अधिकारको अवस्था बताउँछ। प्रदेशगत र जिल्लागत तथ्याङ्कसहितको विवरण एवम् विश्लेषणबाट मानव अधिकारको रक्षाका लागि आगामी समयमा अवलम्बन गर्नुपर्ने नीति निर्माण गर्न सघाउ पुऱ्याउँछ। यस पुस्तकमा सङ्खुवासभा जिल्लाको मानव अधिकारको अवस्था सम्बन्धमा पनि उल्लेख एवम् विश्लेषण गरिएकाले जिल्लाको मानव अधिकारको अवस्था सम्बन्धमा जानकारी हुनुका साथै सुधार गर्नुपर्ने पक्ष पनि अवगत हुने हुँदा महत्वपूर्ण प्रकाशन हुन पुगेको छ।

शिवकुमार कार्की
प्रमुख जिल्ला अधिकारी, सङ्खुवासभा

कुनै पनि देशको विकासको स्तर सो देशमा रहेको जनताले उपभोग गर्ने मानव अधिकारबाट पुष्टि हुन्छ। यस पुस्तकले नेपालमा मानव अधिकारको वर्तमान अवस्थाको बारेमा छर्लङ्ग पारी मानव अधिकार संरक्षण र संवर्द्धनका लागि महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार संरक्षणको लागि राज्यको भूमिकालाई सशक्त बनाउन यस पुस्तकले महत्वपूर्ण कार्य गरेको छ।

हेमन्त भण्डारी क्षेत्री
डिएसपी, जिल्ला प्रहरी कार्यालय, पाँचथर

वर्ष पुस्तकमार्फत् मानव अधिकार उल्लघङ्नका वर्षभरिका घटनाका जानकारी हुनुका साथै केवल दस्तावेजीकरणमात्र नभई आगामी दिनका यस्ता घटना न्यूनीकरणका लागि सन्दर्भ सामग्री समेत बन्ने छ। वर्षभरिका घटना लीपिवद्ध गरेर वर्षौं पछिसम्म पनि तथ्यहरू पाउन सजिलो हुनेछ। लुकाइएका वा लुकाउन खोजिएका, दबाइएका, अपमान गरिएका सन्दर्भलाई उजागर गर्नका लागि इन्सेकले अझ बढी मेहनत गर्नु पर्नेछ।

गिरिराज बास्कोटा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, पाँचथर

हामी सबैले मानव अधिकार रक्षाको लागि निरन्तर लागि रहनु पर्छ। विशेष गरी पहुँच नभएका र पछाडि परेका/पारिएका वर्गको आवाज बन्नको लागि इन्सेक तथा मानव अधिकारकर्मीहरूलाई मेरो आग्रह छ। साथै प्रशासन सधैभरि मानव अधिकारको रक्षा र कानुनी शासनको प्रत्याभूतिको लागि क्रियाशील छ। प्रशासनले गरेका कतिपय अनुसन्धानलाई मानव

अधिकार उल्लङ्घन नभई कानुनी शासन प्रत्याभूति दिलाउन खोजिएको उल्लेख गर्न आग्रह गर्दछु।

पुण्यविक्रम पौडेल
प्रमुख जिल्ला अधिकारी, धनकुटा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको यथार्थ अवस्था उजागर गर्ने एक दस्तावेज हो। आम नागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति सजग गराउन यसले मद्दत गरेको छ। समाजमा कायमै रहेको जातीय छुवाछूतको विरूद्धमा अलि कम उजागर भएको हो कि भन्ने लागेको छ। छुवाछूतविरूद्ध आवाज अझै बढाउनु पर्ने देखिएको छ। किनकि पुस्तकले नेपालको अवस्था बोल्छ र नेपालको मानव अधिकारलाई चित्रण गर्दछ।

कोपिला शङ्कर
अध्यक्ष, दलित एकता समाज, धनकुटा

मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले रूपमै मानव अधिकारको क्षेत्रमा एउटा आयाम स्थापित गरेको मैले पाएको छु। मानवीय आचरणको केन्द्रबिन्दु मानसिक स्रोत हो, त्यसपछि मात्र कार्यान्वयन हुन जान्छ। मानसिक स्रोत अनुसारकै कर्म हुने हुँदा पुस्तक प्रकाशनले नैतिक रूपमै मानव अधिकार उल्लङ्घन गर्नेहरूमै चेतना जगाइ मानव अधिकारको क्षेत्रमा चेतनशील समाज निर्माणमा समेत सहायक बिन्दु भएको मैले पाएको छु।

नगेन्द्र राई
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ,
धनकुटा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाश गरिने वर्ष पुस्तकले मानव अधिकार संरक्षणमा ठूलो योगदान तथा सकारात्मक प्रभाव पारेको छ। इन्सेकले आफ्नो पुरानो विरासत जगाउँदै ग्रामीण क्षेत्रमा पुगि घटना सङ्कलन गरी बाहिर ल्याउन आवश्यक छ।

विक्रम लिम्बू
सहायक प्रमुख जिल्ला अधिकारी,तेह्थुम

वर्ष पुस्तकले महिला बालबालिकाको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार सम्पूर्ण मानव जातिको नैसर्गिक अधिकार हो भन्ने कुराको महसुस दिलाएको छ। इन्सेकले सङ्घीताको मर्म र भावना अनुरूप काम गदै आएको छ। सत्यतथ्य घटनाहरूको विवरण, तथ्याङ्क सङ्कलन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य प्रशंसनीय छ।

तारा खरेल ढकाल
उपाध्यक्ष, छथर गाउँपालिका, तेह्थुम

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेखीकरण मात्रै नभएर नागरिकको आधारभूत मानव अधिकारलाई प्रत्याभूत गर्न राज्यलाई घचघच्याउने काम गर्दै आएको छ। सामाजिक सञ्जाल र अन्य माध्यमबाट आफूलाई अभिव्यक्त गरिरहेका सन्दर्भमा मानव अधिकार हनन्का घटनामा पनि बढोत्तरी भइरहेको छ।

लाक्पा जी शेर्पा
अध्यक्ष नेपाल पत्रकार महासङ्घ,
ओखलढुङ्गा

मानव अधिकारजस्तो संवेदनशील विषयमा यसको सम्मान, संरक्षण र प्रभावकारी कार्यान्वयनका लागि इन्सेकले पुऱ्याएको योगदान अतुलनीय छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसा न्यूनीकरणका लागि इन्सेक थप क्रियाशील हुन आवश्यक छ।

दीपकबहादुर केसी
डिएसपी, जिल्ला प्रहरी कार्यालय,
ओखलढुङ्गा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतिका घटना सङ्कलन गरी वर्षपुस्तक प्रकाशन गरिनुले मानव अधिकार संरक्षणमा योगदान पुग्छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्दन गर्न सबै पक्षहरू संवेदनशील भएमा मानव अधिकारको रक्षाको निमित्त टेवा पुग्ने कुरामा विश्वस्त हुन सकिन्छ।

विनोदप्रसाद घिमिरे
स्रेस्तेदार, जिल्ला अदालत ओखलढुङ्गा

मानव अधिकारको क्षेत्र व्यापक रूपमा विस्तार भएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्नु राज्यको कर्तव्य पनि हो। इन्सेकले लामो समयदेखि मानव अधिकार अभियानमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालको मानव अधिकार आन्दोलनमा इन्सेकको भूमिका प्रभावकारी छ।

विष्णुप्रसाद पाण्डेय
रजिष्ट्रार, उच्च अदालत, विराटनगर
अस्थायी इजलास ओखलढुङ्गा

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा हनन्को सन्दर्भमा खोजमूलक अनुसन्धान गरी घटनाहरू उजागर गर्दै आएको छ। छुवाछूत, गर्भ

संरक्षणविरूद्धको अपराध, प्राकृतिक स्रोतको दोहनजस्ता मानव अधिकारका बहुक्षेत्रमा अब इन्सेकको ध्यान जान जरूरी छ।

चेतराज बराल
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

नेपालमा बाल अधिकार अझै सम्बोधन हुन सकेको छैन। देशमा रहेका बाल सुधारगृहको अवस्था हेर्दा राज्यले बाल अधिकार रक्षाका लागि धेरै लगानी गर्नुपर्ने छर्लङ्ग देखिन्छ। देशभरका बाल सुधारगृहको अवस्था कहालीलाग्दो छ। यो विषयमा इन्सेकले वर्ष पुस्तकमार्फत मुद्दा उठान गर्न आवश्यक छ।

मिलन चौहान
प्रमुख बाल सुधारगृह, विराटनगर

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरिका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई सङ्कलन र प्रकाशन गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भुमिका खेलेको छ। यसले मानव अधिकारको क्षेत्रमा अनुसन्धान गर्नेहरूका लागि महत्वपूर्ण स्रोतको रूपमा काम गरेको छ।

तारानाथ पराजुली
अध्यक्ष जिल्ला अदालत बार एशोसिएन, इलाम

वर्ष पुस्तकले मानव अधिकार संरक्षणका लागि सचेतना अपनाउन सुझाउने गरेको पाइन्छ। राजनीतिक व्यवस्था परिवर्तनसँगै फेरिएका अधिकार उल्लङ्घनका घटनामा सुक्ष्म अध्ययन अझै बढाउनु पर्ने आवश्यकता देखिएको छ। समाजमा अधिकार उल्लङ्घनका घटनाको स्वरूप परिवर्तन भएको छ। यसतर्फ पनि ध्यान पुग्न सके थप प्रभावकारी हुने थियो।

विप्लव भट्टराई
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम

शिक्षा र चेतनाको हिसाबले जिल्ला अगाडि छ। तर, जिल्लामा मानव अधिकारका घटनाको प्रकृति हेर्दा सामाजिक बहिष्कार, जातीय भेदभावजस्ता घटना हुनु दुखद् हो। सबैको सकारात्मक प्रयासले न्यूनीकरणका कार्य गर्न हातेमालो गर्न जरुरी छ।

मानव अधिकार संरक्षण, संवर्द्धन र सचेतना अभिवृद्धिका लागि इन्सेकले विगतदेखि निरन्तर रूपले पुऱ्याउँदै आएको योगदान अत्यन्त सराह्रानीय र उदाहरणीय छ। समाजमा भएका मानव अधिकार विरुद्धका घटनाहरूको सत्य तथ्यको खोजसहितको अभिलेखिकरणले एउटा आधिकारिक दस्तावेजको स्थान लिन सफल भएको छ। जसले देशको मानव अधिकार, कानुनी शासन, सार्वजनिक जवाफदेहिता र सुशासनको अवस्थालाई जनसमक्ष ल्याउने गर्दछ। जसबाट सम्बद्ध पदाधिकारीलाई जवाफदेही बनाउँदै सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय बनाउन जिम्मेवार पनि बनाएको छ।

हेमन्त रावल
प्रमुख, न्यायाधीश, जिल्ला अदालत,सप्तरी

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी नेपालमा मानव अधिकारको अवस्था बारे चित्रण गर्ने गरेको छ। यस पुस्तकले सम्बन्धित पक्षहरूलाई थप सूचना दिनुका साथै थप जिम्मेवार बनाउनेछ भन्ने मेरो विश्वास रहेको छ। वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु।

गजुसिद्धि बज्राचार्य
एसपी, जिल्ला प्रहरी कार्यालय, सप्तरी

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको चित्रण गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको छ। वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि सरकार तथा गैरसरकारी निकायलाई महत्वपूर्ण सूचना तथा सुझाव प्रदान गर्ने गरेको छ।

गोकुलबहादुर निरौला
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सप्तरी

मानव अधिकारको संरक्षण र संवर्द्धन तथा सामाजिक न्यायको क्षेत्रमा विगत लामो समयदेखि निरन्तर क्रियाशील इन्सेकले विभिन्न कार्यहरू गर्दै आइरहेको छ। मानव अधिकारको हालको अवस्थाबारे बुझ्न र बुझाउन नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी साबित भएको छ।

रञ्जीता रिजाल,
अभिवक्ता, राजविराज, सप्तरी

मानव अधिकार वर्ष पुस्तकले सङ्ग्रहयोग्य दस्तावेजका रूपमा मानव अधिकार अवस्थाको यथार्थ चित्रण गर्दै मानवअधिकार उल्लङ्घनका घटनाको उजागर गर्ने कार्य प्रशंसनीय रहेको छ। यस पुस्तकले

सबै सरोकारवाला निकायहरूलाई आ-आफ्नो भूमिका निर्वाह गर्न सचेत बनाउने अपेक्षा गर्न सकिन्छ।

रवीन्द्रराज पाण्डे

डिएसपी, जिल्ला प्रहरी कार्यालय, सिरहा

सत्य र तथ्यमा आधारित घटनाको तथ्याङ्क सङ्कलन गरी मानव अधिकार संरक्षणको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदानको प्रशंसा गर्न चाहन्छु। मानव अधिकार उल्लङ्घनका सत्य तथ्य घटनालाई उजागर गरी सरोकारवालाको ध्यान खिच्न पुस्तकले भूमिका खेल्ने अपेक्षा अपेक्षा गरेको छु।

राजकुमार आचार्य,

स्रेस्तेदार, जिल्ला अदालत, सिरहा

नेपाल मानव अधिकार वर्ष पुस्तक अन्तर्गत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य तथ्याङ्कको सङ्कलन, घटना विवरण समेटिएको सङ्ग्रहयोग्य अभिलेख जसले नेपालमा मानव अधिकारको अवस्थाको यथार्थ चित्रण गरेको पाइन्छ। अहरणीय अधिकार भए पनि विभिन्न कारणले मानव अधिकार अतिक्रमण र हनन्समेत हुने गरेकोले इन्सेकको निगरानी, सचेतनामूलक कार्यक्रम, पुस्तक प्रकाशनजस्ता कार्य सराहनीय छ।

राजेन्द्रदेव पाण्डे

प्रमुख जिल्ला अधिकारी, सिरहा

मानव अधिकार वर्ष पुस्तकको अत्यन्त महत्व छ। वर्षभर भएका मानव अधिकारको क्षेत्रमा भएका वस्तुस्थिति बारे वार्षिक रूपमा प्रकाशन हुनु साह्रै सराहनीय कार्य पनि हो। यो पुस्तकमा प्रकाशित भएको विवरण विवादित रहेको पाइँदैन। यसले निष्पक्ष तथा मिहिन ढङ्गले कुनै पनि घटनाहरूको अनुगमन गरी पीडितलाई न्याय दिलाउन र दोषीलाई कानुनको दायराभित्र ल्याउन पहल गर्दछ। इन्सेकले आगामी दिनमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै विकासको अधिकार अन्तर्गत विकास निर्माणका कार्यहरूमा हुने ढिलासुस्ती र त्यसले स्थानीयवासी र सम्बन्धितलाई पारेको असर र वातावरण प्रदुषणसँग जोडिएका सवालहरूलाई समेत अलिकति फरक दृष्टिकोणबाट समेट्नुपर्छ।

चक्रपाणी पाण्डे

प्रमुख जिल्ला अधिकारी, धनुषा

राज्यको मुख्य अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई बलियो बनाउन राजनीतिक दल बढी जिम्मेवार हुनु पर्दछ। पीडित व्यक्तिलाई न्यायको पहुँचसम्म पुऱ्याउनका लागि सबै सरोकारवालाहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ। सरकार मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रत्याभूतिमा सदैव लागिपरेको छ। तर, पनि अज्ञानता सामाजिक कुरीति, अशिक्षा, परम्परावादी सोच, कमजोर आर्थिक अवस्था, विसङ्गति, विकृति आदि कारणबाट आज पनि मानव अधिकारको कुनै न कुनै रूपमा उल्लङ्घन भइरहेको छ भने पीडित न्यायको पहुँचमा पुग्न सकेको अवस्था छैन। राज्यको संयन्त्र बाहेक गैरसरकारी संस्थाहरूबाट पनि मानव अधिकारको संरक्षण र संवर्द्धन एंव कार्यहरू भइरहेका छन्। इन्सेकले राज्यमा हुने दैनिक यस्ता घटनाहरूको अभिलेख राख्ने गरेका कारण सरोकारवालाहरूलाई जानकारी गराउने, मानव अधिकारको संरक्षण र मानव अधिकार उल्लङ्घका घटनाहरू प्रति देश, समाजलाई सुसूचित गराइ रहेको छ।

शिवराम गेलाल

प्रमुख जिल्ला अधिकारी, महोत्तरी

इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तक अध्ययनको लागि उपयोगी सामग्री मध्येको एक हो। यो पुस्तकको सहायतामा वर्षभरिका मानव अधिकार उल्लङ्घनको अवस्था बुझ्न् मद्दत पुग्छ। समाजमा भइरहेको विभिन्न हिंसा र राज्यपक्षबाट हुने गरेको मानवअधिकार उल्लङ्घनको वास्तविक अवस्था विश्लेषणपछि न्याय सम्पादनमा मद्दत पुग्ने देखिन्छ। राज्य संयन्त्रका सरोकारवालाहरू दबाव र प्रभावमा काम गर्नेगरेको आरोप लाग्दै आएकोले बर्ष पुस्तकमार्फत् उठान भएको समस्यालाई सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। विपन्न, अल्पसङ्ख्यक र सीमान्तकृत वर्गको समस्या तत्काल सम्बोधन भए उनीहरूको मानवअधिकारलाई सम्मान र पीडितले न्याय पाउने आशा जीवित रहन्छ।

राकेशप्रसाद चौधरी

पत्रकार एवम् सामाजिक अनुसन्धानकर्ता

अपराध नियन्त्रण र रोकथाम गरी व्यक्तिको मानव अधिकार संरक्षण गर्न महोत्तरी जिल्ला सरकारी वकिल कार्यालय यस जिल्लामा कार्यरत मानव अधिकारसँग सम्बन्धित सरोकारवाला निकायहरूसँग आवद्ध भई मानव अधिकारको क्षेत्रमा सहकार्य गर्न सदैव तत्पर रहने प्रतिवद्धता व्यक्त गर्दछु।

पदमप्रसाद वस्ती,

न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, महोत्तरी

सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादती घटनाहरूमा बढोत्तरी भएका छन्। यस्ता घटना न्यूनीकरण गर्न इन्सेक क्रियाशील हुने अपेक्षा गर्दछु। इन्सेकले गर्ने कुनै पनि घटनाहरूको अनुगमन तथा सत्य तथ्य छानविनमा जिल्ला प्रशासन कार्यालयले सधै सहयोग गर्नेछ।

कोमलप्रसाद धमला
प्रमुख जिल्ला अधिकारी, सर्लाही

मानव अधिकार वर्ष पुस्तक र उक्त पुस्तकमा समेटिएका पुष्टि र पुनर्पुष्टि सहितका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको विश्लेषण सहितको तथ्याङ्क सराहनीय कार्य हो। सर्लाही जिल्लामा मानव अधिकारको उल्लङ्घन, ज्यादती, छुवाछुत, जातीय विभेद, बलात्कार, कुटपिट, महिला हिंसा, घरेलु हिंसाका घटनाहरू दिन प्रतिदिन बढ्दै गएका छन्। यस्ता घटनाका सन्दर्भमा इन्सेकले जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न अपेक्षा गर्दछु।

प्रवीण धिताल,
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

मुलुकको मानव अधिकारको स्थिति थाहा पाउन तथा मानव अधिकारको व्यापक क्षेत्रबारे थोरै भए पनि सचेतना उत्प्रेरणा दिलाउन मानव अधिकार वर्ष पुस्तकले योगदान गर्ने भएकोले यो प्रकाशन प्रशंसनीय रहेको छ।

महेन्द्रकुमार श्रेष्ठ
एसपी, जिल्ला प्रहरी कार्यालय, रौतहट

इन्सेकले मानव अधिकारको संरक्षण, रक्षा, शान्ति स्थापना गर्न अहम भूमिका निर्वाह गर्दै आएको कुरा विदित छ। इन्सेकले मानव अधिकार उल्लङ्घन, मानव हिंसा, यातना, बोक्सी, बालबालिकाविरुद्ध सामाजिक हिंसा अन्त्यका लागि क्रियाशील हुँदै आएको छ।

उत्तमकुमार उपाध्याय
अध्यक्ष, प्रेस चौतारी नेपाल, रौतहट

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका विविध विषय समेटेको छ। वर्ष पुस्तक नियमित प्रकाशन गरी देशको मानव अधिकारको अवस्थाका बारेमा जागरुक गराउन इन्सेकको भूमिका महत्वपूर्ण हुनेछ।

रेशम तिवारी
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, बारा

शैक्षिक र चेतनाको हिसाबले जिल्ला अगाडि छ। तर, जिल्लामा मानव अधिकारका घटनाको प्रकृति हेर्दा सामाजिक बहिष्कार, जातीय भेदभावजस्ता घटना हुनु दुखद् हो। सबैको सकारात्मक प्रयासले न्यूनीकरणका कार्य गर्न हातेमालो गर्न जरुरी छ।

टुवराज पोखरेल
प्रमुख जिल्ला अधिकारी, दोलखा

जिल्ला शैक्षिक तथा आर्थिक रूपमा साथै चेतनाको हिसाबले अगाडि भए तापनि बलात्कार र बलात्कार प्रयासका घटनाको सङ्ख्या हेर्दा असभ्यता देखिन्छ। इन्सेक लगायत सरोकारवाला संस्था र सरकारी निकायले सचेतीकरण र कानुनका बारेमा छलफल बढाउन आवश्यक देखिन्छ। इन्सेकले मानव अधिकारका घटनाको सङ्कलित सँगालोले देशको र जिल्लाको मानव अधिकारको अवस्था चित्रण गरेको मात्र छैन घटना न्यूनीकरणका कार्यक्रम सञ्चालनका लागि सहयोग पुगेको महसुस गरेको छु।

चिरञ्जिवी मास्के
सदस्य, प्रेस काउन्सिल नेपाल

मानव अधिकार संरक्षणमा सरकारी निकाय उदासीन भएमा नागरिक समाजका संस्थाहरूले पहलकदमी गर्दै आम नागरिकले मानव अधिकारको उपयोग गर्न पाउने वातावरण बनाउन नेपाल बार सधैं सँगै रहेको र जिल्लाको कुनाकन्दरामा भएका मानव अधिकार उल्लङ्घनका घटनासमेत समेट्न आग्रह गर्दछु ।

देवराम बुढाथोकी
अधिवक्ता, दोलखा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका कारण खोजी गरी न्यूनीकरणका लागि तीन ओटै तहका सरकारले र अन्य सरोकारवाला पक्षले नागरिक सचेतना आवश्यक छ। घटनाका दोषीलाई कडा कारबाही गरी मानव अधिकारमैत्री समाज निर्माणमा सबैको हातेमालो आवश्यक छ।

सिर्जना कार्की
महिला अधिकारकर्मी, दोलखा

इन्सेकद्वारा प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था प्रस्तुत गर्ने गरेको छ। सबै नागरिक सम्मानित, स्वतन्त्र र मर्यादित रूपमा बाँच्न पाउनु मात्रै नभई स्वच्छ वातावरणमा बस्न पाउनु, विकासको अधिकार

अनुभूति गर्न पनि मानव अधिकार भएको समेत पुस्तकमा उक्त कुरा उल्लेख भएको पाइएको छ।

भूपेन्द्रबहादुर थिङ,
अध्यक्ष, नेपाल बार एकाइ, सिन्धुपाल्चोक

मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटनाहरू एकै सँगालोमा समेटेर प्रकाशन गर्नुले राज्यलाई जवाफदेही बनाउन मद्दत गरेको छ। यसमा समेटिएका विगतमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरू तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। जसबाट मानव अधिकारको उल्लङ्घनकर्तालाई नैतिक दबाब परेको महसुस भएको छ। यस्ता घटनाहरू सार्वजनिक गरेर पीडितहरूलाई न्याय, दोषीलाई कानुनी कारबाही र घटनाहरूको न्यूनीकरण हुने विश्वास लिएको छु।

अशोककुमार घिमिरे
प्रमुख, जिल्ला समन्वय समिति, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनाका पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्नमात्र नभई आम नागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामी दिनमा समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने आजको आवश्यकता देखिन्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा रहेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनामा न्यून गर्न उल्लेख्य भूमिका खेल्न सकेको छ।

बाबुलाल तामाङ
सभापति, नेपाल रेडक्रस सोसाइटी, रसुवा

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालभरको मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाहरूबारे जानकारी दिन्छ। यो निकै राम्रो दस्तावेज हो। जसले गर्दा जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्य योजना बनाउन मद्दत गर्दछ। त्यसैले यो पुस्तकलाई सरोकारवाला सहित सबैको पहुँच योग्य बनाउनु पर्दछ। मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्धन गर्न वर्ष पुस्तकाले महत्वपूर्ण भूमिका खेल्नेछ।

प्रकाशचन्द्र अधिकारी
प्रमुख जिल्ला अधिकारी, रसुवा

मानव अधिकार र सामाजिक न्यायका निम्ति २ दशक भन्दा लामो यात्रामा अनवरत लागेको इन्सेकद्वारा सन् २०२३ मा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक प्राप्त गरी अध्ययन गरेँ। सबै समेटिएका घटनाहरू अध्ययन गर्न पाउँदा खुशी लाग्यो। पुस्तकले आम नागरिकलाई मानव अधिकारको सूचना दिने निकै राम्रो काम हो।

ज्ञानेन्द्रनाथ न्यौपाने,
अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

देशभरका मानव अधिकार विरोधी घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश भएको छ। मानव अधिकार उल्लङ्घनका घटना जनतामाझ ल्याएको छ। पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्ने छन्। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोको रूपमा सङ्ग्रहित छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घनका घटनामा न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ।

विश्वास नेपाली
कोषाध्यक्ष, मानव अधिकार तथा
सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग पारेको छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। यो पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको छ। नियमित रूपमा वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने अनुसन्धान गर्नेलाई पनि महत्वपूर्ण दस्तावेज सावित भएको छ।

दीपक लामा
अध्यक्ष, रेडियो रसुवा १०२.१ मेगाहर्ज धुन्चे, रसुवा

वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको अवस्था छर्लङ्ग छ। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ।

प्रवेश परियार
मानव अधिकार सञ्जाल, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ पढ्न पाइयो। वर्षभरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू समेटेर प्रकाशित हुने पुस्तकले मुलुकको अवस्था छर्लङ्ग परेको छ। पुस्तक प्रकाशनले मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा न्युनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो जस्तो लाग्छ। बढ्दै गएको आत्महत्या, कुटपिट, विपत, दुर्घटनाबाट मानव मृत्यु हुने अन्य घटनाको पनि तथ्याङ्क विश्लेषण गर्न आवश्यक छ।

रीतमान वाइवा
कोषाध्यक्ष, गैसस महासङ्घ, रसुवा

मानव अधिकारसँगै कर्तव्य पनि हुन्छन्। मानव अधिकार पूरा गर्नु राज्यको दायित्व हो। सरकारलाई मानव अधिकारप्रति प्रतिवद्ध बनाएर संरक्षकको रूपमा लाग्ने बनाउन वर्ष पुस्तकले भूमिका खेलेको छ।

कूलमान विश्वकर्मा
उपप्रमुख, जिल्ला समन्वय समिति, धादिङ

इन्सेकले प्रकाशन गरिरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकमा अघिल्ला वर्षका घटना न्यूनीकरणका लागि दिएका सुझावहरू कति कार्यान्वयन हुन सके, पीडितले न्याय पाएनपाएको सम्बन्धमा समीक्षा हुनुपर्ने देखिन्छ।

कृष्णराज अधिकारी
अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठन, धादिङ

अपाङ्गता, दलित, महिला जस्ता पीडितले न्याय पाउन सकेको छैन। सरकारले दिने छुट समेत अपाङ्गता भएकाले पाएका छैनन्। वर्ष पुस्तकमा यस्ता विषय उल्लेख गरिनु पर्छ।

दुर्गाप्रसाद थपलिया
अपाङ्ग कल्याण सङ्घ, धादिङ

विशेष गरी महिला, अपाङ्गता, जो पीडित छ त्यस्ता व्यक्तिहरूको सहयोग र सुरक्षामा सरकारी निकायको पाटोहरू समावेश गरी वर्ष पुस्तक प्रकाशन होस्।

कृष्णकुमार श्रेष्ठ
शाखा अधिकृत तथा सूचना अधिकारी, शिक्षा विकास तथा समन्वय इकाई, धादिङ

पुस्तकको पूर्व समीक्षासँगै प्रकाशित पुस्तकमा समेटिएका घटनाहरूको पनि समीक्षा गरौँ। मानव अधिकार आयोग, सरकार तथा सरोकारवाला निकायको मानव अधिकारका तमाम घटना र सवालमा के गर्न सके वा प्रगति के भयो भन्ने बारे वर्ष पुस्तकमा समावेश गर्न सके अझै राम्रो हुने थियो।

राजाराम शर्मा
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, धादिङ

शिक्षा र स्वास्थ्य अपाङ्गता भएका र दलितका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले आवाज उठाओस भन्न चाहन्छु।

गर्भेबहादुर मिजार
अध्यक्ष, बौद्धिक अपाङ्गता अभिभावक सङ्घ, धादिङ

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्थालाई नियाल्ने आँखीझ्याल नै हो। वर्ष पुस्तकमा महिलामाथि हुने हिंसा, बलात्कारका घटनाहरूको विवरण, मानव अधिकार उल्लङ्घनको अवस्था, शिक्षा, बाल अधिकार, महिला अधिकारलगायत विषयहरू समेटिएकाले नेपाललाई मानव अधिकारको आँखाबाट हेर्न चाहनेका लागि एउटा दरिलो खुराक बन्न पुगेको छ।

लोचन भट्टराई
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, नुवाकोट

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थालाई छर्लङ्ग पार्दछ। मानव अधिकारको विषयहरूमा थप फराकिलो बनाउन आवश्यक छ। अधिकारवादीहरूले पीडित पक्षको मनोबल बढाउन सहयोग गर्नु पर्ने र पीडितको संरक्षण हुनेगरी अभियान चलाउन आवश्यक छ। त्यसका सकारात्मक पाटोलाई पनि वर्ष पुस्तकमा समेट्नु पर्दछ।

कृष्णबहादुर ओली
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, नुवाकोट

नेपालको मानव अधिकार आन्दोलनलाई अगाडि बढाउन मानव अधिकार वर्ष पुस्तकको योगदान महत्वपूर्ण रहेको देखिन्छ। वर्ष पुस्तकमा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको काम कारबाहीका विषयमा मात्र नभएर स्थानीय तह र स्थानीय सरकारका विषयलाई पनि समेट्न सकेमा अझै राम्रो हुने थियो।

दीपककुमार गौतम
प्रमुख, जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक

वर्ष पुस्तकमा अपराधका घटनालाई मात्र प्राथमिकता नदिएर अपराध रोकथाम र न्यूनीकरणका

सवालमा विश्लेषणसहितका आलेखलाई समेट्न सकेमा अति उपयोगी हुने देखिन्छ।

भाग्येन्द्र पुरुष ढकाल
एसपी, जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोक

स्थानीय तहको मानव अधिकार अवस्थालाई वर्ष पुस्तकमा प्रस्तुत गरेमा मानव अधिकारको अवस्थालाई सजिलै बुझ्न सकिन्थ्यो। नेपालले गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुसार मानव अधिकारमा राज्यले गरेको प्रगतिका बारेमा वर्ष पुस्तकमा उल्लेख हुनुपर्छ।

गीता बञ्जारा
उपप्रमुख, पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

मानव अधिकार वर्ष पुस्तक समग्रमा देशको मानव अधिकारको अवस्था झल्काउने ऐना सरह छ। वर्ष पुस्तक २०२३ ले नागरिकको अधिकार रक्षाका सवालहरूलाई सशक्त रूपमा उठाएको छ। विभिन्न अधिकारहरूलाई संस्थागत गर्ने राज्यको विधि निर्माण गर्ने व्यवस्था वा प्रक्रियाका रूपमा हुने निर्वाचन सम्पन्न हुने क्रममा भएका घटनाहरूलाई तथ्य र प्रवृत्तिका कोणबाट चित्रण गरिएको छ। वर्ष पुस्तकले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विविध पक्षहरूलाई उठाउन जोड गरिरहेको छ। हिंसा प्रतिहिंसा, दमन, शोषण वा बलप्रयोगबाट हुने अधिकार उल्लङ्घनका घटनाहरूलाई मात्रै मानव अधिकार उल्लङ्घनको रूपमा लिइने परिभाषालाई अझ बृहत् बनाएर अधिकार उल्लङ्घनका अवस्थाहरू निर्माण हुनुलाई पनि अभिलेखीकरण गर्नेतर्फ जोड दिनु आवश्यक छ। नागरिक तथा राजनीतिक अधिकार प्राप्तिको अवस्था र नागरिकको जीवनस्तर स्तरीयताका कारण अधिकार उल्लङ्घनका प्रकृतिहरू फेरिएका छन्। राज्यको दायित्व फेरिएको छ। दायित्वविमुख भएको राज्य पक्षलाई झक्झक्याउने काममा नेपाल मानव अधिकार वर्ष पुस्तकले अझ बृहत दायरा बनाउन आवश्यक छ। राज्यको कमजोरी र लापरवाहीका कारण मानव अधिकार उल्लङ्घनका अप्रत्यक्ष घटनाहरूमा समेत सशक्त खबरदारी गर्दै नागरिकलाई अधिकारसम्पन्न गराउनेतर्फ वर्ष पुस्तकले भूमिका खेल्न सक्नेछ।

अमृतनाथ तिमल्सिना
केन्द्रीय सदस्य
नेकपा (एकीकृत समाजवादी), ललितपुर

वर्ष पुस्तकले नेपालमा मानव अधिकारको अवस्थाको बारेमा जानकारी दिने आधिकारिक दस्तावेजको रूपमा काम गरेको छ। यस पुस्तकले मानव अधिकारको संरक्षण गर्न सरकारलाई जिम्मेवार समेत बनाएको छ। तथ्य परक सूचना प्रकाशनले न्याय सम्पादनमा समेत सहज बनाउँदै आएको छ।

मञ्जु देवकोटा
उपप्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको दस्तावेजका रूपमा हरेक वर्ष प्रकाशन हुँदै आएको छ। लोकतन्त्र, महिला अधिकार र मानव अधिकारसम्बन्धी दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको यो पुस्तकले महिला, बालबालिकामाथि भएका हिंसालाई तथ्य र तथ्याङ्कका रूपमा उजागर गरी सबैलाई मानव अधिकारको अवस्थाको बारेमा सचेत र राज्यका निकायलाई जिम्मेवार बनाउँदै आएको छ। यो पुस्तक महिला तथा बालबालिकाविरुद्ध हुने हिंसाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न, मौलिक हक तथा मानव अधिकारलाई सुनिश्चित गर्न र राज्यलाई जिम्मेवार बनाउन सहयोगी बन्ने छ।

पार्वती सुनुवार
अध्यक्ष, फिक्कल गाउँपालिका, सिन्धुली

इन्सेकले मानव अधिकारको उल्लङ्घनका घटनाहरूको सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, सम्बन्धित पक्षलाई खबरदारी गर्ने कार्य सकारात्मक छ। सरकारी, गैरसरकारी संस्थाहरू, अनुसन्धाकर्ताहरू सबैको लागि यो एउटा आधिकारीक स्रोत पुस्तकका रूपमा समेत विकास भएको छ। राज्यका जिम्मेवार निकायलाई खबरदारी, निगरानी गर्दै मानव अधिकारको वास्तविक अवस्थालाई प्रतिवेदनका रूपमा उजागर गर्ने र न्याय निरूपणमा प्रमाणको समेत काम गर्ने इन्सेकको कामलाई प्रशंसा योग्य मान्नुपर्छ। अतः यस संस्थाले आफ्नो कार्यलाई निरन्तरता दिइ अझ परिस्कृत र विश्लेषणसहित मानव अधिकारका सबै पक्षलाई समेट्नु पर्छ।

खेटराज अधिकारी
अध्यक्ष, गैर सरकारी संस्था महासङ्घ, सिन्धुली

नेपाल अधिकार वर्ष पुस्तकमार्फत मुलुकभित्रका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विभिन्न घटनाहरूको दस्तावेजीकरण र अभिलेखीकरणसम्बन्धी

महत्वपूर्ण कार्य गर्दै आएको छ। मानव अधिकारको दस्तावेजीकरण तथा अभिलेखीकरणको माध्यमबाट मानव अधिकार हनन्को तथ्य, तथ्याङ्क तथा विवरणहरूलाई सङ्कलन, संरक्षण र साझा गरिँदै आएको छ। यसले मानव अधिकार उल्लङ्घनबाट भएका क्षति तथा हानि नोक्सानीहरूका विरुद्ध समाधान खोज्ने, मानव अधिकार उल्लङ्घनका दोषीहरूलाई जबाफदेही बनाउने, विगतको अवस्थालाई वर्तमान र भविष्यका लागि सुरक्षित राख्न उल्लेखनीय भूमिका खेल्ने विश्वास लिएको छु।

उपेन्द्रकुमार पोखरेल
प्रमुख, कमलामाई नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कलगायत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा भूमिका खेलेको पाइन्छ। प्रकाशित सामग्रीले मानव अधिकारको सूक्ष्म विश्लेषण गर्न सघाउ पुऱ्याउने तरिकाले काम गरेको छ।

दिनेश अधिकारी
प्रमुख, दुधौली नगरपालिका, दुधौली
बजार, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले हरेक वर्ष विभिन्न निकायले मानव अधिकारका क्षेत्रमा निर्वाह गरेका भूमिका जस्ताको तस्तै पस्कने काम गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ ले बितेको वर्ष अर्थात सन् २०२२ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धनमा देखाएका चासो तथा भूमिकाको विश्लेषणात्मक प्रस्तुति समेटेको पाइएको छ। जसका कारण सातै प्रदेशको प्रतिनिधित्व हुने गरी आर्थिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक अधिकारसम्बन्धी आलेखहरू प्रकाशित हुँदै आइरहेको छ। साथै, जिल्लागत घटनाको प्रवृत्ति र सङ्ख्या तथ्याङ्कमा समावेश गरिएको छ। त्यसैले यो वर्ष पुस्तकले आवाजविहीन जनजातिका हक अधिकारका विषयवस्तु समेट्नु पर्ने देखिन्छ।

विमर्श मोक्तान
अध्यक्ष, मरिण गाउँपालिका, कपिलाकोट,
सिन्धुली

महिला विरुद्ध हुने विभेद, हिंसा र बहिष्कारले मानव मर्यादा समानता, सम्मान र सिद्धान्तहरूको उल्लङ्घन गरेको देखिन्छ। लैङ्गिकताका आधारमा गरिने राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक सुरक्षा र आत्मसम्मानपूर्वक जीवन जीउन पाउने अधिकारलाई राज्यले सुनिश्चता गर्नुपर्ने देखिन्छ।

दीपा बोहोरा (दाहाल)
अध्यक्ष, सुनकोशी गाउँपालिका, रामटार, सिन्धुली

नेपालको संविधान निर्माणपछि दोश्रोपटक भएका तीनै तहका निर्वाचनपश्चात संविधान र सङ्घीयता कार्यान्वयनको प्रतिबद्धता र अभ्यासबीच तादात्म्य देखिएको छैन। प्रमुख राजनीतिक दलहरू सँगसँगै कार्यपालिका, व्यवस्थापिका र न्यायालयका कामकारबाहीले जनमानसमा शङ्का उत्पन्न भएको छ। संविधान निर्माण भएपश्चातका निर्वाचनहरूको सफलतासँगै देखिएको आमनागरिकको उत्साह राज्यका तीनओटै अङ्गका विवादास्पद क्रियाकलाप र प्रमुख दलहरूको अर्कमण्यताका कारण सिथिल हुन पुगेको छ। यस्ता विषयलाई वर्ष पुस्तकमा प्राथमिकता दिनु उत्तम हुन्छ।

जगतबहादुर भोलन
अध्यक्ष, घ्याङ्लेख गाउँपालिका, बस्तीपुर सिन्धुली

इन्सेकले देशभर गरिएको मानव अधिकार अनुगमनबाट प्राप्त तथ्य र तथ्याङ्क वर्ष पुस्तकको उद्देश्य सूचनाको मुख्य स्रोत रहेको पाइन्छ। यो स्रोत अध्येता र विकासका साझेदार सबैलाई उपयोगी हुन्छ। यसैलाई आधार मानेर मानव अधिकारमैत्री विकासका योजना बनाउन सकिन्छ।

कर्णबहादुर मगर
अध्यक्ष, तीनपाटन गाउँपालिका, लाम्पनटार, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिका यस पुस्तकमा समावेश गरिएको पाइन्छ। प्रकाशित सामग्रीले मानव अधिकारको सुक्ष्म ढङ्गले विश्लेषण गर्न सघाउ पुऱ्याउँछ।

बर्जध्वज वाइवा
अध्यक्ष, हरिहरपुरगढी गाउँपालिका,
झनझने, सिन्धुली

विस्तृत शान्ति सम्झौताको १८ वर्षसम्म पनि हिंसा पीडितहरू न्यायबाट वञ्चित रहेका छन्। पीडकलाई जबाफदेही बनाउने वा पीडितले विधिसम्मत

रूपमा क्षमादान दिने इच्छा व्यक्त गरेको अवस्थामा जबाफदेही बनाउने सम्भावित प्रकृयाहरूका विषयमा सार्वजनिक छलफल नभएका होइनन्। तर, यस वर्षको अन्त्यसम्म सङ्क्रमणकालीन न्यायको कार्यभार पूरा गर्न बनाइएका सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमार्फत सार्थक परिणाम हुन सकेको छैन। न्याय र परिपूरणका माध्यमले शान्ति प्रकृयालाई पूरा नगरिएकै कारण लोकतन्त्रको संस्थागत विकास हुनुपर्ने राज्यका संवैधानिक तथा अन्य महत्वपूर्ण निकायहरू झन्झन् कमजोर बन्दै गएको र संस्थागत सुधारको मार्ग प्रशस्त हुन सकेको अवस्था देखिदैन। यो विषयमा वर्ष पुस्तकले गरेको खबरदारी सरोकारवालाका लागि दबाब पनि हो।

रूद्रबहादुर खड्का

प्रधान सम्पादक, स्वाधीन खबरपत्रिका, सिन्धुली

इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेर वर्ष पुस्तक तयार गरिनु सराहनीय कुरा हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना इन्सेकको वर्ष पुस्तकमा प्रकाशन हुँदै आएकाले यस वर्ष पुस्तकको विश्वासनीयता देश प्रदेशको साथै अन्तर्राष्ट्रियस्तरको लागि सुखद् पक्ष हो।

ध्रुवप्रसाद चौलागाई

पूर्व अध्यक्ष, पुनरावेदन अदालत बार एशोसिएसन, हेटौँडा

इन्सेकले विगतका वर्ष भन्दा अझ बढी सत्य र तथ्यका आधारमा वर्ष पुस्तक प्रकाशन गर्ने प्रयास गरेको छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्ष कार्य सम्पादन गरी नागरिकलाई सही सूचना प्रवाह हुनु पर्दछ।

सिताराम रिजाल

एसपी, जिल्ला प्रहरी कार्यालय, मकवानपुर

सरकारी र गैर सरकारी सबै वर्ग क्षेत्रको सरोकारका विषयका रूपमा मानव अधिकाररहेको हुन्छ। वर्ष पुस्तकमार्फत यथार्थ विवरण आउँदा नीति निर्माणमा सहयोग पुग्छ।

प्रताप विष्ट

पत्रकार, मकवानपुर

कतिपय जिल्लामा प्रशासकको रूपमा काम गर्दा इन्सेकका प्रतिनिधिहरूसँग मिलेर काम गरेको अनुभव पनि छ। इन्सेकले अभिलेख गर्ने मानव अधिकारसम्बन्धी घटनाले राज्यलाई घच्घच्याउने गर्दछ। मानवको सम्मानपूर्वक बाँच्न पाउने वतावरणको निर्माणका लागि राज्य र त्यसका संयन्त्रहरूलाई मार्गदर्शन गर्न पुस्तकले राम्रो भूमिका खेलेको ठान्दछु।

सूर्यप्रसाद सेढाई

प्रमुख जिल्ला अधिकारी, मकवानपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनकर्ता र राज्यलाई जिम्मेवार बनाउन र मानव अधिकार सूचनामा महत्वपूर्ण भूमिका खेलेको छ। वर्ष पुस्तकले स्थानीय सरकारको मानव अधिकार कार्ययोजना बनाउन सहयोग पुऱ्याओस्।

ललित घलान

प्रमुख, जिल्ला समन्वय समिति, मकवानपुर

मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गरी प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेज हो। जसले हाम्रो देशको मानव अधिकारको समग्र अवस्थालाई दर्शाउने गर्दछ। दण्डहीनता अन्त्य र कानुनी राज्य स्थापनाको लागि इन्सेकले गरेको यो कार्य महत्वपूर्ण रहेको छ। मानव अधिकार संरक्षण र संवर्द्धनको सवालमा सरोकारवालाहरूलाई संवेदनशील बनाउनको लागि यस कार्यले अहम भूमिका निर्वाह गर्दछ भन्ने आशा गरेको छु।

अधिवक्ता अप्सरा बस्नेत

अध्यक्ष, मकवानपुर जिल्ला बार एशोसिएसन

न्यायमा पहुँच नभएका निमुखा, गरिब र असहायहरूको न्याय प्रवर्धनका लागि सरकारका निकायले गरिरहेका प्रयासलाई सघाउन नेपाल मानव अधिकार वर्ष पुस्तकले राम्रो काम गरेको छ। सदरमुकाम र सुविधायुक्त ठाउँका सेवाग्राहीहरूले न्यायिक निकायमा जाने अनि तिनै घटनाहरूको मात्र जानकारी आउने गरेको अवस्थामा कुनाकन्दरामा लुकेका घटनाहरू वर्ष पुस्तकमा समावेश गर्ने संयन्त्रको विकास गर्नु जरूरी छ।

मीना लामा

मेयर, हेटौँडा उपमहानगरपालिका

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा उल्लेखीय भूमिका निर्वाह गरेको छ। इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकारको अवस्था झल्काउँछ। हामी

राज्यका जिम्मेवार निकायलाई पनि सचेत हुन र विभिन्न जानकारी लिन यस पुस्तकले सहयोग पुऱ्याएको छ। मानव अधिकार उल्लङ्घन घटनाको अभिलेखको रूपमा मैले यस पुस्तकलाई लिने गरेको छु।

विजयराज पण्डित

डिएसपी तथा प्रवक्ता, जिल्ला प्रहरी कार्यालय, चितवन

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका विषयमा कुनै पूर्वाग्रह नराखी अभिलेखिकरण हुने गरेकाले यसको विश्वसनीयता निरन्तर उकालो लागेको मैले महसुस भएको छ। मानव अधिकार उल्लङ्घन घटनाका प्रतिवेदनहरू सूचनाको स्रोतका रूपमा लिने गरेको छु।

कमलप्रसाद आचार्य

कारागार प्रमुख, भरतपुर, चितवन

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजको रूपमा रहेको पाइन्छ। कठिन समयमा पनि मानव अधिकार उल्लङ्घनका घटनालाई यथार्थ चित्रण गरी मानव अधिकार पुस्तकमा समावेश गर्ने काम सराहनीय छ। देशभित्र भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन हुने भएकाले इन्सेकले वार्षिक रूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकलाई चासोको साथ हेरिन्छ।

भूपेन्द्र थापा

प्रमुख जिल्ला अधिकारी, चितवन

मानव अधिकार संरक्षण र संवर्द्धनको प्राथमिक दायित्व राज्य र यसका निकायको हो। साथै, मानव अधिकार उपभोगको निगरानी, खबरदारी, पीडितलाई न्यायमा पहुँचको लागि सहजीकरण, मानव अधिकारको अवस्था अनुगमन गरी प्रतिवेदन सार्वजनिक गर्ने, मानव अधिकार शिक्षाको प्रवर्धन गर्ने, मानव अधिकारका सवालहरूमा धारणा सार्वजनिक गर्ने तथा मानव अधिकारको अवस्थाहरूको अभिलख गर्ने कार्य मानव अधिकारको क्षेत्रमा क्रियाशील सङ्घ संस्थाहरूको दायित्व हुन्छ। यस कार्यमा इन्सेकले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

मातृका भट्टराई

प्रदेश सभा सदस्य सिन्धुली, बागमती प्रदेश,

इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी वर्षभर भएका मानव अधिकार उल्लङ्घनका घटनालाई लिपिबद्ध गर्ने काम गरेको छ। जुन सराहनीय छ। नेपालमा अहिले मानव अधिकार उल्लङ्घनका नयाँनयाँ स्वरुप र क्षेत्र विकास हुँदै गइरहेका छन्। सोही अनुरूप इन्सेकले वर्ष पुस्तकलाई थप परिस्कृत र परिमार्जित गराउँदै लैजानु जरुरी छ।

नरेन्द्र ढकाल

उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, गोरखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्न सफल भएको छ। यसको तथ्याङ्कले मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणको योजना बनाउन पनि सघाउ पुग्ने छ। सामाजिक, सांस्कृतिक, आर्थिक विषयवस्तु अझै गहिराइमा गएर विषयवस्तु प्रकाशन गर्न आवश्यक छ।

दिलबहादुर बस्नेत

अध्यक्ष, मानव अधिकार सङ्गठन, गोरखा

मानव अधिकार वर्ष पुस्तकले वर्षभरको मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण गरी उजागर गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। यस पुस्तकले मानव अधिकारका अवस्थाको बारेमा जानकारी हासिल गर्न सहयोग पुऱ्याउनुका साथै मानव अधिकारको उल्लङ्घनका घटना न्यूनीकरणमा सचेतना फैलाउन समेत सहयोगी भूमिका खेल्दै आइरहको छ। नेपालको संविधानले प्रत्याभूत गरे बमोजिम मानव अधिकारको संरक्षण र संवर्द्धन गर्नु नेपाल प्रहरीको दायित्व हुन आउँछ। त्यसै अनुसार नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा यस कार्यालय पूर्ण प्रतिवद्ध छ। यस पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नागरिकका कर्तव्य तथा नागरिक शिक्षाका बारेमा समेत समावेश गर्न सकेमा मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा थप टेवा पुग्ने देखिन्छ।

अनुपम श्रेष्ठ

एसपी, जिल्ला प्रहरी कार्यालय, गोरखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सामाजिक न्यायका पक्षमा वकालत गर्नुका साथै नेपालले गरेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र अनुमोदनको निगरानी गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा अलग पहिचान स्थापित गराउन सफल भएको कुरामा दुईमत छैन।

सुरेन्द्रराज काफ्ले

जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, गोरखा

इन्सेकले प्रत्येक वर्ष सत्य तथ्यको अध्ययन गरेर मानव अधिकार वर्ष पुस्तक निकाल्ने गरेको देखिन्छ जुन एकदमै सराहनीय काम हो। मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही गर्न नेपाल प्रहरी सक्षम छ। प्रहरीले मानव अधिकार उल्लङ्घनलाई न्यूनीकरण गर्न शून्य सहनशीलताको सिद्धान्तले काम गरेको छ।

मोहन थापा
एसपी, जिल्ला प्रहरी कार्यालय, कास्की

वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको बारेमा चित्रण गर्ने गर्दछ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका सकल दर्जालाई मानव अधिकार बारे प्रशिक्षण गरेका छौँ। सरकारी तहबाट मानव अधिकार उल्लङ्घनका घटनाहरू भएका छैनन्। हामी मानव अधिकारको विषयमा संवेदनशील छौँ।

बासुदेव घिमिरे
प्रमुख जिल्ला अधिकारी, कास्की

विगतमा भन्दा २०२३ को वर्ष पुस्तकले सामाजिक सांस्कृतिक एवम् आर्थिक विषयवस्तुहरूलाई जोडेर अनुसन्धानात्मक प्रतिवेदन तयार गरी प्रकाशन गरेको छ। यस्तो कार्यले विभिन्न विधागत भिन्नता भएका क्षेत्र समुदाय भाषा, भाषिक समुदायहरूलाई अध्ययन तथा अनुसन्धान गर्न एक अर्का वर्गमा सूचना सम्प्रेषण गर्न सहयोग पुऱ्याएको छ। यसले गर्दा बहुसांस्कृतिक नेपाली समाजमा सकारात्मक प्रभाव छाड्ने विश्वास गर्न सकिन्छ।

अधिवक्ता गिरधारी सुवेदी
उपाध्यक्ष, उच्च अदालत बार एशोसियसन, पोखरा

मानव अधिकार वर्ष पुस्तकले कानुनको बारेमा नागरिकलाई जानकारी गराउनुपर्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी हुनुअघि नै सरकारले मानव अधिकारको संरक्षणको लागि काम गरेको थियो।

कमलराज भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ

इन्सेकले मानव अधिकारको संरक्षण र संवर्द्धनमा राज्यलाई सहयोग गर्दै आएको छ। मानवअधिकार वर्ष पुस्तकले पनि यो कार्यमा सहयोग गर्दै आएको छ। मानव अधिकारको घटना राज्यसँग सम्बन्धित हुने भएकोले प्रहरीले मानव अधिकार हननका घटनामा शून्य सहनशीलताको नीति लिएको छ। मानव अधिकारको संरक्षण र संवर्द्धनका लागि प्रहरीले विभिन्न स्थानमा सचेतनाको कार्यक्रम गर्दै आइरहेको छ। मानव अधिकारको मुख्य संरक्षक भएको भन्दै मानव अधिकार र मौलिक हकमा समावेश भएका अधिकारहरू नागरिकलाई उपलब्ध गराउनु राज्यको मुख्य दायित्व हो। मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटनाको बारेमा मात्र नभई मानव अधिकार र मौलिक हकका बारेमा पनि नागरिकलाई जानकारी गराउनुपर्छ।

मोहनबहादुर खाँण
एसपी, जिल्ला प्रहरी कार्यालय, तनहुँ

मानव अधिकारको संरक्षणमा इन्सेक र मानव अधिकार वर्ष पुस्तकले ठूलो योगदान पुऱ्याएको महसुस गरेको छु। मानव अधिकार वर्ष पुस्तकले जनतालाई मानव अधिकारप्रति सचेतना जगाउने सवालमा काम गरिरहेको छ।

हरिप्रसाद वाग्ले
प्रवक्ता, नेपाली कांग्रेस जिल्ला कार्य समिति, तनहुँ

मानव अधिकारको विषयलाई इन्सेक र मानव अधिकार वर्ष पुस्तकलले राम्रोसँग उठान गरेको छ। इन्सेकले उपलब्ध गराएको तथ्याङ्क सहितको प्रतिवेदनले राजनीतिक पार्टीलाई पनि आफ्नो बैठकहरूमा छलफल गर्ने आधार हुने गरेको छ। वर्ष पुस्तकको माध्यमबाट जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा प्रष्ट हुन्छ।

राजेश्वर ढकाल
सचिव, नेकपा एमाले जिल्ला कमिटी, तनहुँ

मानव अधिकार वर्ष पुस्तकले समग्रमा देशको मानव अधिकारको अवस्थाको बारेमा यथार्थ जानकारी दिन्छ। यो पुस्तक सबैको लागि संग्रहनीय र उपयोगी पनि छ। शिक्षा, स्वास्थ्य र खाद्यका विषयलाई पनि मानवअधिकार वर्ष पुस्तकमा समावेश गर्नु पर्छ। अदालतमा विचाराधीन मुद्दाको विषय मानव अधिकार वर्ष पुस्तकमा राख्नु हुँदैन।

सरीता भण्डारी
संयोजक, नेपाल बार एसोसियशन मानव अधिकार तथा जनसरोकार समिति तनहुँ

नेपाल मानव अधिकार वर्ष पुस्तकले समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गर्दै दण्डहीनताको अन्त्य गर्न

सहयोग पुऱ्याई रहेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दा राज्यपक्षबाट भएका घटनाहरू मात्रै नभइ अन्यपक्ष वा समूह/व्यक्तिबाट हुने जबरजस्ती चन्दा असुली जस्ता कसैको इच्छा विपरित गैरकानुनी कार्य गर्न बाध्य बनाउने जस्ता घटनाहरूसमेत पुस्तकमा समेट्न आग्रह गर्दछु। साथै मानव अधिकार साथसाथै मानव कर्तव्य र जिम्मेवारीसम्बन्धी आम जनतालाई सचेत गराउन सके समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटनाहरूमा कमी आउने थियो कि भन्ने सुझाव छ।

लक्ष्मण ढकाल

प्रमुख जिल्ला अधिकारी, म्याग्दी

नेपालको ७७ औटै जिल्लामा भएका वर्षभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू एउटै पुस्तकमा हेर्न पाउनु निकै राम्रो हो। आगामी दिनमा इन्सेकले सबै क्षेत्रका अधिकार अनि कर्तव्यका बारेमा पनि थप्दै जान सक्नु पर्छ।

बालकृष्ण सुवेदी

उपाध्यक्ष, नेकपा एमाले, म्याग्दी

इन्सेकले प्रकाशन गर्दै आइरहेको मानव अधिकार वर्ष पुस्तक उपयोगी छ। हामी न्याय क्षेत्रमा काम गर्नेहरूका लागि नेपाली वर्ष अनुसार पुस्तक प्रकाशन हुन सक्ने हो भने जिल्लागत तथ्याङ्क अद्यावधिक गर्न सहज हुने थियो।

राजु ढुङ्गाना

सेष्तेदार पर्वत जिल्ला अदालत

इन्सेकले वर्ष पुस्तकमा जातीय विभेदका कुराहरूलाई अझै दूरदराजमा पुगेर मानव अधिकार उल्लङ्घनका विषयका रूपमा उठान गर्ने हो भने बहसको विषय बन्थ्यो र जातीय विभेदजन्य घटनाहरू न्यूनीकरण हुने थिए।

विष्णुराम विक

प्रमुख, जिल्ला समन्वय समिति, पर्वत

वर्ष पुस्तक उपयोगी छ। विशेषगरी न्यायिक तथा अर्धन्यायिक निकायमा यी पुस्तक दस्तावेजका रूपमा राखेर जुनसुकै बेला पनि प्रयोग गर्न सकिने छ।

खुमलाल भुसाल

डिएसपी, जिल्ला प्रहरी कार्यालय पर्वत

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालको मानव अधिकारको अवस्थालाई प्रतिनिधित्व गर्ने गतिलो दस्तावेज प्रकाशन गरी मानव अधिकार संरक्षण र संवर्द्धनमा सराहनीय कार्य हुँदै आएको छ।

सन्जय राउत

एसपी, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा

राज्य पक्ष र अन्य पक्षलाई जवाफदेही बनाउने कार्यमा अन्यायमा परेका सीमान्तीकृत नागरिक र पीडितको पक्षमा निष्पक्ष आवाज बुलन्द गर्दै सामाजिक न्याय स्थापित गर्ने कार्यमा इन्सेकले वर्षपुस्तकमार्फत महत्वपूर्ण भुमिका निर्वाह गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गरेको छ।

विश्व पौडेल

अध्यक्ष, आँधिखोला गाउँपालिका

मानव अधिकार वर्ष पुस्तकले आम नागरिकको मन जित्न सक्नु पर्छ। हरेक जिल्लामा घटनाको सत्यतथ्य सम्बन्धमा छलफल भई सरोकारवालाबाट लिएका सल्लाह अनि सुझावसहित पुस्तकको अन्तिम रूप दिने हुँदा यसले सबैको स्वीकारोक्ति पनि लिएको मान्न सकिन्छ।

जनकराज पन्त

प्रमुख जिल्ला अधिकारी, मुस्ताङ

भौगोलिक रूपमा विकट रहेका जिल्लाका सबै घटना सङ्कलन गर्न इन्सेकले स्थानीय तहसँग समन्वय गर्नुपर्दछ। आर्थिक अवस्था कमजोर भएका कतिपय पीडितले हिंसा सहेर बसेका छन्। त्यस्ता पीडितलाई कानुनी प्रक्रियामा जान इन्सेकले सहयोग गर्नुपर्छ। आगामी दिनमा उजुरी दिन नसक्ने पीडितलाई न्यायालयसम्म पुग्ने वातावरण इन्सेकले बनाउनु पर्दछ। न्यायालयसम्म नपुगेका घटनाका विषयमा इन्सेकले अध्ययन गरी पुस्तकमा समावेश गर्नुपर्दछ।

दिलकुमार बर्देवा

जिल्ला न्यायाधीश, मुगु

इन्सेकले मानव अधिकारका क्षेत्रमा विश्वास योग्य कामगर्दै आएको छ। अरु मानव अधिकार संस्था भन्दा इन्सेकले फरक तरिकाले काम गरेको पाएको छु। अन्य जिल्लाको तुलनामा यो वर्ष मुगुमा कम घटना अभिलेख भएको पाइयो। आउने वर्षमा मुगु जिल्लामा मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटना खोजी गरेर राख्न अनुरोध गर्दछु।

टोपेन्द्रबहादुर केसी

प्रमुख जिल्ला अधिकारी, मुगु

ग्रामीण भेगमा भएका घटनालाई पुस्तकमा उजागर गर्न र इन्सेकले पीडितलाई न्यायको पहल गर्न सहयोग गर्नु पर्दछ। प्रहरी कार्यालयमा उजुरी नपर्नुका कारण अशिक्षा, भौगोलिक विकटता र राजनीतिक दबाव रहेका छन्। यस्ता सवाल पनि पुस्तकमा समावेश गरिनु पर्दछ।

भुपेन्द्र बुढाथोकी

इन्स्पेक्टर, जिल्ला प्रहरी कार्यलय, मुगु

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाहरूको सुक्ष्म खोज तथा अनुसन्धान गरी तथ्याङ्कसहित पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार संरक्षण र संवर्द्धन गर्न तथा सचेतना जगाउने कार्यमा वर्ष पुस्तक प्रकाशन कोशेढुङ्गा सावित हुने विश्वास लिएको छु।

विनोद पोखरेल

प्रमुख जिल्ला अधिकारी, हुम्ला

नेपाल मानव अधिकार वर्ष पुस्तकबाट पत्रकारहरूले देशमा भएका मानव अधिकार हनन्का घटनाहरूका बारेमा जानकारी लिन सहयोग पुग्ने गरेको छ। हाल जति घटना सङ्कलन भएका छन् ती आफैंमा पूर्ण र अन्तिम होइनन्।

राजन रावत

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, हुम्ला

घरेलु हिंसा, सम्बन्ध विच्छेद बलात्कार, यौन दुर्व्यवहारका घटना बढी हुने गरेका छन्। यसमा केही झुठा मुद्दा पनि आउने गरेका छन्। घटना एक मुद्दा अर्कै किसिमका आउने गरेकाले प्रहरीले सुक्ष्म अध्ययन गरेर अगाडि बढाउने गरेको छ। यस्ता घटना अभिलेख गर्दा इन्सेकले सुक्ष्म अध्ययन गर्न आवश्यक छ।

रेणुका राई

न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, जुम्ला

स्वास्थ्यको अधिकार क्षेत्रमा ब्लड बैङ्क पनि पर्छ होला। यो मुद्दालाई वर्ष पुस्तकमा समेट्न आवश्यक छ। ब्लड नभएकै कारण सर्वसाधरण नागरिकले समयमा उपचार पाएका छैनन्। यस्ता सवाल वर्ष पुस्तकले उठाउन आवश्यक छ।

प्रल्हाद कार्की

डिएसपी, जिल्ला प्रहरी कार्यालय, जुम्ला

जुम्लामा अहिले लागु औषधिको बढ्दो बिक्री वितरण र प्रयोगले धेरै कलिला बालबालिकाको शिक्षा र स्वास्थ्यमा निकै असर परेको छ। अहिले जुम्ला कारागारमा ६० प्रतिशत कैदी बन्दी यही लागुऔषध घटनाका छन्। यसलाई राज्यले नियन्त्रण गर्न खोजे पनि निर्मुल हुन सकिरहेको छैन । यसले समग्र रूपमा प्रभाव परेको देखिन्छ। यस्ता विषयलाई पनि पुस्तकमा अभिलेख गर्न आवश्यक छ।

कार्मा बुढा

उपसभापति, नेपाली कांग्रेस, जुम्ला

यस पुस्तकमा दूर दराजमा रहेका घटनाहरू जति समेट्नु पर्ने हो त्यति समेटिएका छैन। यसका लागि इन्सेकले थप मिहिनेत गर्न आवश्यक देखिन्छ। मानव अधिकार संरक्षणमा नागरिक दायित्वका विषयमा पुस्तकमा उल्लेख गर्न आवश्यक देखिन्छ। साथै गम्भीर खालको घटनाको विश्लेषण गरेर वर्ष पुस्तकमा राख्दा राम्रो हुने देखिन्छ।

गणेश नेपाली

प्रमुख जिल्ला अधिकारी, कालिकोट

पुस्तकले मानव अधिकारका सवालमा भएका ज्यादती र मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरी सम्बन्धित निकायको ध्यान केन्द्रित गराउदै मानव अधिकारको संरक्षणमा लाग्न प्रेरित समेत गर्दै आएको छ। यस पुस्तकमा समावेश गरिने घटनाले दोषीलाई सजाय र पीडितलाई न्याय दिलाउने आधार समेत भएको छ। यद्यपि यसमा समावेश हुने तथ्यहरू एकातिर यथार्थपरक र वस्तुनिष्ठ भने हुनुपर्ने देखिन्छ भने अर्कोतर्फ त्यस्ता तथ्यहरूको सत्यापन गरिएको हुनु पर्ने देखिन्छ।

अर्जुन केसी

डिएसपी, जिल्ला प्रहरी कार्यालय, कालिकोट

मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार पालनाको अवस्था, मानव अधिकारको उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको जिल्लागत र विषयगत रूपमा तथ्यहरू समेटिएको देखिन्छ। यसले मानव अधिकार शिक्षाको सचेतना फैलाउने तथा राज्यलाई जिम्मेवार बोध गराउने गरेको छ। सङ्कलित घटनाहरूको तथ्यमा त्यति समस्या छैन तर कुनाकन्दराका सबै घटनाहरू समेट्न नचुकोस्।

बलराम लम्साल

जिल्ला न्यायाधीश, दैलेख

सशस्त्र द्वन्द्वको समयमा राज्य र तत्कालीन विद्रोही पक्षलाई सजग गराउदै नागरिकको बाँच्न पाउने

अधिकार संवर्द्धनमा इन्सेकले उल्लेख्य काम गरेको अहिले पनि प्रशंसा हुने गरेको छ। दैलेखमा बालविवाह, घरेलु हिंसा, जातीय विभेद, बलात्कारका घटनाहरू बर्सेनी बढ्दै गरेको परिप्रेक्ष्यमा स्थानीय सरकारसँगको समन्वयमा मानव अधिकार शिक्षा कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सके अपराध रोकथाममा समेत सहयोग पुग्न सक्थ्यो।

खिमराज भुसाल
प्रमुख जिल्ला अधिकारी, दैलेख

मानव अधिकार तथा सामाजिक न्यायको निम्ति काम गर्दै आएको इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले नागरिकहरूको मानव अधिकार संवर्द्धनमा सहयोग पुग्दै आएको छ मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना सार्वजनिक दण्डहीनता अन्त्य गर्न ठूलो योगदान पुऱ्याउने विश्वास लिएको छु।

किशोर लम्साल
डिएसपी, जिल्ला प्रहरी कार्यालय, दैलेख

दैलेखमा महिलाहरूले घरेलु हिंसा, छाउपडी प्रथा, बहुविवाह, बालविवाहका समस्या भोग्दै आएका छन्। यी विषयमा राज्यका निकाय र स्थानीय सरकारले बेवास्ता गरिहेका छन्। सामाजिक सद्भावका नाममा बलात्कार, जातीय विभेद जस्ता घटनाहरू मेलमिलाप गराउने, लुकाउने काम भइरहेका छन्। यस्ता जटिल सवालमा इन्सेकले गहन अध्ययन गरी वर्ष पुस्तकमार्फत उजागर गर्नुपर्छ।

डिलकुमारी चन्द
अध्यक्ष, गैसस महासङ्घ, दैलेख

जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका घटनासँगै दुर्गम बस्तीमा नागरिकबाट समेत हुने सामान्य घटनाहरू खोजी गरी प्रहरीको सम्पर्कमा ल्याई प्रस्तुत गर्नुपर्छ। अन्य दर्ता हुन नसकेका कानुनी प्रक्रियामा सामेल हुन नसकेका घटनाहरूको खोजी गरी प्रस्तुत गर्नसके सम्बन्धित निकाय तथा व्यक्तिहरूबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउन सक्छ भन्ने अपेक्षा लिएको छु।

सन्तोष रोका
डिएसपी, जिल्ला प्रहरी कार्यालय जाजरकोट

मानव अधिकार उल्लङ्घनका घटना वर्ष पुस्तकमार्फत सार्वजानिक गरी नागरिकलाई सचेत गराउने कार्यमा इन्सेकको सरहानीय भूमिका रहेको छ। आगामी दिनमा यस पुस्तकमार्फत समाजमा लुकिछिपी रहेका मानव अधिकार हनन्सँग सम्बन्धित घटनालाई जस्ताको तस्तै उजागार गरेर मानव अधिकारको सन्दर्भमा महत्वपूर्ण दस्तावेज बन्न सकोस् भन्ने अपेक्षा राख्दछु।

प्रकाशकुमार शाही
अध्यक्ष, नेपाल बार एशोसियसन, जिल्ला अदालत
बार एकाइ, जाजरकोट

मानव अधिकार वर्ष पुस्तकमा बालविवाह, वैदेशिक रोजगारीका नाममा भइरहेको मानव बेचबिखन र ठगी, साइवर अपराध, लागू औषध बेचबिखन, महिला प्रजनन् स्वास्थ्य अधिकार, ज्येष्ठ नागरिकहरूको पारिवारिक र सामाजिक सुरक्षा, दलितका लागि दिइएका शिक्षा, रोजगार र भूमिजस्ता संवैधानिक अधिकार, यौनिक अल्पसङ्ख्यक एवम् अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, बाल श्रम र निकृष्ट बाल श्रम, सामाजिक सेवाहरू प्राप्त गर्ने अधिकार, निःशुल्क र गुणस्तरीय शिक्षा पाउने अधिकार जस्ता विषयमा थप अध्ययन, अभिलेखन र अनुगमन गर्न आवश्यक छ।

राजेन्द्रविक्रम शाह
संयोजक, मानव अधिकार रक्षक सञ्जाल जाजरकोट

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्था चित्रण गरेको हुन्छ। त्यो क्रममा उसले प्रत्येक जिल्लामा आफ्ना संयन्त्रमार्फत घटनास्थलमा आफै उपस्थित भएर विभिन्न सरोकारवालासँग अन्तरक्रिया गरेर तथ्यमा आधारित घटना राख्ने भएकाले हामीले यसलाई आधिकारिक स्रोतका रूपमा लिने गरेका छौं।

शम्भुप्रसाद रेग्मी
प्रमुख जिल्ला अधिकारी, सल्यान

वर्ष पुस्तकमा आमा बुवाको सम्बन्धविच्छेद पश्चात उनीहरूका छोराछोरीको अवस्था कस्तो छ ? बालअधिकारको संरक्षण भएको छ कि छैन्, उनीहरूको अवस्था के छ ? यस्ता विषयमा खोजमूलक सामग्री प्रकाशन गर्न जरुरी छ। यस्ता तथ्याङ्क तथा विवरणले राज्यको नीति निर्माणमा सहयोग पुग्छ।

नारायणप्रसाद चापागाई
स्रेस्तेदार, जिल्ला अदालत, सल्यान

मानव अधिकार अवस्थाको बारेमा राज्यका सरोकारवाला निकायहरूलाई झक्झक्याउने कार्य

पुस्तकले गरेको छ। प्रविधिको विकासले क्षणभरमै संसारभर भएका मानव अधिकार उल्लङ्घनका घटनाका बारेमा हामी जानकार हुन सक्छौं। तर, कर्णाली प्रदेशको विकट भौगोलिक अवस्थितिका कारण मानव अधिकारसँग सम्बन्धित कतिपय घटना बाहिर नआउन सक्छन्। कर्णाली प्रदेशको मानव अधिकारको अवस्थाका बारेमा वर्ष पुस्तक २०२३ ले औँल्याएका विषयहरूले के कति सार्थकता पायो, आशातित कामहरू के कति को कसबाट हुनपर्ने थियो हुन सके सकेनन् ? सोसमेत समावेश गरेर वर्ष पुस्तक २०२४ प्रकाशन हुनेछ भन्ने अपेक्षा गरेको छु।

कृष्णलाल भट्टराई

वरिष्ठतम् न्यायाधीश, उच्च अदालत सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तकले आम नागरिकहरूको मानव अधिकार संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याएको मैले विश्वास गरेको छु। यस पुस्तकमा प्रकाशन हुने विवरणले मुलुकमा मानव अधिकारको अवस्था झल्काउने गरेको छ।

लोकनाथ बास्तोला

प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश

इन्सेकले मानव अधिकार उल्लङ्घनका घटना उजागार गर्नुका साथसाथै समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटना बढनुका कारण पत्ता लगाइ पुस्तकमा समावेश गर्नुपर्दछ। पुस्तकमा समेटिएका घटनाको सुक्ष्म अध्ययन गरी के कारणले घटना भएको हो ? घटना न्यूनीकरणका लागि सरोकारवाला निकायको भूमिका के हुनुपर्छ ? ती विषयमा गहन अध्ययन गरी पुस्तकले समेटनु पर्दछ।

भीम ढकाल

डिआइजी, कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत

पछिल्लो समय साइबर अपराध र महिलामाथि हुने घरेलु हिंसाका घटना बढीमात्रामा बाहिर आउने गरेका छन्। यस्ता घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन प्रशासनले कुनै कसर बाँकी राखेको छैन। यद्यपि विकट गाउँ बस्तीमा अझै पनि चेतनाको अभाव छ। कानुनी ज्ञानको अवस्था पनि त्यस्तै छ। नागरिकलाई सचेतना जगाउन सरकारी तथा गैरसरकारी निकायबाट भएका असल अभ्यासलाई पुस्तकमा समावेश गरिनुपर्दछ।

शंकरहरि आचार्य

प्रमुख जिल्ला अधिकारी, सुर्खेत

नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको दस्तावेजीकरण तथा त्यसको अन्त्यका लागि राज्यले गर्नुपर्ने कार्य इन्सेकले गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेटिएका घटनाहरूले राज्यलाई मानव अधिकारको संरक्षण तथा संवर्द्धनमा थप सहयोग पुऱ्याउँछ।

ललित सिंह

सचिव, नेपाल पत्रकार महासङ्घ, शाखा कार्यालय, बझाङ

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनासहित आर्थिक, समाजिक तथा सांस्कृतिक अधिकारको अवस्थालाई समेत समेटेर प्रकाशन हुने भएकाले नेपाल मानव अधिकार वर्ष पुस्तक स्थानीय तहलाई समेत स्रोत सामग्री हुने विश्वास लिएको छु। यस प्रकाशनले राज्यका निकायलाई थप जिम्मेवार बनाउन मद्दत गरेको छ।

नरबहादुर बोहरा

प्रमुख, जिल्ला समन्वय समिति, बझाङ

मानव अधिकारको क्षेत्रमा इन्सेकको महत्वपूर्ण भूमिका छ। हरेक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक हाम्रो समाजको मानव अधिकार अवस्थाको चित्रण पनि हो। जनताको मानव अधिकार र पीडितको न्यायका लागि तथा सत्यतथ्य उजागर गर्न मानव अधिकार वर्ष पुस्तकले योगदान गर्ने अपेक्षा गर्दछु।

मोहन दौल्याल

अध्यक्ष, नेपाल बार एसोशियसन, बझाङ

इन्सेक स्थापनापश्चात महिला, बालबालिका, पछाडि पारिएको वर्गका पक्षमा गरेको काम र अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना तथा आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारका सवालहरूलाई समेटेर प्रकाशन गरिँदै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक पीडितको न्यायका लागि सहयोग पुस्तकका रूपमा रहेको छ। वर्ष पुस्तक मानव अधिकार अवस्थाको दस्तावेज पनि हो।

नन्दा थापा,

उपप्रमुख, बडिमालिका नगरपालिका, बाजुरा

मानव अधिकारको विषय एक संवेदनशील विषय र क्षेत्र हो। मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्ति गर्ने राज्यको प्रमुख दायित्व हो। इन्सेकले मानव अधिकारको क्षेत्रमा गरिरहको कामले राज्यलाई

थप जिम्मेवार बनाउने कार्य भइरहेकोले यस कार्यको प्रशंसा गर्न चाहन्छु।

भीमकान्त पौडेल
प्रमुख जिल्ला अधिकारी, बाजुरा

नेपाल मानव अधिकर वर्ष पुस्तक हाम्रा लागि पनि उपयोगी सिद्ध भएको छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा गर्दै आएको काम प्रशंसनीय तथा सराहनीय छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन तथा ज्यादतीको दस्तावेज मात्रै नभई यस कार्यले राज्यलाई जबाफदेही बनाएको देख्दा खुशी लाग्छ।

कवीन्द्र बोहोरा
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकार अवस्थालाई प्रतिनिधित्व गरेको छ। यो पुस्तक मानव अधिकारको महत्वपूर्ण दस्ताबेज हो। राज्यसँग इच्छाशक्ति भएको खण्डमा यसै पुस्तकमा समावेश भएका सवाल र अवस्था अनुसार मानव अधिकार योजना तथा कार्यक्रमहरू निर्माण गरी मानव अधिकारका क्षेत्रमा सुधार हुने देखिन्छ। इन्सेकले सङ्कलन गर्ने मानव अधिकार तथा ज्यादतीका घटनाहरूले पीडितलाई दण्डित र पीडकलाई न्यायका लागि लड्न धेरै राम्रो सहयोग पुगेको छ।

काशी विक
दलित अधिकारकर्मी, बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित छ। यस पुस्तकले मानव अधिकारका सवाललाई उजागर गर्न र नागरिकका अधिकारहरूको प्रत्याभूति गराउन राज्यलाई जिम्मेवार तथा जवाफदेही बनाउन मद्दत गरको छ।

गगनसिंह भण्डारी
प्रमुख, जिल्ला समन्वय समिति, डडेल्धुरा

प्रत्येक जिल्लामा मानव अधिकारको अवस्थाबारे जानकारी पाउन नेपाल मानव अधिकार वर्ष उपयोगी रहँदै आएको छ। यस पुस्तकबाट समग्र मानव अधिकारको अवस्थाको तथ्य-तथ्याङ्क तथा जानकारी प्राप्त हुने गरको छ। यस पुस्तकको अध्ययनबाट हरेक तह र तप्कामा हुने मानव अधिकार उल्लङ्घनलाई कसरी न्यूनीकरण गर्ने भन्ने सचेतना फैलाउन मद्दत पुग्छ।

अञ्जनकुमार न्यौपाने
प्रमुख जिल्ला अधिकारी, डडेल्धुरा

नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्थाबारे जानकारी प्राप्त हुन्छ। इन्सेकले वर्ष पुस्तक प्रकाशन मार्फत वर्षभरिका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशनमा ल्याएर अत्यन्त महत्वपूर्ण कार्य गरेको छ।

हिक्मतबहादुर सिंह
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, डडेल्धुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकमा नेपालको समग्र मानव अधिकारको अवस्था तथा वियषवस्तुहरूलाई मिहीन ढङ्गले उठान गरिएको छ। मानव अधिकारको क्षेत्र फराकिलो भए पनि यसले जिल्लाका आर्थिक, सामाजिक, राजनीतिक, महिला तथा बालबालिकासम्बन्धी सवालहरूलाई उठान गरेको पाइन्छ। मानव अधिकारको संरक्षण तथा मानव अधिकारका सवालहरूलाई सम्बोधन गर्नुपर्ने विषयमा राज्यको ध्यानाकर्षण गराउने काम वर्ष पुस्तकले गरेको छ।

महादेव बडु (कस्यप)
प्रमुख, जिल्ला समन्वय समिति, दार्चुला

मानव अधिकारका सवालमा इन्सेकले निरन्तर रूपमा सरोकारवाला पक्षहरूलाई खबरदारी गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेज हो। हरेक वर्ष प्रकाशन भएका नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको यथार्थ अवस्थालाई झल्काउने काम गरेको छ। इन्सेकले समयसापेक्ष मानव अधिकारका विषयवस्तुलाई नियमित रूपमा प्रकाशन गरी राज्यलाई जिम्मेवार बनाउने कार्य सराहनीय छ।

कृष्णसिंह धामी
अध्यक्ष,नेपाल पत्रकार महासङ्घ, दार्चुला शाखा

राज्यले दस्तावेजीकरण गर्न नसेकेका कामलाई इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको दस्तावेजीकरण गरी राज्यलाई जिम्मेवार बनाउने काम गरेको छ।

हरिशचन्द्र जोशी
अधिवक्ता नेपाल बार एशोसियशन, दार्चुला

मानव अधिकार संरक्षणको मुख्य दायित्व राज्यको भएकाले मानव अधिकारको संरक्षण र संवर्द्धनको लागि नेपाल प्रहरीले सचेतनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ। नेपाल मानव अधिकार वर्ष

पुस्तक प्रकाशनमा नेपाल प्रहरीले पनि सहयोग रहेको छ। मानव अधिकार वर्ष पुस्तकले समाजमा विभिन्न किसिमले हुने गरेका मानव अधिकार उल्लङ्घनका घटनाहरू समेट्ने गरेको पाइन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितहरूको न्यायमा पहुँच पुऱ्याउन मद्दत गरेको छ। इन्सेकले मानव अधिकारको संवर्द्धनका क्षेत्रमा गरेको योगदानका लागि इन्सेक परिवारलाई धन्यवाद दिन चाहन्छु।

विष्णुहरि कोइराला
एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकार अवस्थाका बारेमा जान्न मद्दत पुऱ्याएको छ। वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा झनै राम्रो हुन्थ्यो।

गोविन्दबहादुर चन्द
जिल्ला सरकारी वकिल, जिल्ला अदालत, डोटी

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि उपयोगी रहेको महसुस भएको छ। पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई आत्मसमीक्षा गर्न बाध्य बनाएको छ। मानिसको नैसर्गिक अधिकारको रूपमा रहेको मानव अधिकारको संरक्षण सम्बोधन गर्नु राज्यको दायित्व हो। मानव अधिकार उल्लङ्घनका घटना, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयहरूको खोज र अनुसन्धान गरी तथ्याङ्कसहित वर्ष पुस्तकमा समावेश गरिएकोले यो पुस्तक तथ्यपरक छ।

गोपालप्रसाद अर्याल
प्रमुख जिल्ला अधिकारी, डोटी

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेख राखेको छ। मानव अधिकारको अवस्थाका बारेमा जानकारी लिन वर्ष पुस्तक उपयोगी छ। वर्ष पुस्तकमा दुर्गम र पिछडिएको क्षेत्रका अति विपन्न परिवारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था समेत समावेश भएमा अझै प्रभावकारी हुन्थ्यो।

दीपक गिरी
डिएसपी, जिल्ला प्रहरी कार्यालय, बैतडी

मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्थालाई चित्रण गर्दछ। यो चित्रण यथार्थ र सुक्ष्मरूपमा गर्नु आवश्यक छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धनबाट देशमा सुशासन हुने र सुशासनबाट नै देशमा समृद्धि प्राप्त हुन्छ। वर्ष पुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना गरेको छ। मौलिक अधिकार कार्यान्वयनको अवस्थाका बारेमा पनि वर्ष पुस्तकमा विशेष स्थान दिन आवश्यक छ।

जयानन्द पनेरु
न्यायाधीश, जिल्ला अदालत, बैतडी

मानव अधिकार अवस्थाको विश्लेषण गरी प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यलाई मानव अधिकार संरक्षणका क्षेत्रमा झकझक्याउने कार्य गरेको छ।

सुरेश पन्थी
प्रमुख जिल्ला अधिकारी,बैतडी

नेपाली जनताको मौलिक हक तथा मानव अधिकारका सवालहरू र मुक्त कमैया, दलित, महिला, बालबालिका, पिछडिएका र आर्थिक तथा सामाजिक रूपले विपन्न वर्गका आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारका सवालको अध्ययन, अनुसन्धान गरी तथ्यमा आधारित भई नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएको छ।

मानबहादुर विष्ट
सेस्तेदार, जिल्ला अदालत, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सुनिश्चितता प्रदान गर्न सबै पक्षबाट जिम्मेवारी बोध गराउन र अपराधजन्य घटनाहरू नियन्त्रण गरी घटनाका पीडित व्यक्तिलाई न्याय दिलाउन सहयोग पुग्छ।

लक्ष्मीनारायण दाहाल
जिल्ला न्यायधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकारका विभिन्न सवालहरू समावेश गरिएको छ। पीडित पक्षले न्याय नपाएसम्म यी विषहहरूलाई इन्सेकले अभिलेखीकरण तथा प्रकाशन गरी राज्यलाई दवाव दिइरहन आवश्यक छ।

इन्द्रप्रसाद लेखक
अध्यक्ष, जिल्ला अदालत बार एसोशियसन,कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र मानव अधिकार अवस्थाको चित्रण गर्दै आएको छ। यो हाम्रो समाजको ऐन र महत्वपूर्ण दस्तावेज हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले राज्यको दायित्व तथा जिम्मेवारीलाई सरल रूपमा प्रष्ट्याएको छ।

शरदकुमार पोखरेल
प्रमुख जिल्ला अधिकारी, अछाम

मानव अधिकारको रक्षाका लागि मानव अधिकार पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तकमा घरेलु हिंसा, बलात्कार, बहुविवाह, सम्बन्धविच्छेदलगायतका घटना तथा आलेखहरू समेटिएकोले अध्ययनकर्ताहरूका लागि पनि यो पुस्तक उपयोगी छ।

खड्क खड्का
न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, अछाम

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनका लागि सचेतना, जागरण र खबरदारीको काम गर्दै आइरहेको छ। नागरिकको मानव अधिकारको संरक्षण र संवर्द्धनमा वर्ष पुस्तकले थप योगदान पुऱ्याउने अपेक्षा गर्न सकिन्छ।

दुर्गादत्त बोहरा
प्रमुख, जिल्ला समन्वय समिति, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनासँगै समग्र मुलकको मानव अधिकारको अवस्थाको चित्रण गर्ने गरेको छ। वर्ष पुस्तकमा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सीमान्तीकृत समुदायका सवालहरूलाई पनि खोजमूलक अध्ययन गरी तथ्यतथ्याङ्कसहित प्रकाशन हुने भएकोले यो पुस्तक स्रोतसामग्रीका रूपमा प्रयोग गर्नसमेत उपयोगी भएको छ।

कृष्णदत्त जोशी
अध्यक्ष, जिल्ला बार एशोसियसन, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक देशभरि हुने घटनाहरूको भरपर्दो अभिलेख तथा ऐतिहासिक दस्तावेज हो। अपराध अनुसन्धान, शान्ति सुरक्षा र मानव अधिकार रक्षाको लागि अहोरात्र खटिने नेपाल प्रहरीले इन्सेकसँग हातेमालो गर्दै मानव अधिकार अभियानमा सहकार्य गर्न पाइरहोस्।

कमल थापा
एसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

१ मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२३

परिशिष्ट १

नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट				कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा	
अपहरण				१३	१६		३९	३९
गिरफ्तारी	३३	३१७	३४०					३४०
कुटपिट	१३	७७	९०	८०	३४३	३	३३४	४१४
घाइते								
बम विष्फोटबाट					३		३	३
दोहोरो भडपमा घाइते	१६	७५	९१	६	४३		४८	१३९
एसिड छर्केर					३		३	३
गोली लागेर	३	७	९		३		३	११
आगो लगाएर				१	१		३	३
धारिलो हतियारबाट				११	४४		५५	५५
जम्मा	१८	८३	१००	१८	९४		११३	३१३
बाल अधिकार								
बेचबिखन तथा ओसारपसार				४३	९		५३	५३
बालविवाह				३८			३८	३८
बलात्कार				१००३			१००३	१००३
विद्यालयमा शारीरिक सजाय				३४	५९		८३	८३
नवजात शिशुको हत्या				१	७		८	८
यौन दुर्व्यवहार	१	१		३७३	१९		३९१	३९३
जम्मा	१	१		१४७०	९४		१५६४	१५६५
अमानवीय व्यवहार								
बोक्सो आरोप					१		१	१
अनुहारमा मोसो दलेको				१	७		८	८
अन्य	१	३	४	३	१५		१८	२२
जम्मा	१	३	४	४	३३		३७	३१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार								
लाठी चार्ज	१९	३९	४८					४८
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	६३	३७०	४३३	३	३३		३५	४५७
जम्मा	८१	३९९	४८०	३	३३		३५	५०५
धम्की	१	६	७	९	१९		३८	३५
यातना		३	३					३
कारागारमा मृत्यु	४	४७	५१					५१
हिरासतमा मृत्यु	१	१	३					३

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट				कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा	
महिला अधिकार								
बेचबिखन तथा ओसारपसार प्रयास				३५			३५	३५
बेचबिखन तथा ओसारपसार				३०			३०	३०
'बोक्सी'को आरोप				३५			३५	३५
बलात्कार				६५१			६५१	६५१
बलात्कार प्रयास				१५३			१५३	१५३
घरेलु हिंसा				४९६३			४९६३	४९६३
यौन दुर्व्यवहार	१		१	५३			५३	५४
प्रसूति सेवा	३		३	१			१	३
जम्मा	३		३	५९००			५९००	५९०३
सबै प्रकारका जातीय विभेद								
जातीय छुवाछुत		१	१	३३	३०		५३	५४
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित				८	१		८	८
जम्मा		१	१	३०	३१		६१	६३
बेपत्ता		१	१	१	१		३	३
आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार								
ज्यालाबाट वञ्चित				३	६		९	९
सम्पत्तिको अधिकार					३		३	३
जम्मा				३	८		११	११
हत्या								
बलात्कारपछि				१३			१३	१३
आगो लगाएर				३			३	३
झुण्ड्याएर				१	१		३	३
विष खुवाएर				५	१		६	६
कुटपिट गरी		३	३	११९	९१		३१०	३१३
गोली हानी		३	३	१	६		८	९
धारिलो हतियार प्रहारबाट				४३	३३		८५	८५
झडपमा		३	३					३
हत्याको प्रकृति नखुलेको				१			१	१
जम्मा		६	६	१८६	१३१		३१८	३३३
कूल जम्मा	१४६	८४३	९८८	८८१६	६८३	३	८४००	९३८८

परिशिष्ट २ पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
राजनीतिक कार्यकर्ता	३४	३६३	३९७	६	३३		३९
सामाजिक कार्यकर्ता	१	१	२	१	२		३
स्वास्थ्यकर्मी		१	१	३५	१५		४०
सुरक्षाकर्मी	३	३२	३५	९	८९		९८
कानुन व्यवसायी				२			२
मानव अधिकारकर्मी	१७	४	६४	३	१६		१९
मजदुर		१८	१८	१५५	२५	१	१८१
नाबालक				५१	१५		६६
अन्य	५	७६	८१		३		३
जागिरे/कर्मचारी	१	६२	६३	७३	४४		११७
पत्रकार	१	७	८	२	३२		३४
विद्यार्थी	१०	११६	१२६	१६१०	१५०		१७६०
शिक्षक	७	११	१८	२५	१५		४०
उद्योग व्यवसायी	१	८	९	७०	२०		९०
कृषक	३६	२००	२३६	२६८०	२१७	१	२८९८
गृहिणी	३०		३०	२९९८			२९९८
नखुलेको				४	५		९
जम्मा	१४६	८४२	९८८	७७१६	६८२	२	८४००

परिशिष्ट ३ कोशी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	३	१८	३१	१	१८	१९
बाल अधिकार				३३३	३	३३६
गिरफ्तारी	४	६४	६८			
अपहरण				१		१
महिला अधिकार				९३६		९३६
धम्की		१	१	३	४	६
सबै प्रकारका जातीय विभेद				३		३
हत्या		३	३	४३	१८	६०
कारागारमा मृत्यु		६	६			
कुटपिट	३	४	७	३०	४६	६६
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				१		१
भेला, अभिव्यक्ति तथा सङ्गठित हुने अधिकार	१	८	९		१	१
अमानवीय व्यवहार	१		१	१	५	६
जम्मा	१३	१०४	११६	१३३०	९५	१४२५

परिशिष्ट ४ मधेस प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	३	६	९		१९	१९
बाल अधिकार	१		१	१३९	१८	१५७
अमानवीय व्यवहार		१	१	३	७	९
अपहरण				७	३	१०
महिला अधिकार				७७६		७७६
कुटपिट	८	३९	३७	१४	५१	६५
यातना		१	१			
धम्की				३		३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३	११	१३			
हत्या		१	१	३६	३८	६४
गिरफ्तारी		१५	१५			
हिरासतमा मृत्यु	१		१			
सबै प्रकारका जातीय विभेद				१	१०	११
जम्मा	१५	६४	७९	९७७	१३६	१११३

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
अपहरण				१	९		१०
बाल अधिकार				४४८	५३		५००
बेपत्ता		१	१		१		१
कुटपिट		६	६	११	४८	१	६०
महिला अधिकार				८६३			८६३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	७१	३६७	४३८	३	३३		३४
कारागारमा मृत्यु	४	३७	४१				
सबै प्रकारका जातीय विभेद				३	५		८
गिरफ्तारी	१८	१३३	१४०				
घाइते	१३	५८	७०	१३	३४		४७
धम्की				१	६		७
हत्या		३	३	३७	३९		५६
जम्मा	१०५	५९३	६९८	१३६९	३०६	१	१५७६

परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट		अन्यपक्षबाट		
	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				५	५
बाल अधिकार			११०	५	११५
अमानवीय व्यवहार			१	८	९
जातीय विभेद			३	५	७
महिला अधिकार			४१६		४१६
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				३	३
हत्या			१५	१३	३८
गिरफ्तारी	५	५			
कुटपिट			३	३३	३५
धम्की			१	३	४
जम्मा	५	५	५४८	६३	६११

परिशिष्ट ७ लुम्बिनी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
घाइते				३			३
बाल अधिकार				३७८	१४		३९३
अमानवीय व्यवहार		३	३		१		१
धम्की		१	१	१	३		४
अपहरण				३	४		७
महिला अधिकार	१		१	१६१०			१६१०
कारागारमा मृत्यु		३	३				
सबै प्रकारका जातीय विभेद				८	३		१०
गिरफ्तारी	१	८	९				
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				१	१		३
बेपत्ता				१			१
कुटपिट		३७	३७	१३	३८	१	४१
हिरासत वा थुनामा मृत्यु		१	१				
हत्या				३८	१७		५५
जम्मा	३	४१	४३	१९५५	७०	१	३०३६

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते				१	३	३
बाल अधिकार				७६	३	७८
अमानवीय व्यवहार					१	१
अपहरण				१		१
महिला अधिकार	१		१	३६९		३६९
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार				१	५	६
सबै प्रकारका जातीय विभेद				५	५	१०
गिरफ्तारी		३	३			
धम्की	१	३	३	३	१	३
कुटपिट	३	१०	१३	१३	३७	५०
यातना		१	१			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	७	१३	३०			
हत्या				३०	१८	३८
जम्मा	११	३९	४०	३८८	७१	४५९

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते					८	८
बाल अधिकार				८६		८६
धम्की		३	३		३	३
अमानवीय व्यवहार					१	१
महिला अधिकार	१		१	१०४०		१०४०
कारागारमा मृत्यु		३	३			
सबै प्रकारका जातीय विभेद		१	१	८	४	१२
हत्या				८	८	१६
कुटपिट		१	१	७	१८	३५
जम्मा	१	६	७	११४९	४१	११९०

परिशिष्ट १० भौतिक संरचनामा क्षति

घटनाको प्रकार	जम्मा
क्याम्पस	१
सरकारी सवारी साधान	५
सरकारी कार्यालय	४
विद्यालय	३
बैंक	१
निजी सवारीसाधन	१९
निजी सम्पत्ति	१
निजी घर	१०
नगरपालिका भवन	४
स्वास्थ्य चौकी	१
जम्मा	४८

परिशिष्ट ११ पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	३	३	१		१	१	५	११		१		४	३९
गिरफ्तारी	१६		५	३०	१९	३५	६	३	१४	३	१५	१०४	३४०
कुटपिट	३०	३४	३३	३५	३३	१५	४७	३७	३८	५८	३१	४३	४१४
बाल अधिकार	१७३	१११	११०	१३८	१६८	१३५	१६१	१११	१३३	१४१	७१	१४५	१५६८
हिरासत वा थुनामा मृत्यु						१	१						३
कारागारमा मृत्यु	५	१		१	१	१	३	१	३	१	१	३५	५०
बेपत्ता								१		१	१		३
अमानवीय व्यवहार	३	१	७	३	६	१	३	३	३		१	४	३१
घाइते	३३	१८	३४	३५	६	७	४	३६	१६	६	१६	३१	३१३
हत्या	३५	३४	३७	१९	३३	३३	३७	१८	३३	३९	३५	३३	३३३
सबै प्रकारका जातीय विभेद	३	६	३	३	३	३	७	८	१३	७	३	५	६३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	७	४	३	१३		७७	५	६६	३८		४	३९९	५०५
धम्की	१	४	५	१	१	३	३	५	३	४	६	१	३५
आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार					१	१		३			७		११
यातना							१		१				३
महिला अधिकार	४९८	४३३	४६०	४३८	४९८	४३०	५५६	४४९	४४५	५३४	४३५	७४७	५९०३
जम्मा	७९६	६३८	६७८	६८४	७५९	७१३	८३६	७३०	७१५	७९५	६१५	१४४०	९३८८

परिशिष्ट १२ जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट			अन्यपक्षबाट			
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	क्यू	जम्मा
सन्यासी	३	३	६	७४	५		७९
ब्राम्हण	२६	१२०	१४६	७१७	१०७		८२४
यादव	६	४४	५०	३४१	३५		३७६
दलित	१२	७०	८२	१८१७	१०३		१९२०
आदिवासी	३	९	१२	३९	२		४१
मण्डल		२	२	५२	१२		६४
क्षेत्री	३१	२६४	२९५	१५५६	१५३		१७०९
जनजाति	४४	२५४	२९८	२३३७	१९०	१	२५२८
मुस्लिम	९	२४	३३	४००	२३	१	४२४
कोइरी	१	५	६	१०६	१३		११९
तेली	१०	२४	३४	१७६	२०		१९६
नखुलेको	१	२३	२४	१०१	१९		१२०
जम्मा	१४६	८४२	९८८	७७१६	६८२	२	८४००

परिशिष्ट १३

सन् २०२३ मा कारागारमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

प्रदेश	क्रसं	जिल्ला	कारागारको क्षमता	कारागारमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
कोशी	१	ताप्लेजुङ	३५	१५४	१५४		
	२	सङ्खुवासभा	३५	१३६	१३०	६	१
	३	सोलुखुम्बु	३५	९०	७९	११	
	४	ओखलढुङ्गा	३०	८३	७६	६	
	५	खोटाङ	९९	१३३	११८	४	
	६	भोजपुर	४०	११३	१०९	३	
	७	धनकुटा	४०	९७	९१	६	
	८	तेह्थुम	३५	८५	८३	३	
	९	पाँचथर	३५	१६०	१४८	१३	१
	१०	इलाम	१३०	३६१	३४३	१९	
	११	झापा	७५०	१५९०	१५४३	४७	१
	१२	मोरङ	३००	१०६४	९७३	९१	७
	१३	सुनसरी	१६००	१५८९	१५८९		
	१४	उदयपुर	६०	३४९	३३८	११	
मधेश	१	सप्तरी	१५५	४६३	४३९	३३	
	२	सिरहा	१५०	५४१	५१५	३६	२
	३	महोत्तरी	१३५	५८७	५८७		
	४	रौतहट	२००	३५७	३४३	१४	३
	५	पर्सा	१०५०	१४६३	१३९७	६६	१
बागमती	१	दोलखा	५१	१५१	१५१		
	२	सिन्धुपाल्चोक	५०	११७	११७		
	३	रसुवा	३५	७५	७०	५	
	४	धादिङ	२००	३१३	३८८	३५	२
	५	नुवाकोट	१३३	१६६	१६६		
	६	काठमाडौँ (जगन्नाथदेवल)	१७५०	३४७४	३०१६	४५८	३०
	७	काठमाडौँ (डिल्लीबजार)	३००	६३८	६३८		
	८	ललितपुर	७००	१५९८	१५९८		
	९	काभ्रेपलाञ्चोक	८५	२८९	२८९		
	१०	रामेछाप	३५५	३५४	३३३	२१	१
	११	सिन्धुली	२०८	७३७	६६९	६८	१६
	१२	मकवानपुर	११५०	१०६९	१०५३	१६	१
	१३	चितवन	५९५	७२७	६६१	६६	४
गण्डकी	१	गोरखा	५५	११५	९७	१८	
	२	मनाङ	१२	६	६		
	३	मुस्ताङ	२५	१३	१३		
	४	म्याग्दी	३२	८५	८३	३	
	५	कास्की	४२०	७५२	७०५	४७	३

प्रदेश	क्र.सं.	जिल्ला	कारागारको क्षमता	कारागारमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
गण्डकी	६	लमजुङ	५०	९५	८९	६	
	७	तनहुँ	१००	३०३	३८०	३३	३
	८	स्याङ्जा	५०	१४१	१३७	४	
	९	पर्वत	५५	८६	८३	४	१
	१०	बागलुङ	७५	१८३	१७०	१३	१
लुम्बिनी	१	रोल्पा	५०	१३१	११३	८	
	२	प्यूठान	३५	९०	८४	६	
	३	गुल्मी	३५	११०	९८	१२	
	४	अर्घाखाँची	३५	७६	६८	८	
	५	पाल्पा	४५०	३६४	३४७	१७	१
	६	नवलपरासी (पश्चिम)	१३५	४४६	३७५	७१	३
	७	रुपन्देही	१५०	४५१	४५१		
	८	कपिलवस्तु	३५२	५२५	५२५		
	९	दाङ (घोराही)	१००	३९७	३९७		
	१०	दाङ (तुलसीपुर)	४००	५७६	५३०	५६	४
	११	बाँके	३५०	९४०	९४०		
	१२	बर्दिया	१८०	४४१	३९६	४५	२
कर्णाली	१	डोल्पा	१५०	३३	३३		
	२	हुम्ला					
	३	जुम्ला	२००	१०८	१०५	३	
	४	कालिकोट	३५	५९	५४	५	१
	५	दैलेख	१००	१५९	१४३	१६	१
	६	जाजरकोट	३५	७४	७४		
	७	रुकुम (पश्चिम)	२५	१४७	१४१	६	२
	८	सल्यान	२५	१४४	१३१	१३	१
	९	सुर्खेत	१००	३६८	३३३	३५	२
सुदूरपश्चिम	१	बाजुरा	२५	६०	६०		
	२	बझाङ	२५	६८	६८		
	३	दार्चुला	४०	५१	५०	१	
	४	बैतडी	२५	७५	७५		
	५	डडेलधुरा	१२५	१४५	१३४	११	
	६	डोटी	२५	६३	६२	१	
	७	अछाम	७५	८२	७८	४	१
	८	कैलाली	१५०	७०३	६४९	५४	२
	९	कञ्चनपुर	९५	५००	४८२	१८	
जम्मा			१४८०६	२७९४४	२६४३९	१५१५	८८

सन् २०२३ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
कोशी	मोरङ	३३३	
मधेश	पर्सा	१३६	
बागमती	मकवानपुर	५५	३९
	भक्तपुर	३५४	४३

सन् २०२३ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
गण्डकी	कास्की	९७	
लुम्बिनी	रुपन्देही	८६	
	बाँके	१९०	
सुदूरपश्चिम	डोटी	५१	
जम्मा		१०९१	७२

२ निःशुल्क पाइने ९८ प्रकारका औषधी

क्र.सं.	औषधीको नाम	औषधीको प्रयोग
१	एस्पिरिन	दुखाई, टाउको दुख्ने, माइग्रेन
२	एड्रेनालिन	एलर्जिक सक, एनाफिलेक्सिस
३	अबलेन्डाजोल	जुकाको समस्या
४	ड्राइड एल्मोनियम हाइड्रोक अक्साइड जेल + म्याग्नेसियम	ग्यास्ट्राइटिस, हटवर्न
५	एमिट्रिप्टिलिन	डिप्रेसन, न्युरोप्याथिक पेन, माइग्रेन प्रोफाइल ल्याक्सिस
६	एम्लोडिपिन	उच्च रक्तचाप
७	एमोक्सिलिन	सङ्क्रमण, विशेष गरी स्वासप्रस्वास
८	एम्पिसिलिन	सङ्क्रमण, विशेष गरी स्वासप्रस्वास
९	आर्टिमिथर+लुमेफ्यानट्राइन	मलेरिया
१०	आर्टेसुनेट	सिवियर अलेरिया
११	एट्रोपाइन	विषालु च्याउ तथा पोइजनिङ
१२	एजिथ्रोमाइसिन	ट्रकोमा यौनजन्य सङ्क्रमण, छाला, कान, स्वासप्रस्वास सङ्क्रमण, स्क्रब टाइफस, हैजा, टाइफाइड
१३	विसिजी खोप	क्षयरोग
१४	बेन्जाथिन बेन्जाइनपेनिसिलिन	बाथमुटुरोग
१५	कालामाइन	छालाको समस्या, ठेउला
१६	क्यालिसयम ग्लुकोनेट	म्याग्नेसियम सल्फेट ओभरडोज भइ अचेत भएको अवस्था
१७	कार्बामाजिपाइन	छारे रोग, न्युरोप्याथिक पेन
१८	सेफिक्सिस	गोनरिया, मिर्गौलामा सङ्क्रमण, टाइफाइड ज्वरो
१९	सेफिट्रअक्सिन	टाइफाइड, निमोनिया
२०	सेट्रिजिन	एलर्जी, छालाको समस्या
२१	चारकोल एक्टिभेटेड	पोइजनिङ
२२	क्लोरहेक्साइडिङ	निसङ्क्रमणका लागि शिशुको नाभीमा प्रयोग हुने मलम
२३	क्लोरोक्विन	मलेरिया
२४	सिप्रोफ्लोक्सासिन	पिसाबको सङ्क्रमण, हैजा, टाइफाइड ज्वरो
२५	कोट्रिमोक्साजोल	छालाको सङ्क्रमण (फंगल), योनीमा संक्रमण
२६	क्लोभ वयल (ल्वाङको तेल)	दुखाई
२७	क्लोक्सासिलिन	छालाको सङ्क्रमण
२८	पिल्स	परिवार नियोजनको साधन
२९	क्लोट्रिमाजोल	सङ्क्रमण
३०	एमडिटी कम्बिप्याक	कुष्ठरोग
३१	डेक्सामेथासोन	दम, एलर्जी

क्रसं.	औषधीको नाम	औषधीको प्रयोग
३२	डेक्सट्रोज	हाइपोग्लाइसेमिया
३३	डाइजेपाम	छारेरोग, एन्जाइटी, सिभियर ब्याकपेन
३४	डिक्लोफिन्याक सोडियम	अत्यधिक दुखाइ, ढाडको दुखाइ
३५	डोक्सिसाइक्लिन	सङ्क्रमण विशेष स्वासप्रस्वास, स्क्रब टाइफस
३६	फेरस सल्फेट एण्ड फोलिक एसिड	गर्भवतीमा हुने रक्तअल्पता
३७	एफआइपिभी खोप	पोलियो
३८	फ्लुकोनाजोल	योनीमा सङ्क्रमण, छालामा सङ्क्रमण (फंगल)
३९	फ्लुओक्सिटाइन	डिप्रेसन
४०	फोलिक एसिड	गर्भवती
४१	फ्यूरोसेमाइड	हार्ट फेलियर
४२	जेन्टामिसिन	नवजात शिशुमा हुने सेप्सिस
४३	जेन्सियन भायोलेट	छाला सङ्क्रमण, सामान्य
४४	ग्लिमेपिराइड	मधुमेह
४५	एचपिभी खोप	ह्युमन प्यापिलोमा भाइरस
४६	एचआरजेडइ	क्षयरोग
४७	हाइड्रोकर्टिसोन	दम, एनाफाइलाक्सिस
४८	हायोसिन व्यूटोब्रोमाइड	वाकवाकी
४९	इबुप्रोफेन	दुखाइ
५०	जापानीज इन्सेफ्लाइटिस	जापानीज इन्सेफ्लाइटिस
५१	लेभोनोजेस्ट्रेल	परिवार नियोजन
५२	लिग्नोसाइन	लोकल एनेस्थेसिया
५३	लिग्नोसाइन विथ एड्रेनालिन	दाँत निकाल्न लोकल एनेस्थेसिया
५४	लोसार्टन	उच्च रक्तचाप
५५	म्याग्नेसियम सल्फेट	इक्लाम्सिया
५६	मिजल्स रुबेला खोप	मिजल्स रुबेला
५७	मेड्रोग्सीप्रोगेस्ट्रोन	परिवार नियोजन
५८	मेटफर्मिन	मधुमेह
५९	मेथाइल्डोपा	गर्भावस्थामा हुने रक्तचाप
६०	मेटोक्लोपारामाइड	वाकवाकी
६१	मेट्रोनिडाजोल	सङ्क्रमण
६२	मिफेप्रिस्टोन	गर्भपतन
६३	मिजोप्रोस्टल	गर्भपतन
६४	नियोमाइसिन	छाला सङ्क्रमण
६५	निफेडिपाइन	उच्च रक्तचाप

क्रसं.	औषधीको नाम	औषधीको प्रयोग
६६	नाइट्रोफ्यूराइन्टोइन	पिसाब तथा अन्य सङ्क्रमण
६७	नर्मल स्लाइन	रगतको कमी, डिहाइड्रेसन
६८	ओरल पोलियो खोप	पोलियो
६९	ओआरएस	डिहाइड्रेसन, झाडापखाला
७०	अक्सिजन	दम, अक्सिजन आवश्यक पर्ने बिरामी
७१	अक्सिमेटाजोलाइन	नाक बन्द
७२	अक्सिटोसिन	सुत्केरीपछिको रक्तश्राव
७३	पारासिटामोल	ज्वरो, दुखाइ
७४	पिसिभी खोप	निमोनिया
७५	पेन्टाभ्यालेन्ट भ्याक्सिन	डिप्थेरिया, टिटानस, हेपाटाइटिस बि, हेमोफिलियस इन्फ्लुयन्जा बि
७६	पर्मेथ्रिन	जुम्रा, स्केबिज
७७	फेनिरमाइन	एलर्जीक रियाक्सन
७८	फेनोबार्बिटल	छारे रोग
७९	पोभिडोन आयोडिन	छाला तथा घाउ निसङ्क्रमण
८०	प्रालिकोमिक्सिम सोडिएम	पोइजनिङ
८१	प्रेडिनसोलोन	दम
८२	प्रिमाक्वीन	कलेजो
८३	प्रिडोक्साइन	न्युरोप्याथी
८४	च्यानिटिडिन	ग्यासट्राइटिस
८५	रिङ्गर ल्याक्टेट	एक्युट ब्लड लस, सक
८६	रिसप्यारिडोन	साइकोसिस
८७	रोटाभाइरस भ्याक्सिन	रोटाभाइरस
८८	साल्बुमाटोल	दम, सिओपिडी
८९	सिल्भर सल्फाडियाजिन	घाउ, पोलाइ
९०	टिटानस डिप्थेरिया बुस्टर डोज	टिटानस डिप्थेरिया
९१	टिटानस टक्साइड	टिटानस
९२	टेट्रासाइक्लिन	आँखाको सङ्क्रमण, छालाको समान्य सङ्क्रमण
९३	टिनिडाजोल	आन्द्राको सङ्क्रमण, योनीमा सङ्क्रमण, सङ्क्रमण
९४	सोडिएम भाल्पोरेट	क्षारे रोग
९५	भिटामिन ए	पोषण
९६	भिटामिन बि कम्प्लेक्स	पोषण
९७	भिटामिन के १	नवजात शिशुमा हेमोरेजिक डिसअर्डर
९८	जिङ्क सल्फेट	निमोनिया, पखाला, मिजल्स र कुपोषणमा सप्लिमेण्ट

(स्रोत : आधारभूत स्वास्थ्य सेवाका औषधी तथा औषधीजन्य सामग्रीहरूको खरिद वर्गीकरण, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग)

द्रष्टव्य : माथि उल्लिखित औषधीहरू तोकिएका स्वास्थ्यकर्मीको सिफारिस विना सेवन/ प्रयोग गर्नु हुँदैन।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२४ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : सङ्घीयता र मानव अधिकार
लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

परिच्छेद ३

३.१ न्यायपालिका
लेखक : सम्झा श्रेष्ठ

३.२ कार्यपालिका
लेखक : रमेशप्रसाद तिमल्सिना

३.३ व्यवस्थापिका
लेखक : कृष्ण गौतम

परिच्छेद ४

४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग
लेखक : पुण्यप्रसाद अधिकारी

४.२ मधेश प्रदेशका हरुवा चरुवाः आधुनिक बाँधाश्रम
लेखक : राजु पासवान

४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
लेखक : गणेश भण्डारी, सोम नेपाली

४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय
लेखक : रेनुका विक

४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जातिः पहिचानको समस्या
लेखक : विनोद पाण्डे

४.६ कर्णाली राजमार्ग, सडक दुर्घटना र मानवीय क्षति
लेखक : कालीबहादुर मल्ल

४.७ बालबालिकामा कुपोषणको प्रभाव
लेखक : कृष्णबहादुर बि.क., पदमबहादुर सिंह

सन् २०२३ को मानव अधिकार उल्लङ्घन सूचकाङ्क, नेपाल
लेखक : डा. भीमराज सुवाल
सहप्राध्यापक, त्रिभुवन विश्वविद्यालय

हार्दिक आभार

नेपाल मानव अधिकार वर्षपुस्तक २०२४ लाई समृद्ध बनाउन यहाँहरूले दिनुभएको सुझाव, सल्लाह र मार्गदर्शनका लागि हामी आभारी छौं। यहाँहरूको मार्गदर्शन बिना वर्ष पुस्तकलाई यो रूप दिन सम्भव थिएन।

सुशील प्याकुरेल (पूर्व सदस्य, राष्ट्रिय मानव अधिकार आयोग), सुबोधराज प्याकुरेल (पूर्व अध्यक्ष, इन्सेक), वरिष्ठ अधिवक्ता टिकाराम भट्टराई, अधिवक्ता ज्योति बानिया, शोभाकर बुढाथोकी (शान्ति तथा द्वन्द्व विज्ञ), डा. रघु मैनाली (सञ्चारविद्), यज्ञप्रसाद अधिकारी (सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग), अधिवक्ता रवीन्द्र भट्टराई, अधिवक्ता ओमप्रकाश अर्याल, राजेन्द्र फुयाँल (पूर्व सचिव, राष्ट्रिय सभा), गोपालनाथ योगी (पूर्व सचिव, प्रतिनिधि सभा), नुमराज खनाल (उपसचिव, संसद सचिवालय), अधिवक्ता राधिका खतिवडा, अधिवक्ता सुलभ खरेल र कृष्ण ज्ञवाली (पत्रकार)।

जिल्ला प्रतिनिधिहरू

कोशी प्रदेश		
१.१	ताप्लेजुङ	- देवराज गुरुङ/एलिना दियाली
१.२	सङ्खुवासभा	- भविन कार्की
१.३	सोलुखुम्बु	- अञ्जु कार्की
१.४	ओखलढुङ्गा	- सरस्वती बानिया
१.५	खोटाङ	- तारानाथ फुँयाल
१.६	भोजपुर	- गणेश बिष्ट
१.७	धनकुटा	- इश्वर थापा
१.८	तेह्रथुम	- सुरेश खत्री
१.९	पाँचथर	- सहमान विक/इवारा जवेगु लिम्बू
१.१०	इलाम	- बविता मैनाली/मनोज अधिकारी
१.११	झापा	- नरेश खाती
१.१२	मोरङ	- विनोद सुवेदी
१.१३	सुनसरी	- जयकृष्ण यादव
१.१४	उदयपुर	- राकेश नेपाली
मधेश प्रदेश		
२.१	सप्तरी	- मनोहरकुमार पोखरेल
२.२	सिरहा	- दुर्गा परियार
२.३	धनुषा	- दीपेन्द्रप्रसाद सिंह/सन्तोष कुमार यादव
२.४	महोत्तरी	- अजय साह/ममता विश्वकर्मा
२.५	सर्लाही	- बुधन साह
२.६	रौतहट	- कोपिला तिमल्सिना/गौरी न्यौपाने

२.७	बारा	- भोलानाथ पौडेल/धिरेन्द्रप्रसाद बरै
२.८	पर्सा	- कृष्णचन्द्र लामिछाने/शम्भुकुमार सुमन
	बागमती प्रदेश	
३.१	दोलखा	- उद्धवप्रसाद पोखरेल
३.२	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
३.३	रसुवा	- हेमनाथ खतिवडा
३.४	धादिङ	- सीताराम अधिकारी
३.५	नुवाकोट	- नवदीप श्रेष्ठ
३.६	काठमाडौं	- विमल पौडेल
३.७	भक्तपुर	- रमेश गिरी/विमल पौडेल
३.८	ललितपुर	- दीपकप्रसाद घिमिरे/विमल पौडेल
३.९	काभ्रेपलान्चोक	- हिरामान तामाङ/सुमित्रा आचार्य
३.१०	रामेछाप	- नवराज घिमिरे
३.११	सिन्धुली	- नविनबाबु अधिकारी
३.१२	मकवानपुर	- पुष्पराज अधिकारी
३.१३	चितवन	- दीपेन्द्र अधिकारी
	गण्डकी प्रदेश	
४.१	गोरखा	- हरिराम उप्रेती
४.२	मनाङ	-
४.३	मुस्ताङ	- अमृतप्रसाद पौडेल
४.४	म्याग्दी	- अमृतप्रसाद पौडेल
४.५	कास्की	- सञ्जय रानाभाट
४.६	लमजुङ	- प्रमोद अधिकारी/सुमित्रा भुजेल
४.७	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
४.८	नवलपरासी पूर्व	- तिर्थराज डुम्रे/ज्ञानुमाया पंगेनी
४.९	स्याङ्जा	- राधाकृष्ण शर्मा/समीक्षा ढकाल
४.१०	पर्वत	- सन्तोष थापा
४.११	बागलुङ	- सिर्जना पन्त
	लुम्बिनी प्रदेश	
५.१	रुकुम पूर्व	- मनिषा केसी/विक्रम परियार
५.२	रोल्पा	- तिलक घर्ती
५.३	प्यूठान	- रवीन्द्र पाण्डे
५.४	गुल्मी	- टोपलाल अर्याल
५.५	अर्घाखाँची	- कुलबहादुर नेपाली
५.६	पाल्पा	- यज्ञमूर्ति तिमिल्सिना
५.७	नवलपरासी पश्चिम	- नारायण पराजुली
५.८	रुपन्देही	- रीमा बीसी
५.९	कपिलवस्तु	- पार्वती आचार्य
५.१०	दाङ	- जयनारायण पुन
५.११	बाँके	- लक्ष्मी चौधरी/ध्रुवराज शर्मा
५.१२	बर्दिया	- मानबहादुर चौधरी/प्रकाश पौडेल
	कर्णाली प्रदेश	
६.१	डोल्पा	- विष्णुप्रसाद देवकोटा
६.२	मुगु	- जीवन सेजुवाल/सर्जनकुमार शाही
६.३	हुम्ला	- नन्द सिंह
६.४	जुम्ला	- मानदत्त रावल
६.५	कालीकोट	- कालीबहादुर मल्ल
६.६	दैलेख	- अमर सुनार/सुनिता सुनार
६.७	जाजरकोट	- दिनेशकुमार श्रेष्ठ/वासुसदेव शर्मा
६.८	रुकुम पश्चिम	- मनिषा केसी/हिरा परियार
६.९	सल्यान	- बुद्धिमान पुन
६.१०	सुर्खेत	- प्रभा राउत/जगतदल जनला विक
	सुदूरपश्चिम प्रदेश	
७.१	बाजुरा	- पदमबहादुर सिंह
७.२	बझाङ	- सत्यराज सिंह
७.३	दार्चुला	- नरेन्द्रसिंह कार्की
७.४	बैतडी	- नरीदत्त बडु
७.५	डडेल्धुरा	- शेरबहादुर भण्डारी
७.६	डोटी	- गणेश जोशी/प्रेम ब. भण्डारी
७.७	अछाम	- शिवराज ढुङ्गाना/तपेन्द्र रावल
७.८	कैलाली	- मैनामोती चौधरी
७.९	कञ्चनपुर	- लिली कुँवर

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार ५ सय रुपियाँ प्रदान गरिन्छ।

उत्कृष्ट

कोशी प्रदेश : सरस्वती बानिया, ओखलढुङ्गा
मधेस प्रदेश : बुधन साह, सर्लाही
बागमती प्रदेश : दिपेन्द्र अधिकारी, चितवन
गण्डकी प्रदेश : सिर्जना पन्त, बाग्लुङ
लुम्बिनी प्रदेश : पार्वती आचार्य, कपिलवस्तु
कर्णाली प्रदेश : मानदत्त रावल, जुम्ला
सुदूरपश्चिम प्रदेश : लिली कुँवर, कञ्चनपुर

फोटो स्रोत : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

केन्द्रीय कार्यालयमा संलग्न

शैलेस शर्मा, भार्गव काफ्ले, दुर्गा खतिवडा र लीमा पौडेल

प्रदेश कार्यालयमा संलग्न

कोशी प्रदेश : सोमराज थापा र पुण्यप्रसाद अधिकारी
मधेस प्रदेश : राजु पासवान र मोहनकुमार चौधरी
बागमती प्रदेश : गणेश भण्डारी र सोम नेपाली
गण्डकी प्रदेश : शिव खकुरेल र रेनुका विक
लुम्बिनी प्रदेश : भोला महत र विनोद पाण्डे
कर्णाली प्रदेश : नारायण सुवेदी र पुरनप्रसाद चौधरी
सुदूरपश्चिम प्रदेश : खडकराज जोशी र कृष्णबहादुर विक

इन्सेक पुस्तक २०६/२०८०



प्रदेश सरकारहरूले सङ्घीय सरकारसँग अधिकार तथा अन्य मामलामा आवाज उठाउन थालेको, स्थानीय तहले आफू अनुकूलका कानुन निर्माण नभएको र अधिकार नदिइएको जस्ता विषयमा गुनासो गरे। जसरी आर्थिक, सामाजिक तथा सांस्कृतिक र वातावरणसम्बन्धी अधिकारहरू संविधानका मौलिक हकका रूपमा स्थापित छन्, त्यसैगरी ती हकहरूको कार्यान्वयनका लागि तीन तहका सरकारहरूबाट इमान्दार, अवधारणा सङ्गत र न्यायोचित प्रयत्न हुन सकेन। राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन, विश्वव्यापी आवधिक समीक्षाका क्रममा प्राप्त सिफारिस तथा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको विषयमा सरकारी उदासीनता देखियो। सङ्क्रमणकालीन न्याय निरूपणका सवालमा उल्लेख्य कार्य भएको पाइएन।

मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषा: २७२६, काठमाडौँ
फोन: ५२१८७७०, **फ्याक्स:** ५२१८२५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-9578-1-6

सन् १९९२ देखि निरन्तर